# दोस्रो पञ्चवर्षीय योजना

## (आर्थिक वर्ष २०८१/०८२-२०८५/०८६)




कर्णाली प्रदेश सरकार

**कर्णाली प्रदेश योजना आयोग**

वीरेन्द्रनगर, सुर्खेत

नेपाल

# दोस्रो पञ्चवर्षीय योजना

## (आर्थिक वर्ष २०८१/०८२-२०८५/०८६)

कर्णाली प्रदेश सरकार

## कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

| | |
|---|---|
| प्रकाशकः | कर्णाली प्रदेश सरकार |
| | कर्णाली प्रदेश योजना आयोग |
| | वीरेन्द्रनगर, सुर्खेत, नेपाल |
| | फोनः ९७७ ८३ ५२१६७६ |
| | इमेलःkppc@karnali.gov.np |
| | वेवसाइट : kppc.karnali.gov.np |
| प्रकाशन वर्षः | २०८१ |
| सर्वाधिकारः | कर्णाली प्रदेश योजना आयोग |
| मुद्रण प्रतिः | १००० |


# कर्णाली प्रदेश योजना आयोग

| | |
|---|---|
| माननीय मुख्यमन्त्री यामलाल कडेल | अध्यक्ष |
| माननीय सूर्यनाथ योगी | उपाध्यक्ष |
| माननीय अशोकनाथ योगी | सदस्य |
| माननीय डम्बरबहादुर रावल | सदस्य |
| श्री चूडामणि पौडेल, प्रमुख सचिव, प्रदेश सरकार | सदस्य |
| श्री रविलाल शर्मा, सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य-सचिव |

# कर्णाली प्रदेश सरकार

वीरेन्द्रनगर, सुर्खेत
नेपाल

मानननीय मुख्यमन्त्री



## मन्तव्य

कर्णाली प्रदेश सरकारले तय गरेको **समृद्ध कर्णाली सुखारी कर्णालीबासी** को दीर्घकालीन सोचको मार्गमा अघि बढ्ने दोस्रो पाइलाका रुपमा प्रस्तुत दोस्रो पञ्चवर्षीय योजना तर्जुमा भएको छ । यस अवसरमा म सर्वप्रथम कर्णाली प्रदेश स्थापनाका लागि जीवनको आहुति दिनु हुने सहिदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उक्त सङ्घर्षमा साथ र सहयोग पुर्याउनु हुने सबै कर्णालीबासी नागरिकमा हार्दिक आभार व्यक्त गर्दछु ।

कर्णाली प्रदेश आफैमा अपार प्राकृतिक स्रोतसाधनले सम्पन्न देशकै सबैभन्दा ठूलो भूगोल भएको वैभवशाली प्रदेश हो । तुलनात्मक रुपमा ठूलो र जटिल भूगोल भएको यस प्रदेशमा जुन अनुपातमा भौतिक पूर्वाधारका साथै आर्थिक सामाजिक विकासका लागि लगानी हुनुपर्ने थियो सो हुन नसकेकै कारण विकासका सूचकाङ्कमा प्रदेश पछि परेको यथार्थता हाम्रासामु छ । प्रदेशको आफ्नो आर्थिक स्रोतबाट मात्र विकास र समृद्धिका हाम्रा सबै आवश्यकता पूरा हुने अवस्था छैन । तसर्थ समताको सिद्धान्तको आधारमा सङ्घबाट प्रवाह हुने स्रोत, साधन एवम् विकासका साझेदारबाट प्राप्त हुने सहयोग परिचालन गर्नु आजको प्रमुख आवश्यकता हो । यसका लागि कर्णाली प्रदेशबासीको तर्फबाट सङ्घीय सरकारसहित सरोकारवालासँग प्रदेश सरकारले निरन्तर पैरवी गर्दै आएको छ ।

ऐतिहासिक तथ्यले कर्णाली समृद्ध रहेको पुष्टि गर्दछ । कर्णालीको सोही समृद्धिलाई पुनर्स्थापित गर्नेतर्फ सक्रियतापूर्वक लाग्ने जिम्मेवारी कर्णालीबासीको काँधमा आएको छ । यसैका लागि योजनाबद्ध रुपमा विकासका प्रयासहरूलाई अघि बढाउने हाम्रो प्रतिबद्धतालाई फलिभूत पार्ने प्रयास स्वरुप दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गरिएको छ । प्रस्तुत योजनाले सुशासन, सामाजिक न्याय र समृद्ध कर्णाली सोचकासाथ पूर्वाधार, उत्पादन, उत्पादकत्व र रोजगारीलाई पहिलो प्राथमिकता सूचीमा राखिएको छ । यस योजनालाई सोह्रौं योजनासँग तादाम्य रहने गरी तथा राष्ट्रिय सोच-२१०० एवम् दिगो विकासका लक्ष्य प्राप्त गर्ने दिशातर्फ अगाडि बढ्ने गरी तर्जुमा गरिएको छ । तसर्थ यस योजनाले कर्णालीमा विकास प्रयासलाई अघि बढाउन मार्गदर्शन गर्ने विश्वास लिएको छु ।

योजनाको महत्वपूर्ण पक्ष यसको सफल कार्यान्वयन हो । अहिलेको अवस्थामा प्रदेश सरकारको एक्लो प्रयासबाट मात्र यो संभव हुँदैन । यस सन्दर्भमा तीन तहका सरकारबिच उच्च समन्वय र सहकार्यका लागि हाम्रो इमान्दार प्रयास निरन्तर रुपमा जारी रहनेछ । यस प्रयासमा सार्वजनिक, निजी, सहकारी, सामुदायिक क्षेत्र एवम् विकास साझेदारको साथ र सहयोग पनि त्यत्तिकै अपरिहार्य रहेको कुरामा दुई मत छैन ।

विकास र समृद्धिको यात्रा एकल दौडले मात्र संभव नहुदो रहेछ । त्यसका लागि सामुहिक प्रयासको यात्रा तय गर्न सक्यौं भने मात्र अपेक्षित उपलब्धि हासिल गर्न सक्दछौं । विकास समृद्धिको यात्रामा हाम्रो सामूहिक एकता झनै अनिवार्य छ । विकास र समृद्धिको आवश्यकता पूरा गर्ने सन्दर्भमा सबैलाई एकजुट हुन म यस अवसरमा सबै राजनैतिक दल, नागरिक समाजका प्रबुद्ध वर्ग, निजी क्षेत्र एवम् सबै कर्णालीबासी नागरिकमा हार्दिक आह्वान गर्दछु ।

दोस्रो पञ्चवर्षीय योजनाको दस्तावेजलाई यस रुपमा ल्याउन सक्रियतापूर्वक सहभागी हुनुहुने माननीय मन्त्रीज्यूहरु, कर्णाली प्रदेश योजना आयोगका पदाधिकारी, सचिव तथा सबै कर्मचारीहरु धन्यवादका पात्र हुनुहुन्छ । अमूल्य सुझाव तथा सल्लाह उपलब्ध गराई सहयोग गर्नुहुने सङ्घीय सांसद तथा प्रदेश सभाका सदस्यहरू, जिल्ला समन्वय समितिका पदाधिकारी, स्थानीय सरकार प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष, सहकारी क्षेत्र, विकास साझेदार, प्रबुद्ध व्यक्ति एवम् विज्ञ महानुभावसहित सञ्चारकर्मी साथीहरु तथा दोस्रो पञ्चवर्षीय योजना तर्जुमा कार्यमा सहयोग प्रदान गर्ने अन्य सरोकारवाला सबैलाई समेत विशेष धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा, प्रस्तुत दोस्रो पञ्चवर्षीय योजनाले कर्णालीको विकास र समृद्धिमा महत्वपूर्ण उपलब्धि हासिल हुने अपेक्षासहित यसको सफल कार्यान्वयनमा सहयोग गर्न सम्बद्ध सबैमा हार्दिक अपिल गर्दछु ।

**यामलाल कंडेल**
**मुख्यमन्त्री तथा अध्यक्ष**
**कर्णाली प्रदेश योजना आयोग**

# कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत
नेपाल

उपाध्यक्ष



## भूमिका

कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको नीतिगत दस्तावेज प्रकाशन गर्न पाउँदा मलाई ज्यादै खुसी लागेको छ। यस आवधिक योजनाले कर्णालीको समग्र विकास प्रक्रियालाई विधिवत रुपमा अगाडि बढाउन मार्ग निर्देश गर्नेछ भन्ने विश्वास लिएको छु।

इतिहासको कुनै कालखण्डमा एक शक्तिशाली र समृद्ध राज्य मानिएको कर्णालीलाई अझ थप मजबुद बनाउँनुपर्ने सबै कर्णालीबासीको कर्तव्य रहेको छ। यस प्रदेशअन्तर्गत रहेको जुम्ला जिल्लाको सिँजा उपत्यका नेपाली भाषाको उदगम स्थल मानिन्छ भने मौलिक भाषा, कला, साहित्य, ऐतिहांसिक, पुरातात्विक तथा सांस्कृतिक दृष्टिकोणले आफ्नो विशिष्ट पहिचान बनाएको यस प्रदेशमा बहुमूल्य रत्न पत्थर, पेट्रोलियम तथा अन्य खनिज पदार्थको प्रशस्त सम्भावना रहेको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ। यसैंगरी जल, जङ्गल, जडीबुडी र जैविक विविधता लगायतका प्राकृतिक सम्पदा प्रचुर मात्रामा पाइनुको हिसाबले पनि यो प्रदेश समृद्ध छ। नेपालको संविधानको मर्म र भावना अनुसार सार्वजनिक, निजी, सहकारी, समुदाय, विकास साझेदार र नागरिकहरुको सहभागिताबाट मात्र विकास र समृद्धिको साझा आकाङ्क्षा पूरा गर्न सकिने संभावना समेत रहेको छ। विविधतायुक्त भूगोल, हावापानी, मस्टो संस्कृति, बोन धर्मजस्ता थुप्रै संस्कृति तथा प्राकृतिक सम्पदाहरुको प्रशस्त सम्भावना र अवसर हुँदाहुँदै पनि कर्णाली प्रदेश भौतिक, आर्थिक र सामाजिक विकासका प्राय सूचकाङ्कमा अन्य प्रदेशको तुलनामा निकै पछि रहेको छ।

नेपालको क्षेत्रीय विकासमा सन्तुलन ल्याउनका लागि योजनाबद्ध विकास विक्रम सम्वत् २०१३ सालको पहिलो पञ्चवर्षीय योजना निर्माण भएसँगै सुरुवात भएको हो। हालसम्म मुलुकको समुन्नति र विकासको लागि १० वटा पञ्चवर्षीय, ५ वटा त्रिवर्षीय योजना गरी १५ वटा योजना कार्यान्वयन भइसकेको र सोह्रौ योजना २०८१/०८२-२०८५/०८६ कार्यान्वयनको चरणमा पुगेको पृष्ठभूमिमा कर्णालीमा दोस्रो पञ्चवर्षीय योजना लागु हुन गइरहेको छ।

योजनाबद्ध विकासको करिव सात दशक पुग्नै लाग्दा पनि कर्णाली प्रदेशले खासै उपलब्धि हाँसिल गर्न नसकेको र विकासका सूचाकाङ्कमा कमजोर रहेको यथार्थतालाई परिवर्तन गर्नुपर्ने अवस्था आवश्यक रहेको छ। यसर्थ सुशासन, सामाजिक न्याय र समृद्धि हाँसिल गर्नका लागि संरचनात्मक रुपान्तरणलाई द्रूतगतिमा अगाडी बनाउनुपर्ने भएको छ।

नेपाल सरकारले **"समृद्ध नेपाल: सुखी नेपाली"** को राष्ट्रिय लक्ष्य हाँसिल गर्न दीर्घकालीन सोच-२१००, यसैगरी बिक्रम सम्वत् २०८३ (सन् २०२६) सम्म नेपाललाई अतिकम विकसित मुलुकबाट विकासशिल मुलुकमा स्तरोन्नती गर्ने र वि.सं. २०८७ (सन् २०३०) सम्म दिगो विकास लक्ष्य हाँसिल गर्दै मध्यम आय भएको मुलुकमा पुर्याउने लक्ष्य निर्धारण गरेको छ। तसर्थ यी राष्ट्रिय सोच तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई पूरा गर्न र समृद्ध कर्णाली बन्नको लागि सहयोग पुग्ने गरी रणनीति तथा प्रमुख कार्यक्रम र प्राथमिकताका क्षेत्रहरु निर्धारण गरी दोस्रो आवधिक योजना निर्माण गरिएको छ। कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजनाले तय गरेको वि.सं. २०७६/०७७-२१०० सम्मको **समृद्ध कर्णाली : सुखारी कर्णालीबासी**को दीर्घकालीन सोचलाई निरन्तरता दिदै प्रदेशको दोस्रो चरणको रणनीति अन्तर्गत **"विकासमा तिव्रता, समृद्धिमा अग्रता"** को प्रदेश गन्तव्य पनि यथावत राखी दोस्रो पञ्चवर्षीय योजना

(२०८१/०८२-२०८५/०८६) का लागि "सुशासन, सामाजिक न्याय र समृद्ध कर्णाली" सोच तय गरिएको छ । यस आवधिक योजनामा प्रदेश विकासको प्राथमिकतामा पूर्वाधार तथा अन्तरआबद्धता, नवप्रवर्तन, उत्पादन र रोजगारी, उद्योग, पर्यटन तथा वातावरण, मानवपुँजी तथा सामाजिक विकास र डिजिटल कर्णाली तथा सुशासन जस्ता पाँचवटा विषयगत प्राथमिकताका क्षेत्रहरु रहेका छन् ।

उल्लिखित प्राथमिकताका क्षेत्रहरुको सफल कार्यान्वयन र प्राप्त उपलब्धीबाट गुणस्तरीय भौतिक पूर्वाधार, दिगो र उच्च आर्थिक वृद्धि, तुलनात्मक लाभका प्राकृतिक श्रोतको सदुपयोग, उत्पादन र उत्पादकत्वमा वृद्धि, दिगो पर्यटन विकास, कर्णालीको भाषा, संस्कृति, साँहित्य र कला, दक्ष व्यवसायिक मानव पूँजी निर्माण हुने, सामाजिक न्यायको स्थापना भई गुणस्तरीय सामाजिक सेवा प्रवाह हुने र सुशासन अभिवृद्धि भई नीतिगत रुपमा आत्मसात् गरी समृद्ध कर्णाली बन्नेछ भन्ने विश्वास लिएको छु ।

यस दोश्रो पञ्चवर्षीय योजना तर्जुमा गर्ने कार्यमा आवश्यक सहयोग गरी महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने कर्णाली प्रदेश योजना आयोगका माननीय सदस्यहरु अशोकनाथ योगी र डम्बर बहादुर रावल, कर्णाली प्रदेश सरकारका प्रमुख सचिव चूडामणि पौडेल, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव तथा योजना आयोगका सदस्य सचिव रविलाल शर्मालाई विशेष धन्यवाद दिन चाहान्छु । यसैगरी यस आवधिक योजनाको मस्यौदाको सुरुको अवस्थादेखि अन्तिम मस्यौदा तयार गर्दासम्मको कार्यमा सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने कर्णाली प्रदेशका माननीय मन्त्रीज्यूहरु, प्रदेशसभाका माननीय सदस्यज्यूहरु, जिल्ला समन्वय समितिका प्रमुखज्यूहरु, मुख्य न्यायाधिवक्ताज्यू, नगर प्रमुखज्यूहरु, गाउँपालिका अध्यक्षज्यूहरु, मन्त्रालयका सचिवहरु, निर्देशकहरु, महाशाखा प्रमुखहरुका साथै योजना आयोगका प्रशासकीय प्रमुख महेन्द्रजङ्ग शाही लगायत सम्पूर्ण कर्मचारीहरु, सबै सरकारी निकाय, गैर सरकारी संस्था तथा विकास साझेदार, नागरिक समाज, निजी तथा व्यवसायीक क्षेत्र, विभिन्न विषय विज्ञहरु, सञ्चारकर्मी, शिक्षाविद् र प्रदेशबासी नागरिकहरु सबैमा हार्दिक आभार व्यक्त गर्नुका साथै यस आवधिक योजनाको योजना तर्जुमा गर्नको लागि विभिन्न प्रकृयागत तहको प्राविधिक क्षेत्रमा र पुस्तिका प्रकाशनमा सहयोग गर्ने इन्टरनेशनल आईडिया नेपाललाई समेत धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस दोश्रो पञ्चवर्षीय योजना तयारीको सन्दर्भमा अभिभावकत्व निर्वाह गरी निर्देशनका साथै अमूल्य सल्लाह, सुझाव सहित मार्गदर्शन प्रदान गर्नु हुने माननीय मुख्यमन्त्री एवम् आयोगका अध्यक्ष यामलाल कडेलज्यू प्रति विशेष आभार सहित कृतज्ञता प्रकट गर्दछु ।

यस आवधिक योजना कार्यान्वयनमा प्रदेशवासी नागरिक समाज, प्रवुद्धवर्ग र सबै सरोकारवाला निकायबाट पूर्ण सहयोग रहनेछ भन्ने अपेक्षा गरेको छु ।

**सूर्यनाथ योगी**
**उपाध्यक्ष**

# विषय सूची

**परिच्छेद-एक**

**परिचय** **१**

१.१ पृष्ठभूमि १

१.२ राष्ट्रिय परिदृश्य १

१.३ प्रदेशको परिदृश्य २

१.४ स्थानीय परिदृश्य ४

१.५ प्रथम पञ्चवर्षीय योजनाको समीक्षा ५

१.६ दिगो विकास लक्ष्यको उपलब्धि समीक्षा १२

**परिचय-दुई**

**कर्णाली विकासको मार्गचित्र** **१६**

२.१ पृष्ठभूमि १६

२.२ विकासका प्रमुख संभावना तथा अवसर १७

२.३ विकासका मुख्य सवाल तथा चुनौती १७

२.४ कर्णाली सोच-२१०० १८

२.५ कर्णाली विकास मोडेल २०

२.६ दोस्रो पञ्चवर्षीय योजनाको रुपरेखा २३

२.७ दिगो विकास लक्ष्यसँगको आबद्धता २५

२.८ सोह्रौ योजनासँगको आबद्धता २५

२.९ प्रदेशको समष्टिगत परिमाणात्मक लक्ष्य २६

२.१० कार्यक्रम कार्यान्वयन तथा लगानी संयन्त्र २७

**परिच्छेद-तीन**

**आर्थिक वृद्धि र लगानी** **२९**

३.१ पृष्ठभूमि २९

३.२ आर्थिक वृद्धि प्रक्षेपण २९

३.३ प्रदेश अर्थतन्त्रको संरचना ३२

३.४ प्रतिव्यक्ति आय ३२

३.५ लगानी प्रक्षेपण ३३

३.६ योजनाका विषय क्षेत्रगत लगानी ३४

३.७ लगानीको स्रोत अनुमान ३५

३.८ सार्वजनिक लगानीको स्रोत ३६

३.९ प्रदेश सरकारको लगानी र स्रोत ३७

३.१० लगानी परिचालन रणनीति ३८

३.११ प्रमुख कार्यक्रम ४३

**परिच्छेद-चार**

| | |
|---|---|
| **कृषि, भूमि व्यवस्था र सहकारी** | **४५** |
| ४.१ कृषि | ४५ |
| ४.२ पशुपन्छी तथा मत्स्य | ५३ |
| ४.३ खाद्य सुरक्षा तथा सम्प्रभुता | ५७ |
| ४.४ भू-उपयोग तथा भूमि व्यवस्था | ६१ |
| ४.५ सहकारी तथा वित्तीय सेवा | ६४ |

**परिच्छेद-पाँच**

| | |
|---|---|
| **खनिज, उद्योग, वाणिज्य र पर्यटन** | **६९** |
| ५.१ खानी तथा खनिज सम्पदा | ६९ |
| ५.२ उद्योग, वाणिज्य तथा आपूर्ति | ७२ |
| ५.३ पर्यटन विकास | ७७ |

**परिच्छेद-छ**

| | |
|---|---|
| **श्रम, सामाजिक सुरक्षा र गरिबी निवारण** | **८४** |
| ६.१ श्रम तथा रोजगारी | ८४ |
| ६.२ सामाजिक सुरक्षा तथा संरक्षण | ८७ |
| ६.३ गरिबी निवारण तथा सामाजिक न्याय | ९० |

**परिच्छेद-सात**

| | |
|---|---|
| **स्वास्थ्य, पोषण र जनसङ्ख्या** | **९४** |
| ७.१ स्वास्थ्य | ९४ |
| ७.२ पोषण | १०१ |
| ७.३ जनसङ्ख्या तथा बसाईंसराइ | १०५ |

**परिच्छेद-आठ**

| | |
|---|---|
| **शिक्षा, विज्ञान प्रविधि र मानव पुँजी** | **१०९** |
| ८.१ गुणस्तरीय शिक्षा | १०९ |
| ८.२ युवा, खेलकुद तथा सकारात्मक रुपान्तरण | ११३ |
| ८.३ विज्ञान, प्रविधि तथा नवप्रवर्तन | ११७ |
| ८.४ कला,भाषा, साहित्य तथा सम्पदा | १२० |

**परिच्छेद-नौ**

| | |
|---|---|
| **उत्थानशील पूर्वाधार र अन्तरआबद्धता** | **१२४** |
| ९.१ सडक तथा यातायात पूर्वाधार | १२४ |
| ९.२ यातायात व्यवस्थापन | १३२ |
| ९.३ भवन, बस्ती तथा सहरी विकास | १३५ |
| ९.४ सूचना तथा सञ्चार प्रविधि | १४० |

**परिच्छेद-दश**

**जलस्रोत, स्वच्छ ऊर्जा र खानेपानी** १४४

१०.१ जलस्रोत, विद्युत् तथा स्वच्छ ऊर्जा १४४

१०.२ सिँचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन १४९

१०.३ खानेपानी, सरसफाइ तथा स्वच्छता १५३

**परिच्छेद-एघार**

**वन, जैविक विविधता र जलाधार** **१५८**

११.१ दिगो वन व्यवस्थापन १५८

११.२ सुगन्धित वनस्पति, जडीबुटी तथा जैविक विविधता व्यवस्थापन १६२

११.३ भू-संरक्षण तथा जलाधार व्यवस्थापन १६६

**परिच्छेद-बाह्र**

**वातावरण, विपद् र जलवायु उत्थानशीलता** **१७१**

१२.१ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन १७१

१२.२ विपद् जोखिम व्यवस्थापन १७५

१२.३ जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन १८२

**परिच्छेद-तेह्र**

**महिला, लक्षित वर्ग र समावेशीकरण** **१८८**

१३.१ महिला सशक्तीकरण तथा लैङ्गिक समानता १८८

१३.२ बालबालिका १९२

१३.३ दलित सशक्तीकरण १९४

१३.४ सामाजिक समावेशीकरण तथा संरचनागत रुपान्तरण १९७

**परिच्छेद-चौध**

**सुशासन, सेवा प्रवाह र अन्तरसम्बन्ध** **२०३**

१४.१ शासकीय सुधार तथा मानवअधिकार २०३

१४.२ सुशासन तथा सेवा प्रवाह २०६

१४.३ समन्वय, सहकार्य तथा अन्तरसम्बन्ध २१०

१४.४ प्रदेशको आन्तरिक राजस्व परिचालन २१३

**परिच्छेद-पन्ध्र**

**नीति, योजना र विकास व्यवस्थापन** **२१७**

१५.१ प्रदेश तथ्याङ्क व्यवस्थापन २१७

१५.२ प्रदेश नीति तथा योजना २२१

१५.३ आयोजना व्यवस्थापन २२५

१५.४ सार्वजनिक वित्तीय व्यवस्थापन तथा पुँजीगत खर्चको प्रभावकारिता २२७

१५.५ अनुगमन, मूल्याङ्कन र सिकाइ २३१

**अनुसूची१ -: योजना कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन ढाँचा** **२३७**

# तालिका सूची

| | | |
|---|---|---|
| तालिका १.१ | : कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन (GDP) आर्थिक वृद्धिदर तथा अनुमानित लगानी | ७ |
| तालिका १.२ | : कर्णाली सोच २१०० का सूचकअनुसार प्रथम पञ्चवर्षीय योजनाको प्रगति विवरण | ११ |
| तालिका २.१ | : दीर्घकालीन लक्ष्य | १९ |
| तालिका २.२ | : प्रदेशको दीर्घकालीन रणनीति | १९ |
| तालिका २.३ | : योजनाका परिमाणात्मक लक्ष्य | २६ |
| तालिका ३.१ | : बृहत् क्षेत्रगत आधारमा प्रदेशको आर्थिक वृद्धिदर | ३० |
| तालिका ३.२ | : राष्ट्रिय औद्योगिक वर्गीकरणका आधारमा प्रदेशको आर्थिक वृद्धिदर | ३१ |
| तालिका ३.३ | : प्रादेशिक अर्थतन्त्रको कुल आकार र संरचना | ३२ |
| तालिका ३.४ | : प्रदेशको प्रतिव्यक्ति आय प्रक्षेपण | ३३ |
| तालिका ३.५ | : बृहत् आर्थिक क्षेत्रगत रुपमा प्रदेशको लगानी प्रक्षेपण | ३३ |
| तालिका ३.६ | : औद्योगिक वर्गीकरणका क्षेत्रानुसार लगानी प्रक्षेपण | ३४ |
| तालिका ३.७ | : विषय क्षेत्रगत लगानी प्रक्षेपण | ३४ |
| तालिका ३.८ | : बृहत् आर्थिक क्षेत्रगत रुपमा लगानीको स्रोत प्रक्षेपण | ३६ |
| तालिका ३.९ | : तीन तहका सरकारको तर्फबाट हुने लगानीको प्रक्षेपण | ३६ |
| तालिका ३.१० | : प्रदेश सरकारको प्रक्षेपित लगानी | ३७ |
| तालिका ३.११ | : प्रमुख स्रोतगत आधारमा प्रदेश सरकारको प्रक्षेपित आम्दानी | ३७ |
| तालिका ३.१२ | : प्रदेश सरकारको प्रक्षेपित लगानीको स्रोत | ३८ |
| तालिका ४.१ | : प्रमुख कृषिबालीहरुको उत्पादन र उत्पादकत्व | ४६ |
| तालिका ४.२ | : उच्च संभावना भएका कृषिबाली तथा पशुपन्छी क्षेत्र | ४७ |
| तालिका ४.३ | : प्रदेशको भू-उपयोगको अवस्था | ६२ |
| तालिका ४.४ | : प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाहरुबाट भएको क्षेत्रगत कर्जा लगानी | ६५ |
| तालिका ५.१ | : कर्णाली प्रदेशका प्रमुख औद्योगिक उत्पादन र उद्योगको क्षमता उपयोग | ७३ |
| तालिका ५.२ | : कर्णाली प्रदेश पर्यटन गुरुयोजनाले समेटेका प्रमुख कार्यक्रमहरु | ७९ |

# चार्ट तथा चित्र सूची


| | | |
|---|---|---|
| चित्र १.१ | : आधार वर्ष २०७५/७६ को तुलनामा प्रथम पञ्चवर्षीय योजनाको आर्थिक वृद्धिदर (प्रतिशत) | ६ |
| चित्र १.२ | : प्रथम पञ्चवर्षीय योजना अवधिमा भएको अनुमानित वार्षिक लगानी | ६ |
| चित्र २.१ | : कर्णाली विकास मोडेल | २२ |
| चित्र ३.१ | : वास्तविक र प्रक्षेपित आर्थिक वृद्धिदर | ३० |
| चित्र ४.१ | : खेती गरिएको क्षेत्रफलका आधारमा प्रमुख बालीहरु | ४६ |
| चित्र ५.१ | : कर्णाली प्रदेश पर्यटन गुरुयोजनाको कार्यक्रमगत लगानी संरचना | ७८ |
| चित्र १२.१ | : कर्णाली प्रदेशको बहुविपद् जोखिमको अवस्था | १७६ |

# छोटकरी शब्द र अर्थ

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| आइ.टि. | इन्फर्मेसन टेक्नोलोजी |
| ई.पी.सि.एफ. | Engineering, Procurement and Construction Financing |
| एल.पि. | लिक्वीफाइड पेट्रोलियम |
| एस.ई.ई. | सेकेन्डरी एजुकेसन एक्जामीनेसन |
| कि.मि. | किलोमिटर |
| के.जी. | किलोग्राम |
| कोपोमिस | कोअपरेटिभ एन्ड पोभर्टी रिलेटेड म्यानेजमन्ट इन्फर्मेसन सिस्टम |
| क्यु. फिट | क्युविक फिट |
| जि.डि.पि. | ग्रस डोमेष्टिक प्रडक्शन (कुल गार्हस्थ्य उत्पादन) |
| मे. ट./मे. टन | मेट्रिक टन |
| ने. रु. | नेपाली रुपैयाँ |
| व.कि.मि. | वर्ग किलो मिटर |
| वि. सं. | विक्रम संवत् |
| सि.सि. | क्लोज सर्किट |
| हे. | हेक्टर |
| AD | Gregorian Calendar Year (इस्वी संवत्) |
| BOOT | Build, Own, Operate and Transfer |
| CGAS | Computerized Government Account System |
| GDI | Gender Development Index |
| GII | Gender Inequality Index |
| ICOR | Incremental Capital Output Ratio |
| MEL | Monitoring, Evaluation and Learning |
| NTD | Non-Transferable Disease |
| N-WASH MIS | N-WASH Management Information System |
| PDMIS | Province Development Management Information System |
| PIMS | Project Information Management System |
| PLMBIS | Provincial Line Ministries Budget Information System |
| SuTRA | Sub-National Treasury Regulatory Application |

परिच्छेद १

# परिचय


१.१ पृष्ठभूमि १

१.२ राष्ट्रिय परिदृश्य १

१.३ प्रदेशको परिदृश्य २

१.४ स्थानीय परिदृश्य ४

१.५ प्रथम पञ्चवर्षीय योजनाको समीक्षा ५

१.६ दिगो विकास लक्ष्यको उपलब्धि समीक्षा १२

# परिच्छेद-एक
# परिचय

## १.१ पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले दिगो शान्ति, सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्दै समाजवादप्रति प्रतिबद्ध राष्ट्रिय अर्थतन्त्र निर्माणको दिशामा अघि बढ्न मार्गनिर्देश गरेको छ। यस दिशामा उन्मुख भई सक्षम र उन्नतशील अर्थतन्त्र निर्माणको बृहत्तम् लक्ष्य हासिल गर्न समावेशिता, क्षेत्रीय सन्तुलन, वातावरण संरक्षण र दिगो विकासका मूलभूत अवधारणालाई आत्मसात गर्दै संरचनागत रुपान्तरण र योजनाबद्ध विकास आवश्यक छ।

नेपालले योजनाबद्ध विकास प्रयासलाई विगत सात दशकदेखि चरणबद्ध रुपमा अघि बढाएको भए तापनि प्रदेशको योजनाबद्ध विकासको प्रयास वि.सं. २०७२ मा नेपालको संविधान लागु भई मुलुक सङ्घीय संरचनामा रुपान्तरण भएपश्चात मात्र सुरुवात भएको हो। कर्णाली प्रदेश सरकारले "समृद्ध कर्णालीः सुखारी कर्णालीबासी" को सोच २१०० लाई अघि सार्दै पहिलो पञ्चवर्षीय योजना (२०७६/०७७-२०८०/०८१) कार्यान्वयन गरिसकेको छ। यस योजनाले सभ्य, सुरक्षित, न्यायपूर्ण र मर्यादित समाज, स्वच्छ र सन्तुलित वातावरण, सुशासन र समुन्नत लोकतन्त्र, राष्ट्रिय एकता र सम्मान मार्फत "समृद्ध कर्णाली र सुखारी कर्णालीवासी" को परिकल्पनालाई साकार पार्ने आधार तयार गरेको छ।

नेपालको संविधानले परिलक्षित गरेका नीति र राज्यका निर्देशक सिद्धान्त तथा प्रत्याभूत गरेका मौलिक अधिकार, नेपाल सरकारको दीर्घकालीन सोच २१००, सोह्रौं योजनाले तय गरेको सुशासन, सामाजिक न्याय र समृद्धिको सोच अनुसारका लक्ष्य तथा उद्देश्य, कर्णाली सोच २१०० र प्रथम पञ्चवर्षीय योजनाको उपलब्धि, नेपाल अति कम विकसितबाट मध्यम आय भएको विकासशील मुलुकमा स्तरोन्नति हुन र दिगो विकास लक्ष्य हासिल गर्न प्रदेश सरकारले पुरा गर्नुपर्ने जिम्मेवारी, प्रदेश नीति, योजना तथा कार्यक्रम, प्रदेशको कार्यसूची र जनताका आवश्यकता र विकासका अपेक्षा समेतलाई आत्मसात गरी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१/०८२–२०८५/०८६) तर्जुमा गरिएको छ।

## १.२ राष्ट्रिय परिदृश्य

नेपालको संविधान अनुसार सङ्घीयता कार्यान्वयनको मार्गचित्र र सङ्घीय संरचना अनुरुप दोस्रो अवधिका लागि तीनवटै तहमा जननिर्वाचित सरकार गठन भई आ-आफ्नो अधिकार क्षेत्रका नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र जवाफदेहिता वहन गर्न निरन्तर प्रयासरत छन्। संवैधानिक व्यवस्था अनुसार दिगो शान्ति, सुशासन, संरचनागत रुपान्तरण सहित योजनाबद्ध विकास र समृद्धिको साझा आकाँक्षा पूरा गर्न सरोकारवालाबिच समन्वय, सहमति र सहकार्यको वातावरण निर्माण हुँदै गएको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्याससँगै राजनीतिक दलहरु क्रमशः आर्थिक-सामाजिक विकास र समृद्धिको मार्गचित्रमा अग्रसर हुँदै गएको अवस्था छ। तहगत सरकारको क्रियाशीलतासँगै निजी, सहकारी, गैरसरकारी तथा अन्य क्षेत्रबाट लक्षित वर्ग तथा क्षेत्रमा आर्थिक, सामाजिक तथा पूर्वाधार विकासका क्रियाकलाप बढ्दै गएका छन्।

वित्तीय सङ्घीयता अभ्यासको सबलीकरणका लागि नीतिगत, कानुनी र संस्थागत व्यवस्थाको आधार तयार भएका छन् । संवैधानिक व्यवस्था अनुरुप सरकारका तीनवटै तहमा अधिकार र कार्य जिम्मेवारीको बाँडफाँट र संस्थागत व्यवस्थासँगै राजस्व परिचालन, बाँडफाँट, वित्तीय हस्तान्तरण र ऋण परिचालनमा समेत वित्तीय सङ्घीयताको अभ्यास भईरहेको छ । प्रदेश तथा स्थानीय तहमा नीतिगत तथा कानुनी प्रबन्ध र संस्थागत क्षमता विकास हुँदै जाँदा अन्तरसरकार, आमनागरिक तथा समुदाय र सरोकारवालाबिचको समन्वय, साझेदारी तथा सहकार्यबाट सेवाप्रवाह र विकास निर्माणका कार्य भईरहेका छन् । यातायात, जलस्रोत तथा ऊर्जा, सिँचाइ, खानेपानी तथा सरसफाइ र औद्योगिक पूर्वाधारको विस्तारसँगै उद्योग, व्यापार तथा व्यवसायमा वृद्धि हुँदै गएको छ । शैक्षिक बेरोजगारी, गाउँबाट सहर-बजारमा बसाइँसराइ र बौद्धिक पलायन बढ्दै जाँदा उत्पादनशील क्षेत्रमा लगानी घट्दै जाने अवस्था पनि सिर्जना भएको देखिन्छ ।

देशमा अहिले आर्थिक तथा सामाजिक पूर्वाधार, सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा भएको अभूतपूर्व विकासबाट सिर्जित अन्तरसम्बन्ध, मुलुकको भौगोलिक, प्राकृतिक, सांस्कृतिक र सामाजिक विविधताको सम्बर्धनका लागि सङ्घीय संरचनामा आधारित शासन तथा राजनीतिक प्रणाली अवलम्वन गरिएको छ । यसबाट आमनागरिक विशेष गरी पछाडि रहेको वर्ग तथा क्षेत्रका आवश्यकता, आकाँक्षा र सोच, अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोगको क्षेत्रमा देखिएको बढोत्तरी, राज्यका स्रोतसाधनको समन्यायिक वितरण र बहुपक्षीय क्षेत्रको दिगो विकासलाई केन्द्रमा राखेर सुशासन, सामाजिक न्याय र समुन्नतिको आकाँक्षालाई ठोस आकार र सार्थकता दिन उपयुक्त वातावरण र अवसर सिर्जना भएको छ । नेपाललाई सन् २०२६ मा विकासशील राष्ट्रमा स्तरोन्नति गरी सन् २०३० सम्म मध्यम आय भएको मुलुकको स्तरमा पुऱ्याउन तथा दिगो विकासका लक्ष्य हासिल गर्न राजनीतिक, नीतिगत तथा संरचनागत अनुकुल वातावरण बन्दै गएको छ ।

### १.३ प्रदेशको परिदृश्य

नेपाली समाज रुपान्तरणको ऐतिहासिक सन्दर्भमा विभिन्न समयमा भएका जनआन्दोलन र विशेष गरी कर्णाली प्रदेश स्थापनार्थ भएको आन्दोलन पश्चात वि.सं. २०७२ मा जारी नेपालको संविधान अनुसार तत्कालीन कर्णाली अञ्चलका हुम्ला, मुगु, जुम्ला, डोल्पा र कालिकोट, भेरी अञ्चलका दैलेख, जाजरकोट र सुर्खेत तथा राप्ती अञ्चलका रुकुम पश्चिम र सल्यान गरी १० जिल्लालाई समेटेर कर्णाली प्रदेशको स्थापना भएको हो । यस प्रदेशको सीमाना-उत्तरमा मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बत र पूर्व तथा दक्षिणमा क्रमशः गण्डकी र लुम्बिनी प्रदेश तथा पश्चिममा सुदूरपश्चिम प्रदेशसँग जोडिएको छ ।

कुल क्षेत्रफल ३०,२११ वर्ग कि.मि. रहेको यो प्रदेश नेपालका सात प्रदेशमध्ये क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो प्रदेश हो । नेपालको कुल भू-भागको २१.६% हिस्सा ओगटेको यस प्रदेशमा २५ वटा नगरपालिका र ५४ वटा गाउँपालिका गरी ७९ स्थानीय तह छन् । यो प्रदेश समुद्री सतहबाट १८० मिटर (कर्णाली र भेरी नदीको सँगमस्थल सुर्खेतको जामु कुइने) देखि ७,३४८ मिटर (डोल्पाको चुरेन हिमाल) को उचाइसम्म फैलिएको छ ।

उत्तर-दक्षिण २५० कि.मि. र पूर्व-पश्चिम २६५ कि.मि.सम्म फैलिएको यो प्रदेशमा चुरे क्षेत्रमा उष्णदेखि हिमाली क्षेत्रमा चिसो लेकाली हावापानी पाइन्छ । हिउँद याम चिसो र आर्द्र तथा वर्षा याम न्यानो बढी हुने गर्दछ । वार्षिक करिब ८० प्रतिशत वर्षा जेठदेखि भदौबिचको चार महिनामा हुने गर्दछ ।

राष्ट्रिय जनगणना-२०७८ अनुसार यस प्रदेशको कुल जनसङ्ख्या १६ लाख ८८ हजार ४१२ रहेको छ, जुन नेपालको कुल जनसङ्ख्याको ५.७९ प्रतिशत हो । नेपालको जनसङ्ख्या वृद्धिदर ०.९२ प्रतिशत रहेकोमा प्रदेशको जनसङ्ख्या वृद्धिदर ०.७० प्रतिशत रहेको छ जहाँ लैङ्गिक अनुपात ९५.२७ रहेको छ । कुल ३ लाख ६६ हजार २५५ घरपरिवार रहेको यस प्रदेशमा औसत परिवारको आकार ४.६१ रहेको छ । नेपालको औसत जनघनत्व १९८ जना प्रतिवर्ग कि.मि. रहेकोमा यस प्रदेशको औसत जनघनत्व ६० जना रहेको छ । यस प्रदेशमा नगरपालिकामा बसोबास गर्ने जनसङ्ख्या ५२.१ प्रतिशत र गाउँपालिकामा बसोबास गर्ने जनसङ्ख्या ४७.९ प्रतिशत रहेको छ ।

राष्ट्रिय जनगणना-२०७८ अनुसार नेपालमा जम्मा १२४ वटा मातृभाषा प्रचलनमा छन् भने यस प्रदेशमा ४९ वटा रहेका छन् । यस प्रदेशमा क्रमशः नेपाली भाषा (८८.८५ प्रतिशत), खस भाषा (६.३४ प्रतिशत), मगर ढुट भाषा (१.६ प्रतिशत) र मगर खाम भाषा (०.८ प्रतिशत) बोलिन्छ । नेपाली भाषाको उद्गमस्थल (जुम्लाको सिंजा उपत्यका) कर्णाली प्रदेशलाई यहाँको मौलिक भाषा, कला, साहित्य, ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाले विशिष्ट पहिचान दिएका छन् । प्रदेशमा थपाल्या, ब्याँसी लगायत कतिपय आदिवासी समुदायले बोल्ने भाषा लोप भईसकेका छन् ।

विविध जातजातिको बसोबास रहेकाले यहाँ धर्म र संस्कृतिमा पनि विविधता रहेको छ । सुर्खेतको आशुतुशेश्वर उत्तरगंगा शिवमन्दिर गुर्भाकोट, काँक्रेविहार, देउतीबज्यै र सिद्धपाइला, दैलेखको पञ्चकोशी, पञ्चदेवल, नारायण मन्दिर, बेलासपुर र महावु (गाथ), राष्ट्रगुरु योगी नरहरिनाथ जन्मेको जिल्ला कालिकोटको देउरामालिका, कालिका, ठिगेल्नी, चुलीमालिका, पुगमालिका, खापरमष्टा, बड्डाल्लीमष्टा, कालाशील्लोमष्टा, दुधशील्लोमष्टा, सिमनाथ, पञ्चदेवल र महावु, जुम्लाको चन्दननाथ, भैरवनाथ, कनकासुन्दरी, पाण्डव गुफा, ठाकुरज्यू र विष्टज्यू, मुगुको छाँयानाथ, थार्पमष्टो, राराको दोफे महादेव, भिइगुरा, कार्मारोङ्गको टोकनाम् ग्याल गुम्बा, हुम्लाको खार्पुनाथ, रलिङ्ग गुम्बा, रिन्छेलिङ्ग गुम्बा, डोल्पाको त्रिपुरासुन्दरी, शेगुम्बा, जाजरकोटको शिबालय, सल्यानको खैरावाङ भगवती र रुकुम पश्चिमको डिग्रेशाइ कुमारी भगवती जस्ता देवी देवताका मन्दिर, थान तथा धाम यहाँका प्रमुख धार्मिक, सांस्कृतिक तथा पर्यटकीय धरोहरका रुपमा रहेका छन् । कर्णाली प्रदेशमा सनातन हिन्दू धर्म ९४.७, बौद्ध धर्म ३.२ र इसाइ धर्म १.७ प्रतिशतले मान्दै आएका छन् । त्यसबाहेक यस प्रदेशमा प्रकृति, बोन, मुस्लिम धर्म मान्ने समुदाय पनि रहेका छन् ।

मगर, थारु, तामाङ, गुरुङ, राउटे, राजी र बादी यस क्षेत्रको सांस्कृतिक विविधतामा थप योगदान पुऱ्याउने जातीय समुदाय हुन् । कर्णालीको सांस्कृतिक सम्पदामा परम्परागत सङ्गीत र नृत्यले महत्त्वपूर्ण भूमिका खेलेका छन् । तामाङ समुदायको मारुनी नृत्य र मगरको घाटु नृत्य लगायतका विभिन्न नृत्य पनि कर्णालीको सांस्कृतिक पहिचानका अभिन्न अंग हुन् । यस प्रदेशले जटिल काठको नक्काशी, माटाका भाँडा र थाङ्का चित्रकला सहित कला र हस्तशिल्पको समृद्ध परम्परामा गर्व गर्दछ । समग्रमा, कर्णाली प्रदेश प्राकृतिक, धार्मिक र सांस्कृतिक रुपमा समृद्धशाली प्रदेशको रुपमा रहेको छ ।

प्रदेशको कुल भूभागको ३८.५ प्रतिशतभन्दा बढी भू-भाग वनजङ्गलले ढाकेको छ । बहुमूल्य जडीबुटी लगायत अन्य वन पैदावारको स्रोत रहेको वनक्षेत्र यस प्रदेशको महत्त्वपूर्ण प्राकृतिक सम्पदा हो । राराताल, रारा राष्ट्रिय

निकुञ्ज, फोक्सुण्डो ताल र नेपालको सबैभन्दा ठूलो शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज लगायत कुपिन्डे दह, स्यार्पु ताल, बुलबुले ताल र बराह ताल आदि यही प्रदेशमा रहेका छन्।

यस प्रदेशमा रहेको अपार जलस्रोतबाट १८,००० मेगावाटभन्दा बढी विद्युत् उत्पादन हुन सक्ने संभावना रहेको छ। यहाँ बहुमूल्य रत्न, पत्थर र पेट्रोलियम लगायतका खनिज पदार्थ उत्पादनको पनि संभावना रहेको छ। यस प्रदेशमा यार्सागुम्बा, पाँचऔले, कुट्की, पदमचाल, शिलाजित, गदाल्लो, भुइँकस्तुरी, पाखनवेद (पाषाणभेद), भुत्ले जस्ता बहुमूल्य जडीबुटी प्राकृतिक रुपमा प्रसस्त पाइन्छन्।

यस प्रदेशको औसत साक्षरता दर ७६.१ प्रतिशत रहेको छ भने युवा साक्षरता दर ९३.८ प्रतिशत छ। नवजात शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा २६ जना छ भने एक वर्षमनिको शिशु मृत्युदर ३६ जना छ। यस प्रदेशमा मातृ मृत्युदर प्रतिएक लाखमा १७२ जना र रक्तअल्पता भएका पाँच वर्षमनिका बालबालिका ४० प्रतिशत रहेका छन्। यसैगरी घरबाट स्वास्थ्य संस्था पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरपरिवार ४३.१ प्रतिशत रहेको छ। यस प्रदेशको जन्मदाको औसत अपेक्षित आयु ७२.५ वर्ष रहेको छ। मानव विकास प्रतिवेदन सन् २०२३ का अनुसार कर्णाली प्रदेशको मानव विकास सूचकाङ्क ०.५३८ रहेको छ जुन राष्ट्रिय औसत ०.६०१ भन्दा कम हो।

आर्थिक वर्ष २०७९।८० मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन जम्मा रु. २ खर्ब २९ अर्ब १४ करोड (उपभोक्ता मूल्यमा) छ, जसमा क्रमशः सेवा क्षेत्रको योगदान ६०.५ प्रतिशत, कृषि क्षेत्रको योगदान २९.४ प्रतिशत र औद्योगिक क्षेत्रको योगदान १०.१ प्रतिशत रहेको छ। प्रदेशको सेवा क्षेत्रका प्रमुख आधारहरु पर्यटन, व्यापार, शिक्षा, स्वास्थ्य र वित्तीय सेवा हुन्। औद्योगिक क्षेत्रको विकास तुलनात्मक रुपमा अन्य प्रदेशमा भन्दा कमजोर रहेकाले यस क्षेत्रको योगदान न्यून रहेको छ।

आर्थिक वर्ष २०७९/८० सम्ममा नेपालमा प्रादेशिक र स्थानीय सडक सञ्जाल ६६,०५७ कि.मि. छ। जसमध्ये कर्णाली प्रदेशमा ३,४३८ कि.मि. छ। राष्ट्रिय सडक घनत्व प्रतिवर्ग कि.मि. ०.४५ कि.मि. रहेकोमा यस प्रदेशको ०.३० कि.मि. मात्र छ। यस प्रदेशमा लामो धावनमार्ग भएको सुर्खेत विमानस्थल र छोटो धावनमार्गको ७ वटा विमानस्थल सञ्चालनमा छन्। निर्माणाधीन नेपालको राष्ट्रिय गौरवको भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना प्रदेशमा निर्माण भइरहेको छ। नेपाल सरकारसँग समन्वय गरी प्रदेशले यसबाट समुचित लाभ लिन सक्ने अवसर रहेको छ ।

## १.४ स्थानीय परिदृश्य

स्थानीय तहमा निर्वाचित पदाधिकारीको पहिलो कार्यकालमा मुलुकको अन्य प्रदेशका स्थानीय तहमा जस्तै यस प्रदेशमा पनि संविधानको अनुसूची-८ (स्थानीय तहको अधिकारको सूची) र अनुसूची-९ (सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची) मा व्यवस्था भएबमोजिम स्थानीय सरकार नीति, कानुन तथा योजना निर्माण, मानव संशाधन तथा संस्थागत विकास र प्रशासन सञ्चालन, सेवा प्रवाह र पूर्वाधारको जग निर्माणमा क्रियाशील रहेका छन्। स्थानीय तहको दोस्रो कार्यकालमा स्थानीय सरकार संस्थागत क्षमता विकासलाई सुदृढ गर्दै चुस्त सरकारको अवधारणा बमोजिम शासन सञ्चालन, सेवा प्रवाह तथा जनताको आवश्यकता तथा मागमा आधारित विकास कार्यमा क्रियाशील रहेका छन्।

यस प्रदेशमा स्थानीय सरकार गठन तथा सञ्चालन पश्चात स्थानीय समुदायको स-साना आवश्यकताको सम्बोधन, भूकम्प लगायतका विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य, पुनःनिर्माण र पुनर्लाभमा सहयोग र सहजीकरण, स्वास्थ्य, पोषण, शिक्षा, खानेपानी तथा सरसफाइ, कृषि प्रसार र उद्यम तथा व्यवसाय प्रबर्द्धन लगायत नियमनकारी सेवा प्रवाहमा सहजता आएको छ। प्रदेश सरकारले पूर्वाधार निर्माण तथा विस्तार, प्रविधि र सीप हस्तान्तरण, वित्त व्यवस्थापन, सेवाको मापदण्ड विकास तथा प्राविधिक सहयोग, नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, सिकाइ र जवाफदेहिता अभिवृद्धिसम्बन्धी क्षमता विकासमा स्थानीय सरकारसँग समन्वय, सहकार्य र साझेदारी गर्दै आएको छ।

## १.५ प्रथम पञ्चवर्षीय योजनाको समीक्षा

प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले "समृद्ध कर्णाली, सुखारी कर्णालीवासी" को सोचलाई मूर्तरुप दिन पूर्वाधार विकास, सामाजिक विकास, उत्पादन तथा उद्योग, पर्यटन तथा वातावरण, विज्ञान प्रविधि र अनुसन्धान, डिजिटल कर्णाली र सुशासन सहित ७ वटा प्राथमिकता र १० वटा विकासका सम्बाहक तय गरेको थियो। यस योजनाले आर्थिक, भौतिक, सामाजिक र मानव विकास, सुशासन, वातावरण संरक्षण र दिगो विकास लगायतका क्षेत्र लक्षित ४४१ वटा सूचकहरु तय गरेको थियो। दोस्रो पञ्चवर्षीय योजना निर्माणका क्रममा गरिएको प्रथम पञ्चवर्षीय योजनाको समीक्षा, विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्क र विषयगत मन्त्रालय तथा सम्बन्धित निकायबाट उपलब्ध सूचना र जानकारीलाई आधार मानेर यो समीक्षात्मक विवरण तयार पारिएको हो। प्रथम पञ्चवर्षीय योजनाबाट प्रदेशको योजनाबद्ध विकासको जग निर्माण हुनुका साथै विषय क्षेत्रगत रुपमा मिश्रित उपलब्धि हासिल भएका छन् भने संङ्घीयताको सुरुवाती चरणमा अलि महत्त्वकाक्षी योजना तय गरेका कारण पुरा हुन नसकेका कतिपयलाई संशोधन तथा पुनर्विचार गर्न आवश्यक छ। साथै प्रथम योजनाले तय गरेका र जनअपेक्षा अनुसारका कतिपय कार्यभारलाई दोस्रो योजनाले निरन्तरता दिनुपर्ने देखिन्छ। पहिलो योजनाको संक्षिप्त समीक्षा विवरण देहायअनुसार रहेको छः


### १.५.१ कुल गार्हस्थ्य उत्पादन

प्रथम पञ्चवर्षीय योजनाको आधार वर्ष २०७५/७६ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. १ खर्ब १९ अर्ब २६ करोड रहेको थियो भने योजना अवधिको अन्तिम वर्षमा कुल गार्हस्थ्य उत्पादन रु. २ खर्ब ४१ अर्ब १ करोड पुग्ने अनुमान गरिएकोमा आर्थिक वर्ष २०७९/८० मा रु. २ खर्ब २९ अर्ब १४ करोड रहेको र आर्थिक वर्ष २०८०/८१ मा रु. २ खर्ब ४४ अर्ब पुगेको छ।

प्रथम पञ्चवर्षीय योजनाको आर्थिक वृद्धिदरको औसत लक्ष्य १४.९ प्रतिशत रहेकोमा विगत पाँच वर्षमा अनुमानित औसत आर्थिक वृद्धिदर ३.३२ प्रतिशत रहेको छ[1]। प्रदेशको पहिलो आवधिक योजना सम्पन्न भएको र योजना तर्जुमा गर्दा कर्णाली प्रदेश विकास र लगानीको हिसाबले उत्पादनशील र थोरै लगानीबाट उल्लेख्य प्रतिफल आउन सक्ने आँकलनका कारण लक्ष्य महत्वाकाङ्क्षी रहेको, कोभिड-१९ लगायतका महामारी, विश्वव्यापी आर्थिक शिथिलता, उच्च महत्त्वकाङ्क्षी लक्ष्य र जाजरकोट भूकम्प जस्ता विपद्का कारण अपेक्षित लगानी आकर्षित हुन नसक्दा आर्थिक वृद्धिदरको लक्ष्य हासिल हुन नसकेको देखिन्छ।

---
1 आर्थिक सर्वेक्षण २०८०/८१, कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, २०८१।


*चित्र १.१: आधार वर्ष २०७५/७६ को तुलनामा प्रथम पञ्चवर्षीय योजनाको आर्थिक वृद्धिदर (प्रतिशत)*




श्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय।

देशको कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको योगदान ४.२८ प्रतिशत अर्थात अन्य प्रदेशको तुलनामा सवैभन्दा कम रहेको छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा राजस्व सङ्कलनको योगदान ४.२७ प्रतिशत मात्र रहेको छ। प्रथम आवधिक योजनामा अपेक्षित आर्थिक वृद्धि हासिल गर्न कुल रु. ५ खर्ब २१ अर्ब लगानी गर्ने लक्ष्य लिइएकोमा रु. १ खर्ब ९० अर्बको हाराहारीमा लगानी भएको अवस्था छ। लक्षित आर्थिक वृद्धिदर हासिल गर्न आवश्यक अनुपातमा लगानी हुन नसक्दा लक्ष्यको तुलनामा आर्थिक वृद्धिदर उपलब्धि न्यून रहन गएको देखिन्छ।

*चित्र १.२: प्रथम पञ्चवर्षीय योजना अवधिमा भएको अनुमानित वार्षिक लगानी (रु.दश लाखमा)*




कर्णाली प्रदेशको विगत ५ वर्षको गार्हस्थ्य उत्पादन र वृद्धिदरको अवस्था तथा लगानी विश्लेषण गर्दा गार्हस्थ्य उत्पादन प्रचलित मूल्यमा रु. १० खर्ब २२ अर्ब २३ करोड, कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ३.३२ र लगानी रु. १ खर्ब ९० अर्ब ९६ करोड रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयको विवरणले देखाएको छ।

**तालिका १.१:** कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन **(GDP)** आर्थिक वृद्धिदर तथा अनुमानित लगानी

| विवरण | विगत ६ वर्षको प्रदेशको कुल गार्हस्थ्यको अवस्था | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| कुल गार्हस्थ्य उत्पादन प्रचलित मूल्यमा (Rs. Million at Current Price) | १५१८९२ | १६१५२७ | १७९५२१ | २०८०४४ | २२९१४४ | २४३९९३ |
| आर्थिक वृद्धिदर (Basic Price) | ८.३३ | ०.९० | ४.५९ | ४.५५ | २.३४ | ३.०८ |
| अनुमानित लगानी (Rs. Million) | ६९००५ | १२०५३ | ४७९४२ | ५३२२६ | २४४२६ | ५३३२० |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय,२०८१*

### १.५.२ प्रतिव्यक्ति आय

२०७८ को जनगणनाअनुसार यस प्रदेशको जनसङ्ख्या १६ लाख ८८ हजार ४१२ रहेकोमा वृद्धिदर ०.७० प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ को कुल गार्हस्थ्य उत्पादन रु. २ खर्ब १६ अर्ब ४ करोड रहेकोमा प्रतिव्यक्ति गार्हस्थ्य उत्पादन रु. १ लाख २७ हजार ९ सय ५७ रुपैया छ। प्रथम पञ्चवर्षीय योजना अवधिमा प्रतिव्यक्ति आय १,१४७ अमेरिकी डलर पुऱ्याउने लक्ष्य रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा १,०६६ अमेरिकी डलर पुगेको छ [2]।

### १.५.३ गरिबी निवारण

योजनाको आधार वर्ष २०७५/७६ मा ५१.२ प्रतिशत रहेको प्रदेशको बहुआयामिक गरिबीको दर योजनाको अन्त्यमा २५ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा आर्थिक वर्ष २०७९/८० सम्ममा ३९.५ प्रतिशतमा सीमित भएको छ, जबकि नेपालको औसत बहुआयामिक गरिबी दर १७.४० प्रतिशत रहेको छ। योजनाको आधार वर्षमा २८.९ प्रतिशत रहेको निरपेक्ष गरिबीको दर १८ प्रतिशतमा झार्ने लक्ष्य राखिएकोमा २६.६९ प्रतिशतमा कायम रहेको छ।

### १.५.४ यातायात पूर्वाधार तथा अन्तरआबद्धता

भौतिक पूर्वाधार र सघन अन्तरआबद्धताको क्षेत्रमा प्रदेशको प्रयास प्रगति उन्मुख रहेको छ। यस प्रदेशमा निर्माणधीन अवस्थामा रहेका महत्त्वपूर्ण मार्गहरु जस्तै मध्य-पहाडी लोकमार्गको बाँकी रहेको खण्ड सम्पन्न गर्ने, कर्णाली राजमार्गको हुम्ला खण्डमा ट्र्याक खोल्ने र बाँकी खण्डमा स्तरोन्नति गर्ने, कर्णाली करिडोर र भेरी करिडोरमा निर्माण हुन बाँकी रहेका स्थानमा पुल निर्माण, मदन भण्डारी लोकमार्गमा पुल निर्माण र राप्ती लोकमार्ग स्तरोन्नतिको कार्य सङ्घीय सरकारबाट अघि बढीरहेको छ। यस प्रदेशमा अझै ३ वटा स्थानीय तहका केन्द्र र हुम्ला जिल्ला सदरमुकाम राष्ट्रिय सडक सञ्जालमा जोडिन बाँकी रहेको छ भने ४६ स्थानीय तहको केन्द्रसम्म पक्की सडक पुगेको छ। योजना अवधिमा सङ्घ तथा प्रदेशको साझेदारीमा वीरेन्द्रनगर विमानस्थल विस्तार तथा स्तरोन्नतिका लागि बजेट समेत विनियोजन भएकोमा सोअनुसार कार्य हुन नसकेको अवस्था छ। कालिकोटको सुनथराली विमानस्थल सञ्चालनयोग्य अवस्थामा रहेको छ।

आर्थिक वर्ष २०७७/७८ देखि २०८०/८१ सम्म यस प्रदेशमा कुल ३,६३८.३७ कि.मि. सडक सञ्जाल विस्तार भएकोमा १७३.७५ कि.मि. कालोपत्रे, ६२०.०६ कि.मि. ग्राभेल र २८४४.५६ कि.मि. धुले सडक रहेका छन् [3]।

---

2 आर्थिक सर्वेक्षण २०८०/८१, अर्थ मन्त्रालय, नेपाल सरकार, २०८१

3 वार्षिक प्रगति प्रतिवेदन (आ. व. २०८०/८१), कर्णाली प्रदेश सरकार, भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत।

प्रदेश सरकारले घोषणा गरेको वीरेन्द्रनगर राजधानी पूर्वाधार निर्माणका साथै आ. व. २०७७/७८ देखि आ.व. २०८०/८१ सम्म प्रदेशमा कुल ९१ वटा झोलुङ्गे पुल र ४० वटा सडक पुल निर्माण सम्पन्न भएका छन्। नेपालमा प्रादेशिक र स्थानीय सडक सञ्जालको लम्बाइ ६६,०५७ कि.मि. रहेकोमा यस प्रदेशमा ३,६३८.३७ कि.मि. पुगेको छ। नेपालको सडक घनत्व ०.४५ कि.मि. प्रतिवर्ग कि.मि. रहेकोमा यस प्रदेशको ०.३० कि.मि. रहेको छ।

### १.५.५ जलस्रोत, सिँचाइ तथा खानेपानी

आधार वर्ष २०७५/७६ मा खेती गरिएको जमिनमध्ये १५.५ प्रतिशत भूमिमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध रहेको छ। योजना अवधिमा ३३ प्रतिशत भूभागमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य रहेकोमा २७ प्रतिशतमा (३५,२९७ हेक्टर) वर्षैभरी सिँचाइ सुविधा उपलब्ध छ भने ४ प्रतिशत (५,२३० हेक्टर) जमिनमा मौसमी सिँचाइ सुविधा उपलब्ध रहेको छ । यसप्रकार प्रदेशमा कुल ३१ प्रतिशत भूमि (४०,५२७ हेक्टर) मा सिँचाइ सुविधा उपलब्ध रहेको छ।

प्रदेश सरकारबाट आर्थिक वर्ष २०७९/८० सम्म ४१ वटा खानेपानी आयोजनाबाट कुल २ लाख १० हजार ५२३ जनसङ्ख्यालाई खानेपानी सुविधा उपलब्ध रहेको छ भने ६८ वटा सिँचाइ आयोजनाबाट थप ९ हजार ५५९ हेक्टरमा सिँचाइ सुविधा पुगेको छ । योजना अवधिमा आधारभूत खानेपानी सुविधा उपलब्ध जनसङ्ख्या ९५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २०७९/८० सम्ममा ८८ प्रतिशत जनसङ्ख्यामा सो सुविधा पुगेको छ भने सुरक्षित खानेपानी उपलब्ध जनसङ्ख्या ४ प्रतिशत मात्र रहेको छ । यसैगरी सुधारिएको सरसफाइ सुविधा प्राप्त गर्ने घरपरिवारको अनुपात ७७.७ बाट ८५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ९७.०२ प्रतिशत घरपरिवारमा सो सेवा उपलब्ध रहेको छ।

### १.५.६ विद्युत् तथा स्वच्छ ऊर्जा

करिब १८ हजार मेगावाट जलविद्युत् उत्पादनको संभावना रहेको यस प्रदेशमा पहिलो पञ्चवर्षीय योजनामा ऊर्जाको क्षेत्रमा २०० मेगावाट जलविद्युत् उत्पादनको लक्ष्य लिएकोमा आधार वर्षको ८ मेगावाटबाट वृद्धि भई १६ मेगावाटमा सीमित हुन पुगेको छ । प्रथम पञ्चवर्षीय योजनामा विद्युत्मा पहुँच प्राप्त घरपरिवार ६७.५ बाट ९० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा जनगणना २०७८ अनुसार बत्ती बाल्न विद्युत् प्रयोग गर्ने घरपरिवार ४९.६ प्रतिशत र सोलार वा सौर्य ऊर्जा प्रयोग गर्ने घरपरिवार ४७.९ प्रतिशत रहेको छ। राष्ट्रिय विद्युत् प्रसारण लाइनको विद्युत्मा पहुँच उपलब्ध घरपरिवार ४३.८७ प्रतिशतमात्र रहेको छ। यस प्रदेशमा खाना पकाउन परम्परागत इन्धन प्रयोग गर्ने घरपरिवार ९५ बाट ८० प्रतिशतमा झार्ने लक्ष्य लिइएकोमा ८२.२ प्रतिशतमा कायम रहेको छ भने एल.पी. ग्याँसको प्रयोग गर्ने घरपरिवारको सङ्ख्या १६.८६ प्रतिशत रहेको छ।

### १.५.७ स्वास्थ्य, शिक्षा तथा सामाजिक विकास

सामाजिक विकासका क्षेत्रमा प्रदेश गौरवको अन्तर्राष्ट्रियस्तरको रङ्गशाला र प्रदेश अस्पताल निर्माण सम्पन्न हुने चरणमा रहेका छन्। प्रथम पञ्चवर्षीय योजना अवधिमा प्रदेश सरकारको तर्फबाट ४०० वटा विद्यालय भवन र ९ वटा जिल्ला अस्पताललाई स्तरोन्नति तथा सबलीकरण गरिएको छ । मुख्यमन्त्री रोजगार कार्यक्रम, छोरी सुरक्षा बैङ्क खाता, महिला आयआर्जन, लक्षित वर्ग छात्रवृत्ति, मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम, सामाजिक सुरक्षा र रोजगार कार्यक्रमलाई प्रदेश विशेष कार्यक्रमका रुपमा अघि बढाइएको छ। प्रदेश सरकारले सार्वजनिक शिक्षामा

सुधारका लागि डिजिटल सिकाइ केन्द्र, छात्रवृत्ति र आवासीय विद्यालय कार्यक्रम सञ्चालन गरीरहेको छ। स्वास्थ्य क्षेत्रमा आर्थिक वर्ष २०८०/८१ बाट स्वास्थ्य विमा र नागरिक स्वास्थ्य परीक्षण कार्यक्रमलाई प्रदेश विशेष कार्यक्रमको रुपमा अघि बढाइएको छ।

प्रदेशमा पाँच वर्ष माथिको साक्षरतादर ६६ बाट ९५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकामा ७६.१ प्रतिशतमा सीमित रहेको छ। औसत आयु ७२.५ वर्ष, बाल मृत्युदर प्रतिहजार जीवित जन्ममा ४६ र मातृ मृत्युदर प्रतिलाखमा १७२ पुगेको छ। पोषणका दृष्टिले केही सूचकमा सकारात्मक सुधारको सङ्केत देखिएको भए तापनि केही सूचकहरु हासिल गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ। कम तौल, रक्तअल्पता र ख्याउटेपन जस्ता सूचकमा सुधार भई राष्ट्रिय औसतभन्दा राम्रो अवस्था रहेको देखिन्छ। ख्याउटेपनमा राष्ट्रिय औसत ८ प्रतिशत छ भने कर्णालीमा ४ प्रतिशत कायम भएकोले दिगो विकास लक्ष्य प्राप्तिको नजिक पुगेको छ। प्रदेशमा पुड्कोपनको दर विगत दशकमा १९ प्रतिशतले घटेको भए तापनि अझै ३६ प्रतिशत पुड्कोपन कायम रहेको छ। कमतौल हुने बालबालिकाको सङ्ख्या राष्ट्रिय औसतभन्दा कम छ। वि.सं. २०८० कार्तिक महिनामा जाजरकोट केन्द्रबिन्दु बनाएर गएको विनासकारी भूकम्पले १७ हजार ८६५ घर पूर्ण र ५३ हजार ९९४ घर आंशिक रुपमा क्षतिग्रस्त बनाए पश्चात प्रदेशको शिक्षा, स्वास्थ्य र पोषणको अवस्था कमजोर हुँदै गएको छ।

**१.५.८ उत्पादन, उत्पादकत्व र आर्थिक उन्नयन**

प्रदेशका तुलनात्मक लाभका क्षेत्रमा उद्योग स्थापना र सञ्चालनमा ल्याउन थप प्रयास भईरहेको तथा साना, घरेलु र लघु उद्योगका लागि औद्योगिकग्राम मार्फत टेवा दिने कार्यक्रम अघि बढाइएको छ। विषयगत मन्त्रालयहरुबाट सञ्चालन भएका कृषि, उद्योग, पूर्वाधार विकास, सीप विकास, उद्यमशीलता, रोजगारमूलक जस्ता कार्यक्रमहरुबाट प्रदेशलाई उत्पादन र आर्थिक उन्नयनका विषयमा टेवा पुगेको छ।

पर्यटन विकासका लागि प्रथम पञ्चवर्षीय योजना र पर्यटन गुरुयोजनामा प्रस्ताव गरिएको सुनौलो त्रिभुज र सुनौलो सिक्रीको अवधारणा अनुरुप रारा साइकल पथ तथा पदमार्ग, फोक्सुण्डोमा रिङ्गो बस्ती विकास, पचाल झरना, पिली, खारा र प्रदेश राजधानीमा शहिद पार्क, पदमार्ग, काँक्रेविहार, बुलबुले, गुँरासे, बडिमालिका, पञ्चकोशी लगायतका स्थानमा केही पर्यटकीय पूर्वाधारका आयोजना अघि बढेका छन्।

अर्गानिक कर्णालीको अभियानअनुरुप प्रदेशले फलफूल, उच्च मूल्यका कृषि उपज, अदुवा, मासु र दुग्धजन्य पदार्थ उत्पादन गरी करिब रु. २.७८ अर्बको अर्गानिक कृषि उपज प्रदेश बाहिर निर्यात गरेको अवस्था छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान आ.व. २०७५/७६ मा ३३.७ प्रतिशत रहेकोमा २०७७/७८ मा ३३.४ प्रतिशत र आ.व. २०८०/८१ मा २९.७ प्रतिशत रहेको छ। कृषि गणना २०७८ का अनुसार प्रदेशको केवल ३० प्रतिशत जनसङ्ख्या कृषिमा आत्मनिर्भर रहेकोले कृषिमा बचत सिर्जना गरी समृद्धि हासिल गर्न यस क्षेत्रमा थप प्रयास गर्नुपर्ने देखिन्छ।

यसैगरी आ.व. २०७५/७६ मा कुल गार्हस्थ्य उत्पादनमा उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः १२.० प्रतिशत र ५४.३ प्रतिशत रहेकोमा आ.व.२०८०/८१ मा ९.५ र ६०.८ प्रतिशत पुगेको छ। प्रथम पञ्चवर्षीय योजनाले निर्धारण गरेको कृषि, उद्योग र सेवा क्षेत्रको लक्ष्य भने क्रमशः २८.४, २८.० र ४३.६ प्रतिशत रहेकोमा विभिन्न कारणले उक्त लक्ष्य हासिल हुन सकेको छैन।

### १.५.९ संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह

सुशासनका क्षेत्रमा प्रदेश सरकारले हेलो मुख्यमन्त्री कार्यक्रममार्फत जनताको गुनासो सुनुवाइ गरी उपयुक्त कामकारवाही गर्ने कार्यलाई निरन्तरता दिएको छ। प्रभावकारी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, ठेक्कापट्टा ढिलाइ विरुद्ध कारवाही, अनियमितता र भ्रष्टाचार विरुद्ध शून्य सहनशीलतामा अझ प्रभावकारी रुपमा अघि बढ्न आवश्यक छ।

डिजिटल कर्णाली कार्यक्रमअन्तर्गत प्रशासनिक सेवा, बजार, शान्ति सुरक्षा, स्वास्थ्य तथा शैक्षिक सेवा, कर्णाली डिजिटल कनक्लेभको आयोजना लगायतका कार्यहरु भएका छन्। यसैगरी प्रदेश राजधानी क्षेत्र र कालिकोटको मान्म खाँडाचक्र लगायतका स्थानमा सि.सि. क्यामरा जडान गरिएको छ। यसका साथै आइ.टि. पार्क स्थापना तथा सञ्चालन, शिक्षा, स्वास्थ्य सेवा, विपद् व्यवस्थापन, उत्पादन र अनुगमनका क्षेत्रमा सूचना प्रविधिको प्रयोग गर्न थप कार्य गर्न आवश्यक रहेको छ।

### १.५.१० विपद् जोखिम व्यवस्थापन

यस प्रदेशमा कोभिड-१९ महामारीले प्रभावित रहेको अवस्था छ। कोभिड-१९ को महामारी व्यवस्थापनमा प्रदेश सरकारले प्रदेश तहका निकाय र स्थानीय सरकार मार्फत करिब ३४ करोड रकम परिचालन गरेको थियो। वि.सं. २०७१ सालको बाढी पीडितको पुन:स्थापनाका लागि करिब ३१ करोड रकम प्रदेश सरकारका तर्फबाट उपलब्ध गराइएको थियो। गत वर्षको बाढी, पहिरो र जाजरकोट केन्द्रबिन्दु रहेको विनासकारी भूकम्पका कारण यस प्रदेशको मानवीय, सामाजिक, आर्थिक र भौतिक पूर्वाधारमा व्यापक क्षति हुन पुगेको छ। भूकम्पबाट ज्यान गुमाउने परिवारले प्रदेश सरकारले सञ्चालन गरेको विमा कार्यक्रमबाट केही राहत प्राप्त गरेको अवस्था छ।

### १.५.११ नीति, योजना तथा सार्वजनिक वित्त

प्रदेश सरकारले प्रथम पञ्चवर्षीय योजना अवधिमा प्रदेश नीति तथा कानुनको तर्जुमा, विकासका संभाव्य क्षेत्र र कार्यक्रम तथा आयोजनाको पहिचान, प्राथमिकीकरण र सञ्चालन गरी विकास निर्माणको क्षेत्रमा सार्थक प्रयास गरेको छ। वित्त व्यवस्थापनका क्षेत्रमा सीमित राजस्व अधिकार तथा सङ्घीय अनुदानमा निर्भरताका बाबजुद समयावधिभित्रै, प्रथम पञ्चवर्षीय योजना, पर्यटन गुरुयोजना लगायत विषय क्षेत्रगत नीति तथा योजना निर्माण र सोको आधारमा नियमित मध्यमकालीन खर्च संरचना तर्जुमा, वार्षिक रुपमा आर्थिक सर्वेक्षण, विषय क्षेत्रगत, सामाजिक र भौगोलिक सन्तुलन लगायत प्राथमिकताका आधारमा वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ।

प्रदेश सरकारले अध्ययन, अनुसन्धान, सूचना तथा तथ्यमा आधारित नीति, योजना तथा कार्यक्रम तर्जुमा र अन्तरसरकार समन्वय तथा साझेदारी र समुदाय समन्वय, सहकार्य र साझेदारीमा वार्षिक कार्ययोजना तयार गरी सो बमोजिम आयोजना तथा कार्यक्रमको कार्यान्वयन र नतिजामूलक अनुगमन तथा मूल्याङ्कन, सिकाइ तथा जवाफदेहिताको अभ्यास गर्दै आएको छ। प्रदेश सरकारले संविधानको अनुसूची- ६ (प्रदेशको अधिकारको सूची), अनुसूची-७ (सङ्घ र प्रदेशको साझा अधिकारको सूची) र अनुसूची-९ (सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची) मा व्यवस्था भएबमोजिम उपलब्ध स्रोतसाधनको उच्चतम उपयोगबाट प्राङ्गारिक कृषि, वन तथा

जडिबुटी, पर्यटन, उद्योग र व्यापार, जलस्रोत तथा ऊर्जा विकासलाई समुन्नतिसँग जोड्ने पहलस्वरुप हरित अर्थतन्त्र निर्माणका लागि योजनाबद्ध रुपमा कार्य गरीरहेको छ ।

विनासकारी भूकम्प, बाढी तथा पहिरो लगायतका विपद्, राजनीतिक अस्थिरता, सङ्घीयताको सुरुवाती अभ्यास, आयोजना तथा कार्यक्रम छनोट र कार्यान्वयनमा भएका कमीकमजोरी, कानुन निर्माणमा भएका ढिलासुस्ती, आधारभूत पूर्वाधारको न्यूनता, महत्वाकाङ्क्षी कार्यक्रम, संस्थागत क्षमता र दक्ष जनशक्तिको कमी लगायतका कारणले प्रथम पञ्चवर्षीय योजना अपेक्षाअनुसार कार्यान्वन हुन सकेको देखिदैन । प्रदेशले हासिल गरेको प्रतिव्यक्ति आम्दानी, केही विकास निर्माण आयोजनाको कार्यान्वयन र आर्थिक- सामाजिक सूचकमा देखिएको सकारात्मक परिवर्तनलाई हेर्दा प्रदेशले कमीकमजोरीबाट सिक्दै दृढ इच्छा शक्तिका साथ "समृद्ध कर्णाली र सुखारी कर्णालीवासी" को सोच साकार पार्न निरन्तर रुपमा थप प्रयास गर्नुपर्ने देखिन्छ ।

प्रथम पञ्चवर्षीय योजनामा प्रस्तुत प्रमुख सूचकको आधार अवस्था, योजनाको लक्ष्य र उपलब्धिको समीक्षा देहायको तालिका १.१ मा संक्षेपीकरण यसरी गरिएको छः-

**तालिका १.२: कर्णाली सोच २१०० सूचकअनुसार प्रथम पञ्चवर्षीय योजनाको उपलब्धि विवरण**

| क्र.सं. | सूचक | एकाइ | २०७५/७६ सम्मको स्थिति | २०८०/८१ सम्मको लक्ष्य | २०७९/८० सम्मको उपलब्धि |
|---|---|---|---|---|---|
| १. | **समृद्धिका सूचक** | | | | |
| १.१ | वार्षिक औसत आर्थिक वृद्धिदर | प्रतिशत | ८.४२ | १४.९ | ३.३२ |
| | कृषि क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ११.३ | १.११ | ०.६० |
| | उद्योग क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ६.१ | ३२.२ | ०.३ |
| | सेवा क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ६.६ | १०.७ | ४.५ |
| १.२ | अर्थतन्त्रमा क्षेत्रगत योगदान | | | | |
| | कृषि | प्रतिशत | ३३.७ | २८.४ | २९.४ |
| | उद्योग | प्रतिशत | १२.० | २८.० | १०.१ |
| | सेवा | प्रतिशत | ५४.३ | ४३.६ | ६०.५ |
| १.३ | प्रतिव्यक्ति आय (अमेरिकी डलर) | डलर | ६०६ | १,१४७ | १०३१ |
| १.४ | निरपेक्ष गरिबीको रेखामनि रहेको जनसङ्ख्या | प्रतिशत | २८.९ | १८ | २६.६९ |
| १.५ | वहुआयामिक गरीविमा रहेको जनसङ्ख्या | प्रतिशत | ५१.२ | २५ | ३९.५ |
| १.६ | उपभोगमा आधारित माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (Palma Ratio) | प्रतिशत | ०.९३ | ०.८९ | ०.४२ |
| १.७ | मानव विकास सूचकाङ्क | मानक | ०.४२७ | ०.५८८ | ०.५३८ |
| १.८ | लैङ्गिक विकास सूचकाङ्क | मानक | - | ०.९३ | ०.९०२ |
| १.९ | उपभोगमा आधारित गिनी गुणक (Gini coefficient) | गुणक | ०.४२ | ०.३९ | ०.२९ |
| १.१० | आधारभूत खानेपानी सुविधा पुगेको घरपरिवार | प्रतिशत | ६८.२ | ९५ | ८८ |
| १.११ | सुरक्षित आवासमा बसोबास गर्ने घरपरिवार (पक्की घर) | प्रतिशत | ६८ | ७५ | ६९ |
| १.१२ | सडक यातायातले जोडिएको स्थानीय तह | सङ्ख्या | ६० | ७९ | ७६ |
| १.१३ | विद्युत् उत्पादन | मेगावाट | ८.२५ | २०० | १६ |
| १.१४ | वर्षभरी सिँचाई हुने खेती गरिएको जमिन | प्रतिशत | १५.५ | ३३.० | १९.०६ |
| १.१५ | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ६७.५ | ९० | ७१ |

| क्र.सं. | सूचक | एकाइ | २०७५/७६ सम्मको स्थिति | २०८०/८१ सम्मको लक्ष्य | २०७९/८० सम्मको उपलब्धि |
|---|---|---|---|---|---|
| १.१६ | इन्टरनेट प्रयोगकर्ता | प्रतिशत | ४० | ६५ | ७४ |
| १.१७ | प्रदेशको कालोपत्रे सडक | कि.मि. | १०.३ | ५०० | १७३.७५ |
| १.१८ | ३० मिनेट सम्मको दुरीमा यातायात सुविधामा पहुँच भएको परिवार | प्रतिशत | - | ७५ | ७६.२ |
| १.१९ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ४३.८ | ६०.० | ४५.५ |
| १.२० | श्रम उत्पादकत्व | रु. हजार | १६१.४ | २४१.३ | ८४.० |
| **२.०** | **सुखारीका सूचक** | | | | |
| २.१ | जन्म हुँदाको अपेक्षित आयु | वर्ष | ६७ | ७० | ७२.५ |
| २.२ | ५ वर्ष मनिको बाल मृत्यूदर (प्रतिहजार जीवित जन्ममा) | जना | ५८ | ३५ | ४६ |
| २.३ | पाँच वर्ष मनिका कम तौल भएका बालबालिका | प्रतिशत | ३५.६ | २० | १८ |
| २.४ | ३० मिनेटसम्मको दुरीमा स्वास्थ्य सेवामा पहुँच रहेका घरपरिवार | प्रतिशत | २३.६ | ६०.० | ४३.१ |
| २.५ | स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ६.५ | ६३.० | २९.२६ |
| २.६ | साक्षरता दर | प्रतिशत | ६६ | ९५ | ७६.१ |
| २.७ | युवा (१५-२४ वर्ष) साक्षरता दर | प्रतिशत | ८२ | ९९ | ९३.८ |
| २.८ | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९३.२ | ९८ | ९५.५ |
| २.९ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ५९.४ | ६५ | ५६.२ |
| २.१० | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | ६.१ | १९ | १८.१ |
| २.११ | वेरोजगारी दर | प्रतिशत | ९.७ | ६ | ७.५ |
| २.१२ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ५ | ४८ | ६०.४ |
| २.१३ | जीवनकालमा शारीरिक यौन हिंसा पीडित महिला | प्रतिशत | १९.१ | ९.४ | ९.४ |
| २.१४ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | २२.५ | ५० | ३१ |
| २.१५ | आफ्नै स्वामित्वको आवासमा वसोवास गर्ने परिवार | प्रतिशत | ९४.४ | ९९ | ९४ |
| २.१६ | सुधारिएको सरसफाइ सुविधा प्राप्त गर्ने परिवार | प्रतिशत | ७७.७ | ८५.० | ९७.०२ |

स्रोतः आर्थिक सर्वेक्षण २०८०/८१, अर्थ मन्त्रालय, कर्णाली प्रदेश आर्थिक सर्वेक्षण २०८०/८१ र २०७९/८०, राष्ट्रिय जनगणना, २०७८, नेपाल जनसाङ्ख्यिक र स्वास्थ्य सर्वेक्षण, २०७८, Nepal Living Standard Survey IV, २०२२/२३, प्रदेश मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, स्वास्थ्य विमा वोर्ड, मानव विकास प्रतिवेदन, सन् २०२०, राष्ट्रिय तथ्याङ्क कार्यालय लगायतका प्रकाशन तथा प्रतिवेदन।

## १.६ दिगो विकास लक्ष्यको उपलब्धि समीक्षा

पहिलो पञ्चवर्षीय योजनाको पहिलो वर्ष आ.व. २०७६/७७ मा दिगो विकास लक्ष्यको आधार अवस्था अध्ययन गरी प्रतिवेदन प्रकाशन गरिएको थियो। सो प्रतिवेदनमा प्रस्तुत आधार अवस्था र पहिलो पञ्चवर्षीय योजनाको लक्ष्यको आधारमा यस प्रदेशको दिगो विकास लक्ष्यको समीक्षा देहायअनुसार यसरी रहेको छः

### १.६.१ दिगो विकास लक्ष्य १: गरिबीको अन्त्य

निरपेक्ष गरिबीको रेखामनि रहेको जनसङ्ख्या आधार वर्षमा २८.९ बाट योजनाको अन्त्यसम्ममा १८ प्रतिशतमा झार्ने लक्ष्य लिइएकोमा विविध कारणले गर्दा आ.व. २०७९/८० सम्ममा २६.६९ प्रतिशतमा सीमित हुन पुगेको छ।

### १.६.२ दिगो विकास लक्ष्य २: भोकमरीको अन्त्य

आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका घरपरिवार आधार वर्षको २२.५ प्रतिशतबाट योजनाको अन्त्यसम्ममा ५० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा आ.व. २०७९/८० सम्ममा ३१ प्रतिशत पुगेको छ।

### १.६.३ दिगो विकास लक्ष्य ३: स्वस्थ तथा मर्यादित जीवन

पाँच वर्षमनिका कम तौल भएका बालबालिकाको अनुपात २३.६ बाट २० प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा आ.व. २०७९/८० सम्ममा १८ प्रतिशत पुगेको छ। यसैगरी, स्वास्थ्य विमामा आबद्ध जनसङ्ख्या ६.५ बाट ६३ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा आ.व. २०७९/८० सम्ममा २९.२६ प्रतिशत पुगेको छ। आधारभूत स्वास्थ्य सेवातर्फ ३० मिनेटको दुरीमा स्वास्थ्य सेवामा पहुँच पुगेका परिवार सङ्ख्या २३.६ बाट ६० मा पुऱ्याउने लक्ष्य लिइएकोमा ४३.१ प्रतिशत पुगेको छ।

### १.६.४ दिगो विकास लक्ष्य ४: गुणस्तरीय शिक्षा

साक्षरतादर ६६ बाट ९५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा आ.व. २०७९/८० सम्ममा ७६.१ प्रतिशतमा पुगेको अवस्था छ। यसका साथै आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा खुद भर्नादर ९३.२ बाट ९८ पुऱ्याउने लक्ष्य रहेकोमा आ.व. २०७९/८० सम्ममा ९५.५ प्रतिशत पुगेको छ। गुणस्तरीय शिक्षा प्रबर्द्धनका लागि दलित उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम, छोरी-बुहारी प्राविधिक उच्च शिक्षा कार्यक्रमजस्ता कार्यक्रम सञ्चालन गरीएका थिए ।

### १.६.५ दिगो विकास लक्ष्य ५: लैङ्गिक समानता

जीवनकालमा शारीरिक, मानसिक वा यौन हिँसापीडित महिला अनुपात १९.१ बाट ९.४ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा यो लक्ष्य प्राप्त भएको छ। यसैगरी प्रदेश सरकारको लैङ्गिक रुपले प्रत्यक्ष निर्दिष्ट बजेटको अंश आ.व. २०८०/८१ मा ५३.६ प्रतिशत पुगेको छ। लैङ्गिक समानता तथा संरचनागत रुपान्तरणका लागि महिला जनप्रतिनिधि नेतृत्व विकास कार्यक्रम, छोरी सुरक्षा बैंक खाता, लैङ्गिक हिँसा न्यूनीकरण, हानिकारक अभ्यास न्यूनीकरण कार्यक्रम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक सशक्तीकरण तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरीएका छन् ।

### १.६.६ दिगो विकास लक्ष्य ६: दिगो सफा पानी तथा सरसफाइ सेवा

प्रथम पञ्चवर्षीय योजनाले आधारभूत खानेपानी सुविधा पुगेको परिवार ६८.२ बाट ९५ प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा आ.व. २०७९/८० सम्ममा ८८ प्रतिशत परिवारमा सो सुविधा पुगेको छ भने स्वच्छ पिउने पानीको पहुँच ४ प्रतिशत जनसङ्ख्यामा मात्रै सीमित रहेको छ। यसैगरी सुधारिएको सरसफाइ सुविधा प्राप्त गर्ने घरपरिवार ७७.७ बाट ८५ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएकोमा ९७.०२ प्रतिशत घरपरिवारमा सुधारिएको शौचालय सुविधाको पहुँच पुगेको छ।

### १.६.७ दिगो विकास लक्ष्य ७: किफायती, दिगो तथा आधुनिक ऊर्जामा पहुँच

प्रथम पञ्चवर्षीय योजनामा विद्युत्मा पहुँच प्राप्त घरपरिवार ६७.५ बाट ९० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा जनगणना २०७८ अनुसार बत्ती बाल्न विद्युत् प्रयोग गर्ने घरपरिवार ४९.६ प्रतिशत र सोलार वा सौर्य ऊर्जा प्रयोग

गर्ने घरपरिवार ४७.९ प्रतिशत रहेको छ । राष्ट्रिय विद्युत् प्रसारण लाइनको विद्युत्मा पहुँच उपलब्ध घरपरिवार ४३.८७ प्रतिशत रहेको छ ।

### १.६.८ दिगो विकास लक्ष्य ८: समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम

योजना अवधिमा बेरोजगारी दर ९.७ प्रतिशतबाट ६ प्रतिशतमा झार्ने लक्ष्य लिएकोमा आ.व. २०७९/८० सम्ममा ७.५ प्रतिशत रहेको छ । साथै औसत आर्थिक वृद्धिदर ५.७ प्रतिशतबाट १४.९ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएकोमा विगत पाँच वर्षको औसत वृद्धिदर ३.३२ प्रतिशत छ । उत्पादन रोजगारी प्रबर्द्धनका लागि मुख्यमन्त्री रोजगार कार्यक्रम, औद्योगिक पूर्वाधार विकास कार्यक्रम, सडक निर्माण तथा सुधार, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन भई ६३ लाख ३० हजार जना-दिन बराबरको रोजगारी सिर्जना भएको छ ।

### १.६.९ दिगो विकास लक्ष्य ९: उद्योग, नवीन खोज र पूर्वाधार

यातायात सुविधामा पहुँचको प्रगति विश्लेषण गर्दा ३० मिनेटको दुरीमा सडक यातायातमा पहुँच पुगेको घरपरिवार ४७.५ प्रतिशतबाट ७५ प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा आ.व. २०७९/८० मा ७६.२ प्रतिशत पुगेको छ । यसैगरी सडक घनत्व ०.४० कि.मि. प्रतिवर्ग कि.मि. पुऱ्याउने लक्ष्य लिएकोमा आ.व. २०७९/८० सम्ममा ०.३० कि.मि. पुगेको छ ।

### १.६.१० दिगो विकास लक्ष्य १०: असमानता न्यूनीकरण

उपभोगमा आधारित माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (Palma Ratio) घरायसी उपभोग वा खर्चका आधारमा आ.व. २०७९/८० मा ०.४२ पुगेको छ । त्यसैगरी खर्चमा आधारित गिनी गुणक गत आर्थिक वर्षको घरायसी खर्चका आधारमा ०.२९ रहेको अवस्था छ ।

### १.६.११ दिगो विकास लक्ष्य ११: दिगो सहर तथा समुदाय

प्रथम पञ्चवर्षीय योजनामा आफ्नै स्वामित्वको आवासमा वसोवास गर्ने घरपरिवार ९४.४ बाट ९९ प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा आ.व. २०८०/८१ सम्म ९५ प्रतिशत पुगेको छ । यसैगरी सुरक्षित आवासमा बसोबास गर्ने जनसङ्ख्याको अनुपात ६८ बाट ७५ प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा आ.व. २०८०/८१ सम्म ७८.२ प्रतिशत पुगेको छ ।

### १.६.१२ दिगो विकास लक्ष्य १२: जिम्मेवार उपयोग र उत्पादन

कृषियोग्य भूमिमध्ये कृषि कार्यमा उपयोग भएको भूमि ७२.५ बाट ७५.६ प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा २०७९/८० सम्म ६१.२२ प्रतिशतमा कायम भएको छ । साथै प्रदेश भ्रमण गर्ने विदेशी पर्यटकको सङ्ख्या आ.व. २०७९/८० मा ८०७ जना पुगेको छ ।

### १.६.१३ दिगो विकास लक्ष्य १३: जलवायु कार्य तथा विपद् व्यवस्थापन

जलवायुको असर तथा विपद्बाट हुने वार्षिक क्षति तथा नोक्सानी रु. १० करोड ९६ लाख ४३ हजारबाट ४ करोड ३८ लाख ५७ हजारमा झार्ने लक्ष्य लिएकोमा आ.व. २०७९/८० मा वार्षिक क्षति रु. ६ करोड १४ लाखमा सीमित हुन पुगेको छ । यसैगरी विपद् जोखिम व्यवस्थापन गर्नुपर्ने वार्षिक घटना ८३१ बाट घटाएर ३१२ मा झार्ने लक्ष्य राखिएकोमा आ.व. २०७९/८० सम्म वार्षिक १७६ कायम भएको छ ।

### १.६.१४ दिगो विकास लक्ष्य १५: वन, जलाधार तथा जैविक विविधता संरक्षण

वनले ढाकेको क्षेत्रफल ३८.५७ बाट ४२ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएकोमा आ.व. २०८०/८१ सम्ममा ४० प्रतिशत पुगेको छ । यसैगरी यस प्रदेशमा २ लाख १० हजार ४७६ घरपरिवार समुदायमा आधारित वन व्यवस्थापनमा आबद्ध रही वनको संरक्षण, सम्बर्धन, व्यवस्थापन र सदुपयोगबाट लाभान्वित भएका छन् ।

### १.६.१५ दिगो विकास लक्ष्य १६: शान्ति, न्याय तथा सशक्त संस्था

प्रदेश सरकारका नीति, योजना, कार्यक्रम तथा सेवा प्रवाहका सम्बन्धमा नागरिक सन्तुष्टिको दर २२.६ बाट बढाएर ४५ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएकोमा २०७९/८० सम्म ३७.७ प्रतिशत पुगेको छ । प्रदेश तहमा सरकार सञ्चालन, सेवाप्रवाह तथा विकास निर्माणका लागि सँगठन व्यवस्थापन सर्वेक्षण, प्रदेश लोकसेवा आयोग र योजना आयोग, मुख्य न्यायधिवक्ताको कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश मन्त्रालय, निर्देशनालय तथा कार्यालय स्थापना तथा सञ्चालन, नीति, कानुन, कार्यविधि मापदण्ड तर्जुमा तथा परिमार्जन कार्य भएका छन् ।

### १.६.१६ दिगो विकास लक्ष्य १७: दिगो विकास लक्ष्य प्राप्तिका लागि साझेदारी

दिगो विकास लक्ष्य प्राप्तिको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट विभिन्न कार्यक्रमहरु सञ्चालन भएका छन् । यसका साथै विभिन्न विकास साझेदारहरु, गैरसरकारी संस्थाहरु, सरकारी संस्थाहरु र निजीक्षेत्रबाट समेत दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोग पुग्नेगरी साझेदारी भएको देखिन्छ ।

परिच्छेद २

# कर्णाली विकासको मार्गचित्र


२.१ पृष्ठभूमि १६

२.२ विकासका प्रमुख संभावना तथा अवसर १७

२.३ विकासका मुख्य सवाल तथा चुनौती १७

२.४ कर्णाली सोच २१०० १८

२.५ कर्णाली विकास मोडेल २०

२.६ दोस्रो पञ्चवर्षीय योजनाको रुपरेखा २३

२.७ दिगो विकास लक्ष्यसँगको आबद्धता २५

२.८ सोह्रौ योजनासँगको आबद्धता २५

२.९ प्रदेशको समष्टिगत परिमाणात्मक लक्ष्य २६

२.१० कार्यक्रम कार्यान्वयन तथा लगानी संयन्त्र २७

# परिच्छेद-दुई
# कर्णाली विकासको मार्गचित्र

## २.१ पृष्ठभूमि

नेपालमा योजनाबद्ध विकासक्रम विक्रम संवत् २०१३ देखि पहिलो आवधिक योजना निर्माणसँगै थालनी भएको हो । मुलुकको समुन्नति र योजनाबद्ध विकासको लागि पन्ध्रवटा योजना कार्यान्वयन भईसकेका र सोह्रौ योजना (२०८१/८२-२०८५/८६) कार्यान्वयनको चरणमा छ । योजनाबद्ध विकास प्रयासको करीव सात दशक पुग्नैलाग्दा पनि कर्णालीवासीले विकासको खासै प्रतिफल प्राप्त गर्न नसकेको र विकासका कतिपय सूचकाङ्कमा अरु प्रदेशभन्दा पछाडि रहेको तीतो यथार्थलाई बदल्नु पर्ने आवश्यकता रहेको छ । यसर्थ सुशासन, सामाजिक न्याय र समुन्नति हासिल गर्न समावेशी, सन्तुलित, दिगो तथा योजनाबद्ध विकास र सोका लागि संरचनागत रुपान्तरणलाई तीव्रतर बनाउन अपरिहार्य छ । विगतका नीति, योजना तथा कार्यक्रमको समीक्षा र निष्कर्षबाट प्राप्त मिश्रित उपलब्धिका आधारमा संरचनागत रुपान्तरण र योजनाबद्ध विकासबाट नै समुन्नति र नागरिकका अपेक्षा हासिल हुन सक्ने सिकाइ प्राप्त भएको छ ।

संविधानले निर्दिष्ट गरेको संरचनागत रुपान्तरणको मार्गचित्रमा अघि बढ्न नेपाल सरकारले "समृद्ध नेपालः सुखी नेपाली" को राष्ट्रिय लक्ष्यसहित दीर्घकालीन सोच, २१००, वि.सं. २०८३ (सन् २०२६) सम्म नेपाललाई अति कमविकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ (सन् २०३०) सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकमा पुग्ने महत्त्वकाँक्षी गन्तव्य तय गरेको छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मार्गचित्र बमोजिम प्रदेश संरचना स्थापना पश्चात प्रदेश सरकारले २५ वर्ष (२०७५–२१००) को कर्णाली सोच २१०० सहित प्रदेश विकासको मार्गचित्र प्रस्तुत गर्न प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयन गरीसकेको छ । यसैको निरन्तरता र विकासमा तीव्रता प्रदान गर्न प्रदेशको संरचनागत रुपान्तरण तथा समृद्धि हासिल गर्ने मार्गचित्रको रुपमा आगामी पाँच वर्ष (२०८१/८२-२०८५/८६) अवधिका लागि दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गरिएको छ ।

प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजनाले लिएको *"समृद्ध कर्णाली: सुखारी कर्णालीवासी"* को दीर्घकालीन सोचलाई नै दोस्रो योजनामा पनि निरन्तरता दिइएको छ । यस योजनाले प्रथम पञ्चवर्षीय योजनाका सफल पक्षलाई निरन्तरता दिँदै थप तथा प्रभावकारी रणनीति तथा कार्यक्रम निर्माण गरी दिगो, फराकिलो र तीव्र आर्थिक विकासद्वारा प्रदेशको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरण गर्ने परिकल्पना गरेको छ । यो योजना मूलत: नेपालको संविधानका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, प्रदेशका एकल तथा साझा अधिकार, नेपालको सोह्रौँ योजना, प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको उपलब्धि तथा सिकाइ, प्रदेश सरकारका नीति तथा प्राथमिकता, प्रदेशको संभावना, सामर्थ्य तथा दिगो विकास लक्ष्यसहितका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताबाट निर्देशित रहेको छ । यस योजनाले उत्पादन, रोजगारी तथा आयमा वृद्धि, गुणस्तरीय र वातावरणमैत्री तथा उत्थानशील भौतिक पूर्वाधार निर्माण, गुणस्तरीय तथा व्यावसायिक शिक्षा, स्वास्थ्य, पोषण र खाद्य सुरक्षामा सर्वसुलभ पहुँच, भरपर्दो सामाजिक सुरक्षा, तुलनात्मक लाभका प्राकृतिक स्रोतको सदुपयोग, पर्या-पर्यटनको विकास

र विस्तार तथा दिगो विकास एवम् कर्णालीको अद्वितीय भाषा, संस्कृति, साहित्य र कलाको सम्बर्धन र प्रबर्द्धन गर्ने लगायतका क्षेत्रमा सार्थक योगदान पुऱ्याउने विश्वास गरिएको छ।

### २.२ विकासका प्रमुख संभावना तथा अवसर

यस प्रदेशको आर्थिक समृद्धि, सामाजिक परिवर्तन र विकासका प्रमुख संभावना तथा अवसर देहायअनुसार छन्:

१. अनुपम प्राकृतिक सम्पदा तथा सांस्कृतिक वैभव,
२. बृहत् तथा अद्वितीय भौगोलिक बनौट,
३. विविधतायुक्त हावापानी तथा जलवायु,
४. न्यून जनघनत्व तथा उच्च जनसांख्यिक लाभ,
५. मौलिक तथा समृद्ध भाषा, कला, साहित्य तथा सम्पदाको बाहुल्यता,
६. रैथाने सीप, प्रविधि र प्राङ्गारिक उत्पादनको अभ्यास,
७. बहुमूल्य खनिज सम्पदा र खानीको उपलब्धता,
८. विविधतायुक्त पर्यटकीय गन्तव्य तथा उपज,
९. जल, जङ्गल, जडिबुटी तथा जैविक विविधताको प्रचुरता,
१०. स्थानीय उत्पादन, व्यापार, रोजगारी तथा आर्थिक उन्नयन।

### २.३ विकासका मुख्य सवाल तथा चुनौती

यस प्रदेशको आर्थिक समृद्धि, सामाजिक परिवर्तन र विकासका प्रमुख सवाल र चुनौती देहायअनुसार छन्:

#### २.३.१ प्रमुख सवाल

१. अर्थतन्त्र निर्वाहमुखी र परनिर्भर हुनु,
२. गुणस्तरीय, व्यावसायिक र सीपयुक्त मानवपुँजी निर्माणमा कमी हुनु,
३. गुणस्तरीय र सुरक्षित सडक पूर्वाधारको कमी हुनु,
४. बहुआयामिक गरिबी र आयमा आधारित निरपेक्ष गरिबी उच्च हुनु,
५. युवा तथा बौद्धिक पलायन हुनु,
६. राजस्वको आधार कमजोर तथा आन्तरिक राजस्व न्यून हुनु,
७. पूर्वाधार, सेवा, सुविधामा पहुँच न्यून हुनु,
८. विकास व्यवस्थापन र सुशासन कमजोर हुनु,
९. सार्वजनिक सेवा प्रवाह, संरचना र लगानी सबल, प्रतिष्पर्धी, पारदर्शी र जनमैत्री नहुनु,
१०. जलवायु परिवर्तनको असर र भूकम्पीय जोखिम लगायत विपद जोखिम कायम रहनु,
११. भूकम्प, बाढिपहिरो लगायत अन्य विपदको क्षतिको पुनःनिर्माण र पुनर्लाभ समयमै हुन नसक्नु,
१२. बढ्दो सहरीकरण र अवस्थित बसोबास ।

### २.३.२ प्रमुख चुनौती

१. तुलनात्मक लाभमा आधारित उत्पादनमूलक र निर्यातमूलक अर्थतन्त्रको विकास गर्नु,
२. गुणस्तरीय, उत्पादनमूलक, सीपयुक्त मानवपुँजी निर्माण गर्नु,
३. गुणस्तरीय तथा व्यावसायिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु,
४. सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नु,
५. उत्तर दक्षिण नदी करिडोर आधारित स्तरीय सडक मार्गको विस्तार गर्नु,
६. सबै स्थानीय तह र वडा केन्द्रसम्म गुणस्तरीय र सुरक्षित सडक पूर्वाधार सञ्जालको विस्तार गर्नु,
७. औधोगिक उत्पादन र पर्यटन विकासको गतिलाई तीव्रता प्रदान गर्नु,
८. कर्णालीको भौगौलिक विशिष्टताअनुसार हवाइ, विद्युत् तथा जलमा आधारित वैकल्पिक यातायात प्रणालीको विकास र विस्तार गर्नु,
९. रोजगारी, उद्यमशीलता विकास र विस्तार गरी गरिबी न्यूनीकरण गर्नु,
१०. दिगो विकास लक्ष्य हासिल गर्नु,
११. राजस्व परिचालन क्षमता अभिवृद्धि गर्नु,
१२. ऊर्जा, अर्गानिक कृषि र पर्यटन जस्ता तुलनात्मक लाभका क्षेत्रमा लगानीमैत्री वातावरण तयार गर्नु,
१३. सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापनमा जवाफदेहिता, पारदर्शिता र सुशासन सुनिश्चित गर्नु,
१४. उत्पादनमूलक क्षेत्रमा निजी क्षेत्रको लगानी प्रोत्साहन गर्दै गुणस्तरीय र दिगो रोजगारी सिर्जना गर्नु,
१५. जलवायु परिवर्तन र भूकम्पीय जोखिम संवेदनशील भू-उपयोग योजना लागु गरी विपद् उत्थानशील र हरित अर्थतन्त्रको प्रबर्द्धन गर्नु,
१६. २०८० सालको जाजरकोट र रुकुम पश्चिम जिल्लामा गएको भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको पुनःनिर्माण र पुनर्लाभ कार्यक्रम समयमै सम्पन्न गर्नु।

## २.४ कर्णाली सोच-२१००

"कर्णाली सोच-२१००" को सफल कार्यान्वयनको प्रतिबद्धता र निरन्तरता प्रदान गर्दै प्रदेश सरकारले दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गरेको छ। "कर्णाली सोच-२१००" मा प्रस्तुत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहायअनुसार रहेका छन्:

### २.४.१ दीर्घकालीन सोच :

"समृद्ध कर्णालीः सुखारी कर्णालीवासी"

कर्णाली प्रदेशलाई वि.सं. २१०० सम्म उच्च आर्थिक वृद्धिसहितको आधारभूत भौतिक सुविधा भएको, सबैलाई सम्मानजनक रोजगारीसहित सुरक्षित र स्वच्छ वातावरणमा बसोबास गर्ने सुखी नागरिकको प्रदेशका रुपमा विकास गर्ने सोच रहेको छ।

### २.४.२ दीर्घकालीन लक्ष्य

सामाजिक न्यायमा आधारित समावेशी, सन्तुलित र दिगो विकास गर्दै तीव्र आर्थिक वृद्धिदर हासिल गरी समृद्ध कर्णाली र सुखारी कर्णालीवासीको दीर्घकालीन सोचलाई व्यवहारमा उतार्ने दीर्घकालीन लक्ष्य रहेको छ। यसका लागि समृद्धि र सुखारीका देहायबमोजिमका लक्ष्यहरु निर्धारण गरिएको छ।

**तालिका २.१: दीर्घकालीन लक्ष्य**

| समृद्धि | सुखारी |
|---|---|
| १. संभाव्य आर्थिक क्षेत्रको पहिचान र परिचालन | १. आधारभूत आवश्यकता परिपूर्तिका लागि न्यायपूर्ण वितरण |
| २. सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आबद्धता | २. परिष्कृत तथा मर्यादित जीवन |
| ३. मानव पुँजी  निर्माण तथा संभावनाको पूर्ण उपयोग | ३. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज |
| ४. हरित अर्थतन्त्रमा आधारित उच्च तथा दिगो उत्पादन र उत्पादकत्व | ४. स्वस्थ र सन्तुलित पर्यावरण |
| ५. उच्च र समतामूलक प्रदेश आय | ५. सुशासन |
| | ६. सबल लोकतन्त्र |
| | ७. एकता, राष्ट्रिय एकता, सुरक्षा र सम्मान |

### २.४.३ दीर्घकालीन उद्देश्य

आधारभूत पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारमा विशेष उपलब्धि हासिल गर्दै तीव्र आर्थिक-सामाजिक विकास गर्ने।

### २.४.४ दीर्घकालीन रणनीति

नेपाल सरकारबाट निर्धारण भएका समृद्धिका ११ र सुखका २३ गन्तव्य सूचकको आधारमा कर्णाली प्रदेशका आफ्नै मौलिक विशेषतासहित समृद्ध कर्णालीः सुखारी कर्णालीवासी बनाउने सोचलाई सार्वजनिक, निजी, सहकारी, सामुदायिक क्षेत्र तथा विकास साझेदारसँग लगानी र सहकार्य बढाएर पूरा गर्ने रणनीति अपनाइएको छ। यस दीर्घकालीन रणनीतिलाई देहायबमोजिम तीन चरणमा पाँचवटा पञ्चवर्षीय योजना मार्फत् २५ वर्षमा पूरा गर्ने योजना रहेको छ।

**तालिका नं. २.२: प्रदेशको दीर्घकालीन रणनीति**

| चरण | योजना | अवधि | प्रदेश गन्तव्य | राष्ट्रिय गन्तव्य |
|---|---|---|---|---|
| पहिलो | प्रथम पञ्चवर्षीय योजनाः २०७६/७७-२०८०/८१ | ५ वर्ष | शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारका लागि पूर्वाधार | समृद्धि र सुखको सिर्जना |
| दोस्रो | दोस्रो पञ्चवर्षीय योजनाः २०८१/८२-२०८५/८६<br>तेस्रो पञ्चवर्षीय योजनाः २०८६/८७ -२०९०/९१ | १० वर्ष | विकासमा तीव्रता, समृद्धिमा अग्रता | समृद्धि र सुखको तीव्रता |
| तेस्रो | चौथो पञ्चवर्षीय योजनाः २०९१/९२-२०९५/९६<br>पाँचौ पञ्चवर्षीय योजनाः २०९६/९७-२१००/०१ | १० वर्ष | समृद्ध कर्णाली, सुखारी कर्णालीवासी | समृद्धि र दिगोपना |

उपरोक्त गन्तव्यमा पुग्नका लागि देहायानुसारको रणनीति अपनाइएको छ:

१. दिगो विकासका लक्ष्य हासिल गर्न शासकीय प्रबन्ध गर्ने,

२. दिगो र भरपर्दो भौतिक पूर्वाधार विकास गर्ने,

३. गुणस्तरीय र सर्वसुलभ शिक्षा र स्वास्थ्य सेवा सुनिश्चित गर्ने,

४. हरित अर्थतन्त्रमा आधारित उत्पादन र उत्पादकत्व वृद्धि तथा औद्योगिकीकरण गर्ने,

५. मानवस्रोत तथा प्राकृतिक सम्पदा (जल, जंगल, जमिन, जडीबुटी) को संरक्षण र उपयुक्त परिचालन गर्ने,

६. सार्वजनिक सेवा प्रवाह प्रणाली सुदृढीकरण गर्ने।

## २.५ कर्णाली विकास मोडेल (Karnali Development Model)

संविधानको परिकल्पना, कर्णाली प्रदेशवासीको चाहना तथा आवश्यकता, विकासका विश्वव्यापी नवीनतम् ज्ञान तथा अनुभव, प्राकृतिक र सांस्कृतिक स्रोत तथा मानव संशाधन लगायत कर्णाली प्रदेशका विकासका संभावना तथा अवसरको अधिकतम् उपयोग गर्दै विद्यमान चुनौती सामना गर्न सफल हुने अपेक्षाका साथ कर्णाली विकासको ढाँचा (मोडेल) प्रस्ताव गरिएको छ।

प्रस्तुत ढाँचामा यस योजनाको सफल कार्यान्वयन मार्फत कर्णालीको अर्थतन्त्र, असल शासन पद्धति र सामाजिक न्याय क्षेत्रको सुदृढीकरण हुन गई सन् २१०० को "समृद्ध कर्णाली, सुखारी कर्णालीवासी" को सोच हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। त्यसका लागि योजनाले उत्पादनशील र रोजगारमूलक अर्थतन्त्र, नवप्रवर्तन, प्रविधि तथा मानवपुँजी, सामाजिक न्याय र सुशासन तथा समाजवाद उन्मुख समुन्नत कर्णाली निर्माणका लागि प्रमुख रणनीतिक गन्तव्य तय गरेको र उल्लेखित रणनीतिक गन्तव्यमा रुपान्तरित हुने गरी पूर्वाधार तथा अन्तर-आबद्धता, नवप्रवर्तन, उत्पादन र रोजगारी, उद्योग, पर्यटन तथा वातावरण, मानवपूँजी तथा सामाजिक विकास र डिजिटल प्रविधि तथा सुशासन सहितका विकास प्राथमिकताका क्षेत्रका साथै सुदृढ प्रादेशिक अर्थतन्त्र र प्रतिस्पर्धी क्षमता, जलवायुमैत्री, व्यावसायिक तथा प्राङ्गारिक कृषि, बजारमुखी तथा स्वच्छ उत्पादन र दिगो पर्यटन लगायत चित्र २.१ मा प्रस्तुत गरीएअनुसारका १३ विषय क्षेत्रगत रणनीतिक स्तम्भलाई अंगिकार गरेको छ।

सरकारको असल शासकीय अभ्यास तथा पहलकदमी, समुदाय, निजी क्षेत्र र विकास साझेदारसँगको सहकार्य तथा साझेदारीमा प्रदेशले पहिचान गरेका विकासका क्षेत्रमा सहभागिता र लगानीको सकारात्मक वातावरण तयार भई विकास निर्माणले तीव्रता प्राप्त गर्ने अपेक्षा गरिएको छ। यसका लागि सरकारले समुदायको समावेशिता, सशक्तीकरण र सहकार्य सहित निजी क्षेत्र र विकास साझेदारमैत्री वातावरण निर्माण गर्नेछ। यसरी आवश्यक पूर्वाधार सहित विकास साझेदारलाई सहजीकरण र प्रोत्साहन मार्फत उत्पादनशील पूर्वाधार विकास गर्दै उत्पादनमा वृद्धि, सम्मानित रोजगारीको सिर्जना र उद्यमशीलताको विकास हुन गई समाजको आर्थिक, सामाजिक रुपान्तरण, सामाजिक न्याय र दिगो विकास लक्ष्य हाँसिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

प्रदेशका विभिन्न आर्थिक वृद्धिकेन्द्रलाई ध्यान दिई भौतिक पूर्वाधार (यातायात, बस्ती तथा सहरी विकास, जलस्रोत तथा ऊर्जा, सिँचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन, खानेपानी तथा सरसफाइ र सूचना तथा सञ्चार प्रविधि विकास आदि) र सामाजिक पूर्वाधार (शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, समावेशिता आदि) मा सहजीकरण गरी सरकारले लगानीको वातावरण निर्माण गर्नेछ। यसले भौतिक पूर्वाधार र मानव संशाधन विकास मार्फत जनताको

आवश्यकता र प्राथमिकतानुसार तीव्र आर्थिक विकासको आधार तयार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसबाट एकातर्फ जलस्रोत, वनजङ्गल, भूमि, जडीबुटी, जनता आदि संशाधनको तुलनात्मक लाभका क्षेत्रमा लगानी थप आकर्षित हुने र अर्को तर्फ उद्योग, पर्यटन, अर्गानिक तथा व्यावसायिक उच्च मूल्य कृषिबालीवस्तु, जलविद्युत्, खानी र खनिज क्षेत्रमा उद्यम र व्यावसाय विकास भई दिगो आर्थिक वृद्धि हाँसिल हुनेछ ।

सामाजिक पूर्वाधार विकासमा भएको लगानी र तुलनात्मक लाभका क्षेत्रमा भएको आर्थिक वृद्धिले शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, उद्योग तथा सेवा क्षेत्र, सामाजिक सुरक्षा, खाद्य सुरक्षा र पोषणमा लगानी वृद्धि हुने र परिणामस्वरुप सामाजिक तथा मानवीय विकासमा उल्लेख्य प्रगति हुने अपेक्षा गरिएको छ ।

## चित्र २.१: कर्णाली विकास मोडेल

**समृद्ध कर्णाली: सुखारी कर्णालीवासी**

**सुदृढ अर्थतन्त्र, सुशासन, सामाजिक न्याय र समृद्धि**

### रणनीतिक गन्तव्य

१. उत्पादनशील र रोजगारमूलक अर्थतन्त्र निर्माण,
२. नवप्रवर्तन, प्रविधि तथा मानवपुँजी निर्माण,
३. सामाजिक न्याय र सुशासन,
४. समाजवाद उन्मुख समुन्नत कर्णाली।

### रणनीतिक स्तम्भ

१. सुदृढ प्रादेशिक अर्थतन्त्र र प्रतिस्पर्धी क्षमता,
२. जलवायुमैत्री, व्यावसायिक तथा प्राङ्गारिक कृषि,
३. बजारमुखी तथा स्वच्छ उत्पादन र दिगो पर्यटन,
४. मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा मानवीय क्षमता,
५. सर्वसुलभ स्वास्थ्य र पोषण सेवा तथा जनसांख्यिक लाभ,
६. शिक्षित, सिर्जनशील एवम् सुसंस्कृत मानव पुँजी निर्माण,
७. उत्थानशील तथा दिगो पूर्वाधार र अन्तरआबद्धता,
८. जलस्रोत, स्वच्छ ऊर्जा, खानेपानी तथा सरसफाइ व्यवस्थापन,
९. व्यवस्थित वन, जैविक विविधता र जलाधार,
१०. सन्तुलित वातावरण र विपद् तथा जलवायु उत्थानशीलता,
११. महिला तथा लक्षित वर्ग सशक्तीकरण र संरचनागत रूपान्तरण,
१२. सुशासन, सेवा प्रवाह तथा अन्तरसम्बन्ध,
१३. सुसूचित प्रदेश नीति, योजना र विकास व्यवस्थापन।

### विकासका प्राथमिकता

१. पूर्वाधार तथा अन्तरआबद्धता,
२. नवप्रवर्तन, उत्पादन र रोजगारी,
३. उद्योग, पर्यटन तथा वातावरण,
४. मानव पुँजी तथा सामाजिक विकास,
५. डिजिटल प्रविधि तथा सुशासन।

### विकासका साझेदार

१. **सरकार** (सुशासन, लगानी, नीति, कानुन र संरचनागत सुधार)
२. **समुदाय तथा सहकारी** (बजार, सहभागिता, पैरवी)
३. **निजी क्षेत्र** (नवप्रवर्तन, लगानी र साझेदारी)
४. **विकास साझेदार** (लगानी, समन्वय, सहकार्य र साझेदारी)

### प्रमुख संभावना तथा अवसर

१. अनुपम प्राकृतिक सम्पदा तथा सांस्कृतिक वैभव,
२. वृहत तथा अद्वितीय भौगोलिक बनोट,
३. रैथाने सिप, प्रविधि, उत्पादन र प्राङ्गारिक अभ्यास,
४. बहुमूल्य खनिज सम्पदा र खानी,
५. अनुपम तथा विविधतायुक्त पर्यटकीय गन्तव्य,
६. विविधतायुक्त हावापानी तथा वातावरण,
७. न्यून जनघनत्व तथा उच्च जनसांख्यिक लाभ,
८. मौलिक भाषा, कला र साहित्यको बाहुल्यता,
९. प्राकृतिक सम्पदा तथा जैविक विविधताको प्रचुरता,
१०. उत्पादन, रोजगार, व्यापार तथा आर्थिक उन्नयन।

### प्रमुख सवाल तथा चुनौती

१. निर्वाहमुखी र परनिर्भर अर्थतन्त्र,
२. गुणस्तरीय, व्यावसायिक र सिपयुक्त मानवपुँजीको कमी,
३. गुणस्तरीय र सुरक्षित तथा यातायात पूर्वाधारको कमी,
४. उच्च बहुआयामिक र आयमा आधारित निरपेक्ष गरिबी,
५. युवा तथा बौद्धिक पलायन,
६. राजस्व आधार र आन्तरिक राजश्वमा न्यूनता,
७. पूर्वाधार, सेवा, सुविधामा न्यून पहुँच,
८. कमजोर विकास व्यवस्थापन र शासन,
९. सार्वजनिक सेवा प्रवाह, संरचना र लगानी,
१०. उच्च जलवायु परिवर्तनको असर र विपद जोखिम,
११. कमजोर क्षमता र सुस्त पुन:निर्माण र पुनर्लाभ,
१२. न्यून उत्पादन, रोजगारी, उद्योग र उच्च गरिबी।

## २.६ दोस्रो पञ्चवर्षीय योजनाको रुपरेखा

### २.६.१ सोच

नेपालको दीर्घकालीन सोच "समृद्ध नेपालःसुखी नेपाली", प्रदेशको दीर्घकालीन सोच "समृद्ध कर्णालीःसुखारी कर्णालीवासी" र सोह्रौं योजनाको सोचलाई समेत दृष्टिगत गरी दोस्रो पञ्चवर्षीय आवधिक योजनाको सोच देहायअनुसारको तय गरिएको छ :

**सुशासन, सामाजिक न्याय र समृद्ध कर्णाली**

### २.६.२ लक्ष्य

नवप्रवर्तन, प्रविधि तथा मानवपुँजी प्रबर्द्धन, उत्पादनशील र रोजगारमूलक अर्थतन्त्र निर्माण, सामाजिक न्याय र सुशासन मार्फत समाजवाद उन्मुख समुन्नत कर्णाली निर्माण गर्ने।

### २.६.३ उद्देश्य

यस योजनाबाट देहायअनुसारका उद्देश्य हासिल हुने अपेक्षा रहेको छः-

१. उत्पादन, रोजगारी र आय वृद्धि तथा गरिबी न्यूनीकरण गर्नु,
२. सहज तथा सर्वसुलभ पहुँच र सघन आबद्धता कायम गर्नु,
३. सिर्जनशील, सम्मानित तथा न्यायपूर्ण समाज प्रबर्द्धन गर्नु,
४. सुशासन प्रबर्द्धन तथा विकासको प्रतिफल जनतासामु पुऱ्याउनु।

यस दोस्रो पञ्चवर्षीय योजनामा समावेश भएका प्रदेश विकास तथा संरचनागत रुपान्तरणका क्षेत्रका उद्देश्य सम्बन्धित परिच्छेदमा उल्लेख गरीएका छन्।

### २.६.४ प्रदेश विकासका प्राथमिकता

समृद्ध प्रदेश निर्माणका लागि योजनाको सोच उन्मुख समष्टिगत लक्ष्य तथा उद्देश्य, प्रदेश विकास तथा संरचनागत रुपान्तरणका क्षेत्र पहिचान गरी सोको विद्यमान अवस्था, सवाल तथा चुनौती, रुपान्तरणकारी रणनीति, प्रमुख कार्यक्रम तथा परिमाणात्मक लक्ष्य प्रस्तुत गरीएको छ। प्रदेश विकास तथा संरचनागत रुपान्तरणका लागि प्रदेशको संभावना तथा अवसर, अधिकार क्षेत्र, सामर्थ्य, सवाल तथा चुनौतीसमेतका आधारमा योजनाका प्राथमिकता देहायअनुसार रहेका छन्:

१. पूर्वाधार तथा अन्तर-आबद्धता,
२. नवप्रवर्तन, उत्पादन र रोजगारी,
३. उद्योग, पर्यटन, वन तथा वातावरण,
४. मानव पुँजी तथा सामाजिक विकास,
५. डिजिटल कर्णाली तथा सुशासन ।

### २.६.५ समष्टिगत रणनीति

यस योजनाले नेपालको सोह्रौं योजनाको अपेक्षा र संरचनात्मक रुपान्तरणको उद्देश्यलाई सघाउ पुऱ्याउन तथा प्रदेशका तुलनात्मक लाभ र विशिष्ट सवाल पहिचान सहित संरचनात्मक रुपान्तरण तथा विकासको मार्गचित्र तयार गरेको छ । प्रदेश अर्थतन्त्रको सुदृढीकरण, वित्तीय सुशासन, राजस्व तथा स्रोत परिचालनमा सुधार र लगानी प्रबर्द्धन, सहज पहुँच तथा पूर्वाधार विकास र अन्तर-आबद्धता, गरिबी न्यूनीकरण र सामाजिक न्याय, शैक्षिक तथा स्वास्थ्य सेवामा सुधार, उत्पादन उत्पादकत्व र रोजगारी प्रबर्द्धन, वातावरणीय सन्तुलन, विपद् जोखिम व्यवस्थापन तथा जलवायु उत्थानशीलता, सुशासन र सेवा प्रवाह लगायत प्रदेश विकास तथा संरचनात्मक रुपान्तरण गर्ने यस योजनाको मुख्य रणनीति रहेको छ । यस योजनाको विशिष्ट रणनीतिहरु देहायअनुसार रहेका छन्:

१. प्रदेशका तुलानात्मक तथा प्रतिष्पर्धी लाभका जल, जङ्गल, जमीन र जडीबुटीको व्यावसायीकरण, उत्पादन तथा उत्पादकत्व वृद्धि, उद्यमशीलता विकास, रोजगारी सिर्जना तथा लगानी वृद्धि गर्ने,

२. धार्मिक तथा पर्यापर्यटन, प्राङ्गारिक र रैथाने तथा उच्च मूल्यका कृषिजन्यबाली, पशुपन्छी तथा मत्स्य, खनिज तथा उद्योग, पूर्वाधार तथा अन्तर-आबद्धता लगायत प्रदेश विकास रणनीतिक महत्त्वका क्षेत्र एवम् सडक करिडोर, विमानस्थल, ऊर्जा, रत्न पत्थर, खनिज र खानी उद्योगसम्बन्धी आयोजनामा लगानी र कार्यान्वयनको वातावरण निर्माण गर्ने,

३. धार्मिक, सांस्कृतिक तथा पर्यापर्यटनको अवधारणा अनुरुप कर्णाली प्रदेशको अथाह पर्यटकीय संभावनालाई उपयोग गर्ने,

४. भूकम्प प्रतिरोधी घर तथा सार्वजनिक संरचना निर्माण, एकीकृत बस्ती विकास, जीविकोपार्जन, उद्यम व्यवसाय र रोजगारी सिर्जनाको शीघ्र प्रक्रियाद्वारा जाजरकोट र रुकुम पश्चिम जिल्लामा भूकम्प पश्चातको पुन:निर्माण, पुनर्स्थापना र पुनर्लाभ प्राप्त गर्ने,

५. प्रदेश तथा स्थानीय तहको आन्तरिक राजस्व वृद्धिका लागि प्राकृतिक स्रोतसाधनको परिचालन, उत्पादन तथा रोजगारमूलक व्यावसायिक क्षेत्रको प्रर्बद्वन गर्ने,

६. डिजिटल कर्णालीको अभियानलाई सकारात्मक रुपान्तरण, उत्पादन वृद्धि र सुशासन, शिक्षा र स्वास्थ्य लगायत सेवा प्रवाहसँग आबद्ध गर्ने,

७. सामाजिक, राजनीतिक, प्रशासनिक र न्याय सम्पादनका साथै आर्थिक गतिविधिमा हुने भ्रष्टचारमा शून्य सहनशीलता, सार्वजनिक जवाफदेहिता, पारदर्शीता र सुशासन्लाई अभियानका रुपमा अघि बढाउने,

८. नीति निर्माण, योजना तर्जुमा, सेवा प्रवाह तथा विकास प्रक्रियामा महिला, बालबालिका, किशोर किशोरी, युवा युवती, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न, आदिवासी जनजाति, लोपोन्मुख समुदाय, धार्मिक र यौनिक तथा लैङ्गिक अल्पसंख्यक लगायत सीमान्तकृत वर्ग, जाति तथा समुदायको सहभागिता र अपनत्व सुनिश्चित गर्ने,

९. प्रदेशको समग्र विकासका लागि तहगत सरकार, विकास साझेदार, सहकारी, नीजि क्षेत्र, समुदायबिच समन्वय, साझेदारी तथा सहकार्य सुदृढ बनाउने ।

रुपान्तरणका विषय क्षेत्रगत रणनीतिहरु सम्बन्धित परिच्छेदमा नैं उल्लेख गरिएका छन् ।

### २.६.६ प्रदेश विकास तथा संरचनागत रुपान्तरणका क्षेत्र तथा लक्ष्य

दोस्रो पञ्चवर्षीय योजनाको सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा समष्टिगत रणनीति अनुसार प्रदेश विकास तथा संरचनागत विषय क्षेत्र तथा तदनुरुप क्षेत्रगत लक्ष्य देहायअनुसार तयार पारीएका छन् :

| विषय क्षेत्र | क्षेत्रगत लक्ष्य |
|---|---|
| कृषि, भूमि व्यवस्था तथा सहकारी | जलवायुमैत्री, व्यावसायिक तथा प्राङ्गारिक कृषि प्रबर्द्धन गर्ने |
| खनिज, उद्योग वाणिज्य र पर्यटन | बजारमुखी तथा स्वच्छ उत्पादन र दिगो पर्यटन प्रबर्द्धन गर्ने |
| श्रम, सामाजिक सुरक्षा र गरिबी निवारण | मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा मानवीय क्षमता अभिवृद्धि गर्ने |
| स्वास्थ्य, पोषण र जनसङ्ख्या | सर्वसुलभ स्वास्थ्य र पोषण सेवा तथा जनसांख्यिक लाभको उपयोग गर्ने |
| शिक्षा, विज्ञान प्रविधि र मानव पुँजी | शिक्षित, सिर्जनशील एवम् सुसंस्कृत मानव पुँजी निर्माण गर्ने |
| उत्थानशील पूर्वाधार र अन्तर-आबद्धता | उत्थानशील तथा दिगो पूर्वाधार र अन्तर-आबद्धता अभिवृद्धि गर्ने |
| जलस्रोत, स्वच्छ ऊर्जा र खानेपानी | जलस्रोत, स्वच्छ ऊर्जा, खानेपानी तथा सरसफाइ सुविधाको दिगो व्यवस्थापन सुनिश्चित गर्ने |
| वन, जैविक विविधता र जलाधार | वन तथा संरक्षित जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन गर्ने |
| वातावरण, विपद् र जलवायु उत्थानशीलता | सन्तुलित वातावरण र विपद् तथा जलवायु उत्थानशीलता अभिवृद्धि गर्ने |
| महिला, लक्षित वर्ग र समावेशीकरण | महिला तथा लक्षित वर्ग सशक्तीकरण, संरचनागत रुपान्तरण र समानता अभिवृद्धि गर्ने |
| सुशासन, सेवा प्रवाह र अन्तरसम्बन्ध | सुशासन, सेवा प्रवाह तथा अन्तरसम्बन्ध सुदृढ बनाउने |
| नीति, योजना र विकास व्यवस्थापन | प्रदेश नीति, योजना र विकास व्यवस्थापनलाई तथ्यमा आधारित बनाउने |

## २.७ दिगो विकास लक्ष्यसँगको आबद्धता

"कसैलाई पनि पछाडि नछोडौं" भन्ने विश्वव्यापी प्रतिबद्धताका साथ सन् २०३० को विश्वव्यापी विकास एजेन्डाको रुपमा स्वीकार गरिएको दिगो विकासका १७ लक्ष्य, १६९ परिमाणात्मक लक्ष्य र २३२ विश्वव्यापी सूचक निर्धारण गरीएका छन् । त्यसमा नेपालले परिमार्जन गरी कुल ३०१ राष्ट्रिय सूचक कायम गरेको छ । यस प्रदेशमा दिगो विकास लक्ष्यको आन्तरिकीकरणलाई थप प्रभावकारी बनाउन दिगो विकास लक्ष्यको अवस्था प्रतिवेदन तयार गरिएको छ । प्रदेश सरकारले दिगो विकास लक्ष्यको आन्तरिकीकरणलाई प्रथम पञ्चवर्षीय योजनादेखि आत्मसात् गरी कुल ९५ सूचकका आधार अवस्था निर्धारण मार्फत स्थानीयकरण गर्ने प्रयास गरेको छ । प्रथम योजनाको उपलब्धि र सिकाइलाई आत्मसात गर्दै दोस्रो योजनामा दिगो विकासको लक्ष्य हासिल गर्न उच्चतम् योगदान पुग्ने गरी रुपान्तरणका प्रमुख क्षेत्र लगायत रणनीति, कार्यक्रम र सूचक निर्धारण गरी आबद्धता कायम गरिएको छ ।

## २.८ सोह्रौ योजनासँगको आबद्धता

नेपालको दीर्घकालीन सोच २१००, कर्णाली सोच २१०० र सोह्रौं योजनासँग तालमेल कायम रहने गरी दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गरिएको छ । यसैगरी तहगत योजनाबिच सूचक, रणनीति र कार्यक्रममार्फत अन्तर-आबद्धता कायम गरिएको छ । योजना कार्यान्वयनमा तहगत साझेदारी र अन्तरसम्बन्धको अवधारणा अवलम्वन गरिएको छ ।

## २.९ प्रदेशको समष्टिगत परिमाणात्मक लक्ष्य

दोस्रो पञ्चवर्षीय योजना देहायको तालिका २.३ मा उल्लेख गरीएका सुशासन, सामाजिक न्याय र समृद्ध कर्णालीका समष्टिगत परिमाणात्मक लक्ष्य हासिल गर्ने गरी कार्यान्वयन हुने अपेक्षा गरिएको छ। प्रदेशले हासिल गर्ने यी लक्ष्यले सोहौं योजनाका परिमाणात्मक लक्ष्य प्राप्त गर्न समेत सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

**तालिका २.३: योजनाका परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०७९/ ८० को स्थिति | दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य | सोह्रौं योजनाको राष्ट्रिय लक्ष्य |
|---|---|---|---|---|---|
| **१** | **सुशासन** | | | | |
| १ | अनलाइन प्रणालीबाट सेवा प्रवाह गर्ने सार्वजनिक निकाय | प्रतिशत | १३ | ३० | - |
| २ | विद्युतीय माध्यमबाट सूचना र सेवा प्रवाह गर्ने निकाय | सङ्ख्या | १८ | ४० | - |
| ३ | प्रदेशको कुल लेखापरीक्षण अङ्कको बेरुजुको अनुपात | प्रतिशत | २.५९ | १.५० | - |
| ४ | कुल विनियोजनमा पुँजीगत खर्चको अंश | प्रतिशत | ६५.७५ | ८५.०० | ९०.०० |
| ५ | मानवअधिकार उलंघनका घटना | सङ्ख्या | २८८ | १०० | - |
| **२** | **सामाजिक न्याय** | | | | |
| १ | लैङ्गिक विकास सूचकाङ्क | मानक | ०.९०२ | ०.९३० | ०.९६७ |
| २ | उपभोगमा आधारित माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (Palma Ratio) | प्रतिशत | ०.४२ | ०.३५ | ०.३३ |
| ३ | उपभोगमा आधारित गिनी गुणक | गुणक | ०.२९ | ०.२८ | ०.२८ |
| ४ | आधारभूत खानेपानीमा पहुँच पुगेको परिवार | प्रतिशत | ८८ | ९८ | ९९ |
| ५ | शौचालयको सुविधा प्राप्त गर्ने परिवार | प्रतिशत | ९७.०२ | १०० | |
| ६ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ३१ | ७५ | ९९ |
| ७ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ९४ | ९६ | - |
| ८ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ६०.४ | ६२ | ६० |
| ९ | जीवनकालमा शारीरिक हिंसापीडित महिला | प्रतिशत | १५ | १२ | २० |
| १० | लैङ्गिक उत्तरदायी बजेटको अंश | प्रतिशत | ३९.०० | ४३.८ | - |
| ११ | उच्च खाद्य असुरक्षामा रहेको परिवार | प्रतिशत | ७.० | ५.० | १ |
| **३** | **कर्णाली समृद्धि** | | | | |
| १ | वार्षिक औसत आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | २.३४ | ९.९ | ७.६ |
| | कृषि क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ०.६० | ६.० | ४.३ |
| | उद्योग क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ०.३ | ११.४ | १२.४ |
| | सेवा क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ४.५ | ७.८ | ७.२ |
| २ | कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान | | | | |
| | कृषि | प्रतिशत | २९.४ | २६.२ | २१.४ |
| | उद्योग | प्रतिशत | १०.१ | १६.२ | १५.२ |
| | सेवा | प्रतिशत | ६०.५ | ५७.६ | ६३.४ |
| ३ | प्रतिव्यक्ति आय (अमेरिकी डलर) | डलर | १०३१ | १,६५७ | २,३५१ |
| ४ | निरपेक्ष गरिबीको रेखामनि रहेको जनसङ्ख्या | प्रतिशत | २६.६९ | १३.२ | १२ |
| ५ | बहुआयामिक गरीविमा रहेको जनसङ्ख्या | प्रतिशत | ३९.५ | २२.५ | - |
| ६ | विद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | १६ | २०० | ११,७६९ |
| ७ | वर्षैभरी सिँचाइ सुविधा पुगेको कुल खेतीयोग्य जमिन | प्रतिशत | २७ | ४५ | ५० |

| क्र.सं. | सूचक | एकाइ | २०७९/ ८० को स्थिति | दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य | सोह्रौं योजनाको राष्ट्रिय लक्ष्य |
|---|---|---|---|---|---|
| ८ | मानव विकास सूचकाङ्क (आधार वर्षः सन् २०२१) | मानक | ०.५३८ | ०.६०० | ०.६२५ |
| ९ | श्रम उत्पादकत्व | रु. हजार | ८४ | १२० | ४०० |
| १० | बेरोजगारी दर | प्रतिशत | ७.५ | ५.० | ५.० |
| ११ | सडक यातायातले जोडिएको स्थानीय तह | सङ्ख्या | ७६ | ७९ | ७५३ |
| १२ | औषत सडक घनत्व (प्रतिवर्ग कि.मि.) | कि.मि. | ०.३० | ०.४० | ०.७७ |
| १३ | प्रादेशिक र स्थानीय सडक सञ्जाल विस्तार | कि.मि. | ३६३८ | ५००० | ४०६०० |
| १४ | विद्युत्मा पहुँच पुगेको परिवार | प्रतिशत | ७१ | ९५ | १०० |
| १५ | इन्टरनेटमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ७४ | ८५ | ९० |
| १६ | ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएको परिवार | प्रतिशत | ७६.२ | ९० | - |
| १७ | ३० मिनेटको दुरीमा स्वास्थ्य सेवामा पहुँच प्राप्त परिवार | प्रतिशत | ४३.१ | ७५ | ८६ |
| १८ | उच्च मध्यमस्तरको खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | ४.० | ३० | ४५ |
| १९ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ४५.५ | ४८ | ५० |
| २० | खाना पकाउन दाउराको प्रयोग गर्ने परिवार | प्रतिशत | ८२.२ | ६० | - |
| २१ | सुरक्षित आवासमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | ५६.२ | ६५ | - |
| २२ | जन्म हुँदाको अपेक्षित आयु | वर्ष | ७२.५ | ७३ | ७३ |
| २३ | ५ वर्षमनिका बालबालिकाको मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | सङ्ख्या | ४६ | २० | २२ |
| २४ | पाँच वर्षमनिका कम तौल भएका बालबालिका | प्रतिशत | १८ | १० | - |
| २५ | पाँच वर्षमनिका ख्याउटेपन भएका बालबालिका | प्रतिशत | ४ | २ | - |
| २६ | पाँच वर्षमनिका पुडकोपनको बालबालिका | प्रतिशत | ३६ | १८ | १७ |
| २७ | पाँच वर्षमनिका बालबालिकामा रक्तअल्पता | प्रतिशत | ४० | १२ | - |
| २८ | प्रजनन् उमेरका महिलाहरुमा रक्तअल्पता | प्रतिशत | २१.२ | १० | - |
| २९ | स्वास्थ्य विमामा आबद्ध जनसङ्ख्या | प्रतिशत | २९.२६ | ८० | ७० |
| ३० | साक्षरतादर (पाँच वर्ष र सोभन्दा माथि) | प्रतिशत | ७६.१ | ९५ | ९५ |
| ३१ | युवा साक्षरतादर (१५-२४ वर्ष) | प्रतिशत | ९३.८ | ९६ | - |
| ३२ | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९५.५ | ९९ | १०० |
| ३३ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ५६.२ | ८० | ९५ |
| ३४ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | १८.१ | २५ | २५ |
| ३५ | मातृ मृत्युदर (प्रतिलाखमा) | सङ्ख्या | १७२ | ७० | १०० |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना २०७८, स्वास्थ्य विमा बोर्ड, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, कर्णाली प्रदेश आर्थिक सर्वेक्षण २०८०।८१ लगायतका प्रकाशन तथा प्रतिवेदन।

## २.१० कार्यक्रम कार्यान्वयन तथा लगानी संयन्त्र

योजनामा प्रस्तावित रणनीति, कार्यक्रम तथा आयोजनाको प्रकृति, भौगोलिक क्षेत्र, क्षमता तथा संभाव्यता अनुसार कार्यक्रम तथा आयोजना कार्यान्वयन तथा लगानी संयन्त्र छनोट गरिनेछ । कार्यान्वयन तथा लगानीका लागि प्रदेशको आवश्यकता अनुरुप नीति, नियम, मापदण्ड तथा संयन्त्र बनाइनेछ ।

लगानी तथा कार्यान्वयनमा देहायको प्राथमिकता अनुसार संयन्त्र प्रयोग गरिनेछः

१. प्रदेश सरकारको लगानी,

२. प्रदेश तथा सङ्घ साझेदारी,

३. प्रदेश तथा स्थानीय तह साझेदारी,
४. विकास साझेदार र वैदेशिक लगानी,
५. सार्वजनिक-निजी साझेदारी,
६. निजी क्षेत्रको लगानी,
७. सहकारी, गैसस तथा समुदाय साझेदारी।

परिच्छेद ३

# आर्थिक वृद्धि र लगानी


| | |
|---|---|
| ३.१ पृष्ठभूमि | २९ |
| ३.२ आर्थिक वृद्धि प्रक्षेपण | २९ |
| ३.३ प्रदेश अर्थतन्त्रको संरचना | ३२ |
| ३.४ प्रतिव्यक्ति आय | ३२ |
| ३.५ लगानी प्रक्षेपण | ३३ |
| ३.६ योजनाका विषय क्षेत्रगत लगानी | ३४ |
| ३.७ लगानीको स्रोत अनुमान | ३५ |
| ३.८ सार्वजनिक लगानीको स्रोत | ३६ |
| ३.९ प्रदेश सरकारको लगानी र स्रोत | ३७ |
| ३.१० लगानी परिचालन रणनीति | ३८ |
| ३.११ प्रमुख कार्यक्रम | ४३ |

# परिच्छेद-तीन
# आर्थिक वृद्धि र लगानी

## ३.१ पृष्ठभूमि

योजनाबद्ध विकासको अभ्यासमा आवधिक योजनाले तोकिएको अवधिका लागि प्रमुख आर्थिक तथा सामाजिक परिसूचकहरुको अपेक्षित लक्ष्य निर्धारण गर्ने, लक्ष्य हाँसिलका लागि आवश्यक लगानी अनुमान र प्रक्षेपण गर्ने साथै उक्त लगानीको स्रोत पहिचान गर्ने काम गर्दछ । आवधिक योजनाको लागि आर्थिक वृद्धि र लगानी प्रक्षेपण एक महत्त्वपूर्ण पक्ष हो । यसले प्रदेशको दीर्घकालीन सोचअनुरुप विकास र रुपान्तरणका लागि प्रदेशको समष्टिगत उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी र आयआर्जनमा सुधार ल्याउन पहिचान गरीएका संरचनागत रुपान्तरण, प्राथमिकता र रणनीतिक महत्त्वका क्षेत्रमा आवश्यक लगानी व्यवस्थापनमा योगदान गर्दछ ।


"समृद्ध प्रदेश, सुखारी प्रदेशवासी" सोचको मर्मअनुरुप समग्र प्रादेशिक अर्थतन्त्रमा सकारात्मक रुपान्तरण ल्याउन प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रादेशिक जीडीपी) मा वृद्धि, सामाजिक पूर्वाधारको विकास र नागरिकको जीवनस्तरमा सुधार ल्याउन भविष्यमा हुने लगानीको आवश्यकतालाई वैज्ञानिक तरिकाले मूल्याङ्कन गर्न र सम्भावित स्रोतहरु प्रभावकारी रुपमा व्यवस्थापन गर्न सहयोग पुऱ्याउने गरी दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) का लागि आर्थिक वृद्धिदर र लगानी प्रक्षेपण गरिएको छ ।

प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको प्रगति, हालको वास्तविक आवश्यकता र आर्थिक क्षमता समेतलाई दृष्टिगत गरी दोस्रो पञ्चवर्षीय योजनाको समष्टिगत आर्थिक स्थितिको प्रक्षेपणलाई यथासंभव यथार्थपरक बनाउने प्रयास गरिएको छ । दोस्रो पञ्चवर्षीय योजनाको समष्टिगत आर्थिक वृद्धिको प्रक्षेपण गर्दा विगतको प्रवृत्ति र नागरिकको आकाँक्षालाई मूल आधार बनाइएको छ भने लगानी आवश्यकता र स्रोत परिचालन क्षमतालाई पनि हेरिएको छ । विगतको प्रवृत्ति विश्लेषण गर्न राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशीत प्रादेशिक राष्ट्रिय आय लेखाको तथ्याङ्कलाई आधार बनाइएको छ । प्रदेशको वर्तमान अवस्था र आगामी मार्गचित्रको रुपमा दोस्रो पञ्चवर्षीय योजनाको अवधारणा पत्र र सरोकारवालासँगको छलफलबाट प्राप्त सुझाव एवम् सूचनालाई लिइएको छ ।

## ३.२ आर्थिक वृद्धि प्रक्षेपण

दोस्रो पञ्चवर्षीय योजनाको लागि आर्थिक वृद्धिदर प्रक्षेपण गर्दा प्रदेशको पहिलो पञ्चवर्षीय योजना (२०७६/७७–२०८०/८१) को प्रगति र उपलब्धि समीक्षा गरी सिकाइलाई आत्मसात गरिएको छ । "समृद्ध कर्णाली सुखारीः कर्णालीवासी" को दीर्घकालीन सोचसहित तर्जुमा भएको कर्णाली प्रदेशको पहिलो पञ्चवर्षीय योजनाले वार्षिक औसत १४.९ प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएकोमा योजनाको कार्यान्वयन सम्पन्न भईसक्दा औसतमा वार्षिक ३.३२ प्रतिशतका दरले आर्थिक वृद्धि हासिल भएको छ । कर्णाली प्रदेश अन्य प्रदेशहरुको तुलनामा आर्थिक सामाजिक दृष्टिकोणले पछाडि रहेको यथार्थ र आगामी वर्षहरुमा विकासको गतिलाई तीव्रता दिनुपर्ने आवश्यकतालाई मनन गर्दै दोस्रो पञ्चवर्षीय योजना अवधिमा प्रदेशको अर्थतन्त्र वार्षिक औसत ७.६ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

**चित्र ३.१: वास्तविक र प्रक्षेपित आर्थिक वृद्धिदर (प्रतिशतमा)**




श्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय,प्रक्षेपण।

आर्थिक वर्ष २०७९/८० मा २.० प्रतिशतले वृद्धि भएको कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन आर्थिक वर्ष २०८०/८१ मा ३.४ प्रतिशतले विस्तारित भएको छ। सोहीअनुरुप दोस्रो पञ्चवर्षीय योजना अवधिमा प्रत्येक वर्ष अर्थतन्त्रको वृद्धिदरमा सुधार भई योजनाको अन्तिम वर्ष २०८५/८६ मा ९.९ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ। समग्रमा, दोस्रो पञ्चवर्षीय योजना अवधिमा यस प्रदेशको वार्षिक औसत आर्थिक वृद्धिदर ७.६ प्रतिशत हुने प्रक्षेपण गरिएको छ।

प्रादेशिक आर्थिक वृद्धिदरलाई राष्ट्रिय औद्योगिक वर्गीकरणअनुसारका बृहत् क्षेत्रगत आधारमा प्रक्षेपण गर्दा प्रादेशिक अर्थतन्त्रको प्राथमिक (कृषि) क्षेत्र औसतमा वार्षिक ६ प्रतिशतका दरले विस्तार हुने अनुमान छ भने द्वितीय (औद्योगिक) क्षेत्रको वार्षिक औसत वृद्धिदर सबैभन्दा बढी ११.४ प्रतिशत हुने अनुमान गरिएको छ। त्यसैगरी, तृतीय (सेवा) क्षेत्र वार्षिक औसत ७.८ प्रतिशतका दरले वृद्धि हुने प्रक्षेपण छ। उत्पादन तथा प्रशोधनमूलक उद्योगहरुको बाहुल्यता हुने द्वितीय क्षेत्रको विस्तारले प्रादेशिक अर्थतन्त्रको संरचनागत रुपान्तरणमा योगदान पुर्‍याउने र कृषि तथा सेवा क्षेत्रलाई समेत डोर्‍याउने भएकोले यस क्षेत्रलाई प्राथमिकतामा राखिएको छ।

**तालिका ३.१: बृहत् क्षेत्रगत आधारमा प्रदेशको आर्थिक वृद्धिदर (प्रतिशतमा)**

| आर्थिक वर्ष | प्रक्षेपित आर्थिक वृद्धिदर | | | |
|---|---|---|---|---|
| | प्राथमिक क्षेत्र | द्वितीय क्षेत्र | तृतीय क्षेत्र | औसत |
| २०८१/८२ | ५.० | ७.२ | ५.४ | ५.५ |
| २०८२/८३ | ५.५ | ८.९ | ६.८ | ६.६ |
| २०८३/८४ | ६.० | ११.० | ७.८ | ७.५ |
| २०८४/८५ | ६.५ | १३.५ | ८.८ | ८.६ |

| आर्थिक वर्ष | प्रक्षेपित आर्थिक वृद्धिदर | | | |
|---|---|---|---|---|
| | प्राथमिक क्षेत्र | द्वितीय क्षेत्र | तृतीय क्षेत्र | औसत |
| २०८५/८६ | ७.० | १६.६ | १०.० | ९.९ |
| **औसत** | **६.०** | **११.४** | **७.८** | **७.६** |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, प्रथम आवधिक योजनाको समीक्षा प्रतिवेदन र विषय विज्ञको प्रक्षेपण*

प्रादेशिक अर्थतन्त्र संरचनालाई राष्ट्रिय औद्योगिक वर्गीकरण अनुसार प्रक्षेपण गरिएको छ । दोस्रो पञ्चवर्षीय योजनाको अवधारणा-पत्रले पूर्वाधार विकासलाई प्राथमिकता दिँदै उत्पादन र रोजगारी बढाउने क्षेत्रलाई प्रमुख रुपान्तरणका क्षेत्रको रुपमा अगाडि सारेको छ । यसै तथ्यलाई मध्यनजर गरेर आर्थिक वर्ष २०८०/८१ को अनुमानित वृद्धिदरलाई आधार मानेर राष्ट्रिय औद्योगिक वर्गीकरण अनुसारका १८ क्षेत्रहरुको वार्षिक औसत वृद्धिदर प्रक्षेपण गरिएको छ ।

**तालिका ३.२: राष्ट्रिय औद्योगिक वर्गीकरणका आधारमा प्रदेशको आर्थिक वृद्धिदर (प्रतिशतमा)**

| औद्योगिक वर्गीकरण | आर्थिक वृद्धिदर प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| **प्राथमिक क्षेत्र** | **२.२** | **५.०** | **५.५** | **६.०** | **६.५** | **७.०** |
| कृषि, वन र मत्स्य उत्पादन | २.१७ | ५.३ | ५.५ | ६ | ६.५ | ७.० |
| खानी र उत्खनन कार्य | २.७३ | ६ | ७ | ८ | ९ | १० |
| **द्वितीय क्षेत्र** | **०.३** | **७.२** | **८.९** | **११.०** | **१३.५** | **१६.६** |
| उत्पादन तथा प्रशोधन उद्योग | ०.६४ | ५ | ६ | ७ | ९ | १० |
| बिजुली, ग्यास र एयर कन्डिसनिङ कार्य | १०.२९ | ३० | ३५ | ४० | ४५ | ५० |
| पानी, ढल र फोहोर व्यस्थापन तथा प्रशोधन | २.७१ | ३ | ३.५ | ४ | ४.५ | ५ |
| निर्माण कार्य | -१.०२ | ६ | ७ | ८ | ९ | १० |
| **तृतीय क्षेत्र** | **४.७** | **५.४** | **६.८** | **७.८** | **८.८** | **१०** |
| थोक तथा खुद्रा व्यापार र अटोमोबाइल मर्मतसमेत | ०.१६ | १ | २ | ३ | ४ | ५ |
| यातायात तथा भण्डारण | ११.३१ | २ | ३ | ५ | ७ | ८ |
| आवास तथा भोजन सेवा | २२.५२ | २३ | २३.१ | २४.० | २४.५ | २५ |
| सूचना तथा संचार | ४.६१ | ५ | ७ | ९ | ११ | १५ |
| वित्तीय तथा विमा सेवा | ४.११ | १० | १२ | १३ | १४ | १५ |
| घरजग्गा कारोबार सेवा | २.९४ | ८ | ९ | १० | ११ | १२ |
| पेसागत, वैज्ञानिक र प्राविधिक सेवाहरु | ३.०९ | ५ | ५.५ | ६ | ६.५ | ७ |
| प्रशासनिक तथा अन्य सहयोगी सेवाहरु | २.९९ | ६ | ६.५ | ७ | ७.५ | ८ |
| सार्वजनिक प्रशासन, रक्षा र अनिवार्य सामाजिक सुरक्षा सेवा | ५.४४ | ५.५ | ५.८ | ६ | ६.३ | ६.५ |
| शिक्षा र सम्बन्धित सेवा | २.१९ | ५ | ६.५ | ७ | ७.५ | ८ |
| स्वास्थ्य, सामाजिक कार्य सम्बन्धी सेवा | ४.६८ | ७.५ | ९ | १२ | १५ | १८ |
| कला तथा मनोरञ्जन र अन्य सेवामूलक क्रियाकलापहरु | ३.०८ | ३ | ३.५ | ४ | ४.५ | ५ |
| **कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)** | **३.०८** | **५.५** | **६.६** | **७.५** | **८.६** | **९.९** |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

### ३.३ प्रदेश अर्थतन्त्रको संरचना

आर्थिक वर्ष २०८०/८१ मा आधारभूत मूल्यमा गणना गरिएको रु.२ खर्ब १६ अर्बको प्रादेशिक अर्थतन्त्र दोस्रो पञ्चवर्षीय योजना अवधिमा वार्षिक औसत ७.६ प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०८५/८६ मा रु. ३ खर्ब ६ अर्ब ४९ करोड पुग्ने प्रक्षेपण छ। क्षेत्रगत रुपमा योजनाको अन्तिम वर्षमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमश: २६.२, १६.२ र ५७.६ प्रतिशत हुने प्रक्षेपण छ। आर्थिक वर्ष २०८०/०८१ मा प्रदेशको कुल गार्हस्थ उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २९.७, ९.५ र ६०.८ प्रतिशत रहेको छ। योजना अवधिमा प्राथमिक (उत्पादन) र तृतीय क्षेत्र (सेवा) को योगदान अंश बिस्तारै घट्दै जाने र द्वितीय क्षेत्र (औद्योगिक) को बिस्तारै बढ्ने प्रक्षेपण गरिएको छ। द्वितीय क्षेत्रको अंश तुलनात्मक रुपमा केही उच्च दरमा विस्तार भई ९.५ प्रतिशतबाट १६.२ प्रतिशत पुग्ने अनुमान छ। यसरी प्रदेश अर्थतन्त्रको संरचनामा सकारात्मक परिवर्तन हुँदै जाने अनुमानबाट दोस्रो पञ्चवर्षीय योजना निर्देशीत छ।

**तालिका ३.३: प्रादेशिक अर्थतन्त्रको कुल आकार र संरचना**

| आर्थिक वर्ष | कुल गार्हस्थ्य उत्पादन (रु. दश लाखमाम) | योगदान/हिस्सा (प्रतिशतमा) | | |
|---|---|---|---|---|
| | | प्राथमिक क्षेत्र | द्वितीय क्षेत्र | तृतीय क्षेत्र |
| २०८०/०८१ | २१६०४४ | २९.७ | ९.५ | ६०.८ |
| २०८१/०८२ | २२४०९० | २९.१ | ११.२ | ५९.७ |
| २०८२/०८३ | २३८८८० | २८.४ | १२.४ | ५९.२० |
| २०८३/०८४ | २५६७९६ | २८.० | १३.१ | ५८.९ |
| २०८४/०८५ | २७८८८१ | २७.१ | १५.२ | ५७.७ |
| २०८५/०८६ | ३०६४९० | २६.२ | १६.२ | ५७.६ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय।*

### ३.४ प्रतिव्यक्ति आय

दोस्रो पञ्चवर्षीय योजना अवधिको लागि प्रादेशिक कुल गार्हस्थ्य उत्पादनसँगसँगै कर्णालीवासीको प्रतिव्यक्ति आय समेत प्रक्षेपण गरिएको छ। आधारभूत मूल्यमा प्रक्षेपण गरिएको कुल गार्हस्थ्य उत्पादनमा विगतको प्रवृत्ति र मूल्य अभिवृद्धि करको प्रचलित दरलाई समेत दृष्टिगत गरी १५ प्रतिशतका दरले खुद अप्रत्यक्ष करको रकम जोडी उपभोक्ताको मूल्यमा कुल गार्हस्थ्य उत्पादनको प्रक्षेपण गरिएको छ। आर्थिक वर्ष २०८०/८१ को मूल्यमा प्रक्षेपण गरिएको उक्त कुल गार्हस्थ्य उत्पादनमा वार्षिक ६ प्रतिशतका दरले मुद्रास्फीती समायोजन (थप) गरी प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादन गणना गरिएको छ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार कर्णाली प्रदेशको वार्षिक जनसङ्ख्या वृद्धिदर ०.७० प्रतिशतलाई आधार मानी योजना अवधिभरको प्रादेशिक जनसङ्ख्या १७ लाख ८० हजार हुने प्रक्षेपण गरिएको छ। सोही आधारमा प्रत्येक आर्थिक वर्षको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन गणना गरी नेपाली रुपैयाँ र अमेरिकी डलरको विगत चार वर्षको औसत विनिमय दरको आधारमा प्रदेशको प्रतिव्यक्ति आय अमेरिकी डलरमा गणना गरिएको छ। त्यसरी गणना गरिएको प्रतिव्यक्ति आय आर्थिक वर्ष २०८०/८१ मा १०६६ अमेरिकी डलर रहेको छ। यसप्रकार प्रतिव्यक्ति आय दोस्रो पञ्चवर्षीय योजना अवधिको अन्तिम आर्थिक वर्ष २०८५/०८६ मा १६५७ अमेरिकी डलर पुग्ने प्रक्षेपण गरिएको छ।

**तालिका ३.४: प्रदेशको प्रतिव्यक्ति आय प्रक्षेपण (रु. दश लाखमा)**

| समष्टिगत परिसूचक | प्रक्षेपित प्रतिव्यक्ति आय | | | | | |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | २१६०४४ | २२४०९० | २३८८८० | २५६७९६ | २७८८८१ | ३०६४९० |
| खुद अप्रत्यक्ष कर (१५ प्रतिशत) | ३१८६८ | ३३६१४ | ३५८३२ | ३८५१९ | ४१८३२ | ४५९७४ |
| कुल गार्हस्थ्य उत्पादन (उपभोक्ता मूल्यमा) | २४३९९० | २५७७०४ | २७४७१२ | २९५३१५ | ३२०७१३ | ३५२४६४ |
| प्रदेशको जनसङ्ख्या (दश लाखमा) | १.७२ | १.७३ | १.७५ | १.७६ | १.७७ | १.७८ |
| प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (रु. हजारमा) | १४३.७० | १५७.९० | १७६.३८ | १९९.८४ | २२८.७५ | २६५.०० |
| प्रतिव्यक्ति आय (अमेरिकी डलरमा) | १०६६ | ११४४ | १२३२ | १३४५ | १४८४ | १६५७ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ३.५ लगानी प्रक्षेपण

प्रादेशिक कुल गार्हस्थ्य उत्पादन र आर्थिक वृद्धिदरको प्रक्षेपणका आधारमा अपेक्षित आर्थिक वृद्धि हासिल गर्न आवश्यक लगानी समेत प्रक्षेपण गरिएको छ। लगानी प्रक्षेपण गर्न सीमान्त पुँजी - उत्पादन अनुपात (ICOR) को तथ्याङ्क आवश्यक पर्ने हुँदा राष्ट्रियस्तरमा उपलब्ध तथ्याङ्कलाई नै आधार मानेर प्रदेशको अपेक्षित आर्थिक वृद्धि हासिल गर्न आवश्यक लगानी आंकलन गरिएको छ। पन्ध्रौ योजना अवधिमा नेपालको पुँजी-उत्पादन अनुपात ४.९ रहेको अनुमान छ । कर्णाली प्रदेशको भौगोलिक अवस्थिति, यातायातको सुविधा र कमजोर आपूर्ति श्रृङ्खलाका कारण कर्णाली प्रदेशको उत्पादन लागत राष्ट्रिय औसतभन्दा उच्च रहेको अवस्थामा प्रदेशको सीमान्त पुँजी-उत्पादन अनुपात ५.३३ हुने अनुमानका आधारमा दोस्रो पञ्चवर्षीय योजनाको लगानी प्रक्षेपण गरिएको छ।

प्रदेशको समग्र विकासको लागि सडक पूर्वाधार र जलविद्युत् जस्ता पुँजी सघन आयोजनाहरुको निर्माण आवश्यक छ। तसर्थ, प्रदेशले दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य अनुरुप वार्षिक औसत ७.६ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न योजना अवधिभर वार्षिक कुल गार्हस्थ्य उत्पादनको ४०.५० प्रतिशतका दरले पुँजीगत लगानी आवश्यक पर्ने प्रक्षेपण गरिएको छ। प्रक्षेपण अनुसार दोस्रो पञ्चवर्षीय योजना अवधिमा कर्णाली प्रदेशमा कुल रु. ५ खर्ब २० अर्ब २९ करोडको हाराहारी पुँजीगत लगानी गर्नुपर्ने अनुमान रहेको छ।

**तालिका ३.५: बृहत् आर्थिक क्षेत्रगत रुपमा प्रदेशको लगानी प्रक्षेपण (रु. दश लाखमा)**

| बृहत् आर्थिक क्षेत्र | २०८०/८१ को अनुमानित लगानी | प्रक्षेपित लगानी | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कुल |
| प्राथमिक क्षेत्र (कृषि) | ८४५४ | १३०६४ | १५१०७ | १७४०७ | २००११ | २२९७८ | ८८५६७ |
| द्वितीय क्षेत्र (उद्योग) | १५२९१ | १५५४१ | २२११३ | ३२२३० | ४७४६२ | ७२७९१ | १९०१३७ |
| तृतीय क्षेत्र (सेवा) | २८६८३ | २५९४० | ३७५६८ | ४६२५० | ५७८०७ | ७४०२३ | २४१५८८ |
| **कुल** | **५२४२८** | **५४५४५** | **७४७८८** | **९५८८७** | **१२५२८०** | **१६९७९२** | **५२०२९२** |

बृहत् क्षेत्रगत लगानीको आंकलन गर्दा योजना अवधिमा द्वितीय वा उद्योग क्षेत्रमा रु. १ खर्ब ९० अर्ब वा कुल लगानीको ३६.५ प्रतिशत आवश्यक हुने प्रक्षेपण छ। उद्योग क्षेत्रमा पूर्वाधारको निर्माणमा बढी लगानी चाहिने र उत्पादनमूलक उद्योगको विस्तारले अन्य क्षेत्रको वृद्धिमा समेत योगदान गर्ने भएकोले यसलाई स्वभाविक मानिएको छ। प्राथमिक वा कृषि क्षेत्रमा पाँच वर्षमा रु. ८८ अर्ब ५७ करोड वा कुल लगानीको १७ प्रतिशत लगानी आवश्यक

हुने देखिएको छ। त्यसैगरी, तृतीय वा सेवा क्षेत्रमा रु. २ खर्ब ४१ अर्ब ५९ करोड वा कुल लगानीको ४६.४ प्रतिशत लगानी आवश्यक पर्नेछ।

योजना अवधिको लागि प्रक्षेपण गरिएको लगानी सरकारी क्षेत्रका साथै निजी क्षेत्र, बैङ्क तथा वित्तीय संस्था र विकास साझेदारको समेत लगानी आवश्यक देखिन्छ। उल्लिखित सरोकारवाला पक्षलाई आ-आफ्नो कार्यक्षेत्र वा विषयवस्तुसँग सम्बन्धित क्षेत्रमा उपलब्ध लगानीको अवसरका विषयमा सुसूचित गर्न र योजनाको प्रगति समीक्षामा सहजीकरण गर्ने उद्देश्यले राष्ट्रिय औद्योगिक वर्गीकरण अनुसारका क्षेत्रमा आवश्यक लगानी समेत प्रक्षेपण गरिएको छ।

**तालिका ३.६: औद्योगिक वर्गीकरणका क्षेत्र अनुसार लगानी प्रक्षेपण (रु. दश लाखमा)**

| औद्योगिक वर्गीकरण | २०८०/८१ को अवस्था | प्रक्षेपित लगानी | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
| कृषि, वन र मत्स्य उत्पादन | १०२३४ | १२८३९ | १४८२९ | १७०६७ | १९५९९ | २२४७८ | ८६८१२ |
| खानी र उत्खनन कार्य | २१६ | २२५ | २७८ | ३४० | ४१३ | ५०० | १७५४ |
| उत्पादन तथा प्रशोधन उद्योग | ६३७ | ६३८ | ८०६ | १०६४ | १३६६ | १६६८ | ५५४२ |
| बिजुली, ग्यास र एयर कन्डिसनिङ कार्य | १०८९७ | १०९०७ | १६३६१ | २५१४५ | ३८७२४ | ६२२२२ | १५३३५८ |
| पानी, ढल र फोहोर व्यवस्थापन र प्रशोधन | ३९६५ | ३९९६ | ४९४७ | ६०२२ | ७३७२ | ८९०१ | ३१२३७ |
| निर्माण कार्य | २८७ | २९४ | ५६१ | ८६४ | ११८५ | १५३७ | ४४४० |
| थोक तथा खुद्रा व्यापार, अटोमोबाइल मर्मत समेत | ५४६५ | ५४७७ | ६९०८ | ८९४४ | ११४५२ | १५०५१ | ४७८३१ |
| यातायात तथा भण्डारण | १७२६ | १७३३ | ७३०४ | ९१६१ | १२५७८ | १७८७६ | ४८६५२ |
| आवास तथा भोजन सेवा | १०७६ | १०७५ | १४२० | १७२३ | २०९७ | २५६१ | ८८७५ |
| सूचना तथा संचार | १५७६ | १५८३ | १९२३ | २३२९ | २५६२ | ३३८२ | ११७८० |
| वित्तीय तथा विमा सेवा | ७११८ | ७१२६ | ७९२७ | ८६७६ | ९६५७ | १०५९१ | ४३९७७ |
| घरजग्गा कारोबार सेवा | ४९९९ | ५०६७ | ६९१३ | ७९२९ | ९०९० | १०४२३ | ३९४२३ |
| पेसागत, वैज्ञानिक र प्राविधिक सेवाहरु | ३३३७ | ३३६९ | ४३४६ | ६३१६ | ८८४३ | १२२०३ | ३५०७८ |
| प्रशासनिक तथा अन्य सहयोगी सेवाहरु | ८९५ | २१७ | २६५ | ३०७ | ३४४ | ३९८ | १५३१ |
| **कुल** | **५२४२८** | **५४५४५** | **७४७८९** | **९५८८७** | **१२५२८०** | **१६९७९२** | **५२०२९३** |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ३.६ योजनाका विषय क्षेत्रगत लगानी

दोस्रो पञ्चवर्षीय योजनाका अवधिका लागि प्रक्षेपण गरिएको कुल लगानी रु. ५ खर्ब २० अर्ब २९ करोड मध्ये योजनामा प्रस्तावित विभिन्न विषय क्षेत्रमा देहायअनुसार लगानी हुने प्रक्षेपण गरिएको छ:

**तालिका ३.७: विषय क्षेत्रगत लगानी प्रक्षेपण (रु. दश लाख)**

| क्र.स. | विषय क्षेत्र | अनुमानित लगानी (रु दश लाखमा) | लगानीको अनुपात (प्रतिशतमा) |
|---|---|---|---|
| १ | कृषि, भूमि व्यवस्था तथा सहकारी | ७८०४४ | १५.०० |
| २ | खनिज, उद्योग वाणिज्य तथा पर्यटन | ४२२०३ | ८.११ |
| ३ | श्रम, सामाजिक सुरक्षा र गरिबी निवारण | १०५३० | २.०२ |
| ४ | स्वास्थ्य, पोषण र जनसङ्ख्या | ४१६२३ | ८.०० |
| ५ | शिक्षा, विज्ञान प्रविधि र मानव पुँजी | ३६२३३ | ६.९६ |

| क्र.स. | विषय क्षेत्र | अनुमानित लगानी (रु दश लाखमा) | लगानीको अनुपात (प्रतिशतमा) |
|---|---|---|---|
| ६ | उत्थानशील पूर्वाधार र अन्तरआबद्धता | १५०००० | २८.८३ |
| ७ | जलस्रोत, स्वच्छ ऊर्जा र खानेपानी | ७५००० | १४.४१ |
| ८ | वन, जैविक विविधता र जलाधार | ४१०११ | ७.८८ |
| ९ | वातावरण, विपद् तथा जलवायु परिवर्तन | २००४२ | ३.८५ |
| १० | महिला, लक्षित वर्ग र समावेशीकरण | ११३२१ | २.१८ |
| ११ | सुशासन, सेवा प्रवाह र अन्तर सम्बन्ध | ८१६५ | १.५७ |
| १२ | नीति, योजना र विकास व्यवस्थापन | ६१२१ | १.१८ |
| | **कुल** | **५२०२९३** | **१००.००** |

### ३.७ लगानीको स्रोत अनुमान

नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई अर्थतन्त्रको तीन प्रमुख खम्बाको रुपमा लिएको छ। प्रदेशको दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनको लागि आवश्यक लगानी यिनै तीन स्रोतहरुबाट परिचालन हुने प्रक्षेपण गरिएको छ। नेपालले बजारमुखी खुला अर्थतन्त्रलाई अवलम्वन गरेकोले राष्ट्रिय अर्थतन्त्रमा जस्तै प्रदेशमा पनि निजी क्षेत्रलाई आर्थिक वृद्धिको संवाहक र लगानीको प्रमुख स्रोतका रुपमा लिइएको छ। प्रदेशको दोस्रो पञ्चवर्षीय योजना अवधिका लागि प्रक्षेपित कुल लगानीको ६२.२ प्रतिशत लगानी निजी क्षेत्रबाट परिचालित हुने प्रक्षेपण गरिएको छ। प्रथम आवधिक योजनामा निजी क्षेत्रको लगानी ४२.७ प्रतिशत हुने अनुमान गरिएकोमा योजना अवधिमा प्रदेश सरकारबाट भएका लगानी सहजीकरण र सूर्यतारा सिमेण्ट, जग्दुल्ला तथा बेतान कर्णाली लगायतका ठूला परियोजना समेत सुरु भएको र अन्य केही जलविद्युत् आयोजनाहरु लगानी बोर्डमा स्वीकृतीको चरणमा रहेको हुँदा निजी क्षेत्रको लगानी कुल लगानीको ६० प्रतिशतभन्दा बढी भएको अनुमान गरिएको छ।

प्रथम पञ्चवर्षीय योजनामा सहकारी क्षेत्रको लगानी ३.७ प्रतिशत हुने अनुमान गरिएकोमा कर्णाली प्रदेशमा विद्यमान सहकारी संस्थाको सीमित सङ्ख्या, व्यावसायिक क्रियाकलाप र सहकारी क्षेत्रमा विद्यमान परिस्थितिको मूल्याङ्कन गर्दा यस क्षेत्रबाट लगानीमा उल्लेख्य वृद्धि भएको अवस्था देखिदैन। यद्यपि, पछिल्लो समयमा भएका सुधारात्मक प्रयासले सहकारी क्षेत्रको पुनरुत्थानमा सहयोग पुर्याउने र यस योजनाको परिकल्पना गरेको प्राङ्गारिक कृषि र स्थानीय वस्तुको उत्पादन, प्रशोधन तथा बजारीकरणमा सहकारी क्षेत्रलाई प्रोत्साहन गर्ने रणनीतिलाई समेत दृष्टिगत गरी दोस्रो पञ्चवर्षीय योजना अवधिमा सहकारी क्षेत्रको लगानी ४.३ प्रतिशत हुने प्रक्षेपण गरिएको छ।

प्रदेशको तुलनात्मक लाभका क्षेत्रमा आर्थिक क्रियाकलाप विस्तार गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने प्रदेश सरकारको नीति अनुरुप प्रदेशको दोस्रो पञ्चवर्षीय योजना अवधिमा सार्वजनिक क्षेत्रबाट कुल लगानीको ३३.५ प्रतिशत लगानी परिचालित हुने प्रक्षेपण गरिएको छ। पहिलो योजनामा सरकारी क्षेत्रबाट ४२.० प्रतिशत लगानी हुने प्रक्षेपण गरिएकोमा दोस्रो पञ्चवर्षीय योजनामा कर्णाली प्रदेशको राजस्व क्षमता तथा निजी क्षेत्रलाई आकर्षित गर्ने नीति अनुरुप सार्वजनिक क्षेत्रको लगानी समायोजन गरी अनुमान गरिएको छ। यसमा तिनै तहका सरकारबाट हुने पुँजीगत लगानी समावेश हुनेछ।

**तालिका ३.८: बृहत् आर्थिक क्षेत्रगत रुपमा लगानीको स्रोत प्रक्षेपण (रु. दश लाख)**

| बृहत् आर्थिक क्षेत्र | सार्वजनिक लगानी | | निजी लगानी | | सहकारी लगानी | | जम्मा लगानी | |
|---|---|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिक (कृषि) | २४९१२ | २२.९५ | ७९२२७ | ७२.९८ | ४४२८ | ४.१ | १०८५६७ | २०.८७ |
| द्वितीय (उद्योग) | ५१२६६ | ३०.१३ | ११३१६७ | ६६.५२ | ५७०४ | ३.४ | १७०१३७ | ३२.७० |
| तृतीय (सेवा) | ९८३७८ | ४०.७२ | १३११३१ | ५४.२८ | १२०७९ | ५.० | २४१५८८ | ४६.४३ |
| **कुल लगानी** | **१७४५५६** | **३३.५** | **३२३५२५** | **६२.२** | **२२२११** | **४.३** | **५२०२९३** | **१००** |

विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी र सामुदायिक सङ्घसंस्थाका साथै विकास साझेदारबाट सञ्चालित कार्यक्रममा कर्णाली प्रदेशमा हुने लगानीलाई पनि निजी लगानीमा समावेश गरिएको छ।

## ३.८ सार्वजनिक लगानीको स्रोत

सङ्घीय संरचनामा तीन तहको सरकारबाट सार्वजनिक खर्च तथा लगानी हुने व्यवस्था रहेको छ। यस प्रकार सार्वजनिक क्षेत्रबाट हुने लगानीलाई सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहबिच वर्गीकरण गरिएको छ। विद्यमान संवैधानिक व्यवस्था अनुसार तीनै तहको सरकारले आफ्नो ढंगले पुंजीगत खर्च गर्न सक्ने व्यवस्था रहे बमोजिम तीन तहको सरकारबाट योजना अवधिमा हुनसक्ने पुंजीगत खर्चको अनुमान गरिएको छ। नियमित र प्रशासनिक प्रकृतिका चालु खर्चले सीमान्त पुँजी-उत्पादन अनुपात (ICOR) को सिद्वान्त अनुरुप पुँजी निर्माणमा प्रत्यक्ष योगदान नगर्ने भएकोले सार्वजनिक क्षेत्रको लगानी प्रक्षेपण गर्दा तीन तहका सरकारको पुँजीगत खर्चलाई मात्र लिइएको छ।

कर्णाली प्रदेशमा सबैभन्दा कम स्थानीय तह रहेको तथ्यलाई समेत ध्यानमा राखी दोस्रो पञ्चवर्षीय योजना अवधिको कुल सार्वजनिक लगानी रु. १ खर्ब ९४ अर्ब २२ करोड ५० लाख मध्ये स्थानीय तहबाट ६.६७ प्रतिशत अर्थात् रु. १२ अर्ब ९७ करोड ४० लाख परिचालन हुने अनुमान गरिएको छ। प्रदेश विकासको सन्दर्भमा आयोजना हस्तान्तरण हुँदै गई सङ्घीय सरकारको दायित्व घट्दै जान सक्ने भएकोले सङ्घीय सरकारबाट २७.६९ प्रतिशत अर्थात् रु. ५३ अर्ब ७४ करोड ४० लाख लगानी हुने अनुमान गरिएको छ। बाँकी रु. १ खर्ब २७ अर्ब ५० करोड ७० लाख वा ६५.६४ प्रतिशत प्रदेश सरकार मार्फत हुने अनुमान गरिएको छ। सङ्घीयताको मर्म अनुसार प्रदेशको विकासमा प्रदेश सरकारकै भूमिका अग्रणी र अहम् हुने विषयलाई मनन् गरी यस्तो प्रक्षेपण गरिएको हो।

**तालिका ३.९: तीन तहका सरकारको तर्फबाट हुने लगानीको प्रक्षेपण (रु. दश लाखमा)**

| तहगत सरकार | तहगत सरकारबाट हुने प्रक्षेपित लगानी | | | | | |
|---|---|---|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
| सङ्घ | ९५३४ | १०१०६ | १०७१२ | ११३५५ | १२०३६ | ५३७४४ |
| प्रदेश | १८७५२ | २१५६५ | २४९०७ | २८७६८ | ३३५१५ | १२७५०७ |
| स्थानीय | २१२४ | २३३६ | २५७० | २८२७ | ३११७ | १२९७४ |
| **कुल लगानी** | **३०४१०** | **३४००७** | **३८१८९** | **४२९५०** | **४८६६८** | **१९४२२५** |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश*

### ३.९ प्रदेश सरकारको लगानी र स्रोत

कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना अवधिमा प्रदेश सरकारको तर्फबाट कुल रु. १ खर्ब ७ अर्ब ८३ करोड ८० लाख पुँजीगत लगानी हुने अनुमान गरिएको छ। आर्थिक वर्ष २०८०/८१ को प्रदेश सरकारको बजेटमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय हस्तान्तरणको अंश क्रमश २७ प्रतिशत, ५९ प्रतिशत र १४ प्रतिशत रहेको छ। त्यसका आधारमा विस्तारै पुँजीगत खर्चको अनुपात बढाउँदै लगेर दोस्रो पञ्चवर्षीय योजना अवधिमा औसत पुँजीगत खर्च ६४.१ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको छ। त्यसका लागि योजनाको अन्तिम आर्थिक वर्ष २०८५/८६ मा पुँजीगत खर्चको अनुपात ६८.० प्रतिशत पुऱ्याउने गरी प्रक्षेपण गरिएको छ। योजना अवधिमा प्रदेश सरकारको चालु खर्च समेत कुल खर्च रु. १ खर्ब ९९ अर्ब ४ करोड २० लाख हुने अनुमान छ। औसतमा चालु खर्च रु. ६९ अर्ब ९४ करोड ७० लाख (३५.१ प्रतिशत) र पुँजीगत खर्च रु.१ खर्ब २७ अर्ब ५० करोड ७० लाख (६४.१ प्रतिशत) र वित्तीय व्यवस्था ०.८ प्रतिशत हुने अनुमान गरिएको छ।

**तालिका ३.१०: प्रदेश सरकारको प्रक्षेपित लगानी (रु. दश लाखमा)**

| खर्च शिर्षक | प्रक्षेपित लगानी | | | | | |
|---|---|---|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
| चालु बजेट | १२४०८ | १३१५३ | १३९४२ | १४७७९ | १५६६५ | ६९९४७ |
| पुँजीगत बजेट | १८७५२ | २१५६५ | २४९०७ | २८७६८ | ३३५१५ | १२७५०७ |
| वित्तीय व्यवस्था | २५० | २८० | ३१४ | ३५१ | ३९३ | १५८८ |
| कुल बजेट | ३१४१० | ३४९९८ | ३९१६३ | ४३८९८ | ४९५७३ | १९९०४२ |
| **पुँजीगत बजेट प्रतिशत** | **५९.७** | **६२.०** | **६४.०** | **६६.०** | **६८.०** | **६४.१ (औसत)** |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश*

प्रदेश सरकारको लगानी तथा खर्चसँगसँगै खर्च व्यहोर्ने स्रोत समेत प्रक्षेपण गरिएको छ। प्रमुख स्रोतगत रुपमा हेर्दा प्रक्षेपित कुल खर्चको ३५.६४ प्रतिशत प्रदेश सरकारको आन्तरिक स्रोत (प्रदेश सञ्चित कोषको मौज्दात/बचत समेत) स्रोतबाट ब्यहोर्नु पर्ने देखिएको छ। त्यसका लागि प्रदेश सरकारले आन्तरिक राजस्वको दायरा र कर परिपालना दर बढाउनुपर्ने आवश्यकता छ। राजस्वका नयाँ स्रोतहरु खुल्दै जाने, करको दायरा विस्तार हुने उत्पादन वृद्धिबाट राजस्व सङ्कलन बढ्ने आधारमा योजना अवधिमा आन्तरिक स्रोतबाट रु. ३७ अर्ब ८८ करोड ८३ लाख परिचालन हुने अनुमानमा प्रक्षेपण गरिएको छ।

सङ्घीय सरकारबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तशुल्क बापतको राजस्व बाँडफाटबाट प्राप्त हुने आम्दानीको अनुपात कुल प्रक्षेपित आम्दानीको २६.०५ प्रतिशत हुने अनुमान छ। त्यसैगरी, सङ्घीय सरकारबाट वित्तीय हस्तान्तरण अन्तर्गतका अनुदान प्रदेशको आम्दानीको अर्को महत्त्वपूर्ण स्रोत हो। योजना अवधिमा वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र अन्य अन्तर सरकारी पुँजीगत अनुदान समेत गरी जम्मा वित्तीय हस्तान्तरण रु.१ खर्ब ९ अर्ब २९ करोड ४१ लाख वा ५४.९० प्रतिशत प्राप्त गर्ने प्रक्षेपण गरिएको छ।

**तालिका ३.११: प्रमुख स्रोतगत आधारमा प्रदेश सरकारको प्रक्षेपित आम्दानी (रु. दश लाखमा)**

| आर्थिक वर्ष | आन्तरिक स्रोत | | राजस्व बाँडफाँट | | वित्तीय हस्तान्तरण | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | |
| २०८१/८२ | ५९६४.०० | १८.९९ | ९३८५.२६ | २९.८८ | १६०६१.०० | ५१.१३ | **३१४१०.२६** |

| आर्थिक वर्ष | आन्तरिक स्रोत | | राजस्व बाँडफाँट | | वित्तीय हस्तान्तरण | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | |
| २०८२/८३ | ६६७९.६८ | १९.०० | ९८५४.५२ | २८.०२ | १८६३०.७६ | ५२.९८ | **३५१६४.९६** |
| २०८३/८४ | ७४८१.२४ | १८.९७ | १०३४७.२५ | २६.२४ | २१६११.६८ | ५४.८० | **३९४४०.१७** |
| २०८४/८५ | ८३७८.९९ | १९.०० | १०८६४.६१ | २४.६४ | २४८५३.४३ | ५६.३६ | **४४०९७.०४** |
| २०८५/८६ | ९३८४.४७ | १९.१८ | ११४०७.८४ | २३.३१ | २८१३७.२६ | ५७.५१ | **४८९२९.५७** |
| **कुल** | **३७८८८.३८** | **१९.०४** | **५१८५९.४९** | **२६.०५** | **१०९२९४.१४** | **५४.९१** | **१९९०४२.००** |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश*

**तालिका ३.१२: प्रदेश सरकारको प्रक्षेपित लगानीको स्रोत ( रु. दश लाखमा)**

| शिर्षक | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १. | आन्तरिक स्रोत | ८६८.८१ | ११०९.५५ | १४५१.५७ | १९७७.८९ | २८७०.७८ |
| १.१ | कर राजस्व | ८३९.७८ | १०४१.३३ | १२९१.२५ | १६०१.१४ | १९८५.४२ |
| १.२ | गैरकर राजस्व | २९.०३ | ६८.२२ | १६०.३२ | ३७६.७५ | ८८५.३६ |
| २. | मौज्दात | ५३१७.९८ | ५०१३.२ | ४५३४.८ | ३५६६.८३ | १६११.८७ |
| ३. | राजस्व बाँडफाँट | ९३८५.२६ | १०५११.४९ | ११७७२.८७ | १३१८५.६१ | १४७६७.८९ |
| ४. | वित्तीय हस्तान्तरण | १५८३८.२२ | १८५३०.७२ | २१६८०.९४ | २५३६६.७ | २९६७९.०४ |
| ४.१ | समानीकरण अनुदान | १०५३७. | १२३२८.२९ | १४४२४.१० | १६८७६.२ | १९७४५.१५ |
| ४.२ | ससर्त अनुदान | ३५४४.५ | ४१४७.०७ | ४८५२.०७ | ५६७६.९२ | ६६४१.९९ |
| ४.३ | विशेष अनुदान | १२५८.७४ | १४७२.७३ | १७२३.०९ | २०१६.०१ | २३५८.७४ |
| ४.४ | अन्य पुँजीगत अनुदान | ४९८. | ५८२.६४ | ६८१.६८ | ७९७.५७ | ९३३.१६ |
| **जम्मा** | | **३१४१०.२७** | **३५१६४.९६** | **३९४४०.१७** | **४४०९७.०४** | **४८९२९.५७** |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश*

## ३.१० लगानी परिचालन रणनीति

सङ्घीयताको मर्मअनुरुप प्रदेशमा विकासमा लगानी परिचालनको लागि प्रदेशको संस्थागत तथा सँगठनात्मक सुदृढीकरण र दक्ष जनशक्तिको पदपूर्ति आवश्यक रहेको छ । प्रदेशको विशिष्ट आवश्यकता र जनअपेक्षा अनुरुपका विकास कार्यक्रम तथा आयोजना सञ्चालन गर्न आवश्यक लगानीका स्रोत वृद्धिका लागि नीतिगत, कानुनी तथा व्यवहारिक प्रयास गर्नुपर्ने देखिन्छ ।

संभाव्य लगानीकर्तालाई आकर्षण गर्न आवश्यक सहयोग र सहजीकरण गर्न नेपाल सरकारसँगको समन्वयमा उद्यमी व्यवसायीलाई प्रदेशको तर्फबाट छिटो छरितो व्यावसायिक सेवा प्रदान गर्न निजी तथा सार्वजनिक क्षेत्रको साझेदारी मोडलमा छुट्टै लगानी प्रबर्द्धन तथा सहजीकरण इकाइ गठन गरिनेछ । उक्त इकाइबाट तुलनात्मक लाभका क्षेत्रहरुको अध्ययन पहिचान गर्ने, प्रोजेक्ट प्रोफाइल तयार गर्ने, प्रदेश पोर्टल निर्माण गर्ने, संभाव्य लगानीकर्तालाई व्यावसायिक सेवा सुविधाको लागि समन्वय र सहजीकरण हुनेछ । यसले लगानी बोर्ड, उद्योग विभाग लगायत नेपाल सरकारका निकायसँग समन्वय तथा उद्यमीहरुलाई सेवा सुविधा दिने सम्बन्धमा प्रदेश सरकारलाई सुझाव दिने जिम्मेवारी निर्वाह गर्नेछ ।

### ३.१०.१ आन्तरिक राजस्व परिचालन

**(१) राजस्वको संभाव्यता पहिचान र कानुनी आधार विकास गर्ने:** संवैधानिक व्यवस्था अनुसार प्रदेश सरकारको अधिकार क्षेत्रभित्र पर्ने कर तथा गैरकर राजस्वका स्रोत तथा अर्थतन्त्रको क्षमताअनुसार परिचालन गर्न सकिने कर तथा गैर राजस्वको विस्तृत अध्ययन गरी कुल संभाव्यता पहिचान गरिनेछ। संभाव्य राजस्व र परिचालित राजस्वको अन्तर पहिचान गरी राजस्व वृद्धि गर्न उपलब्ध नीति, ऐन, नियम तथा कार्यविधि समयासापेक्ष अद्यावधिक गर्दै लगिनेछ। स्थानीय तह र प्रदेशको साझा अधिकारका क्षेत्रमा विद्यमान द्विविधा सुल्झाउन सम्बन्धित स्थानीय तह, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र सङ्घीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ। तद्अनुरुप राजस्व कानुनको परिपालना वृद्धिका लागि संस्थागत सुधार सहित निजी क्षेत्र र नागरिकको समेत सहभागितामा कर तिर्ने बानीको प्रबर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। कराधार संरक्षण, राजस्वका नयाँ आधारको खोजी तथा करका दर समायोजन, गैरकरलाई लागत प्रभावी र कर प्रशासन्लाई चुस्त र सुदृढ बनाई राजस्वको अधिकार क्षेत्र तथा संभाव्यता अनुसार राजस्व परिचालन गर्ने प्रणाली विकास गरिनेछ। प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने कृषि आयमा कर, घरजग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क लगायतका क्षेत्रमा अध्ययन गरी राजस्व दायरा वृद्धि गरिनेछ। कानुन व्यवस्था नगरी कर, शुल्क तथा दस्तुरमा छुट दिने कार्यलाई नियन्त्रण गरिनेछ। साझा अधिकार क्षेत्र अन्तर्गत सङ्कलन भएको राजस्व सम्बन्धित विभाज्य कोषमा जम्मा गरी समयमै बाडफाँट गरिनेछ। गैरकर राजस्वका संभाव्य क्षेत्रको पहिचान गरी राजस्व सङ्कलनको व्यवस्था गरिनेछ । सवारी साधन कर र यातायात क्षेत्रबाट हुने राजस्व चुहावट र अनियमितता रोक्न निरन्तर अनुगमन गरिनेछ। ढुङ्गा, गिट्टि, वालुला, दहत्तर वहत्तर विक्री वापतको स्थानीय सङ्कलन गरेको राजस्वको ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गराउन स्थानीय तहसँग समन्वय गरिनेछ।

**(२) राजस्व प्रशासन सुदृढीकरण गर्ने:** प्रदेशको अधिकार क्षेत्रका साथै साझा अधिकारका क्षेत्रमा राजस्व प्रशासन सवल र सुदृढ बनाउन राजस्व प्रशासन्लाई सूचना प्रविधिमा आधारित, करदातामैत्री र पारदर्शी बनाइनेछ। कर प्रणालीको आधुनिकीकरण, नियमित अनुगमन तथा मूल्याङ्कनमा समन्वय र सहकार्य स्थापना गरी करदाता र कर्मचारीबिचको सम्पर्क न्यूनीकरण गर्दै स्वेच्छिक कर अनुपालनाको संस्कृति प्रबर्द्धन गरिनेछ। राजस्व वृद्धि र चुहावट नियन्त्रण जस्ता सूचकका आधारमा कर्मचारीलाई प्रोत्साहन र धेरै कर भुक्तानी एवम् कर अनुपालनका आधारमा करदातालाई सम्मान गर्ने परिपाटी अवलम्वन गरिनेछ। भौगोलिक रुपमा विकट क्षेत्र तथा पटके खालका आर्थिक एवम् व्यावसायिक गतिविधिलाई करको दायरामा ल्याउन अनलाईन भुक्तानी र घुम्ती सेवाको विस्तार गरी राजस्व सङ्कलनलाई व्यवस्थित गरिनेछ।

**(३) निजी क्षेत्र, स्थानीय तह तथा प्राज्ञिक क्षेत्रसँग सहकार्य विस्तार गर्ने:** राजस्व प्रणालीलाई तथ्यमा आधारित र व्यावहारिक बनाउन, राजस्वका स्रोतको पहिचान, विविधीकरण तथा करका दर समयानुकुल बनाउन विश्वविद्यालय तथा प्राज्ञिक क्षेत्रसँग सहकार्य गरिनेछ। प्रदेशको अधिकार क्षेत्रभित्रका संभाव्य कर तथा गैरकर राजस्वका स्रोत तथा आयमूलक क्रियाकलापलाई राजस्व प्रशासन्को दायरामा ल्याउन स्थानीय तहसँग समन्वय र साझेदारी गरिनेछ। नागरिकलाई कानुन अनुसार कर, शुल्क तथा दस्तुर तिर्ने अभ्यासको विकास

गराउन र कर चुहावट न्यूनीकरण गर्न निजी क्षेत्रका सङ्घ-संस्थासँग सहकार्य गरिनेछ ।

### ३.१०.२ वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँट

(१) **न्यायोचित बाँडफाँट र हस्तान्तरणका लागि समन्वय, सहकार्य र पैरवी गर्ने**: कार्य तथा खर्च जिम्मेवारी, राजस्व तथा स्रोत बाँडफाँट र अन्तरसरकारी वित्तीय हस्तान्तरण र आन्तरिक ऋण परिचालन लगायत वित्तीय सङ्घीयताका प्रमुख स्तम्भलाई प्रभावकारी बनाउन नेपाल सरकारसँग समन्वय, सहकार्य र पैरवी गरिनेछ । विद्यमान राजस्व तथा रोयल्टी बाडफाँट र वित्तीय हस्तान्तरण प्रणालीलाई प्रगतिशील र समन्यायिक बनाउन नेपाल सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग नियमित पैरवी गरिनेछ । विकास साझेदारबाट प्राप्त हुने ऋण तथा अनुदान पनि वित्तीय हस्तान्तरण मार्फत नै आउने हुँदा त्यस्तो अनुदानका आयोजना विकासलाई प्राथमिकता दिइनेछ । विशेष र सशर्त अनुदान वितरणलाई थप पारदर्शी र न्यायोचित बनाउन नेपाल सरकार तथा विकास साझेदारसँग समन्वय र पैरवी गरिनेछ ।

(२) **छिटो प्रतिफल दिने र हरित वित्त प्राप्त हुने आयोजनालाई प्राथमिकता दिने**: विकास वित्त प्राप्तिका दृष्टिले लक्ष्यित वर्गलाई समेट्ने, विशिष्ट प्रकृतिका आयोजना तथा कार्यक्रम, छिटो सम्पन्न हुने, बढी प्रतिफल दिने र प्रदेशको प्राथमिकताका आयोजना तथा कार्यक्रम पहिचान र विकासलाई प्राथमिकता दिइनेछ । त्यस्ता आयोजनाहरुको सूची नियमित रुपमा अद्यावधिक गरी प्रादेशिक तथा सङ्घीय आयोजना बैङ्क मार्फत वित्तीय हस्तान्तरण परिचालनका लागि पहल गरिनेछ । विपद् उत्थानशीलता प्रबर्द्धन गर्ने, जलवायु परिवर्तन अनुकुलन तथा असर न्यूनीकरण गर्ने, हरित तथा चक्रीय अर्थतन्त्र विकासमा सहयोग गर्ने र खुद शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिलमा योगदान गर्ने आयोजनाहरुको विकास गरी हरित वित्त परिचालनमा जोड दिइनेछ ।

(३) **अन्तरप्रदेश र अन्तरस्थानीय तह सम्बन्ध सुदृढ बनाउने**: राजस्व संभाव्यता, सङ्कलन, प्राकृतिक स्रोत परिचालन, वित्तीय हस्तान्तरण लगायतका कार्यमा स्पष्ट कार्यजिम्मेवारी बाँडफाँट र अधिकारको परिपालनामा जोड दिन सीमा जोडिएका प्रदेश र कर्णाली प्रदेश स्थानीय तहसँग समन्वय, सहकार्य र सम्बन्ध प्रगाढ बनाइनेछ । छिमेकी प्रदेशसँग सहलगानी र साझेदारीका क्षेत्र पहिचान गरी सङ्घीय आयोजना मार्फत विकास प्रक्रियालाई गतिशील तुल्याइनेछ । स्थानीय सरकारलाई प्रदान गरिने ससर्त, समपुरक र विशेष अनुदानलाई प्राथमिकता क्षेत्रमा खर्च गर्ने व्यवस्था गरिनेछ ।

### ३.१०.३ समुदायको बचत तथा निजी लगानी

(१) **समुदायको बचत परिचालन गर्ने**: वित्तीय साक्षरता प्रबर्द्धन, वित्तीय सेवामा पहुँच विस्तार र उद्यमशीलता मार्फत आय-आर्जनका अवसर सिर्जना गरी समुदायस्तरमा छरिएर रहेको बचतलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न प्रोत्साहन गरिनेछ । विश्वविद्यालय तथा अन्य शैक्षिक संस्था र वित्तीय संस्थासँग समन्वय र सहकार्य गरी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ । स-सानो पुँजीलाई उद्यम विकास, स्वरोजगारमूलक र आयमूलक गतिविधिमा लगाउने र बचतलाई पुनःलगानीको वातावरणमा सहजीकरण गर्न बैङ्क, वित्तीय संस्था र सहकारीलाई परिचालन गरिनेछ । उद्यमशीलता विकास कार्यक्रम मार्फत सूचना प्रविधिमा आधारित उद्यम र उत्पादनशील क्षेत्रमा थप लगानीका लागि सहजीकरण गरिनेछ ।

(२) **व्यावसायिक वातावरण सुधार गरी ठूला लगानी आकर्षित गर्ने**: यस प्रदेशमा निजी लगानीका ठूला उद्योग व्यवसाय तथा आयोजना प्रबर्द्धनका लागि भौतिक पूर्वाधार विकास तथा विस्तारमा प्रदेशको सार्वजनिक लगानी वृद्धि गरिनेछ । प्राथमिकता प्राप्त क्षेत्र तथा आयोजना र कार्यक्रममा लगानी गर्न निजी क्षेत्रलाई सहुलियत प्रदान गरिनेछ । सार्वजनिक-निजी साझेदारी, सार्वजनिक-सहकारी साझेदारी, सार्वजनिक-समुदाय-गैरसरकारी साझेदारीमा जोड दिई निजी तथा गैरसरकारी क्षेत्रको लगानी विस्तार गरिनेछ । प्रदेशका सम्भावित लगानीका क्षेत्र पहिचान गरी लगानी आकर्षण गर्न नाफामूलक तथा आकर्षक आयोजनाको सूचीसहित लगानी सम्मेलन तथा प्रबर्द्धनात्मक कार्यक्रमको आयोजना गरिनेछ । प्रदेशका विकासका संभाव्य क्षेत्रमा गैर आवासीय नेपालीको लगानीका साथै वैदेशिक लगानीलाई आकर्षण र प्रोत्साहन गरिनेछ ।

(३) **सुशासन र संस्थागत क्षमता अभिवृद्धि गर्ने**: दिगो लगानीका लागि अनुकुल वातावरण सिर्जना गर्न नीतिगत तथा कानुनी व्यवस्था, सक्षम तथा सुदृढ शासन् प्रणाली, पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि गरिने छ । मानव पुँजी निर्माण तथा ज्ञान प्रबर्द्धनमा थप लगानी गरिने छ । प्रभावकारी अनुगमन तथा नियमनबाट निजी तथा गैरसरकारी सेवा प्रदायकको कार्यान्वयन दक्षतामा सुधार गरिने छ । उद्यमशीलता प्रबर्द्धन र रोजगारी सिर्जना मार्फत प्रदेशको समृद्धिमा योगदान पुऱ्याउने निजी उद्यमी, लगानीकर्ता तथा करदातालाई सम्मान गर्ने परिपाटी बसालिनेछ ।

(४) **लगानी प्राथमिकताका क्षेत्र पहिचान गर्ने**: प्रदेशमा उच्च प्रतिफल दिने र लगानीका लागि प्रचुर संभावना भएका क्षेत्र तथा आयोजना पहिचानका लागि विकास साझेदारको सहकार्यमा अध्ययन तथा अनुसन्धान गरिनेछ । प्रदेशको आवश्यकता, स्रोत र विकासको संभावनाको आधारमा लगानीका लागि प्राथमिकताका क्षेत्र पहिचान गरी ती क्षेत्रमा लगानी प्रोत्साहन गर्न प्रदेश तथा स्थानीय सरकारको सहकार्यमा सार्वजनिक-निजी साझेदारीलाई प्रबर्द्धन गरिनेछ । समावेशी, सहभागितामूलक र न्यायपूर्ण विकास सुनिश्चित गर्न दिगो विकास लक्ष्य (SDGs) सँग स्रोत परिचालनको तादात्म्यता मिलाईने छ । आर्थिक गतिशीलता र रोजगारी सिर्जनामा स्रोतको परिचालन गर्न लगानी, नवप्रवर्तन र उद्यमशीलतालाई प्रोत्साहन गरिने छ । बैङ्क, वित्तीय तथा सहकारी संस्थालाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिने छ । लगानीमैत्री वातावरण तयारी गरी तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका वस्तु तथा सेवाको उत्पादनको प्रबर्द्धन गर्दै आत्मनिर्भरताउन्मुख अर्थतन्त्रको विकास गरिनेछ ।

### ३.१०.४ सार्वजनिक खर्चको दक्षता वृद्धि

(१) **पञ्चवर्षीय योजनामा आधारित बजेट प्रणालीको विकास गर्ने**: प्रादेशिक नीति तथा प्रञ्चवर्षीय योजनाले परिलक्षित गरेअनुरुप प्राथमिकता प्राप्त क्षेत्रमा उच्च प्रतिफल दिने आयोजना छनोट गरी बजेट विनियोजन गरिने छ । बजेट तर्जुमा प्रक्रियामा आयोजना बैङ्क तथा मध्यमकालीन खर्च संरचना जस्ता व्यवस्थापकीय औजारलाई अनिवार्य र व्यवस्थित बनाइने छ । संस्थागत सुदृढीकरण तथा क्षमता विकासमार्फत प्रदेश तहमा लैङ्गिक उत्तरदायी, जलवायुमैत्री र दिगो विकास लक्ष्यमैत्री बजेट प्रणालीलाई प्रभावकारी बनाउने र यस प्रक्रियामा स्थानीय सरकारलाई समेत सहयोग र सहजीकरण गरिनेछ । प्रदेश सरकारको विनियोजन कुशलता र कार्यान्वयन दक्षताबिच तादात्म्य कायम गरी वित्तीय सुशासन्मार्फत सार्वजनिक खर्चको दक्षता अभिवृद्धि गरिनेछ ।

(२) **नतिजाका आधारमा आयोजना प्राथमिकीकरण र बजेट विनियोजन गर्नेः** बढी प्रतिफल दिने र निजी क्षेत्रको लगानी आकर्षित गर्न योगदान पुऱ्याउने रणनीतिक कार्यक्रम तथा आयोजना छनोट गरी सोको लागि बजेट सुनिश्चित गरिनेछ। प्राथमिकता प्राप्त आयोजनामा पर्याप्त बजेट विनियोजन गरी खर्च क्षमता बढाइनेछ। खरिद योजना, निर्माण व्यवसायीसँगको करार सम्झौता, प्रभावकारी ठेक्का व्यवस्थापन र आयोजना प्रमुखसँगको कार्यसम्पादन सम्झौता मार्फत आयोजनामा सुशासन कायम गरिनेछ। गैरसरकारी संस्था तथा समुदायमा आधारित संस्थालाई प्राथमिकता प्राप्त क्षेत्र, आयोजना तथा कार्यक्रममा लगानी गर्न प्रोत्साहन गरिनेछ।

(३) **अन्तरसरकारी सहकार्यमा खर्चको दक्षता अभिवृद्धि गर्नेः** सँगठन तथा व्यवस्थापन सर्वेक्षणमार्फत मन्त्रालय र अन्तर्गतका निकाय तथा कार्यालयमा चुस्त सँगठन संरचना र दक्ष जनशक्तिको व्यवस्था सुनिश्चित गरिने छ। कर्मचारीलाई प्राविधिक र विषयगत क्षेत्रमा तालिम र पुनर्ताजगी तालिम प्रदान गरी सार्वजनिक खर्चको कुशलतापूर्वक व्यवस्थापन गरिने छ। आयोजना तथा कार्यक्रम कार्यान्वयनको प्रगतिलाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ। सूचक, रणनीति र कार्यक्रम मार्फत तहगत सरकारले तर्जुमा गर्ने नीति, योजना, मध्यमकालीन खर्च संरचना, बजेट र वार्षिक कार्यक्रमबिच तहगत/ठाडो (Vertical) र समानान्तर/तेर्सो (Horizontal) सम्बन्ध तथा अन्तर-आबद्धता कायम गरिनेछ।

**३.१०.५ आन्तरिक ऋण**

(१) **आन्तरिक ऋण परिचालनका लागि नीतिगत तथा कानुनी व्यवस्था गर्ने:** आन्तरिक ऋण परिचालन सम्बन्धी नीति, कानुनी, मापदण्ड र संस्थागत व्यवस्था गरी त्यसलाई सुदृढ गरिनेछ। मापदण्ड तयार, आयोजना विकास तथा दिगो संस्थागत व्यवस्था गरी आन्तरिक ऋण परिचालन गरिनेछ।

(२) **उच्च र दिगो प्रतिफल दिने आयोजनामा आन्तरिक ऋण परिचालन गर्नेः** प्रचलित कानुनको सीमाभित्र रहेर उच्च र दिगो प्रतिफलयुक्त आयोजनामा आन्तरिक ऋण परिचालन गर्ने नीति लिइनेछ। उच्च र दिगो प्रतिफल दिने आयोजना पहिचान, संभाव्यता अध्ययन, प्रस्ताव तयारी सहित आयोजना बैङ्क र व्यवस्थापन सूचना प्रणाली तयार गरी ऋण परिचालन गर्ने प्रणालीलाई संस्थागत गर्दै लगिनेछ ।

**३.१०.६ वैदेशिक सहायता**

(१) **प्रदेश प्राथमिकताका आयोजनामा वैदेशिक सहायता परिचालन गर्नेः** अध्ययन तथा विश्लेषण भएका एवम् आयोजना बैङ्कमा प्रविष्ट भएका उच्च प्रतिफलयुक्त आयोजनामा वैदेशिक सहयोग परिचालन गर्न नेपाल सरकारसँग समन्वय गरिनेछ। सम्भावित आयोजनामा प्रतिफल र आन्तरिक स्रोतको उपलब्धता विश्लेषण गरी वैदेशिक सहयोग परिचालन गर्न नेपाल सरकारसँग पैरवी गरिनेछ।

(२) **जलवायु वित्तमा पहुँच बढाउनेः** प्रदेशको प्राथमिकताका कृषि, पर्यटन, उद्योग, जलस्रोत तथा ऊर्जा क्षेत्रमा आयोजनाको विकास गरी जलवायु वित्त परिचालनको लागि आधार तयार गरिनेछ। कार्बन व्यापारबाट प्रदेशले प्राप्त गर्ने वित्तीय स्रोत हासिल गर्न आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गर्न नेपाल सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

## ३.११ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| **१** | **आन्तरिक राजस्व परिचालन** | |
| १ | राजस्व संभाव्यता अध्ययन तथा नीतिगत, कानुनी र संस्थागत विकास | संवैधानिक व्यवस्था अनुसार प्रदेश सरकारको क्षेत्राधिकार भित्र पर्ने कर तथा गैरकर राजस्वका स्रोत तथा परिचालन गर्न सकिने राजस्वको विस्तृत अध्ययन गरी कुल संभाव्यता पहिचान, सो सम्बन्धी नीति, ऐन नियम तथा कार्यविधि समयासापेक्ष अद्यावधिक भएको हुनेछ । |
| २ | राजस्व प्रशासन सुदृढीकरण | कराधार संरक्षण, कर चुहावट पहिचान तथा नियन्त्रण, करका दर पुनरावलोकन, गैरकरको लागत प्रभावी, कर चुहावटको क्षेत्र पहिचान र नियन्त्रण, राजस्वका संभाव्य क्षेत्रको अध्ययन, राजस्व सुधार कार्ययोजना, नियमन, अनुगमन संयन्त्र निर्माण र सबलीकरण भएको हुनेछ । |
| ३ | जनसमुदाय, निजी क्षेत्र, स्थानीय तह तथा प्राज्ञिक क्षेत्र परिचालन | प्रदेशको अधिकार क्षेत्रभित्रका संभाव्य सबै राजस्वका स्रोत तथा आयमूलक क्रियाकलापलाई न्यायोचित ढङ्गबाट राजस्वको दायरामा ल्याउन नेपाल सरकार तथा स्थानीय तहसँग समन्वय र साझेदारी भएको हुनेछ । |
| **२** | **राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरण** | |
| ४ | सङ्घ, प्रदेश, स्थानीय तह, विकास साझेदार, समन्वय, सहकार्य र साझेदारी विकास तथा प्रबर्द्धन कार्यक्रम | विद्यमान वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँटको प्रणालीलाई प्रगतिशील र समन्यायिक बनाउन सङ्घ सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग समन्वय र पैरवी भएको हुनेछ । |
| ५ | हरित वित्त परिचालन कार्यक्रम | विपद् उत्थानशीलता प्रबर्द्धन गर्ने, जलवायु परिवर्तन अनुकुलन तथा असर न्यूनीकरण गर्ने, हरित तथा चक्रीय अर्थतन्त्र विकासमा सहयोग गर्ने र खुद शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिलमा योगदान गर्ने आयोजनाको विकास भई हरित वित्त परिचालन भएको हुनेछ । |
| ६ | अन्तरप्रदेश र स्थानीय तह साझेदारी विकास कार्यक्रम | सीमा जोडिएका प्रदेश र स्थानीय तहसँग सहकार्य र साझेदारीको सिद्वान्तमा सम्बन्ध सुदृढ हुने र सहलगानी र साझेदारीका क्षेत्र पहिचान भई कार्यान्वयन भएका हुनेछन् । |
| **३** | **समुदाय बचत तथा निजी लगानी** | |
| ७ | वित्तीय साक्षरता कार्यक्रम | वित्तीय साक्षरता प्रबर्द्धन, वित्तीय सेवामा पहुँच विस्तार र उद्यमशीलता मार्फत आयआर्जनका अवसर सिर्जना गरी समुदायस्तरमा छरिएर रहेको बचतलाई उत्पादनमूलक क्षेत्रमा परिचालन भएको हुनेछ । |
| ८ | नवउद्यम र उत्पादनशील उद्यमशीलता विकास कार्यक्रम | उद्यमशीलता विकासका कार्यक्रम मार्फत सूचना प्रविधिमा आधारित नवउद्यम र उत्पादनशील क्षेत्रमा थप लगानी वातावरण निर्माणा भएका हुनेछ । |
| **४** | **सार्वजनिक खर्च** | |
| ९ | बजेट तर्जुमा प्रक्रिया तथा प्रणाली संस्थागत सुदृढीकरण तथा क्षमता विकास कार्यक्रम | आयोजना बैङ्क तथा मध्यमकालीन खर्च संरचना जस्ता व्यवस्थापकीय औजारको अवलम्वन संस्थागत सुदृढीकरण तथा क्षमता विकास मार्फत प्रदेश तहमा लैङ्गिक उत्तरदायी, जलवायुमैत्री र दिगो विकास लक्ष्यमैत्री बजेट प्रणाली संस्थागत भएको हुनेछ । |
| १० | आयोजना व्यवस्थापन सुधार तथा सुशासन कार्यक्रम | खरिद योजना, निर्माण व्यवसायीसँगको करार सम्झौता, प्रभावकारी ठेक्का व्यवस्थापन र आयोजना प्रमुखसँगको कार्यसम्पादन सम्झौतामार्फत आयोजना व्यवस्थापनमा सुधार सुशासन कायम भएको हुनेछ । |
| **५** | **आन्तरिक ऋण** | |
| ११ | आन्तरिक ऋण परिचालनसम्बन्धी नीति, कानुन, मापदण्ड र संस्थागत | आन्तरिक ऋण परिचालनसम्बन्धी नीति, कानुन, मापदण्ड र संस्थागत संयन्त्रको विकास र ऋण परिचालन भएको हुनेछ । |

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| | संयन्त्र विकास तथा परिचालन | |
| १२ | उच्च र दिगो प्रतिफल दिने आयोजना पहिचान, संभाव्यता अध्ययन, प्रस्ताव तयारी सहित आयोजना बैङ्क र व्यवस्थापन सूचना प्रणाली तर्जुमा तथा सञ्चालन | उच्च र दिगो प्रतिफल दिने आयोजना पहिचान, संभाव्यता अध्ययन, प्रस्ताव तयारी सहित आयोजना बैङ्क र व्यवस्थापन सूचना प्रणाली तयार गरी ऋण परिचालन गरिनेछ। |
| ६ | **वैदेशिक सहायता** | |
| १३ | प्रदेश प्राथमिकताका आयोजना अध्ययन, विश्लेषण तथा विकास | अध्ययन तथा विश्लेषण भएका प्रदेश प्राथिमकता तथा उच्च प्रतिफलयुक्त आयोजनामा वैदेशिक सहयोग परिचालनमा नेपाल सरकारसँग समन्वय भएको हुनेछ। |
| १४ | कार्बन व्यापार आयोजना विकास तथा वित्तीय स्रोत परिचालन | प्रदेशको प्राथमिकताका कृषि, पर्यटन, उद्योग, जलस्रोत तथा ऊर्जा क्षेत्रमा कार्बन व्यापार आयोजनाको विकास, सञ्चालन र जलवायु वित्त परिचालनको लागि आधार तयार भएको हुनेछ। |

परिच्छेद ४

# कृषि, भूमि व्यवस्था र सहकारी

४.१ कृषि ४५

४.२ पशुपन्छी तथा मत्स्य ५३

४.३ खाद्य सुरक्षा तथा सम्प्रभुता ५७

४.४ भू-उपयोग तथा भूमि व्यवस्था ६१

४.५ सहकारी तथा वित्तीय सेवा ६४

# परिच्छेद-चार
# कृषि, भूमि व्यवस्था र सहकारी

## ४.१ कृषि

### ४.१.१ पृष्ठभूमि

नेपालको कृषि क्षेत्र देशको आर्थिक विकासको मेरुदण्ड तथा समृद्धिको मुख्य आधार पनि हो । यस क्षेत्रले ग्रामीण क्षेत्रमा जनजीविकाको मुख्य स्रोतको रुपमा योगदान पुऱ्याउदै आएको छ । कृषि क्षेत्रले देशको कुल गार्हस्थ्य उत्पादनमा २३.९ प्रतिशत र रोजगारीमा ६२ प्रतिशत योगदान गरीरहेको छ । नेपालमा दीर्घकालीन कृषि योजना (सन् १९९५-२०१५) कार्यान्वयन पश्चात हाल २० वर्षे कृषि विकास रणनीति (सन् २०१५-२०३५) कार्यान्वयन रहेको छ । हालसम्मका महत्त्वपूर्ण उपलब्धि, सिकाइ र वर्तमान आवश्यकतालाई आत्मसात गरेर कर्णाली प्रदेशले व्यावसायिक तथा प्राङ्गारिक कृषिलाई प्रदेश विकासको रुपान्तरणकारी क्षेत्रका रुपमा पहिचान गरी नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गरीरहेको छ ।

प्राङ्गारिक कृषिमा मूल्य अभिवृद्धि, बाली विविधीकरण, व्यवसायीकरण र औद्योगिकीकरण मार्फत कृषि पेसामा आवद्ध जनसङ्ख्याको आत्मसम्मान र जीवनस्तर सुधार गर्न आवश्यक छ । प्राङ्गारिक कृषिको विस्तारबाट स्वच्छ, पोषणयुक्त र बहुउपयोगी खाद्यवस्तुको उत्पादन वृद्धि, रोजगारी सिर्जना, आयआर्जन र निर्यात प्रबर्द्धन प्रचुर संभावना रहेको छ । नेपाल सरकार र राजनैतिक दलको प्रतिबद्धता रहनु, उत्पादित प्राङ्गारिक कृषि उपजको माग विश्व बजारमा समेत बढ्दै जानु र प्राङ्गारिक उत्पादनमा निजी क्षेत्रलगायत बैङ्क तथा वित्तीय संस्थाको लगानी बढ्नु, तीनवटै तहका सरकारको तर्फबाट व्याज अनुदान तथा अन्य सहुलियतका कार्यक्रम उपलब्ध हुनु, प्रमुख कृषि पकेट क्षेत्र सडक सञ्जाल र पर्यटन बजारसँग जोडिनु आदिले प्राङ्गारिक कृषिको अभियानमा थप अवसर सिर्जना भएको छ । भुटान र भारतको सिक्किम राज्यले प्राङ्गारिक कृषि अभियानसँग पर्यटन जोडेर आम्दानीको प्रमुख स्रोतको रुपमा स्थापित गरीरहेको सन्दर्भमा कर्णाली प्रदेशमा पनि यसै प्रकारले कृषि पर्यटन विकासको संभावना रहेको छ । भूगोल र जलवायुको आधारमा क्षेत्रगत वर्गीकरण गरी अनुसन्धान तथा अन्य बाली विविधिकरण, व्यवसायीकरण र आधुनिकीकरण गरिनेछ ।

### ४.१.२ विद्यमान अवस्था

प्रदेशको भूगोल, जलवायु तथा वातावरण प्राङ्गारिक कृषिका लागि अत्यन्तै उपयुक्त रहेको छ । यस प्रदेशको जीवनशैली, खेती प्रणाली र ग्रामीण अर्थतन्त्र पूर्ण रुपमा प्राकृतिक स्रोत र अर्थतन्त्रको प्राथमिक क्षेत्रमा आधारित छ । यस्तो प्रकृतिमा आधारित अर्थतन्त्र र स्रोतसाधनको विविधतामा टेकेर हरित अर्थतन्त्र निर्माणको दिशामा अग्रसर हुनु अहिलेको आवश्यकता हो । भौगोलिक तथा जैविक विविधता प्रशस्त रहेको यस प्रदेशको हिमाली तथा उच्च पहाडी क्षेत्र तुलनात्मक रुपमा प्राङ्गारिक अवस्थामा नै रहेका र प्रदेशका अन्य भागहरुमा समेत रासायनिक मल र विषादीको प्रयोग न्यून रहेको कारण व्यावसायिक रुपमा प्राङ्गारिक खेती प्रबर्द्धन गर्न सहज रहेको अवस्था छ । प्रदेश सरकारले कृषि भूमिको उर्वराशक्ति तथा उत्पादन क्षमतालाई दिगो र पर्यावरणीय रुपमा सन्तुलित

राख्दै स्वस्थकर र गुणस्तरीय प्राङ्गारिक कृषिजन्य उत्पादनको उपभोग तथा बजारीकरणमा टेवा पुऱ्याउन कर्णाली प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६ कार्यान्वयनमा ल्याएको छ।

राष्ट्रिय कृषि गणना-२०७८ अनुसार प्रदेशको कुल जनसङ्ख्याको ८७.९५ प्रतिशत जनसङ्ख्या कृषिमा आश्रित रहेको देखिन्छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान एक तिहाइभन्दा धेरै रहेको छ। यस प्रदेशका रैथाने बालीको संरक्षण तथा प्रबर्द्धन गर्दै कृषिमा विविधीकरण, आधुनिकीकरण तथा यान्त्रिकीकरणका माध्यमबाट प्रतिस्पर्धी बनाई प्राङ्गारिक र उच्च मूल्यको बालीवस्तुको उत्पादन बढाएर ग्रामीण अर्थतन्त्रको रुपान्तरणमा योगदान गर्ने संभावना रहेको छ। प्रदेशका हिमाली, पहाडी र भित्री मधेश क्षेत्रमा विभन्न प्रकारका खाद्यान्न, दहलन, तेलहन, मसलाबाली, फलफूल, तरकारी, नगदेबाली र अन्य प्रकारका रैथानेबालीको उत्पादन तथा बजारीकरण भईरहेको छ।


**तालिका ४.१:** प्रमुख कृषिबालीहरुको उत्पादन र उत्पादकत्व

| प्रमुख बाली | उत्पादन तथा क्षेत्रफल (आर्थिक वर्ष २०७९/८०) | | |
|---|---|---|---|
| | क्षेत्रफल (हेक्टर) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हेक्टर) |
| खाद्यान्न बाली | २३०२९९ | ५५२९३० | २.४० |
| दलहन बाली | १९०२४ | २४३७२ | १.२८ |
| तेलहन बाली | १७८२६ | १७७२० | ०.९९ |
| आलु | १२७५७ | २२०७९० | १७.३१ |
| मसला बाली | ५८७७ | ६२५९० | १०.६५ |
| फलफूल | २०३४६ | १७८६३८ | ८.७८ |
| तरकारी | १३२३९ | १४९४६८ | ११.२९ |

स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय।

आर्थिक वर्ष २०७५/७६ मा खेती गरिएको जमिन मध्ये १५.५ प्रतिशत क्षेत्रफलमा वर्षैभरी सिँचाई सुविधा उपलब्ध रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा सो सुविधा २७ प्रतिशत क्षेत्रफलमा विस्तार भएको छ। यसबाट बाली सघनतामा वृद्धि हुनुका साथै कृषिको उत्पादन र उत्पादकत्वमा वृद्धि भईरहेको छ। प्रदेशभर ७९ वटै स्थानीय तहमा एक स्थानीय तह एक कृषि प्राविधिकको अवधारणाअनुसार सेवा प्रवाह भईरहेको छ। व्यावसायिक कृषिका लागि बैङ्क मार्फत लगानी भएको ५ करोडसम्मको ऋणको ब्याजमा ७ प्रतिशत तथा सहकारी मार्फत लगानी भएको ५० हजार देखि ५ लाख सम्मको ऋणको ब्याजमा १० प्रतिशत छुट सुविधाबाट १,३५७ जना कृषक प्रत्यक्ष लाभान्वित भएका छन्।

**चित्र ४.१: खेती गरिएको क्षेत्रफलका आधारमा प्रमुख बालीहरु (२०७९/८०)**




स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश

जलवायु परिवर्तनको जोखिम न्यूनीकरणका लागि जलवायु अनुकुल कृषि प्रविधिको विकास र प्रचार-प्रसार भईरहेको छ । कृषि उत्पादनलाई प्रोत्साहन गर्न सरकारको तर्फबाट सञ्चालित अनुदान कार्यक्रममा कृषि विमालाई अनिवार्य गरिएको छ । आर्थिक वर्ष २०८०/८१ बाट काउली र बन्दाको न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने कार्यको थालनी गरिएको छ । आर्थिक वर्ष २०७९/८० देखि "मूल्यवान कर्णाली किसानको सम्पदा" नामक लोगोको प्रयोग गरी कर्णालीका उत्पादनको ब्रान्डिङ तथा प्याकेजिङ गरी बजार प्रबर्द्धन सुरु गरिएको छ । यसले अन्य प्रदेशमा जाने उत्पादनको माग बढ्न गई आर्थिक वर्ष २०७९/८० मा ३ अर्बभन्दा बढीको कृषि उपज प्रदेश बाहिर निर्यात भएको अवस्था छ । यसैक्रममा प्रदेशमा उत्पादित ३४५ मे.टन. सुकेको अदुवा र बेसार प्राङ्गारिक प्रमाणीकरण भई "मूल्यवान कर्णाली किसानको सम्पदा" लोगोका साथ यूरोपमा निर्यात भएको छ । प्रदेशका मुख्य विमानस्थलहरुमा र केही जिल्लाहरुमा रैथाने बाली बिक्रीको लागि कोशेली घरको स्थापना भएका छन् । प्राङ्गारिक मल तथा जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गर्न लागत मूल्यमा ५० प्रतिशत अनुदानका कार्यक्रमहरु संचालित छन् ।

कर्णाली प्रदेशको भौगोलिक विविधता र पारिस्थितिकीय विशिष्टताअनुसार धैर किसिमका बालीको उत्पादन गर्न सकिने संभावना भए तापनि प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले कृषकहरुको पहुँच, उपयुक्त क्षेत्रफल, बजार माग तथा मूल्य अभिवृद्धिको संभावनाको आधारमा प्रमुख संभाव्य बाली तथा पशुपन्छीलाई प्राथमिकीकरण गरेको छ । यसबाहेक अन्य नवीनतम प्रविधिका संभावनायुक्त नगदेबाली तथा पशुपन्छीलाई पनि वार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरीदै आएको छ ।

**तालिका ४.२: उच्च संभावना भएका कृषि बाली तथा पशुपन्छी क्षेत्र**

| क्र.स. | जिल्ला | उच्च संभावना भएका वस्तुहरु | |
|---|---|---|---|
| | | कृषिजन्य वस्तुहरु | पशुपन्छीजन्य वस्तुहरु |
| १ | डोल्पा | स्याउ/ओखर ,सिमि, तरकारीको विउ र रैथाने बाली | भेडा, बाख्रा र चौरीपालन |
| २ | मुगु | सिमीस्याउ ,/ओखर र रैथाने बाली | चौंरी, भेडा, बाख्रा, च्याङग्रा पालन |
| ३ | हुम्ला | सिमीस्याउ ,/ओखर र रैथाने बाली | चौंरी , भेडा र च्याङ्ग्रा पालन |
| ४ | जुम्ला | सिमीस्याउ ,/ओखर, आलु, मार्सी धान र रैथाने बाली | भेडा , कालिज, बाख्रा पालन, |
| ५ | कालिकोट | सिमीओखर ,/ स्याउ र रैथाने बाली | भैँसी, बाख्रा र कुखुरा पालन |
| ६ | रुकुम पश्चिम | तरकारी र खाद्यान्नको बिऊ उत्पादनअदुवा , र सुन्तला | भैँसी, कुखुरा र बाख्रा पालन |
| ७ | सल्यान | अदुवा, तरकारी र खाद्यान्नको बिऊ उत्पादन र सुन्तला जातका फलफूल | भैँसी, कुखुरा र बाख्रा पालन |
| ८ | जाजरकोट | मकै , भटमास र मौरीपालन | भैँसी, कुखुरा र बाख्रा पालन |
| ९ | दैलेख | सुन्तला जातका फलफूल ,ताजा तरकारी र तरकारी तथा खाद्यान्नको बिऊ र आलु | भैँसी, कुखुरा र बाख्रा पालन |
| १० | सुर्खेत | तरकारी तथा खाद्यान्नको बिऊ उत्पादन, ताजा तरकारी र मौरीपालन | भैँसी, कुखुरा र बाख्रा पालन |

स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश।

कर्णाली प्रदेश सरकारको मिति २०७४/११/६ मा बसेको पहिलो बैठकबाट कर्णालीलाई प्राङ्गारिक प्रदेशको रुपमा स्थापित गराउन प्राङ्गारिक कृषिका आधारहरु तयार गरी रैथाने बालीको संरक्षण तथा प्रबर्द्धन गर्ने निर्णयअनुसार कर्णालीमा रैथाने बालीहरु कोदो फापर, मार्सी धान, सिमी, कागुनो, चिनो, जुनेलो र उवालाई छनोट गरिएको छ । यस प्रदेशमा रैथाने बालीहरु जम्मा ४८ हजार ६ सय ५८ मेट्रिक टन उत्पादन हुने र त्यसको न्यूनतम ४० प्रतिशतका आधारमा १९ हजार ४ सय ६४ मेट्रिक टन प्रशोधनका लागि खरिद गर्न सकिने अनुमान गरिएको छ । कर्णालीमा

उत्पादित रैथाने बालीहरुको सङ्कलन, प्रशोधन, ब्रान्डिङ र बजारीकरणबाट मूल्य अभिवृद्धि गर्ने योजना सहित सुर्खेतमा अत्याधुनिक प्रविधि सहितको स्वचालित रैथाने बाली प्रशोधन केन्द्रको स्थापना गर्ने निर्णय भई यससम्बन्धी प्रक्रिया अघि बढाइएको छ । कृषकहरुबाट रैथाने बालीहरु सङ्कलन, प्रशोधन तथा कर्णालीको पहिचान दिने `मूल्यवान कर्णाली किसानको सम्पदा´ लोगो तयार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री सुनिश्चितता गर्दै कृषकको आयआर्जन र प्राङगारिक कृषि प्रबर्द्धनमा सहयोग पुऱ्याउने यसको मुख्य उद्देश्य रहेको छ।

### ४.१.३ मुख्य सवाल तथा चुनौती

**(१) रैथाने बाली संरक्षण र प्राङ्गारिक कृषि अभ्यासः** वैदेशिक रोजगारी र आन्तरिक बसाइसराईका कारण प्राङ्गारिक कृषिका लागि उत्पादनशील जनशक्ति पलायन हुनु, उपयुक्त ग्रामीण क्षेत्रहरु विस्तारै खाली हुँदै जानु, कृषि क्षेत्रमा युवा जनशक्तिको आकर्षण र संलग्नता बढाउन नसक्नु यससम्बन्धी मुख्य सवाल हुन् । खेतीयोग्य जमिन बाँझो रहनु, गुणस्तरीय कृषि सामग्री तथा उन्नत मल बीउको उपलब्धता सहज नहुनु, जलवायु परिवर्तन अनुकूलित रैथाने बालीको दिगो संरक्षण तथा सम्बर्धन र भूगोल सुहाँउदो कृषि यान्त्रिकीकरण हुन नसक्नु आदि कृषि क्षेत्रका अन्य सवालहरु हुन । खानपिनमा रैथाने बालीहरुको अनुपात क्रमशः घट्दै जानु पनि प्रमुख सवालका रुपमा देखिएको छ । सर्वसुलभ कृषि विमाको पहुँच विस्तार, उत्पादकत्व वृद्धि, कृषि उत्पादन र उपभोक्ताबिचको मूल्य श्रृङ्खला सुदृढीकरण गर्नु चुनौतीपूर्ण रहेको छ।

**(२) सुशासन, वन्यजन्तु व्यवस्थापन तथा विषादी नियमनः** कृषि व्यवसायमा अनुदानमुखी सोच हावी हुनु, व्यावसायिक खेतीमा जैविक प्रविधि, नवप्रवर्तन र सिर्जनशीलता विकास तथा प्रयोग हुन नसक्नु, सेवा प्रदायक निकाय, कर्मचारी तथा सेवाग्राहीको क्षमता अपेक्षित रुपमा वृद्धि हुन नसक्नु सवाल रुपमा रहेका छन् । व्यावसायिक कृषिमा जैविक प्रविधि तथा कृषिमा नवप्रवर्तन र सिर्जनशीलता प्रयोग गर्नु, प्राङ्गारिक कृषि उन्मुख अनुसन्धान, शिक्षण तथा तालिम र कृषि क्षेत्रको प्राङ्गारिक वर्गीकरण र विषादी प्रयोगको नियमन गर्नु, कृषि क्षेत्रमा सञ्चालन गरिने कार्यक्रम, आयोजना तथा क्रियाकलापमा सुशासन कायम गर्नु र वन्यजन्तुको बढ्दो प्रकोप नियन्त्रण गर्नु चुनौती रहेका छन्।

**(३) कृषि उत्पादनको व्यवसायीकरण, विविधीकरण तथा बजारीकरणः** कृषि उत्पादनको विविधीकरण, व्यवसायीकरण, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र बजारीकरण गर्नु दिगो कृषि विकासको प्रमुख सवालका रुपमा रहेको छ। रैथाने बाली पहिचान, दर्ता, उत्पादन, भण्डारण, प्रमाणीकरण तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार हुन नसक्नु, कृषि पेसा प्रतिको विकर्षण बढ्नु प्रमुख सवाल हुन् । प्रदेशको कुल क्षेत्रफलको करिब ९ प्रतिशत मात्रै खेतीयोग्य जमिन रहेको अवस्थामा बाँझो जमिन बढ्ने क्रमलाई न्यूनीकरण गर्नु, कृषि उपजको उत्पादकत्व तथा उद्यमको प्रतिफल बढाइ कृषक पलायन रोक्नु र दक्ष प्राविधिक जनशक्तिको सहज आपूर्ति गर्नु तथा पर्याप्त सिँचाइको प्रबन्ध मिलाउनु प्राङ्गारिक कृषि प्रबर्द्धनका प्रमुख चुनौती हुन्।

**(४) कृषि उद्यम तथा पूर्वाधारको विकास र विस्तारः** प्रदेशमा ठूला र व्यावसायिक कृषि फार्मको प्रबर्द्धन तथा व्यवसायीकरणका लागि आधारभूत कृषि पूर्वाधार कमी हुनु, कृषिमा आधारित प्रशोधन, ग्रेडिङ, भण्डारण सम्बन्धी उद्यम विकास एवम् विस्तारका लागि आवश्यक पूर्वाधार र आधारभूत सेवाको उपलब्धता न्यून रहनु यससम्बन्धी प्रमुख सवाल हुन् । कृषि मूल्य श्रृङ्खलालाई उद्योग तथा प्रशोधन क्षेत्रमा आवद्ध गर्दै नयाँ लगानी

आकर्षित गर्नु, जग्गाको खण्डीकरण, छरिएको बस्ती तथा कृषि क्षेत्रमा सिँचाइ लगायत कृषिका भौतिक पूर्वाधारको विकास गर्नु चुनौती रहेको छ।

(५) **महिला निर्भर कृषिः** अधिकाङ्श पुरुष आयआर्जनका लागि विदेश जाने अभ्यासका कारण कृषि कार्य अधिकरुपमा महिला श्रममा निर्भर हुनु, कृषि शिक्षा तथा प्रविधि उपयोगमा महिलाको साक्षरता कम हुनु, कृषि कार्यमा महिलाको संलग्नता रुढीबादी मूल्यमान्यता कायम रहनु यस क्षेत्रमा रहेका सवाल हुन्। महिलामैत्री कृषि प्रसार सेवा तथा प्रविधिको विकास र विस्तार गर्नु, पारिवारिक कृषि मजदुरीलाई आयमा गणना गर्नु, जमिनमा महिलाको स्वामित्व वृद्धि गर्नु र महिला कृषकको क्षमता विकास गर्नु चुनौति रहेका छन्।

(६) **सम्मानित तथा व्यावसायिक कृषिः** कृषिलाई परम्परागत तथा निर्वाहामुखी पेसाका रुपमा अभ्यास गर्नु, कृषि उत्पादन निर्वाहामुखी हुनु, समुदायमा रैथाने खाना तथा खेती प्रणालीलाई प्राथमिकता नदिनु, कृषि कार्यलाई निम्नस्तरको कामका रुपमा लिनु, आयातीत तथा पत्रु खानेकुरामा आकर्षण बढ्नु र कृषि क्षेत्रमा लगानी न्यून हुनु सवालका रुपमा रहेका छन्। मझौला र ठूलोस्तरका कृषि फार्मको विकास र विस्तार गर्नु, कृषि क्षेत्रमा लगानीका वाह्य लगानीकर्तालाई आकर्षित गुर्न र कृषि क्षेत्रको व्यवसायीकरण गर्नु चुनौती रहेका छन्।

### ४.१.४ उद्देश्य

१. प्राङ्गारिक र व्यावसायिक कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु,
२. कृषिमा आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण मार्फत प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु,
३. कृषि उपजको सङ्कलन, भण्डारण, प्रशोधन, मूल्यश्रृङ्खला र बजारीकरणको प्रबर्द्धन गर्नु।

### ४.१.५ रुपान्तरणकारी रणनीति

(१) **रैथाने बाली तथा कृषि ज्ञान तथा प्रविधिको संरक्षण र प्रबर्द्धन गर्नेः** प्राङ्गारिक प्रदेश अवधारणा अनुरुप रैथानेबालीको संरक्षण र प्रबर्द्धन गरिनेछ। प्राङ्गारिक उत्पादनको संभावना भएका रैथाने बाली तथा क्षेत्रको पहिचान र नक्साङ्कन गरी प्राङ्गारिक तथा रैथाने बालीको पकेट क्षेत्र निर्धारण र विकास गरिनेछ। जैविक विविधता र जलवायु परिवर्तन अनुकुल हुने गरी रैथाने बालीको उत्पादन वृद्धि र विस्तार गर्न जैविक प्रविधि तथा जैविक विषादी लगायत रैथाने ज्ञान र प्रविधिको विकास तथा प्रबर्द्धन गरिनेछ। विमा प्रक्रियालाई समसामयिक, व्यावहारिक र सहज बनाइ कृषि विमा मार्फत कृषक तथा कृषि व्यवसायी आकर्षित गरिनेछ।

(२) **स्थानीय उत्पादनको ग्रेडिङ, प्याकेजिङ, ब्राण्डिङ र गुणस्तर कायम गर्नेः** स्थानीय कृषि उत्पादनको गुणस्तर कायम गरी बजारीकरण गर्न बाली भित्राउनु पूर्व तथा पछिको व्यवस्थापन, सङ्कलन, भण्डारण, ग्रेडिड, प्रशोधन, प्याकेजिङ सम्बन्धी तालिम, प्रविधि हस्तान्तरण र पूर्वाधारको विकास गरिनेछ। कृषि पेसालाई आकर्षक र सम्मानित बनाउन स्थानीय उत्पादनको ग्रेडिङ र गुणस्तर नियमन गरी उत्कृष्ट कृषि उद्यमीलाई सम्मान गर्ने परम्परा बसालिनेछ। ब्राण्डिङ तथा गुणस्तर नियन्त्रणका लागि कृषक तथा कृषि उद्यमीलाई नियमित तालिम तथा परामर्श प्रदान गरिनेछ। कृषि क्षेत्रमा गरिने सरकारी अनुदान तथा सहुलियतलाई ब्राण्डिङ र गुणस्तरसँग आवद्व गरी सघन रुपमा सञ्चालन गरिनेछ।

(३) **जमिनको चक्लाबन्दी गरी सामूहिक खेती प्रणाली विकास गर्नेः** व्यावसायिक कृषि उत्पादन तथा प्रशोधनमा आधारित उद्यमलाई प्रोत्साहन र खेतीयोग्य जमिनको चक्लावन्दी कार्यक्रम लागु गरिनेछ।

व्यावसायिक कृषि उत्पादन बढाउन र उत्पादन लागत घटाउन सामूहिक तथा सामुदायिक खेती प्रणालीको विकास र विस्तार गरिनेछ।

(४) **उच्च मूल्य कृषि उत्पादन मूल्य शृङ्खला सुदृढीकरण गर्नेः** उच्च मूल्ययुक्त कृषि उत्पादनको प्रारम्भिक अध्ययन, अनुसन्धान देखि उत्पादन, सङ्कलन, प्रशोधन र बजारीकरणसम्मका गतिविधि सर्वसुलभ र अनुमानयोग्य हुने गरी प्रभावकारी तथ्याङ्क प्रणालीसहित मूल्य शृङ्खला विकास तथा सुदृढीकरण गरिनेछ। तुलनात्मक लाभ भएका उच्च मूल्यका कृषि उपजको प्रबर्द्धन गर्न पर्यटन तथा अन्य सेवा क्षेत्रका मूल्य शृङ्खलासँग आबद्ध गरिनेछ।

(५) **विशेष कृषि उत्पादन पकेट क्षेत्र विकास गर्नेः** कर्णालीका विशेष प्राथमिकतामा राखिएको बाली तथा वस्तुहरुको विशेष उत्पादन पकेट क्षेत्र तथा उत्पादन जोनको रुपमा घोषणा गरी सोही अनुसार युवा तथा कृषि प्राविधिक लक्षित सरकारी तथा गैरसरकारी क्षेत्रबाट एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ । प्राङ्गारिक कृषिको पारिस्थितिकीय प्रणालीमा अभिन्न अंगको रुपमा रहेको मौरीपालनलाई विशिष्टिकृत व्यवसायको रुपमा प्रबर्द्धन गरिनेछ । प्राङ्गारिक महको गुणस्तर नियमन र ब्राण्डिङ गरी सर्वसुलभ आपूर्ति र वितरण सुनिश्चित गरिनेछ।

(६) **प्राङ्गारिक कृषि अनुसन्धान तथा विकास केन्द्रको स्तरोन्नति गर्नेः** प्राङ्गारिक कृषि तथा जलवायु अनुकुलन प्रविधिको अध्ययन, अनुसन्धान र प्रविधि प्रदर्शन मार्फत कृषि प्रसारको लागि प्रदेश मातहतका वागवानी केन्द्रहरुलाई अनुसन्धान तथा विकास केन्द्रको रुपमा स्तरोन्नति गरिनेछ।

(७) **प्राङ्गारिक कृषि पर्यटन प्रबर्द्धन गर्नेः** कृषिलाई पर्यटनसँग जोडेर आर्थिक पकेट क्षेत्रहरु तोकी कार्यक्रम सञ्चालन गरिनेछ। रैथाने बालीमा आधारित खाद्य परिकार र खाद्य मेनु डिजाइन गरी पर्यटकलाई कर्णाली थालीको प्राङ्गारिक स्वाद पस्किइनेछ।

(८) **कृषि बाली संरक्षणलाई व्यवस्थित गर्नेः** जैविक विषादी उत्पादन तथा वातावरणमैत्री प्रविधिको प्रयोग गरी कृषि बाली वस्तुमा लाग्ने रोग तथा किराको नियन्त्रण गरिने छ। कृषि प्राविधिक, अगुवा कृषक तथा कृषि व्यवसायी मार्फत कृषि प्रसार कार्यक्रम सञ्चालन तथा सचेतना अभिवृद्धि गरिनेछ। अनुसन्धान निकायसँग समन्वय तथ सहकार्य गरी जैविक प्रविधि तथा विषादीको उत्पादन, वितरण तथा प्रयोग सम्बन्धमा अध्ययन अनुसन्धान गरिनेछ। प्रकोप व्यवस्थापनको लागि उत्पादनमा आधारित कृषि विमा कार्यक्रम प्रबर्द्धन गरिनेछ। कृषिमा वन्यजन्तुको अतिक्रमणलाई नियन्त्रण, कृषि विमा तथा क्षतिपूर्ति लगायतका कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ।

(९) **कर्णालीका विशिष्ट कृषि उत्पादनको बजार तथा निर्यात प्रबर्द्धन गर्नेः** कर्णालीको विशिष्ट भू-बनोट तथा हावापानीमा उत्पादन हुने कृषि उपजको अलग पहिचान, गुणस्तर र मूल्य अभिवृद्धि गरी अन्तर्राष्ट्रिय बजारमा परिचित गराउन "मूल्यवान कर्णाली किसानको सम्पदा" नामक लोगोको प्रयोग गरिनेछ। प्रदेशका मुख्य विमानस्थल, जिल्ला सदरमुकाम र पर्यटकीय केन्द्रमा रैथाने बाली बिक्रीको लागि कोशेली घरको विस्तार तथा सञ्चालन गरिनेछ। प्राङ्गारिक मल तथा जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गर्न लागत मूल्यमा अनुदानका कार्यक्रम सञ्चालन गरिनेछ।

(१०) **महिला कृषकको क्षमता विकास गर्ने**: कृषि कार्यमा महिलाको संलग्नता सम्बन्धी रुढीबादी मूल्यमान्यता रुपान्तरण गर्न कृषि शिक्षा तथा प्रविधि उपयोगमा साक्षरता वृद्धि गरिनेछ । महिलामैत्री कृषि प्रसार सेवा, औजार तथा प्रविधिको विकास तथा विस्तार गरिनेछ । पारिवारिक कृषि मजदुरीलाई आयमा गणना गर्न र जमिनमा महिलाको स्वामित्व वृद्धि गर्ने व्यवस्थालाई व्यवहारमा रुपान्तरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ । कृषि पेसामा आधारित महिला कृषकको क्षमता विकास गरी कृषि पेसामा आधारित रोजगारी सिर्जना गर्न आय आर्जन तथा सशक्तीकरणका कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ ।

### ४.१.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम तथा आयोजना | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | भूमि बैङ्क तथा कृषिमा यान्त्रिकीकरण कार्यक्रम | सामूहिक, सहकारी तथा करार खेती प्रणालीको प्रबर्द्धन भई खेतीयोग्य बाँझो जग्गाको उपयोग र महिला एवम् कर्णालीको भूगोल सुहाउदो तथा महिलामैत्री यान्त्रिकीकरण मार्फत कृषिक्षेत्रको उत्पादन तथा आम्दानीमा वृद्धि भएको हुनेछ । |
| २ | डिजिटल कृषि बजार सूचना प्रणाली | डिजिटल बजार तथा मोवाइल एप तयार भई रैथाने प्राङ्गारिक उत्पादन, बहुमूल्य कृषि उत्पादन, फलफूल तथा अन्य नगदेबालीको बजार विस्तार भएको हुनेछ । |
| ३ | कृषि स्रोतकेन्द्र, प्रयोगशाला सङ्कलन तथा चिस्यानकेन्द्र स्थापना र सुदृढीकरण | विद्यमान कृषि स्रोतकेन्द्रको सुदृढीकरण र संभाव्यताको आधारमा नयाँ स्रोतकेन्द्र, प्रयोगशाला, सङ्कलन तथा चिस्यान केन्द्र थप हुने, सरकारी तथा निजी कृषि प्राविधिक सेवा प्रदायकबाट भौचर प्रणाली समेतको माध्यमबाट गुणस्तरीय सेवा प्रवाह भएको हुनेछ । प्रमुख नाकाहरुमा कृषि प्रयोगशाला स्थापना भई विषादी परीक्षण तथा नियमन प्रभावकारी भएको हुनेछ । |
| ४ | साना तथा मझौला सिँचाइ कार्यक्रम | स्थानीय तह, गैरसरकारी संस्था समुदायसँगको सहकार्यमा साना, मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सिँचाइ आयोजना सञ्चालनमा आएको हुनेछन् । |
| ५ | व्यावसायिक कृषिमा लगानी प्रबर्द्धन र जोखिम न्यूनीकरण | ठूला तथा मझौला व्यावसायिक फार्ममा बैक तथा वित्तीय सस्थाहरुको लगानी वृद्धि र प्राकृतिक प्रकोप, आकस्मिक रोग किरा र बजार मूल्यको उतारचढावको कारण न्यूनतम लागत मूल्य पनि प्राप्त नहुने जस्ता कृषि क्षेत्रमा हुने जोखिमलाई बाली विमा तथा राहत कार्यक्रम र न्यूनतम् समर्थन मूल्यबाट कृषि व्यवसाय जोखिम न्यूनीकरण भएको हुनेछ । |
| ६ | खाद्यान्न बाली उत्पादन प्रोत्साहन र कृषि उद्योग प्रबर्द्धन कार्यक्रम | मापदण्डका आधारमा सामूहिक/सहकारी, करार खेती मार्फत उत्पादन गर्ने कृषक, समूह, सहकारी र निजी फर्मका उत्पादकलाई प्रोत्साहन गर्दै लागत साझेदारीमा निजी फर्म, सहकारी वा समूहमार्फत जैविक विषादी तथा प्राङ्गारिक मल, बिउ प्रशोधनजस्ता कृषिमा आधारित उद्योगहरुको व्यावसायिक उत्पादन वृद्धि भएको हुनेछ । |
| ७ | प्राङ्गारिक कृषि उत्पादन केन्द्रित विशेष कार्यक्रम | प्राङ्गारिक कृषि अनुसन्धान केन्द्रको स्थापना, प्राङ्गारिक क्षेत्रको वर्गीकरण, नमुना प्राङ्गारिक गाउँ प्रमाणीकरण सहित उत्पादनको बजारीकरण भएको हुनेछ । |
| ८ | किसान सम्मान कार्यक्रम | कृषि पेसालाई मर्यादित र सम्मानित बनाउन उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने र मापदण्ड बनाई दिगो कृषि पेसा अपनाउने कृषकलाई योगदानका आधारमा नमुना कृषक पेन्सन कार्यक्रमको सुरुवात गरिनेछ । |
| ९ | विशेष कृषि पकेट क्षेत्र र मूल्य श्रृङ्खला सबलीकरण तथा निर्यात प्रबर्द्धन कार्यक्रम | व्यावसायिक कृषि उत्पादनको लागि संभाव्य स्थानमा पकेट क्षेत्र (ब्लक), जोन तथा सुपर जोनको विकास गरी सहकारी तथा निजी क्षेत्र मार्फत अदुवा, बेसार, सिमी, स्याउ, सुन्तला, आँप, मह, ओखर, ताजा तरकारी आदिको मिसन् कार्यक्रम मार्फत उत्पादनको विविधीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण तथा प्रशोधन, ब्रान्डिङ, प्याकेजिङ र लेवलिङ सहित बजारीकरण सुनिश्चित भएको हुनेछ । |
| १० | रैथाने प्रजातिका कृषि बाली, मौरीपालन, प्राङ्गारिक मल | प्रदेशका संभाव्य स्थानमा प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन केन्द्रको स्थापना भई सञ्चालन भएको हुनेछ । निजी क्षेत्रसँगको सहकार्यमा मुख्य उत्पादन केन्द्र लक्षित |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | अपेक्षित उपलब्धि |
|---|---|---|
| | तथा जैविक विषादी उत्पादन तथा बजारीकरण कार्यक्रम | गरी कृषि उत्पादनको ग्रेडिङ्ग, प्रशोधन, लेबलिङ र प्याकेजिङ्ग लगायतका सुविधा भएको पार्क निर्माण भई बजारीकरणमा सहज भएको हुनेछ। |
| ११ | कृषि सडक कार्यक्रम | कृषि सडक निर्माण तथा स्तरोन्नतिमार्फत कृषि उत्पादनको बजारमा पहुँच भएको हुनेछ। |
| १२ | कृषि प्राविधिक लक्षित बीउ उत्पादन र व्यवसाय प्रबर्द्धन कार्यक्रम | कृषि विषय पढेका, कृषि व्यवसाय सञ्चालनमा सफल हुन्छन् भन्ने मान्यता अनुसार कृषि प्राविधिक स्वरोजगार भएका हुनेछन्। तरकारी तथा खाद्यान्न बालीको वीउ उत्पादनमा आत्मनिर्भर उन्मुख हुनेछ। |
| १३ | फलफूल विकास कार्यक्रम | स्याउ, ओखर किवी जस्ता उच्च मूल्यका फलफूल, सुन्तला तथा अमिलो जातका फलफूल र आँप, लिचिको उत्पादन वृद्धि भई अन्तर्राष्ट्रिय बजारमा निर्यात भएको हुनेछ। |
| १४ | कृषि विमा कार्यक्रम | विमा प्रक्रियालाई समसामयिक, व्यवहारिक र सहज बनाइ कृषि विमा कृषक तथा कृषि व्यवसायी आकर्षित तथा लाभन्वित भएका हुनेछन्। |
| १५ | महिला कृषक क्षमता विकास कार्यक्रम | स्थानीय तह, विकास साझेदार तथा कृषक सहकारी तथा समुदायसँग समन्वयमा कृषक महिलाको क्षमता विकास विकास कार्यक्रम नियमित रुपमा सञ्चालन भएका हुनेछन् र महिला कृषकमैत्री प्रविधि तथा औजार उपकरणको सहज रुपमा उपलब्ध भएको हुनेछ। |
| १६ | रैथाने बाली प्रशोधन केन्द्र | कृषकहरुबाट रैथाने बाली सङ्कलन, प्रशोधन तथा कर्णालीको पहिचान दिने "मूल्यवान कर्णाली किसानको सम्पदा" लोगो तयार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री सुनिश्चितता गर्दै कृषकको आयआर्जन र प्राङगारिक कृषिजन्य वस्तु प्रबर्द्धन भएको हुनेछ। |
| १७ | दिगो कृषिका लागि परागसेचन | दिगो कृषि विकासका लागि परागसेसन र परागसेचन सम्बन्धी विभिन्न कार्यक्रमहरु तथा अनुसन्धानमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । |

### ४.१.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल | हेक्टर | २८११६४ | २८३९७६ | २९८१७४ | ३२७९९२ |
| २ | अन्न बालीको उत्पादन (धान, मकै, गहुँ, जौ, कोदो र फापर) | मे.टन | ६३५६०० | ६४१९५६ | ६७४०५४ | ७४१४५९ |
| ३ | नगदे बाली उत्पादन (तेलहन, आलु र उखु) | मे.टन | १८३८६० | १८५६९९ | १९४९८४ | २१४४८२ |
| ४ | तरकारी उत्पादन | मे.टन | १९४३३५ | १९६२७८ | २०६०९२ | २२६७०१ |
| ५ | दलहन उत्पादन (भटमास समेत) | मे.टन | २४९४२ | २५१९१ | २६४५१ | २९०९६ |
| ६ | फलफूल उत्पादन (सुन्तला, आँप, केरा, स्याउ र अन्य) | मे.टन | १२३३६३ | १२४५९७ | १३०८२६ | १४३९०९ |
| ७ | मसला बाली उत्पादन (लसुन, प्याज, अदुवा, अलैची, बेसार आदि) | मे.टन | ६४२५४ | ६४८९७ | ६८१४१ | ७४९५६ |
| ८ | मह उत्पादन | मे.टन | ३८८.४४ | ३९२ | ४१२ | ४५३ |
| ९ | शीत भण्डार (१०० टन क्षमताभन्दा बढी) | सङ्ख्या | ५ | ६ | ६ | ८ |
| १० | बर्षैभरी सिँचाइ उपलब्धता | प्रतिशत | १९ | १९ | २१ | २४.८ |
| ११ | कृषि मजदुरको उत्पादकत्व रु | प्रतिव्यक्ति/बर्ष | १६१४०० | १६१४०० | १६५५०० | १७७५४० |
| १२ | खाद्य उपलब्धता (केजी) | प्रतिव्यक्ति/बर्ष | १८७ | १८८ | १९० | २०६ |
| १३ | प्रमुख अन्नबाली | मे.ट./हे. | २.४० | २.१३ | २.१५ | २.६४ |
| १४ | प्रमुख दलहन बाली | मे.ट./हे. | १.२८ | १.२८ | १.३० | १.४१ |
| १५ | प्रमुख तरकारी बाली | मे.ट./हे. | ११.२९ | ११.५० | ११.७० | १२.४२ |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १६ | हिउँदे फलफूल | मे.ट./हे. | ७.९ | ७.९१ | ८.१० | ८.६९ |
| १७ | सुन्तला जातका फलफूल | मे.ट./हे. | १०.५२ | १०.५२ | १०.८० | ११.५७ |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश।*

## ४.२ पशुपन्छी तथा मत्स्य

### ४.२.१ पृष्ठभूमि

पशुपन्छी पालनको क्षेत्रमा यस प्रदेशको विशिष्ट पहिचान र योगदान रही आएको छ। यस क्षेत्रलाई कृषि विकासको महत्त्वपूर्ण अङ्गको रुपमा अपनाइएको छ। प्रदेशमा पछिल्लो समय पशुपन्छी तथा मत्स्यपालन व्यवसायमा निजी क्षेत्रबाट ठूला लगानी पनि भित्रिन थालेको सन्दर्भमा व्यावसायिक संभावना उच्च रहेको आंकलन गर्न सकिन्छ। पशुपन्छी तथा मत्स्य क्षेत्रको प्रबर्द्धन गरेर प्रदेशलाई दुध, दही, घिउ, माछा, मासु, अण्डा आदिको उत्पादनमा आत्मनिर्भर बनाउन नेपाल सरकारको दीर्घकालीन लक्ष्य हासिल गर्न प्रदेशको योगदान महत्त्वपूर्ण हुने देखिन्छ। प्रदेशको उच्च पहाडी तथा हिमाली भूभागहरुमा परम्परागत रुपमा भईरहेको पशुपन्छी पालनलाई व्यावसायिक बनाई अण्डा तथा मासुका साथै उन र छालाजन्य उत्पादनबाट समेत प्रशस्त लाभ लिन सकिने संभावना रहेको छ।

कर्णाली र यसका सहायक नदीमा उत्पादन हुने रैथाने प्रजातिका माछाको जलाधार क्षेत्रमा व्यावसायिक उत्पादन विस्तार तथा प्रचार प्रसार तथा ब्राण्डिङका साथै पर्यटन उद्योगसँग आबद्ध गरी बजार विस्तार गर्ने सकिने संभावना रहेको छ। प्रदेशका पहाडी भूभाग देखि उच्च हिमाली भूभागसम्म स्थानअनुसारको पशुपन्छी र भेडा, बाख्रा, च्याङ्ग्रापालन र ट्राउट माछा लगायत विभिन्न व्यवसायको प्रबर्द्धन गरी प्रदेशले थप लाभ लिन सक्ने अवस्था छ। यसप्रकार व्यावसायिक पशुपन्छी तथा मत्स्यपालनको विकास र बिस्तारबाट थप रोजगारी सिर्जना र कृषकको आय वृद्धि भई समृद्ध कर्णाली प्रदेशमा निर्माणमा योगदान पुर्‍याउन सकिन्छ।

### ४.२.२ विद्यमान अवस्था

प्रदेशमा गाई, भैँसी, चौरी, भेडा, बाख्रा, च्याङ्ग्रा, बंगुर, कुखुरा, हाँस लगायतका विभिन्न किसिमका पशुपन्छीपालन हुने गरेको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार सबैभन्दा बढी बाख्राको सङ्ख्या १३ लाख ६९ हजार ६१६ छ भने गाईको सङ्ख्या ६ लाख ७४ हजार ४१७, भेडाको सङ्ख्या २ लाख १४ हजार ३०९ र भैँसीको सङ्ख्या १ लाख ६० हजार ०३४ रहेको छ। प्रदेशका सबै जिल्लामा पशुपन्छी तथा मत्स्य स्रोतकेन्द्रहरु स्थापना भएका छन। सुर्खेत र दैलेखमा बाख्रा, रुकुम पश्चिममा भैँसी, डोल्पा र हुम्लामा चौरी तथा जुम्लामा भेडाको स्रोतकेन्द्र स्थापना भई सञ्चालित छन्। च्याङ्ग्रा र माछाको अध्ययन अनुसन्धान गर्न र प्राविधिक तथा परामर्श सेवा सहजरुपमा उपलब्ध गराउन स्रोतकेन्द्र निर्माण गरी सञ्चालनको तयारीमा छन्। रुकुम पश्चिम, सल्यान, दैलेख र सुर्खेतमा गरी १२ वटा दुग्ध सङ्कलन तथा चिस्यानकेन्द्र स्थापना भएका छन्।

यस प्रदेशका ग्रामीण भेग तथा सहरको वाह्य क्षेत्रमा बसोबास गर्ने कृषकको जीविकोपार्जनको प्रमुख स्रोतको रुपमा दुध उत्पादन व्यवसाय रहेको छ। प्रदेशमा उत्पादित कुल १ लाख १८ हजार ७४२ मे. टन दुधमध्ये भैँसी तथा गाईको दुध उत्पादन अनुपात क्रमशः ५६.८५ र ४३.१५ प्रतिशत रहेको छ। यसैगरी देशको कुल दुध उत्पादनमा प्रदेशको योगदान ४.५४ प्रतिशत रहेको छ।

नेपालमा उत्पादन हुने वार्षिक ४ लाख ३० हजार ०८५ मे.टन मासुमध्ये प्रदेशको योगदान ५.६९ प्रतिशत रहेको छ। प्रदेशमा उत्पादित मासुको उपलब्धता प्रतिव्यक्ति प्रतिवर्ष औसत १४.१८ किलोग्राम रहेको छ । प्रदेशका उच्च पहाडी तथा हिमाली जिल्लामा ऊनको लागि समेत भेडापालन हुँदै आएको छ । आर्थिक वर्ष २०७९/०८० को तथ्याङ्क अनुसार कुल २ लाख १४ हजार ३०९ भेडाबाट १ लाख ३३ तेत्तीस हजार ०२८ किलोग्राम ऊन उत्पादन भएको छ । नेपालमा पालिने कुल भेडामध्ये प्रदेशमा ४२.७० प्रतिशत भेडा पालन भएको छ भने कुल ऊन उत्पादनको ३४.९० प्रतिशत यस प्रदेशले योगदान गर्दै आएको छ। प्राकृतिक नदी र खोला बाहेक प्रदेशमा करिब ३६ हेक्टरमा फैलिएका ४२२ वटा साना र ठूला माछापोखरीबाट वार्षिक करिब ८७ मे. टन माछा उत्पादन हुने गरेको छ।

प्रदेश पशुपन्छी विकास निर्देशनालयको सहयोगमा सुर्खेत जिल्लामा दाना उद्योग र ह्याचरी उद्योग स्थापना भएका छन्। व्यावसायिक पशुपालक कृषकको जोखिम न्यूनीकरण गर्न पशु विमालाई बढवा दिन नियमित अभिमुखीकरण र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ भने कृषि अनुदानका कार्यक्रममा विमालाई अनिवार्य गरिएको छ। प्राकृतिक विपद तथा लम्पी स्किन, खोरेत जस्ता महामारी रोग नियन्त्रण र आकस्मिक क्षति न्यूनीकरण र रोकथामका कार्यक्रम सञ्चालन हुँदै आएका छन् भने पशु रोग रोकथाम र निदानका लागि नियमित खोप कार्यक्रम सञ्चालन हुँदै आएका छन्। कृषि तथा पशुपन्छी व्यवसायका लागि अत्यन्तै उपयोगी मानिने तरल नाइट्रोजन प्लान्ट स्थापना कार्य अगाडि बढेको छ। व्यावसायिक पशुपन्छीजन्य उद्यमका लागि बैङ्क तथा वित्तीय संस्था मार्फत हुने लगानीमा ब्याज अनुदान तथा सहुलियतका कार्यक्रम सञ्चालनमा रहेका छन्।

### ४.२.३ मुख्य सवाल तथा चुनौती

**(१) उन्नत नश्ल, पशु स्वास्थ्य र गुणस्तरीय आहारः** पशुपन्छी तथा मत्स्यपालनको व्यावसायिक उत्पादनका लागि आवश्यक पर्ने उन्नत नश्लका पशुपन्छी र पशु स्वास्थ्यसँग सम्बन्धित आधुनिक प्रविधि तथा गुणस्तरीय आहाराको उपलब्धता न्यून हुनु, हिमाली जिल्लामा भएका चरन तथा खर्कको उपयोग तथा व्यवस्थापन प्रभावकारी हुन नसक्नु, कृत्रिम गर्भाधान लगायत पशु नश्ल सुधार सेवाको उपलब्धता सीमित हुनु यस क्षेत्रका प्रमुख सवालहरु हुन् । उन्नत नश्लका पशुपन्छीको उत्पादन तथा वितरणका लागि स्थापित स्रोतकेन्द्रको प्रभावकारी सञ्चालन गर्नु तथा कृषकलाई घरदैलोमा प्राविधिक परामर्श सेवा उपलब्ध गराउनु तथा गुणस्तरीय आहारको व्यवस्थापन गर्नु चुनौतीपूर्ण रहेको छ।

**(२) रैथाने पशुपन्छी संरक्षण र प्राङ्गारिक अभ्यासः** प्राङ्गारिक पशुपालन प्रणालीको लागि प्रविधि उपलब्धता, जैविक पदार्थ तथा अन्य रसायन र विषादीको प्रयोगको नियमन हुन नसक्नु र पशुपन्छीमा आकस्मिक महामारीको जोखिम न्यूनीकरण तथा व्यवस्थापन हुन नसक्नु सवालहरु हुन् । रैथाने जातका पशुपन्छीहरुको संरक्षण र सम्बर्धन गर्नु, पशुपन्छी विमाको विस्तार र प्रभावकारिता बढाउनु तथा मत्स्यपालनको विकास र विस्तार गर्नु।

**(३) पशुपन्छी र मत्स्यपालनमा व्यवसायीकरणः** पशुपन्छी तथा मत्स्यपालन व्यवसायको यथेष्ट विकास तथा विस्तार हुन नसक्नु, पशुपन्छी तथा मत्स्यपालन व्यवसाय विकासका लागि स्रोतकेन्द्रको विकास र विस्तार हुन नसक्नु, प्राङ्गारिक उत्पादनका लागि प्राविधिक ज्ञान, प्रविधि र स्रोतसाधन न्यून हुनु, कृषकलाई पशुपन्छी तथा मत्स्यपालन व्यवसायमा आकर्षित गर्न नसक्नु सवालका रुपमा रहेका छन्। पशुपन्छीजन्य उत्पादनको बजार

प्रबर्द्धन गर्नु, पशुपन्छी तथा मत्स्य क्षेत्रका महत्त्वपूर्ण कार्यक्रम परियोजना मोडेलको रुपमा सञ्चालन गर्न तद्अनुरुपका ठूला परियोजना तथा कार्यक्रम सञ्चालन गर्नु ।

(४) **अव्यवस्थित पशु बजारः** माछा, मासु, दुग्ध पदार्थ तथा अण्डा लगायत स्थानीय पशुपन्छीजन्य उपजको मागअनुसार उत्पादन र आपूर्ति हुन नसक्नु, व्यवस्थित पशु बधशाला, चिस्यान केन्द्र र छरिएरका कोल्डस्टोर, फ्रेसहास तथा मासुपसलको गुणस्तर कायम नहुनु तथा अव्यवस्थित रुपमा बिक्री वितरण हुनु र पशुपन्छीको ओसारपसारमा मापदण्डको पालना नहुनु यससम्बन्धी सवालहरु हुन् । बजारको माग अनुरुप पशुपन्छीजन्य उपजको व्यावसायिक तथा स्वच्छ उत्पादन, प्रशोधन तथा व्यवस्थित बजारीकरण सुनिश्चित गर्नु ।

(५) **निर्वाहमुखी उत्पादन तथा न्यून उत्पादकत्वः** पशुपन्छी वृद्धि भएअनुसार पशुपन्छीपालन व्यवस्थित हुन नसक्नु, गोठ तथा खोर परम्परागत तथा अव्यवस्थित हुनु, पशुपन्छी मलमुत्रबाट फाइदा लिन नसक्नु, पशुपन्छी व्यवसाय निर्वाहामुखी हुनु प्रमुख सवालका रुपमा रहेका छन् । अव्यवस्थित र परम्परागत गोठ तथा खोर सुधार गर्नु, निर्वाहामुखी पशुपन्छी उत्पादनलाई व्यवसायीकरण गर्नु र पशुपन्छी नश्ल सुधार, आहार र पशु स्वास्थ्य उपचारबाट उत्पादकत्व वृद्धि गर्नु ।

(६) **पशुपन्छी स्वास्थ्य सेवा तथा महामारी रोग नियन्त्रणः** गाई, भैँसीमा लम्पीस्किन, भेडाबाख्रामा खोरेत तथा फ्लु, हाँस तथा कुखुरामा वर्डफ्लु र सुँगुरमा स्वाइनफ्लु आदि रोगहरुको प्रकोप बढ्नु, समयसमयमा पशुपन्छीमा महामारी रोग देखिनु र पशुस्वास्थ्य उपचार सेवाको विकास र विस्तार हुन नसक्नु जस्ता सवालहरु रहेका छन् । पशुपन्छी स्वास्थ्य उपचार सेवाको विकास र विस्तार तथा महामारी व्यवस्थापन गर्नु ।

### ४.२.४ उद्देश्य

१. पशुपन्छी तथा मत्स्यजन्य उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,
२. रैथाने पशुपन्छी तथा मत्स्य संरक्षण तथा सम्बर्धन र बजारीकरण प्रबर्द्धन गर्नु ।

### ४.२.५ रुपान्तरणकारी रणनीति

(१) **पशु नश्ल सुधार, गुणस्तरीय आहार तथा स्वास्थ्य सेवा सुनिश्चित गर्नेः** उच्च प्रतिफलयुक्त व्यावसायिक पशुपालनलाई प्रोत्साहन गर्न स्रोतकेन्द्र मार्फत नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय तहसँगको सहकार्यमा गुणस्तरीय औषधी, स्वास्थ्य सामग्री, प्रविधि तथा विशेषज्ञ सेवाको उपलब्धता सुनिश्चित गरिनेछ । हिमाली तथा उच्च पहाडी भेगमा भेडा, च्याङ्ग्रा, बाख्रा, चौरी लगायत पशुपालन, स्वास्थ्य उपचार तथा चरनलाई सहज र सर्वसुलभ बनाइनेछ । गोठ तथा खोर सुधार सहित मलमूत्रको समुचित व्यवस्थापन गरी प्राङ्गारिक कृषि उत्पादनसँग आबद्ध गरिनेछ । पशुपन्छीमा देखिने महामारी रोगको रोकथाम गर्न पर्याप्त भ्याक्सिन र खोपको व्यवस्थापन गरिनेछ ।

(२) **रैथाने जात संरक्षण र प्राङ्गारिक अभ्यास प्रबर्द्धन गर्नेः** रैथाने जातका पशुपन्छीको संरक्षण र उत्पादकत्व वृद्धि गरी उच्च मूल्ययुक्त उपजको मूल्य श्रृङ्खला प्रबर्द्धन गरिनेछ । रैथाने पशुपन्छीको व्यावसायिक उत्पादनलाई प्रोत्साहन गर्न प्राङ्गारिक पकेट क्षेत्र पहिचान गरी संरक्षण र प्रबर्द्धन गरिनेछ । प्रकृतिमा आधारित प्राङ्गारिक प्रविधिको विकास र अभ्यासमा छुट, कृषिजन्य यन्त्र उपकरणमा सहुलियत तथा अनुदान उपलब्ध गराइनेछ । प्राङ्गारिक पशुपालन प्रविधि अनुसन्धान तथा स्रोतकेन्द्र मार्फत सेवा विकास र बिस्तार गरिनेछ । रैथाने जातका पशुपन्छी पालन गर्ने र प्राङ्गारिक अभ्यास अवलम्वन गर्ने कृषक तथा कृषि व्यवसायीलाई सम्मान र प्रोत्साहन गरिनेछ ।

(३) **पशुपन्छी र मत्स्यपालन व्यावसायिक आयोजनाको विकास र सञ्चालन गर्ने:** बजारको मागअनुसार गुणस्तरीय उत्पादन, प्रशोधन र बजार प्रबर्द्धन गर्न पशुपन्छी तथा मत्स्यपाल सम्बन्धी परियोजनाको विकास तथा सञ्चालन गर्न निजी क्षेत्र तथा समुदायलाई प्रोत्साहन गरिनेछ। पशुपन्छीजन्य उत्पादन वृद्धि तथा निर्यात प्रबर्द्धन गर्ने आयोजना विकास गरी सञ्चालन गर्न सङ्घ तथा स्थानीय सरकार र विकास साझेदारको सहकार्यमा निजी क्षेत्र, बैङ्क तथा वित्तीय संस्थाको लगानी आकर्षित गरिनेछ। मापदण्डको पालना गरी पशुपन्छीजन्य उपजको स्वच्छ उत्पादन, प्रशोधन, ओसारपसार र बजारीकरण पशुपन्छी र मत्स्य बजार व्यवस्थापन गरिनेछ।

(४) **सामुदायिक पशुपालन व्यवसाय प्रबर्द्धन तथा सामूहिक उत्पादन प्रणालीको विकास गर्ने:** प्रदेशको संभावनायुक्त क्षेत्र तथा समुदायमा समूहगत रुपमा उन्नत नश्लका पशुपन्छी पालनका लागि आवश्यक बिउ पुँजी, प्रविधि, पूर्वाधार, बजार लगायतको विकास तथा विस्तारका लागि प्रोत्साहन गरिने छ।

### ४.२.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | पशुपन्छी तथा मत्स्य विकास स्रोतकेन्द्र स्थापना र सञ्चालन | जिल्लास्तरमा सहकारी, निजी, स्थानीय तहसँगको साझेदारीमा स्रोतकेन्द्र स्थापना भई सेवा प्रवाह सहज भएको हुनेछ। |
| २ | प्राविधिक सेवा तथा क्षमता विकास कार्यक्रम | सरकारी तथा निजी प्राविधिक सेवा प्रदायकको क्षमता अभिवृद्धि भई भौचर प्रणाली मार्फत साना तथा विपन्न वर्गका कृषकलाई पशुजन्य उत्पादन सामग्री तथा प्राविधिक सेवा र पशुपन्छी विमा सुविधा उपलब्ध भएको हुनेछ। |
| ३ | पशु नश्ल सुधार कार्यक्रम | सुर्खेतमा स्थापित तरल नाइट्रोजन प्लान्टको उपयोग गरी जिल्लास्थित कार्यालय, स्थानीय तह, निजी पाराभेट मार्फत कृत्रिम गर्भाधान सेवा सञ्चालन भई पशु नश्ल सुधार कार्यक्रम विस्तार भएको हुनेछ। |
| ४ | पशुपन्छी र मत्स्यपालन व्यवसाय विकास र लगानी परिचालन | पशुपन्छी तथा मतस्यपालनमा मध्यम तथा ठूला फार्मलाई प्रबर्द्धन गर्न निजी क्षेत्र र बैङ्क वित्तीय संस्थाको लगानी (सहुलियत ऋण र व्याज अनुदान समेत) वृद्धि भएको हुनेछ। |
| ५ | पशु स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम | प्रदेशस्तरीय रिफरल पशुस्वास्थ्य अस्पताल स्थापना तथा सञ्चालन, जिल्लामा पशुपन्छी उपचार तथा आधारभूत प्रयोगशाला सेवा सञ्चालन, स्थानीय तहसँगको समन्वयमा पशु खोप सेवा सञ्चालन, पशुपन्छीमा हुने महामारी तथा पशुपन्छी रोग रोकथाम, नियन्त्रण तथा उपचार, जुनोटिक रोग सचेतना कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| ६ | कृषक सम्मान, व्यवसाय विकास तथा जोखिम न्यूनीकरण कार्यक्रम | पशुपन्छी, मत्स्य तथा मौरीपालक किसानको सम्मान, मर्यादा, विपद् राहत र विमामा आधारित जोखिम न्यूनीकरण तथा प्रोत्साहन उपलब्ध भएको हुनेछ। |
| ७ | प्राङ्गारिक पशुपन्छी तथा मत्स्य उत्पादन कार्यक्रम | संभाव्य स्थानमा प्राङ्गारिक पशुपन्छीजन्य तथा मत्स्य उत्पादन वृद्धि भएको हुनेछ। |
| ८ | दुग्धपदार्थ, मासु तथा अन्य पशुपन्छीजन्य उत्पादन प्रर्वद्धन | निजी क्षेत्रको साझेदारी र लगानीमा दुग्ध पदार्थ तथा मासु उत्पादन सङ्कलन/ चिस्यान/प्रशोधन उद्योग स्थापना भई पशुपन्छीजन्य उत्पादन वृद्धि भएको हुनेछ। |
| ९ | आधारभूत पूर्वाधार विकास कार्यक्रम | उत्पादन, उत्पादित वस्तुको सङ्कलन र भण्डारणको लागि व्यवस्थित बधशाला, चिस्यान केन्द्र आदिको विकास भई व्यावसायिक उत्पादनमा वृद्धि भएको हुनेछ। |
| १० | जैविक औषधीको पहिचान, विकास तथा प्रबर्द्धन | पशुपन्छीजन्य उत्पादनमा एन्टीबायोटिक्सको प्रयोग (अवशेष) न्यूनीकरण भई प्राङ्गारिक गुणस्तरमा सुधार आएको हुनेछ। |
| ११ | एकीकृत पशुपन्छी तथा मत्स्य अनुसन्धान तथा विकासकेन्द्र | नेपाल कृषि अनुसन्धान परिषद्सँगको सहकार्यमा एकीकृत पशुपन्छी तथा मत्स्य अनुसन्धानकेन्द्र स्थापना र सञ्चालन भएको हुनेछ। |

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १२ | पशु क्वारेन्टाइन स्थापना तथा सञ्चालन | आन्तरिक पशु क्वारेन्टाइन स्थापना र सञ्चालनबाट पशुपन्छीको रोग नियन्त्रणमा टेवा पुगेको हुनेछ । |
| १३ | गोठ व्यवस्थापन तथा पशुपन्छी मल-मूत्र व्यवस्थापन कार्यक्रम | पशुपन्छीको व्यवस्थित पालनबाट उत्पादकत्व वृद्धि भएको हुनेछ साथै पशु मूत्र र मलबाट प्राङ्गारिक खेतीको खाद्य तत्व व्यवस्थापन सहयोग पुगेको हुनेछ । |
| १४ | रैथाने पशुपन्छी संरक्षण, प्रबर्द्धन र आहार व्यवस्थापन कार्यक्रम | पशुपन्छी जैविक विविधता विस्तार भई पोषणयुक्त रैथाने आहारको उपलब्धता मार्फत स्थानीय पशुपन्छीको उत्पादकत्व बढेको हुनेछ । |
| १५ | मत्स्य विकास कार्यक्रम | ठूला नदी कोरिडोर र पानीको प्राकृतिक वहाव क्षेत्रमा माछापालनमा निजी क्षेत्रको व्यावसायिक लगानी वृद्धि भई उत्पादन र उत्पादकत्व वृद्धि भएको हुनेछ । |
| १६ | सामुदायिक पशुपन्छी पालन कार्यक्रम | भेडा, बाख्रा, च्याँङ्ग्रा, गाई, भैंसी लगायतका पशुवस्तुको समूहगत पालन भई उत्पादित वस्तुको बिक्री वितरण भएको हुनेछ । सामुदायिक पशुपालन व्यवसायको संख्यात्मक वृद्धि भई उत्पादनमा गुणात्मक सुधार भएको हुनेछ । |

### ४.२.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | दुध उत्पादन (वार्षिक) | मे टनमा | ११८७४२ | ११८७४२ | १२०५००० | १३०६१६ |
| २ | मासु उत्पादन (वार्षिक कुल) | मे.टन. | २४७९२ | २४७९२ | २५५०० | २६७०० |
| २.१ | राँगा/भैंसी | मे.टन. | ११८८० | ११८८० | १८५०० | २७२७१ |
| २.२ | खसी/बोका/भेडा | मे.टन. | १४६०३ | १४६०३ | १५६०० | १६५०० |
| २.३ | सुंगुर/बंगुर | मे.टन. | २८९२ | २८९२ | २९३०० | २९७०० |
| २.४ | कुखुरा/हाँस | मे.टन. | ४२३० | ४२३० | ४३२०० | ४३५०० |
| ३ | अण्डा उत्पादन (वार्षिक) | गोटा (हजारमा) | ७७७३१ | ७७७३१ | ७९००० | ८५२०० |
| ४ | माछा उत्पादन (वार्षिक) | मे.टन. | २९१ | २९१ | ३०२ | ३९० |
| ५ | दुध उपलब्धता (लिटर) | प्रति व्यक्ति/वर्ष | ६९ | ६९ | ७१ | ७६ |
| ६ | मासु उपलब्धता (केजी) | प्रति व्यक्ति/वर्ष | १४ | १४ | १५ | १६ |
| ७ | अण्डाको उपलब्धता (गोटा) | प्रति व्यक्ति/वर्ष | १८ | १८ | १९ | २० |
| ८ | पशुपन्छी स्रोतकेन्द्र स्थापना | सङ्ख्या | १० | १२ | १५ | २० |
| ९ | दुग्ध प्रशोधनकेन्द्र | सङ्ख्या | १ | १ | २ | ५ |
| १० | डेरी तथा दुग्ध सङ्कलनकेन्द्र | सङ्ख्या | १२ | १२ | २५ | ५० |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश।*

## ४.३ खाद्य सुरक्षा तथा सम्प्रभुता

### ४.३.१ पृष्ठभूमि

खाद्य सुरक्षा तथा सम्प्रभुताका दृष्टिले प्रदेशको अवस्था अन्य प्रदेशको तुलनामा कमजोर रहेको छ । खाद्य सम्प्रभुताको सुनिश्चितता गर्दै खाद्य सुरक्षामा सुधार ल्याउन सके मानव विकासमा गुणात्मक परिवर्तन ल्याउन सकिन्छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण- २०७८ अनुसार यस प्रदेशमा २८ प्रतिशत घरपरिवारले पर्याप्त आहार उपभोग गर्न नपाएको अवस्था रहेको छ भने ३२ प्रतिशत घरपरिवार खाद्य असुरक्षामा रहेको अवस्था छ । यस प्रदेशमा खाद्य सुरक्षाका साथसाथै खाद्य सम्प्रभुताको सुनिश्चितताको आवश्यकता रहेको छ ।

खाद्य सुरक्षामा गरिएको पहल र लगानीले मानवीय विकास र आर्थिक सामाजिक उत्थानमा उत्साहप्रद प्रतिफल प्राप्त हुन्छ । खाद्य सुरक्षा तथा सम्प्रभुताको हिसाबले प्राङ्गारिक कृषि तथा स्थानीय रैथाने बाली र पशुपन्छीजन्य उत्पादन तथा उपभोगमा जोड दिनु पर्नेछ भने प्रदेशको लागि उपयुक्त खाद्य सुरक्षा र सम्प्रभुतासम्बन्धी रणनीति र कार्यनीति बनाई प्रभावकारी कार्यान्वयन गर्दै हालको खाद्य तथा पोषणको अवस्थामा सुधार ल्याउनु आवश्यक छ ।

### ४.३.२ विद्यमान अवस्था

विगतदेखि नै खाद्य असुरक्षित रहेको यस प्रदेशमा पछिल्ला केही बर्ष यता खाद्य सुरक्षा तथा पोषणको अवस्था सुधारोउन्मुख रहेको छ । संविधानले खाद्य अधिकार र सम्प्रभुताको प्रत्याभूत गर्दै खाद्य असुरक्षाबाट मुक्त हुन पाउने अधिकार सुनिश्चित गरेको छ । नेपाल सरकारले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ र खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८० तर्जुमा गरेको छ र कृषि विकास रणनीति (सन् २०१५-२०३५) कार्यान्वयनमा रहेको छ । प्रदेशको खाद्य अधिकार तथा सम्प्रभुता ऐन, २०७७ र नियमावली, २०८० जारी भएका छन् । प्रदेश सरकारले खाद्य सुरक्षा तथा सम्प्रभुता सुनिश्चित गर्ने लक्ष्य प्राप्तिका साथ विभिन्न कार्यक्रम कार्यान्वयन गरीरहेको छ ।

### ४.३.३ मुख्य सवाल तथा चुनौती

**(१) खाद्य अधिकार, सम्प्रभुता र सुरक्षाको सुनिश्चितता**: संविधान प्रदत्त मौलिक हकको प्रचनलन गर्ने सम्बन्धमा तयार भएका सङ्घ सरकारको खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन,२०७५ तथा खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी नियमावली, २०८० र प्रदेशको खाद्य अधिकार तथा सम्प्रभुता ऐन, २०७७ तथा नियमावली, २०७९ लाई प्रभावकारी कार्यान्वयनमा ल्याउन नसक्नु, पोषणयुक्त रैथाने बालीको न्यून उपभोग तथा आयातीत खाद्यवस्तुमा बढ्दो निर्भरताले खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको अवस्था कमजोर हुनु, खाद्य उत्पादनमा अपेक्षित वृद्धि हुन नसक्दा गरिब तथा विपन्न घरपरिवारको खाद्य सुरक्षा थप कमजोर हुनु प्रमुख सवालका रुपमा रहेको छन् । खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य सुरक्षाका सम्बन्धमा नीति निर्मातादेखि उपभोक्तासम्मको बुझाइमा एकरुपता कायम गर्नु तथा खाद्य अधिकार, सम्प्रभुता र खाद्य सुरक्षाका लागि आवश्यक स्रोतसाधनको व्यवस्था गर्नु चुनौतीका रुपमा रहेका छन् ।

**(२) खाद्य उत्पादन वृद्धि** खेतीयोग्य जग्गा बाँझो रहने क्रम बढ्दै जानु, प्रदेशमा अझै २३ हजार ४ सय ३४ मेट्रिक टन खाद्यान्न उत्पादन कम रहेकाले त्यसलाई स्थानीय उत्पादनबाटै पुर्ति गरी स्थानीय स्तरमा पर्याप्त खाद्यको उत्पादन र उपलब्धता सुनिश्चित गर्नु, कृषिमा आकर्षण घट्दै जानु, आयातमा निर्भरता बढ्दै जानु मुख्य सवालका रुपमा रहेका छन् । कृषिलाई आकर्षक पेसाको रुपमा विकास गरी युवालाई पलायन हुनबाट रोक्नु, कृषिलाई व्यवसायीकरण गरी स्थानीय कृषि उत्पादनको वृद्धि गर्नु, प्रदेशको खाद्यन्न वासलात धनात्मक बनाई आयात प्रतिस्थापन गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

**(३) लक्षित वर्ग उत्पादन कार्यक्रमको प्रभावकारीता**: प्रदेश तथा स्थानीय तहमा खाद्य सुरक्षा अवस्थाको तथ्याङ्कको कमीले गर्दा लक्षित समूह वा क्षेत्र पहिचान गरी कृषि उत्पादन कार्यक्रम सञ्चालन नहुनु, लक्षित वर्ग तथा समुदाय दुर्गम क्षेत्रमा छरिएर रहेकाले उपलब्ध स्रोतसाधनबाट प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्न नसक्नु, सडक लगायत अन्य यातायातका सञ्जालको कमीका कारण भौगोलिक विकटता भएका दुर्गम

स्थानमा खाद्य उपलब्ध गराउन नसक्नु आदि मुख्य सवालका रुपमा रहेका छन । प्रदेशको खाद्य सुरक्षा सम्बन्धी एकीकृत तथ्याङ्क प्रणाली सुदृढीकरण गर्न प्रदेश तथा स्थानीय तहबिच समन्वय तथा क्षमता अभिवृद्धि, दुर्गम क्षेत्रमा छरिएर रहेका बस्तीमा यातायात लगायत आवश्यक पूर्वाधारको विकास, गरिब तथा विपन्न घरपरिवारको खाद्यमा पहुँच सुनिश्चित गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन ।

(४) **कुपोषण र जनचेतनाः** खाद्य असुरक्षाको कारण तौल नपुगेका बालबालिकाको अनुपात १८ प्रतिशत रहनु, शिशु मृत्युदर तथा पुड्कोपनाको अवस्था उच्च रहनु, समुदायमा सन्तुलित खाद्य उपभोग प्रति चेतनाको कमी हुनु, खाद्यको अनुचित प्रयोगले खाद्य सुरक्षा र पोषण अवस्था कमजोर हुनु, स्थानीय रैथाने बाली तथा जैविक विविधता लोप हुने जोखिम रहनु, आयातीत र अस्वस्थकर खाद्यवस्तुमा निर्भरता बढ्दै जाँदा खाद्य सम्प्रभूता, सुरक्षा र पोषणका क्षेत्रमा थप जटिलता बढ्दै जानु यस क्षेत्रका प्रमुख सवाल हुन् । कुपोषण र खाद्यको सदुपयोगका बारेमा जनचेतना जगाउनु, कुपोषणका कारण उत्पन्न स्वास्थ्य समस्याको निराकरण गर्नु, रैथाने बाली, स्थानीय सीप तथा ज्ञानको प्रबर्द्धन गर्नु, खाद्य सम्प्रभुता, खाद्य अधिकार र पोषण बारे सचेतना अभिवृद्धि गर्नु र आत्मनिर्भर कृषि पद्धतिको विकास गरी आयात प्रतिस्थापन गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

**४.३.४ उद्देश्य**

१. गुणस्तरीय र पोषणयुक्त खाद्यवस्तुको आपूर्ति व्यवस्थापन सर्वसुलभ बनाउनु,
२. जोखिममा रहेका क्षेत्र र समूहमा खाद्य अधिकार प्रत्याभूत गर्नु,
३. खाद्य उत्पादन तथा आयमा आधारित खाद्य सुरक्षा सुनिश्चित गर्नु ।

**४.३.५ रुपान्तरणकारी रणनीति**

(१) **खाद्य अधिकार, सम्प्रभुता र सुरक्षाको सुनिश्चितताः** खाद्य अधिकार, सम्प्रभुता र सुरक्षाको सुनिश्चितताको लागि प्रदेश नीति, कानुन, कार्यविधि, मापदण्ड तथा रणनीति तर्जुमा गरी बहुक्षेत्रीय समन्वय र सहकार्यमा कार्यान्वयन गरिनेछ । सङ्घ र स्थानीय तहसँगको समन्वय र सहकार्यमा खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूता र पोषणसम्बन्धी नीति तथा कानुन कार्यान्वयनको व्यवस्था मिलाइनेछ। । नीति, कानुन तथा मापदण्ड कार्यान्वयनको आवधिक अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिने छ र यसका आधारमा कार्यान्वयन कार्ययोजना सुधार गर्दै लगिने छ ।

(२) **खाद्य तथा पोषण असुरक्षित घरपरिवारलाई आवश्यक खाद्यको व्यवस्था मिलाउनेः** स्थानीय सरकारसँगको सहकार्यमा खाद्य तथा पोषण असुरक्षित घरपरिवारको नक्साङ्कन तथा तथ्याङ्क सङ्कलन गरी परिचयपत्र जारी गरिने छ । परिचयपत्रका आधारमा खाद्य तथा पोषण असुरक्षित घरपरिवारलाई आवधिक रुपमा आवश्यक खाद्यको व्यवस्था मिलाईने छ ।

(३) **स्थानीय स्रोतसाधनको संरक्षण, प्रबर्द्धन र उत्पादकत्व वृद्धि गर्नेः** रैथाने प्रजातिका कृषि बाली, पशुपन्छी, वनजङ्गल र जलचर लगायतका जैविक विविधताको संरक्षण, सम्बर्धन र सदुपयोग गर्ने व्यवस्था गरिने छ । रैथाने प्रजातिको संरक्षण र सम्बर्धन गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईने छ । रैथाने

प्रजातिको उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा योगदान गर्ने अनुसन्धानमूलक कार्यक्रम सञ्चालन गरिने छ र अनुसन्धानबाट प्राप्त नतिजाको प्रचार प्रसारको व्यवस्था गरिने छ।

(४) **सुरक्षित तथा पोषणयुक्त खाद्यवस्तुको उपलब्धता तथा पहुँच सुनिश्चित गर्ने:** सुरक्षित तथा पोषणयुक्त खाद्यवस्तुको उपलब्धता तथा पहुँच सुनिश्चित गर्न स्थानीय तहसँगको समन्वयमा खाद्य भण्डारणको व्यवस्था गरिने छ । आपतकालीन अवस्थामा खाद्य तथा पोषण सम्बन्धी सेवाका लागि पूर्वतयारी गरी आपतकालमा प्रभावितलाई पोषणयुक्त खाद्य उपलब्ध गराउने व्यवस्था गरिने छ। विद्यालयमा प्रदान गरिने दिवा खाजामा पोषणयुक्त स्थानीय रैथाने खाद्यवस्तुको प्रयोगका लागि अनिवार्य व्यवस्था गरिनेछ।

(५) **कृषिको विविधीकरण, आधुनिकीकरण र व्यवसायीकरण मार्फत खाद्य असुरक्षाको जोखिम न्यूनीकरण गर्ने:** कृषि उत्पादनमा विविधीकरण र आधुनिकीकरण गर्दै व्यवसायीकरणका लागि लगानीको वातावरण निर्माण गर्ने, सहुलियत तथा अनुदान प्रणालीमा सुधारदेखि न्यूनतम समर्थन मूल्य मार्फत बजार सुनिश्चितता प्रदान गरिनेछ। खाद्य सुरक्षाको दृष्टिले जोखिममा रहेका क्षेत्र र समूहको पहिचान गरी खाद्य अधिकारको प्रत्याभूत गर्न आवश्यक पूर्वाधार सहित खाद्यमा पहुँचको सुनिश्चितता गरिनेछ । खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूता र पोषण सम्बन्धी मार्गदर्शन, कार्यविधि तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

### ४.३.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | आपतकालीन खाद्य सुरक्षाका लागि खाद्यान्न भण्डारण | प्रदेश स्तरीय खाद्य सुरक्षा प्रतिकार्य योजना तयार भई प्रदेशका सबै स्थानीय तहमा कृषि उत्पादनको सङ्कलन, भण्डारण र आपतकालीन वितरण गर्ने व्यवस्था भएको हुनेछ। |
| २ | खाद्य तथा पोषण असुरक्षित घर-परिवारका लागि खाद्य व्यवस्थापन | स्थानीय तहसँग समन्वय गरी खाद्य तथा पोषण असुरक्षित घर परिवारको पहिचान सहित परिचयपत्र जारी भई खाद्य व्यवस्थापन भएको हुनेछ। |
| ३ | पोषणयुक्त स्थानीय खाद्य बस्तुको पहिचान र उत्पादनमा प्रोत्साहन | पोषणयुक्त स्थानीय खाद्य वस्तुको पहिचान र सोको उत्पादनमा वृद्धि भई उत्पादित वस्तुको कर्णाली ब्रान्डिङ (मूल्यवान) सहित बजारीकरण भएको हुनेछ। वन मौरीको संरक्षण र मह सङ्कलन तथा घर मौरीपालन, मह उत्पादनको व्यवसायीकरण एवम् बजारीकरण भएको हुनेछ। |
| ४ | खाद्य अधिकार, खाद्य सम्प्रभुता, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम | सङ्घ र स्थानीय तहसँगको समन्वयमा कानुन प्रदत्त खाद्य अधिकार र खाद्य सम्प्रभुता प्रत्याभूत भएको हुनेछ । दिवा खाजा कार्यक्रमका लागि सबै विद्यालयमा स्थानीय रैथाने खाद्यको उपलब्धता सुनिश्चित भएको हुनेछ। |
| ५ | खाद्य असुरक्षा जोखिम न्यूनीकरण कार्यक्रम | खाद्य असुरक्षा रहेका स्थानमा खाद्य उत्पादन वृद्धि तथा भण्डारणको व्यवस्था भई खाद्य सुरक्षाका सूचकमा सुधार हुनेछ। |

### ४.३.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | उच्च खाद्य असुरक्षामा रहेको परिवार | प्रतिशत | ७.० | ७.० | ६.० | ५.० |
| २ | आपतकालीन खाद्यान्न भण्डारणको व्यवस्था भएका स्थानीय तह | प्रतिशत | - | - | १३ | ४० |
| ३ | पोषणयुक्त स्थानीय खाद्य वस्तु उत्पादन गर्ने किसान/समूह | किसान समूह | - | - | ५० | २०० |
| ४ | पोषणयुक्त स्थानीय खाद्यवस्तु जनचेतना कार्यक्रमबाट लाभान्वित | सङ्ख्या | ० | ० | ५० | २०० |
| ५ | खाद्य सम्प्रभूता तथा खाद्य सुरक्षा कार्यक्रम समावेश गरी वार्षिक योजना बनाउने स्थानीय तह | प्रतिशत | २४ | ३० | ४५ | ७९ |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश।*

## ४.४ भू-उपयोग तथा भूमि व्यवस्था

### ४.४.१ पृष्ठभूमि

कुल ३० हजार २ सय ११ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको देशकै सवैभन्दा ठूलो प्रदेशको रुपमा रहेको यस प्रदेशको भूवनोट विशिष्ट छ। उपलब्ध भूमिको विशिष्टताको आधारमा भू-उपयोग योजना बनाएर कार्यान्वयन गरी तुलनात्मक लाभ हासिल गर्न सक्ने अवसर प्रदेशलाई प्राप्त छ। प्रदेशको कुल भूमिको करिब ९.५२ प्रतिशत (२,८७,७६१ हेक्टर) भूमि खेती योग्य रहेको छ। सोमध्ये कुल खेतीयोग्य जमिनको २,००,६०२ हेक्टर भूमिमा मात्र खेती भईरहेको छ। प्रदेशको खेतीयोग्य भूमिको करिब ३०.२९ प्रतिशत जमिन बाँझो रहेको अनुमान छ। यसले उक्त खाली जमिलाई नेपाल सरकारको भू-उपयोग नीतिअनुसार वर्गिकरण गरी उत्पादनमूलक एवम् आर्थिक सामाजिक रुपान्तरणका क्षेत्रमा लगाउन सकिने संभावना रहेको छ।

प्रदेशको कुल क्षेत्रफललाई आधार मान्दा प्रति घरपरिवार औसत ८.२५ हेक्टर रहेको देखिन्छ। यद्यपि, कृषियोग्य भूमिको मात्र विश्लेषण गर्दा प्रतिघरपरिवार कृषियोग्य भूमि औसत ०.८२ हेक्टर हुन आउँदछ। डाँडाकाँडा, खर्क र हिमाली पाटन जस्ता बाँझो भूमिको समेत जडिबुटी र पशुपालनजस्ता क्षेत्रमा कुशल उपयोग गर्न सके जैविक विविधता संरक्षणा प्रदेशको विशाल भूगोललाई समृद्धिको आधार बनाउन सकिने प्रवल संभावना रहेको छ।

### ४.४.२ विद्यमान अवस्था

दिगो र वैज्ञानिक भूमि व्यवस्थापनको लागि प्रदेश सरकारले भू-उपयोग नीति, जोखिम संवेदनशील भू-उपयोग गुरुयोजना र कृषि विकास रणनीति तर्जुमा गरी कार्यान्वयन प्रयास गरीरहेको छ। प्रदेशमा गुठी प्रथा र हलिया प्रथा जस्ता भू–स्वामित्वका दृष्टिले परम्परागत भूमि व्यवस्थापन अभ्यासको अवशेष अझै केही मात्रामा बाँकी छ। नेपालको भू–उपयोग ऐन (२०७६) तथा नियमावली (२०७९) ले भू–उपयोगका आधारमा भूमिको वर्गीकरण र व्यवस्थापन गर्ने अधिकार स्थानीय तहको भू–उपयोग परिषद्लाई हस्तान्तरण गरेको छ। प्रदेशका स्थानीय तहबाट भू–उपयोग परिषद् गठन गरी भूमीको वर्गीकरण भईरहेको छ।

**तालिका ४.३: प्रदेशको भू-उपयोगको अवस्था**

| भू-उपयोग क्षेत्र | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|
| कृषियोग्य क्षेत्र | २८७५८९.७ | ९.५२ |
| वन जङ्गल क्षेत्र | ११६५१६१ | ३८.५७ |
| वुट्यान तथा चरन क्षेत्र | ६६४५९.८ | २.२० |
| आवासीय क्षेत्र | ३९२७१७ | १३.०० |
| हिम क्षेत्र | ७४१६३१ | २४.५५ |
| जल क्षेत्र | ५४३७.६२ | ०.१८ |
| राष्ट्रिय निकुञ्ज क्षेत्र | १५१०४५ | ५.०० |
| अन्य उपयोग भएको क्षेत्र | २१०८५८.८ | ६.९८ |
| **कुल** | **३०२०८९९.९२** | **१००.००** |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश।*

प्रदेशले तर्जुमा गरेको भू-उपयोग नीति तथा गुरुयोजनाअनुसार भूमिको नक्साङ्कन, वर्गीकरण र प्रभावकारी व्यवस्थापन तथा नियमन गर्न र खेतीयोग्य बाँझो जमिनलाई उत्पादनशील उपयोगमा ल्याउन नीतिगत, कानुनी तथा कार्यक्रमिक व्यवस्था आवश्यक रहेको छ । अव्यवस्थित बस्ती र बढ्दो सहरीकरण, भू-क्षय तथा मरुभूमीकरण, सार्वजनिक जग्गा, मठ मन्दिर लगायतका सामाजिक तथा सांस्कृतिक महत्त्व बोकेको भूमिको पहिचान, नक्साङ्कन तथा व्यवस्थापन गरी कर्णालीको विकासका लागि दिगो व्यवस्थापन गर्नु जरुरी छ ।

### ४.४.३ मुख्य सवाल तथा चुनौती

**(१) भूमीको वर्गीकरण र भू–उपयोग योजना:** प्रदेशको भूगोल ठूलो भए पनि खेतीयोग्य जमिन थोरै हुनु, भूमिको वर्गीकरण र भू-उपयोग योजनाबिना अव्यवस्थित रुपमा बस्ती र सहरीकरण बढ्दै जानु, जग्गाको खण्डीकरण दिनानुदिन बढ्दै जानु, कृषियोग्य भूमि बाँझो तथा गैरकृषि क्षेत्रमा प्रयोग हुनु यस क्षेत्रका प्रमुख सवालहरु हुन । भिरालो जमिन तथा नाङ्गा डाँडापाखाको उचित उपयोग, भिरालो खेतबारी र सीमान्त भूमिमा भईरहेको खेतीपाती व्यवस्थापन, भू-क्षय तथा विपद् जोखिम न्यूनीकरण र भू-उपयोग नीति तथा योजना प्रभावकारी कार्यान्वयन गर्नु चुनौती रहेको छ ।

**(२) अतिक्रमण नियन्त्रण तथा जोखिम न्यूनीकरण:** आर्थिक र सामाजिक परिवेशलाई मध्यनजर गरी भूमिको उपयोग तथा दिगो व्यवस्थापन पद्धतिको अवलम्वन नहुनु, भूमिको क्षमताअनुसार वर्गीकरण तथा उपयोग नहुनु, जलवायु परिवर्तन तथा प्रकोपको जोखिम वृद्धि हुनु, वन र सार्वजनिक जग्गा अतिक्रमण हुनु महत्त्वपूर्ण सवालहरु हुन । जोखिम युक्त ठूलो भूभागमा छरिएका बस्ती व्यवस्थापन गर्नु, वन, चरन, संरक्षित तथा कृषि क्षेत्रको समुचित उपयोग गर्नु, धेरै भिरालो र असुरक्षित स्थानमा भएका बस्तीहरुलाई कम भिरालो र सुरक्षित स्थानमा स्थानान्तरणका लागि जग्गा व्यवस्थापन गर्नु आदि यस क्षेत्रका चुनौतीहरु हुन् ।

**(३) भूमिको स्वामित्व तथा उत्पादनशील उपयोग:** गुठी जमिनको वैज्ञानिक उपयोग हुन नसक्नु, द्वन्द्वकालीन अवस्थामा जमिनको स्वामित्व दखलको समस्या हल नहुनु, सुकुम्बासी, मुक्त कमैया र हलिया तथा बाढी पहिरो पीडितका लागि खेतीयोग्य जग्गा तथा पुनर्बासको व्यवस्था हुन नसक्नु, अव्यवस्थित बस्ती तथा प्रयोगविहिन जमिनको व्यावसायिक उपयोग हुन नसन्नु सवालका रुपमा रहेका छन् । कृषि पेसामा निर्भर कृषक तथा मजदुरलाई खेतीयोग्य जमिन व्यवस्थापन गर्नु, वन तथा कृषियोग्य भूमिको अतिक्रमण हटाएर कृषिमा उपयोग

गर्नु तथा वनजङ्गल, पाटन तथा चरन क्षेत्र, खुल्ला क्षेत्र र जल क्षेत्रको संरक्षण र उत्पादनशील कार्यमा उपयोग गर्नु चुनौतीका रुपमा रहेका छन्।

(४) **भूमिको खण्डीकरण तथा अव्यवस्थित सहरीकरणः** पैतृक सम्पत्तिको अवैज्ञानिक बाँडफाँटका कारण जमीनको खण्डीकरण हुनु र कृषियोग्य उर्वर भूमि आवास तथा अन्य प्रयोजनमा उपयोग हुनु, कृषियोग्य उर्वर भूमि भएर सडक तथा विद्युत् प्रशारण लाईन निर्माण र विस्तार हुनु यसका प्रमुख सवाल हुन्। भू-उपयोग नीति तथा योजनाअनुसार भूमिको व्यवस्थित उपयोग गर्नु, निरन्तर रुपमा कृषि जमिनको खण्डीकरण र अतिक्रमण रोक्नु तथा खेतीयोग्य जग्गाको चक्लाबन्दी गरी व्यावसायिक खेती विस्तार गर्न तथा व्यवस्थित बस्ती र सहरी विकास गर्नु चुनौती रहेको छ।

**४.४.४ उद्देश्य**

१. कृषियोग्य भूमिको दिगो व्यवस्थापन मार्फत उत्पादकत्व वृद्धि गर्नु,
२. जोखिम संवेदनशील र भू-उपयोग योजना कार्यान्वयन तथा नियमन गर्नु,
३. भू–स्वामित्वमा रहेका जटिलताको समाधान र अतिक्रमण नियन्त्रण गर्नु।

**४.४.५ रुपान्तरणकारी रणनीति**

(१) **वैज्ञानिक भू–उपयोग योजना लागु गर्नेः** भौगोलिक अवस्थिति, जोखिम तथा व्यावसायिक उपयोगको अवस्था विश्लेषण र राष्ट्रिय भू–उपयोग नीति तथा कानुन बमोजिम भूमिको वर्गीकरण, भू–उपयोग योजना तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय तहलाई सहयोग र सहजीकरण गरिनेछ। अव्यवस्थित सहरीकरण, जग्गाको खण्डीकरण र बाँझो कृषियोग्य भूमिको न्यूनीकरण गर्न प्रदेशस्तरीय जोखिम संवेदनशील भू–उपयोग गुरुयोजनाको कार्यान्वयन तथा नियमन गरिनेछ।

(२) **भूमि अतिक्रमण नियन्त्रण तथा जोखिम न्यूनीकरण गर्नेः** नीतिगत, कानुनी तथा मापदण्डको व्यवस्था गरी सार्वजनिक, प्रति तथा सरकारी जमिनको अतिक्रमण हटाई संरक्षण तथा उपयोग गरिनेछ। भूमिको अव्यवस्थित प्रयोगका कारण हुने मानव सिर्जित एवम् प्राकृतिक प्रकोपबाट हुन सक्ने र जलवायु परिवर्तनबाट सिर्जित जोखिम न्यूनीकरण गर्न बस्ती विकास तथा पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड पालना गराइनेछ। जोखिम युक्त स्थानमा छरिएर रहेका बस्ती सुरक्षित स्थानमा स्थानान्तरण गरी व्यवस्थापन गरिनेछ। वन, चरन, खर्क तथा पाटन संरक्षण गर्दै आयआर्जनका क्षेत्रमा समुचित उपयोग गरिनेछ।

(३) **भू–स्वामित्वमा रहेका जटिलताको निराकरण गर्नेः** गुठीअन्तर्गत रहेका जमिनको भू-स्वामित्व तथा उपयोगसम्बन्धी सवाललाई नेपाल सरकारको समन्वयमा हल गरिनेछ। द्वन्द्वकालीन अवस्थामा जमिनको स्वामित्व दखलको समस्या प्रचलित कानुन बमोजिम हल गरिने छ। सुकुम्बासी, मुक्त कमैया र हलिया तथा बाढी पहिरो पीडितका लागि खेतीयोग्य जग्गा तथा पुनर्बासको व्यवस्था गरिनेछ।

(४) **भूमिको उत्पादनशील उपयोगलाई प्रोत्साहन गर्नेः** व्यावसायिक खेती गर्न चाहने कृषक तथा फर्मलाई आवश्यकता अनुसारको खेतीयोग्य जमिन उपलब्ध गराउन भूमि बैङ्क, करार तथा सामूहिक खेतीको व्यवस्था गरिनेछ। पाटन, वन तथा कृषियोग्य जमिनको अतिक्रमण हटाएर व्यावसायिक कृषि तथा पशुपालन लगायत उत्पादनशील उपयोगका लागि लिजमा दिने व्यवस्था गरिनेछ।

### ४.४.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | प्रदेश भू-उपयोग नीति तथा गुरुयोजना कार्यान्वयन तथा नियमन | वैज्ञानिक भू-उपयोग गुरुयोजना कार्यान्वयन भई कृषियोग्य भूमिको गैर कृषि प्रयोग निरुत्साहित भएको हुनेछ। |
| २ | भूमिहीन दलित, सुकुम्वासी, विपन्न परिवारका लागि जग्गा व्यवस्थापन | सङ्घ तथा स्थानीय सरकारको समन्वयमा भूमिहीन, सुकुम्वासी, विपन्न परिवारलाई खेतीयोग्य जग्गा उपलब्ध भएको हुनेछ। |
| ३ | प्रदेश भूमि बैङ्कको स्थापना र सञ्चालन | भूमि बैङ्क मार्फत खेतीयोग्य जमिनको व्यवसायीकरण, बाँझो जग्गाको उपयोग र सार्वजनिक जमिनको लगत अद्यावधिक भएको हुनेछ। |
| ४ | भूमिहीन, सुकुम्वासी र सीमान्तकृत वर्ग लक्षित आयआर्जन कार्यक्रम | भूमिहीन, सुमुम्वासी र सीमान्तकृत समुदायको पहिचान गरी बगर खेती, कृषि वन, कबुलियती वन, करार खेती जस्ता कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| ५ | खाली जमिन, पाटन तथा खर्क संरक्षण र समुचित उपयोग | खाली भूमिलाई अतिक्रमण हटाई तथा दुरुपयोग हुनबाट रोकी कृषिजन्य उत्पादन वृद्धि भएको हुनेछ। |
| ६ | कृषि यान्त्रिकीकरणका लागि गरी सुधार तथा चक्लाबन्दी कार्यक्रम | उत्पादन बढाउन कृषि यान्त्रीकरणका लागि गह्रा सुधार तथा चक्लाबन्दी कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| ७ | सार्वजनिक तथा प्रति जमिनमा सामूहिक व्यावसायिक कृषि प्रबर्द्धन | साना र मझौला किसानलाई एकीकृत गरी कृषि सहकारी वा समूह स्थापना भई उत्पादन कार्य प्रारम्भ भएको हुनेछ। |

### ४.४.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | कृषि कार्यमा प्रयोग भएको खेतीयोग्य भूमि | प्रतिशत | ६९.७१ | ६९.७१ | ७२ | ७५ |
| २ | कृषियोग्य जमिनको चक्लावन्दी | हे. | ० | १० | ४० | १०० |
| ३ | कृषियोग्य जग्गामध्ये बाँझो जग्गा | प्रतिशत | ३०.२८ | ३०.१० | २८ | २४ |
| ४ | भूमिको प्रतिहेक्टर उत्पादकत्व | रु | ४६८३३६ | ४६८३३६ | ४७५०० | ५१५१७० |
| ५ | महिला वा महिला र पुरुषको संयुक्त स्वामित्वमा रहेको कृषियोग्य जग्गा | प्रतिशत | १२.६ | १२.६ | १३.५ | १६.३ |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश।*

## ४.५ सहकारी तथा वित्तीय सेवा

### ४.५.१ पृष्ठभूमि

नेपालको संविधानले सहकारीलाई अर्थतन्त्रका तीन खम्बामध्ये एक खम्वाको रुपमा अंगिकार गरेको छ। सहकारी संस्थाले छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उद्यम सञ्चालन तथा स्वरोजगारी सिर्जना मार्फत स्थानीय अर्थतन्त्रलाई चलायमान गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। बैङ्क तथा वित्तीय संस्थाको उपस्थिति तुलात्मक रुपमा न्यून भएको यस प्रदेशमा सहकारी क्षेत्रले लगानी परिचालन, उद्यमशीलता विकासका साथै उत्पादन र उत्पादकत्त्व वृद्धि गरी आर्थिक विकासमा योगदान गर्न सक्दछ। हाल प्रदेशमा ३२१ र स्थानीय तहमा २,१०० गरी कुल २,४०० भन्दा बढी सहकारी संस्थाहरु सक्रिय रहेका छन्।

पछिल्लो समय प्रदेशका प्रमुख आर्थिक केन्द्रहरुमा बैङ्क तथा वित्तीय संस्थाहरुको उपस्थिति बढ्दै गएको छ। बैङ्क तथा वित्तीय संस्था, विमा कम्पनीका साथै शेयर ब्रोकर कम्पनीका शाखा संख्या समेत बढ्दै गएको छ। प्रदेश

राजधानी लगायत अन्य व्यापारिक केन्द्रमा बढ्दो व्यावसायिक गतिविधि र पर्यटन क्षेत्रको विस्तार तथा विदेशबाट प्राप्त हुने विप्रेषणमा भएको विस्तारका कारण बैङ्क तथा वित्तीय संस्थाको उपस्थिति बढ्दै जाँदा प्रदेश अर्थतन्त्र थप चलायमान हुने संभावना बढेको छ।

### ४.५.२ विद्यमान अवस्था

प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाको शाखा ५०४ रहेको र प्रतिशाखा औसतमा करिब ३ हजार ३१७ जनतालाई वित्तीय सेवा दिइरहेको अवस्था छ। यस प्रदेशको औपचारिक वित्तीय सेवाको पहुँच नेपालको राष्ट्रिय औसतभन्दा न्यून रहेको छ। प्रदेशमा सञ्चालित सहकारी संस्थाको कुल पुँजी रु. १५ अर्ब पुगेको र शेयर पुँजी रु. १ अर्ब ७५ करोड रहेको छ। सहकारी संस्थामा कुल रु. ८ अर्ब २० करोड बचत सङ्कलन हुँदा रु. ११ अर्ब ५१ करोड कर्जा लगानी भएको छ। यस प्रदेशमा सहकारी क्षेत्रको कुल १ हजार ५०० जनालाई रोजगारी प्रदान गरेको, उद्यमशीलता तथा व्यावसायिकता विकास र सर्वसाधारणको बचतको सुरक्षा तथा सेवाको गुणस्तर सुधारमा प्रदेश सरकारले पहल गरीरहेको छ। प्रदेश सरकारले प्रदेश सहकारी ऐन, २०७५ जारी गरेर सहकारीको कारोबारलाई व्यावसायिक, प्रतिस्पर्धी र सुरक्षित बनाउन प्रविधिको उपयोग तथा सूचकमा आधारित नियमनलाई जोड दिएको छ। उत्पादनमूलक तथा बहुउद्देशीय सहकारी संस्थाको प्रभावकारी परिचालन मार्फत सीमान्तकृत समुदायको आर्थिक सशक्तीकरण, वित्तीय पहुँचमा वृद्धि, उद्यमशीलता विकास र गरिबी निवारणमा प्रदेश प्रतिबद्ध रहेको छ।

**तालिका ४.४: प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाहरुबाट भएको क्षेत्रगत कर्जा लगानी**

| कर्जा विवरण | कर्जा लगानी (रु. दश लाख) | | | परिवर्तन (प्रतिशत) | |
|---|---|---|---|---|---|
| | २०७८ असार (क) | २०७९ असार (ख) | २०८० असार (ग) | क-ख | ख-ग |
| कृषि, वन तथा मत्स्य सम्बन्धी | ३९२६.३ | ४९५३.९ | ५४९४.८ | -३२.५ | ३२.९ |
| खानी सम्बन्धी | ९८.२० | १०३.३१ | ७५.०२ | ५.२१ | -२७.३९ |
| खाद्यवस्तु उत्पादनसम्बन्धी | ६८६.२४ | ९२४.९१ | १११८.०३ | ३४.७८ | २०.८८ |
| गैरखाद्य वस्तु उत्पादनसम्बन्धी | ८२७.०० | १०३१.०६ | ११४४.४८ | २४.६८ | ११.०० |
| निर्माण तथा घरजग्गासम्बन्धी | ५५४१.६४ | १७६७.५२ | २२६७.४३ | -८०.३५ | ६९.९९ |
| विद्युत्, ग्यास तथा पानी | १८३.६२ | १२९.२४ | १४७.७६ | -२९.६२ | १४.३३ |
| धातु, मेसिनरी तथा विद्युत्तीय उत्पादन | ३६१.३८ | ३९७.२३ | ३४५.४० | ९.९२ | -१३.०५ |
| यातायात, भण्डारण र संचार | ११०८.४९ | १२१६.२२ | ८०७.४१ | ९.७२ | -३३.६१ |
| थोक तथा खुद्रा विक्रेता | १५९४६.०३ | १८३४४.७२ | १९५३२.९४ | १५.०४ | ६.४८ |
| वित्त, विमा तथा अचल सम्पत्ति | ४९१४.७३ | ८१.१५ | ५०.६२ | -९८.३५ | -३७.६२ |
| पर्यटन तथा आतिथ्य सेवा | १२५२.६६ | १३४५.९१ | १४८१.१६ | ७.४४ | १०.०५ |
| अन्य सेवा तथा उपभोग कर्जा | ५०८९.७ | १५७१८.० | १९४२६.४ | २०६.० | २७.९ |
| शिक्षा, स्वास्थ्य र सामाजिक कार्य | ११२८५.७ | ८९१६.२५ | ६०४५.२४ | -२६.९३ | ७६.०९ |
| **जम्मा** | **५१२२१.६६** | **५४९२९.४६** | **५७९३६.६९** | **७.२४** | **५.४७** |

स्रोतः नेपाल राष्ट्र बैङ्क आर्थिक गतिविधि अध्ययन प्रतिवेदन, २०८०।

सहकारी संस्था बाहेक बैङ्क, विमा कम्पनी र लघुवित्त वित्तीय संस्थाहरुले नेपाल सरकार र नियामक निकायका प्रदेश कार्यालयसँगको समन्वयमा वित्तीय पहुँच विस्तार, वित्तीय साक्षरता प्रबर्द्धन जस्ता कार्यक्रम सञ्चालन गरीरहेका छन्।

### ४.५.३ मुख्य सवाल तथा चुनौती

**(१) सहकारीका सिद्वान्त र मूल्य मान्यताको पालनाः** प्रदेशमा सहकारी शिक्षा र जनचेतनाको अपेक्षित रुपमा बिस्तार हुन नसक्नु, सहकारीका आधारभूत सिद्धान्तहरु प्रभावकारी रुपमा अनुशरण नहुँदा सहकारी संस्थाहरु व्यावसायिक, उत्पादनमूलक र रोजगारीमूलक भन्दा बचत तथा ऋणको कारोवारमा मात्र केन्द्रित हुनु, सहकारीका मूलभूत सिद्वान्त र मूल्यमान्यता विपरीतका गतिविधिले प्रशय पाउनु, उत्पादनमूलक सहकारीको विस्तार तथा प्रबर्द्धनका लागि प्रदेशमा खास योजना नहुनु, बचत तथा ऋण सहकारी संस्थाको नियमन फितलो हुँदा संकटग्रस्त सहकारीको सङ्ख्या बढ्दै जानु यससम्बन्धी सवाल हुन्। सहकारीका आधारभूत सिद्धान्त तथा मूल्यमान्यता अनुसार सहकारी संस्थालाई व्यावसायिक, उत्पादनमूलक र रोजगारीमूलक कार्यमा परिचालन गर्नु, सहकारी प्रति सकारात्मक भावना तथा आस्था जगाउनु, सहकारी अभियानलाई दुर्गम तथ छरिएर रहेका गाउँ-बस्तीमा पु्याउनु तथा वित्तीय साक्षरता, पहुँच र लगानी प्रबर्द्धन गर्नु जस्ता चुनौती रहेका छन्।

**(२) सहकारी संस्थाको सेवा विस्तारः** विपन्न तथा न्यून आय भएका लक्षित वर्ग तथा दुर्गम गाउँबस्तीमा सेवा बिस्तार हुन नसक्नु र सहकारीसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन नहुनु, लक्षित वर्गमा वित्तीय साक्षरता तथा चेतनामा कमी हुनु, सहकारी संस्था आवश्यकता अनुसार प्रविधिको विकास तथा उपयोग, नियमन प्रणालीमा सुधार र जनशक्ति विकासमा यथोचित ध्यान पुग्न नसक्नु जस्ता सवाल रहेका छन्। दुर्गम क्षेत्र, आर्थिक रुपमा विपन्न तथा सीमान्तकृत वर्गमा सहकारीको सेवा बिस्तार गरी सहकारीलाई सामाजिक सुरक्षा र आर्थिक रुपान्तरणको आधारको रुपमा स्थापित गर्नु प्रमुख चुनौती छ।

**(३) वित्तीय साक्षरता र सहज पहुँचः** यस प्रदेशमा वित्तीय सेवा प्रदान गर्ने सहकारी तथा बैङ्क/वित्तीय संस्थाको सङ्ख्या तथा परिचालित पुँजी न्यून हुनु, न्यून आय भएका नागरिक र साना व्यवसायीमा बैङ्क तथा वित्तीय संस्थाको पहुँचमा कमी हुनु, सर्वसाधारणमा वित्तीय साक्षरतामा कमी हुनु, बैङ्क तथा वित्तीय संस्थाहरु लक्षित वर्गमैत्री हुन नसक्नु यससम्बन्धी प्रमुख सवालहरु हुन्। लघु, घरेलु तथा साना व्यवसाय र उद्योगका लागि सर्वसुलभ रुपमा ऋण लगायत वित्तीय सेवाको सहज पहुँच सुनिश्चित गर्नु चुनौतीपूर्ण छ।

**(४) लक्षित वर्ग कार्यक्रमको प्रभावकारीताः** लक्षित वर्गका लागि प्रावधान गरीएका वित्तीय साक्षरता, सेवा तथा सहुलियतपूर्ण कर्जा सुविधा तथा ब्याजदर अनुदानका कार्यक्रमलाई वास्तविक लक्षित वर्गसम्म पु्याउन नसक्नु, युवा, महिला, दलित, विपन्न, सीमान्तकृत व्यक्ति तथा समुदायको वित्तीय सेवामा सहज पहुँच नहुनु, उद्यमशीलता सम्बन्धी ज्ञान, सीप र दक्षतामा कमी हुनु यससम्बन्धी सवालहरु हुन्। विशिष्टीकृत भूगोल, समाज र मूल्य मान्यता रहेको प्रदेशका लागि आर्थिक सामाजिक रुपान्तरण र गरिबी निवारणका लागि लक्षित वर्ग तथा समुदायका लागि सहुलियतपूर्ण वित्तीय पहुँच सुनिश्चित गर्नु चुनौती रहेको छ।

### ४.५.४ उद्देश्य

१. सहकारीको माध्यमबाट छरिएर रहेको श्रम, सीप, स्रोत र पुँजीको उत्पादनशील क्षेत्रमा परिचालन गर्नु,

२. सर्वसुलभ वित्तीय सेवाको विस्तार मार्फत उद्यमशीलता विकास र रोजगारी सिर्जना गर्नु।

### ४.५.५ रुपान्तरणकारी रणनीति

**(१) सहकारीको संस्थागत क्षमता विकास र प्रभावकारी नियमन गर्नेः** सहकारी संस्थाका सञ्चालक तथा व्यवस्थापकका लागि सहकारीका मूलभूत सिद्वान्त र मूल्य मान्यता तथा वित्तीय व्यवस्थापनका विषयमा

नियमित तालिम तथा अभिमुखीकरण प्रदान गरिनेछ । सहकारी संस्थाको नियमित अनुगमन तथा नियमन गरी आधारभूत सिद्धान्त अनुशरण र वित्तीय अनुशासन् पालना नभएको अवस्था कानुन बमोजिम कारवाही गरिनेछ । कृषि सहकारीलाई कृषि एम्बुलेन्सको व्यवस्थापन, बजारीकरण क्षमता विकासका लागि विभिन्न निकायसँगको सहकार्य र साझेदारीमा स्थानीय विशेष कृषि सहकारी प्रबर्द्धन कार्यक्रम लागु गरिनेछ । संकटग्रस्त सहकारीका सञ्चालक र व्यवस्थापकबाट अपचलन भएको सर्वसाधारण बचतकर्ताको रकम फिर्ता गर्ने व्यवस्था मिलाइनेछ। ।

(२) **वित्तीय साक्षरता विस्तार गर्ने**: महिला, युवा तथा न्यून आय भएका लक्षित वर्गमा नियमित रुपमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय तहसँगको सहकार्यमा स्थानीय पाठ्यक्रममा सहकारी अभ्यासका साथै बैङ्क तथा वित्तीय संस्थाका आधारभूत सेवा, वित्तीय अपराध र सम्बन्धित कानुनका विषय समावेश गरी नियमित पठनपाठन गराउने व्यवस्था मिलाइनेछ ।

(३) **लघु घरेलु तथा साना व्यवसायीको क्षमता विकास गर्ने**: साना व्यवसायीहरुलाई कर तथा लेखाका सिद्वान्त, व्यावसायिक योजना, परियोजना प्रस्ताव तयारी जस्ता विषयमा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । आधारभूत वित्तीय साक्षरताका साथै साना व्यवसाय, लघु तथा घरेलु उद्योगको मागका आधारमा अन्य विशिष्ट प्रकृतिका तालिम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

(४) **स्थानीय सरकार, बैङ्क तथा निजी क्षेत्रसँग सहकार्य गर्ने**: लक्षित वर्गका लागि सञ्चालन गरिने सहुलियतपूर्ण कर्जा सुविधा तथा व्याज अनुदानका साथै वित्तीय साक्षरता लगायतका कार्यक्रमको पहुँच सर्वसाधारणसम्म पुर्‍याउन स्थानीय सरकारसँग सहकार्य तथा साझेदारी गरिनेछ । युवा, महिला, दलित, विपन्न लगायत लक्षित वर्ग लक्षित कार्यक्रममा सरलीकरण र सहजीकरणका लागि बैङ्क तथा नियामक निकाय र निजी क्षेत्रसँग सहकार्य र समन्वय गरिनेछ ।

### ४.५.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | सहकारी सूचना प्रणाली स्थापना, सहकारी शिक्षा तथा क्षमता अभिवृद्धि कार्यक्रम | प्रदेश र सबै स्थानीय तहमा सहकारी सूचना प्रणालीको स्थापना भएको हुनेछ । विद्यालय शिक्षामा पाठ्यक्रम, आमसञ्चारका माध्यमबाट जनचेतना र सहकारी सञ्चालकको लागि व्यवस्थापन तालिम सञ्चालन भएका हुनेछन । |
| २ | महिला, दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न लगायतका लक्षित वर्गमा वित्तीय पहुँच विस्तार कार्यक्रम | लक्षित वर्गलाई सहज रुपमा वित्तीय सेवा प्राप्त गर्ने विषयमा व्यावसायिक तालिम, लेखा तथा कोष व्यवस्थापन लगायतका तालिम उपलब्ध भएर उनीहरुको पहुँच सहज भएको हुनेछ । |
| ३ | विशिष्टिकृत उत्पादन, प्रशोधन र बजारीकरणमा सहजीकरण | एक सहकारी-एक नमुना उत्पादनको ब्रान्डिङ गरी बजारीकरण गर्न र विशिष्टिकृत सहकारी मार्फत आर्थिक रुपान्तरणका क्रियाकलाप सञ्चालन भएको हुनेछ । |
| ४ | सहकारी, निजी र सार्वजनिक साझेदारी उद्यमशीलता विकास कार्यक्रम | व्यवसाय सुरु गर्न, उत्पादन बढाउन र बजारीकरण गर्न सहकारी, निजी र सार्वजनिक साझेदारीमा व्यवसाय विकासका नमुना कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| ५ | प्रदेशको तुलनात्मक लाभ र सार्वनजिक क्षेत्रमा सहकारी तथा बैङ्क वित्तीय संस्थाको लगानी विस्तार | शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायात, प्राकृतिक स्रोतसाधनमा आधारित उद्यम, आधारभूत उपभोगका क्षेत्र तथा व्यावसायिक कृषिको क्षेत्रमा नयाँ व्यवसाय स्थापना भई सञ्चालित भएका हुनेछन् । |

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| ६ | बहुउद्देशीय सहकारी प्रबर्द्धन कार्यक्रम | कर्णालीको मौलिक कला, संस्कृति, वस्तुको संरक्षण, उत्पादन, प्रशोधन र बजारीकरण भएको हुनेछ। |
| ७ | सहकारी उद्यम प्रबर्द्धन कार्यक्रम | सहकारी मार्फत उद्यम व्यवसाय सिर्जना, विकास तथा प्रबर्द्धन भएको हुनेछ। |
| ८ | सहुलियत व्याज अनुदान सहयोग कार्यक्रम | सहकारीका सदस्यले सहुलीयत ब्याज अनुदान प्राप्त गरी पेसा व्यवसाय सञ्चालन गरेका हुनेछन्। |

### ४.५.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | प्रदेशमा बैङ्क तथा वित्तीय क्षेत्रको कुल कर्जा लगानी | रु.अर्ब | ५७.६५ | ६०.०० | ७५.०० | १००.०० |
| २ | सूचकमा आधारित अनुगमन भएका संस्था | प्रतिशत | १० | १२ | २५ | ३५ |
| ३ | सहकारी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा आबद्ध  सहकारी संस्था | प्रतिशत | ४० | ४५ | ६० | ७० |
| ४ | प्रदेशमा प्रवाहित सहुलीयतपूर्ण कर्जा | रु. करोड | १.५ | १.५ | ३ | ५ |
| ५ | ब्याज अनुदान कार्यक्रमबाट लाभान्वित सहकारी सदस्य | सङ्ख्या | ९६० | ९६० | १५०० | ५००० |
| ६ | बैङ्क तथा वित्तीय संस्थाको शाखा | सङ्ख्या | ४६६ | ५०० | ५५० | ६०० |
| ७ | बैङ्क/ वित्तीय संस्थाका प्रति शाखा ग्राहक | सङ्ख्या | ३४०० | ३३१७ | ३००० | २५०० |

स्रोतः नेपाल राष्ट्र बैङ्क।

परिच्छेद ५

# खनिज, उद्योग, वाणिज्य र पर्यटन

५.१ खानी तथा खनिज सम्पदा ६९

५.२ उद्योग, वाणिज्य तथा आपूर्ति ७२

५.३ पर्यटन विकास ७७

# परिच्छेद-पाँच

# खनिज, उद्योग, वाणिज्य र पर्यटन

## ५.१ खानी तथा खनिज सम्पदा

### ५.१.१ पृष्ठभूमि

यस प्रदेशमा विभिन्न प्रकारका खानी तथा खनिज पदार्थको संभावना रहेको छ । दैलेखका विभिन्न स्थानमा पेट्रोलियम पदार्थको ठूलो भण्डार रहेको विस्तृत अध्ययनबाट पुष्टि भईसकेको छ । जाजरकोट लगायतका अन्य क्षेत्रमा पनि बहुमूल्य धातु लगायतका विभिन्न खनिज तथा खानीको व्यावसायिक संभाव्यता रहेको छ । दैलेखको जौंचौर र मुगुको सालिमार उपत्यकामा तामा खानीको संभावना रहेको आँकलन गरिएको छ भने सुर्खेतको भेरी नदी र रुकुमको वार्गेमा सुनखानीको संभावना रहेको अनुमान गरिएको छ । यस्तै जाजरकोटमा प्रशस्त मात्रामा टुर्मालिन र अन्य बहुमूल्य रत्न पत्थरका अवशेष फेला परेको खानी तथा भूगर्भ विभागको अध्ययनले देखाएको छ । प्रदेशमा परम्परागत रुपमा तामा तथा फलाम उत्खनन् हुने गरेको संकेत भएका स्थानहरु प्रशस्त छन् ।

हुम्ला र दैलेखमा ग्रेनाइटको खानी रहेको अनुमान गरिएको छ । सिमेन्ट उद्योगका लागि चाहिने चुनढुङ्गाका खानीहरु प्रशस्त रहेका छन् । यसका अतिरिक्त कालिकोट, जाजरकोट तथा दैलेखका विभिन्न स्थानमा काइनाईट पत्थरको संभावना तथा मुगुको दोल्फुमा तामा खानी देखिएको छ । जुम्ला र हुम्लाको प्राकृतिक रुपमा तातोपानी पाइने क्षेत्रमा गन्धक खानी रहेको अनुमान गरिएको छ । यसका अतिरिक्त कर्णाली लगायतका ठूला नदी तथा सहायक नदी र खोलानालाबाट निर्माण सामग्रीको उत्खनन तथा व्यवस्थापन हुँदै आएको छ । पहाडी जिल्लाका विभिन्न स्थानमा छाना छाउन प्रयोग हुने ढुङ्गा तथा स्लेटको प्राकृतिक भण्डारण रहेका छन् ।

### ५.१.२ विद्यमान अवस्था

प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रदेशमा उपलब्ध रहेको खानी तथा खनिज सम्पदाको संरक्षण तथा समुचित विकासका लागि सङ्घीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र खानी तथा भूगर्भ विभागका साथै अन्य निकाय र विकास साझेदारसँग मिलेर काम गरीरहेको छ । प्रदेशस्तरीय औद्योगिक व्यवसाय ऐन तथा नियमावलीबाट खानी तथा खनिज सम्पदासम्बन्धी कार्यलाई नियमन र व्यवस्थापन गरीदै आएको छ । नदी तथा खानीजन्य स्रोत उत्खनन्, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्ने कार्यविधि,२०७९ तर्जुमा भएर कार्यान्वयनमा रहेको छ भने अन्य आवश्यक नीति, कानुन तथा कार्यविधि तर्जुमा तथा परिमार्जनको प्रक्रियामा रहेका छन् ।

ठूला खानीको हकमा हालसम्म दैलेखमा प्राकृतिक ग्यास र पेट्रोलियम भण्डारको विस्तृत अध्ययन सम्पन्न भई प्राविधिक परीक्षण (ड्रिलिङ) को काम भईरहेको छ भने जाजरकोटमा उपलब्ध खनिज सम्पदा तथा स्लेट ढुङगाको व्यावसायिक उत्खननका विषयमा प्रारम्भिक संभाव्यता अध्ययन भएको छ । प्रदेशका विभिन्न क्षेत्रमा पाइने बहुमूल्य रत्न पत्थरको सङ्कलन तथा प्रशोधनसम्बन्धी तालिम सञ्चालन हुँदै आएका छन् । यसैगरी प्रचलित कानुनको अधीनमा रहेर चुनढुङ्गा तथा परम्परागत रुपमा नदीजन्य सामग्री (ढुङ्गा, गिट्टी तथा वालुवा) उत्खनन तथा बिक्री वितरण हुँदै आएको छ ।

### ५.१.३ मुख्य सवाल तथा चुनौती

(१) **खानी तथा खनिज सम्पदाको व्यावसायिक उत्खनन, उपयोग र राजस्व बाँडफाँटः** सङ्घीय शासन् संरचनामा खानी तथा खनिज सम्पदाको संरक्षण, व्यावसायिक उपयोग र राजस्व बाँडफाँटका सम्बन्धमा तीन तहका सरकारको अधिकार, दायित्व र जिम्मेवारी बाँडफाँट सन्तुलित तथा स्पष्ट नहुनु, सङ्घ, प्रदेश तथा स्थानीय तहको अधिकार क्षेत्र र जिम्मेवारीअनुसार खानी तथा खनिज सम्पदाको व्यावसायिक उत्खनन, उपयोग र राजस्व बाँडफाँट हुन नसक्नु, प्रदेशमा खानी तथा खनिजको क्षेत्रमा अध्ययन अनुसन्धान अत्यन्त प्रारम्भिक चरणमा हुनु, नीतिगत तथा कानुनी व्यवस्था स्पष्ट हुन नसक्नु र आवश्यक पूर्वाधार र लगानीको कमी हुनु यस क्षेत्रमा प्रमुख सवालहरु हुन् । खानी तथा खनिज क्षेत्रको भौगोलिक र भौगर्भिक अध्ययन अनुसन्धानलाई तीव्रता प्रदान गर्नु, नीतिगत तथा कानुनी व्यवस्था स्पष्ट गर्नु, आवश्यक पूर्वाधार निर्माण र लगानी वृद्धि गर्नु, खानी तथा खनिज सम्पदाको व्यावसायिक उत्खनन, उपयोग, बिक्री वितरण गरी दिगो लाभ लिनु यस सम्बन्धी चुनौतीहरु हुन् ।

(२) **आधारभूत पूर्वाधार विकास, प्रविधि तथा लगानी व्यवस्थापनः** यस प्रदेशमा रहेका खानी तथा खनिज पदार्थको विस्तृत अध्ययन अनुसन्धान गर्नु, पहिचान भईसकेका खानीहरुको उत्खनन् कार्यको थालनीका लागि प्राविधिक एवम् आर्थिक स्रोतसाधनहरुको व्यवस्था गर्नु मुख्य सवालको रुपमा रहेका छन् । सम्भावित खनिज पदार्थ वा खानीहरुको सर्वेक्षण गरी व्यावसायिक उपयोगको चरणमा पुऱ्याउनु, उत्खनन् पूर्वको तयारी र पूर्वाधार विकासका लागि आवश्यक प्रविधि तथा लगानी व्यवस्थापन गर्न एंव अव्यवस्थित रुपमा हुँदै आएको नदीजन्य पदार्थको उत्खननलाई दिगो र वातावरणमैत्री बनाउनु यस क्षेत्रका प्रमुख चुनौतीहरु हुन् ।

(३) **नयाँ खानी र खनिज सम्पदाको पहिचान र भौगोलिक नक्शाङ्कनः** ठूलो क्षेत्रफल तथा भौगोलिक विविधताले भरिपूर्ण भएको हुनाले संभाव्य खानी र खनिज पदार्थ पहिचान, भौगोलिक तथा भौगर्भिक लगायत विस्तृत अध्ययन हुन नसक्नु, नयाँ खानी र खनिज सम्पदाको संरक्षण तथा दिगो उपयोग हुन नसक्नु, विस्तृत संभाव्यता अध्ययन तथा विकास गरी लगानी योग्य आयोजनाको सूची तयार पारी यस क्षेत्रमा लगानीकर्तालाई आकर्षण गर्न नसक्नु, ढुङ्गा तथा नदीजन्य पदार्थ लगायत प्राकृतिक स्रोत व्यवस्थापन तथा उपयोग सम्बन्धी कानुनी व्यवस्था नहुनु यस सम्बन्धी सवालहरु हुन् । नीतिगत तथा कानुनी व्यवस्था स्पष्ट गरी प्रदेशमा संभावना देखिएका ढुङ्गा, नदीजन्य पदार्थ, खनिज तथा खानीको भौगोलिक र भौगर्भिक अध्ययन तथा सर्वेक्षण गरी नक्साङ्कन गर्ने, संभाव्य स्रोतको व्यावसायिक उत्खनन तथा उपयोगको लागि विस्तृत संभाव्यता अध्ययन गरी लगानीयोग्य परियोजनाको सूची तयार गर्ने, खानी तथा खनिज पदार्थको उत्खनन र दिगो उपयोग गर्नु चुनौतीपूर्ण रहेको छ ।

### ५.१.४ उद्देश्य

१. संभाव्य खानी तथा खनिज पदार्थको भौगर्भिक अन्वेषण र भौगोलिक नक्साङ्कन गर्नु,
२. खानी तथा खनिज क्षेत्रको विकास र समोचित उपयोगको वातावरण निर्माण गर्नु ।

### ५.१.५ रुपान्तरणकारी रणनीति

**(१) नीतिगत, कानुनी तथा संरचनागत प्रबन्ध गर्ने:** सङ्घीय संरचनामा खानी तथा खनिज पदार्थको अध्ययन, पहिचान, संरक्षण तथा उपयोगको विषयमा तीन तहका सरकारकाबिचमा रहेको अधिकार तथा जिम्मेवारी सम्बन्धी द्विविधा अन्त्य गर्न प्रदेश क्षेत्राधिकार अनुरुप नयाँ कानुन निर्माण तथा मौजुदा कानुनको पुनरावलोकन गरिनेछ । वातावरणीय क्षति न्यूनीकरण गर्दै संभाव्य खानीहरुको समुचित उपयोगका लागि सहज वातावरण निर्माणका लागि सङ्घीय कानुन पुनरावलोकन, परिमार्जन र तर्जुमा गर्न समन्वय र सहकार्य गरिनेछ। खानी तथा खनिजको पहिचान, अध्ययन तथा सर्वेक्षण, नक्साङ्कन, व्यावसायिक उत्खनन तथा उपयोग, दिगो संरक्षण र नियमनको लागि संस्थागत व्यवस्था गरिनेछ।

**(२) लगानीयोग्य परियोजनाहरुको तयारी तथा लगानी आकर्षण गर्ने:** संभाव्य खानी तथा खनिज पदार्थहरुको भौगोलिक सर्वेक्षण र विस्तृत अध्ययन गरी उत्खनन तथा प्रशोधन गर्न सकिने खानीहरुको भौगोलिक नक्साङ्कन र सूची तयारी गरी अद्यावधिक गरिनेछ । खानी तथा खनिज क्षेत्रमा ठुलो लगानी आवश्यक पर्ने हुँदा आन्तरिक तथा बाह्य लगानीकर्ता आकर्षित गर्न अध्ययन, आयोजना विकास, जग्गा व्यवस्थापन र कर छुट लगायत विशेष सहुलियतका कार्यक्रम सञ्चालन गरिनेछ । निजी क्षेत्रको लगानी सहजीकरणका लागि लगानी सम्मेलन लगायतका प्रबर्द्धनात्मक एवम् प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ । प्रत्यक्ष वैदेशिक लगानी तथा विकास वित्त परिचालनमा सहजीकरणका लागि सङ्घीय सरकारका सम्बन्धित निकाय र विकास साझेदारसँग समन्वय र सहकार्य गरिने छ।

**(३) अन्तरसरकार, निजी क्षेत्र तथा सरोकारवालासँग साझेदारी र सहकार्य गर्ने:** खानी उत्खनन तथा खनिज स्रोतको व्यावसायिक उपयोग र अवरोधमा सहजीकरण गरिनेछ। खानी उत्खनन तथा खनिज स्रोतको अध्ययन, सर्वेक्षण, नक्साङ्कन तथा व्यावसायिक उत्खनन एवम् उपयोगमा समुदाय, स्थानीय सरकार र सङ्घीय निकाय लगायतका सबै सरोकारवालासँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ। निजी क्षेत्र, विकास साझेदार, सुरक्षा निकाय, प्राज्ञिक क्षेत्र तथा अन्य सम्बन्धित सरोकारवालाहरुसँग सहकार्य विकास र विस्तार गरिनेछ।

### ५.१.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | खानी तथा खनिज पदार्थ सम्बन्धी कानुनी तथा संस्थागत व्यवस्था | खानी तथा खनिजको अनुसन्धान, उत्खनन र व्यवस्थापन सम्बन्धी कार्यका लागि नीतिगत, कानुनी र संस्थागत व्यवस्था भएको हुनेछ। |
| २ | भौगर्भिक सर्वेक्षण तथा अन्वेषण र नक्साङ्कन कार्यक्रम | संभाव्य क्षेत्रमा भौगोलिक सर्वेक्षण तथा भौगर्भिक अन्वेषण कार्य सम्पन्न भई खानी तथा खनिज क्षेत्रको अध्ययन तथा नक्साङ्कन भएको हुनेछ। |
| ३ | बहुमूल्य रत्न पत्थरको अनुसन्धान, पहिचान, सङ्कलन तथा प्रशोधन | संभाव्यता अध्ययनको आधारमा निजी क्षेत्रलाई प्रोत्साहन गरी जाजरकोट लगायत संभाव्य क्षेत्रमा रत्न पत्थर जस्ता बहुमूल्य पत्थर प्रशोधन उद्योग स्थापना भएको हुनेछ। |
| ४ | नदीजन्य पदार्थ उत्खनन र प्रशोधन नियमन तथा बिक्री वितरण र व्यवस्थापन कार्यक्रम | प्राकृतिक स्रोतसाधन, मानवबस्ती, पर्यावरण र पारिस्थितिकीय प्रणाली संरक्षण हुने गरी ढुङ्गा गिट्टी तथा बालुवाको उत्खनन् तथा बिक्री वितरण थप व्यवस्थित भएको हुनेछ। |
| ५ | नदीनालामा ढुंगा, बालुवा लगायतका वस्तु थेग्रिने संरचना | ढुङ्गा, गिट्टी र बालुवा सङ्कलन तथा मनोरञ्जन, सिंचाइ लगायत बहुउद्देश्यीय प्रयोजनका लागि प्रमुख नदी, नाला तथा खोलामा संभाव्यता अध्ययन सम्पन्न भई |

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| | (सेडिमेन्टेसन् ड्याम) निर्माण | उपयुक्त स्थानमा वस्तु थेग्रिने संरचना (सेडिमेन्टेसन् ड्याम) निर्माण भएको हुनेछ। |
| ६ | ढुङ्गा तथा स्लेट उद्योग स्थापना तथा प्रबर्द्धन कार्यक्रम | जाजरकोट, दैलेख, मुगु, कालिकोट, रुकुम, सल्यान र जुम्ला लगायतका सम्भावता भएका अन्य जिल्लाहरुमा समेत ढुङ्गा तथा स्लेट उत्खननको विस्तृत संभाव्यता अध्ययन गरी प्रशोधन उद्योग स्थापना तथा सञ्चालन भएका हुनेछन्। |
| ७ | प्रविधि हस्तान्तरण तथा क्षमता विकास कार्यक्रम | खानी तथा खनिजको विस्तृत अध्ययन, उत्खनन तथा प्रशोधन सम्बन्धी परम्परागत प्रविधिको प्रबर्द्धन, नयाँ प्रविधि प्राप्ति/सिकाइ तथा प्राविधिकको क्षमता विकास सम्बन्धी कार्यक्रम नियमित सञ्चालन हुनेछन। |

### ५.१.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | खानी तथा उत्खनन क्षेत्रको वृद्धिदर | प्रतिशत | ०.५६ | २.७३ | ८.० | १०.० |
| २ | नयाँ खानीहरुको अन्वेषण | सङ्ख्या | १ | २ | ५ | ७ |
| ३ | उत्खनन सुरु भएका खानी | सङ्ख्या | ९ | १० | ११ | १५ |
| ४ | पहिचान भएका रत्नपत्थर | सङ्ख्या | ७ | १० | ११ | १५ |
| ५ | रत्न पत्थर प्रशोधन उद्योग | सङ्ख्या | २ | २ | ३ | ३ |
| ६ | चुनढुङ्गा उद्योग | सङ्ख्या | १ | १ | १ | २ |
| ७ | प्रदेश जिडिपिमा खानी र उत्खनन क्षेत्रको योगदान | प्रतिशत | ०.२ | ०.२ | १.५ | ३.० |
| ८ | प्रदेशमा दर्ता खनिज प्रशोधन उद्योग (कुल) | सङ्ख्या | २९ | ५० | ६४ | ६६ |
| ९ | उत्पादित रत्नपत्थर (वार्षिक) | मे टन | ५ | ७ | १० | १२ |
| १० | उत्पादित चुन ढुङ्गा (वार्षिक) | मे टन | ० | ० | ५०० | १५०० |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश

## ५.२ उद्योग, वाणिज्य तथा आपूर्ति

### ५.२.१ पृष्ठभूमि

प्रदेशको आर्थिक समृद्धि हासिल गर्ने प्रमुख संवाहक मध्येको उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्र एक हो । उद्यमशीलता विकास, स्वरोजगारी सिर्जना र सीमान्तीकृत समुदायको जीवनस्तर सुधारमा यस क्षेत्रको महत्त्वपूर्ण योगदान रहने गरेको छ। खासगरी उद्योग क्षेत्रमा आन्तरिक तथा बाह्य लगानी आकर्षित गरी आधारभूत औद्योगिक पूर्वाधारको विकास र स्थानीय कच्चा पदार्थ एवम् सीपमा आधारित लघु, घरेलु तथा साना उद्योगहरुको प्रबर्द्धन गरी प्रदेशको गरिबी न्यूनीकरण गर्न सकिने संभावना रहेको छ। उद्योग तथा वाणिज्य क्षेत्रको प्रबर्द्धन र आपूर्ति श्रृङ्खला सबलीकरणका माध्यमबाट रोजगारी सिर्जना, निर्यात प्रबर्द्धन तथा आयात प्रतिस्थापनमा योगदान पुऱ्याउन सकिन्छ । यस प्रदेशलाई प्राथमिक उत्पादनमा आधारित अर्थतन्त्रबाट विस्तारै औद्योगिक विकासको दिशामा अगाडि बढाउन र औद्योगिकीकरणको माध्यमबाट कृषि र स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगलाई पर्यटन र सेवा उद्योगको मूल्य श्रृङ्खलामा आबद्ध गरी दिगो रोजगारी र समावेशी आर्थिक विकास मार्फत प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउने दिशामा दोस्रो पञ्चवर्षीय योजना केन्द्रित रहेको छ।

### ५.२.२ विद्यमान अवस्था

प्रदेश सरकारले उद्योग वाणिज्य तथा आपूर्ति क्षेत्रको प्रवर्द्धनका लागि प्रदेश सरकारले औंद्योगिक व्यवसाय ऐन, २०७८, औद्योगिक व्यवसाय नियमावली,२०७९, लघु औद्योगिक ग्राम सञ्चालन कार्यविधि, २०७९ जस्ता कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । औद्योगिक श्रम सम्बन्धलाई व्यवस्थित गर्न प्रदेशस्तरीय श्रम सल्लाहाकार परिषद् गठन र सञ्चालन सम्बन्धी कार्यविधि, २०८० कार्यान्वयनमा आएको छ । यसैगरी प्रदेश व्यापार व्यवसाय (दर्ता तथा सञ्चालन) ऐन, २०७८ तथा नियमावली, २०८० कार्यान्वयनमा रहेका छन् । सुर्खेतमा औद्योगिक ग्राम सञ्चालन भईरहेको छ । अन्य जिल्लामा पनि संभाव्यताका आधारमा औद्योगिक क्षेत्र र औद्योगिक ग्राम स्थापनालाई प्रदेश सरकारले प्राथमिकतामा राखेको छ । महिला तथा स्थानीय समुदायबाट उत्पादित वस्तुको बजारीकरणका लागि सुर्खेतमा सौगात गृह भवन निर्माण भई सञ्चालनको तयारीमा रहेको छ । इ-सौगात कार्यक्रम मार्फत स्थानीयस्तरमा उत्पादित वस्तुको डिजिटल माध्यमबाट बजारीकरणको प्रयास भईरहेको छ ।

पछिल्लो तथ्याङ्क अनुसार प्रदेशमा ८१ ठूला, २ मझौला र ३५,६४१ साना गरी करिब ३६ हजार उद्योग व्यवसाय रहेकोमा ९,५८३ लघु तथा घरेलु उद्यम रहेका छन् । वाणिज्यसम्बन्धी कारोबारलाई व्यवस्थापन गर्नका लागि अनलाइन सफ्टवेयरको तयारी भईरहेको छ ।

**तालिका ५.१: कर्णाली प्रदेशका प्रमुख औद्योगिक उत्पादन र उद्योगको क्षमता उपयोग**

| औदद्योगिक वर्गिकरण | उत्पादित वस्तु | एकाइ | २०७९/८० को | | क्षमता उपयोग (प्रतिशत) | |
|---|---|---|---|---|---|---|
| | | | उत्पादन | जडित क्षमता | २०७८/७९ | २०७९/८० |
| दुग्ध पदार्थ | प्रशोधित दुध | हजार लिटर | १५००.०० | ७३००.०० | १७.८ | २०.५५ |
| अन्न र पशु दाना | चामल | मे. टन | ७०.०० | १२०.०० | ८३.३ | ५८.३३ |
| | पिठो | मे. टन | ३०.०० | १२०.०० | ३७.१ | २५.०० |
| | पशुदाना | मे. टन | १५.०० | ९०.०० | १६.९ | १६.६७ |
| अन्य खाद्य पदार्थ | प्रशोधित चिया | मे.टन | २३.०० | ४५.०० | ५५.० | ५१.११ |
| लत्ता कपडा | अन्य | हजार थान | ४०.०० | ८९.०० | ४५.७ | ४४.९४ |
| काठजन्य सामान | चिरेको काठ | हजार क्यु. फिट | १५.०० | २५.०० | ८०.० | ६०.०० |
| कागजजन्य उत्पादन | कागज | मे.टन | ४०.०० | ४०.०० | ८७.५ | १००.०० |
| प्लाष्टिकजन्य उत्पादन | प्लाष्टिक सामान | मे..टन | १३.०० | १४.०० | ३५.७ | ९२.८६ |
| | **औसत क्षमता उपयोग** | | | | **५१.०** | **५२.१६** |

स्रोतः नेपाल राष्ट्र बैङ्क आर्थिक गतिविधि अध्ययन, २०८०

सक्षमता, सीप तथा उद्यमशीलता विकास मार्फत स्वरोजगारी सिर्जना र महिला तथा लक्षित वर्गको आर्थिक शसक्तीकरण मार्फत स्थानीय आर्थिक विकासलाई दिगो र समावेशी बनाउन एक जिल्ला एक उत्पादन तथा सीपसँग सहयोग कार्यक्रम सञ्चालनमा रहेको छ । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) स्थानीय तहमा सञ्चालनमा रहेको छ भने कार्यविधि बनाएर युवा तथा लक्षित वर्गमा उद्यमशीलता प्रबर्द्धनका लागि अनुदानका कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ।

### ५.२.३ मुख्य सवाल तथा चुनौती

**(१) उत्पादन तथा प्रशोधन उद्योगको विकास, विस्तार र स्तरोन्नतिः** आधाभन्दा बढी जनसङ्ख्या ग्रामीण क्षेत्रमा बसोबास गर्ने यस प्रदेशमा आपूर्ति प्रणालीलाई भरपर्दो तथा विश्वसनीय बनाउन नसक्नु, प्रदेशको

वैभवको रुपमा रहेको जैविक विविधता, जलस्रोत तथा खनिजजन्य पर्दाथको उत्पादन तथा प्रशोधन गरी प्रदेशको आन्तरिक माग पूरा गर्नु र निर्यात बढाउन नसक्नु, दैनिक उपभोग्य वस्तुहरुको माग र आपूर्ति सम्बन्धी सूचना सङ्कलन विश्लेषण, प्रक्षेपण एवम् आपूर्ति व्यवस्थापन सुनिश्चित हुन नसक्नु यस क्षेत्रका प्रमुख सवाल हुन् । आत्मनिर्भर हुन सक्ने तथा निर्यातमुखी कृषिजन्य उत्पादनलाई प्राथमिकतामा राखी उद्योगको संरक्षण एवम् आयात हुने वस्तुको प्रदेशमा नै उत्पादन बढाई आयात प्रतिस्थापन गर्नु र प्रादेशिक तहमा तुलनात्मक रुपमा बढी लाभ लिन सक्ने प्राङ्गारिक कृषि उत्पादन, काष्ठ तथा जडिबुटी, गैह्रकाष्ठ पैदावार, स्लेट ढुङ्गा लगायत खानी तथा नदीजन्य पदार्थको पहिचान, उत्पादन र ब्राण्डिङ गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार निर्यात गर्नु चुनौतीका रुपमा रहेका छन् ।

(२) **उत्पादन वृद्धि तथा निर्यात प्रवर्द्धनः** उद्योग स्थापना, सञ्चालन र क्षमता विस्तार तथा उत्पादित वस्तुको बजारीकरणलाई व्यवस्थित गर्न नसक्नु, निर्माणजन्य, औद्योगिक तथा उपभोग्य वस्तुको बिक्री वितरणमा सिण्डिकेट, कार्टेलिङ् लगायतका विकृति र विसँगति कायम रहनु, स्थानीय कच्चा पदार्थको प्रयोग गर्ने उत्पादनमूलक उद्योगको मूल्य श्रृङ्खला सबलीकरण हुन नसक्नु यस क्षेत्रका मुख्य सवालहरु हुन् । उद्यमशीलता, सीप, प्रविधि र औद्योगिक पूर्वाधारको विकास गरी तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादनमा जोड दिनु, कच्चा पदार्थको प्रदेशभित्रै प्रशोधन र मूल्य अभिबृद्धि गरी निर्यात प्रबर्द्धन गर्नु चुनौती रहेका छन् ।

(३) **अत्यावश्यक वस्तु तथा सेवाको सहज, नियमित र भरपर्दो आपूर्ति व्यवस्थापनः** औद्योगिक विकासका लागि पर्याप्त पूर्वाधारको विकास नहुनु, लगानीमैत्री वातावरण सिर्जना गरी स्वदेशी पुँजी तथा वैदेशिक लगानी आकर्षित गर्न नसक्नु, सञ्चालित उद्योगको उत्पादकत्व र प्रतिस्पर्धी क्षमता वृद्धि गर्न उद्योग तथा व्यवसायका लागि आवश्यक कच्चा पदार्थ तथा प्रविधिको सहज उपलब्धता सुनिश्चित हुन नसक्नु, खाद्य असुरक्षामा रहेका क्षेत्रमा खाद्यान्न मौज्दातको व्यवस्था एवम् आपूर्ति श्रृङ्खला सबलीकरणमा अन्तर प्रदेश र स्थानीय तहबिच समन्वयमा कमी हुनु यस क्षेत्रका मुख्य सवाल हुन् । वस्तु तथा सेवाको माग र आपूर्तिबिचको सन्तुलन प्रभावकारी तथा व्यवस्थित गर्नुका साथै भौगलिक रुपमा विकट क्षेत्रमा दैनिक उपभोग्य वस्तुको अभाव हुन नदीन सडक सन्जाल विस्तार तथा स्तरोन्नति गर्नु, खाद्य गोदाम घर निर्माण र जिर्णोद्धार गर्नु र पेट्रोलियम पदार्थको भण्डारण क्षमता बढाउनु मुख्य चुनौति रहेका छन् ।

(४) **स्वच्छ, प्रतिस्पर्धी र उपभोक्तामैत्री बजार प्रणालीः** बजारमा अनौपचारिक कारोबार, कार्टेलिङ तथा कृत्रिम अभाव कायम रहनु, स्वच्छ तथा पारदर्शी बजार प्रणाली स्थापनाका लागि सरोकारवाला निकायबिच प्रभावकारी समन्वय हुन नसक्नु, बजार तथा आपूति श्रृङखलाको अनुगमन तथा नियमन प्रभावकारी हुन नसक्नु, अर्थतन्त्रलाई प्रतिस्पर्धी, स्वच्छ र अनुशासित बनाई उपभोक्ता हित संरक्षण तथा आपूर्ति प्रणालीलाई सुदृढ बनाउन नसक्नु जस्ता सवाल रहेका छन् । उत्पादन, बजार तथा आपूर्ति प्रणालीलाई व्यवस्थित तथा नियमित गर्न उपयुक्त नीतिगत, कानुनी तथा संरचनागत व्यवस्था गर्नु, बजार अनुगमन र उपभोक्ताको हित संरक्षण गर्नु तथा उत्पादन, वस्तु तथा सेवाको गुणस्तर सुधार र आपूर्ति व्यवस्थापन गर्नु जस्ता चुनौती रहेका छन् ।

**५.२.४ उद्देश्य**

१. उत्पादन तथा प्रशोधन उद्योगको विकास तथा विस्तार गर्नु,

२. अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति सहज, नियमित र भरपर्दो बनाउनु,

३. बजार प्रणालीलाई स्वच्छ, प्रतिस्पर्धी र उपभोक्ता प्रति जिम्मेवार बनाउनु ।

**५.२.५ रुपान्तरणकारी रणनीति**

**(१) औद्योगिक नक्साङ्कन गर्नेः** प्रदेशको भौगोलिक विशिष्टता, कच्चा पदार्थको उपलब्धता, बजारको संरचना, श्रम र प्रविधिको उपलब्धता, उत्पादन तथा निर्यातको संभावनाका आधारमा संभाव्यता अध्ययन गरी औद्योगिक संभावनाको नक्साङ्कन गरिनेछ । सोही अनुरुप औद्योगिक गुरुयोजना, रणनीति तथा कार्यक्रम र बजेटको व्यवस्थापन गरी सालबसाली रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।

**(२) औद्योगिक पूर्वाधार विकास, विस्तार र स्तरोन्नति गर्नेः** प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउन र दिगो औद्योगिक विकासका लागि औद्योगिक पूर्वाधारको विकास तथा स्तरोन्नति गरिनेछ । ठूला तथा मझौला उद्योगका लागि प्रदेश राजधानी तथा अन्य संभाव्य स्थानमा व्यवस्थित औद्योगिक क्षेत्र निर्माणलाई प्राथमिकता दिइनेछ । स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास तथा विस्तारका लागि स्थानीय तहमा औद्योगिक ग्राम निर्माणलाई तीव्रता दिइनेछ । प्रमुख आर्थिक केन्द्रमा विद्युत् प्रसारण लाईन, सडक सञ्जाल विस्तार तथा स्तरोन्नति लगायतका पूर्वाधारको विकास, विस्तार सुदृढीकरण गरिनेछ ।

**(३) तुलनात्मक लाभका औद्योगिक वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नेः** प्रदेशको वैभवको रुपमा रहेको कृषि, जैविक विविधता, जलस्रोत तथा खनिजजन्य पदार्थको उत्पादन तथा प्रशोधन उद्योग स्थापना तथा सञ्चालन गरी प्रदेशको आन्तरिक माग पूरा गर्नुका साथै निर्यात बढाइनेछ । आत्मनिर्भर हुन सक्ने तथा निर्यातमुखी कृषिजन्य उत्पादनलाई प्राथमिकतामा राखी उत्पादन, प्रशोधन तथा मूल्य अभिवृद्धिमा जोड दिइनेछ । तुलनात्मक रुपमा बढी लाभ लिन सक्ने प्राङ्गारिक कृषि उत्पादन, काष्ठ तथा जडिबुटी लगायत गैरकाष्ठ पैदावर, स्लेट तथा ढुङ्गा खानी र नदीजन्य पदार्थको पहिचान, उत्पादन, प्रशोधन र ब्राण्डिङ उद्योगको विकास, विस्तार तथा स्तरोन्नतिका लागि प्रतिस्पर्धी क्षमता र अनुकुल वातावरण निर्माण गरिनेछ । निर्यातजन्य वस्तु उत्पादन तथा सेवा क्षेत्रमा प्रतिस्पर्धी क्षमता वृद्धिका लागि सहकारी, निजी क्षेत्र, समुदाय तथा गैरसरकारी क्षेत्रलाई प्रोत्साहन गरिने छ । स्थानीय उद्योगबाट हुने उत्पादनको उपभोगलाई विस्तार गर्न प्रचारप्रसार तथा बजारीकरणमा सहयोग गरिने छ । आयातीत वस्तुसँग प्रतिस्पर्धा गर्न सक्ने र तुलनात्मक लाभ बढी हुने उद्योगको स्थापना तथा सञ्चालन तथा निर्यातयोग्य वस्तुको उत्पादन र बजारीकरणमा प्रोत्साहन गरिने छ ।

**(४) आपूर्ति श्रृङ्खला सबलीकरण गर्नेः** दैनिक उपभोग्य वस्तुहरुको माग र आपूर्ति सम्बन्धी सूचना सङ्कलन विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्थापन सुनिश्चित गरिनेछ । प्रदेश राजधानी तथा प्रमुख आर्थिक केन्द्रहरु जोड्ने आर्थिक कोरिडोरमा विद्यमान आपूर्ति श्रृङ्खलाका कमजोर अवयवको सबलीकरण गरी विकट क्षेत्रमा औषधी, खाद्यान्न, पेट्रोलियम पदार्थ तथा निर्माण सामग्री जस्ता अत्यावश्यक वस्तुको सहज आपूर्तिको व्यवस्था गरिनेछ । प्रदेश भित्रका राष्ट्रिय राजमार्गका साथै सहायक र वैकल्पिक मार्गको विस्तार र स्तरोन्नति

गर्नुका साथै वैकल्पिक यातायातका रुपमा हवाई, विद्युत् तथा ड्रोनको समेत उपयोग गरिनेछ । स्थानीय उत्पादनको दिगो भण्डारण र आयातीत वस्तुको सञ्चयका लागि प्रमुख आर्थिक केन्द्र, कोरिडोर र अन्य उपयुक्त स्थानमा शीत भण्डारण तथा व्यवस्थित गोदाम तथा कोशेली घरको निर्माण र सञ्चालनमा निजी क्षेत्रसँग साझेदारी गरिनेछ।

(५) **बजार अनुगमन तथा नियमन प्रभावकारी बनाउने:** स्वच्छ, पारदर्शी र समाज तथा वातावरण प्रति जिम्मेवार बजार प्रणालीको विकास र उपभोक्ता हित संरक्षणका लागि बजार अनुगमन र नियमनलाई थप प्रभावकारी बनाउँदै लगिनेछ । अस्वस्थ प्रतिस्पर्धा, कृत्रिम अभाव सिर्जना, कालो बजारी, कार्टेलिङ लगायतका गैरकानुनी गतिविधिलाई कडाइका साथ नियन्त्रण गरिनेछ । यसका लागि नीति, नियम तथा मापदण्डको तर्जुमा, पुनरावलोकन, प्रक्रियागत सुधार तथा नियमनमा जोड दिइनेछ।

### ५.२.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | औद्योगिक संभाव्यताको अध्ययन तथा नक्साङ्कन र औद्योगिक विकास गुरुयोजना तर्जुमा | औद्योगिक संभावना भएका तुलनात्मक लाभका क्षेत्रको पहिचान र नक्शाकन भएको हुनेछ। स्थानीय कच्चापदार्थमा आधारित उद्योगको संभाव्यता अध्ययन भई प्रादेशिक औद्योगिक विकास गुरुयोजना तर्जुमा तथा कार्यान्वयन भएको हुनेछ। |
| २ | प्रदेश औद्योगिक विकास प्रतिष्ठान तथा नवप्रवर्तन कोषको स्थापना | प्रतिष्ठान र कोष स्थापना तथा सञ्चालन भई कम्तिमा १५० नवउद्यम (स्टार्टअप) सञ्चालन भएको हुनेछ। |
| ३ | उद्योग प्रबर्द्धन र कर्णाली ब्रान्डिङ तथा निर्यात प्रबर्द्धन कार्यक्रम | कर्णालीको ब्रान्डिङ्ग गरी स्थानीय कच्चा पदार्थमा आधारित उद्यमको विकास भई निर्यात प्रबर्द्धन भएको हुनेछ। |
| ४ | प्रदेश औद्योगिक क्षेत्र र औद्योगिक ग्रामको स्थापना | सुर्खेतमा प्रदेशस्तरीय औद्योगिक क्षेत्र र २५ स्थानीय तहमा औद्योगिक ग्रामको स्थापना भई सञ्चालनमा आएका हुनेछन्। |
| ५ | लघु, घरेलु तथा साना उद्योगको संरक्षण र सम्बर्धन कार्यक्रम | अल्लो, केरा, गाँजा, केतुकी लगायत रेशाजन्य वस्तु, खानी तथा खनिज, कृषि र वनमा आधारित उत्पादन र प्रशोधन उद्योगको स्थापना तथा विस्तार भएको हुनेछ। |
| ६ | संभाव्य उद्योग स्थापना र सञ्चालनका लागि आधारभूत औद्योगिक पूर्वाधार निर्माण | सिमेन्ट, छाला, जैविक मलखाद र विषादी, रेसामा आधारित कपडा, नेपाली कागज, मह, सिस्नो प्रशोधन, डालेचुक, ऊन, पार्टिकल बोर्ड, सिजनिङ्ग प्लान्ट, कम्पोजिट उड जस्ता उद्योगका लागि पूर्वाधार निर्माण भएका हुनेछन्। |
| ७ | निजी, सहकारी सामुदायिक क्षेत्र क्षमता अभिवृद्धि कार्यक्रम | उद्योगको संभाव्यता अध्ययन, समुदाय परिचालन तथा संस्थागत विकास, उद्यमशीलता विकास, सीप तथा प्रविधि हस्तान्तरण, वित्तीय पहुँच र बजारीकरण लगायत उद्यम विकास तथा सञ्चालन सम्बन्धमा निजी क्षेत्र, सहकारी र समुदायको क्षमता अभिवृद्धि भएको हुनेछ। |
| ८ | शीत भण्डारण तथा गोदाम घर निर्माण तथा स्तरोन्नति कार्यक्रम | संभाव्य स्थानमा शीत भण्डारण तथा गोदाम घर निर्माण तथा स्तरोन्नति भई सञ्चालनमा आएका हुनेछन्। |
| ९ | आपूर्ति श्रृङ्खला सुदृढीकरण कार्यक्रम | अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्ति श्रृङ्खला सहज, नियमित र भरपर्दो भएको हुनेछ । स्थानीय उत्पादनलाई प्रबर्द्धन गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनीसँग सहकार्य भएको हुनेछ। |
| १० | विजनेस ईन्क्युवेसन् सेन्टर स्थापना | पूर्वाधार, व्यावसायिक सेवा, वित्तीय सेवा, सञ्जालीकरणको अवसर लगायत व्यवसाय सञ्चालन र प्रबर्द्धन सम्बन्धी ज्ञान र सीपको विकास र प्रर्बद्धन भई नयाँ व्यवसायहरु सञ्चालनमा आउनेछन। |

### ५.२.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | उत्पादन तथा प्रशोधन (औद्योगिक) क्षेत्रको वृद्धिदर | प्रतिशत | ०.३ | ०.३ | ७.० | १०.० |
| २ | प्रादेशिक जीडीपीमा द्वितीय (उद्योग) क्षेत्रको योगदान | प्रतिशत | १०.१ | ९.५ | १३.१ | १६.२ |
| ३ | उद्योगहरुको औसत क्षमता उपयोग | प्रतिशत | ५२.१६ | ५३.२६ | ५५.७५ | ७३.० |
| ४ | मझौला उद्योगहरु | सङ्ख्या | २ | ३ | ७ | १५ |
| ५ | साना तथा घरेलु उद्योगहरु | सङ्ख्या | ३६१६८ | ३८००० | ४३००० | ५१००० |
| ६ | आपत्कालीन खाद्य सञ्चय डिपो (सहकार्यमा) | सङ्ख्या | ० | ३ | ५ | १० |
| ७ | तोकिएका दुर्गम जिल्लामा खाद्यान्न ढुवानी | मे टन | १०००० | ५००० | ५००० | १०००० |
| ८ | औद्योगिक क्षेत्र | सङ्ख्या | १ | १ | २ | २ |
| ९ | औद्योगिक ग्राम | सङ्ख्या | १ | १७ | २५ | ३० |
| १० | घरेलु तथा लघु उद्यमी | सङ्ख्या | ९५८३ | १०६४७ | ११००० | २०००० |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश।

## ५.३ पर्यटन विकास

### ५.३. १ पृष्ठभूमि

कर्णाली प्रदेश पर्यटन विकासका दृष्टिले विशिष्ट र अत्यन्तै संभावना बोकेको क्षेत्र हो। यस प्रदेशमा भित्री तराईको समथर भूभागदेखि उच्च हिमाली र हिमाल पारीसम्म फैलिएको मनमोहक प्रकृतिको उत्कृष्ट संयोजन रहेको छ। भौगोलिक विविधितासँगै विविधतायुक्त जलवायु, पर्यावरण, वनजगल र बहुमूल्य जडीबुटीहरुको सँगमका साथै लोपोन्मुख हिँउचितवा, हाब्रे, हिमाली भालु, कस्तुरी मृग आदि वन्यजन्तु कारण कर्णाली बढी खर्च गर्ने पर्यटक लागि आकर्षणको केन्द्र बन्न सक्ने संभावना छ। "लुकेको भू-स्वर्ग (Hidden Shangrila)" का रुपमा परिचित ३,५०० देखि ५,३४० मिटर उचाइमा फैलिएको अलौकिक भूगोल र पृथक बौद्ध सँस्कृति भएको उपल्लो हुम्लाको लिमी उपत्यका विदेशी पर्यटकको आकर्षण मानिन्छ।


आकर्षक प्राकृतिक वैभवताका साथै प्रागःऐतिहासिक संस्कृति तथा धार्मिक महत्त्वका स्थलसज्जित यस प्रदेशमा पर्यटनलाई आर्थिक समृद्धिको संवाहक क्षेत्रका रुपमा पहिचान गरिएको छ। पछिल्लो समय कर्णाली भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकका लागि यहाँका धार्मिक तथा सांस्कृतिक र उच्च हिमाली पदयात्राले थप आकर्षित गर्दा पर्यटकीय गतिविधि बढ्दै गएको छ। प्रदेशमा चार नाथ धाम, पञ्चकोशी र पञ्चदेवल, नौ बहिनी मालिका, बाह्र भाई मष्टा देवताहरु रहेका छन्। कालिकोटबाट बडिमालिका जाने त्रिवेणी धाम, बडिमालिका मन्दिरका पौराणिक मन्दिरहरु, खापरमष्टा, बण्डाली मष्टा, ठिगेल्नी, चुलीमालिका, पुगमालिका, माहावु धाम, जुम्लामा रहेको सिंजा उपत्यका तथा कनकासुन्दरी धाम, चन्दननाथ र भैरवनाथ, मुगुको छाँयानाथ, कार्मारोङ्गको टोकनाम् ग्याल गुम्बा, थार्पमष्ट, रारा महादेव, कार्कीवडा महादेव, हुम्लाको रेलिङ गुम्बा र खार्पुनाथ, डोल्पाको त्रिपुरासुन्दरी, जाजरकोटको दरवार, सल्यानको खैरावाङ, छाँयाक्षेत्र र कुपिन्डे दह, रुकुम पश्चिमको डिग्रेबाबाको मन्दिर, दैलेखको दुल्लु दरबार, बालेश्वर, शिरिस्थान, नाभिस्थान, पादुका, धुलेश्वर, कोटिला, डुङ्गेश्वर डुङ्गेल मन्दिर, बेलासपुर, सुर्खेतको देउतीबज्यै, कालिका मन्दिर, शिव मन्दिर, काँक्रेविहार र उत्तरगंगाको जलेश्वर मन्दिर जस्ता धार्मिक तथा पर्यटकीय क्षेत्रहरुलाई कैलाश मानसरोवर, लुम्बिनी र पशुपतिनाथका साथै भारतको बाराणासी र अयोध्या जस्ता

प्रसिद्ध तिर्थस्थलसँग आबद्ध गरी धार्मिक तथा सांस्कृतिक पर्यटनको प्रबर्द्धन गर्ने असीमित अवसर रहेको छ । यसैगरी मनोरञ्जनात्मक पर्यटन, कृषि पर्यटन, पर्यापर्यटन, जल तथा साहसिक पर्यटन यस प्रदेशको विकास तथा रुपान्तरणको प्रमुख सम्बाहक हुन सक्छन । धैरैको चासोको रुपमा रहेको शैव संस्कृति, बोन धर्मको खोज, नेपाली भाषाको उत्पति लगायत अन्य धैरै समुदायको चालचलन, रहनसहन आदि विषयमा अनुसन्धानात्मक पर्यटनको संभावना पनि उत्तिकै रहेको छ ।

### ५.३.२ विद्यमान अवस्था

पर्यटनलाई कर्णालीको प्रमुख रुपान्तरणको क्षेत्रका रुपमा अंगिकार गरेर प्रदेश सरकार तथा सरोकारवाला यसको विकास तथा प्रबर्द्धनमा क्रियाशील छन् । यसैक्रममा प्रदेश पर्यटन ऐन- २०७८ र नियमावली, २०८० स्वीकृत भई कार्यान्वयनमा छन् । पर्यटनको दिगो विकासका लागि कर्णाली प्रदेश पर्यटन गुरुयोजना (२०७७/७८–२०८६/८७) तर्जुमा भई कार्यन्वयनमा रहेको छ । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD) को सहयोगमा नेपाल भारत र चिन समेटेर त्रिदेशीय कैलाश पवित्र भूपरिधि संरक्षण कार्यक्रम सञ्चालन भईरहेको छ । यसबाट उक्त क्षेत्रमा प्रकृतिमा आधारित पर्यापर्यटनको प्रबर्द्धनमा सहयोग पुगिरहेको छ । फलस्वरुप कर्णाली आन्तरिक पर्यटन बजारको सबैभन्दा ठूलो गन्तव्य समेत बन्दै गएको छ । बर्सेनि पाँच लाखभन्दा बढी आन्तरिक पर्यटकले प्रदेशका विभिन्न स्थानम भ्रमण गर्ने गरेको अनुमान छ ।

**चित्र ५.१: कर्णाली प्रदेश पर्यटन गुरुयोजनाको कार्यक्रमगत लगानी संरचना**




प्रदेशमा होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ लागु गरी विभिन्न स्थानमा होमस्टे निर्माण तथा सञ्चालनका लागि सहयोग गरिएको छ । पर्यटन पूर्वाधारको विकास तथा स्तरोन्नति, पदमार्गको निर्माण तथा विस्तार र भिडियो क्लिप तयार गरी पर्यटकीय गन्तव्यको प्रचार प्रसार गर्ने काम भईरहेको छ । कर्णाली प्रदेशका प्रमुख पर्यटकीय क्षेत्रहरु समेटिएको "गन्तव्य कर्णाली" पुस्तिका प्रकाशन गरी अन्तर्राष्ट्रिय बजारमा समेत प्रचारप्रसार भईरहेको छ । कर्णाली गन्तव्य एप्स तयारीको चरणमा रहेको छ भने मुगुको रारा, रुकुमको खारा, कालिकोटको पिलि र पचाल झरना र त्रिवेणी पाटनको पर्यापर्यटकीय पूर्वाधार विकासको लागि वहुवर्षीय आयोजना स्वीकृत भई कार्यान्वयन रहेका छन् ।

कर्णालीको पर्यटन प्रबर्द्धनका लागि ***'संसारको गन्तव्य नेपालः नेपालको गन्तव्य कर्णाली'*** भन्ने नाराका साथ प्रदेशका महत्त्वपूर्ण १७ वटा पर्यटकीय स्थलहरु तोकी पूर्वाधार विकास भईरहेको छ । मनोरञ्जनात्मक तथा साहसिक पर्यटनको विकासका लागि पर्यटन गुरुयोजना तर्जुमा गरी व्यवस्थित रुपमा पर्यटन विकास तथा प्रबर्द्धनका कार्य सञ्चालन भईरहेका छन् । सल्यानको कुपिण्डे दहमा पर्यापर्यटनको विकास गर्ने अवधारणा तयार भएको, जामु-कुईने ज्यापिटङ्ग सञ्चालन सुरु भएको छ । प्रदेशमा प्याराग्लाईडिङ् प्रबर्द्धनका लागि ५ जना प्याराग्लाईडिङ्ग पाईलट उत्पादन गरिएको छ भने हाइअल्टिच्यूट खेल पर्यटनका लागि अल्ट्रा म्याराथन प्रतियोगिता आयोजना गरीदै आएको छ ।

**तालिका ५.२: कर्णाली प्रदेश पर्यटन गुरुयोजनाले समेटेका प्रमुख कार्यक्रमहरु**

| क्र.सं. | कार्यक्रम क्षेत्रहरु | अनुमानित लागत (रु) |
|---|---|---|
| १ | पर्यटकीय उपज तथा स्थल विकास र स्तोरोन्नति | ४३ करोड २१ लाख ८०हजार |
| २ | पर्यटन पूर्वाधार विकास र स्तरोन्नति | २९ करोड ८१ लाख |
| ३ | गन्तव्य बजार व्यवस्थापन र प्रबर्द्धन | ८२ करोड ७० लाख |
| ४ | नीतिगत सुधार, संस्थागत संरचना र मानव संशाधन विकास | ८७ करोड १४ लाख |
| ५ | लगानी प्रबर्द्धन र व्यवसाय विकास | १ अर्ब १ करोड ८५ लाख |
| ६ | सामुदायिक सहभागिता र स्थानीय पर्यटन प्रबर्द्धन कार्यक्रम | १ अर्ब २२ करोड ४० लाख |
| ७ | सांस्कृतिक र प्राकृतिक सम्पदा संरक्षण कार्यक्रम | १ अर्ब ७ करोड ४० लाख |
| | **जम्मा अनुमानित लागत (१० वर्षे अवधि सम्म)** | **५ अर्ब ७४ करोड ८१ लाख ८० हजार** |

कर्णाली प्रदेश पर्यटन गुरुयोजना कार्यान्वयनका लागि देहायका दुई चरणहरु निर्धारण गरिएको छः (१) प्रथम - सुदृढीकरण चरण (२०७७/७८-२०८०/८१): योजना बनाउने, सचेतना जगाउने, विकास गर्ने, बजार विस्तार र विविधीकरण गर्ने, (२) द्वितीय- वृद्धि चरण (२०८१/८२-२०८६/८७): सञ्चालन, विशिष्टीकरण, सुधार, विस्तार र बजार व्यवस्थापन गर्ने।

### ५.३.३ मुख्य सवाल तथा चुनौती

**(१) प्रदेश पर्यटन गुरुयोजना कार्यान्वयनः** कर्णालीमा पर्यटन विकासको संभावना, अवसर र चुनौतीको गहन अध्ययन तथा विश्लेषण गरी तर्जुमा भएको कर्णाली प्रदेश पर्यटन गुरुयोजनाको कार्यान्वयनमा तिनै तहका सरकारको समन्वय, सहकार्य र साझेदारीमा कमी हुनु, प्रदेश पर्यटन गुरुयोजनाको प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्नु तथा पर्यटकीय गन्तव्यको विकास तथा प्रबर्द्धन हुन नसक्नु यस सम्बन्धी प्रमुख सवाल हुन्। पर्यटन गुरुयोजनाको अद्यावधिक गरी छुटेका धार्मिक, पर्यटकीय र सांस्कृतिक सम्पदाहरुलाई समावेश गरी प्राथमिकताका साथ कार्यान्वयन गर्दै पर्यटकीय सेवा सुविधाको विविधीकरण, नयाँ पर्यटकीय गन्तव्यस्थल र उपजको पहिचान, संरक्षण र प्रबर्द्धन गर्नु चुनौती रहेको छ।

**(२) कर्णालीको पर्यटनलाई विश्व पर्यटनको मूल्य श्रृङ्खलासँग आबद्धताः** प्रदेशका पर्यटकीय केन्द्रहरुमा वाह्य पर्यटकको पँहुच बढाउन नसक्नु, संभाव्य पर्यटकीय गन्तव्य र सम्पदाको बारेमा जानकारी, किंवदन्ती र रोचक कथाको विकास गरी प्रचारप्रसार गर्न नसक्नु, जोखिम युक्त पर्यटकीय गन्तव्यहरुको संरक्षण र संवर्द्धन हुन नसक्नु, पर्यटन विकासबाट दिगो लाभ लिन नसक्नु यस क्षेत्रका प्रमुख सवालहरु हुन् । कर्णाली प्रदेशको पर्यटनलाई अन्तर्राष्ट्रिय मूल्य श्रृङ्खलासँग आबद्ध गर्नु, पर्यटकीय सेवा सुविधा विकास र विस्तार गरी स्थानीय रुपमा मर्यादित रोजगारी सिर्जना गर्नु, पर्यटन क्षेत्रलाई समुन्नत प्रदेश निर्माणको संवाहकमा रुपमा विकास र प्रबर्द्धन गर्नु मुख्य चुनौती रहेको छ।

**(३) गुणस्तरीय पर्यटन सेवा सुविधाको विकास, विस्तार तथा विविधिकरणः** प्रमुख पर्यटकीय क्षेत्रमा पर्यटन पूर्वाधार तथा सेवा सुविधाको विकास र विस्तार हुन नसक्नु, पर्यटन विकासमा निजी क्षेत्र साझेदारी वृद्धि हुन नसक्नु, पर्यटन पूर्वाधार सेवा तथा सुविधाको विकास तथा विस्तार कार्यमा समुदाय, सहकारी, निजी क्षेत्र तथा तहगत सरकारबिच समन्वय, सहकार्य र साझेदारीमा कमी हुनु, ऐतिहासिक तथा पुरातात्विक सम्पदा संरक्षण हुन

नसक्नु, पर्यटकीय सूचनाको व्यवस्था हुन नसक्नु, हवाई सेवा सहज, सुलभ र भरपर्दो हुन नसक्नु यससम्बन्धी मुख्य सवाल हुन् । पर्यटनमा आधारित व्यवसाय एवम् रोजगारीका अवसर सिर्जना हुन नसक्नु, पर्यटन क्षेत्रको विकासबाट स्थानीय कृषि तथा उद्योग क्षेत्रलाई टेवा पुऱ्याउने गरी अन्तरआबद्धता कायम गर्न नसक्नु जस्ता सवाल कायमै रहेका छन् । प्रदेशको ब्राण्ड तयार गरी पर्यटकीय उपजको पहिचान एवम् विकास र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रचारप्रसार तथा ब्राण्डिङ गर्नु, पर्यटकीय पूर्वाधार, सेवा तथा सुविधाको विकास र विस्तार गर्नु, दक्ष जनशक्तिको विकास तथा परिचालन गर्नु, गुणस्तरीय होटल र रिसोर्ट लगायतका पर्यटकीय सेवा सुविधा र सुरक्षासँग जोडिएका पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु चुनौती रहेका छन् ।

(४) **पर्यटन क्षेत्रको विकासमा लगानी वृद्धि** पर्यटकीय पूर्वाधार निर्माण तथा सेवा सुविधाको विस्तारमा निजी क्षेत्रको लगानीलाई आकर्षित गर्न नीतिगत, कानुनी तथा जग्गा प्राप्ति लगायतका व्यावहारिक अवरोध हट्नु नसक्नु, कर्णालीवासीको ज्ञान, सीप तथा पुँजीलाई पर्यटन क्षेत्रको विकासमा उपयोग गर्न उपयुक्त वातावरण तयार गर्न नसक्नु जस्ता सवाल प्रमुख रुपमा रहेका छन् । पर्यटन क्षेत्रका साझेदारसँग कुशल तथा प्रभावकारी समन्वय गरी पर्यटन पूर्वाधार तथा सेवा सुविधा विकास तथा विस्तारमा पर्याप्त लगानी बढाउनु चुनौतीपूर्ण देखिन्छ ।

(५) **आकर्षक पर्यटकीय केन्द्रको विकास, संरक्षण तथा प्रबर्द्धन:** हिमाली तथा उच्च पहाडी क्षेत्रमा वैकल्पिक पदमार्गको विकासका साथै रारा ताल, फोक्सुण्डो ताल, छायानाथ, पञ्चकोशी तथा पञ्चदेवल, पाटन तथा खर्क लगायत विशिष्ट पहिचान सहितका पर्यटकीय क्षेत्रको विकास र संरक्षण हुन नसक्नु कर्णाली तथा भेरी नदीमा जलविहार, साहसिक तथा खेल पर्यटन र कृषि पर्यटन जस्ता पर्यटकीय उपजको विविधीकरण र बजारीकरणमा कमी रहनु मुख्य सवालका रुपमा रहेका छन् । विश्व सम्पदा सूचीमा सूचीकृत तथा सूचीकरण उन्मुख प्राकृतिक, ऐतिहासिक, धार्मिक सम्पदाको संरक्षण संवर्द्धन र प्रबर्द्धनमार्फत दिगो पर्यटन विकास गर्नु चुनौती रहेको छ ।

**५.३.४ उद्देश्य**

१. कर्णालीको पर्यटनलाई विश्व पर्यटन बजारको मूल्य श्रृङ्खलासँग आबद्ध गर्नु,

२. कर्णालीमा पर्यटकको बसाइ अवधि लम्ब्याउन गुणस्तरीय सेवा सुविधा विस्तार गर्नु ।

**५.३.५ रुपान्तरणकारी रणनीति**

(१) **प्रदेश पर्यटन गुरुयोजनाको प्रभावकारी कार्यान्वयन गर्ने:** कर्णाली प्रदेशका प्राकृतिक र सांस्कृतिक सम्पदालाई संरक्षण गर्दै प्रदेशको दिगो सामाजिक आर्थिक विकासमा योगदान पुऱ्याउने बृहत्तर लक्ष्य सहित तर्जुमा भएको प्रदेश पर्यटन गुरुयोजनाको प्राथमिकताका साथ नेपाल सरकार, स्थानीय तह, विकास साझेदार, निजी क्षेत्र तथा समुदायसँग समन्वय, सहकार्य तथा साझेदारी गरी कार्यान्वयन गरिने छ । कर्णाली प्रदेशको छविलाई एक भ्रमण र अनभुव गर्नैपर्ने स्वच्छ पर्यटकीय गन्तव्य र गतिशील अन्तर्राष्ट्रिय गेटवेको रुपमा स्थापित गर्न नेपाल सरकार, स्थानीय सरकार र निजी क्षेत्रका साथै विकास साझेदारसँग हातेमालो गरिनेछ । योजना कार्यान्वयनका क्रममा हासिल सिकाइ र अनुभवलाई आत्मसात गर्दै योजनालाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार परिमार्जन र अद्यावधिक गर्दै लगिनेछ ।

(२) **कर्णालीको पर्यटनलाई विश्व पर्यटनको धार्मिक पर्यटकीय गन्तव्यमा जोड्दै कनेक्टिभिटिको अवधारणामा अन्तराष्ट्रिय मूल्य शृङ्खलासँग आबद्धता:** उच्च संभावनायुक्त प्रमुख पर्यटकीय स्थलहरु बिचको अन्तर आबद्धता र अन्तरसम्बन्ध विकास गरी एक ठाउँमा आएको पर्यटकलाई अर्को ठाउँमा जान प्रोत्साहन, सहयोग र सहजीकरण गरिनेछ । यसका लागि नेपाल सरकार, सम्बन्धित प्रदेश र स्थानीय तहसँग समन्वय र सहकार्यलाई सुदृढ तुल्याइने छ ।

(३) **पर्यटक सुरक्षा प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउने**: कर्णाली प्रदेशलाई सुरक्षित र आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न पर्यटकको सुरक्षालाई प्राथमिकता दिई विशेष कार्यक्रम सञ्चालन गरिनेछ । रारा पर्यटन गुरुयोजनाको शीघ्र कार्यान्वयन गरी हाइअल्टिच्यूट पर्यटनमा हुने सुरक्षा जोखिमलाई न्यूनीकरण गरिनेछ भने से फोक्सुन्डो, ग्रेट हिमालयन ट्रेल लगायतका पदमार्गमा सञ्चार र सुरक्षा प्रबन्ध गर्नुका साथै विपद्को समयमा उद्धार तथा राहतलाई विश्वसनीय र सर्वसुलभ बनाइनेछ । पर्यटक सुरक्षा प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सुरक्षा निकाय, स्थानीय तह, निजी क्षेत्र, विकास साझेदार र समुदाय लगायतका सरोकारवालासँग सहकार्य तथा साझेदारी गरिनेछ ।

(४) **पर्यटकीय सेवा तथा सुविधालाई आकर्षक र गुणस्तरीय बनाउने**: पर्यटकीय गन्तव्य तथा उपज विकास तथा विस्तारको साथसाथै पर्यटकको बसाइ दिन लम्ब्याउन गुणस्तरीय सेवा सुविधाको विकास, विस्तार र विविधीकरण गरिनेछ । पहिचान भएका पर्यटन सर्किट तथा सिक्रिका उपयुक्त स्थानमा सुविधा सम्पन्न होटल, गुणस्तरीय यातायात सेवा, सर्वसुलभ राहत तथा उद्धार सेवा लगायत सेवाको प्रबन्ध गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । धार्मिक पर्यटन, साहसिक पर्यटन तथा अनुसन्धान पर्यटनका लागि आवश्यक बन्दोवस्तीका सामग्री साथै यन्त्र, उपकरण र औजारको विकास, विस्तार र स्तरोन्नतिमा जोड दिइनेछ । प्रदेशमा सबै प्रकारका साहसिक पर्यटनको विश्वसनीय, प्रतिस्पर्धी र अद्वितीय गन्तव्यस्थलको रुपमा विकास गरी पर्यटकको स्तरअनुसार ब्राण्डिङ गरिने छ ।

(५) **पर्यटकीय गन्तव्यको पहिचान, वर्गीकरण र विकास गर्ने**: पर्यटकीय क्षेत्र तथा गन्त्व्यलाई तुलनात्मक लाभका आधारमा प्राथमिकता निर्धारण एवम् छनोट गरी उक्त क्षेत्रको विशेषताअनुसार पर्यटकीय पूर्वाधार, सेवा तथा सुविधाको विकास, विस्तार र विविधीकरण गरिने छ । पर्यटकीय क्षेत्रको छनोट गर्दा पूर्वाधारको विद्यमान अवस्था, माग, विविधता, दिगोपना, सामाजिक प्रभाव तथा रणनीतिक प्राथमिकतालाई आधार लिइने छ । विकासमा पछाडि परेको क्षेत्रलाई पर्यटकीय विशेषता तथा पर्यटन बजारको मागअनुसार नयाँ पर्यटकीय गन्तव्यको पहिचान, विकास तथा विविधीकरणमार्फत पूर्वाधार तथा सेवा सुविधाका विकास, आयआर्जन तथा रोजगारीको अवसर सिर्जना गरिने छ । पर्यटकीय वस्तु, सेवा तथा पूर्वाधार विकासका लागि सरकारी, निजी, सहकारी तथा समुदाय साझेदारीको विस्तार गरिने छ । पर्यटकीय वस्तु तथा उपजको पहिचान, विकास, प्रबर्द्धन तथा प्रचारप्रसारमा जोड दिइने छ ।

(६) **पर्यटकीय पूर्वाधार तथा सेवा सुविधाको विकास, विस्तार र विविधीकरण गर्ने**: जलवायु परिवर्तन, जैविक विविधता, वन्यजन्तुको बासस्थान, बसाइँसराइ प्रक्रियामा न्यून असर हुने गरी पर्यटकीय पूर्वाधारको विकास र विस्तार गरिने छ । विशिष्ट पहिचान सहितका प्राकृतिक र धार्मिक तथा सांस्कृतिक क्षेत्रलाई

आकर्षक पर्यटकीय क्षेत्रको विकास गरिने छ । पर्यटकको सेवा तथा सुविधा विकास र विस्तारको लागि आवश्यक पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ । अन्तर्राष्ट्रियस्तरको प्रदर्शनीकेन्द्र, चलचित्र छायाङ्कन क्षेत्र र ग्रामीण पर्यटनको विकास, विस्तार तथा प्रबर्द्धन गरिने छ । सरकारी, निजी क्षेत्र, सहकारी तथा समुदायको समन्वय, सहकार्य र साझेदारीमा विभिन्न सांस्कृतिक तथा व्यापारिक मेला, जात्रा र सम्मेलनको आयोजना गरिने छ । पर्यटन प्रबर्द्धन तथा बजार विस्तारका लागि विभिन्न ब्रोसर, पर्चा, बुकलेट, पर्यटकीय गतिविधि, नक्सा तथा वृत्तचित्र निर्माण, प्रकाशन र प्रसारण गरिने छ । बैङ्क, वित्तीय तथा सहकारी क्षेत्रलाई पर्यटन क्षेत्रमा ऋणप्रवाहको लागि समन्वय तथा सहजीकरण गरिने छ ।

### ५.३.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | प्रदेश पर्यटन वोर्ड गठन तथा पर्यापर्यटन अध्ययन केन्द्रको स्थापना | पर्यटनबोर्ड गठन र अध्ययनकेन्द्र स्थापना भई सञ्चालित हुनेछन् । |
| २ | प्रदेशका संभाव्य पर्यटकीय क्षेत्रमा हिल स्टेसनको विकास | संभाव्य पर्यटकीय क्षेत्रमा संभाव्यता अध्ययन भई हिल स्टेसन विकास भएका हुनेछन् । |
| ३ | उच्च पहाडी तथा हिमाली क्षेत्रमा विशेष पर्यटकीय पूर्वाधार र घरबास (होमस्टे) प्रबर्द्धन कार्यक्रम | संभाव्यताका आधारमा प्रमुख गन्तव्यस्थलमा आधारभूत पर्यटकीय पूर्वाधार निर्माण भएका हुनेछन् । |
| ४ | प्रदेशका पर्यटकीय स्थललाई पायक पर्ने स्थानमा मझौला विमान अवतरण र उडान गर्न सक्ने विमानस्थल निर्माण | जग्गा पहिचान, पूर्व संभाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भई विमानस्थल निर्माण प्रकृया सुरु हुनेछ । |
| ५ | गढी, देवल, ढुंगेधारा, स्मारक जस्ता प्राचीन स्थलको संरक्षण र प्रचार प्रसार | पुरातात्विक अध्ययनका आधारमा छानिएका संरचनाको संरक्षण र संबर्द्धन भएको हुनेछ । |
| ६ | रारामा पर्यटकीय गुरुयोजना अनुसार आधारभूत पूर्वाधार विकास र व्यवस्थापन | आधारभूत पूर्वाधारको निर्माण भई रारा भ्रमण गर्ने पर्यटकको सङ्ख्या बढेको हुनेछ । |
| ७ | प्रदेश पर्यटन गुरुयोजना समीक्षा कार्यान्वयन | स्वीकृत पर्यटन गुरुयोजनाको कार्यान्वयन भई नतिजा देखिन थालेको हुनेछ । |
| ८ | कर्णाली पर्यटकीय गन्तव्यको प्रचार प्रसार | विश्व बजारलाई लक्षित गरी कर्णालीका मौलिकता चिनाउने गरी वृत्तचित्र निर्माण र प्रचार प्रसारका कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| ९ | साहसिक पर्यटन प्रबर्द्धन कार्यक्रम | उच्च समस्थलीय खेल, जलयात्रा (र्याफ्टिङ), प्याराग्लाइडिङ लगायतका साहसिक पर्यटकीय गतिविधिहरुको संभाव्य स्थान पहिचान, आधारभूत पूर्वाधार विकास र आइटीनरी तयार भई सञ्चालन सुरु भएको हुनेछ । |
| १० | आतिथ्य सेवाको क्षमता विस्तार | निजी क्षेत्रलाई प्रमुख पर्यटकीय स्थल नजिक थप होटल तथा रिसोर्ट सञ्चालनमा आएका हुनेछन् । |

### ५.३.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | आवास तथा भोजन सेवा क्षेत्रको वृद्दिदर | प्रतिशत | १८.२९ | २२.५२ | २४.५ | २५ |
| २ | विकसित पर्यटकीय उपज | सङ्ख्या | २४ | ३० | ३५ | ४० |
| ३ | पर्यटकीय पदमार्ग | कि.मि | १८० | २०० | २५० | ३०० |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| ४ | पर्यटक स्तरका होटल | सङ्ख्या | १०० | १२५ | १५० | १७५ |
| ५ | सुचारु होमस्टे | सङ्ख्या | ३० | ३५ | ४० | ४५ |
| ६ | वार्षिक आन्तरिक पर्यटक आगमन (लाखमा) | सङ्ख्या | ४.५ | ५ | ६ | ७ |
| ७ | वार्षिक विदेशी पर्यटक आगमन (हजारमा) | सङ्ख्या | ६ | १२ | १८ | ३० |
| ८ | मानसरोवर लक्षित विदेशी पर्यटक (वार्षिक हजारमा) | सङ्ख्या | १५ | ३० | ४० | ५० |
| ९ | ३ तारे भन्दा माथिका होटल तथा रिसोर्ट | सङ्ख्या | ३ | ३ | ५ | ७ |
| १० | प्रादेशिक जीडीपिमा पर्यटन र आतिथ्य क्षेत्रको योगदान | प्रतिशत | ५.६ | ५.९ | ७.० | १० |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश।

परिच्छेद ६

# श्रम, सामाजिक सुरक्षा र गरिबी निवारण


६.१ श्रम तथा रोजगारी ८४

६.२ सामाजिक सुरक्षा तथा संरक्षण ८७

६.३ गरिबी निवारण तथा सामाजिक न्याय ९०

## परिच्छेद-छ
## श्रम, सामाजिक सुरक्षा र गरिबी निवारण

### ६.१ श्रम तथा रोजगारी

#### ६.१.१ पृष्ठभूमि

श्रम तथा रोजगारी समाजको समग्र आर्थिक विकाससँग जोडिएका अन्तर सम्बन्धित विषय हुन् । बजारको माग अनुसारको विशेष सीपमूलक मानव संशाधन विकास गर्न सकिए यसबाट सहजै मर्यादित रोजगारी प्राप्त हुन जाने एवम् श्रमको उत्पादकत्व अभिवृद्धि हुन गई अर्थतन्त्रलाई सबल बनाउन महत्त्वपूर्ण योगदान पुग्दछ । प्रदेशको जनसांख्यिक लाभलाई अधिकतम उपयोग गर्न युवा जनशक्तिलाई उत्पादनशील, सीपमूलक तथा व्यावसायिक तालिम प्रदान गरी विशिष्टिकृत कामका लागि योग्य बनाउन सकिए स्वरोजगारी तथा देशभित्र र बाहिर उपलब्ध हुने मर्यादित रोजगारीका माध्यमबाट प्रदेशको गरिबी निवारणका साथै समग्र आर्थिक विकासमा समेत महत्त्वपूर्ण योगदान पुग्न जाने देखिन्छ । यस्तै यसबाट बर्सेनि ठूलो सङ्ख्यामा युवाले मौसमी रोजगारीका लागि छिमेकी मुलुक जानुपर्ने बाध्यताबाट पनि राहत प्राप्त गर्नेछन् । सङ्घीय सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत तथा प्रदेश सरकारले मुख्यमन्त्री रोजगार कार्यक्रम र अन्य विभिन्न विषय क्षेत्रगत कार्यक्रमको माध्यमबाट आन्तरिक रोजगारीलाई प्रबर्द्धन गर्ने प्रयास गरी आएको भए तापनि मर्यादित श्रम तथा उत्पादनशील रोजगारीका अवसर अप्रर्याप्त रहेका छन् । तसर्थ प्रदेशको श्रम तथा रोजगारीका क्षेत्रमा थप योजनाबद्ध पहलको आवश्यकता रहेको छ ।

#### ६.१.२ विद्यमान अवस्था

यस प्रदेशको अहिलेको बेरोजगारी दर ७.५ प्रतिशत रहेको छ जुन राष्ट्रिय औसत (११.४ प्रतिशत) भन्दा कम हो । प्रदेशको अहिलेको रोजगारीको प्रमुख माध्यम कृषि मात्र भएको र अन्य क्षेत्रमा आन्तरिक रोजगारीका अवसर न्यून उपलब्ध रहेकोले बर्सेनि थपिदै जाने युवा जनशक्तिको प्रमुख श्रम गन्तव्य भारत लगायत अन्य मुलुक रही आएका छन् । आर्थिक वर्ष २०७९/ ०८० मा नेपालमा कुल ७ लाख ७१ हजार ३२७ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएकोमा यस प्रदेशबाट जम्मा ३० हजार ३४३ मात्र रहको देखिन्छ । यसले पनि प्रदेशका अधिकांश युवा सक्षम तथा सीपयुक्त हुन नसक्दा मध्यमस्तरको मर्यादित कार्यमा पहुँच कम रहेको छ । यस प्रकार संविधान प्रदत्त श्रम तथा रोजगारीको हकको पूर्ण कार्यान्वयन गरी बढ्दो युवा बेरोजगारीको कारण समाजमा बढ्दै गएको नैराश्यता तथा नकारात्मक सोचमा रुपान्तरण आवश्यक छ ।

#### ६.१.३ मुख्य सवाल तथा चुनौती

(१) **श्रम बजारको मागअनुसार सीप विकास र रोजगारी सिर्जना**: युवालाई आन्तरिक तथा बाह्य श्रम बजारको माग बमोजिम सक्षम तथा सीपयुक्त बनाउनु अहिलेको प्रमुख सवाल हो । उद्यमशीलता तथा सीप विकास गरी युवाका लागि आन्तरिक रोजगारीका अवसरको सिर्जना गर्नु चुनौती रहेको छ ।

(२) **श्रम क्षेत्रका समस्या निराकरण:** बालश्रम निवारण, सरकारले तोकेको न्यूनतम ज्याला दरको परिपालना, वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने, अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउने एवम् असल श्रमसम्बन्ध स्थापना गरी रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्ने जस्ता सवाल

रहेका छन् । यसरी नै श्रमको उत्पादकत्व वृद्धिमार्फत आर्थिक विकासका संभावनालाई फराकिलो बनाउने र वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण, प्रविधि, ज्ञान र सीपलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्ने एवम् सबै क्षेत्रका श्रमिकहरुको हक स्थापित गर्ने जस्ता चुनौतीहरु पनि विद्यमान छन् ।

**६.१.४ उद्देश्य**

१. मर्यादित र उत्पादनशील रोजगारीका अवसर सिर्जना गर्नु,

२. मर्यादित र उत्पादनशील रोजगारीका लागि नागरिकलाई सक्षम र सीपयुक्त बनाउनु,

३. आन्तरिक रोजगारी र श्रम बजारलाई सम्मानित तथा व्यवस्थित बनाउनु ।

**६.१.५ रुपान्तरणकारी रणनीति**

**(१) रोजगार प्रबर्द्धन नीति, कानुन, संरचना निर्माण तथा आन्तरिक श्रम बजार व्यवस्थापन गर्नेः** रोजगार प्रबर्द्धन गर्ने नीतिगत, कानुनी र संरचनागत व्यवस्था गरिनेछ । प्रदेशमा श्रम बजार सूचना प्रणाली र रोजगार प्रबर्द्धन संरचना विकास गरी सबै क्षेत्रका श्रमिकको हक स्थापित गरीनुका साथै आन्तरिक श्रमबजारलाई व्यवस्थित गरिनेछ ।

**(२) बजारको माग अनुसारका सीप विकास गर्ने:** आन्तरिक तथा बाह्य श्रम बजारको मागबिच तादात्म्यता कायम हुने गरी सीप तथा प्रविधि हस्तान्तरण, क्षमता विकास तथा अनुभव आदान-प्रदान लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । आर्थिक रुपले विपन्न, दलित, हिँसा पीडित महिला, सीमान्तकृत तथा बाध्यकारी श्रममा पारिएका वर्ग र समुदायको लागि सीप तथा क्षमता अभिवृद्धिमा प्राथमिकता प्रदान गरिनेछ ।

**(३) आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको वर्गको सीप, दक्षता तथा सामर्थ्य सुदृढीकरण गर्नेः** पिछडिएको क्षेत्र तथा लक्षित वर्गका युवालाई केन्द्रित गरी मागमा आधारित सीप तथा दक्षता विकासका अवसर प्रदान गरिनेछ । उद्यम तथा व्यवसाय सञ्चालनका लागि सहुलियतपूर्ण कर्जा तथा सीप, ज्ञान र प्रविधि लगायत व्यवसाय विकास सेवालाई सहज तुल्याइनेछ ।

**(४) परम्परागत पेसा व्यवसायको आधुनिकीकरण र व्यवसायीकरण गर्नेः** अनौपचारिक तथा परम्परागत श्रम, सीप र ज्ञानमा आधारित पेसा व्यवसायको प्रबर्द्धनका लागि आधुनिक प्रविधि, पूर्वाधार र पुँजी लगायतको व्यवस्था गरी व्यवसायीकरणमा सहयोग तथा सहजीकरण गरिनेछ । अनौपचारिक पेसामा संलग्न समुदायलाई सामाजिक सुरक्षा प्रदान गर्न पेसा र व्यवसायलाई पनि सामाजिक सुरक्षासँग आबद्ध गर्ने व्यवस्था मिलाईनेछ ।

**(५) आन्तरिक रोजगारीका अवसरको सिर्जना गर्नेः** प्रदेश तथा स्थानीय तहमा रोजगारी एवम् स्वरोजगारीका अवसर सिर्जना गर्न नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरीनुका साथै सार्वजनिक, निजी, सहकारी तथा सामुदायिक क्षेत्रको भूमिकालाई प्रभावकारी बनाइनेछ । स्थानीय विकास निर्माणका कार्यमा स्थानीय बेरोजगार व्यक्तिलाई पहिलो प्राथमिकता दिई रोजगारीमा संलग्न गराइनेछ । सडक, यातायात, जलविद्युत्, पर्यटन लगायतका क्षेत्रसँग सम्बन्धित साना, मध्यम र ठूला आयोजनाहरुको विकास र सञ्चालन गर्दा प्रदेशभित्रका श्रमशक्तिको उपयोगलाई प्राथमिकता दिनुपर्ने व्यवस्था गरिनेछ । रोजगार व्यवस्थापनमा तीन

तहका सरकारबिचको समन्वय र सहकार्य सुदृढ गरिनेछ । उद्योग र व्यवसायलाई रोजगारी उपलब्ध गराएको आधारमा सुविधा र सहुलियत प्रदान गर्न नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ ।

(६) **वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाउने:** वैदेशिक रोजगारमा जान इच्छुक तथा जान लागेकालाई तालिम र प्रशिक्षणद्वारा सक्षम तथा सीपयुक्त बनाइने छ । वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको तथ्याङ्क सङ्कलन गरी उनीहरुले सिकेको ज्ञान, सीप तथा क्षमताअनुसार व्यवसाय सिर्जना र विकास गर्न वित्तीय पहुँच सहितका कार्यक्रम सञ्चालन गरिनेछ । मौसमी रोजगारीका लागि प्रवासमा जाने प्रवृतिलाई अन्त्य गर्न स्थानीय तहमै मर्यादित रोजगारी तथा स्वरोजगारीका कार्यक्रम सञ्चालन गर्न सहजीकरण गरिने छ । रोजगार प्रबर्द्धन बोर्डसँग समन्वय गरी वैदेशिक रोजगारमा गई समस्यामा परेका कामदारको उद्धार, मृतक कामदारका हकवालालाई आर्थिक सहायता, अशक्त अपाङ्गलाई उपचार खर्च र पुनःस्थापना जस्ता सेवा प्रदेशस्तरबाटै प्रवाह गर्ने नीतिगत, कानुनी र संरचनागत व्यवस्था गरिनेछ ।

(७) **श्रम शोषणको अन्त्य गर्ने:** मर्यादित श्रमको मान्यता अनुरुप सबै प्रकारको श्रम शोषणको अनौपचारिक क्षेत्रको रोजगारीलाई क्रमश औपचारिक क्षेत्रमा ल्याउन नीतिगत, कानुनी तथा संरचनागत व्यवस्था गरिनेछ । सम्पूर्ण श्रमिकको पञ्जीकरण र सामाजिक सुरक्षाको दायरा विस्तार गरिनेछ ।

### ६.१.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | रोजगार प्रबर्द्धन नीति, कानुन, संरचना निर्माण र आन्तरिक श्रम बजार व्यवस्थापन | रोजगार प्रबर्द्धन नीति, कानुन र संरचनागत व्यवस्था भएको हुनेछ । रोजगारी प्रबर्द्धनका मापदण्ड र योजना तर्जुमा भई लागु भएको हुनेछ । |
| २ | न्यूनतम रोजगारी प्रत्याभूति | प्रदेशका सबै स्थानीय तहमा बेरोजगारहरुका लागि न्यूनतम रोजगारी प्रत्याभूति कार्यक्रम सञ्चालन भएको हुनेछ । आर्थिक रुपले विपन्न, दलित, हिँसा पीडित महिला, सीमान्तकृत तथा बाध्यकारी श्रममा पारिएका वर्ग र समुदायका लागि सीप तथा क्षमता अभिवृद्धि सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरी आन्तरिक रोजगारीमा आरक्षणको व्यवस्था भएको हुनेछ । |
| ३ | रोजगारीका लागि क्षमता अभिवृद्धि | आन्तरिकका साथै अन्तर्राष्ट्रिय श्रम बजारको माग अनुरुप दक्ष र प्रतिस्पर्धी जनशक्ति विकास भएको हुनेछ । विपन्नहरुका लागि सीप तथा क्षमता अभिवृद्धि र आरक्षण व्यवस्था लागु भएको हुनेछ । |
| ४ | आन्तरिक रोजगारी सिर्जना र व्यवस्थापन | प्रदेशबाट बर्सेनि हुने मौसमी प्रवासन् रोक्न हाल सञ्चालनमा रहेका प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारीका अवसरहरुको सिर्जना भएको हुनेछ । अनौपचारिक र परम्परागत पेसा व्यवसायको प्रबर्द्धन भएको हुनेछ । प्रदेशमा उच्च रोजगारीका अवसर सिर्जना गर्ने निजी एवम् सहकारी क्षेत्रलाई विशेष सहुलियत र प्रोत्साहनको व्यवस्था भएको हुनेछ । |
| ५ | वैदेशिक रोजगारी प्रबर्द्धन | वैदेशिक रोजगारमा जान लागेकाहरुको सीप तथा क्षमता विकास लागि आवश्यक तालिम र प्रशिक्षण कार्यक्रम सञ्चालन भएको हुनेछ । वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको एकीकृत तथ्याङ्क सङ्कलन गरी उनीहरुले सिकेको ज्ञान, सीप तथा क्षमताअनुसार व्यवसाय सञ्चालन गर्न वित्तीय पहुँच सहितका कार्यक्रम सञ्चालन भएको हुनेछ । |

### ६.१.७ परिमाणात्मक लक्ष्य

| क्र.सं | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | प्रदेशमा श्रमशक्ति सहभागिता दर | प्रतिशत | २७.५ | २७.७ | ३२ | ३५ |
| २ | बेरोजगारी दर | प्रतिशत | ७.५ | ७.५ | ६ | ५ |
| ३ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ४५.५ | ४६ | ५० | ५५ |
| ४ | रोजगारी र जनसङ्ख्या अनुपात | अंक | २४.८ | २५ | २८ | ३० |
| ५ | व्यवसाय विकास र रोजगारमूलक तालिम लाभग्राही | सङ्ख्या | ८२९५ | ८३०० | ९००० | १०००० |
| ६ | सूचीकृत रोजगारदाता | सङ्ख्या | २०८८३ | २१००० | २५००० | ३०००० |
| ७ | सूचीकृत योगदानकर्ता | सङ्ख्या | १५५३ | १६०० | २००० | ३००० |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय। सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश।

## ६.२ सामाजिक सुरक्षा तथा संरक्षण

### ६.२.१ पृष्ठभूमि

समतामूलक समाज निर्माणका लागि सामाजिक सुरक्षा तथा संरक्षणको ठूलो महत्त्व रहन्छ । प्रदेशका विपन्न, सीमान्तकृत, अशक्त एवम् विभिन्न कारणबाट आफ्नो जीवनयापनका लागि आर्थिक उपार्जन आफैं गर्न नसक्ने वर्ग एवम् समुदायका व्यक्तिका लागि उनीहरुको जीवनलाई मर्यादित र जोखिम मुक्त बनाउन एवम् संविधानले प्रत्याभूत गरेको मौलिक हक प्रत्याभूत गर्नुका साथै नेपालले अन्तर्राष्ट्रिय जगत्मा व्यक्त गरेको प्रतिबद्धता र दिगो विकासको लक्ष्यलाई व्यवहारमा उतार्न समेत सामाजिक सुरक्षा र संरक्षणको व्यवस्था गर्नु आवश्यक छ । नेपालको संविधान एवम् सामाजिक सुरक्षा ऐन, २०७५ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जस्ता कानुनले तोकेको सीमा भित्र रही तीनै तहका सरकारबिचको समन्वय र सहकार्य एवम् साझेदारीमा सामाजिक सुरक्षा र संरक्षणको अवधारणालाई लागु गर्ने प्रयास गरीरहेको छ । सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम विपन्न, जोखिम रहेका तथा सीमान्तृकत, बेरोजगार र न्यूनज्याला हुने वर्गका लागि अति नै महत्त्व राख्ने भएकोले प्रदेशको माग र आवश्यकता तथा क्षमतालाई समेत मध्यनजरमा राखी यसलाई समयसापेक्ष परिमार्जन र परिष्कृत गर्दै जानुपर्ने आवश्यकता देखिन्छ ।

### ६.२.२ विद्यमान अवस्था

नागरिकको आधारभूत अधिकारलाई प्रत्याभूत गर्न, सक्षमता वृद्धि र गरिबी न्यूनीकरणमा समेत योगदान पुऱ्याउन सामाजिक सुरक्षा तथा संरक्षणमा धेरै विषय क्षेत्र तथा कार्यक्रम सञ्चालनमा रहेका छन् । सामाजिक सुरक्षा अन्तर्गत नगद प्राप्त गर्ने लाभग्राहीको दर कुल जनसङ्ख्याको १२ प्रतिशत रहेको छ । प्रदेश सरकारले राष्ट्रिय सामाजिक सुरक्षा संरचनाभित्र छोरी बचत खाता, छोरी बुहारी उच्च शिक्षा, मुख्यमन्त्री रोजगार कार्यक्रम लगायतका कार्यक्रम सञ्चालन गरी सामाजिक सुरक्षा र संरक्षणमा प्रदेश सरकारको उपस्थिति र प्रतिबद्धता जनाएको छ ।

### ६.२.३ मुख्य सवाल तथा चुनौती

**(१) सबै वर्ग र समुदायका नागरिकका लागि सामाजिक सुरक्षा र संरक्षण:** प्रदेशको गरिबीको दर उच्च हुनु, स्थानीय तहमा उत्पादनशील रोजगारीका पर्याप्त अवसर सिर्जना हुन नसक्नु, शिक्षा र सीपको कमीका कारण

अधिकांश युवा बेरोजगार हुनु, विद्यमान सामाजिक सुरक्षाका प्रावधानहरु एकीकृत रुपमा नभई छरिएर सञ्चालनमा आउनु, भएका प्रावधानहरु पनि पर्याप्त र प्रभावकारी नहुनु, सामाजिक सुरक्षाको दायरा बढी हुनु, नागरिकमा सामाजिक सुरक्षासम्बन्धी सचेतनाको कमी हुनु, कार्यक्रम लोकप्रिय हुनु तर आर्थिक स्रोतले धान्न नसक्ने बन्दै जानु सवालका रुपमा रहेका छन् । यसैगरी आन्तरिक रोजगारीका अवसरको कमी हुनुका साथै रोजगरामूलक शिक्षा र सीपको कमीका कारण अधिकांश युवामा बेरोजगारीको समस्या बढदै जानु सामाजिक सुरक्षा र संरक्षणको क्षेत्रका अन्य सवाल हुन् । जेष्ठ नागरिकको सङ्ख्या पनि बढदै जानु, सबै अपेक्षित सेवाग्राही समेटिने गरी कार्यक्रमको दायरा बढाउनु, दक्षता बढाई कार्यक्रमलाई परिस्कृत बनाउनु, बढ्दो मागलाई धान्न सक्ने गरी स्रोत जुटाउनु र दिगोपना कायम गर्नु चुनौती रुपमा रहेका छन् ।

**(२) दिगो तथा उत्पादनशील रोजगारी प्रबर्द्धन:** स्थानीयस्तरमा दिगो आयसहितको सुरक्षित तथा प्रतिस्पर्धी रोजगारीको अवसर तथा कार्यक्रम नहुनु, वैदेशिक रोजगारीमा आकर्षण बढ्नु, कृषि, पशुपन्छी, पर्यटन, उद्योग तथा व्यापार, पूर्वाधार तथा निर्माण र सेवा क्षेत्रमा तुलनात्मक लाभका वस्तु तथा सेवा व्यवसायीकरण हुन नसक्नु सवालका रुपमा रहेका छन् । स्थानीय स्तरमा व्यावसायिक वातावरण तयार गर्नु र उत्पादनशील क्षेत्रमा युवा केन्द्रित दिगो रोजगारीका अवसर सिर्जना गर्नु, अन्तरनिर्भर एवम् निर्यातमुखी प्रदेश अर्थतन्त्र निर्माण गर्नु चुनौतीको रुपमा रहेको छ ।

**(३) असमानता न्यूनीकरण र विपन्न नागरिकको जीवनस्तरमा दिगो तथा गुणात्मक सुधारः** गरिबी तथा असमानता न्यूनीकरणका कार्यक्रम न्यून हुनु र कार्यान्वयनमा रहेका कार्यक्रमको प्रभावकारिता कम हुनु सवालका रुपमा रहेको छ । सीमान्तकृत तथा विपन्न वर्गलाई सामाजिक न्यायसहित समग्र जीवनस्तरमा गुणात्मक सुधार गर्नु र जीवनस्तरमा दिगो तथा गुणात्मक सुधार गर्नु र गरिबीको दुष्चक्रको पुनरावृत्ति हुने प्रवृत्तिको न्यूनीकरण गर्नु चुनौतीपूर्ण छ ।

**(४) एकीकृत सामाजिक सुरक्षा तथा संरक्षण संरचना तर्जुमाः** सामाजिक सुरक्षा तथा संरक्षणसँग सम्बन्धित कानुन तथा निकाय फरक–फरक हुँदा कार्यान्वयन तहमा समस्या देखिनु, सामाजिक सुरक्षाको सबल तथा एकल संस्थागत व्यवस्थाको कमी हुनु सवालका रुपमा रहेका छन् । अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा आबद्ध गर्नु चुनौतीपूर्ण रहेको छ ।

### ६.२.४ उद्देश्य

१. सामाजिक सुरक्षा र संरक्षणको पहुँच एवम् दायरा वृद्धि गर्नु,

२. असमानता न्यूनीकरण र सामाजिक सुरक्षा तथा संरक्षण सुनिश्चित गर्नु,

३. विपन्न, सीमान्तकृत र जोखिममा रहेका नागरिकको जीवनस्तरमा दिगो तथा गुणात्मक सुधार गर्नु ।

### ६.२.५ रुपान्तरणकारी रणनीति

**(१) सामाजिक सुरक्षा र संरक्षणको प्रावधानलाई परिस्कृत गर्नेः** सङ्घ र स्थानीय तहसँगको समन्वय र सहकार्यमा सामाजिक सुरक्षा र संरक्षण प्रणालीलाई सहज र लक्षित वर्गको पहुँचयोग्य बनाउन संस्थागत व्यवस्था, सहयोग र सहजीकरण गरिनेछ ।

(२) **सामाजिक सुरक्षाका कार्यक्रमलाई एकीकृत, प्रभावकारी तथा दिगो व्यवस्थापन गर्ने:** विपन्न वर्ग, साना किसान तथा उद्यमीका लागि स्वास्थ्य विमा लगायत सम्पत्ति, बालीनाली र व्यवसाय विमाको प्रबन्ध मिलाउन अन्तरसरकार सहकार्य गरिनेछ । सामाजिक सुरक्षाका कार्यक्रमको दायरा तथा प्रभावकारिता विस्तारमा राष्ट्रिय सामाजिक सुरक्षा संरचनासँग तादाम्यता मिलाउँदै कार्यक्रम कर्यान्वयनमा समन्वय तथा सहकार्य गरिनेछ। योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम विस्तार गर्न सरकारी, गैरसरकारी र निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ । सामाजिक सुरक्षालाई आर्थिक-सामाजिक विकासका नीति तथा कार्यक्रमसँग आबद्ध गरी वित्तीय रुपमा दिगो तुल्याइनेछ। सामाजिक सुरक्षाका कार्यक्रममार्फत विपन्न वर्गको सीप विकास तथा सामर्थ्य सुधारसँगै गरिब परिवार लक्षित लघु कर्जाका लागि अन्तरसरकार समन्वय र सहकार्य अभिवृद्धि गरिनेछ। विमालाई सामाजिक सुरक्षा तथा संरक्षण आबद्ध गर्न नीतिगत, कानुनी तथा संरचनागत व्यवस्था गरिनेछ।

(३) **आर्थिक तथा सामाजिक रुपमा पछाडि रहेको वर्गको सीप, दक्षता तथा सामर्थ्य सुदृढीकरण गर्नेः** पिछडिएको क्षेत्र तथा लक्षित वर्गका युवालाई केन्द्रित गरी मागमा आधारित सीप तथा दक्षता विकासका अवसर प्रदान गरिनेछ। उद्यम तथा व्यवसाय सञ्चालनका लागि सहुलियतपूर्ण कर्जा तथा सीप, ज्ञान र प्रविधि लगायत व्यवसाय विकास सेवालाई सहज तुल्याइनेछ।

(४) **असमानता न्यूनीकरण र विपन्न नागरिकको जीवनस्तरमा दिगो तथा गुणात्मक सुधारः** नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा गरिबी तथा असमानता न्यूनीकरणका कार्यक्रम तर्जुमा र विस्तार गरिनेछ । जीवनस्तर तथा जिविकोपार्जनसँग सम्बन्धित कार्यक्रमको प्रभावकारिता वृद्धि गरिनेछ । सीमान्तकृत तथा विपन्न वर्गको जीवनस्तरमा दिगो तथा गुणात्मक सुधार गर्न र गरिबी न्यूनीकरणका लागि सामाजिक जागरण संरचनागत रुपान्तरण, हानीकारण अभ्यास न्यूनीकरण, सीप, सक्षमता, नवप्रवर्तन तथा वित्तीय साक्षरता र पहुँच अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

### ६.२.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १. | सामाजिक संरक्षण एकीकृत विद्युतीय सूचना प्रणाली स्थापना | जेष्ठ नागरिक, अपाङ्गता, एकल महिला, लोपोन्मुख, बाल पोषणका लागि दिइने सामाजिक सुरक्षा भत्तालाई विद्युतीय सूचना प्रणालीमा आबद्ध गरिएको हुनेछ। |
| २. | आधारभूत सेवामा पहुँच विस्तार | शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य सम्प्रभूता एवम् खाद्य सुरक्षा जस्ता आधारभूत सेवामा सबैको पहुँच स्थापित भएको हुनेछ। |
| ३. | जनउत्तरदायी सामाजिक सुरक्षा र संरक्षण सेवा | स्थानीय तहबाट जनउत्तरदायी हुने गरी चुस्त, पारदर्शी र प्रभावकारी सेवा प्रवाह भएको हुनेछ। महिला, बालबालिका, युवा, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, सडक मानव, दलित तथा आरक्षित समूहको पहुँच सुनिश्चितताको लागि सामाजिक सुरक्षा सचेतना कार्यक्रम सञ्चालन भएका हुनेछन्। |
| ४. | अनौपचारिक क्षेत्रका श्रमिक सामाजिक सुरक्षा कार्यक्रम | अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन सङ्घीय सरकारसँग समन्वय गरिनेछ। |
| ५. | सामाजिक सुरक्षा र संरक्षण कार्यक्रम अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण | सामाजिक सुरक्षाका कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण गर्ने प्रणाली स्थापित भएको हुनेछ। |

### ६.२.७ परिमाणात्मक लक्ष्य

| क्र.सं | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ६०.४ | ६०.८ | ६१ | ६२ |
| २ | स्वास्थ्य विमा कार्यक्रम आबद्ध जनसङ्ख्या | प्रतिशत | २९.२६ | ३५ | ५० | ८० |
| ३ | सामाजिक सुरक्षा कोषमा आबद्ध रोजगारदाता | सङ्ख्या | १५५३ | १६०० | २००० | ३००० |
| ४ | सामाजिक सुरक्षा तथा संरक्षणमा प्रदेश सरकार लगानी | प्रतिशत | ०.००३ | ०.००५ | ०.०५ | ०.०१ |

स्रोतः सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश।

## ६.३ गरिबी निवारण तथा सामाजिक न्याय

### ६.३.१ पृष्ठभूमि

राष्ट्रिय औसतको तुलनामा गरिबीको दर उच्च रहेको यो प्रदेश देशकै सबैभन्दा बढी बहुआयामिक गरिबीको दर रहेको प्रदेशको रुपमा परिचित छ। प्रदेशमा एकातिर बहुसंख्यक जनसङ्ख्या निर्वाहमुखी कृषिमा संलग्न रहका छन् भने अर्कोतिर उद्योग, निर्माण तथा सेवा लगायतका क्षेत्रको समेत पर्याप्त विकास हुन नसकेको अवस्था विद्यमान छ। समाजमा विभिन्न प्रकारका विभेद र फराकिलो असमानता व्याप्त छ भने विद्यमान उत्पादनका स्रोतसाधन तथा आर्थिक अवसरहरुमा समतामूलक पहुँच स्थापित हुन सकेको छैन।

निरपेक्ष गरिबीको अन्त्य तथा बहुआयामिक गरिबीको दर ३ प्रतिशतमा सीमित गर्ने दीर्घकालीन सोच २१०० को राष्ट्रिय लक्ष्य एवम् दिगो विकास लक्ष्य हासिल गर्दै सबै प्रकारका गरिबीको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्न प्रदेशले ठूलै प्रयत्न गर्नु पर्ने आवश्यकता रहेको देखिन्छ। निरपेक्ष गरिबी उन्मूलन संविधानत तीनै तहका सरकारको साझा जिम्मेवारी भएको हुनाले सङ्घ, प्रदेश र स्थानीय तहका साथै सरकारी, निजी र गैरसरकारी क्षेत्र लगायत विकासका साझेदार समेतको समन्वयात्मक र साझा प्रयासबाट मात्र संभव देखिन्छ। यस पृष्ठभूमिमा प्रदेशको विशिष्ट अवस्था, लक्षित वर्गको आवश्यकता, प्रथम पञ्चवर्षीय योजना कार्यान्वयन लगायत विगतका अभ्यास र सिकाइबाट अति विपन्न र सीमान्तकृत समूहकेन्द्रित गरिबी निवारणका लागि थप परिष्कृत एवम् रणनीतिक महत्त्वका कार्यक्रमको प्रभावकारी सञ्चालन गर्न आवश्यक छ।

### ६.३.२ विद्यमान अवस्था

प्रदेशको प्रथम पञ्चवर्षीय योजना अवधिको अन्त्यसम्ममा यस प्रदेशको निरपेक्ष गरिबीलाई २८.९ प्रतिशतबाट १८ प्रतिशतमा र बहुआयमिक गरिबीलाई ५१.२ प्रतिशतबाट २५ प्रतिशतमा झार्ने लक्ष्य लिइएकोमा क्रमशः २६.६९ प्रतिशत र ३९.५ प्रतिशतमा सीमित रहेको अवस्था छ। यस प्रदेशमा सहरी गरिबीको दर २३.१६ प्रतिशत रहदा ग्रामीण गरिबीको दर भने ३०.८६ प्रतिशत रहेको छ। यस प्रदेशका गरिबीका दरहरु राष्ट्रिय औसत दर भन्दा निकै उच्च पनि देखिन्छन्। राष्ट्रिय तथ्याङ्क कार्यालयले सम्पन्न गरेको चौथो जीवनस्तर सर्वेक्षण २०७९/८० अनुसार नेपालको औसत निरपेक्ष गरिबी दर २०.२७ प्रतिशत तथा बहुआयामिक गरिबी सूचकाङ्क, २०२१ अनुसार बहुआयामिक गरिबी दर १७.४ प्रतिशत रहेको छ। बहुआयामिक गरिबी दरमा कर्णाली नेपालको सबैभन्दा गरिब प्रदेशका रुपमा रहेको छ। यस्तै मानव विकास सूचकाङ्कमा पनि यो प्रदेश राष्ट्रिय औसत तथा अन्य प्रदेशको

तुलनामा पछाडि रहेको छ । नेपाल मानव विकास प्रतिवेदन, सन् २०२० का अनुसार नेपालको मानव विकास सूचकाङ्क ०.६०१ रहँदा यस प्रदेशको मानव विकास सूचकाङ्क ०.५३८ रहेको छ। यसरी नै लैङ्गिक असमानता दर राष्ट्रिय औसत सूचकांक ०.४८ रहदा यो प्रदेशको ०.५५८ रहेको छ।

### ६.३.३ मुख्य सवाल तथा चुनौती

(१) **सबै प्रकारका गरिबीको अन्त्य र असमानताको न्यूनीकरण:** प्रदेशको प्रशस्त प्राकृतिक स्रोत तथा संभावना अर्थोत्पादनमा समुचित उपयोग हुन नसक्नु, सबै प्रकारको गरिबीको दर उच्च रहनु, अधिक जनसङ्ख्या निर्वाहामुखी कृषिमा संलग्न रहनु, उद्योग, निर्माण तथा सेवा लगायतका क्षेत्रको समेत पर्याप्त विकास हुन नसक्नु, समाजमा विभिन्न प्रकारका विभेद र फराकिलो असमानता व्याप्त रहनु, विद्यमान उत्पादनका स्रोत, साधन तथा आर्थिक अवसरमा समतामूलक पहुँच स्थापित हुन नसक्नु, गरिबीको दर एवम् असमानता अधिक रहनु प्रमुख सवाल हुन । असमानता तथा गरिबी निवारणको राष्ट्रिय संकल्प एवम् दिगो विकास लक्ष्य हासिल गर्नु, देशमा ब्याप्त असमानतालाई न्यूनीकरण गरी गरिबीको अन्त्य गर्नु चुनौती रहेको छ।

(२) **सीप तथा उद्यमशीलताको विकास र रोजगारी एवम् स्वरोजगारीका अवसरमा वृद्धि:** लक्षित वर्ग तथा समुदायको लागि मर्यादित रोजगारी प्राप्त गर्न सक्ने क्षमता अभिवृद्धि हुन नसक्नु, सीप विकास तथा उद्यमशीलता विकासका कार्यक्रम न्यून रुपमा सञ्चालन हुनु र यस प्रकारका कार्य तथा सेवा सुविधामा सबै नागरिक पहुँच पुग्न नसक्नु सवालका रुपमा रहेका छन् । प्रदेशमा व्याप्त गरिबी निवारणका लागि आवश्यकताअनुसार आन्तरिक रोजगारी तथा आयमूलक स्वरोजगारीका अवसरको वृद्धि गर्नु, आर्थिक वृद्धि तथा उन्नयनको विकास र विस्तार गर्नु चुनौती रहेको छ।

(३) **गरिबी निवारण सम्बन्धी कार्यक्रमको प्रभावकारीता**: प्रदेशमा सञ्चालनमा रहेका गरिबी लक्षित कार्यक्रमको प्रभावकारिता एवम् यस्ता कार्यक्रम सञ्चालनमा सरकारी तथा गैरसरकारी संस्थाबिच समन्वय र सहकार्य हुन नसक्नु सवालका रुपमा रहेको छ । प्रदेशमा सञ्चालित सरकारी तथा गैरसरकारी निकायबिच समन्वय र सहकार्यका गरिबी निवारण कार्यक्रम सञ्चालन गर्नु र कार्यक्रमकको प्रभावकारिता अभिवृद्धि गर्नु चुनौतीपूर्ण रहेको छ।

(४) **विकासका कार्यक्रमको प्रतिफलमा लक्षित वर्ग तथा क्षेत्रको पहुँच**: सबै वर्ग, समुदाय तथा क्षेत्रमा समन्यायिक प्रतिफल हासिल हुने गरी विकासका कार्यक्रम कार्यान्वयन गर्नु तथा प्रदेशमा सञ्चालित विकासका कार्यक्रमले आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको वर्गको जीवनस्तर सुधारमा अपेक्षित सुधार ल्याउन सवालका रुपमा देखिएको छ । विकासका कार्यक्रमबाट विपन्न वर्ग तथा समुदायको जीवनस्तरमा गुणात्मक सुधार गर्नु प्रमुख चुनौतीका रुपमा देखिएको छ।

(५) **अनुत्पादनशील खर्च नियन्त्रण**: विप्रेषणलगायत आयको ठूलो हिस्सा सहरी क्षेत्रको घरजग्गा एवम् बसोबास व्यवस्थापनमा केन्द्रित हुनु, विप्रेषणबाट प्राप्त आयले बसाइँसराइ र सहरकेन्द्रित निष्क्रिय जीवनशैलीलाई बढवा दिनु, विलासिता एवम् अनुत्पादनशील क्षेत्रमा लगानी हुने प्रवृत्तिलाई उत्पादनशील क्षेत्रतर्फ आकर्षण गर्नु मुख्य

सवालका रुपमा रहेको छ । उद्यम तथा व्यवसायमा देखिएको लगानी विकर्षणलाई रुपान्तरण गरी उत्पादनशील क्षेत्रमा लगानी गर्ने परिवेश तयार गर्नु चुनौतीपूर्ण छ ।

### ६.३.४ उद्देश्य

१. राष्ट्रिय लक्ष्य हासिल अनुकुलन निरपेक्ष तथा बहुआयामिक गरिबीको न्यूनीकरण गर्नु,
२. सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा लक्षित वर्गको पहुँच वृद्धि गर्नु,
३. विपन्न लक्षित आयमूलक व्यवसाय र रोजगारीका अवसर सिर्जना गर्नु ।

### ६.३.५ रुपान्तरणकारी रणनीति

**(१) आधारभूत तहको सेवा तथा सुविधामा गरिब तथा विपन्न नागरिकको पहुँच सुनिश्चित गर्ने:** गरिब तथा विपन्न वर्गका लागि गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, खानेपानी, विद्युत् जस्ता सेवा तथा सुविधामा पहुँच सुनिश्चित गर्न तहगत सरकार तथा विकास साझेदारसँग समन्वय र सहकार्य अभिवृद्धि गरिनेछ । प्रदेशस्तरमा गरिबी निवारणका कार्यक्रम कार्यान्वयन गर्न संरचनागत व्यवस्था गरी सशक्त तुल्याइनेछ । गरिब घरपरिवारको पहिचान तथा तथ्याङ्क अद्यावधीकरणका आधारमा परिचयपत्र उपलब्ध गराई गरिबी न्यूनीकरणका लागि सामाजिक सुरक्षा र स्वरोजगार प्रबर्द्धन लगायत विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) गरिब घर परिवारको पहिचान र लक्षित कार्यक्रम सञ्चालन गर्ने:** प्रदेशको संरचनागत प्रणाली मार्फत वास्तविक गरिब घरपरिवारको पहिचान गरी ग्रामीण तथा सहरी गरिबी लक्षित छुट्टाछुट्टै रणनीतिक कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेशका गरिब घरपरिवारलाई समेटने गरी रोजगारी एवम् आयआर्जनका विशेष कार्यक्रम सञ्चालन गरिनेछ । गरिबी निवारणमा क्रियाशील निकाय तथा सङ्घ/संस्थाहरुबिच अन्तरनिकाय समन्वय र सहकार्यलाई सुदृढ बनाइनेछ । विपन्न व्यक्ति तथा समुदायको क्षमता अभिवृद्धि गरी उत्पादनमूलक कार्यका लागि स्रोतसाधन, सीप र प्रविधियुक्त बनाइनेछ ।

**(३) सामाजिक सुरक्षा र संरक्षणका विशेष व्यवस्था गर्ने:** राष्ट्रिय सामाजिक संरक्षण नीति तथा कार्यढाँचा अनुकुल दोहोरो नहुने तथा परिपूरक हुने गरी लक्षित व्यक्ति र समुदायका लागि सामाजिक सुरक्षा र संरक्षणसम्बन्धी विशेष कार्यक्रमको सञ्चालन गरिनेछ ।

**(४) विकासको प्रतिफलमा विपन्न वर्गको समन्यायिक पहुँच सुनिश्चित गर्ने:** सीप विकास, उद्यमशीलता, रोजगारी, उत्पादन तथा बजारीकरणलाई एकीकृत गरी विकासका लाभमा विपन्न वर्गको पहुँच सुनिश्चित गरिनेछ । कृषि उत्पादनको व्यवसायीकरण तथा विविधीकरण र पर्यटन, उद्यमशीलता तथा पूर्वाधार विकासमा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको वर्गको प्रत्यक्ष संलग्नता तथा लाभलाई ध्यान दिइनेछ । विपन्न वर्गको जीवनस्तरमा सुधार ल्याउने खालका तुलनात्मक लाभका क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

**(५) निष्क्रिय जीवनशैली र अनुत्पादनशील लगानीको प्रवृत्तिमा सुधार गर्ने:** आयस्तरमा सुधारसँगै सहर तथा सुविधाकेन्द्रित बसाइँसराइलाई निरुत्साहित गर्दै गाउँमै कमाउने र गाउँमै रमाउने परिपाटी विकास गर्न ग्रामीण क्षेत्रमा उपयुक्त अवसरको सिर्जना गरिनेछ । पारिवारिक आयस्तरमा वृद्धिसँगै निष्क्रिय जीवनशैली र अनुत्पादनशील क्षेत्रमा बढ्दो लगानीलाई निरुत्साहित गर्न उद्यमशीलताका अवसरमा वृद्धि गरिनेछ ।

### ६.३.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | प्रदेश गरिबी निवारण रणनीति तर्जुमा | सङ्घ र स्थानीय तहसँग समन्वय गरी गरिब घरपरिवार पहिचान र परिचयपत्र वितरण भएको हुनेछ। गरिबी निवारण रणनीति तर्जुमा भई कार्यान्वयन भएको हुनेछ। |
| २ | विपन्न घरपरिवार लक्षित विशेष सहुलियत तथा सुविधा विस्तार कार्यक्रम | पहिचान भई परिचय पत्र प्राप्त गरिब घरपरिवारलाई शिक्षा, स्वास्थ्य लगायतका सार्वजनिक सेवामा विशेष सहुलियत तथा सुविधा उपलब्ध भएको हुनेछ। आधारभूत तथा अत्यावश्यक वस्तुहरु सहुलियत दरमा उपलब्ध गराउने व्यवस्था भएको हुनेछ। |
| ३ | रोजगारीका लागि सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम | गरिब घर परिवारलाई लक्षित गरी बजारको माग अनुसार विशेष सीप विकास तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन भएका हुनेछन्। |
| ४ | लक्षित वर्गका उद्यमशील युवा आयमूलक स्वरोजगार कार्यक्रम | लक्षित वर्गका उद्यमशील युवाका लागि आयमूलक स्वरोजगार कार्यक्रम सञ्चालन भएका हुनेछन् । परम्परागत श्रम र सीपको प्रबर्द्धन गर्ने गरी विशेष स्वरोजगार कार्यक्रम सञ्चालन भएका हुनेछन्। |
| ५ | खाना, नाना र छाना कार्यक्रम | सङ्घ र स्थानीय तहसँग समन्वय गरी विपन्न घरपरिवार लक्षित गरी खाना, नाना, छाना कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भएको हुनेछ। |
| ६ | एकीकृत अनिवार्य न्यूनतम आय आर्जन कार्यक्रम सञ्चालन | गरिब घरपरिवार लक्षित गरी एकीकृत अनिवार्य न्यूनतम आयआर्जन कार्यक्रम मार्फत तोकिएको न्यूनतम आयआर्जन हुने व्यवस्था भई उक्त घरपरिवारलाई निरपेक्ष गरिबीको रेखा माथि उक्लन सहयोग पुगेको हुनेछ। |
| ७ | विशेष सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | सङ्घ र स्थानीय तहसँग समन्वय गरी अति विपन्न र असहायको संरक्षण गर्न विशेष सामाजिक सुरक्षा एवम् संरक्षण कार्यक्रम सञ्चालन गरिएको हुनेछ। |

### ६.३.७ परिमाणात्मक लक्ष्य

| क्र.सं | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | निरपेक्ष गरिबीको रेखामनि रहेको जनसङ्ख्या | प्रतिशत | २६.६९ | २२.३ | १५.३ | १३.२ |
| २ | बहुआयामिक गरीविमा रहेको जनसङ्ख्या | प्रतिशत | ३९.५ | ३९.५ | ३०.६ | २२.५ |
| ३ | प्रतिव्यक्ति आय (अमेरिकी डलर) | डलर | १०३१ | १०६६ | १४५० | १६५७ |
| ४ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५३८ | ०.५३८ | ०.६०० | ०.६२५ |
| ५ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.५५८ | ०.५५८ | ०.६७५ | ०.७९० |
| ६ | गिनी गुणक | सूचकाङ्क | ०.२९ | ०.२९ | ०.२८ | ०.२७ |
| ७ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ९४.० | ९४.५ | ९६.० | ९८.० |
| ८ | खर/माटोको छानो भएमा घरमा बसोबास घरपरिवार | प्रतिशत | ६.५ | ६.० | ४.० | ०.० |
| ९ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ३१.० | ३४.५ | ४५.० | ६०.० |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना २०७८*

परिच्छेद ७

# स्वास्थ्य, पोषण र जनसङ्ख्या

७.१ स्वास्थ्य ९४

७.२ पोषण १०१

७.३ जनसङ्ख्या तथा बसाईंसराई १०५

# परिच्छेद-सात
# स्वास्थ्य, पोषण र जनसङ्ख्या

## ७.१ स्वास्थ्य

### ७.१.१ पृष्ठभूमि

नेपालको संविधानले स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकका रुपमा स्थापित गरेको छ। यसलाई मूर्तरुप दिन प्रदेशले राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को भावनाअनुरुप कर्णाली प्रदेश स्वास्थ्य नीति, २०७६ तयार गरेको छ। स्वास्थ्य सेवाको सर्वसुलभता, गुणस्तर र प्रभावकारिता सुनिश्चित गर्न कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ लागु भएको छ। प्रदेशको स्वास्थ्य प्रणालीलाई मजबुत बनाउन कर्णाली प्रदेश स्वास्थ्य क्षेत्र रणनीतिक कार्ययोजना २०८०-८७ तयार गरिएको छ जसले स्वास्थ्य सेवाको प्रभावकारी कार्यान्वयनमा मार्गनिर्देश गरेको छ। प्रदेश सरकारले गरेका विगतका प्रयासले जनस्वास्थ्य क्षेत्रमा केही उल्लेखनीय प्रगति भएको देखिन्छ। जनस्वास्थ्य क्षेत्रका प्रमुख सूचकहरु जस्तै औसत आयु वृद्धि, मातृ मृत्युदर र बाल मृत्युदरमा कमीका साथै संक्रामक रोगहरुको निवारण, नियन्त्रण र रोकथाममा उल्लेखनीय सुधार भएको छ। जनताको स्वास्थ्यसम्बन्धी हकलाई सुनिश्चित गर्दै स्वास्थ्य सेवालाई सर्वसुलभ, गुणस्तरीय र सबैको पहुँचमा पुऱ्याउन अझ सुदृढ योजना र कार्यक्रम सञ्चालन आवश्यक छ।

### ७.१.२ विद्यमान अवस्था

प्रदेश सरकारले संविधानतः स्वास्थ्य सेवाको उपलब्धता र व्यवस्थापन गर्न प्रदेश स्वास्थ्य नीति, ऐन नियमावलीको कार्यान्वयन मार्फत आधारभूत, विशेषज्ञ तथा आकस्मिक स्वास्थ्य सेवा तथा सुविधा उपलब्ध गराइरहेको छ। यसका अलावा प्रदेश सरकारले स्वास्थ्य सेवासम्बन्धी पूर्वाधार निर्माण तथा स्तरोन्नति, प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापना आदि स्वास्थ्य सेवा र स्वास्थ्य सेवामा सर्वव्यापी पहुँचका लागि स्वास्थ्य विमा जस्ता क्षेत्रमा सङ्घीय सरकारसँग समन्वय तथा सहकार्य गरीरहेको छ। विशेषज्ञ तथा आकस्मिक स्वास्थ्य सेवा प्रदेश सरकारले सञ्चालन गरीरहेको र आधारभूत स्वास्थ्य सेवाका लागि हरेक स्थानीय तहमा एकवटा प्राथमिक अस्पताल सञ्चालन, स्वास्थ्यसम्बन्धी उपकरण तथा औषधी वितरण, महामारी तथा आकस्मिक स्वास्थ्य व्यवस्थापन, खोप, सुरक्षित मातृत्व, परिवार नियोजन, पोषण, सर्ने-नसर्ने रोगको रोकथाम तथा उपचारका साथै पुनर्स्थापना आदि कार्यमा स्थानीय तहसँग समन्वयात्मक रुपमा कार्य गरीरहेको छ।

राष्ट्रिय जनगणना- २०७८ को जनसांख्यिक सूचकअनुसार कर्णाली प्रदेशका जनताको औसत आयु ७२.५ वर्ष छ, जुन अन्य प्रदेशका मानिसको औसत आयुभन्दा बढी हो। यो राष्ट्रिय औसत आयु (७१.४ वर्ष) भन्दा पनि बढी हो। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार, यस प्रदेशमा नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) २६ जना, एक बर्षमनि शिशु मृत्युदर (प्रति हजारमा) ३६ जना, पाँच वर्षमनिका बालबालिकामा हुने पुड्कोपन दर ३५.८ प्रतिशत, रक्तअल्पता भएका पाँच बर्षमनिका बालबालिकाहरु ४० प्रतिशत र रक्त अल्पता भएका प्रजनन् उमेर समूहका महिला २१ प्रतिशत छ। घरबाट स्वास्थ्य संस्थामा ३० मिनेट वा सोभन्दा कम समयमा पुग्ने परिवार ४३.१ प्रतिशत रहेको छ। त्यसैगरी मातृ मृत्युदर प्रतिलाखमा १७२ जना रहेको छ जुन नेपालको औसत (१५१ जना) भन्दा अधिक हो ।

यस प्रदेशमा स्वास्थ्य सेवा प्रवाहका लागि एउटा "द्वितीय ख" वर्गको प्रदेश अस्पताल, दुई "द्वितीय क" वर्गको अस्पताल र "प्राथमिक क" वर्गको ८ अस्पताल रहेका छन् । स्थानीय तहमा २३ आधारभूत अस्पताल, ३ सामुदायिक अस्पताल, १० निजी अस्पताल, १३ प्राथमिक स्वास्थ्यकेन्द्र, ३३० स्वास्थ्य चौकी, ३०० आधारभूत स्वास्थ्यकेन्द्र, ३८ सहरी स्वास्थ्यकेन्द्र, १४९ सामुदायिक स्वास्थ्य इकाइ, २९ निजी पोलिक्लिनिक र ६३१ फार्मेसी सञ्चालनमा छन् । त्यस्तै आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवा प्रवाहका लागि प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धानकेन्द्र, ९ आयुर्वेद स्वास्थ्यकेन्द्र, १८ आयुर्वेद औषधालय र ४० नागरिक आरोग्यकेन्द्र छन् । यस प्रदेशमा सङ्घअन्तर्गत दक्ष जनशक्तिको उत्पादन तथा विशेषज्ञ सेवा उपलब्ध गराउन जुम्लामा सुविधा सम्पन्न कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा रहेको छ । रुकुमको चौरजहारीमा सामुदायिक मिसन् अस्पताल सञ्चालनमा रहेको छ ।

गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार ल्याई सर्वव्यापी स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने उद्देश्यका साथ नेपाल सरकारले स्वास्थ्य विमा बोर्ड गठन गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गरीरहेको छ भने यस प्रदेशमा समेत कार्यालय गरी समन्वयात्मक रुपमा कार्य गर्दै आएको छ । त्यसैगरी स्वास्थ्यमा सर्वव्यापी पहुँचका लागि समतामूलक वित्त व्यवस्थापन गर्ने लक्ष्यसहित नेपाल सरकारले राष्ट्रिय स्वास्थ्य वित्त रणनीति, २०८० जारी गरेको छ । स्वास्थ्य क्षेत्रमा आवश्यक स्रोतको सुनिश्चितता र कुशल व्यवस्थापन जस्ता मुख्य चुनौतीलाई सम्बोधन गर्न सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा यो रणनीति कार्यान्वयनमा रहेको छ ।

प्रदेशमा मातृ मृत्युदर र बाल मृत्युदर कम गर्ने उद्देश्यले दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि आकस्मिक हवाइ उद्धार, विपन्न नागरिकको स्वास्थ्य सेवामा पहुँच पुर्याउन लागि विपन्न नागरिक स्वास्थ्य विमा तथा स्वास्थ्य उपचार सहयोग, समग्र स्वास्थ्य र स्वस्थ जीवनशैली लाई उत्प्रेरित गर्न एक विद्यालय एक स्वास्थ्यकर्मी जस्ता विशेष एवम् महत्त्वपूर्ण कार्यक्रम सञ्चालनमा रहेका छन् ।

### ७.१.३ मुख्य सवाल तथा चुनौती

**(१) स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच:** जनस्वास्थ्य ऐन, २०७५ ले निर्धारण गरे अनुसार स्थानीय तहले आधारभूत स्वास्थ्य सेवा, प्रदेशले प्रदान गर्ने विशेषज्ञ तथा आकस्मिक स्वास्थ्य सेवाको पहुँच र गुणस्तर दुबैमा कमी हुनु, दुर्गम भेगका अधिकांश स्वास्थ्य संस्थाहरु बजार केन्द्रित र निजी स्वास्थ्य संस्थाहरु सहर केन्द्रित रहनु, निःशुल्क औषधीहरुको सहज उपलब्धता सुनिश्चित नहुनु र स्वास्थ्य सेवा बारे सचेतना बढाउन ठोस कार्यक्रमहरु सञ्चालन नहुनु, भौगोलिक, सामाजिक तथा आर्थिक अवस्थाका कारण स्वास्थ्य सेवाको प्रभावकारी सुविधा प्रदानमा कठिनाइ हुनु प्रमुख सवालहरु हुन् । स्वास्थ्य क्षेत्रको समग्र विकास गरी स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच स्थापित गर्न उच्च पहाडी तथा हिमाली क्षेत्रका बस्तीहरुमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गर्नु, भौगोलिक कठिनाइ भएका स्थानमा स्वास्थ्यकर्मीको उपलब्धता, औषधी तथा औषधीजन्य सागग्रीहरुको प्रभावकारी वितरण र ढुवानी गर्नु जस्ता ठोस कार्यक्रमहरु सञ्चालनका लागि स्रोत व्यवस्थापन गर्नु चुनौतीपुर्ण रहेको छ ।

**(२) स्वास्थ्य पूर्वाधार:** विकट क्षेत्रमा बसोबास गर्ने नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्ने आवश्यक पर्ने पूर्वाधार तथा सुविधा अपर्याप्त हुनु, निर्माण भएका पूर्वाधार पनि मापदण्ड अनुसार निर्माण नहुनु, निर्माणाधीन संरचना

समयमा सम्पन्न हुन नसक्नु, सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य उपकरण तथा सामग्रीको कमी हुनु मुख्य सवालहरु हुन् । पुराना भौतिक संरचनाको पुनर्निर्माण र स्वीकृत मापदण्ड अनुसार नयाँ संरचना निर्माण गरी स्वास्थ्य पूर्वाधारलाई सुदृढ गर्न स्रोतको सीमितता चुनौतीको रुपमा रहेको छ ।

(३) **स्वास्थ्यकर्मी तथा जनशक्तिः** प्रदेशमा विषयगत र विशेषज्ञ स्वास्थ्य जनशक्तिको कम उपलब्धता हुनु, दुर्गम तथा ग्रामीण क्षेत्रमा कार्यरत चिकित्सक तथा नर्सिङ्ग सेवाका स्वास्थ्यकर्मीलाई टिकाउन कठिन हुनु, परिवर्तित जनसङ्ख्याको वितरण, रोगको भार तथा स्वास्थ्य सेवामा सुदृढीकरण गर्न र अस्पतालमा न्यूनतम सेवा मापदण्ड अनुसार दरबन्दी सिर्जना हुन नसक्नु, प्रदेशका स्वास्थ्य संस्थामा स्वीकृत, दरवन्दी अनुसार दक्ष विशेषज्ञ जनशक्तिको अभाव हुनु, स्थानीय स्वास्थ्यकर्मीको क्षमता विकास तथा व्यवस्थापकीय क्षमता सुदृढ हुन नसक्नु, प्रकोपका समयमा स्वास्थ्य सेवा प्रवाहमा कठिनाइ हुनु र सर्ने तथा नसर्ने रोग व्यवस्थापनका लागि प्रभावकारी र उत्थानशील स्वास्थ्य प्रणाली विकास नहुनु, वैज्ञानिक रुपमा स्वास्थ्यकर्मीहरुको सरुवा, सीप हस्तान्तरण नहुनु मुख्य सवालहरु हुन् । प्रदेशका सबै स्वास्थ्य संस्थामा पर्याप्त र दक्ष विशेषज्ञ जनशक्तिको परिचालन गर्नु तथा नेपाल स्वास्थ्य जनशक्ति रणनीति- २०७८ बमोजिम अहिलेको भन्दा दोव्वर बढी वा दीगो विकास लक्ष्य सन् २०३० अनुसार प्रतिहजार जनसङ्ख्यामा ४.५५ स्वास्थ्य जनशक्तिको व्यवस्था गर्नु चुनौतिको रुपमा रहेको छ ।

(४) **जनस्वास्थ्य तथा उपचारात्मक सेवाका लागिअस्पताल व्यवस्थापनः** नागरिकलाई रोग लाग्नबाट सुरक्षित राख्न वा रोगको दर घटाउन, उपचारात्मक स्वास्थ्य सेवा व्यवस्थापनका लागि अस्पताल स्थापना, सञ्चालन र स्वास्थ्य पूर्वाधार निर्माण, राष्ट्रिय नीति तथा प्रतिबद्वता पूरा गर्नका लागि नीति तथा कार्यक्रम कार्यान्वयनमा संघ तथा प्रदेश दुवैको क्षेत्राधिकार हुनु, तहगत सरकार बिच प्रभावकारी समन्वय, सहकार्य र एकीकृत कार्यक्रम सञ्चालन नहुनु, जनस्वास्थ्य कार्यक्रम र अस्पताल व्यवस्थापन बिचको समन्वय प्रभावकारी नहुनु प्रमुख सवाल हुन् । तहगत सरकारको अधिकार क्षेत्र र जिम्मेवारीमा स्पष्टता ल्याई जनस्वास्थ्य र उपचारात्मक सेवाको व्यवस्थापनलाई एकीकृत रुपमा अघि बढाउनु चुनौतीपूर्ण छ । हरेक स्थानीय तहमा एक आधारभूत अस्पताल स्थापना गर्ने नीति कार्यान्वयन गर्नु र प्रदेशको मुख्य जिम्मेवारीभित्र रहेको विशेषज्ञ सेवा प्रवाह गर्ने जिल्लास्थित अस्पताल थप व्यवस्थित गर्नु चुनौतीपूर्ण रहेको छ ।

(५) **स्वास्थ्यमा वित्तीय लगानीः** स्वास्थ्य क्षेत्रमा मापदण्डअनुसार पर्याप्त बजेट विनियोजन गर्न नसक्नु, स्वास्थ्यमा हुने व्यक्तिगत खर्च उच्च रहनु, उपचारकै कारण गरीव रहनु, प्राथमिकता अनुसार सर्वव्यापी स्वास्थ्यको पहुँच वृद्धि हुन नसक्नु, प्रदेशमा स्वास्थ्य विमा कार्यक्रमको विस्तार हुन नसक्नु, वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वियन नहुनु, संविधानले सुनिश्चित गरेका स्वास्थ्यसम्बन्धी अधिकारहरु समेत समुदायकेन्द्रित हुन नसक्नु र पहुँच बाहिर रहेका समुदायका लागि विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गर्नु मुख्य सवाल हुन् । सबै नागरिकलाई स्वास्थ्य विमामा आबद्व गर्न ठोस रणनीतिक कार्यक्रमहरु मार्फत सबै नागरिकको पहुँच सुनिश्चित गर्ने प्रणाली स्थापना गर्नका लागि तहगत सरकार र विकास साझेदारबिच पर्याप्त सहकार्य गर्नु चुनौतीपूर्ण छ ।

(६) **स्वाथ्य सूचना प्रणाली तथा डिजिटल स्वास्थ्यः** स्वास्थ्य क्षेत्रमा स्वास्थ्य सेवाका विभिन्न सूचना प्रणाली विद्यमान रहनु, सूचनालाई डिजिटलाइज गर्दै सबै सूचना प्रणालीलाई एकिकृत गर्नु नसक्नु, डिजिटल हेल्थको यथोचित विस्तार, अनलाईन सेवा, भण्डारण र व्यवस्थापनका लागि पर्याप्त पूर्वाधार र जनशक्तिको व्यवस्था हुन नसक्नु, नियमित रुपमा प्राप्त हुने तथ्याङ्कको विश्लेषण गरी तथ्यका आधारमा योजना तर्जुमा हुन नसक्नु, स्वास्थ्य अनुसन्धान सम्बन्धी कार्य प्राथिमकतामा पर्न नसक्नु मुख्य सवालहरु हुन्। स्वास्थ्य सूचना एकीकृत गरी प्रभावकारी रुपमा प्रयोग गर्नु चुनौती रहेको छ।

(७) **स्वास्थ्य क्षेत्रको नेतृत्व तथा सुशासनः** स्वास्थ्य क्षेत्रको नेतृत्व र सुशासन सुदृढीकरणको लागि सङ्घीय तथा प्रदेश सरकारले व्यवस्था गरेका कानुनी तथा नीतिगत व्यवस्थाको कार्यान्वयनमा हुन नसक्नु, सेवाग्राहीको गुनासो सुन्ने प्रक्रिया निष्क्रिय हुनु, स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा, शुल्क तथा जनशक्तिको विवरण नागरिक वडापत्रमा नियमित अद्यावधिक नहुनु, अस्पताल तथा स्वास्थ्य संस्थाले नियमित सार्वजनिक सुनुवाइ हुन नसक्नु, स्वास्थ्य सेवाको नागरिक सन्तुष्टिको दर मापन तथा नियम अनुगमन, सुपरीवेक्षण र नियमन प्रभावकारी हुन नसक्नु र आधारभूत स्वास्थ्यको सुदृढीकरणका लागि स्थानीय तहसँग समन्वय तथा सहकार्य पर्याप्त नहुनु जस्ता प्रमुख सवालहरु रहेका छन्। स्वास्थ्य क्षेत्रको नेतृत्व र सुशासन सुदृढीकरण गर्नु र उपलब्ध कानुनी तथा नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन र स्वास्थ्य सेवा प्रणाली प्रभावकारी र उत्तरदायी बनाउनु चुनौती रहेका छन् ।

(८) **आयुर्वेद तथा वैकल्पिक स्वास्थ्यः** कर्णाली प्रदेशमा विभिन्न औषधीजन्य जडिवुटीको भण्डारको रुपमा परिचित हुँदै आएको भए तापनि सोको व्यवस्थित उत्पादन, सङ्कलन, प्रशोधन, उपयोग तथा बजारीकरण हुन नसक्नु प्रमुख सवालको रुपमा रहेका छन्। प्रदेशस्तरीय अस्पताल, जिल्लास्तरीय आयुर्वेदकेन्द्र र स्थानीय स्तरमा नागरिक आरोग्यकेन्द्र मार्फत आयुर्वेद तथा वैकल्पिक स्वास्थ्यलाई व्यवस्थित गर्न चुनौतीपूर्ण रहेको छ।

### ७.१.४ उद्देश्य

१. स्वास्थ्यमा सर्वव्यापी पहुँच सुनिश्चित गर्नु,
२. स्वास्थ्य प्रणाली सुदृढीकरण तथा पूर्वाधारको विकास गर्नु,
३. मातृशिशु मृत्यु तथा सर्ने र नसर्ने रोगका कारण हुने मुत्युदरमा कमी ल्याउनु,
४. आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवाको विस्तार तथा सुदृढीकरण गर्नु।

### ७.१.५ रुपान्तरणकारी रणनीति

(१) **आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच विस्तार गर्ने:** दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा प्रवाहका लागि अतिरिक्त स्रोत र साधनको व्यवस्था गरिनेछ। स्वास्थ्य शिक्षाको प्रचार प्रसार र समुदायमा स्वास्थ्य सेवाबारे सचेतना बढाउने गतिविधिलाई प्राथमिकता दिइनेछ। विद्यालयदेखि बालबालिकालाई स्वास्थ्य र प्रजनन शिक्षा, खोप, पोषण तथा सरसफाइसम्बन्धी सचेतना र विद्यालय स्वास्थ्य कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। टेलिमेडिसिन तथा विशेषज्ञ स्वास्थ्य शिविर स्वास्थ्य सेवा नियमित सञ्चालन गरी विशेषज्ञ स्वास्थ्य सेवामा पहुँच बढाइनेछ। नागरिकको स्वास्थ्य उपचार खर्चमा कमी ल्याउन एकीकृत स्वास्थ्यका कार्यक्रम सञ्चालन गरिनेछ। उच्च हिमाली क्षेत्रका बस्तीहरुमा आधारभूत स्वास्थ्य

सेवाको पहुँच सुधार गर्न मोबाइल स्वास्थ्य क्लिनिक, नियमित स्वास्थ्य शिविर र हरेक वडामा रहेका आधारभूत स्वास्थ्य सेवामा जनशक्ति परिचालन र दुर्गम क्षेत्रका स्वास्थ्यकर्मी प्रोत्साहन जस्ता विशेष कार्यक्रम सञ्चालन गरिनेछ। वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तारका लागि खोज तथा अध्ययन गरिनेछ। स्वास्थ्य सेवाको पहुँच र गुणस्तरलाई सुधार गर्दै समुदायमा स्वास्थ्य सचेतना तथा आधारभूत स्वास्थ्य सेवाको उपलब्धता वृद्धि गर्न स्थानीय तहसँग समन्वय तथा सहकार्य र स्वास्थ्य जनशक्तिको क्षमता विकास गरिनेछ। अपाङ्ग, सीमान्तकृत नागरिक तथा ज्येष्ठ नगारिकहरुका लागि विशेष स्वास्थ्य सेवा सञ्चालन गरिनेछ।

(२) **गुणस्तरीय स्वास्थ्य पूर्वाधारको सुदृढीकरण गर्ने:** प्रदेशको भौगोलिक अवस्थालाई मध्यनजर गरी स्वास्थ्य संस्थाको भौतिक संरचना र स्वास्थ्य सामग्रीको उपलब्धता सुनिश्चित गर्न विषयगत क्षेत्र केन्द्रित रणनीति तथा कार्ययोजना बनाइनेछ। स्रोत व्यवस्थापन सुधार गरी नयाँ संरचना निर्माण र पुराना संरचनाको सुदृढीकरण गरिनेछ। प्रदेश अस्पतालको स्तरोन्नति गरी आधुनिक चिकित्सा प्रविधि र विशेषज्ञ स्वास्थ्य सेवा तथा गुणास्तरीय स्वास्थ्य शिक्षा सहितको स्वास्थ्य विज्ञान प्रतिष्ठान/मेडिकल कलेज सञ्चालन गरिनेछ। आपतकालीन अवस्थामा घाइते र दुर्घटनाग्रस्त व्यक्तिहरुलाई तुरुन्त उपचार सुविधा प्रदान गर्न नेपाल सरकारसँगको समन्वयमा अस्पतालमा ट्रमा सेन्टर स्थापना र सञ्चालन व्यवस्था गरिनेछ। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई स्वास्थ्य अनुसन्धान केन्द्रको रुपमा विकास गरिनेछ। रणनीतिक सडक सञ्जालमा जोडिएको पायक पर्ने स्थानमा रणनीतिक अस्पताल स्थापना तथा सञ्चालन गर्न संघ तथा स्थानीय सरकारसँग सहकार्य गरिनेछ र अस्पतालको सबलीकरण गरी विशेषज्ञ तथा आकष्मिक स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिनेछ। प्रदेशमा उपलब्ध औषधीजन्य जडीबुटीको पहिचान, उत्पादन, सङ्कलन तथा प्रशोधन गरी औषधि उत्पादनका लागि आवश्यक व्यवस्था गरिनेछ।

(३) **स्वास्थ्य क्षेत्रको संस्थागत संरचना सुधार गर्ने:** स्वास्थ्य संस्थाहरुमा आवश्यक जनशक्ति विकास र तालिमका अवसरहरु सुनिश्चित गर्न कानुनी तथा संरचनागत सुधार गरिनेछ। व्यवस्थापकीय क्षमता सुदृढ गर्न स्थानीय स्वास्थ्य संस्थामा सुशासन र व्यवस्थापन सुधारका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। सबै स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा अनलाइन पहुँच पुऱ्याइने छ। औषधी तथा अन्य स्वास्थ्य सामग्रीको आपूर्ति व्यवस्थापन प्रणाली तथा स्वास्थ्य क्षेत्रको वित्तीय प्रणाली सुदृढ गरिनेछ। आधुनिक चिकित्सा सुविधाको उपलब्धता सुनिश्चित गर्ने स्वास्थ्य संस्थाहरुको स्तरोन्नति गरिनेछ। स्वास्थ्य क्षेत्रमा अध्ययन र अनुसन्धानलाई प्राथमिकता दिई स्वास्थ्यसम्बन्धी महत्त्वपूर्ण जानकारी सङ्कलन गरी निरोगिताको उपाय विकास गरिनेछ। गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र व्यवस्थापनमा सुधारका लागि स्वास्थ्य सूचना र संचार प्रविधिको अधिकतम प्रयोग गरिनेछ। स्वास्थ्यका डिजिटल सूचनालाई एकापसमा अन्तरक्रियात्मक बनाइनेछ। बढ्दो नसर्ने रोगको पहिचान तथा उपचार सहज बनाइनेछ भने आकस्मिक स्वास्थ्य सेवाका लागि अस्पतालको क्षमता विकास गरिनेछ।

(४) **स्वास्थ्य वित्त मार्फत विमाको पहुँच विस्तार गर्ने:** स्वास्थ्य कार्यक्रममा लगानी वृद्धि गरी स्वास्थ्य विमामा पहुँच बढाउनका लागि तहगत तहका सरकार र विकास साझेदारसँग सहकार्य गरिनेछ। 'ख' वर्गका अपाङ्गता भएका व्यक्ति, एकल महिला, ज्येष्ठ नागरिक र अति विपन्न परिवारका लागि स्वास्थ्य विमालाई निःशुल्क

गरिनेछ। स्वास्थ्य बिमा कार्यक्रमको पहुँच र प्रभावकारिता सुधार गर्न नागरिकमा सचेतना तथा सेवा प्रवाहलाई सरल, सहज र गुणस्तरीय बनाउन विशेष योजना बनाई कार्यान्वयन गरिनेछ।

(५) **बहुक्षेत्रीय र बहुपक्षीय समन्वय र सहकार्य गर्ने:** सबै नीतिमा स्वास्थ्य भन्ने मान्यतालाई प्राथमिकतामा राखी स्वास्थ्य क्षेत्रका सवाल तथा चुनौतीको समाधानका लागि स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी निकाय, गैरसरकारी संस्था, विकास साझेदार तथा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका स्वास्थ्य सेवा प्रदायकसँग समन्वय र सहकार्य गरिनेछ। निजी क्षेत्रका स्वास्थ्य सेवा प्रदायकसँग सहकार्य गरेर गुणस्तरीय स्वास्थ्य सेवाको वितरणमा सुधार ल्याउन आवश्यक रणनीति तथा कार्यक्रम विकास गरिनेछ। निजी अस्पताल र क्लिनिकलाई प्रदेश तथा स्थानीय तहसँग सहकार्य गरी विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउन प्रोत्साहन गरिनेछ। स्वास्थ्य क्षेत्रका विभिन्न सरोकारवालाकाबिचमा स्रोतसाधन र ज्ञानको आदानप्रदान गर्ने प्रक्रिया अवलम्वन गरिनेछ। स्वास्थ्य सेवा प्रदायकबिच समन्वय र सहयोगको स्तरलाई वृद्धि गर्दै प्रदेशमा स्वास्थ्य सेवाको गुणस्तर र पहुँच सुधारका लागि स्वास्थ्य सेवा समन्वय संरचनाको स्थापना गरिनेछ। सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका लगानीका क्षेत्रहरु सुनिश्चित गरी स्वास्थ्य सेवालाई प्रभावकारी बनाइनेछ ।

(६) **आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको विकास तथा विस्तार गर्ने:** प्रदेशस्तरीय आयुर्वेद अस्पतालबाट आयुर्वेद तथा वैकल्पिक चिकित्साका सम्पूर्ण सेवाहरु उपलब्ध गराइने छ। प्रदेशमै उपलब्ध हुने जडिवुटीको व्यवस्थित सङ्कलन, प्रशोधन, उत्पादन, वजारीकरण र उपभोगमा प्राथिमकता दिन आयुर्वेद औषधी सम्बन्धी अध्ययन अनुसन्धान गरिनेछ ।

### ७.१.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | आधारभूत स्वास्थ्य सेवाको सबलीकरण कार्यक्रम | सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको गुणस्तरीय पहुँच बढाउन स्थानीय तहसँग समन्वय तथा सहकार्य मार्फत स्वास्थ्य संस्थाको क्षमता विकास हुनेछ। |
| २ | विशेषज्ञ स्वास्थ्य सेवा कार्यक्रम | विशेषज्ञ स्वास्थ्य सेवा विस्तार भई नागरिकको सर्वसुलभ पहुँच वृद्धि भएको हुनेछ। |
| ३ | जिल्ला अस्पताल स्तरोन्नति कार्यक्रम | जिल्ला अस्पतालको स्तरोन्नति गरी चिकित्सा सेवा सहजरुपमा प्राप्त भएको हुनेछ। नेपाल सरकारसँगको समन्वयमा ट्रमा सेन्टर स्थापना गरी दुर्घटनाका घाइते तथा आपतकालीन स्वास्थ्य उपचार सेवा उपलब्ध भएको हुनेछ । |
| ४ | प्रदेश अस्पतालको स्तरोन्नति कार्यक्रम | प्रदेश अस्पतालको स्तरवृद्धि गरी आधुनिक चिकित्सा प्रविधि र विशिष्टीकृत स्वास्थ्य सेवा र स्वास्थ्य शिक्षा सहितको प्रेषण/शिक्षण अस्पताल सञ्चालन भएको हुनेछ। |
| ५ | स्वास्थ्य पुनर्स्थापना सेवा सुदृढीकरण कार्यक्रम | शारीरिक तथा मानसिक स्वास्थ्य समस्याको पुनर्स्थापना भएको हुनेछ। |
| ६ | आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार | आयुर्वेद अनुसन्धान केन्द्र, प्रयोगशाला तथा अस्पतालहरुको स्तरोन्नति भएको हुनेछ । प्रदेशस्तरमा आयुर्वेद अस्पताल, आयुर्वेदिक अनुसन्धानकेन्द्र र औषधालयको विकास र विस्तार भएको हुनेछ। परम्परागत वैद्य उपचार पद्धति, आम्ची, होमियोप्याथी, युनानी आदि वैकल्पिक उपचार विधिको संरक्षण र विकास भएको हुनेछ। |
| ७ | औषधीजन्य जडीबुटीको पहिचान, उत्पादन, सङ्कलन, | प्रदेशमा निजीक्षेत्रको सहभागितामा उपलब्ध औषधीजन्य जडीबुटीको पहिचान, उत्पादन, सङ्कलन, प्रशोधन गरी औषधि उत्पादन भएको हुनेछ। |

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| | प्रशोधन र उत्पादन कार्यक्रम | |
| ८ | स्वास्थ्य विमा कार्यक्रम | सबै नागरिकहरुमा स्वास्थ्य विमाको पहुँच पुगेको हुनेछ। अपाङ्गता भएका, एकल महिला तथा पुरुष, विपन्न, सीमान्तकृत तथा ज्येष्ठ नागरिकका लागि विशेष स्वास्थ्य विमा कार्यक्रम लागु भएको हुनेछ। |
| ९ | मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श कार्यक्रम | प्रदेश मातहातका अस्पतालमा मानसिक स्वास्थ्य तथा परामर्श सेवा सञ्चालन भएको हुनेछ। |
| १० | पूर्णखोप सुनिश्चितता कार्यकम | प्रदेशभित्रका सबै स्थानीय तहका सबै बालबालिकाले राष्ट्रिय खोप तालिका अनुरुप पूर्ण खोप लगाएका हुनेछन्। |
| ११ | स्वास्थ्य संस्था र अस्पताल व्यवस्थापन प्रणाली सुदृढीकरण कार्यक्रम | विद्युतीय स्वास्थ्य प्रणाली (e-Health System) सम्बन्धी कानुन तर्जुमा भई प्रभावकारी रुपमा कायान्र्वयन भएको हुनेछ। एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा प्रदेशभरीका सम्पूर्ण सरकारी तथा निजी स्वास्थ्य प्रदायक संस्थाहरु आबद्ध भएका हुनेछन्। |
| १२ | रोगहरुको निगरानी कार्यक्रम (सर्ने तथा नसर्ने रोगको रोकथाम, नियन्त्रण, निवारण र व्यवस्थापन) तथा सडक दुर्घटना न्यूनीकरण कार्यक्रम | तोकिएका सर्ने, नसर्ने,उपेक्षित ट्रपिकल रोगहरुको रोकथाम, नियन्त्रण र निवारण भएको हुनेछ। विभिन्न रोगहरुको समयमै पहिचान र प्रभावकारी निगरानी गरी महामारीको रोकथाम र नियन्त्रण भएको हुनेछ। सडक दुर्घटनाबाट हुने मृत्यु तथा घाइनेहरुको संख्यामा कमी आउनेछ। |
| १३ | खानेपानीको गुणस्तर निगरानी | सुरक्षित खानेपानीका लागि नियमित गुणस्तर मापन सेवा उपलब्ध भएको हुनेछ। |
| १४ | स्वास्थ्य प्रर्बद्धनात्मक तथा प्रतिकारात्मक कार्यक्रम | स्वास्थ्य सम्बन्धी प्रर्बद्धनात्मक र प्रतिकारात्मक कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरी नागरिकको स्वास्थ अवस्था सुधार भएको हुनेछ। |
| १५ | उच्च हिमाली क्षेत्रमा समग्र स्वास्थ्य सेवा पहुँच कार्यक्रम | उच्च पहाडी तथा हिमाली क्षेत्रमा विशेष मोबाइल स्वास्थ्य क्लिनिक कार्यक्रम, स्वास्थ्य शिविर, स्थानीय स्वास्थ्यकर्मीको प्रोत्साहन, स्वास्थ्य शिक्षा र सचेतना कार्यक्रम तथा टेलिमेडिसिन सेवाहरु सञ्चालन गरी उक्त क्षेत्रका बस्तीहरुमा स्वास्थ्य सेवाको पहुँचमा वृद्धि र नागरिकहरुको स्वास्थ्य अवस्थामा सुधार भएको हुनेछ। |
| १६ | अस्पतालजन्य फोहोर र म्याद गुज्रेका औषधी व्यवस्थापन कार्यक्रम | अस्पतालजन्य फोहोर तथा म्याद गुज्रेका औषधी व्यवस्थापन सम्बन्धी प्रदेश कानुन तर्जुमा तथा लागु गरी सो बाट उत्पन्न हुने स्वास्थ्य जोखिम कम भएको हुनेछ। |
| १७ | अस्पताल उपकरण व्यवस्थापन कार्यक्रम | स्वास्थ्य संस्थाहरुमा जडान भएका स्वास्थ्य उपकरणहरुको अवस्था अध्ययन गरी सूचना अद्यावधिक भएको हुनेछ। स्वास्थ्य संस्थामा भएका स्वास्थ्य सेवा सम्बन्धि उपकरण तथा औजारको नियमित मर्मत सम्भार गरी सञ्चालनमा आएका हुनेछन्। |

### ७.१.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | जन्मदाको अपेक्षित आयु | वर्ष | ७२.५ | ७२.५ | ७२.८ | ७३.० |
| २ | बाल मृत्युदर (प्रति हजार) | जना | ४६ | ३५ | २७ | २० |
| ३ | मातृ मृत्युदर (प्रति लाख) | जना | १७२ | १६१ | १०० | ७० |
| ४ | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | जना | २६ | १९ | १३ | १२ |
| ५ | पूर्णखोप उपलब्ध बालबालिका | प्रतिशत | ८४.३ | ९५ | ९६ | ९६ |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| ६ | ३० मिनेटको दुरीमा आधारभूत स्वास्थ्य सेवामा पहुँच भएको परिवार | प्रतिशत | ४३.१ | ४८ | ६० | ७५ |
| ७ | स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या | प्रतिशत | २९.२६ | ३५ | ५० | ८० |
| ८ | स्वास्थ्य उपचारमा व्यक्तिगत खर्चको अनुपात | प्रतिशत | ५७ | ५१ | ४६ | ३५ |
| ९ | कुल प्रजननदर | प्रति महिला | २.६ | २.५ | २.३ | २.१ |
| १० | किशोरी अवस्थाको प्रजननदर | प्रतिशत | २०.६ | १९.५ | १५ | १० |
| ११ | स्वास्थ्य संस्था मार्फत प्रसुति सेवा लिने महिला | प्रतिशत | ७२.५ | ७५ | ९० | १०० |
| १२ | दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा सुत्केरी हुने महिला | प्रतिशत | ७२.३ | ७५ | ८२ | ९० |
| १३ | प्रोटोकल अनुसार ८ पटकसम्म गर्भवती जाँच गराउने महिला | प्रतिशत | ३१.४ | ४७.३ | ७० | ८५ |
| १४ | प्रोटोकल अनुसार बच्चाको जन्मपछि ४ पटक सेवा प्राप्त गर्ने महिला | प्रतिशत | ४१.३ | ४५.५ | ६० | ८० |
| १५ | भिटामिन ए प्राप्त गर्ने गर्भवती महिला | प्रतिशत | ८८ | ९० | ९५ | १०० |
| १६ | प्रतिलाख जनसङ्ख्यामा चिकित्सक | सङ्ख्या | १२ | १६ | २७ | ३० |
| १७ | विशेषज्ञ स्वास्थ्य सेवा पूर्वाधार (अस्पताल) | सङ्ख्या | २ | ३ | ६ | १० |
| १८ | स्वास्थ्यकर्मी घनत्व (प्रतिहजार जनसङ्ख्यामा) | जना | १.७ | १.८ | २.० | ३.० |
| १९ | आत्महत्याबाट हुने मृत्युदर (प्रतिलाख जनसङ्ख्यामा) | जना | १९ | १५ | १० | ४.७ |
| २० | सडक यातायात दुर्घटनाबाट हुने मृत्युदर (प्रतिलाखमा) | जना | - | १४ | १० | ४.९६ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना २०७८, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, NDHS 2022*

### ७.२ पोषण

### ७.२.१ पृष्ठभूमि

नेपालले आर्थिक, सामाजिक र मानवपुँजी विकासमा रहेको कुपोषणको अवरोधलाई हटाउन निरन्तर प्रयास गर्दै आएको छ । बहुक्षेत्रीय समन्वय मार्फत पोषणको सुधारका लागि विशेष ध्यान दिइएको छ । यसै सन्दर्भमा विशेष गरी सुनौला १००० दिनका बालबालिकाको पोषणसुधार र मातृपोषणका कार्यक्रमलाई प्राथमिकताका साथ लागु गरिएको छ । खाद्य सुरक्षा तथा पोषणका दृष्टिले यस प्रदेशको अवस्था अन्य प्रदेशको तुलनामा कमजोर रहेको छ । यहाँका दुर्गम भूगोल, विपन्नता, खाद्यान्न तथा आर्थिक पहुँचको अभावले कुपोषणलाई थप गहिरो बनाएको छ । यहाँ बालबालिकामा कुपोषण दर उच्च छ, जसले गर्दा यस क्षेत्रको सामाजिक र आर्थिक विकासमा बाधा पुऱ्याएको छ । यस प्रदेशमा सङ्घ, प्रदेश तथा स्थानीय सरकारका साथै विकास साझेदारहरुबाट विभिन्न पोषण सुधारका कार्यक्रमहरु सञ्चालन भईरहेका छन् । यस प्रकारको पोषणसम्बन्धी बहुक्षेत्रीय प्रयासले पोषणसँग सम्बन्धित स्वास्थ्यका समग्र क्षेत्रमा दीर्घकालीन सुधार ल्याउन सक्ने अपेक्षा गरिएको छ ।

### ७.२.२ विद्यमान अवस्था

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण- २०७८ अनुसार यहाँ २८ प्रतिशत घरपरिवारले पर्याप्त आहार उपभोग गर्न पाएका छैनन भने ३२ प्रतिशत घरधुरीमा खाद्य असुरक्षा छ । पोषणको हिसाबले पाँच वर्ष मनिका

बालबालिकामा पुड्कोपन, ख्याउटेपन, कम तौललगायत रक्तअल्पता हुनेको अनुपात क्रमशः ३६, ४, १८ र ४० प्रतिशत रहेको तथ्याङ्क छ । कर्णालीको पुड्कोपन राष्ट्रिय औसत २५ प्रतिशतभन्दा बढी छ । यस्ता समस्या समाधान गर्नका लागि प्रदेश सरकारले बहुक्षेत्रीय पोषण योजनाको कार्यान्वयन गर्दै, मातृ, शिशु र बाल स्वास्थ्यमा सुधार ल्याउने उद्देश्य राखेको छ । यस योजनाले कर्णालीका ९ जिल्लाहरु- हुम्ला, डोल्पा, मुगु, जुम्ला, कालिकोट, जाजरकोट, रुकुम पश्चिम, सल्यान र दैलेखमा पूर्ण प्याकेज र सुर्खेतमा आंशिक प्याकेजका रुपमा कार्यान्वयन भईरहेको छ । प्रदेशले पोषिलो पिठो खरिद, सुत्केरी पोषण कोशेली र एक विद्यालय एक स्वास्थ्यकर्मी जस्ता पोषण सम्बन्धी कार्यक्रमहरु पनि सञ्चालन गरीरहेको छ । २०८७ साल सम्ममा देशका सबै स्थानीय तहलाई पोषणमैत्री स्थानीय तह घोषणा गर्ने लक्ष्य अनुरुप नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले 'पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका २०७९' र 'पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका २०७८' जारी गरी देशका सबै स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री बनाउनका लागि विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरीरहेको छ । आ.व. २०७७/०७८ देखि बजेट साझेदारी गर्दै प्रदेश सरकारले पोषण संवेदनशील र पोषण विशेष कार्यक्रमहरु सञ्चालनमा योगदान पुर्याइरहेको छ । यसले कर्णालीमा खाद्य सुरक्षा र पोषण स्थितिमा सुधार ल्याउन महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा छ । विभिन्न स्थानीय तहमा दोस्रो बहुक्षेत्रीय पोषण योजना (२०७५/०७६–२०७९/०८०) कार्यान्वयन भईसकेका र यसै आर्थिक वर्षदेखि तेस्रो बहुक्षेत्रीय पोषण योजना (२०८०/०८१–२०८७/०८८) कार्यान्वयनमा रहेको छ । यस कार्यक्रमलाई प्रभावकारी बनाउन बहुक्षेत्रीय समन्वय तथा सहकार्य सुदृढ बनाइनेछ ।

### ७.२.३ मुख्य सवाल तथा चुनौती

(१) **आर्थिक सशक्तीकरण र खाद्यमा पहुँचः** प्रदेशमा आर्थिक विपन्नता र खाद्य पहुँचमा असमानता कायम रहनु, विपन्न घरपरिवारमा पर्याप्त पोषणयुक्त खानेकुराको अभाव र रोगको उच्च प्रकोप हुनु मुख्य सवाल हुन् । खाद्य र पोषण सुरक्षाका लागि स्थानीय स्तरमा उत्पादन वृद्धि गर्नु र रोजगारीका अवसरको सिर्जना गर्नु चुनौतीपुर्ण छ ।

(२) **सामाजिक अभ्यास र स्वास्थ्यः** हानीकारक सामाजिक अभ्यासजस्तै बाल विवाह, लैङ्गिक असमानता तथा अस्वस्थ खानपानमा निरन्तरता कायम रहनु, पोषणको महत्त्व र बुझाइमा कमी हुनु, गर्भवती र सुत्केरी आमाहरुको स्वास्थ्य सेवामा पहुँचको कमी हुनु, स्वच्छ खानेपानीको अभाव हुनु आदि सवालका रुपमा रहेका छन् । महिलाको स्वास्थ्य र पोषण पहुँचमा हानिकारक अभ्यासको अन्त्य गर्नु चुनौतीका रुपमा रहेको छ ।

(३) **पोषण सम्बन्धी नीति, कार्यक्रम र स्थानीय सरकार तथा समुदायको क्षमताः** प्रदेशमा बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नीति समन्वय, स्थानीय सरकारको क्षमता विकास र विभिन्न सरोकारवालासँगको एकीकृत प्रयास कमजोर हुनु, पोषणसम्बन्धी स्थानीय सरकारको क्षमता विकास, प्रदेश र सङ्घीय स्तरमा कार्यक्रमहरुको एकीकरण र विकास साझेदारसँग समन्वय न्यून हुनु मूल सवाल हुन् । प्रदेश र स्थानीय तहमा कार्यक्रमहरुको सफल समन्वय गरेर खाद्य र पोषण सुरक्षामा सुधार गर्नु चुनौती छ ।

(४) **कुपोषण र जनचेतनाः** समुदायमा खाद्यको सन्तुलित उपभोगप्रति चेतनाको कमी र खाद्यको अनुचित प्रयोग हुनु, पाँच वर्षमनिका तौल नपुगेका बालबालिका, नवजात शिशु र शिशु मृत्युदर तथा पुड्कोपनाको अवस्था

नेपालको औसतदर भन्दा उच्च रहनु प्रमुख सवाल हुन् । कुपोषणका कारण उत्पन्न स्वास्थ्य समस्याको निराकरण गर्नु र बढ्दो तयारी खाना तथा पत्रु खानालाई विस्थापन गरी असल खानपानको बानी व्यवहार अबलम्बन गर्नु चुनौती रहेका छन् ।

### ७.२.४ उद्देश्य

१. खाद्य सुरक्षा तथा पोषण सेवामा पहुँच वृद्धि गर्नु,
२. एकीकृत कार्यक्रममार्फत पोषणको अवस्थामा सुधार गर्नु,
३. असल खानपान तथा स्वास्थ्य व्यवहार अबलम्बन गर्नु ।

### ७.२.५ रुपान्तरणकारी रणनीति

**(१) खाद्य उत्पादन तथा पहुँचमा सुधार गर्ने:** स्थानीय उत्पादन तथा रोजगारीका अवसरहरु सिर्जना गरी आर्थिक सशक्तीकरणलाई प्रबर्द्धन गरिनेछ । कृषि र पशुपालन लगायत स्थानीय उत्पादनका क्षेत्रमा लगानी वृद्धि गर्दै खाद्य पहुँचको असमानता घटाइनेछ । बहुपक्षीय सहकार्यमा पोषण क्षेत्रमा लगानी वृद्धि गरी पोषण सुरक्षालाई सुदृढ गरिनेछ ।

**(२) सामाजिक व्यवहार परिवर्तन र स्वास्थ्य सुधार गर्ने:** बालविवाह, लैङ्गिक असमानता र अस्वस्थ खानपानजस्ता नकारात्मक र हानीकरक सामाजिक अभ्यासहरु विरुद्ध जनचेतना अभिवृद्धि कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिनेछ । गर्भवती, सुत्केरी, बालबालिका र किशोरकिशोरीका लागि स्वास्थ्य सेवामा पहुँच बढाई स्वच्छता र सुरक्षित खानेपानीको सुनिश्चितता गरिनेछ । किरोरावस्थामा नै गर्भवती हुँदा आमा र बच्चाको स्वास्थ्य जोखिममा हुने भएकाले व्यवहार परिवर्तनका लागि यौन तथा प्रजननसम्बन्धी शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**(३) नीति तथा संरचनागत सुधार गरी पोषण सम्बन्धी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नेः** सङ्घ, प्रदेश र स्थानीय सरकार तथा विकास साझेदारहरुबिचको समन्वयलाई बलियो बनाउँदै पोषणसम्बन्धी एकीकृत नीति, कार्यक्रम र संरचनाहरु गठन, सुदृढीकरण र परिचालन गरिनेछ । पौष्टिक तत्व स्तरोन्नति गरिएको चामल (Rice Fortification) उत्पादन तथा वितरण कार्यक्रमको प्रभावकारिता बढाइनेछ । कर्णालीका सबै अस्पताल र स्वास्थ्य संस्थाहरुमा मातृ-शिशुमैत्री सेवाको विस्तार गरिनेछ । बालबालिका, किशोरी, गर्भवती र सुत्केरी महिलाहरुको रक्तअल्पतामा सुधार ल्याउनका लागि सूक्ष्म पोषक तत्व पुरक रुपमा दिने (सप्लिमेन्टेसन) र पोषक खाद्य पदार्थ प्रबर्द्धन गरिनेछ । स्थानीय तहसँगको समन्वय र सहकार्यमा सुरक्षित तथा पोषणयुक्त खाद्यवस्तुको उपलब्धता सुनिश्चित गर्न स्थानीय स्तरमा खाद्य भण्डारणको व्यवस्था गरिनेछ । आपतकालीन अवस्थामा खाद्य तथा पोषण सम्बन्धी सेवाका लागि पूर्वतयारी गरी प्रभावितलाई पोषणयुक्त खाद्य उपलब्ध गराउने व्यवस्था गरिने छ ।

**(४) असल खानपान र रैथाने पौष्टिक बालीको प्रर्वद्धन गर्ने:** रैथाने बालीहरुको उत्पादन र उपभोगलाई प्रोत्साहन गर्न सामुदायिक कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गरिनेछ । पौष्टिक बालीहरुको प्रबर्द्धनका लागि अगुवा किसानहरुलाई आवश्यक प्राविधिक सहयोग, तालिम तथा गुणस्तरीय बीउबिजन र मलखादको

सहज उपलब्ध हुने व्यवस्था गरिनेछ । स्वस्थ आहारको महत्त्वका बारेमा जनचेतना अभिवृद्धि गर्दै पोषण सुधारमा योगदान पुऱ्याउने भोजन प्रणालीलाई संस्थागत गरिनेछ ।

### ७.२.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | पोषणयुक्त प्रदेश कार्यक्रम | प्रदेशका सबै स्वास्थ्य संस्थाहरु पोषण मैत्री स्वास्थ्य संस्था घोषणा भई क्रमशः सबै स्थानीय तहलाई पोषणमैत्री घोषणा भई वि. सं. २०८६ सम्म कर्णाली प्रदेश पोषणयुक्त उन्मुख प्रदेश भएको हुनेछ । |
| २ | बहुक्षेत्रीय पोषण, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम | सङ्घ र स्थानीय तहसँगको समन्वयमा खाद्य सुरक्षाको जोखिममा रहेकाक्षेत्र, समुदाय/वर्गको पहिचान गरी तथ्यमा आधारित खाद्य तथा पोषण सहायता परिचय-पत्र जारी भएको हुनेछ, बहुक्षेत्रीय पोषण, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम सञ्चालन भएको हुनेछ । सुरक्षित तथा पोषणयुक्त खाद्यवस्तुको उपलब्धता सुनिश्चित गर्न हरेक स्थानीय तहमा खाद्य भण्डारणको व्यवस्था भएको हुनेछ । |
| ३ | जनस्तरमा पोषणयुक्त खानपान प्रबर्द्धन सचेतनामूलक कार्यक्रम | स्थानीय सरकारसँगको समन्वय र सहकार्यमा पोषिलो खाद्यका बारेमा स्थानीय तहमा चेतनामूलक कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| ४ | पोषण सम्बन्धी संस्थागत क्षमता विकास कार्यक्रम | प्रदेश र स्थानीय तहमा पोषण सम्बन्धी क्षमता विकासका लागि सहकार्य भएको हुनेछ र स्थानीय तहमा पोषण विशेष कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ । |
| ५ | लोपउन्मुख जाति र सीमान्तकृत समुदाय पोषण कार्यक्रम | लोपोन्मुख जाति र सीमान्तकृत समुदाय केन्द्रित पोषण विशेष कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| ६ | जिल्ला र स्थानीय तह बहुक्षेत्रीय पोषण विशेष कार्यक्रम | बहुक्षेत्रीय पोषण योजना तेस्रोको कार्यान्वयन भई स्वास्थ्य प्रणालीमा सुधार आएको हुनेछ । |
| ७ | शीघ्र कुपोषण एकीकृत व्यवस्थापन | मध्यम शीघ्र कुपोषण र कडा शीघ्र कुपोषणको अवस्थामा सुधार भएको हुनेछ । |

### ७.२.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | पाँच बर्षमनिका कम तौल भएका बालबालिका | प्रतिशत | १८ | १७ | १३ | १० |
| २ | पाँच बर्षमनिका पुड्कोपना भएका बालबालिका | प्रतिशत | ३६ | ३५ | २५ | १८ |
| ३ | पाँच बर्षमनिका ख्याउटेपना भएका बालबालिका | प्रतिशत | ४ | ४ | ३ | २ |
| ४ | पाँच बर्षमनिका बालबालिकामा रहेको रक्त अल्पता | प्रतिशत | ४० | ३५ | २५ | १२ |
| ५ | प्रजनन उमेर समूहका महिलामा रहेको रक्तअल्पता | प्रतिशत | २१.२ | २० | १४ | १० |
| ६ | भिटामिन ए प्राप्त गर्ने सुत्केरी महिला | प्रतिशत | ८८ | ९० | ९५ | १०० |
| ७ | पाँच बर्ष मनिका बालबिकाको बाल मृत्युदर (प्रति हजार) | सङ्ख्या | ४६ | ३५ | ३० | २० |
| ८ | पोषणमैत्री स्वास्थ्य संस्था | सङ्ख्या | १५ | २० | १७५ | ४२५ |
| ९ | पोषण पुनर्स्थापनाकेन्द्र | सङ्ख्या | ३ | ४ | ७ | १० |
| १० | बहुक्षेत्रीय पोषण, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम समावेश गरी वार्षिक योजना बनाउने स्थानीय तह | सङ्ख्या | - | ५ | २० | ५५ |
| ११ | खाद्य भण्डारणको व्यवस्था भएका स्थानीय तह | सङ्ख्या | - | ५ | २० | ५५ |
| १२ | पोषणमैत्री घोषणा भएका स्थानीय तह | सङ्ख्या | - | ५ | २० | ५५ |

*स्रोतः NDHS 2022, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश ।*

## ७.३ जनसङ्ख्या तथा बसाईंसराइ

### ७.३.१ पृष्ठभूमि

नेपालको संविधानले जनसङ्ख्या व्यवस्थापनका सवाललाई तीनवटै तहका सरकारको अधिकार क्षेत्रभित्र समावेश गरेको छ । जनसङ्ख्या व्यवस्थापन तथा बसाइँसराइसँग सम्बन्धित समसामयिक सवाललाई सम्बोधन गरी जनसाङ्ख्यिक लाभको उपयोगलाई विकासको मूलप्रवाहमा समाहित गर्दै अगाडि बढ्नु जरुरी देखिन्छ । विकासका सबै प्रयासको केन्द्रबिन्दु र सबै प्रतिफलको उपभोक्ता जनता नैं रहेको तथ्यलाई मध्यनजर गरी उत्पादनशील र स्तरीय जीवनयापनको वातावरण तयारी र जनसङ्ख्याका सवाललाई विकाससँग एकीकरण गर्न राष्ट्रिय जनसङ्ख्या नीति, २०७१ तयार गरिएको छ । यसै नीतिअनुरुप तयार गरिएको जनसङ्ख्यासम्बन्धी दीर्घकालीन योजना (२०६७–२०८७) ले जनसङ्ख्याको संरचना, बनोट तथा परिचालनमा देशको आर्थिक, सामाजिक र सांस्कृतिक विकासको आधार खडा हुने विश्वासका साथ जनसङ्ख्याको बनावट, संरचना तथा वितरणलाई उपलब्ध स्रोतसापेक्ष व्यवस्थित गर्न महत्त्व दिएको छ । बसाईंसराइको उचित व्यवस्थापनले दिगो विकास र समाजको समृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ ।

### ७.३.२ विद्यमान अवस्था

राष्ट्रिय जनगणना, २०७८ अनुसार कर्णाली प्रदेशको कुल जनसङ्ख्या १६ लाख ८८ हजार ४१२ छ, जसमा पुरुष ८ लाख २३ हजार ७६१ र महिलाको सङ्ख्या ८ लाख ६४ हजार ६५१ छ । प्रदेशमा कुल ३ लाख ६६ हजार २५५ घरपरिवार रहेका छन् र जनघनत्व प्रतिवर्ग कि.मि. ६० जना रहेको छ । लैङ्गिक अनुपात ९५.२७, परिवारको औसत आकार ४.६१ र जनसङ्ख्या वृद्धिदर ०.७० प्रतिशत रहेको छ । कुल जनसङ्ख्यामा बालबालिकाको अनुपात ४२.८३ प्रतिशत छ । ६५ वर्ष माथिको उमेरको जनसङ्ख्या ५.३४ प्रतिशत छ, जसअन्तर्गत ६८ वर्ष माथिका जनसङ्ख्या ३.८ प्रतिशत रहेको छ (जुन अन्य प्रदेशको तुलनामा सबैभन्दा कम हो) भने अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या ३.१ प्रतिशत (नेपालको औसत २.२२ प्रतिशत) रहेको छ जुन अन्य प्रदेशको तुलनामा क्रमश सबैभन्दा कम र सबैभन्दा बढी हो । देशको कुल जनसङ्ख्याको ६५.५ प्रतिशत आर्थिकरुपले सक्रिय जनसङ्ख्या रहेकोमा यो प्रदेशमा आर्थिक रुपमा क्रियाशील जनसङ्ख्या ५८.९ प्रतिशत रहेको छ ।

प्रदेशमा उच्च पहाडी, हिमाली र ग्रामीण बस्तीहरुबाट सहरी बस्तीहरुमा बसाइँसराइको चाप अधिक रहेको छ । उच्च पहाडी र हिमाली क्षेत्रका मानिसहरु जाडोयाममा पशुवस्तु सहित होचो क्षेत्रमा झर्ने र हिमाली लगायत अन्य भेगका मानिसहरु रोजगारीको खोजिमा अन्यत्र अस्थायी बसोबास तथा बसाई सराई गर्ने गरेको पाइन्छ । यस्ता मौसमी बसाइँसराइले गर्दा स्थायी बसाइँमा असर पर्ने, स्थानीय उत्पादन र श्रम बजारमा अवरोध सिर्जना हुने गरेको छ । विगत १० वर्षमा कर्णाली प्रदेशका ७९ स्थानीय तहहरुमध्ये ५५ स्थानीय तहहरुको जनसङ्ख्या बढेको छ भने बाँकी २४ स्थानीय तहको जनसङ्ख्या घटेको छ । यस प्रदेशका नगरपालिकामा बसोबास गर्ने जनसङ्ख्या ५२.१ प्रतिशत रहेको छ भने गाउँपालिकामा बसोबास गर्नेको दर ४७.९ प्रतिशत रहेको छ ।

सहरी क्षेत्रमा बढ्दो बसाइँसराइको चापका कारण सहरी क्षेत्रमा जनसङ्ख्याको प्रभावकारी व्यवस्थापन आजको प्रमुख आवश्यकता हो । यस प्रदेशबाट रोजगारीको सिलसिलामा भारत लगायतका अन्य देशहरुमा जाने दर बढ्दो भए तापनि यससम्बन्धी यथार्थ र अद्यावधिक तथ्याङ्कको अभाव रहेको छ । वैदेशिक रोजगारीबाट स्वदेश

फर्किएका नागरिकहरुको सीप, अनुभव, दक्षता र स्रोतको सदुपयोग गर्न अनुकुल वातावरण सिर्जना गर्दै, वैदेशिक रोजगारीका लागि जाने जनताको सीप विकास गर्न सकिने प्रशस्त संभावना छन् । सहरी क्षेत्रमा बसाईँसराइ गरी आएका युवा तथा बेरोजगार महिलाहरुलाई बिभिन्न सीपमूलक तालिम उपलब्ध गराई स्वरोजगारको सुनिश्चितता गर्नु अपरिहार्य छ।

### ७.३.३ मुख्य सवाल तथा चुनौती

**(१) जनसङ्ख्या र बसाईँसराइ व्यवस्थापनः** प्रदेशमा जनसङ्ख्याको भौगोलिक रुपमा असमान वितरण हुनु, एकतर्फी बसाईँसराइमा वृद्धि हुँदै जानु, उच्च बाल विवाहदर र कम उमेरमा गर्भवती हुने दरले सक्रिय जनसङ्ख्याको आर्थिक संलग्नतामा बाधा पुग्नु, अस्थायी बसोबास तथा मौसमी बसाईँसराइले स्थायी बसाइँ, स्थानीय उत्पादन र श्रम बजारमा अवरोध सिर्जना हुनु मुख्य सवाल हुन् । आन्तरिक र बाह्य बसाईँसराइले तीव्ररुपमा बढ्दै गएको सहरी जनसङ्ख्याको बढ्दो दवावलाई व्यवस्थापन गर्नु, क्रमश खाली हुँदै गएका गाउँबस्तीमा स्थानीय कृषि उत्पादन लगायत कार्यका लागि आवश्यक श्रमशक्तिको व्यवस्थापन गर्नु चुनौतीपुर्ण रहेको छ।

**(२) रोजगारी र आर्थिक विकासः** उत्पादनशील रोजगारीका पर्याप्त अवसरहरु नहुनु, विदेशबाट फर्किएको जनशक्तिलाई अधिकतम उपयोग गर्ने रणनीतिक कार्यक्रम नुहुन, आर्थिक विकासमा योगदान पुर्याउने अवसरहरुको खोजी नुहुन आदि मुख्य सवाल हुन् भने युवा जनशक्तिलाई मर्यादित रोजगारीका अवसर सिर्जना गर्नु, कृषिलाई आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गरी युवालाई आकर्षित गर्नु चुनौतीका रुपमा रहेका छन्।

**(३) नीति तथा संस्थागत संरचनाको प्रभावकारिताः** विकास र जनसङ्ख्या व्यवस्थापनमा तथ्यमा आधारित अध्ययन अनुसन्धान नहुनु, जनसाङ्ख्यिक नीति र कार्यक्रमको अन्तरसरकारी समन्वय कमजोर हुनु मुख्य सवाल हुन् । नीति तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दा समग्र प्रदेशको जनसाङ्ख्यिक र आर्थिक सूचकहरुबिचको सन्तुलन कायम गर्नु र लाभांश जनसङ्ख्यालाई उद्यमशीलता तथा विकास कार्यमा परिचालन गर्नु चुनौती रहेको छ।

**(४) सामाजिक सेवा र पूर्वाधारको विकासः** ग्रामीण क्षेत्रमा गुणस्तरीय सेवा सुविधाको विस्तार नहुनु, एकीकृत तथा उत्पादनशील दिगो बस्तीको विकास हुन नसक्नु, सामाजिक सेवाको विस्तारका लागि ठोस योजना नहुनु, निजी क्षेत्रका आर्थिक गतिविधिलाई ग्रामीण क्षेत्रमा आकर्षित गर्न नसक्नु प्रमुख सवाल हुन् । जनसङ्ख्याको सन्तुलन कायम गर्दै जनसांख्यिक लाभांशको उपयोग गर्नु तथा सामाजिक सेवा र विकासलाई प्रभावकारी बनाई एकीकृत रुपमा कार्यान्वयन गर्नु चुनौती रहेको छ।

### ७.३.४ उद्देश्य

१. स्थानीय आर्थिक विकास तथा रोजगारीका अवसर सिर्जना गर्नु,
२. सामाजिक सेवा र पूर्वाधारको विकास र विस्तार गर्नु,
३. जनसङ्ख्या तथा बसाईँसराइ व्यवस्थित गर्नु।

### ७.३.५ रुपान्तरणका रणनीति

**(१) सन्तुलित विकास मार्फत आन्तरिक बसाइँसराइलाई सुरक्षित र व्यवस्थित गर्ने:** आन्तरिक बसाइँसराइलाई सुरक्षित र व्यवस्थित बनाउन सन्तुलित विकासका लागि पूर्वाधार विकासमा लगानी वृद्धि गरिनेछ । विकेन्द्रीकृत बस्ती विकास र सहरीकरणको प्रबर्द्धन गर्न सङ्घ र स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ । ग्रामीण क्षेत्रमा स्वास्थ्य, शिक्षा र अन्य सामाजिक सेवाको पहुँच वृद्धि गरी सेवा सुलभ बनाइनेछ । जोखिममुक्त क्षेत्रको पहिचान गरी नयाँ ठाउँमा मनोरम र सुविधायुक्त बस्तीको निर्माण र प्रबर्द्धन गरिनेछ । "गाउँमै बसौं" अभियान अन्तर्गत आधारभूत सेवाको विस्तार र सेवामा सहुलियतका लागि नीतिगत व्यवस्था गरिनेछ । ग्रामीण क्षेत्रमा उद्यम विकास तथा स्वरोजगारी अवसरको विकास र विस्तार गरिनेछ ।

**(२) जनसाङ्ख्यिक वितरणलाई सन्तुलित बनाउन रोजगारका अवसरहरु सिर्जना गर्ने:** युवाहरुका लागि उद्योग व्यवसाय सञ्चालनका लागि सहुलियत दरमा कर्जा र विमाको पहुँच बढाइनेछ । कृषि र गैरकृषि क्षेत्रमा रोजगारमूलक सीप विकास गर्दै व्यावसायिक दक्षताका आधारमा सहुलियतपूर्ण ऋण प्रदान गरिनेछ । सीमान्तकृत महिला र महिला उद्यमीलाई सीपमूलक तालिम, क्षमता विकाससहित आर्थिक शसक्तीकरणका कार्यक्रममा समावेश गरिनेछ । स्थानीय पहिचान दिने रैथानै सीप कलालाई प्रबर्द्धन गरी उत्पादित सामग्रीको बजारीकरणमा सहजीकरण गरिनेछ ।

**(३) विदेश गएको जनशक्तिलाई आकर्षण गर्न उपयुक्त नीति सहित वातावरण सिर्जना गर्ने:** विदेशबाट फर्किएका नागरिकहरुको आर्जित सीप र दक्षताको सदुपयोग गर्न नवप्रवर्तनका उत्पादन र रोजगारीमूलक नीति तथा कार्यक्रममार्फत अनुकुल वातावरण सिर्जना गरिनेछ । वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणलाई ऊर्जा, कृषि, पर्यटन र अन्य उत्पादनमूलक क्षेत्रमा लगानी गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

**(४) पहुँच बाहिर रहेका, सीमान्तकृत र फरक क्षमता भएका व्यक्तिहरुका लागि आर्थिक सशक्तीकरण सहित सम्मानजनक वातावरण सिर्जना गर्ने:** ज्येष्ठ नागरिक र विभिन्न शारीरिक तथा मानसिक विशेष अवस्थाका व्यक्तिहरुका लागि मनोरञ्जनस्थल, सिकाइ केन्द्र र स्वास्थ्योपचार केन्द्रहरुको स्थापना गरिनेछ । समुदायमा शिक्षा, स्वास्थ्य र कृषि पेसाका अवसरहरु सिर्जना गर्दै गाउँमा बस्न प्रोत्साहित गर्ने अभियानात्मक कार्यक्रम कार्यान्वयन गरिनेछ । महिला, सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

### ७.३.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | जनसाङ्ख्यिक लाभ, उद्यमशीलता र समावेशी विकास कार्यक्रम | युवा, महिला, सीमान्तकृत समुदाय र विदेशबाट फर्किएकाहरुले सीप, क्षमता र आर्थिक अवसर पाई आत्मनिर्भरता हासिल गरेका हुनेछन् र यसले समावेशी विकासलाई प्रबर्द्धन गर्दै दिगो जीविकोपार्जन र उद्यमशीलता वृद्धि भएको हुनेछ । |
| २ | जनसङ्ख्या सूचना व्यवस्थापन प्रणाली | आन्तरिक र बाह्य बसाइँसराइको सूचना व्यवस्थापन भई स्थानीय तहमा तथ्याङ्क उपलब्ध भएको हुनेछ । |
| ३ | योजनाबद्ध बसोबास प्रबर्द्धन कार्यक्रम | ग्रामीण तथा सहरी क्षेत्रमा योजनाबद्ध बसोबासका लागि सम्बन्धित सरकारी, दातृ निकाय तथा गैरसरकारी संघसंस्थासँग सहकार्य तथा समन्वय भएको हुनेछ । |

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| ४ | "गाउँमा बसौं, स्वस्थ बनौं" कार्यक्रम | समुदायमै शिक्षा, स्वास्थ्य, स्वास्थ्य विमा, कृषि पेसा र रोजगारीका अवसर सिर्जना गरी "गाउँमा बसौं, स्वस्थ बनौं" भन्ने नारालाई अभियानमार्फत प्रबर्द्धन र कार्यान्वयन भई गाउँमा बस्ने मानिसको जीवनस्तरमा सुधार भएको र बसाइँसराईको दर घटेको हुनेछ। |

### ७.३.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | विदेशबाट फर्किएर सीप, क्षमता र आर्थिक अवसर प्राप्त भई जीविकोपार्जन र उद्यमशीलतामा संलग्न भएका युवा | सङ्ख्या | - | १० | १०० | १५० |
| २ | जनसङ्ख्या सूचना व्यवस्थापन प्रणाली स्थपना भई बसाइँसराइको तथ्याङ्क समेत सङ्कलन गर्ने स्थानीय तह | सङ्ख्या | - | ५ | २५ | ५० |
| ३ | योजनाबद्ध बसोबास प्रबर्द्धनका लागि सरकारी, दातृ निकाय तथा गैरसरकारी संस्थासँग सहकार्य तथा समन्वय भएका परियोजना | सङ्ख्या | - | २ | ५ | ५ |
| ४ | वैदेशिक रोजगारीमा भारत जाने व्यक्ति | सङ्ख्या | ६६३५७ | ६०५०० | ५८००० | ५०००० |
| ५ | भारत बाहेक अन्य मुलुक रोजगारीमा जाने व्यक्ति | सङ्ख्या | २७९६३ | २७००० | २६००० | २५००० |

*स्रोतःराष्ट्रिय तथ्याङ्क कार्यालय।*

परिच्छेद ८

# शिक्षा, विज्ञान प्रविधि र मानव पुँजी


८.१ गुणस्तरीय शिक्षा १०९

८.२ युवा, खेलकुद तथा सकारात्मक रुपान्तरण ११३

८.३ विज्ञान, प्रविधि तथा नवप्रवर्तन ११७

८.४ कला, भाषा, साहित्य तथा सम्पदा १२०

# परिच्छेद-आठ
# शिक्षा, विज्ञान प्रविधि र मानव पुँजी

## ८.१ गुणस्तरीय शिक्षा

### ८.१.१ पृष्ठभूमि

व्यक्तिको सर्वाङ्गीण विकास गरी असल, सीपयुक्त, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक दक्ष मानव संशाधन तयार गर्ने हुँदा शिक्षालाई विकासको मूल आधार मानिन्छ। शिक्षित, सुसंस्कृत र प्रतिस्पर्धी मानव पुँजी निर्माणमा शिक्षाको यही महत्त्वलाई दृष्टिगत गरी नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रुपमा स्थापित गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क एवम् निश्चित लक्षित वर्गलाई उच्च तहसम्म निःशुल्क शिक्षाको सुनिश्चित गरेको छ।

गुणस्तरीय, व्यावसायिक एवम् प्राविधिक शिक्षा समृद्ध कर्णालीको आधारशीला हो। तुलनात्मक रुपमा विकासका आयाममा पछाडि रहेको यस प्रदेशको आर्थिक, सामाजिक, पूर्वाधार र सांस्कृतिक विकाससमेतका लागि धैरै सङ्ख्यामा शिक्षित र दक्ष जनशक्तिको आवश्यकता रहेको छ। साथै गुणस्तरीय शिक्षामा प्रदेशका सबै नागरिकको समतामूलक र न्यायोचित पहुँच सुनिश्चित गर्न यस क्षेत्रमा अझै धेरै गर्न बाँकी छ। संविधानको मर्म र भावना एवम् यसले प्रदेशलाई प्रदान गरेको शिक्षासम्बन्धी एकल तथा साझा अधिकार र राष्ट्रिय शिक्षा नीति, २०७६ तथा विद्यमान कानुन एवम् अन्य प्रदेशको समग्र विकासको तुलनात्मक अध्ययनका आधारमा शिक्षित, सिर्जनशील एवम् सुसंस्कृत मानव पुँजी निर्माणका लागि शैक्षिक विकासको ठोस पहललाई उच्च प्राथमिकता दिई शैक्षिक विकासका वस्तुनिष्ठ सवाल तथा चुनौती, उद्देश्य, रुपान्तरणकारी रणनीति र कार्यक्रम तर्जुमा गर्दै प्रदेशलाई गुणस्तरीय, प्राविधिक एवम् व्यावसायिक शिक्षाको केन्द्रको रुपमा विकास तथा सुदृढीकरण आवश्यक छ।

### ८.१.२ विद्यमान अवस्था

प्रदेशमा शिक्षासम्बन्धी विभिन्न नीति, कानुन र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा रहेका छन् भने शिक्षा क्षेत्रको दश वर्षीय कार्ययोजना समेत तय गरिएको छ। हाल प्रदेशमा त्रिभुवन विश्वविद्यालयका आंगिक दुईवटा क्याम्पस, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र मध्यपश्चिम विश्वविद्यालय सहित बाल विकास केन्द्र, विद्यालय गरी जम्मा १० हजार ३०१ वटा शैक्षिक संस्थाहरु छन्। राष्ट्रिय जनगणना-२०७८ को तथ्याङ्कअनुसार यस प्रदेशको कुल साक्षरता दर ७६.१ प्रतिशत रहेको छ, जुन नेपालको औसत साक्षरता दर ७६.२ प्रतिशतको नजिकै रहेको छ। लैङ्गिक दृष्टिकोण विश्लेषण गर्दा पुरुषको साक्षरता दर ८३.३ प्रतिशत रहँदा प्रदेशको जनसङ्ख्यामा बढी हिस्सा ओगटेको महिलाको साक्षरता दर ६९.४ प्रतिशतमात्र रहेको छ। प्रदेशको युवा साक्षरता दर (१५-२४ वर्ष) ९३.८ प्रतिशत रहेको छ। यस्तै आ.व. २०७९/०८० को तथ्याङ्क हेर्दा प्रदेशमा बाल विकास केन्द्रको भर्नादर ८७.९ प्रतिशत र आधारभूत तहको खुद भर्नादर ९५.५ प्रतिशत छ भने माध्यमिक तहको खुद भर्नादर ५६.२ प्रतिशत रहेको छ। यसमध्ये प्राथमिक तहसम्म उत्तीर्ण गर्ने ३०.९ प्रतिशत, आधारभूत तह उत्तीर्ण गर्ने २१.५ प्रतिशत र एस.ई.ई. तहभन्दा माथिल्लो तह उत्तीर्ण गर्ने विद्यार्थीको प्रतिशत १५.८ रहेको छ। उपरोक्त तथ्याङ्कको विश्लेषण गर्दा बालबालिका विद्यालयको पहुँचभन्दा बाहिर रहेको अवस्था छ भने माध्यमिक तह र उच्च शिक्षा हासिल गर्ने

जनसङ्ख्याको प्रतिशत पनि ज्यादै न्यून रहेको छ। शिक्षक विद्यार्थी अनुपात आधारभूत तहमा १:३९ रहेको छ भने माध्यमिक तहमा १:६५ रहेको छ।

### ८.१.३ मुख्य सवाल तथा चुनौती

(१) **शिक्षामा सबैको पहुँचको सुनिश्चितता:** भौगोलिक विकटता साथसाथै आर्थिक विपन्नताको कारण नागरिक खास गरी विपन्न परिवारका बालबालिकाको गुणस्तरीय शिक्षामा सहज पहुँच नहुनु, शैक्षिक भौतिक पूर्वाधार विकास तथा पहुँच अभिवृद्धिका कार्यक्रम न्यून हुनु यससम्बन्धी सवालका रुपमा रहेका छन्। प्रदेशको उच्च प्राथमिकता रहेको सिर्जनशील एवम् सुसंस्कृत मानव पुँजी निर्माणका लागि बाल विकासकेन्द्रदेखि उच्च शिक्षासम्म गुणस्तरीय शैक्षिक पूर्वाधारको विकास गर्नु, शिक्षामा सबै वर्ग तथा समुदाय विशेष गरी सीमान्तकृत, लोपोन्मुख, दलित, पिछडा वर्ग, आदिवासी जनजाति समुदाय र अपाङ्गता भएका बालबालिकाको पहुँच सुनिश्चित गर्न नक्साङ्कनका आधारमा शैक्षिक संस्थाको स्थापना, समायोजन तथा पुनर्वितरण एवम् अपूर्ण रहेका भौतिक पूर्वाधारलाई पूर्णता दिने गरी निर्माण गर्नु चुनौतीपूर्ण रहेको छ।

(२) **विद्यालय छाड्ने दरमा कमी:** प्रदेशमा बालविकास केन्द्रदेखि विद्यालय र उच्च शिक्षासम्म बिचैमा कक्षा छाड्ने दर उच्च रहनु, आर्थिक विपन्नता कायम रहनु, गुणस्तरीय शिक्षा तथा सचेतना कमी हुनु र रोजगारी लगायतका अवसरको खोजीमा युवाको बढ्दो पलायन हुनु यस क्षेत्रका मुख्य सवाल हुन्।

(३) **गुणस्तरीय तथा जीवनोपयोगी शिक्षाको अभिवृद्धि:** विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कनको नतिजाबाट शिक्षाको गुणस्तर न्यून देखिनु, शिक्षा प्रणाली जीवनोपयोगी हुन नसक्नु, शैक्षिक बेरोजगारी बढ्नु, शैक्षिक गुणस्तर तथा जीवनोपयोगिताको अभिवृद्धि हुन नसक्नु सवालका रुपमा रहेका छन्। शैक्षिक दक्षता अभिवृद्धि, आधुनिक प्रविधिको उपयोग एवम् शैक्षिक पाठ्यक्रमको समसामयिक परिमार्जन र पर्याप्त दक्ष विषय शिक्षकको व्यवस्था गरी शिक्षा गुणस्तरीय बनाउनु, शिक्षालाई उत्पादन र बजारसँग जोडने गरी व्यवहारिक, सीपमूलक र जीवनोपयोगी बनाउनु चुनौती रहेको छ।

(४) **शैक्षिक सुशासन सुदृढीकरण:** शिक्षण सिकाइमा सक्षमता र गुणस्तरीयता हासिल हुन नसक्नु र सरोकारवालाको सहभागिता र उत्तरदायित्वको कमी र शैक्षिक क्षेत्रमा सुशासन्को कमी रहनु प्रमुख शैक्षिक सवालहरु हुन्। शैक्षिक वातावरणमा सुधार ल्याउनु र शिक्षा क्षेत्रमा सुशासन कायम गरी शिक्षाको गुणस्तरमा सुधार ल्याउनु चुनौतीपूर्ण छ।

### ८.१.४ उद्देश्य

१. शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु,
२. शैक्षिक गुणस्तरमा सुधार गर्नु,
३. सीपयुक्त, प्रतिस्पर्धी एवम् सुसंस्कृत मानव पुँजीको विकास गर्नु,
४. शैक्षिक क्षेत्रमा उत्थानशीलता तथा सुशासन प्रबर्द्धन गर्नु।

### ८.१.५ रुपान्तरणकारी रणनीति

(१) **नीतिगत, कानुनी एवम् संरचनागत सुधारलाई निरन्तरता दिने:** प्रदेशको समग्र शैक्षिक अवस्थामा सुधारका लागि मौजुदा नीति र कानुनमा परिमार्जन, निर्देशिका, कार्यविधि तथा मापदण्ड तर्जुमा गरिनेछ । शिक्षालाई सीपमूलक, रोजगारमूलक र जीवनोपयोगी बनाउन शैक्षिक पाठ्यक्रमको परिमार्जन गरिनेछ । पाठ्यक्रममा यौन तथा प्रजनन् शिक्षा, बालअधिकार, जलवायु परिवर्तन तथा विपदजोखिम व्यवस्थापन आदि विषयबस्तु समेत समावेश गरिने छ । कक्षा ६ देखि १२ सम्मको पाठ्यक्रमा नैतिक शिक्षालाई अनिवार्य रुपमा समावेश गरिनेछ ।

(२) **शैक्षिक पहुँच विस्तार तथा गुणस्तरमा सुधार ल्याउने:** सबै तहका शिक्षामा सबै क्षेत्र, वर्ग र समुदाय-खासगरी विपन्न समुदायको पहुँच सुनिश्चित गर्न भौतिक एवम् अन्य शैक्षिक पूर्वाधारको नक्साङ्कनका आधारमा उपयुक्त रणनीति तथा कार्यक्रम तयार गरी लागु गरिनेछ । शैक्षिक सत्र पूरा नगरी बिचमा विद्यालय छाड्ने समस्याको अध्ययन गरी सोको निराकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ । विपन्न, पिछडिएको वर्ग र समुदायका बालबालिकाको सिकाइ उपलब्धि वृद्धि गर्न दिवाखाजा, छात्रवृत्ति, छात्रावासको सुविधा तथा विशेष कक्षा सञ्चालन गर्न स्थानीय तह तथा विद्यालयलाई सहयोग तथा सहजीकरण गरिनेछ । शिक्षणसिकाइको नतिजामा अपेक्षित सुधार ल्याउन शिक्षकको नियमित क्षमता अभिवृद्धिका साथै शिक्षण संस्थालाई प्रविधियुक्त बनाई समग्र शैक्षिक गुणस्तरमा सुधार गरिनेछ । प्रदेशलाई सूचना तथा सञ्चार प्रविधि एवम् अन्य प्राविधिक विषयको उच्च शिक्षा अध्ययनको केन्द्रको रुपमा विकास गरी अध्ययन अनुसन्धान र शैक्षिक पर्यटन समेतको प्रबर्द्धन गरिनेछ । शैक्षिक पूर्वाधारको विकास गर्दा हालसम्म अपूर्ण रहेका शैक्षिक पूर्वाधारको निर्माण तथा विकासलाई प्राथमिकता दिइनेछ । उच्च हिमाली तथा दुर्गम स्थानमा सञ्चालनमा रहेका शैक्षिक संस्थाको क्षमता र गुणस्तरमा सुधार गर्न सार्वजनिक लगानी वृद्धि गरिनेछ ।

(३) **शिक्षालाई बढी व्यवहारिक तथा जीवनोपयोगी बनाउने:** शैक्षिक पाठ्यक्रमलाई आवश्यकताका आधारमा समयानुकुल परिमार्जन गर्दै शिक्षालाई सीपमूलक, व्यावसायिक र जीवनोपयोगी बनाइनेछ । प्रदेशको आवश्यकता तथा मागअनुसारको दक्ष मानव संशाधन उत्पादन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको विस्तार गरिनेछ । प्रदेशमा शिक्षालाई प्राविधिक सीपयुक्त, सिर्जनशील तथा सुसंस्कृत मानवपुँजी निर्माण गर्नेतर्फ केन्द्रित गरिनेछ ।

(४) **शैक्षिक सुशासन कायम गर्ने**: सबै तहको शिक्षामा अनुगमन र मूल्याङ्कन प्रणाली सुदृढ गर्दै शैक्षिक क्षेत्रमा सुशासन कायम गरिनेछ । शैक्षिक सुशासन कायम गर्न शैक्षिक संस्थाको नतिजामा आधारित नियमित अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन कार्यक्रम सञ्चालन गरिनेछ । उच्च शिक्षाको विकासमा सार्वजनिक, सामुदायिक र निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गरिनेछ ।

(५) **विश्वविद्यालयलाई विशिष्ट शैक्षिक, अनुसन्धान, प्रसार तथा नीति विज्ञान प्रयोगशालाको रुपमा विकास गर्ने**: प्रादेशिक विश्वविद्यालय स्थापना गरी उक्त विश्वविद्यालयलाई विशिष्ट शैक्षिक, अनुसन्धान, प्रसार तथा नीति विज्ञान प्रयोगशालाको रुपमा विकास गरिनेछ । साथै मध्यपश्चिम विश्वविद्यालयसँग समन्वय तथा सहकार्य गरी नीति अध्ययन तथा अनुसन्धान केन्द्रको रुपमा विकास गरिनेछ । सबै विषयका उच्च शिक्षालाई शिक्षण सिकाइ लगायत खोज तथा अनुसन्धान केन्द्रित बनाउन प्रोत्साहन गरिनेछ । विभिन्न

विश्वविद्यालयसँग कर्णालीको लागि आवश्यक हुने जनशक्ति उत्पादनको लागि समन्वय, सहकार्य तथा साझेदारी गरिनेछ।

### ८.१.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १. | शैक्षिक नीति, कानुन तर्जुमा तथा संस्थागत सुधार कार्यक्रम | नयाँ नीति तथा कानुनको निर्माण साथै मौजुदा नीति, कानुन, निर्देशिका, कार्यविधि तथा मापदण्ड परिमार्जन भएको हुनेछ। |
| २. | शिक्षामा पहुँच अभिवृद्धि कार्यक्रम | सामुदायिक विद्यालयमा विपन्नका साथै सबै वर्गका विद्यार्थीको आकर्षण बढाउन विद्यालयको भौतिक अवस्था र गुणस्तर वृद्धि भएको हुनेछ । अति विपन्न, पिछडिएका र अपाङ्गता भएका बालबालिकाको लागि उच्च शिक्षासम्म निशुल्क अध्ययनको लागि बिशेष प्याकेजको व्यवस्था भएको हुनेछ। |
| ३. | जेहेन्दार तथा विशेष छात्रवृत्ति कार्यक्रम | संस्थागत विद्यालयका विपन्न एवम् जेहन्दार विद्यार्थीका लागि छात्रवृत्तिको कोटा निर्धारण गरी छात्रवृत्ति प्रदान गर्ने तथा सोको नियमन गरिएको हुनेछ। उच्च शिक्षा अध्ययन गर्ने अपाङ्गता भएका एवम् विपन्न दलित, जनजाति आदिवासी, द्वन्द प्रभावित र सहिद परिवारका छात्राका लागि विशेष छात्रवृत्तिको व्यवस्था भएको हुनेछ। |
| ४. | पढ्दै कमाउदै शैक्षिक कार्यक्रम | विपन्न वर्गका बालबालिकाको विद्यालय छाड्ने दरलाई कम गर्न पढ्दै कमाउदै शैक्षिक कार्यक्रम विस्तार भएको हुनेछ। |
| ५. | आवासीय विद्यालय स्थापना र सञ्चालन | मुगु, हुम्ला, जुम्ला, डोल्पा र कालिकोट जिल्लाका कमजोर मानव विकास सूचकाङ्क भएका स्थानीय तहमा आवासीय विद्यालय स्थापना र सञ्चालन भएको हुनेछ। |
| ६. | प्राविधिक विद्यालय तथा व्यावसायिक तालिम केन्द्रको विस्तार र संस्थागत सुधार | सबै जिल्लामा प्राविधिक विद्यालय विस्तार र स्तरवृद्धि हुनुका साथै संभाव्य स्थानमा व्यावसायिक तालिम केन्द्रको स्थापना भई सुव्यवस्थित भएको हुनेछ। |
| ७. | एक विद्यालय एक स्वास्थ्यकर्मी र मनोसामाजिक परामर्शदाता तथा स्वास्थ्य क्लिनिक कार्यक्रम | एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम सबै विद्यालयमा विस्तार भएको हुनेछ। नेपाल सरकार तथा स्थानीय तहसँग समन्वय र सहकार्य गरी विद्यालयमा सिकाई क्षमतामा कमजोर देखिएका विद्यार्थीहरुलाई लक्षित गरी मनोसामाजिक परामर्शका साथै विषेश अध्ययन तथा अद्यापनको व्यवस्थाका साथै स्वास्थ्य क्लिनिक कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| ८. | सार्वजनिक पुस्तकालय प्रणाली विकास, ई-पुस्तकालय र लर्निङ सेन्टर व्यवस्थापन | सार्वजनिक पुस्तकालय प्रणालीको विकास गरी प्रदेश र स्थानीय तहमा ई-पुस्तकालय तथा ई-लर्निङ सेन्टरको व्यवस्था भएको हुनेछ। |
| ९. | शिक्षण सिकाइमा गुणस्तरीयता प्रबर्द्धन कार्यक्रम | शिक्षकको क्षमता अभिवृद्धि गर्न प्रदेश स्तरमा तालिमकेन्द्र स्थपना गरी शिक्षकलाई थप प्रोत्साहन र नियमित तालिमको व्यवस्था भएको हुनेछ। विद्यालयमा रहेका स्रोत कक्षा लगायत प्रदेश बहिरा शैक्षिक तथा प्राविधिक केन्द्रलाई क्रमश: आवासीय ज्ञान केन्द्रका रुपमा विकास गरी सञ्चालन गरिएको हुनेछ। |
| १०. | प्रविधिमैत्री शैक्षिक सूचना केन्द्र स्थापना | प्रदेशमा प्रविधिमैत्री शैक्षिक सूचनाकेन्द्रको स्थापना गरी सेवा सुचारु भएको हुनेछ। |
| ११. | उत्कृष्ट विद्यालय प्रोत्साहन कार्यक्रम | सामुदायिक विद्यालयलाई प्रोत्साहन गर्न विशेष व्यवस्था गरी उत्कृष्ट विद्यालयलाई प्रोत्साहन गरिएको हुनेछ। |
| १२. | अध्ययन, अनुसन्धान तथा नवप्रवर्तन कार्यक्रम | प्रदेशमा रहेका विश्वविद्यालय, प्रतिष्ठान तथा अनुसन्धान केन्द्रलाई अध्ययन अनुसन्धान तथा नवप्रबर्द्धन समन्वय, सहकार्य र साझेदारी भएको हुनेछ। |

### ८.१.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | साक्षरतादर | प्रतिशत | ७६.१ | ७७ | ८५ | ९५ |
| २ | युवा साक्षरतादर (१५-२४ वर्ष) | प्रतिशत | ९३.८ | ९४ | ९५ | ९६ |
| ३ | बाल विकास कक्षा भर्नादर | प्रतिशत | ८७.९ | ८८.० | ९४ | ९८ |
| ४ | आधारभूत तह (१-८) खुद भर्नादर | प्रतिशत | ९५.५ | ९५.६ | ९७.२ | ९९.० |
| ५ | माध्यमिक (९-१२) खुद भर्नादर | प्रतिशत | ५६.२ | ६१.० | ७०.० | ८०.० |
| ६ | आधारभूत तह (१-८) विद्यालय छाड्नेदर | प्रतिशत | २.९ | २.५ | २.० | १.५ |
| ७ | माध्यमिक तह (९-१२) विद्यालय छाड्नेदर | प्रतिशत | १.९ | १.८ | १.५ | १.० |
| ८ | विद्यालय अध्ययन औसत अवधि | वर्ष | ८.७ | ८.८ | ९.० | १०.० |
| ९ | बाल विकासकेन्द्र | सङ्ख्या | ३३७० | ३९२३ | ४१०० | ४२०० |
| १० | आधारभूत विद्यालय | सङ्ख्या | २५०६ | २४८३ | २४९० | २५०० |
| ११ | माध्यमिक विद्यालय | सङ्ख्या | ७४५ | ७४५ | ७४५ | ७४५ |
| १२ | क्याम्पस | सङ्ख्या | ६० | ६० | ६५ | ७० |
| १३ | विश्वविद्यालय | सङ्ख्या | १ | १ | २ | २ |
| १४ | शिक्षक विद्यार्थी अनुपात आधारभूत तह (८-१) | अनुपात | ३९ | ३९ | ३५ | ३० |
| १५ | शिक्षक विद्यार्थी अनुपात माध्यमिक तह (१२-९) | अनुपात | ६५ | ६५ | ४८ | ४० |
| १६ | माध्यमिक तहमा छात्रवृत्ति पाउने विद्यार्थी | सङ्ख्या | २३९ | २३९ | ३०० | ४०० |
| १७ | उच्च शिक्षामा छात्रवृत्ति पाउने विद्यार्थी | सङ्ख्या | २२५ | २५५ | ३०० | ४०० |
| १८ | इण्टरनेट सुविधा पुगेका विद्यालय | सङ्ख्या | ५६२ | ५६२ | ८०० | ११०० |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना २०७८, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश ।*

## ८.२ युवा, खेलकुद तथा सकारात्मक रुपान्तरण

### ८.२.१ पृष्ठभूमि

युवा आर्थिक र सामाजिक परिवर्तनका संवाहक शक्ति हुन् । युवामा जीवनोपयोगी ज्ञान, सीप, प्रविधि, सिर्जनशीलता र उद्यमशीलताको विकास गरी उनीहरुलाई पर्याप्त रोजगारीका अवसरहरु उपलब्ध गराउनु अहिलेको प्रमुख आवश्यकता हो । युवालाई शिक्षित, सिर्जनशील र सीपयुक्त बनाई आन्तरिक रोजगार एवम् स्वरोजगार बनाउन आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गर्दै युवाका लागि सकारात्मक रुपान्तरणका कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ ।

खेलकुद्ले विशेष गरी युवामा शारीरिक तथा मानसिक स्वास्थ्यको प्रबर्द्धन गर्दै स्वअनुशासन्को विकास गरी व्यक्तित्व विकासमा ठोस योगदान पुऱ्याउछ । यस प्रदेशमा खेलकुद क्षेत्रको समयसापेक्ष विकास गरी खेल पर्यटनको विकास गर्न सकिने पर्याप्त संभावना रहेको छ । साथै प्रदेशको भौगोलिक बनावटको उपयोग गरी माथिल्लो कर्णालीलाई उच्च स्थानमा खेलिने साहसिक, पर्यटकीय र मनोरञ्जनात्मक खेलको हबको रुपमा विकास गर्न सकिने संभावना पनि विद्यमान छ । प्रदेशमा युवा तथा खेलकुद क्षेत्रको सर्वाङ्गीण विकास गर्दै यस क्षेत्रमा पर्याप्त

अवसरको सिर्जना गरी सकारात्मक रुपान्तरणका साथ युवालाई विकासको अभियानमा सरिक र समर्पित हुने वातावरण बनाउने यस योजनाले लक्ष्य लिएको छ ।

### ८.२.२ विद्यमान अवस्था

विश्व युवा विकास सूचकाङ्क २०२० अनुसार नेपाल ०.६८९ स्कोरका साथ ९४ औँ स्थानमा छ भने दक्षिण एसियाका मुलुकसँग तुलना गर्दा पनि नेपालको युवा विकास सूचकाङ्क कमजोर देखिन्छ । अर्धबेरोजगारीमा रहेको नेपालको ३६ प्रतिशत युवा शक्ति आर्थिक उत्पादन र जीवनपयोगी सीपसँग जोडिन सकेको छैन । सीमान्तकृत, अल्पसंख्यक, दलित, आदिवासी, अपाङ्गता भएका युवामा बेरोजगारी दर उच्च रहेको छ । युवा श्रमशक्तिको झण्डै आधा अनुपात अझै निर्वाहमुखी कृषिमा आश्रित छ । नेपालबाट वैदेशिक रोजगारीमा जाने वार्षिक ५ लाख ३८ हजार युवामध्ये ७४ प्रतिशत अदक्ष कामदारका रुपमा कार्यरत छन् ।

राष्ट्रिय जनगणना- २०७८ अनुसार यस प्रदेशमा १५ वर्षदेखि ३९ वर्षसम्मको उमेरसमूहका युवाको जनसङ्ख्या ७ लाख १२ हजार ४५६ रहेको छ  (कुल जनसङ्ख्याको ४२.२१ प्रतिशत) । प्रदेशको १५ वर्षदेखि २४ वर्षसम्मको युवा साक्षरतादर ९३.८ प्रतिशत मात्र रहेको छ भने राष्ट्रिय दर ८५ प्रतिशत रहेको छ । प्रदेशमा अधिकांश युवा प्रत्येक वर्ष मौसमी रोजगारीका लागि मूलतः भारत जाने प्रवृत्ति रहेको छ ।

खेलकुद्को क्षेत्रमा कर्णाली प्रदेश प्रगतिउन्मुख रहेको छ । नागरिकलाई स्वस्थ, अनुशासित, मर्यादित र गतिशील बनाउने ध्येय लिई खेलकुद क्षेत्रको विकास र विस्तार गर्न कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ जारी गरी कार्यान्वयनमा रहेको छ । ऐनको व्यवस्थाबमोजिम कर्णाली प्रदेश खेलकुद विकास परिषद् स्थापना भएको छ । प्रदेशको राजधानी सुर्खेतमा प्रदेश गौरवको आयोजनाका रुपमा प्रदेशको रंगशाला, कभर्डहल र क्रिकेट मैदान निर्माणको अन्तिम चरणमा रहेको छ । खेलकुद्को विकासका लागि प्रदेशले जिल्लामा कम्तिमा एक खेलमैदान सहितको कभर्डहल, एक स्थानीय तह एक खेलमैदानको नीति लिएको छ । प्रदेशमा खेलकुद्का पूर्वाधारको विकास भईरहेको अवस्थामा प्रर्याप्त सामग्री, दक्ष प्रशिक्षकद्वारा प्रशिक्षण प्रदान गरी खेलकुद्लाई व्यावसायिक तथा जीवनयापनको माध्यमको रुपमा विकास गर्न सक्ने प्रशस्त संभावना रहेको छ ।

### ८.२.३ मुख्य सवाल तथा चुनौती

(१) **युवाको क्षमता विकास र मर्यादित रोजगारी:** प्रदेशको युवा साक्षरतादर सन्तोषप्रद रहेको भए तापनि युवामा सीपमूलक शिक्षाको कमी, स्वदेशमा रोजगारी प्राप्त हुन नसक्नु, स्वरोजगारीको सीप तथ दक्षता विकास हुन नसक्नु, ऊर्जावान् तथा सिर्जनशील युवालाई विदेशिनबाट रोक्न नसक्नु मुख्य सवालका रुपमा रहेको छ । युवाको विकास तथा सकारात्मक रुपान्तरणका लागि पर्याप्त लगानी गरी बजारको मागअनुसार उनीहरुको सीप र क्षमता विकास गर्नु र पर्याप्त मर्यादित रोजगारीका अवसर सिर्जना गर्नु चुनौतीपूर्ण रहेको छ ।

(२) **युवावर्गको सकारात्मक रुपान्तरणः** युवा वर्गमा मूलत: बेरोजगारीका कारण विद्यमान नकारात्मक सोच तथा नैराश्यता, दुर्व्यसन् र अन्य हानीकारक अभ्यास लगायतका अवाञ्छित कार्य बढ्दै जानु प्रमुख सवालको रुपमा रहेको छ । युवामा बढ्दै गईरहेको मादक पदार्थसेवन तथा नकारात्मक सोचलाई निर्मलीकरण गरी नैतिक आचरणको विकास, सामाजिक भावनाको जागृति र सकारात्मक सोच, रुपान्तरणकारी नेतृत्व क्षमता,

उद्यमशीलता र नवप्रवर्तन विकास गर्नु, युवामा मर्यादित रोजगारी एवम् स्वरोजगारीको प्रबर्द्धन गर्नु चुनौती रहेको छ।

(३) **खेलकुद पूर्वाधार तथा व्यावसायीकरणः** प्रदेशको समग्र खेलकुद क्षेत्रको विकासका लागि आवश्यक राष्ट्रियस्तरका खेलकुद्का भौतिक पूर्वाधारको विकास गरी व्यावसायिक खेलकुद्को विकास गर्नु चुनौतीको रुपमा रहेको छ।

(४) **युवा तथा खेलकुद क्षेत्रको संस्थागत विकास तथा सुदृढीकरण:** प्रदेशमा युवा तथा खेलकुदसम्बन्धी संरचना तथा विकासका गतिविधि न्यून हुनु सवालको रुपमा रहेको छ र युवा तथा खेलकुदसम्बन्धी संस्था व्यवस्था र सोको सुदृढीकरण गरी प्रदेशबाट राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरका व्यावसायिक खेलाडी उत्पादन गर्नु चुनौतीको रुपमा रहेको छ।

**८.२.४ उद्देश्य**

१. युवालाई ज्ञान, सीप र प्रविधियुक्त बनाउनु,
२. युवालाई उद्यमशील, स्वावलम्बी र विकासको सम्वाहक शक्तिको रुपमा रुपान्तरण गर्नु,
३. खेलकुद्मा नागरिकको स्वास्थ्य सरोकार, सहभागिता र पहुँच वृद्धि गर्नु,
४. स्तरीय पूर्वाधार, प्रशिक्षण र व्यावसायिक खेलकुद्को विकास गर्नु।

**८.२.५ रुपान्तरणकारी रणनीति**

(१) **व्यावसायिक सीप एवम् उद्यमशीलता विकास, रोजगारी एवम् स्वरोजगारीका अवसर सिर्जना गरी युवामा सकारात्मक रुपान्तरण ल्याउनेः** युवा रोजगारीका लागि बजारको मागअनुसारका सीप एवम् उद्यमशीलता विकास सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरीनुका साथै स्थानीय तहसँगको सहकार्यमा कृषि, जडीबुटी, पर्यटनमा आधारित उद्यम तथा अन्य नवप्रवर्तनका क्षेत्रमा स्वरोजगारीका कार्यक्रम विस्तार गरिनेछ। वैदेशिक रोजगारीमा जानु पर्दा सीपयुक्त भएरमात्र जान युवालाई जागरुक गराउने तथा वैदेशिक रोजगारीबाट फर्केका युवाको ज्ञान, सीपको उपयोगका लागि नवप्रवर्तनमा आधारित आर्थिक विकास, सामाजिक तथा सेवा सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

(२) **युवालाई कुलतबाट जोगाउन सचेतना अभिवृद्धि र पुनर्स्थापना कार्यक्रमको विस्तार गर्ने:** बढ्दो साइवर अपराध, सामाजिक सञ्जालको दुरुपयोग, मादक पदार्थ तथा लागु पदार्थको कुलतबाट युवालाई जोगाउन सचेतना अभिवृद्धिका साथै पुनर्स्थापनासम्बन्धी कार्यक्रमको विस्तार गरिनेछ।

(३) **खेलकुद पूर्वाधारको निर्माणका साथै व्यावसायिक खेलकुद्को विकास गर्नेः** प्रदेशमा खेलकुद्को पूर्वाधार विकास तथा व्यावसायिक खेलकुद्का लागि सङ्घीय तथा स्थानीय सरकारसँग समन्वय गरी पूर्वाधार तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ। गैरसरकारी तथा निजी क्षेत्रसँगको साझेदारी र सहकार्यमा खेलकुद क्षेत्रलाई व्यावसायिक बनाउन प्रशिक्षण, अनुभव आदान प्रदान, सहजीकरण र प्रोत्साहन गरिनेछ। व्यावसायिक रुपमा विभिन्न प्रतियोगिता आयोजना सञ्चालन र व्यवस्थापनमा निजीक्षेत्र तथा सरोकारवालासँग समन्वय तथा सहकार्य गरिनेछ।

(४) **माथिल्लो कर्णालीलाई साहसिक खेलको हबको रुपमा विकास गर्ने:** प्रदेशको माथिल्लो हिमाली भेकलाई उच्चस्थानमा खेलिने साहसिक खेलको हबका रुपमा विकास गरी प्रदेशमा खेल पर्यटनको विस्तार गरिनेछ। प्रदेशको हिमाली क्षेत्रलाई हाईअल्टिच्युट खेलको हबको रुपमा विकास गर्न अध्ययन, अनुसन्धान, समन्वय तथा सहजीकरण गरिनेछ।

(५) **खेलाडी तथा खेलकुद्सँग सम्बन्धित सङ्घसंस्थाको क्षमता विकास र खेल क्षेत्रमा सुशासन कायम गर्ने:** खेलाडी र खेलकुद्सँग सम्बन्धित सङ्घसंस्थाको क्षमता विकास तथा खेल क्षेत्रमा सुशासन कायम गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशमा समावेशी रुपमा पारा खेलकुद समितिको गठन र परिचालन गरिनेछ। पारा खेलाडीका लागि खेलकुद पूर्वाधार तथा सुविधा विकास गरी पारा खेलकुद्को आयोजना गरिनेछ। खेलकुद क्षेत्रलाई निष्पक्ष, अनुशासित, प्रतिस्पर्धी, मर्यादित र गतिशील बनाउन खेलकुद क्षेत्रमा अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ।

### ८.२.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | नीति, कानुन तथा संरचनागत विकास सम्बन्धी कार्यक्रम | प्रदेशमा प्रदेश युवा परिषद् र सबै स्थानीय तहमा युवा सञ्जालको गठन तथा सञ्चालन भएको हुनेछ। प्रदेशको खेलकुद विकास गुरुयोजना तर्जुमा भई कार्यान्वयनमा आएको हुनेछ। |
| २ | युवा विकास तथा सकारात्मक रुपान्तरणका लागि अध्ययन, अनुसन्धान र सिर्जनशीलता कार्यक्रम | युवाको विकास तथा सकारात्मक रुपान्तरणका लागि अध्ययन, अनुसन्धान र सिर्जनशीलतासम्बन्धी कार्यक्रम सञ्चालन हुने तथा निरक्षरता उन्मूलन, वन तथा वातावरण संरक्षण, सामाजिक हानिकारक अभ्यास अन्त्यका लागि युवा क्लव स्थापना गरी युवाको परिचालन भएको हुनेछ। |
| ३ | युवा रोजगार तथा स्वरोजगार कार्यक्रम | युवा रोजगारी तथा स्वरोजगारका लागि क्षमता विकास, परामर्श सेवाका साथै प्राविधिक सहयोग र व्यवसाय सञ्चालन गर्ने युवाको लागि सहुलियतपूर्ण कर्जा र विमाको व्यवस्था भएको हुनेछ। कृषि, वन तथा पर्यटनमा आधारित उद्यममा युवा आकर्षण कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| ४ | युवा क्षमता विकास तथा प्रोत्साहन कार्यक्रम | विज्ञान प्रविधिमा रुचि भएका युवा र विद्यार्थीलाई लक्षित गरी हरेक वर्ष युवा वैज्ञानिक सम्मेलन आयोजना भएको हुनेछ। महिला, जनजाती, दलित, अपाङ्गता भएका, द्वन्द्वपीडित, सीमान्तकृत युवाका लागि सशक्तीकरण र सीपयुक्त बनाउने कार्यक्रम सञ्चालन भएको हुनेछ। विकास अभियानमा युवा नेतृत्व विकास गरी स्वयम्सेवक परिचालन कार्यक्रम सञ्चालन भएको हुनेछ। हरेक वर्ष प्रदेशका विभिन्न क्षेत्रमा उत्कृष्ट काम गरेका युवालाई छनोट गरी देश तथा विदेशमा शैक्षिक उद्यमशीलता भ्रमण अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| ५ | खेलकुद पूर्वाधार निर्माण कार्यक्रम | प्रदेश राजधानीमा अन्तर्राष्ट्रियस्तरको बहुउद्देश्यीय रङ्गशाला तथा कभर्डहल, रारा छाँयानाथ क्षेत्र लगायत हिमाली क्षेत्रमा पर्वतीय रङ्गशाला र जिल्ला सदरमुकाममा कभर्डहल सहितको खेलमैदान तथा सबै स्थानीय तहमा खेलमैदानहरु निर्माण भएका हुनेछन्। क्रिकेट रंगशाला निर्माणको लागि पहल गरिनेछ। |
| ६ | साहसिक तथा मौलिक खेलको अध्ययन, अनुसन्धान र प्रर्बद्धन | साहसिक तथा मौलिक खेलको अध्ययन, अनुसन्धान र प्रर्बद्धनका लागि उपयुक्त स्थानमा यथेष्ठ कार्यक्रम सञ्चालन भएका हुनेछन्। |

| | | |
|---|---|---|
| | कार्यक्रम | |
| ७ | जनस्वास्थ्यका लागि खेलकुद, व्यायाम र स्वास्थ्य सचेतना कार्यक्रम | विद्यालय तहदेखि योग, ध्यान, व्यायाम तथा खेलकुद शिक्षा मार्फत स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| ८ | खेलाडी क्षमता विकास तथा व्यावसायिक प्रशिक्षण कार्यक्रम | खेल प्रतिभाको पहिचान गरी विशेष प्रशिक्षण तथा प्रोत्साहन र खेलाडीको क्षमता विकासका लागि व्यावसायिक खेल प्रशिक्षकको व्यवस्था भएको हुनेछ। |

### ८.२.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | युवा बेरोजगारीदर | प्रतिशत | ७.५ | ७.५ | ६ | ५ |
| २ | युवा साक्षरतादर | प्रतिशत | ९३.८ | ९४ | ९५ | ९६ |
| ३ | प्रदेशस्तरीय खेल प्रतियोगिता (वार्षिक) | सङ्ख्या | २५ | ३० | ३६ | ४० |
| ४ | राष्ट्रिय अन्तर्राष्ट्रिय खेल प्रतियोगितामा सहभागिता | सङ्ख्या | ७ | १५ | २५ | ३५ |
| ५ | स्टेडियम/रङ्गशाला | सङ्ख्या | २ | ३ | ४ | ५ |
| ६ | स्तरीय खेलमैदान भएका स्थानीय तह | सङ्ख्या | १२ | १५ | ४० | ७९ |
| ७ | राष्ट्रिय/अन्तर्राष्ट्रिय खेल प्रतियोगितामा हासिल पदक | सङ्ख्या | १० | १५ | २० | २५ |
| ८ | खेल प्रशिक्षक | सङ्ख्या | ८ | १० | १५ | २० |
| ९ | खेलकुद क्षेत्रमा आबद्ध सङ्घसंस्था | सङ्ख्या | १२ | १५ | २० | २५ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश*

## ८.३ विज्ञान, प्रविधि तथा नवप्रवर्तन

### ८.३.१ पृष्ठभूमि

दिगो विकासका लागि सान्दर्भिक र वस्तुगत खोज, अध्ययन र अनुसन्धानको महत्त्वपूर्ण भूमिका हुन्छ। यसले विकासको प्राथमिकीकरण, स्रोतसाधन तथा उपलब्धिको न्यायोचित वितरणका लागि वैज्ञानिक आधार प्रदान गर्दछ। विज्ञान तथा प्रविधिमा अध्ययन, अनुसन्धान, नवप्रवर्तन र दिगो विकासबिच गहिरो सम्बन्ध रहन्छ। वैज्ञानिक अध्ययन तथा अनुसन्धानले वर्तमान अवस्थाको लेखाजोखा र नयाँ अवसरको पहिचान गर्न, नयाँ प्रविधि, वस्तु र सेवाको विकास गर्न, सेवाग्राहीका अपेक्षा, आवश्यकता र प्राथमिकता बमोजिम वस्तु र सेवा प्रवाहमा सुधार गर्न, उत्पादन तथा उत्पादकत्व र प्रतिष्पर्धी क्षमता अभिवृद्धिका वस्तुपरक रणनीति तथा कार्यनीतिको विकास गर्न, सार्वजनिक सेवामा प्रभावकारिता अभिवृद्धि गर्न र सामाजिक, आर्थिक र वातावरणीय जोखिम तथा चुनौतीको सामना लगायतका क्षेत्रमा तथ्यपरक आधार प्रस्तुत गर्दछ।

### ८.३.२ विद्यमान अवस्था

यस प्रदेशमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, राष्ट्रिय कृषि अनुसन्धान परिषद् अन्तर्गतका अनुसन्धान केन्द्र, विज्ञान तथा प्रविधि अध्ययन संस्थान लगायतका अनुसन्धानमूलक संस्थाहरु रहेका छन्। अध्ययन-अनुसन्धानमूलक उपरोक्त संस्थाहरुले केही वैज्ञानिक खोज तथा अनुसन्धानका कार्य गरीरहेको भए

तापनि विकास नीति, योजना तथा कार्यक्रमको लागि तथ्याङ्क सङ्कलन, व्यवस्थापन वा प्रमाणीकरण हुने गरेको अवस्था छैन। विज्ञान, प्रविधि तथा नवप्रवर्तनमा प्रदेशले थप प्रयास गर्न आवश्यक छ।

### ८.३.३ मुख्य सवाल तथा चुनौती

(१) **विज्ञान प्रविधिमा आधारित अध्ययन, खोज, अनुसन्धान र नवप्रवर्तन:** यस प्रदेशमा विज्ञान, प्रविधि तथा नवप्रवर्तनका क्षेत्रका उपयुक्त नीति, स्रोत र साधनको व्यवस्था गरी यस क्षेत्रलाई निरन्तर अभ्यास र सिकाइ प्रक्रियाका रुपमा स्थापित गर्न नसक्नु यस क्षेत्रको प्रमुख सवालको रुपमा रहेको छ । प्रदेशमा अध्ययन, अनुसन्धान र विकास तथा नवप्रवर्तनका लागि आवश्यक संरचना, जनशक्ति र भौतिक पूर्वाधार विकास, अनुसन्धान र विकास प्रणालीलाई नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियासँग आबद्ध गर्ने जस्ता चुनौती विद्यमान रहेका छन्।

(२) **मौजुदा संस्था तथा प्रविधिको क्षमता विकास र उपयोग:** प्रदेशमा मौजुदा ज्ञान उत्पादनका लागि स्थापित उच्च शैक्षिक प्रतिष्ठानलाई प्रदेश विकासका लागि आवश्यक पर्ने अध्ययन तथा अनुसन्धानका क्षेत्रमा पर्याप्त मात्रामा क्षमता विकास गरी परिचालन गर्नु, आधुनिक प्रविधि र नवप्रवर्तनलाई उपयोगमा ल्याउनु, निजी क्षेत्र, सहकारी र सामुदायिक तथा गैरसरकारी सङ्घसंस्थालाई वैज्ञानिक अनुसन्धान, नवप्रवर्तन र विकासमा लगानीका लागि आकर्षण गर्नु मुख्य सवाल तथा चुनौतीहरु हुन्।

(३) **नीति अध्ययन, अनुसन्धान र विश्लेषण:** नीति अध्ययन, अनुसन्धान र विश्लेषणका लागि कर्णाली प्रदेश योजना आयोग लगायतका संस्थाको क्षमता विकास गर्नु, अध्ययन तथा अनुसन्धानमा आधारित विकास तथा नवप्रवर्तनको बारेमा नीति निर्मातालाई अभिमुखीकरण गर्नु, अध्ययन तथा अनुसन्धान प्रणालीको विकासमा निजीक्षेत्र, सहकारी, गैर सरकारी संस्था लगायतलाई आकर्षित गर्ने एवम् हाल उपलब्ध सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग जस्ता सवाल एवम् चुनौती विद्यमान रहेका छन्।

### ८.३.४ उद्देश्य

१. विज्ञान, प्रविधि तथा नवप्रवर्तनको प्रबर्द्धन र विकास गर्नु,
२. विज्ञान, प्रविधि तथा नवप्रवर्तनलाई प्रदेशको समृद्धिका लागि उच्चतम उपयोग गर्नु,
३. सीपयुक्त तथा दक्ष मानव संशाधनको विकास र मानव पुँजी निर्माण गर्नु।

### ८.३.५ रुपान्तरणकारी रणनीति

(१) **अध्ययन, अनुसन्धान, विज्ञान तथा प्रविधि र नवप्रवर्तनले दिशानिर्देश गरेको विकास निर्माण कार्यलाई प्राथमिकता दिने:** प्रदेशको वस्तुस्थिति विश्लेषण गरी तथ्यगत रुपमा सूचना अद्यावधिक गरिनेछ र शैक्षिक तथा अनुसन्धानमूलक सरोकारवालासँगको रायपरामर्शमा अध्ययन तथा अनुसन्धानका लागि प्राथमिकताका क्षेत्रको पहिचान गरी थप अध्ययन अनुसन्धान कार्यलाई संस्थागत गरिनेछ। प्रदेशको समग्र स्थितिको अध्ययन विश्लेषण गरी अध्ययन तथा अनुसन्धान र नवप्रवर्तनले दिशानिर्देश गरेको विकास निर्माण कार्यलाई प्राथमिकता दिने नीति अबलम्वन गरिनेछ।

(२) **सार्वजनिक सेवा प्रवाह तथा शिक्षणसिकाइका कार्यमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग गर्ने र शैक्षिक प्रणालीलाई अनुसन्धानमूलक बनाउने:** प्रदेशका सबै सार्वजनिक निकायहरुले प्रवाह गर्ने सेवा एवम् शैक्षिक प्रतिष्ठानहरुमा शिक्षणसिकाइका लागि समेत डिजिटल कर्णालीको अवधारणाअनुसार सूचना तथा सञ्चार प्रविधिको उच्चतम् उपयोग गरिनेछ । उच्च शिक्षा प्रदान गर्ने शैक्षिक प्रतिष्ठानलाई अनुसन्धानमूलक बनाइनेछ । सार्वजनिक निकायले प्रवाह गर्ने सेवा तथा विकास निर्माण एवम् शिक्षणसिकाइ कार्यमा विज्ञान, प्रविधि र नवप्रवर्तनको उच्चतम उपयोग गर्न सहयोग र सहजीकरण गरिनेछ ।

(३) **विज्ञान, प्रविधि तथा नवप्रवर्तनको विकासका लागि निजी क्षेत्र तथा विकास साझेदारहरुसँगको सहकार्य र साझेदारी बढाउने:** प्रदेशमा विज्ञान, प्रविधि तथा नवप्रवर्तनको विकास सरकारी प्रयासबाट मात्र संभव नहुने भएकोले यसका लागि निजी क्षेत्रका साथै विकास साझेदारहरुसँग पनि सहकार्य र साझेदारी गरिनेछ । प्रदेशका उच्च शैक्षिक प्रतिष्ठानलाई अनुसन्धानकेन्द्रका रुपमा विकास गरिनेछ । प्रदेशभित्र सञ्चालन हुने सिर्जनशील र नवप्रवर्तन लक्षित अध्ययन अनुसन्धानलाई बढवा दिई प्राप्त निष्कर्ष तथा सुझावलाई नीति, योजना, विकास कार्य तथा सेवा प्रवाहमा उपयोग गरिनेछ ।

(४) **नवीन खोज, अनुसन्धान तथा विकासलाई अभिलेखीकरण र संरक्षण गर्ने:** प्रदेशमा भएका विज्ञान, प्रविधि तथा नवप्रवर्तनको खोज, अनुसन्धान तथा विकासलाई अभिलेखीकरण गरी संरक्षण गरिनेछ ।

(५) **सीप तथा मानव संशाधन विकास र मानव पुँजी निर्माण गर्ने:** सीप तथा मानव संशाधनको आवश्यकता पहिचान, प्रक्षेपण र सीप तथा प्रशिक्षण सम्बन्धी प्रदेशमा नीतिगत, कानुनी र संरचानगत व्यवस्था गरिनेछ । प्रदेश विकास र रुपान्तरणका लागि मानव संशाधन उलब्धताको विद्यमान अवस्था, उत्पादन, उद्योग, निर्माण र सेवा क्षेत्रमा मानव संशाधनको आवश्यकता र मागको आधारमा दीर्घकालीन, मध्यमकालीन र अल्पकालीन अवधिका लागि मानव संशाधनको प्रक्षेपण गरी मानव संशाधन विकास योजना तर्जुमा गरिनेछ । प्राविधिक शिक्षा तथा व्यावसायिककेन्द्र, अनुसन्धान तथा तालिमकेन्द्र, शैक्षिक प्रतिष्ठान, गैरसरकारी तथा निजी संस्थासँग समन्वय तथा सहकार्य गरी युवा, बेरोजगार तथा लक्षित वर्गका प्राथमिकता दिई सीपयुक्त तथा दक्ष मानव संशाधन विकास कार्य सञ्चालन गरिनेछ ।

### ८.३.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | विज्ञान, प्रविधि र नवप्रवर्तन क्षेत्रको संरचनागत विकास र सहकार्य कार्यक्रम | प्रदेशमा विज्ञान, प्रविधि र नवप्रवर्तनको क्षेत्रका कार्य गर्ने संरचनाको स्थापना र कार्य सञ्चालन भएको हुनेछ । विभिन्न शिक्षण तथा अनुसन्धान संस्था र नवप्रवर्तन तथा आविष्कारकेन्द्रसँग अध्ययन अनुसन्धानका लागि प्रदेश सरकारको सहकार्य भएको हुनेछ । |
| २ | अनुसन्धान तथा अनुसन्धानमा आधारित विकास साझेदारी कार्यक्रम | नेपाल सरकार, स्थानीय तह, विकास साझेदार तथा निजी र सहकारी क्षेत्रसँगको साझेदारीमा अनुसन्धान प्रयोगशाला स्थापना तथा अनुसन्धानका कार्यहरु सञ्चालन भएका हुनेछन् । |
| ३ | वैज्ञानिक अध्ययन र अनुसन्धान अभिलेखीकरण र संरक्षण कार्यक्रम | प्रदेशमा भएका महत्त्वपूर्ण वैज्ञानिक अनुसन्धानहरुको अभिलेखीकरण र भएका अभिलेखको उचित संरक्षण भएको हुनेछ । |
| ४ | विज्ञान, प्रविधि र नवप्रवर्तन क्षेत्रका | प्रदेशमा विज्ञान तथा प्रविधिको विकासका लागि वार्षिक रुपमा युवा वैज्ञानिक |

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| | उपलब्धिलाई दस्तावेजीकरण, संरक्षण, प्रचार प्रसार र प्रदेश विकासमा उपयोग गर्ने कार्यक्रम | सम्मेलनको आयोजना भएको हुनेछ । विज्ञान, प्रविधि र नवप्रवर्तनका क्षेत्रमा भएका उपलब्धिलाई समेटेर वार्षिक रुपमा वैज्ञानिक जर्नल प्रकाशीत भएको हुनेछ । प्रदेशका विकास निर्माणका नीति, कार्यक्रमहरु तर्जुमा गर्दा अध्ययन, अनुसन्धान र तथ्यका आधारमा तर्जुमा भएका हुनेछन् । |
| ५. | मानव सशाधन विकास योजना | प्रदेश विकास र रुपान्तरणका लागि मानव संशाधन उलब्धताको विद्यमान अवस्था, उत्पादन, उद्योग, निर्माण र सेवा क्षेत्रमा मानव संशाधनको आवश्यकता र मागको आधारमा दीर्घकालीन, मध्यमकालीन र अल्पकालीन अवधिका लागि मानव संशाधनको प्रक्षेपण गरी मानव संशाधन विकास योजना तर्जुमा भएको हुनेछ |
| ६. | सीप तथा मानव संशाधन विकास विकास कार्यक्रम | प्राविधिक शिक्षा तथा व्यावसायिक केन्द्र, अनुसन्धान तथा तालिमकेन्द्र, शैक्षिक प्रतिष्ठान, गैर सरकारी तथा निजी संस्थासँग समन्वयमा युवा, बेरोजगार तथा लक्षित वर्गलाई प्राथमिकता दिई सीपयुक्त तथा दक्ष मानव संशाधन विकास भएको हुनेछ । |

**८.३.७ परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | प्रदेशमा प्रबर्द्धन भएका नयाँ र परिमार्जित प्रविधि | सङ्ख्या | ४१ | ४२ | ६० | ७५ |
| २ | प्रदेशको विज्ञ समूहमा आबद्ध व्यक्ति | सङ्ख्या | - | - | १० | २५ |
| ३ | वार्षिक अध्ययन तथा अनुसन्धान | सङ्ख्या | - | - | ८ | १२ |
| ४ | सहकार्य तथा समन्वय गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धानमूलक संस्था | सङ्ख्या | ४२ | ४२ | ४५ | ५० |
| ५ | व्यावहारिक अनुसन्धानमा संलग्न जनशक्ति | सङ्ख्या | ५८ | ६० | ७० | ८० |
| ६ | प्रदेशस्तरीय युवा वैज्ञानिक सम्मेलन | सङ्ख्या | - | - | २ | ३ |
| ७ | प्रदेशको विज्ञान तथा प्रविधि सम्बन्धी प्रकाशीत राष्ट्रिय र अन्तर्राष्ट्रिय लेख तथा जर्नल | सङ्ख्या | - | - | ६ | १० |

*स्रोतः सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश*

## ८.४ कला, भाषा, साहित्य तथा सम्पदा

### ८.४.१ पृष्ठभूमि

नेपाली भाषा, खस तथा वोन सभ्यता र अधिकांश नेपाली खस जात/थरको उद्‌गमस्थलको रुपमा रहेको यस प्रदेश आफैमा मौलिक भाषा, कला, साहित्य, ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाहरुले विशिष्ट पहिचान भएको प्रदेश हो । कर्णालीको समृद्धि यहाँको भाषा, कला, साहित्य, संस्कृतिसँग प्रत्यक्ष जोडिएको छ । भाषा, कला, साहित्य र ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदा कर्णाली समृद्ध रहेको ऐतिहासिक विश्लेषणले देखाउँछ । कला, भाषा तथा साहित्यले मानिसमा चेतनाको अभिवृद्धि गर्ने र मानव जीवनलाई सुन्दर एवम् सुसंस्कृत बनाउने हुँदा यहाँको कला, सम्पदा, भाषा तथा साहित्य र संकृतिको विकास तथा संरक्षणले समृद्ध कर्णालीको सपना साकार पार्न अहम भूमिका खेल्ने देखिन्छ । कर्णालीको कला, भाषा, साहित्य तथा सम्पदाको विकास र संरक्षणका लागि यो योजना कोशेढुङ्गा सावित हुनेछ ।

### ८.४.२ विद्यमान अवस्था

राष्ट्रिय जनगणना-२०७८ अनुसार नेपालमा बोलिने १२४ प्रकारका भाषामध्ये यस प्रदेशमा ४९ किसिमका भाषा प्रचलनमा छन् । विद्यमान ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थित रुपमा अध्ययन, अनुसन्धान र अभिलेखीकरणको आवश्यकता रहेको छ। प्रदेशस्तरमा नीति, कानुन तथा कार्यविधिको व्यवस्था गरी भाषा, कला, साहित्य तथा सम्पदाको संरक्षण, विकास र व्यवस्थापन गरी कृषि, उद्योग तथा पर्यटन विकासमा लाभ लिन सकिने प्रचुर संभावना रहेको छ । यसका लागि कला, सम्पदा, भाषा, साहित्य र संस्कृतिको संरक्षण र प्रबर्द्धनलाई प्राथमिकता दिई पर्याप्त अध्ययन, अनुसन्धान तथा अन्वेषण एवम् संरक्षण हुन आवश्यक छ।

यस प्रदेशका विभिन्न पहिचानजन्य विशेषता तथा वस्तुको संरक्षण र प्रचारप्रसार गर्नका लागि प्रदेश राजधानीमा एक सङ्ग्रहालयको स्थापना गरिएको छ । साथै प्रदेशको ऐतिहासिक रेसममार्ग पहिल्याई लुम्बिनी प्रदेशको बर्दिया जिल्लादेखि हुम्ला जिल्लाको हिल्सासम्म सहज रुपमा आवतजात गर्न सकिने गरी सडक निर्माण गर्ने प्रयास पनि भईरहेको छ। यसबाट तिब्बतको मानसरोवर र कैलाशपर्वत पुग्ने धार्मिक-सांस्कृतिक पर्यटनबाट प्रदेश तथा सिङ्गो राष्ट्र समेत लाभान्वित हुन सक्ने संभावना रहेको छ।

### ८.४.३ मुख्य सवाल तथा चुनौती

(१) **कला, भाषा, साहित्य तथा सम्पदाको अनुसन्धान, दिगो संरक्षण तथा प्रवर्द्धनः** कर्णाली समृद्धिको एक प्रमुख आधार बन्न सक्ने यहाँको प्राचीन मौलिक कला, भाषा, साहित्य तथा सम्पदा सम्बन्धमा गहन अध्ययन, अनुसन्धान हुन नसक्नु, प्राचीन हस्तलिखित सामग्री लगायत ऐतिहासिक र पुरातात्त्विक मूल्यवान् वस्तु, भाषिक र लोक साहित्यिक कृति लोपोन्मुख अवस्थामा हुनु प्रमुख सवालका रुपमा रहेका छन् भने यी लोपोन्मुख प्राचीन मौलिक कला, भाषा, साहित्य तथा सम्पदाको अध्ययन, अनुसन्धान, दिगो संरक्षण र प्रबर्द्धन गरी दिगो लाभ लिनु चुनौतीपूर्ण छ।

(२) **नयाँ पुस्ताको सहभागितामा स्थानीय भाषा, मौलिक कला, ललितकला, संस्कृति तथा सम्पदाको दिगो संरक्षणः** स्थानीय भाषा, मौलिक कला, ललितकला, संस्कृति तथा सम्पदाको संरक्षणमा नयाँ पुस्तालाई अग्रसर बनाउन नसक्नु, कला तथा संस्कृतिको संरक्षणसँग शिक्षालाई जोड्न नसक्नु प्रमुख सवालका रुपमा रहेका छन्। स्थानीय भाषा, मौलिक कला, संस्कृति तथा सम्पदाको व्यवस्थित अध्ययन गर्नु र युवा पुस्तालाई सहभागी गराई सांस्कृतिक क्षयीकरणलाई रोकी पुस्तान्तरण गर्नु चुनौतीपूर्ण रहेको छ।

(३) **सम्पदा तथा संस्कृतिको सामाजिक तथा आर्थिक उपयोग:** मौलिक कला तथा संस्कृति र सम्पदाको प्रचार प्रसारमा कमी हुनु एवम् संभावना बोकेका सम्पदालाई संरक्षण तथा दिगो आर्थिक र सामाजिक विकासका लागि उपयोग गर्न नसक्नु सवालका रुपमा रहेको छन्। कला, भाषा, साहित्य, गीत सङ्गीतमा व्यावसायिकता विकास गर्नु चुनौतीपूर्ण देखिएको छ।

(४) **ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको दिगो संरक्षण:** पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाको एकीकृत अभिलेख तयार गरी संरक्षण नहुनु, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको व्यवस्थित अध्ययन हुन नसक्नु

सवाल तथा चुनौतीका रुपमा छन् । ऐतिहासिक तथा पुरातात्त्विक सम्पदा सम्बद्ध समुदाय तथा सरोकारवालाको रुचि तथा अग्रसरतामा दिगो संरक्षण गर्नु यस क्षेत्रको चुनौतीका रुपमा रहेको छ।

### ८.४.४ उद्देश्य

१. मौलिक कला, सम्पदा, भाषा र साहित्यको दिगो संरक्षण, प्रबर्द्धन र सम्बर्धन गर्नु,

२. पुरातात्विक महत्त्व तथा ऐतिहासिक सम्पदाको दिगो उपयोग र पुस्तान्तरण सुनिश्चित गर्नु।

### ८.४.५ रुपान्तरणकारी रणनीति

**(१) प्राचीन कला, सम्पदा, भाषा र साहित्यको थप अध्ययन अनुसन्धान गरी दिगो संरक्षण, सम्बर्धन र प्रबर्द्धन गर्ने:** प्रदेशका प्राचीन कला, सम्पदा, भाषा र साहित्यको थप अध्ययन अनुसन्धान गरी तिनका दिगो संरक्षण र सम्बर्धन गरीनुका साथै यसका माध्यमबाट प्रदेशमा धार्मिक एवम् सांस्कृतिक पर्यटनको प्रबर्द्धन गरिनेछ । भाषा, कला, साहित्य र संस्कृतिको क्षेत्रमा कार्यरत सरोकारवालाहरुको क्षमता विकास तथा सुदृढीकरण गरिनेछ। प्रदेशका प्राचीन कला, सम्पदा, भाषा र साहित्यको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गरी धार्मिक एवम् सांस्कृतिक पर्यटनको प्रबर्द्धन गरिनेछ। प्रदेश राजधानी सुर्खेतमा कर्णाली सांस्कृतिक देउडा डबलीघर निर्माण तथा सञ्चालन गरिनेछ।

**(२) लोपोन्मूख भाषा तथा लोप हुने अवस्थामा रहेका ऐतिहासिक, पुरातात्विक, तथा सांस्कृतिक महत्त्वका सम्पदाको खोज, अनुसन्धान, पहिचान गरी जिर्णोद्धार, दिगो संरक्षण र विकास गर्ने:** प्रदेशमा रहेका विविध जातजातिका भाषा, कला, साहित्य र संस्कृतिहरुको स्थानीय जनसहभागितामा खोजी तथा पहिचान गरी जिर्णोद्धार, दिगो संरक्षण र विकासका विशेष कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशका प्राचीन कला, सम्पदा, भाषा र साहित्यको संरक्षणका लागि गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ । प्रदेशका प्राचीन कला, सम्पदा, भाषा र साहित्यको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गरी धार्मिक एवम् सांस्कृतिक पर्यटनको प्रबर्द्धन गरिने छ।

**(३) मूर्त तथा अमूर्त सम्पदाको अभिलेखीकरण, संरक्षण, सम्बर्धन, दिगो उपयोग र पुस्तान्तरण गर्ने:** प्रदेशको गौरवका रुपमा रहेका महत्त्वपूर्ण मूर्त तथा अमूर्त ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको नक्साङ्कन, अभिलेखीकरण, संरक्षण, सम्बर्धन, दिगो उपयोग र पुस्तान्तरण गरिनेछ। स्थानीय तहको सहकार्यमा विभिन्न किसिमका संग्राहलयको स्थापना तथा सञ्चालन गर्ने व्यवस्था गरिने छ।

**(४) संस्कृति र परम्पराको पुस्तान्तरणका लागि विद्यालयको पाठ्यक्रममा समावेश गरी स्थानीय तहको समन्वयमा लागु गर्ने:** कला, संस्कृति र मौलिक अभ्यासको पुस्तान्तरणका लागि विद्यालयको पाठ्यक्रममा समावेश गरी स्थानीय तहको समन्वयमा लागु गर्ने व्यवस्था गरिने छ।

### ८.४.६ प्रमुख कार्यक्रम

| क्र.सं | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | नीति, कानुन तथा संस्थागत विकास कार्यक्रम | प्रदेशका प्राचीन कला, सम्पदा, भाषा र साहित्यको संरक्षणका लागि गुरुयोजना निर्माण गरी कार्यान्वयन भएको हुनेछ । कर्णालीको भाषा, कला, साहित्य र संस्कृतिको प्रबर्द्धन गर्न कर्णाली प्रज्ञाप्रतिष्ठानगठन र सञ्चालन भएको हुनेछ। |

| क्र.सं | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| २ | पूर्वाधार तथा संरचना निर्माण कार्यक्रम | प्रदेश राजधानीमा प्रदेश संग्रहालय, जुम्लाको सिंजामा खस संग्रहालय र दैलेखको दुल्लुमा सांस्कृतिक संग्रहालयको स्थापना तथा स्तरोन्नति भएको हुनेछ । प्रदेश राजधानी सुर्खेतमा कर्णाली सांस्कृतिक देउडा डबलीघर निर्माण तथा सञ्चालन भएको हुनेछ । |
| ३ | खोजमूलक अध्ययन, अनुसन्धान तथा संरक्षण कार्यक्रम | लोपोन्मुख भाषा, कला, साहित्य, संस्कृतिको अध्ययन अनुसन्धान गरी अभिलेखीकरण तथा दिगो संरक्षण भएको हुनेछ । समुदायको सहकार्यमा विभिन्न मौलिक चाडपर्व, मेला, धमारी, चुडकिला तथा देउडाको सम्बर्धन, दिगो संरक्षण र प्रबर्द्धन भएको हुनेछ । मूर्त तथा अमूर्त सम्पदाहरुको अभिलेखीकरण' दिगो संरक्षण' सम्बर्धन र पुस्तान्तरणको व्यवस्था गरिएको हुनेछ । प्रदेशको सांस्कृतिक नक्साङ्कन गरिएको हुनेछ । |
| ४ | धार्मिक एवम् सांस्कृतिक पर्यटनको प्रबर्द्धन कार्यक्रम | प्रदेशका प्राचीन कला, सम्पदा, भाषा र साहित्यको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गरी धार्मिक एवम् सांस्कृतिक पर्यटनको प्रबर्द्धन गरिएको हुनेछ । |
| ५ | संस्कृति र परम्पराको पुस्तान्तरणका लागि स्थानीय पाठ्यक्रम निर्माण | संस्कृति र परम्पराको पुस्तान्तरणका लागि स्थानीय पाठ्यक्रम निर्माण गरिएको हुनेछ । |
| ६ | विभिन्न जातजातिको आदिभूमिमा जातीय स्मारक तथा पर्यटन पार्क निर्माण कार्यक्रम | विभिन्न जातजातिको आदिभूमिमा जातीय स्मारक तथा पर्यटनपार्क निर्माण गरिएको हुनेछ । |
| ७ | स्थानीय लोकसाहित्य प्रबर्द्धन कार्यक्रम | स्थानीय लोक साहित्यको विकासका लागि विशेष कार्यक्रम सञ्चालन गरिएको हुनेछ । |

### ८.४.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८३/८४ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | संरक्षण गरीएका लोपोन्मुख भाषा तथा अभिलेख | सङ्ख्या | ३ | ३ | ६ | ९ |
| २ | संरक्षण गरीएका लोपोन्मुख कला, सम्पदा र लोक साहित्य | सङ्ख्या | ३ | ४ | ७ | १० |
| ३ | भाषा, कला, साहित्य र संस्कृति प्रबर्द्धन कार्यक्रम | सङ्ख्या | २ | २ | ३ | ५ |
| ४ | सांस्कृतिक संग्राहालय | सङ्ख्या | १ | १ | ३ | ५ |
| ५ | संरक्षण गरिएका प्रादेशिक सम्पदा | सङ्ख्या | २० | २२ | ३५ | ५४ |
| ६ | भाषा, कला, साहित्य र संस्कृति क्षेत्रमा विनियोजित बजेट | रु. करोडमा | २.२ | २.५ | ३.५ | ४.५ |

स्रोतः सामाजिक विकास मन्त्रालय,कर्णाली प्रदेश ।

परिच्छेद ९

# उत्थानशील पूर्वाधार र अन्तरआबद्धता

९.१ सडक तथा यातायात पूर्वाधार १२४

९.२ यातायात व्यवस्थापन १३२

९.३ भवन, बस्ती तथा सहरी विकास १३६

९.४ सूचना तथा सञ्चार प्रविधि १४०

# परिच्छेद-नौ
# उत्थानशील पूर्वाधार र अन्तरआबद्धता

## ९.१ सडक तथा यातायात पूर्वाधार

### ९.१.१ पृष्ठभूमि

सडक तथा यातायात पूर्वाधारलाई विकासको पूर्वशर्त तथा प्रवेशबिन्दुको रुपमा स्वीकार गरी संविधानमा तीनै तहको कार्य जिम्मेवारीमा समावेश गरिएको छ। सडक तथा यातायात पूर्वाधारको माध्यमबाट विद्युत्, ऊर्जा, सञ्चार जस्ता विकासका अन्य पूर्वाधारका साथै कृषि, उद्योग, खनिज र पर्यटन लगायत आर्थिक विकासका प्रमुख आधारको विकास तथा वृद्धिको मार्ग प्रशस्त गर्न सकिन्छ। देशकै सबैभन्दा बढी क्षेत्रफल भएको र अधिकांश क्षेत्र उच्च पहाडी तथा हिमाली भूभाग भएको हुँदा यस प्रदेशमा सडक तथा यातायात पूर्वाधारको विकास तथा विस्तार गरी आर्थिक तथा सामाजिक विकासलाई तीव्रता दिन सकिने प्रचुर संभावना तथा चुनौती दुवै रहेका छन्।

नेपाल सरकारको समन्वयमा प्रदेश विकासको मेरुदण्डका रुपमा रहेको कर्णाली लोकमार्गको स्तरोन्नतिलाई तीव्रता प्रदान गर्न आवश्यक छ। यसैगरी प्रदेश विकासको मेरुदण्डका रुपमा रहेका कर्णाली करिडोर, भेरी करिडोर एवम् राप्ती करिडोर निर्माण तथा स्तरोन्नतिमा तीव्रता दिनुपर्ने देखिन्छ। प्रदेशमा परिकल्पना गरीएका आर्थिक केन्द्रहरु जोड्ने गरी स्तरीय सडक निर्माण प्रदेशको प्रमुख आवश्यकतामा रहेको छ। यसैगरी प्रदेश भएर उत्तर दक्षिणका दुई छिमेकी मुलुकलाई जोड्ने द्रुत मार्गको निर्माण प्रदेशको लागि मात्र नभएर राष्ट्रिय विकास मै महत्त्वपूर्ण योगदान दिन सक्ने संभावना रहेको छ।

प्रदेशको भौगोलिक अवस्थिति तथा शीघ्र विकास र अन्तरआबद्धताको लागि छिटो, सुलभ र भरपर्दो यातायातको साधनको रुपमा हवाई यातायातको विकास आवश्यक रहेको छ। हिमाली जिल्लाहरुमा अझै सडक पूर्वाधारको कमजोर अवस्थाका कारण अधिकांश जिल्लाबाट प्रदेश राजधानी, प्रमुख व्यापारिक नाका - नेपालगञ्ज लगायत सङ्घीय राजधानीसम्म आवतजावतका लागि हवाईयात्रा नै सहज र भरपर्दो साधनका रुपमा प्रयोग हुँदै आएको छ। यस प्रदेशमा एउटा हिमाली अन्तर्राष्ट्रिय विमानस्थलको परिकल्पना प्रदेशको पहिलो पञ्चवर्षीय योजनाले गरेकोमा यसलाई मूर्तरुप दिन थप अध्ययन, बहस, पैरवी र प्रयासको आवश्यकता देखिएको छ। प्रदेश राजधानीबाट प्रदेशभित्रका सबै विमानस्थलमा हवाई सेवा सञ्चालन, सुर्खेत विमानस्थलको स्तरोन्नति, हुम्ला, मुगु र डोल्पा विमानस्थलको विस्तार र स्तरोन्नति गरी पर्यटन, व्यापार व्यवसाय, उत्पादन तथा अन्तरआबद्धता वृद्धि गर्नुपर्ने देखिन्छ। हवाई सेवा सर्वसुलभ र विश्वसनीय बनाई प्रदेशको पर्यटन, उद्योग, व्यापार र व्यवसाय, कृषि तथा जडीबुटी लगायत प्राकृतिक स्रोतसाधनको दिगो उपयोग गरी प्रदेश विकासमा सकारात्मक सन्देश प्रवाह गर्न सकिने संभावना छ।

कर्णाली र भेरी जस्ता ठूला नदीहरु रहेको यस प्रदेशमा जलमार्गको विकास गर्न सकिने पर्याप्त संभावनाहरु छन्। प्रदेशमा जलयातायातको विकास गर्न सके यसले वैकल्पिक यातायातका साधनका साथै साहसिक र मनोरञ्जनात्मक यात्रा तथा पर्यटन प्रबर्द्धनमा पनि योगदान पुग्न सक्ने देखिन्छ। यसबाट प्रदेशमा ठूलो सङ्ख्यामा

पर्यटक आगमनका साथै स्थानीय स्तरमा उत्पादन, रोजगारी तथा आर्थिक वृद्धिमा सहजीकरण गर्न सकिने संभावना रहेको छ।

सन् २०४५ सम्ममा शून्य कार्बन उत्सर्जन गर्ने नेपालले जनाएको प्रतिबद्धतालाई पूरा गर्न पनि वातावरणमैत्री एवम् हरित अर्थतन्त्रको अवधारणामा आधारित विद्युतीय रेल, मोनोरेल, मनोऱ्याक, केवलकार तथा रज्जुमार्ग लगायत अत्याधुनिक यातायातका पूर्वाधार विकास गुरुयोजना तथा आयोजना विकास गर्दै कार्यान्वयनमा लानुपर्ने देखिन्छ । खासगरी प्रदेशमा जलविद्युत् उत्पादनको ठूलो संभावना रहेकोले जल तथा विद्युतीय यातायातका साधनको विकास र सञ्चालनमा यथेष्ठ ध्यान दिन आवश्यक छ।

पर्यटकीय विकासका लागि केबलकार किफायती र वातावरणमैत्री मालसामान ढुवानीको साधनका रुपमा रज्जुमार्ग यातायातको छिटो तथा सहज साधनका रुपमा विश्वभर लोकप्रिय रहेको हुँदा यसको विकास तथा सञ्चालनका लागि नीतिगत र कानुनी प्रबन्ध मिलाई थप अग्रसरता लिन आवश्यक छ। हरित ऊर्जामा आधारित यातायातका यी विकल्पबाट प्रदेशमा उत्पादन हुने विद्युत् ऊर्जाको यथेष्ठ आन्तरिक खपत हुने र प्रदेशको प्राकृतिक वातावरणलाई अक्षुण्ण राख्न सहयोग पुग्ने तथा पर्यापर्यटनको विकास गर्न र प्रदेशको समग्र सामाजिक-आर्थिक समुन्नतिको मार्ग प्रशस्त गर्न सक्ने प्रबल संभावना रहेको छ।

### ९.१.२ विद्यमान अवस्था

यस प्रदेशका १० जिल्लाहरुमध्ये हुम्ला जिल्ला सदरमुकाम तथा ७९ स्थानीय तह मध्ये तीन स्थानीय तह (मुगुम् कार्मारोङ्ग, छार्काताङसेन र शे-फोक्सुडो) का केन्द्रहरु राष्ट्रिय सडक सञ्जालमा जोडिन सकेका छैनन् । डोल्पा जिल्ला भर्खरमात्र राष्ट्रिय सडक सञ्जालमा जोडिएको र जिल्लामा सडक तथा यातायात पूर्वाधार विकास, विस्तार र यातायात सञ्चालनलाई सहज बनाउन थप पहल गर्नु आवश्यक छ। हाल प्रदेशमा १,२६५.४१ कि.मि. कालोपत्रे, १,०२०.६५ कि.मि. ग्राभेल र ७,४०१.६५ कि.मि. कच्ची गरी कुल ९,६८७.६२ कि.मि. सडक उपलब्ध रहेको छ (प्रदेश प्रहरी कार्यालय, २०८१) । यसमध्ये २०८१ कार्तिकसम्म प्रदेश सरकारबाट १८२.४५ कि.मि. कालोपत्रे, ६२०.८ कि.मि. खण्डास्मित र २८८३.८२ कि.मि. कच्ची सडक निर्माण सम्पन्न भएका छन् । कच्ची सडकमा वर्षायाममा सवारी साधन सञ्चालन गर्न तत्काल, द्रूत र विशेष पहल जरुरी देखिन्छ । प्रदेशभित्रका सडकको उपयुक्तस्तरमा मर्मतसम्भार तथा स्तरोन्नति गरी सडक यातायातलाई बढी गुणस्तरीय, सुरक्षित र वातावरणमैत्री बनाउन पनि जरुरी छ।

हाल प्रदेशमा ८ वटा विमानस्थल रहेका छन् । प्रदेश राजधानी सुर्खेतको विमानस्थल विस्तारको क्रममा रहेको छ, जुन प्रदेशको सबभन्दा ठूलो विमानस्थल पनि हो । अझै पनि प्रदेशभित्रका अन्य विमानस्थलमा यात्रा गर्न प्रदेश राजधानी बाहिरको नेपालगञ्ज तथा काठमाडौँको विमानस्थल प्रयोग गर्नु पर्ने अवस्था विद्यमान छ।

जलमार्गको संभाव्यताको अध्ययन गरी कानुनी आधार, पूर्वाधार र सुविधाको विकास, विस्तार तथा सञ्चालनमा निजी क्षेत्रको लगानी भित्र्याउन सकिने संभावना पनि प्रशस्त रहेका छन् । जलमार्गको उपयोग गरी प्रदेशबाट आयात तथा निर्यात हुने मालसामानलाई तुलनात्मक रुपमा सुपथ मूल्यमा ढुवानी गर्न सक्ने संभावना समेत रहेको छ । हालै सङ्घीय सरकारबाट कर्णाली नदीमा ऱ्याफ्टिङ्ग सञ्चालन गर्ने सम्बन्धमा संभाव्यता अध्ययन गर्ने कार्य सम्पन्न

भएबाट यस क्षेत्रमा आशाको सञ्चार प्रवाह भएको छ। यसैगरी अध्ययन तथा सर्वेक्षण गरी कर्णाली नदी विकासको ढाँचा समेत तयार भएको छ।

### ९.१.३ प्रमुख सवाल तथा चुनौती

(१) **सडक सञ्जालको विकास, विस्तार र स्तरोन्नति:** अधिकांश उच्च पहाडी एवम् हिमाली भूभाग भएका कारण यस प्रदेशमा सडक निर्माणको काम जटिल एवम् बढी खर्चिलो र वातावरणीय दृष्टिकोणबाट बढी संवेदनशील रहनु, सडक निर्माणका सम्बन्धमा तीन तहका सरकारबिच समन्वय, सहकार्य तथा सहलगानीमा अपेक्षा गरे अनुसारको पहल नहुनु, सडक निर्माण पश्चात् दिगो सञ्चालन गर्न नियमित मर्मतसम्भार तथा सुधारको कमीका कारण सडक पूर्वाधारको गुणस्तर कायम हुन नसक्दा मानवीय र वातावरणीय सुरक्षामा समेत जोखिमपूर्ण स्थिति सिर्जना हुनु प्रमुख सवालहरु हुन्। प्रदेशमा सडक निर्माणको ठूलो आवश्यकता रहनु र सो पूरा गर्न आवश्यक आर्थिक, प्राविधिक एवम् दक्ष जनशक्तिको व्यवस्था गर्नु प्रमुख चुनौतीको रुपमा रहेको छ। प्रदेशमा ७९ वटा स्थानीय तह, ७१८ वडामा गाउँबस्तीहरु छरिएर रहेकाले सबै बस्तीसम्म बाह्रैमास यातायात सञ्चालन हुने स्तरीय सडकको पहुँच पुऱ्याउनु चुनौतीपूर्ण रहेको छ।

(२) **गुणस्तरीय, उत्थानशील र वातावरणमैत्री सडक तथा यातायात पूर्वाधार विकास:** सडक निर्माण, विस्तारलाई मापदण्डअनुसार सुरक्षित, भरपर्दो र वातावरणमैत्री बनाउन नसक्नु, हिमाली तथा पहाडी दुर्गम क्षेत्रमा सडक निर्माण गर्ने निर्माण व्यवसायीको दक्षता तथा क्षमता अपेक्षाकृत रुपमा कमजोर हुनु, सडक निर्माणको लागि निर्माण सामग्रीको उपलब्धता सहज र सुनिश्चित नहुनु जस्ता सवालहरु रहेका छन्। सडक निर्माणमा प्राविधिक, वातावरणीय तथा प्रकोप प्रतिरोधी पद्धतिलाई अंगिकार गरी गुणस्तरीयता र सुरक्षाका दृष्टिले भरपर्दो तुल्याउनु, संभाव्यता तथा विस्तृत प्राविधिक प्रतिवेदनका आधारमा सडक निर्माण गर्नु, दक्ष तथा सक्षम जनशक्ति र भरपर्दो निर्माण व्यवसायीको छनोट गर्नु, विशेष तथा लक्षित वर्गमैत्री सडक निर्माण गर्नु, सडकसँगै संरक्षण पर्खाल, नाली, पेटी, भिरालोपन स्थिरीकरण (Slope Stabilization), ट्राफिक संकेत र सडक किनारा वृक्षारोपण जस्ता सहायक संरचना निर्माण गर्नु र सवारी दुर्घटनालाई न्यूनीकरण गर्ने गरी स्तरीय सडक निर्माण गर्नु यस क्षेत्रका मुख्य चुनौतीहरु हुन्।

(३) **सडक तथा यातायात पूर्वाधारको मर्मतसम्भार र दिगो व्यवस्थापन तथा सञ्चालन:** सडक निर्माण, सञ्चालन, रेखदेख, मर्मतसम्भार र सुधारको कार्ययोजना निर्माण नहुँदा प्रदेशको समग्र सडक यातायातमा सन्तोषजनक नतिजा हासिल हुन नसक्नु तथा प्रदेशमा भएका सडकमध्ये राष्ट्रिय सडक तोकिएको तथापि प्रदेश र स्थानीय तहको सडकका रुपमा जिम्मेवारी किटान नहुँदा आयोजना छनोट तथा तर्जुमा, प्राथमिकीकरण, बजेट व्यवस्थापन र आयोजना सञ्चालन तथा अनुगमनमा कठिनाइ रहनु सवालको रुपमा रहेका छन्। यस्तै चालु सडकको स्तरोन्नति, मर्मतसम्भार, सुधारको माग र आवश्यकता पनि धेरै रहेकोले सो आवश्यकता पूरा गर्नु थप चुनौती देखिएको छ।

(४) **आधुनिक तथा नवीन प्रविधिको प्रयोग, वैकल्पिक यातायात र पर्यटकीय पूर्वाधारको विकास:** सुरुङ्ग मार्गसहित आधुनिक र नवीन प्रविधियुक्त वैकल्पिक यातायात लगायतका पूर्वाधार तथा संरचनाको विकास र विस्तार हुन नसक्नु, सडक तथा यातायात पूर्वाधार विकाससँग उत्पादन, रोजगारी र आयलाई जोड्न

नसक्नु, लागत, समय र दुरी कम हुने गरी सडक निर्माण, विस्तार तथा स्तरोन्नति र पुल तथा अन्य संरचनाको निर्माण र विस्तार हुन नसक्नु, अन्तर सरकार तथा निकायगत समन्वय र अग्र-पृष्ठ सम्बन्धको विकास गरी सडक तथा यातायात पूर्वाधार विकास, विस्तार, स्तरोन्नति र उपयोग हुन नसक्नु, वैदेशिक सहयोग र स्रोत संकुचन हुनु, स्थानीय तह, निजी तथा सामुदायिक क्षेत्रसँगको सहकार्य तथा साझेदारीमा लोकमार्ग आसपास क्षेत्रमा पौडी पोखरी, व्यायामशाला, उद्यान तथा पार्क, खानेपानी तथा शौचालय, कोशेली घर, चार्जिङ स्टेसन, आरामस्थल, रैथाने खाना उपलब्ध हुने भोजनालय लगायत मनोरञ्जन तथा रिफ्रेशमेण्ट सेण्टर स्थापना तथा सञ्चालन हुन नसक्नु जस्ता सवाल कायम रहेका छन् । चुस्त खरिद प्रक्रिया, आयोजना व्यवस्थापन र व्यावाहारिक तथा वैज्ञानिक करार पद्धतिको अबलम्बन गरी सडक निर्माण र गुणस्तरको सुनिश्चितता कायम गर्नु चुनौतीपूर्ण छ ।

(५) **सुरक्षित, विश्वसनीय एवम् सुलभ हवाईसेवा तथा सुविधाको विकास र विस्तार:** भू-धरातलीय स्वरुपका कारण हिमाली जिल्लाका विमानस्थलको क्षमता अपेक्षाकृत अभिवृद्धि हुन नसक्नु, मौजुदा अवस्थामा सुधार ल्याउन विमानस्थलमा अत्याधुनिक प्रविधि र उपकरणको प्रयोग हुन नसक्नु, प्रदेश राजधानीबाट प्रत्यक्ष उडान नहुँदा हवाई सेवा बढी खर्चिलो र झन्झटिलो हुनु, प्रदेशअन्तर्गतका हिमाली जिल्लामा यात्रा गर्नका लागि हवाई सेवा प्रदायक र उडान सङ्ख्या न्यून हुनु प्रमुख सवालका रुपमा रहेका छन् । यस प्रदेशमा सीमित वायु सेवा प्रदायक कम्पनी मात्र सेवा प्रदायक रहेकाले हवाई सेवालाई आमनागरिक तथा भ्रमण गर्न चाहने आन्तरिक तथा बाह्य पर्यटकका लागि सस्तो, सुलभ र सरल बनाउनु प्रमुख चुनौती रहेको छ। यस्तै सुर्खेत विमानस्थलको विस्तार र स्तरोन्नति गरी चौबीसै घण्टा सञ्चालन हुनसक्ने बनाउनु र प्रदेशभित्रका सबै विमानस्थलमा सुर्खेतबाट हवाई सेवा सञ्चालन गर्नु पनि चुनौतीका रुपमा रहेको छ ।

(६) **जल तथा विद्युतीय यातायात विकास र विस्तारका लागि नीतिगत, कानुनी तथा संरचनागत आधार तथा पूर्वाधार निर्माण:** यस प्रदेशको सन्दर्भमा जल तथा विद्युत् यातायात नयाँ क्षेत्र भएकोले यस सम्बन्धी ज्ञान, सीप तथा अनुभवको कमी हुनु साथै आवश्यक नीति, कानुन तथ मापदण्ड उपलब्ध नहुँदा जल तथा विद्युतीय यातायात सेवा सञ्चालन र लगानीमा निजी क्षेत्र अग्रसर नहुनु र यससम्बन्धी सेवा तथा सुविधाको विकास र विस्तार हुन नसक्नु प्रमुख सवालहरु हुन् । जल तथा विद्युतीय यातायात पूर्वाधार विकास र सेवा सञ्चालन गर्नका लागि आवश्यक पूर्वाधार निर्माणको लागि लगानी जुटाउनु, आवश्यक प्रविधि र जनशक्तिको उत्पादन तथा व्यवस्थापन गर्नु र यस क्षेत्रमा निजी क्षेत्रको लगानीलाई आकर्षित गर्नु चुनौती पूर्ण रहेका छन् ।

### ९.१.४ उद्देश्य

१. दिगो र गुणस्तरीय सडक सञ्जाल विकास र विस्तार गर्नु,
२. प्रदेशभित्र र अन्तरप्रदेश सुरक्षित, सहज र सुलभ हवाई सेवा उपलब्ध गराउनु,
३. जल तथा वैकल्पिक यातायात प्रणालीको आधार तयार तथा विकास गर्नु ।

### ९.१.५ रुपान्तरणकारी रणनीति

(१) **प्रादेशिक सडक सञ्जालको विकास, विस्तार र स्तरोन्नति गर्ने:** प्रदेशको सडक पूर्वाधार विकास आवश्यकता तथा प्रदेश सडक सञ्जाल गुरुयोजना तयार गरी सोको आधारमा आयोजनाको पहिचान, अध्ययन

तथा प्राथमिकता निर्धारण गरी आयोजना बैङ्कमा समावेश गर्ने र प्राथमिकताका आधारमा क्रमशः सडक निर्माण तथा स्तरोन्नति गर्दै लगिनेछ । राष्ट्रिय सडक सञ्जालमा नजोडिएका हुम्ला जिल्ला सदरमुकाम र तीन वटा स्थानीय तहका केन्द्र राष्ट्रिय सडक सञ्जालमा जोड्न प्राथमिकतासाथ सडक निर्माण, विस्तार तथा स्तरोन्नति गर्ने गरी नेपाल सरकारसँग समन्वय, सहकार्य र पैरवी तथा स्थानीय तहसँग साझेदारी गरिनेछ । आयोजना बैङ्कमा समावेश भएका र संभाव्यता अध्ययन र पूर्व तयारी समेत विस्तृत कार्ययोजना तयार भएका सडक आयोजनामा मात्र बजेट विनियोजन गरी सडक निर्माण, विस्तार र स्तरोन्नति गर्ने पद्धतिको विकास तथा अभ्यास गरिनेछ । सबै स्थानीय तहका केन्द्र तथा सबै वडा केन्द्रसम्म वर्षैभरी आवागमन सञ्चालन हुन सक्ने सुरक्षित, भरपर्दो सडक सञ्जालको विकास, विस्तार र स्तरोन्नति गरिनेछ । प्रदेशभित्र पहिचान भएका महत्त्वपूर्ण र संभाव्य आर्थिक केन्द्रहरु तथा पर्यटकीय महत्त्वका स्थानहरुलाई आन्तरिक तथा अन्य प्रदेशसँग जोड्ने गरी स्तरीय सडक निर्माण र स्तरोन्नति गरिनेछ । यस प्रदेशबाट उत्तर तथा दक्षिणको मित्र राष्ट्र जोडिने गरी द्रूत मार्गको छिट्टै विकास गर्न सङ्घीय सरकार तथा अन्य प्रदेशसँग समन्वय र सहकार्य गरिनेछ ।

(२) **हरित तथा उत्थानशील सडक र यातायात संरचना:** सडक र यातायात संरचनालाई गुणस्तरीय, सुरक्षित तथा पहुँचयोग्य बनाउन सङ्घीय निकाय तथा स्थानीय तहसँग समन्वय, साझेदारी र सहकार्य अभिवृद्धि गरिने छ । सडक निर्माणमा अन्तरनिकायबिच समन्वय र सहमति कायम गर्ने तथा वातावरणमैत्री र जोखिम उत्थानशील वायोईन्जिनियरिङ्ग जस्ता प्रविधिको उपयोग गरिनेछ । पहिरो तथा विपद्का कारण सिर्जना हुने सडक अवरोधलाई न्यूनीकरण गर्ने, वायोईन्जिनियरिङ्ग जस्ता उपयुक्त प्रविधिको उपयोग मार्फत जलवायु अनुकूलित हुने र भू-क्षय नियन्त्रण हुने गरी सडक निर्माण र सञ्चालन गरिनेछ । सडक यातायात नपुगेका दुर्गम गाउँबस्तीमा झोलुङ्गे पुल निर्माण, स्तरोन्नति र मर्मतसम्भार गरी ग्रामीण क्षेत्रमा आवतजावत र वस्तु तथा सेवाको ओसारपसारलाई थप सहज बनाउन समन्वय, पैरवी र सहलगानी गरिनेछ ।

(३) **सडकको दिगो व्यवस्थापन, सञ्चालन र मर्मतसम्भारका लागि नीतिगत, कानुनी र संस्थागत सुधार गर्ने**: सडक मर्मत-सम्भार, स्तरोन्नति तथा पुनःस्थापना सडक यातायातलाई भरपर्दो र सुरक्षित बनाइनेछ । आधुनिक र नवीन प्रविधिको प्रयोग गरी हाल सञ्चालनमा रहेका सडकहरुको स्तरोन्नति गर्दै लगिनेछ । सडक डिजाइन, निर्माण र सञ्चालनमा सडक सुरक्षा परीक्षण (Road Safety Audit) को व्यवस्था गरिनेछ । सडक मर्मतसम्भार र दिगो सञ्चालनका लागि सडक मर्मतसम्भार कोषको संस्थागत व्यवस्था गरिनेछ । प्रादेशिक सडक सञ्जाल गुरुयोजना (Provincial Road Network Master Plan-PRNMP) तर्जुमा र सोको प्राथमिकताअनुसार स्रोतसाधनको व्यवस्था गरी चरणबद्ध रुपमा कार्यान्वयन गर्दै लगिनेछ । प्रदेश सरकारले निर्माण, विस्तार र स्तरोन्नति तथा रेखदेख गरेका प्रदेश लोकमार्ग, सहायक लोकमार्ग र प्रादेशिक सडक पूर्वाधारको मर्मतसम्भार कार्यलाई नियमित र व्यवस्थित गर्न क्षमता विकास तथा स्रोत अभिवृद्धि गरिने छ । यसैगरी सडकलाई गुणस्तरीय, सुरक्षित तथा पहुँचयोग्य बनाउन सङ्घीय सरकारका निकाय तथा स्थानीय तहसँग समन्वय, साझेदारी र सहकार्य अभिवृद्धि गरिने छ ।

(४) **आधुनिक तथा नवीन प्रविधि प्रयोग सहित यातायात पूर्वाधारको विकास गर्ने:** सुरुङ्ग मार्ग समेत रहने गरी कर्णाली करिडोर तथा भेरी करिडोरलाई द्रुत मार्गका रुपमा विकास गर्न नेपाल सरकार तथा विकास

साझेदारसँग समन्वय तथा सहकार्य गरिनेछ। आधुनिक र नवीन प्रविधियुक्त सडक, पुल, सुरुङमार्ग, केबलकार, रज्जुमार्ग, पोडवे लगायत वैकल्पिक यातायातका पूर्वाधार तथा संरचनाको विकास र विस्तार गरिने छ। साथै सडक तथा यातायात पूर्वाधार विकाससँग उत्पादन, रोजगारी तथा आयलाई जोड्ने गरी सडक विस्तार, स्तरोन्नति र पुल तथा अन्य संरचनाको निर्माण गरिने छ। अन्तरसरकार तथा निकायगत समन्वय र अग्र पृष्ठ सम्बन्धको विकासबाट सडक तथा यातायात पूर्वाधार विकास, विस्तार, स्तरोन्नति र उपयोगमा वृद्धि गरिने छ। स्थानीय तह, निजी तथा सामुदायिक क्षेत्रसँगको सहकार्य तथा साझेदारीमा लोकमार्ग आसपास क्षेत्रमा पौडी पोखरी, व्यायमशाला, उद्यान तथा पार्क, शौचालय, खानेपानी, प्रतीक्षालय, कोशेली घर, चार्जिङ स्टेसन, आरामस्थल, रैथाने खाना उपलब्ध हुने भोजनालय, होटेल र रेष्टुरेण्ट लगायत पर्यटकीय मनोरञ्जन तथा रिफ्रेशमेण्ट सेण्टर स्थापना तथा सञ्चालन गरिने छ। सडक निर्माण तथा स्तरोन्नतिमा सार्वजनिक-निजी-साझेदारी, इञ्जियरिङ्ग प्रोक्योरमेन्ट कन्स्ट्रक्सन फाइनान्सिङ्ग (EPCF), डिजाइन एण्ड विल्ड, विल्ड ओन, अपरेट एण्ड ट्रान्सफर/वुट (BOOT) जस्ता प्रचलित आधुनिक करार सम्झौता पद्धतिको अबलम्वन गरी सडकको गुणस्तर सुनिश्चितता कायम गरिनेछ। प्रदेशका महत्त्वपूर्ण धार्मिक, सांस्कृतिक तथा पर्यटकीयस्थल र केन्द्रलाई जोड्ने गरी सडक तथा अन्य यातायात पूर्वाधारका विकास, विस्तार र स्तरोन्नति गरिनेछ।

(५) **सुरक्षित, भरपर्दो र विश्वसनीय एव सुलभ हवाईसेवा तथा सुविधाको विकास र विस्तार गर्नेः** प्रदेशभित्र तथा बाहिरका प्रमुख पर्यटकीय केन्द्रहरुलाई प्राथमिकता दिदै मौजुदा विमानस्थलको स्तर वृद्धिका साथै आधुनिक प्रविधियुक्त बनाउनका लागि नेपाल सरकारसँग समन्वय तथा साझेदारी गरिनेछ। नेपाल सरकारसँग समन्वय र सहकार्य गरी सुर्खेत विमानस्थललाई स्तरोन्नति गरी चौवीसै घण्टा सञ्चालनयोग्य बनाइनेछ। नियमित उडान सञ्चालन हुन नसकेका विमानस्थलहरुको अवस्था र समस्याका सम्बन्धमा अध्ययन, समस्या सम्बोधन र स्तरोन्नति गरी प्रदेश राजधानीबाट प्रदेशभित्रका सबै विमानस्थलमा नियमित उडान हुने व्यवस्थाको लागि समन्वय, सहकार्य र साझेदारी गरिनेछ। प्रदेशमा हवाई सेवा सञ्चालनका लागि निजी क्षेत्रका थप विमान कम्पनी आउने वातावरण तयार गर्न समन्वय, पहल र सहजीकरण गरिनेछ। प्रदेशको उपयुक्त स्थानमा एक हिमाली अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्बन्धमा संभाव्यता अध्ययन र विकासका लागि नेपाल सरकार तथा सरोकारवालासँग समन्वय र पहल गरिनेछ। स्थानीय तहसँगको समन्वय र सहकार्यमा ७९ वटै स्थानीय तहमा आकस्मिक र अत्यावश्यक उद्धार कार्यका लागि एक हेलिप्याडको निर्माण गर्न पहल गरिनेछ। प्रदेशका विमानस्थलहरुमा उडान चाप र पर्यटकीय महत्त्वलाई समेत दृष्टिगत गरी अत्याधुनिक उड्ययन सहायक प्रविधि उपकरण जडान र सोका लागि दक्ष जनशक्ति व्यवस्था गर्न नेपाल सरकार तथा सरोकारवालासँग समन्वय तथा सहकार्य गरिने छ।

(६) **जल यातायात विकास र विस्तारका लागि आवश्यक कानुनी, संरचनागत तथा भौतिक पूर्वाधार विकास गर्नेः** जल यातायात विकास र विस्तारका लागि नीतिगत, कानुनी तथा संरचनागत व्यवस्था गरिनेछ। कर्णाली, भेरी र सहायक नदीहरुमा संभाव्यता अध्ययन गरी संभाव्य देखिएको भागमा जल यातायात सेवाका साथै जल विहारका लागि ऱ्याफ्टिङ्ग सेवा सञ्चालन गरिनेछ। राराताल, स्यार्पू ताल, शे फोक्सुण्डो ताल, कुपिण्डे दह, बुलबुले ताल जस्ता तालतलैयामा जलविहारका लागि आवश्यक पूर्वाधार तयार गर्न नेपाल

सरकार तथा स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ । जल यातायात तथा जलविहार सेवा सञ्चालनका लागि निजी क्षेत्रलाई प्राथमिकता दिने तथा सार्वजनिक–निजी-साझेदारी अवधारणाअनुरुप जल यातायात सेवा सञ्चालनका लागि समन्वय, सहयोग, सहजीकरण र साझेदारी गरिनेछ ।

(७) **विद्युतीय यातायात प्रणालीको विकास र सञ्चालनका लागि संभाव्यता अध्ययन, आवश्यक कानुनी, नीतिगत र संस्थागत व्यवस्था र गुरुयोजना तयार गर्नेः** प्रदेशमा सबै खाले विद्युतीय यातायात प्रणालीको विकासका लागि संभाव्यता अध्ययन गरिनेछ । विद्युतीय रेल, केबलकार, रज्जुमार्ग तथा पोडवे सञ्चालन गर्न आवश्यक कानुनी, नीतिगत र संस्थागत व्यवस्था गरिनेछ । संभाव्यता अध्ययनको आधारमा विद्युतीय यातायात प्रणालीको विकास र सञ्चालनको गुरुयोजना तयार गरिनेछ । सार्वजनिक–निजी साझेदारी अवधारणाअनुसार निजी क्षेत्रबाट निर्माण र सञ्चालन हुने गरी प्रदेशमा विद्युतीय रेल, केवलकार र रज्जुमार्ग सञ्चालनको आधार विकासका लागि आवश्यक सहयोग, सहजीकरण र साझेदारी गरिनेछ । विद्युतीय यातायात प्रणालीलाई ठूलो मात्रामा आवश्यक पर्ने जलविद्युत् उत्पादन, प्रसारण र वितरण प्रणालीको शीघ्र विकासका लागि सङ्घीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ । यस क्षेत्रमा लगानी गर्ने र चासो राख्ने निजी क्षेत्रलाई प्रोत्साहित गर्न पहल, प्रोत्साहन तथा विशेष सहुलियतको व्यवस्था गरिनेछ ।

### ९.१.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| **१** | **सडक यातायात** | |
| १.१ | प्रादेशिक सडक सञ्जाल गुरुयोजना तर्जुमा | प्रादेशिक सडक सञ्जाल गुरुयोजना स्वीकृत भई कार्यान्वयनमा आएको हुनेछ । |
| १.२ | प्रदेश आर्थिक केन्द्र जोड्ने सडक निर्माण | प्रदेश आर्थिक केन्द्र जोडने सडकहरुको पहिचान र संभाव्यता अध्ययन भई सडक निर्माण तथा स्तरोन्नति कार्य प्रारम्भ भएको हुनेछ । |
| १.३ | कर्णाली, भेरी, सडक तथा लोकमार्ग स्तरोन्नति आयोजना | नेपाल सरकारसँगको समन्वय र सहकार्यमा कर्णाली, भेरी, सडक निर्माण तथा स्तरोन्नति कार्य सुचारु भएको हुनेछ । |
| १.४ | प्रदेशमा पर्ने पुष्पलाल मध्यपहाडी लोकमार्गको निर्माण | नेपाल सरकारसँगको समन्वयमा प्रदेश खण्डमा पर्ने पुष्पलाल मध्यपहाडी लोकमार्गको निर्माण कार्य सम्पन्न भएको हुनेछ । |
| १.५ | प्रदेशमा पर्ने मदन भण्डारी लोकमार्गको खण्ड निर्माण | नेपाल सरकारसँगको समन्वयमा प्रदेश खण्डमा पर्ने मदन भण्डारी लोकमार्गको निर्माण कार्य सम्पन्न भएको हुनेछ । |
| १.६ | स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण | स्थानीय तहको केन्द्र नजोडिएका ३ स्थानीय तहका केन्द्रसम्म सडक निर्माण सम्पन्न भएको हुनेछ । |
| १.७ | स्थानीय तहको वडा केन्द्र जोडने सडक | तीनै तहका सरकार र विकास साझेदारसँग सहकार्यमा स्थानीय तहको वडा केन्द्र जोडने सडक निर्माण कार्य विस्तार भएको हुनेछ । |
| १.८ | प्रदेशलाई सुदुर पश्चिम, लुम्वबनी तथा गण्डकी प्रदेशसँग जोडने सडक | नेपाल सरकारसँगको समन्वयमा अन्तर प्रदेश सडकको संभाव्यता अध्ययन, निर्माण तथा विस्तार भएको हुनेछ । |
| १.९ | चालु सडकको स्तरोन्नति र मर्मत सम्भार | प्रादेशिक सडक सञ्जाल गुरुयोजनामा समावेश भएका सडकहरुको मर्मतसम्भार, स्तरोन्नति र नयाँ निर्माण भएको हुनेछ । |
| १.१० | प्रदेश राजधानी पूर्वाधार विकास कार्यक्रम | प्रदेश राजधानी केन्द्र भित्रका सहरी सडक लगायत पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति भएको हुनेछ । |
| १.११ | सडक पुल निर्माण विशेष कार्यक्रम | प्रादेशिक लोकमार्ग तथा प्रादेशिका सडकहरुमा संभाव्यता अध्ययनका |

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| | | आधारमा विभिन्न सडक पुल निर्माण भएका हुनेछन्। |
| १.१२ | झोलुङ्गे पुल निर्माण | दुर्गम क्षेत्र गाउँबस्ती, पदमार्ग, पर्यटकीयस्थल लगायत स्थानमा १ घण्टाको फेरोमा झोलुङ्गे पुल निर्माण र निर्माण सम्पन्न भएका झोलुङ्गे पुल मर्मतसम्भार भएको हुनेछ। |
| १.१३ | सुरुङमार्ग संभाव्यता अध्ययन | नेपाल सरकारसँगको समन्वयमा सडकलाई व्यवस्थित, सुरक्षित छोटो र सहज बनाउन सुरुङ मार्गको संभाव्यता अध्ययन भएको हुनेछ। |
| १.१४ | प्रदेशको उत्तरी नाका जोड्ने कार्यक्रम | नेपाल सरकार तथा सम्बन्धित स्थानीय तहसँगको समन्वयमा मुगुको नाक्चे नाङ्ला, डोल्पाको धो तिजे मोरिङ र हुम्लाको हिल्सासँग सडक पहुँच मार्ग निर्माण गरिनेछ । |
| **२.** | **हवाइ यातायात** | |
| २.१ | सुर्खेत विमानस्थलको विस्तार र स्तरोन्नति | नेपाल सरकारसँगको सहकार्यमा सुर्खेत विमानस्थलको विस्तार तथा स्तरोन्नति भएको हुनेछ। |
| २.२ | प्रदेशका सबै विमानस्थलको जीर्णोद्धार, स्तरोन्नति गर्ने तथा अत्याधुनिक उड्ययन प्रविधि र दक्ष जनशक्ति व्यवस्थापन | नेपाल सरकारसँगको समन्वयमा प्रदेशका सबै विमानस्थलहरुमा अत्याधुनिक उड्ययन प्रविधि र दक्ष जनशक्ति व्यवस्था भएको हुनेछ। |
| २.३ | सङ्घीय सरकार र स्थानीय तहसँगको समन्वयमा वडामा हेलिप्याडको निर्माण र सञ्चालन | सङ्घीय सरकार तथा स्थानीय तहसँगको समन्वयमा आवश्यक वडाहरुमा हेलिप्याडको व्यवस्था भएको हुनेछ। |
| **३.** | **जल यातायात** | |
| ३.१ | कर्णाली तथा भेरी लगायतका नदीमा जल यातायात सञ्चालनका लागि संभाव्यता अध्ययन र संभाव्यताका भएका क्षेत्रमा जल यातायात र जल विहार सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधारको विकास कार्यक्रम | कर्णाली तथा भेरी नदीमा जल यातायात सञ्चालनका लागि संभाव्यता अध्ययन भएको हुनेछ । संभाव्य देखिएको नदीका भागहरुमा जल यातायात तथा जल विहार सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधारको विकास भएको हुनेछ। |
| ३.२ | रारा तथा प्रदेशका अन्य संभाव्य ताल तलैयामा नौका/जल विहारका लागि आवश्यक पूर्वाधारको विकास | रारा तथा प्रदेशका अन्य संभाव्य ताल तलैयामा नौका विहार तथा अन्य जल मनोरञ्जनका लागि आवश्यक पूर्वाधारको विकास भई सार्वजनिक तथा निजी क्षेत्रबाट कार्यक्रम कार्यान्वयन भएको हुनेछ। |
| **४.** | **विद्युतीय र वैकल्पिक यातायात** | |
| ४.१ | विद्युतीय रेल, मोनोरेल, मोनोऱ्याक, केबलकार र रज्जुमार्ग सञ्चालन गर्न आवश्यक कानुनी, नीतिगत र संस्थागत व्यवस्था | विद्युतीय रेल, मोनोरेल, मोनोऱ्याक, केबलकार र रज्जुमार्ग सञ्चालन गर्न आवश्यक नीतिगत, कानुनी र संस्थागत व्यवस्था भएको हुनेछ। |
| ४.२ | सबै खाले विद्युतीय यातायात प्रणालीको विकासका लागि संभाव्यता अध्ययन | प्रदेशमा विद्युतीय रेल, मोनोरेल, मोनोऱ्याक, केबलकार, रज्जुमार्ग र पोडवे लगायतका विद्युतीय यातायात प्रणालीको विकासका लागि संभाव्यता अध्ययन भएको हुनेछ। |
| ४.३ | विद्युतीय यातायात प्रणालीको विकास र सञ्चालन गुरुयोजना तर्जुमा | हिमाल-तराई विद्युतीय रेलमार्ग, मोनोरेल, मोनोऱ्याक, रज्जुमार्ग र केवलकारको सार्वजनिक–निजी साझेदारीमा गुरुयोजना तयार भएको हुनेछ। |
| ४.५ | केवलकार निर्माण तथा सञ्चालन | प्रचलित कानुन तथा मापदण्डको आधारमा निजी क्षेत्रसँगको सहकार्यमा संभाव्य विभिन्न स्थानमा केबलकारको आयोजनाको संभाव्यता अध्ययन, प्रस्ताव आव्हान, निर्माण र सञ्चालन भएको हुनेछ |

### ९.१.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | ३० मिनेटको दुरीमा यातायात पहुँच पुगेको परिवार | प्रतिशत | ७६.२ | ७८.० | ८५.० | ९०.० |
| २ | औसत सडक घनत्व (प्रति व.कि.मि.) | कि.मि. | ०.३० | ०.३२ | ०.३५ | ०.४० |
| ३ | स्थानीय उत्पादनको निर्यात वृद्धि | प्रतिशत | ४.१ | ५.३ | ६.० | ७.० |
| ४ | हवाई यातायातको प्रयोग गर्ने जनसङ्ख्या | प्रतिशत | ८.७ | ८.६** | १२ | २० |
| ५ | सडक यातायातले जोडिएको स्थानीय तह | सङ्ख्या | ६९ | ७६ | ७९ | ७९ |
| ६ | प्रदेशको कुल सडक सञ्जाल | कि.मि. | ८९८६ | ९६८७ | १०५०० | १२००० |
| ७ | प्रदेशको कुल कालोपत्रे सडक | कि.मि. | १०७० | १२६५ | १८६५ | २५०० |
| ८ | प्रदेशको कुल ग्राभेल सडक | कि.मि. | ८३५ | १०२१ | २००० | ३००० |
| ९ | सडक पुल निर्माण* | सङ्ख्या | ३० | ३२ | ७५ | १०० |
| १० | प्रदेश राजधानी सडक विस्तार | कि.मि. | १० | १२ | १७ | २५ |
| ११ | स्तरोन्नति भएका विमानस्थल | सङ्ख्या | २ | ३ | ५ | ८ |
| १३ | झोलुङ्गे पुल | सङ्ख्या | १३०४ | १३४० | १६०० | १८०० |

* प्रदेश सरकारबाट निर्माण भएकोलाई गणना गरिएको।

** भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, कर्णाली प्रदेश।

## ९.२ यातायात व्यवस्थापन

### ९.२.१ पृष्ठभूमि

आम नागरिकको सहज र सुरक्षित पहुँच हुने गरी यातायात व्यवस्थापन गर्ने प्रमुख दायित्व प्रदेश सरकारको हो। सवारी साधनलाई कानुनले निर्धारण गरेका मापदण्डअनुसार रुट पर्मिट, दर्ता तथा नवीकरण, सवारी चालक अनुमतिपत्र तथा योग्यता परीक्षण, सवारी साधनको नियमित जाँचपास तथा नियमन, ट्राफिक व्यवस्थापन, सडकको अवस्था आदि पक्षमा सुरक्षित यात्रा भर पर्दछ। यातायात प्रणालीलाई सुरक्षित, व्यवस्थित, समावेशी र अपाङ्गतामैत्री बनाई नागरिकलाई सहज र सुरक्षित यातायात सुविधा प्रदान गर्न प्रदेशमा धेरै प्रयास गर्नुपर्ने देखिन्छ। यसबाट यातायात व्यवस्थापनमा रहेका समस्याको समाधान गरी योजनाबद्ध रुपमा कर्णालीवासीमा सहज, भरपर्दो, दिगो र सुरक्षित यातायात सेवा उपलब्ध गराउन सकिन्छ।

### ९.२.२ विद्यमान अवस्था

प्रदेशको यातायात व्यवस्थापन प्रारम्भिक अवस्थामै रहेको छ। यातायात सेवालाई सुदृढ, सक्षम, प्रभावकारी, सुरक्षित, मर्यादित, सुव्यवस्थित, प्रविधि र यात्रुमैत्री बनाउन प्रदेशको सवारी तथा यातायात व्यवस्थापन ऐन स्वीकृतिको चरणमा रहेको छ। प्रदेशमा सवारी तथा यातायात क्षेत्रको अभिलेखलाई डिजिटलाईज गर्ने काम सुरु गरिएको छ। सार्वजनिक यातायातलाई सुरक्षित, मर्यादित र सुव्यवस्थित बनाउन तीनवटा कार्यालय (सुर्खेत, रुकुम पश्चिम र जुम्ला) बाट यातायात व्यवस्थासम्बन्धी सेवा प्रवाह भईरहेको छ। यातायात व्यवस्थापनसम्बन्धी राष्ट्रिय लक्ष्य हासिल गर्न यस प्रदेशले पनि विद्युतीय सवारी साधनको प्रयोगमा जोड दिने नीति लिएको छ। जसअनुसार वार्षिक करिब १६४ वटा चार पाङ्ग्रे विद्युतीय सवारी साधन थप भईरहेका छन्। प्रदेशमा २०८० साल फागुनसम्म

विभिन्न किसिमका २६,७४९ सवारी साधन दर्ता भएका छन् । सार्वजनिक तथा निजी सवारी साधन दर्ता, नवीकरण, नामसारी तथा प्रदूषण जाँच, प्राविधिक परीक्षण लगायत सवारी साधन व्यवस्थापन कार्यलाई आधुनिक प्रणालीमा आबद्ध गर्न थप कार्य गर्नुपर्नेछ ।

### ९.२.३ प्रमुख सवाल तथा चुनौती

(१) **यातायात सेवा व्यवस्थापन तथा नियमनः** नीतिगत कानुनी, संस्थागत तथा मानव संशाधन कमी हुनु, यातायात सेवा सहज, सुलभ तथा गुणस्तरीय नहुनु, सवारी साधन जाँच तथा मर्मत कार्यशाला र ट्रायल सेन्टर लगायत भौतिक सुविधाको कमी हुनु, सार्वजनिक यातायात सहज, सुलभ र व्यवस्थित रुपमा सञ्चालन हुन नसक्नु, प्रदेश राजधानी लगायत शहरी क्षेत्रमा नगरबस सेवा सञ्चालन नहुनु, सार्वजनिक यातयात सेवामा एकाधिकार (सिण्डिकेट) प्रणाली कायम रहनु, विद्युतीय भुक्तानी सेवा सञ्चालन हुन नसक्नु, सवारी चालक अनुमतिपत्र, साधन दर्ता तथा नवीकरण, रुट पर्मिट, सवारी साधन चेकजाँच सेवा सहज हुन नसक्नु र यात्रुमैत्री सेवा उपलब्ध नहुनु, सार्वजनिक यातायात व्यवस्थापन, सञ्चालन र नियमनको उचित प्रबन्ध हुन नसक्नु, ट्राफिक नियमको व्यवस्था र परिपालना नहुनुका साथै सवारी साधनको परीक्षण गर्न आधुनिक उपकरणको कमी हुनु सवालका रुपमा रहेका छन् । प्रदेशका अधिकांश सडक गुणस्तरीय नहुनु प्रमुख सवालको रुपमा रहेको छ । नीति, कानुन, मापदण्ड, संस्थागत र मानव संशाधन व्यवस्थापन, सडकको स्तरोन्नति, सवारी साधनको परीक्षण समेत यातायात सेवा सञ्चालन, व्यवस्थापन र नियमन गर्नु चुनौती रहेको छ ।

(२) **सवारी साधन व्यवस्थापन तथा नियमनः** सार्वजनिक यातायात सेवा सहज, सुलभ र नियमित रुपमा उपलब्ध नहुनु, सडकको अवस्था जीर्ण रहनु, सवारी साधन चेकजाँच तथा परीक्षणको व्यवस्था नहुनु, नियमित रुपमा मर्मतसम्भार नगरीएका र पुराना सवारी साधन पनि सार्वजनिक यातायात सेवामा प्रयोग भइरहनु, सवारी साधनको क्षमताभन्दा बढी सवारी यात्रु र भार बोक्नु, कानुन विपरीत एकै चालकबाट धेरै लामो दुरीसम्म सवारी चलाउनु, पुराना सवारी साधनको प्रयोगले प्रदूषण बढ्नु र सडक दुर्घटनाको जोखिम बढ्दै जानु प्रमुख सवालका रुपमा रहेका छन् । ट्राफिक नियमको पूर्णपरिपालना, सडकको गुणस्तरमा सुधार, सडक दुर्घटना न्यूनीकरण, सवारीबाट हुने प्रदूषणको नियन्त्रण एवम् बढ्दै गईरहेको सवारी साधनको उचित व्यवस्थापन तथा नियमनका लागि जनशक्ति तथा उपकरणको व्यवस्था गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

(३) **दिगो तथा वातावरणमैत्री सवारी साधनको प्रयोगः** दिगो र वातावरणमैत्री सवारी साधन प्रबर्द्धन गर्न नसक्नु, सडकको अवस्था तथा अन्य पूर्वाधार विकास, विस्तार तथा सुधार नहुँदा विद्युतीय सवारी साधन प्रयोगमा वृद्धि हुन नसक्नु, सार्वजनिक यातायात सञ्चालनमा निजी तथा सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी एवम् व्यवस्थित बनाउन नसक्नु, प्रदेश राजाधानी लगायत कर्णाली, भेरी तथा राप्ती करिडोर प्रमुख स्थानमा विद्युतीय सवारी साधन चार्जिङ्ग स्टेसन, सडक सुरक्षा संकेत, रोड फर्निचर र अन्य यात्रुमैत्री सुविधा उपलब्ध नहुनु सवालका रुपमा रहेका छन् । सडकको अवस्था तथा अन्य पूर्वाधार विकास, विस्तार तथा सुधार नहुँदा विद्युतीय सवारी साधन प्रयोगमा वृद्धि गर्नु चुनौती देखिएको छ ।

### ९.२.४ उद्देश्य

१. सर्वसुलभ, गुणस्तरीय र सुरक्षित यातायात सेवाको विस्तार गर्नु,

२. सार्वजनिक यातायातलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु,

३. दिगो तथा वातावरणमैत्री सवारी साधनको उपयोगमा वृद्धि गर्नु ।

**९.२.५ रुपान्तरणकारी रणनीति**

**(१) यातायात सेवालाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनेः** यातायात व्यवस्थापनसम्बन्धी कानुनहरुमा समय सापेक्ष हुने गरी निर्माण, सुधार तथा लागु गरिनेछ र यसको परिपालना गराउन नियमित अनुगमन गरिनेछ । यातायात सेवा विस्तार गर्न नीतिगत, कानुनी तथा संरचनागत व्यवस्था गरिनेछ । सवारी साधन चेकजाँच तथा मर्मत कार्यशाला, ट्रयाल सेन्टर लगायत यातायात व्यवस्थापनसम्बन्धी भौतिक सुविधाको विकास तथा विस्तार गरिनेछ । यातायात व्यवस्थापनका लागि डिजिटल सर्भिलेन्स र ट्राफिक लाइट लगायतका आधुनिक प्रविधिको उपयोग गरिनेछ । यातायात सेवालाई अपाङ्गमैत्री, लैङ्गिक तथा जेष्ठ नागरिकमैत्री बनाउन नीतिगत संरचनागत तथा प्राविधिक व्यवस्था गरिनेछ । सवारी साधन सञ्चालनयोग्य सडकमा मात्र सार्वजनिक सवारी साधनलाई रुट अनुमति दिने व्यवस्था लागु गरिनेछ । दुर्घटनालाई न्यूनीकरण गर्न सवारी साधनको नियमित चेकजाँच तथा परीक्षण, सवारी चालक र नागरिक सचेतना तथा सडक दुर्घटना सूचना प्रणालीको अबलम्वन गरी यातायात अनुगमनलाई प्रभावकारी बनाइनेछ । प्रदेश राजधानीको यातायात व्यवस्थापनलाई व्यवस्थित गर्न वीरेन्द्रनगर नगरपालिका र ट्राफिक प्रहरीसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ । सार्वजनिक यातायातलाई प्रोत्साहन गर्दै निजी तथा सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी एवम् व्यवस्थित बनाइनेछ ।

**(२) सवारी साधन नियमन तथा ट्राफिक व्यवस्थापनमा सुधार गर्नेः** स्थानीय तह वा निजी क्षेत्रसँगको साझेदारीमा राजधानी वीरेन्द्रनगर लगायत प्रदेशभित्र सञ्चालन हुने सार्वजनिक यातायातको सञ्चालन तथा व्यवस्थापन गरिनेछ । अपेक्षित रुपमा लामा दुरीका लोकमार्गहरुकोबिचबिचमा सवारी जाँच तथा दुर्घटना हुँदा आकस्मिक उद्धार, प्राथमिक उपचार र थप उपचारको लागि ट्रमा सेन्टरको व्यवस्था मिलाइनेछ । प्रदेश राजधानीमा सवारी साधन परीक्षणको लागि आवश्यक उपकरण तथा संरचनागत व्यवस्था गरिनेछ । सडक सुरक्षा, पार्किङ तथा ट्राफिक व्यवस्थापन र सडक दुर्घटना न्यूनीकरणका लागि मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ । सडक सुरक्षाका लागि इञ्जिनियरिङ्ग, शिक्षण तथा कानुन परिपालना कार्यलाई एकीकृत रुपमा सञ्चालन गरिनेछ । यातायात व्यवस्थापन तथा सडक सुरक्षाका लागि सडक तथा सहरी क्षेत्रमा ट्राफिक संकेत, सडक बत्ती, सूचना बोर्ड तथा सन्देशमूलक सामग्रीको व्यवस्थापन गरिनेछ । सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षालाई व्यवस्थित गर्न निजी क्षेत्रसँगको सहकार्यमा राजधानी वीरेन्द्रनगर लगायत अन्य उपयुक्त स्थानमा ट्रायल सेन्टर निर्माण तथा सञ्चालन गरिनेछ ।

**(३) यातायात सुरक्षा, सञ्चालन र ट्राफिक व्यवस्थापनमा आधुनिक तथा नयाँ प्रविधिको उपयोग गर्नेः** सवारी दुर्घटनालाई न्यूनीकरण गर्न यातायात सुरक्षा सचेतना कार्यक्रम सञ्चालन गर्नुका साथै आवश्यक आधुनिक प्रविधिको व्यवस्था गरी सेवा सुचारु गरिनेछ । प्रदेश राजधानी सहरमा डिजिटल सर्भिलेन्स र ट्राफिक लाईटको व्यवस्था गरिनेछ ।

**(४) दिगो तथा वातावरणमैत्री सवारी साधनको उपयोगमा जोड दिनेः** दिगो र वातावरणमैत्री सवारी साधन प्रबर्द्धनका विद्युतीय सवारी साधनको प्रयोगलाई बढवा दिन नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ । वातावरणमैत्री सार्वजनिक यातायातलाई प्रोत्साहन गर्दै निजी तथा सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी

एवम् व्यवस्थित गरिनेछ । प्रदेश राजाधानी लगायत कर्णाली र भेरी तथा राप्ती करिडोरका प्रमुख स्थानमा विद्युतीय सवारी साधन चार्जिङ्ग स्टेसन स्थापना गरी सेवा सुचारु गरिनेछ ।

### ९.२.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | यातायात व्यवस्थापनसम्बन्धी नीति, कानुन, कार्यविधि तथा मापदण्ड तर्जुमा र परिमार्जन | समय सापेक्ष हुने गरी यातायात व्यवस्थापन सम्बन्धी नीति, कानुन र कार्यविधि तथा मापदण्डको निर्माण तथा परिमार्जन भएको हुनेछ । |
| २ | यातायात सुरक्षा तथा सचेतना कार्यक्रम | सवारी दुर्घटनालाई न्यूनीकरण गर्न यातायात सुरक्षा सचेतना कार्यक्रम सञ्चालन गर्नुका साथै आवश्यक आधुनिक प्रविधिको जडान तथा सर्भिलेन्स भएको हुनेछ । प्रदेश राजधानीमा सवारी साधनको अवस्था तथा प्रदूषण परीक्षणको लागि आवश्यक व्यवस्था गरिएको हुनेछ । |
| ३ | सार्वजनिक यातायात सञ्चालन तथा व्यवस्थापन | नेपाल सरकार, स्थानीय तह तथा निजी क्षेत्रसँगको समन्वय तथा साझेदारीमा प्रदेश राजधानी लगायत प्रदेशको अन्य क्षेत्रमा सञ्चालन हुने सार्वजनिक यातायात व्यवस्थित र सुरक्षित रुपमा सञ्चालन हुनेछ । |
| ४ | विद्युतीय सवारी साधन चार्जिङ्ग स्टेसन स्थापना | विद्युतीय सवारी साधन चार्जिङ्ग स्टेसन स्थापना र सेवा सञ्चालन भएको हुनेछ । |
| ५ | सवारी चालक अनुमति-पत्र जाँचपास ट्रायल स्थलको निर्माण | मापदण्ड अनुसारको ट्रायल स्थलको निर्माण कार्य सम्पन्न तथा सेवा सुचारु भएको हुनेछ । |
| ६ | सवारी साधन परीक्षण तथा मर्मतसम्भार कार्यशाला | स्थानीय तह तथा निजी क्षेत्रको साझेदारीमा उययुक्त स्थानमा सवारी साधन परीक्षण तथा मर्मतसम्भार कार्यशाला सञ्चालन भएको हुनेछ । |
| ७ | इञ्जिनियरिङ्ग, शिक्षण र कानुन परिपालना प्रबर्द्धन कार्यक्रम | सडक सुरक्षाका लागि इञ्जिनियरिङ्ग, शिक्षण तथा कानुन परिपालना कार्यलाई एकीकृत रुपमा सञ्चालन भएको हुनेछ । |

### ९.२.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | स्मार्ट सवारी चालक अनुमतिपत्र वितरण | सङ्ख्या | १७५०० | २०००० | २५००० | ४०००० |
| २ | विद्युतीय सवारी साधन | सङ्ख्या | ४९२ | ६५६ | १२०० | २००० |
| ३ | ४ पाङ्ग्रे सवारी साधन उपलब्ध घरपरिवार | सङ्ख्या | ३०३९ | ६६८७ | १०६९९ | १३३७८ |
| ४ | दर्ता भएका सवारी साधन (चार पाङ्ग्रे) | सङ्ख्या | ३०४७ | ३५५६ | ५००० | ८००० |
| ५ | दर्ता भएका सवारी साधन (दुई पाङ्ग्रे) | सङ्ख्या | २२०२४ | २४९८९ | २८००० | ३०००० |
| ६ | वितरण भएका इम्बोस्ड नम्बर प्लेट | सङ्ख्या | ८७७५ | ९९९० | १५००० | २०००० |
| ७ | सवारी करबाट सङ्कलित राजस्व (वार्षिक) | रु. लाख | २७६१ | ३१३९ | ३५०० | ४००० |

*स्रोतः भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, कर्णाली प्रदेश*

## ९.३ भवन, बस्ती तथा सहरी विकास

### ९.३.१ पृष्ठभूमि

प्रदेशमा परम्परागत रुपमा निर्मित एवम् छरिएर रहेका ग्रामीण बस्तीहरुको बाहुल्यता रहेको छ । अधिकांश ग्रामीण बस्तीहरुको भौगर्भिक अध्ययन गरी सुरक्षित, दिगो एवम् आधुनिक विशेषता र सुविधा सहितको योजनाबद्ध

एकीकृत हरियाली, सुरक्षित तथा सुन्दर बस्तीको अवधारणालाई आन्तरिकीकरण गर्दै रणनीतिक स्थानमा योजनाबद्ध बस्तीहरुको विकास गर्नु आवश्यक छ । हाल मौजुदा सहरी तथा ग्रामीण बस्तीलाई वातावरणमैत्री, प्रकोप प्रतिरोधी, आधुनिक सुविधायुक्त एवम् आर्थिक रुपले सबल तथा सामाजिक रुपले गतिशील एवम् मौलिकता कायम रहने गरी विकास गर्नु प्रदेशको अहिलेको प्रमुख आवश्यकता हो । नयाँ तथा एकीकृत बस्ती र सहरको विकास गर्दा मौलिकरुपमा गुणस्तरीय, सुरक्षित, विपद् उत्थानशील, समावेशी, पहुँचयोग्य सहरी सुविधा उपलब्धताको सुनिश्चिततासहित एकीकृत एवम् अन्तरआबद्धतालाई दृष्टिगत गरी बहु निकायको संलग्नता आवश्यक छ ।

प्रदेशमा स्थानीय समुदायको बसोबास भएका गाउँ तथा बस्तीको अध्ययन तथा पहिचान गरी स्थानीय संस्कृति र मौलिकतामा आधारित संरचना, बस्ती तथा सहरको पुनरुत्थान तथा विकास जरुरी रहेको छ । जनता आवास, विपन्नका घर र एकीकृत बस्ती विकास लगायतका कार्यक्रमको लागि उपयुक्त मापदण्ड बनाई स्थान छनोटलाई वस्तुपरक बनाउन एवम् एकीकृत बस्ती विकास अवधारणाको बुझाइमा एकरुपता ल्याउन आवश्यक छ । उपलब्ध प्रविधि र साधनको प्रयोग गरी प्रदेश सरकारले यसतर्फ पहल गर्न पनि आवश्यक छ । यसका साथै आवास, बस्ती तथा सहरी विकास कार्यक्रम कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारबिच प्रभावकारी समन्वय, सहकार्य र साझेदारीलाई क्रियाशील बनाउन आवश्यक छ । प्रदेशको शीघ्र विकासको लागि बस्ती विकासको बर्तमान मोडल वा ढाँचामा रुपान्तरण गरी नदी तथा सडक करिडोरमा आधारित एकीकृत बस्ती तथा सहरी विकास, दिगो तथा गुणस्तरीय पूर्वाधार विकास, कृषि तथा पशुपन्छी उत्पादन, उद्योग तथा व्यवसाय, पर्यटन तथा सेवा क्षेत्र विकास र विस्तारसहित एकीकृत तथा सहभागितामूलक बस्ती विकासको मोडेल अबलम्बन गर्न आवश्यक छ ।

### ९.३.२ विद्यमान अवस्था

प्रदेशमा पर्ने कुल ७९ स्थानीय तहमध्ये २५ वटा नगरपालिका रहेका छन् । नेपालमा नगरपालिकालाई सहरी क्षेत्रको रुपमा मानिए तापनि प्रदेश राजधानी वीरेन्द्रनगर र जिल्ला सदरमुकाम तथा केही बजार केन्द्र बाहेक नगरपालिकाका अधिकाँश भूभाग ग्रामीण क्षेत्रको रुपमा रहेका छन् । यस प्रदेशमा सहरी जनसङ्ख्याको अनुपात ५२.१ प्रतिशत रहेको छ । प्रदेशका १० जिल्लामा रहेका २५ नगरपालिका मध्ये ५ नगरपालिका सुर्खेत जिल्लामा रहेका छन् भने हुम्ला जिल्ला नगरपालिका विहीन रहेको छ । त्यसैगरी प्रदेशको कुल ३०,२११ वर्ग कि.मि. भूभागमध्ये लगभग २० प्रतिशत भूभाग नगरक्षेत्रले ओगटेको देखिन्छ (रेग्मी, २०७५) । यद्यपि विभिन्न नगरहरुको भौतिक पूर्वाधार, सुविधा र सेवाको स्तरमा विभिन्नता रहेको छ । विद्यमान नगर तथा बजारक्षेत्रले ग्रामीण क्षेत्रका लागि सेवा केन्द्रको भूमिका खेल्नुको साथै प्रदेश र समग्र देशको विकासमा मद्दत पुऱ्याइरहेका छन् । प्रदेश सरकारले सरकारी भवन, प्रदेश अस्पताल तथा अन्य अस्पताल भवन र शैक्षिक संस्थाका भवन र सभा हल निर्माणमा जोड दिदै आइरहेको छ ।

प्रदेशको राजधानी वीरेन्द्रनगर योजनाबद्ध तथा नमुना सहरको रुपमा रहेको छ । रुकुम पश्चिमको चौरजहारी तथा सुर्खेतको मेहलकुनामा नेपाल सरकारले आधुनिक सहर बनाउने योजना अगाडि सारेको छ । प्रदेश सरकार स्थापना भएपश्चात् नेपाल सरकारले सञ्चालन गर्दै आएको जनता आवास कार्यक्रम प्रदेश सरकारबाट सञ्चालन हुँदै आएको छ । यसका साथै प्रदेश सरकारले जनता आवास (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ तथा विपन्नको घर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि- २०७८ अनुसार क्रमशः आवास विकास कार्यक्रम तथा

विपन्नको लागि घर कार्यक्रम सञ्चालन गरीरहेको छ । उल्लिखित कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१ सम्ममा ३,०५२ आवास एकाइ निर्माण सम्पन्न भएका छन् ।

जोखिममा तथा छरिएर रहेका बस्तीहरुलाई सुरक्षित तथा एकीकृत रुपमा विकासका लागि तर्जुमा भएको एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन गर्न एकीकृत बस्ती विकास नियमावली र संकटग्रस्त बस्ती व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि स्वीकृति भई कार्यान्वयनको चरणमा रहेको छ ।

**९.३.३ प्रमुख सवाल तथा चुनौती**

**(१) सुरक्षित र सुविधा सम्पन्न आवास तथा एकीकृत बस्ती विकासः** एकीकृत बस्ती तथा सहर विकास गर्दा सामाजिक, आर्थिक, सांस्कृतिक र भौगोलिक तथा भौगर्भिक पक्षको अध्ययन तथा विश्लेषण नहुनु, छरिएर रहेका तथा जोखिममा रहेका ग्रामीण बस्तीलाई आधुनिक भौतिक सेवा, सुविधा सहितको एकीकृत बस्तीको रुपमा विकास गर्न नसक्नु, प्रदेशभित्र रहेका भौगोलिक रुपमा विकट र विपद्को उच्च जोखिम युक्त स्थान तथा गाउँ-बस्तीको अध्ययन र असुरक्षित बस्ती पहिचान हुन नसक्नु आदि सवालका रुपमा रहेका छन् । भौगोलिक रुपमा विकट र विपद्को उच्च जोखिम युक्त स्थानमा रहेका गाउँ-बस्तीलाई सुरक्षित स्थान पहिचान गरी स्थानान्तरण गर्नु, छरिएर रहेका तथा जोखिममा रहेका ग्रामीण बस्तीहरुलाई आधुनिक भौतिक सेवा, सुविधा सहितको एकीकृत नमुना बस्ती तथा सहरको रुपमा विकास गर्नु र सामाजिक सांस्कृतिक परिवेशसँगै बस्तीको तालमेल मिलाई एकीकृत, दिगो, व्यवस्थित तथा सुविधायुक्त आवास, गाउँ-बस्ती तथा सहरको विकास गर्नु प्रमुख चुनौतीको रुपमा रहेको छ ।

**(२) सुरक्षित, व्यवस्थित र वातावरणमैत्री एवम् समावेशी भवन, आवास तथा सार्वजनिक पूर्वाधारको निर्माणः** प्रदेशको राजधानी वीरेन्द्रनगरलाई योजनाबद्ध सहरको रुपमा विकास गरिएको भए तापनि पछिल्लो चरणमा रत्न राजमार्ग तथा कर्णाली राजमार्ग भन्दा दक्षिणको उर्वर कृषिभूमि अतिक्रमित हुँदै जानु तथा अनियन्त्रित रुपमा बस्ती विकास बढ्दै जानु, प्रदेशका अन्य सहर तथा सहरोन्मुख बस्तीहरुमा पनि खेतीयोग्य जमिन अतिक्रमण हुँदै जानु, रुकुमको चौरजहारी र सुर्खेतको मेहलकुनामा आधुनिक सहर बनाउने सङ्घीय आयोजनाले मूर्तरुप लिन नसक्नु प्रमुख सवालहरु हुन् । यसैगरी स्थानीय निर्माण सामग्रीको प्रयोगमा ह्रास आउनु, आवास तथा भवन विकासमा मौलिक विशेषता, कला र ज्ञान हराउँदै जानु, भवन निर्माण जलवायुमैत्री, भूकम्प प्रतिरोधी र प्रकोप उत्थानशील हुन नसक्नु, भवन तथा बस्ती विकास मापदण्ड र भवनसंहिताको परिपालना नहुनु, आवास तथा भवन र सार्वजनिक संरचना निर्माण अपाङ्गता भएका व्यक्ति, समावेशी, वातावरण तथा उत्थानशील मैत्री नहुनु मुख्य सवालका रुपमा रहेका छन् । तहगत सरकारबिच आपसी समन्वय कायम गरी एकीकृत बस्ती तथा सहरी विकास योजना निर्माण गर्नु, भवन, आवास, बस्ती तथा सहरी विकास र अन्य सार्वजनिक निर्माणलाई व्यवस्थित, वातावरणमैत्री, उत्थानशील, मौलिकतामा आधारित र समावेशी बनाउनु चुनौतीका रुपमा रहेका छन् ।

**(३) एकीकृत सेवा तथा सुविधा प्रवाहः** भौतिक पूर्वाधारको विकास तथा विस्तार धीमा गतिमा हुनु, उपलब्ध संरचना, पूर्वाधार तथा सुविधाको गुणस्तर अपेक्षाकृत रुपमा नहुनु, सार्वजनिक भवन तथा भौतिक संरचनाको नियमित तथा आवधिक रुपमा मर्मतसम्भार हुन नसक्नु, प्रदेशको अधिकार क्षेत्रका विषयमा प्रदेशवासीलाई

जानकारी नहुनु, सेवा प्रवाह गर्ने प्रदेशिक संरचना छरिएर रहनु, उपलब्ध भवन तथा संरचना भूकम्प प्रतिरोधी, स्थानीय कला तथा संस्कृति झल्कने, वातावरणमैत्री तथा जलवायु उत्थानशील नहुनु मुख्य सवालका रुपमा रहेका छन् । उपलब्ध मापदण्ड तथा प्रविधिको आधारमा स्रोतसाधन परिचालन गरी कर्णालीको कला, संस्कृति तथा वातावरणमैत्री संरचना, समावेशी र एकीकृत सेवा प्रवाहको लागि एकीकृत प्रशासकीय भवन तथा अन्य सार्वजनिक पूर्वाधारको निर्माण गर्नु चुनौती रहेको छ ।

**९.३.४ उद्देश्य**

१. मौलिक विशेषता र आधुनिक सुविधायुक्त दिगो, व्यवस्थित र एकीकृत आवास, बस्ती र सहरको विकास गर्नु,
२. भौगोलिक रुपमा विकट र उच्च जोखिम युक्त स्थानमा रहेका बस्तीलाई सुरक्षित स्थानमा व्यवस्थित गर्नु,
३. सुरक्षित, व्यवस्थित र वातावरणमैत्री एवम् समावेशी भवन तथा सार्वजनिक पूर्वाधारको निर्माण तथा विकास गर्नु ।

**९.३.५ रुपान्तरणकारी रणनीति**

**(१) संभावित स्थानमा मौलिक विशेषता र आधुनिक सेवा सुविधा सहितको दिगो, व्यवस्थित र एकीकृत बस्ती तथा सहरको विकास र विस्तार गर्नेः** आर्थिक-व्यापारिक केन्द्रको रुपमा विकास हुन सक्ने स्थानको छनोट गरी प्रत्येक जिल्लामा कम्तीमा एउटा पर्ने गरी थप एकीकृत बस्ती तथा नयाँ सहरको विकास गरिनेछ । सङ्घीय सरकार तथा स्थानीय तहसँग समन्वय तथा सहकार्य गरी १० वटै जिल्लाका सदरमुकाम र नगरपालिकामा योजनाबद्ध रुपले आधुनिक सेवा सुविधा सहितको सहर तथा बस्तीको क्रमशः विकास गरिनेछ । नेपाल सरकार तथा स्थानीय सरकारसँग सहकार्य र साझेदारी गरी प्रदेश राजधानी वीरेन्द्रनगर लगायत छानिएका सहरहरुलाई आधुनिक सहरका रुपमा विकास र स्तरोन्नति गरिनेछ । जिल्ला सदरमुकाम र नगरपालिकामा योजनाबद्ध सहरी विकासका लागि नेपाल सरकार, स्थानीय तह तथा सरोकारवालासँग समन्वय, साझेदारी र सहजीकरण गरिनेछ ।

**(२) विकट र विपद्को उच्च जोखिम युक्त स्थानमा रहेका बस्तीलाई एकीकृत र व्यवस्थित गर्नेः** एकीकृत बस्ती तथा सहर विकास गर्नु पूर्व सामाजिक, आर्थिक, सांस्कृतिक र भौगोलिक तथा भौगर्भिक पक्षको अध्ययन तथा विश्लेषण गरिने छ । छरिएर रहेका तथा जोखिममा रहेका गाउँ-बस्तीलाई आधुनिक भौतिक सेवा, सुविधा सहितको एकीकृत तथा सुविधायुक्त बस्तीको रुपमा विकास गरी ग्रामीण भेकबाट सहरी क्षेत्रमा हुने बसाइँसराइ दरलाई कम गरिनेछ । प्रदेशमा भौगोलिक रुपमा विकट र विपद्को उच्च जोखिम युक्त स्थानमा रहेका असुरक्षित बस्ती पहिचान गरी नजिकको सुरक्षित तथा सहज स्थानमा क्रमशः स्थानान्तरण गरिनेछ ।

**(३) विपदको उच्च जोखिममा रहेका परिवार, अति विपन्न, लोपोन्मुख र अति सीमान्तकृत जातजाति र भूमिहीनका लागि सुरक्षित र किफायती आवास उपलब्ध गराउनेः** नीति, कानुन तथा मापदण्डको व्यवस्था गरी विपद्को उच्च जोखिममा रहेका घर परिवारका लागि सुरक्षित आवासको व्यवस्था गरिने छ । शारीरिक अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत हिंसाको उच्च जोखिममा रहेका व्यक्तिका लागि

विशेष सामाजिक आवासको विकास र विस्तार गरिनेछ। यसका लागि विगतदेखि सञ्चालनमा रहेको जनता आवास तथा विपन्नका लागि घर निर्माण कार्यलाई चरणबद्ध रुपमा सञ्चालन र विस्तार गरिनेछ।

(४) **गाउँ तथा बस्तीको व्यवस्थित विकासका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने:** चक्रीय अर्थतन्त्रमा आधारित सहरी र ग्रामीण क्षेत्रका बस्तीमा न्यूनतम पूर्वाधारको निर्माण तथा विकास गरिने छ। छरिएर रहेको एवम् जोखिम युक्त बस्तीलाई मध्यनजर गरी एकीकृत बस्ती विकास कार्यक्रम विस्तार गरिनेछ। आवास, बस्ती तथा सहरी विकासलाई अध्ययन, अनुसन्धान, नवप्रवर्तन र मौलिक कला तथा अभ्यासमा आधारित बनाइनेछ।

(५) **वातावरणमैत्री एवम् समावेशी एकीकृत प्रशासकीय भवन तथा अन्य सार्वजनिक पूर्वाधार निर्माण गर्ने:** विकासका पूर्वाधार तथा संरचनालाई दिगो बनाउन प्रकृतिमा आधारित समाधान पद्धति अबलम्वन गरिने छ। भवन, आवास, बस्ती तथा सहरी विकासका पूर्वाधार लैङ्गिक संवेदनशील, बालमैत्री, ज्येष्ठ नागरिक तथा अपाङ्गमैत्री हुने गरी निर्माण तथा पुनःनिर्माण गरिने छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, जनमुखी सेवा, जलवायु परिवर्तन उत्थानशीलता जस्ता अन्तरसम्बन्धित विषयलाई प्रशासनिक भवन, आवास, बस्ती तथा सहरी विकासमा मूलप्रवाहीकरण गरिनेछ।

### ९.३.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | व्यवस्थित भवन, सहर तथा बस्ती विकास मापदण्ड निर्माण | व्यवस्थित सहर तथा बस्ती विकास सम्बन्धी मापदण्ड निर्माण भई लागू भएको हुनेछ। |
| २ | प्रदेश प्रशासनिक परिसर निर्माण | सङ्घीय सरकारसँगको समन्वयमा जग्गा प्राप्ति गरी प्रदेश सरकारका सबै मन्त्रालयहरु एकै स्थानमा रहने गरी एकीकृत भवन सहितको प्रदेश प्रशासनिक परिसर निर्माण गरी सञ्चालन भएको हुनेछ । |
| ३ | ग्रामीण सुरक्षित, एकीकृत तथा सुविधायुक्त बस्ती विकास तथा विस्तार कार्यक्रम | नेपाल सरकारको समन्वय र स्थानीय सरकारको साझेदारीमा एकीकृत तथा सुविधायुक्त ग्रामीण बस्ती र स्थान छनोट भई बस्ती स्थानान्तरण/विकासको कार्य सुरु भएको हुनेछ तथा पर्यटन विकासलाई केन्द्रमा राखी स्मार्ट भिलेज निर्माण भएको हुनेछ। |
| ४ | प्रदेश राजधानी स्मार्ट सहर निर्माण | नेपाल सरकारसँगको सहकार्यमा प्रदेश राजधानी स्मार्ट सहर निर्माणको कार्यलाई निरन्तरता पाएको हुनेछ। |
| ५ | खस सांस्कृतिक पहिचानको स्मार्ट सहर निर्माण | नेपाल सरकारसँगको समन्वयमा सिंजा र दुल्लुमा खस आर्य सांस्कृतिक पहिचानको स्मार्ट सहर विकासको कार्य प्रारम्भ भएको हुनेछ। |
| ६ | मध्यपहाडी सहर विकास कार्यक्रम | नेपाल सरकारले घोषणा गरेका मध्यपहाडी सहर विकास कार्यक्रम अन्तर्गत चौरजहारी, मेहेलकुना र राकममा नयाँ सहरको विकासमा पहल भएको हुनेछ। |
| ७ | आर्थिक केन्द्र सहर विकास कार्यक्रम | जिल्ला सदरमुकाम र आर्थिक–व्यापारिक केन्द्रमा सहरको रुपमा विकास भएका हुनेछन्। |
| ८ | जनता आवास कार्यक्रम | नेपाल सरकारसँगको समन्वयमा विपन्न, सीमान्तकृत, घरवारविहीन, जोखिममा रहेका र दलित समुदायका परिवारका लागि थप आवास गृह निर्माण भएका हुनेछन। |
| ९ | भूमिहीन र लोपोन्मुख समुदायको सुरक्षित आवास व्यवस्थापन कार्यक्रम | भूमिहीन तथा लोपोन्मुख समुदायको सुरक्षित बस्ती व्यवस्थापन गर्नुका साथै राउटे आवास संरचना निर्माण भएको हुनेछ। |

### ९.३.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | आवास व्यवस्थापन | सङ्ख्या | १७५०० | २०००० | २५००० | ४०००० |
| २ | सहरी क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्या | प्रतिशत | ५२.१० | ५२.५० | ५३.०० | ५५.०० |
| ३ | एकीकृत बस्तीमा बसोबास गर्ने जनसङ्ख्या | प्रतिशत | ०.८३ | ०.९० | १.०० | ३.०० |
| ४ | आफ्नै स्वामित्वको आवासमा वसोवास गर्ने परिवार | प्रतिशत | ९४.०० | ९५.०० | ९६.०० | ९८.०० |
| ५ | खर/फुस/माटोको छाना भएको घरमा बसोबास गर्ने परिवार | प्रतिशत | १७.४६ | १७.०० | १५.०० | १२.०० |
| ६ | सुरक्षित आवासमा बसोबास गर्ने जनसङ्ख्या | प्रतिशत | ६९ | ७० | ७२ | ७५ |
| ७ | भवन आचारसंहिताको मापदण्डअनुसार निर्मित आवासमा बसोबास गर्ने जनसङ्ख्या | प्रतिशत | १४.३३ | १५.०४ | २५.० | ३५.० |
| ८ | वातावरणमैत्री प्रविधिमा आधारित फोहोरमैला प्रशोधन र स्यानिटरी ल्याण्डफिल साइट निर्माण | सङ्ख्या | १ | १ | ४ | १० |
| ९ | एकीकृत प्रशासकीय भवन निर्माण | सङ्ख्या | ० | ० | १ | १ |
| १० | जग्गा विकास, बस्ती एकीकरण र सहरी पुनरोत्थान लगायत बस्ती विकास कार्यक्रम सञ्चालित स्थान | सङ्ख्या | ४ | ५ | ७ | १० |
| ११ | पूर्वाधार विकास भएका ग्रामीण बजारकेन्द्र | सङ्ख्या | २५ | २७ | ३५ | ४५ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, विभिन्न प्रकाशन र प्रतिवेदनहरु*

## ९.४ सूचना तथा सञ्चार प्रविधि

### ९.४.१ पृष्ठभूमि

सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग गर्दै डिजिटल नेपाल निर्माण गर्ने सङ्घीय सरकारको नीति अनुसार प्रदेश सरकारले सूचना प्रविधिको विकास र उच्चतम प्रयोग गर्न डिजिटल कर्णालीको कार्यक्रम घोषणा गरेको छ। यसबाट विद्युतीय शासन्को अवधारणाअनुसार सार्वजनिक सेवा प्रवाहमा गुणस्तर अभिवृद्धि एवम् छरितोपना ल्याई सुशासन कायम गर्न र सूचनामा नागरिकको सहज पहुँच विस्तार गर्न सहज हुने अपेक्षा रहेको छ।

### ९.४.२ विद्यमान अवस्था

प्रदेश राजधानीमा अप्टिकल फाइबर प्रणाली र ७९ वटै स्थानीय तहमा ब्रोडबेण्ड इन्टरनेट सेवा विस्तार भएको छ। प्रदेशमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधारको विकास र उपलब्ध सेवाहरुको गुणस्तर अभिवृद्धि गर्ने प्रक्रिया जारी रहेको छ। विद्युतीय शासन्को अवधारणाअनुसार सार्वजनिक सेवा प्रवाहमा गुणस्तर एवम् छरितोपना ल्याई सुशासन कायम गर्न र सूचनामा नागरिकको सहज पहुँच विस्तार गर्न डिजिटल कर्णालीका कार्यक्रम सञ्चालनमा छन्।

जनगणना २०७८ तथ्याङ्कअनुसार कर्णाली प्रदेशमा ९२.८ प्रतिशत परिवारमा कुनै न कुनै किसिमको सूचना तथा सञ्चार साधन तथा सुविधा उपलब्ध रहेको छ भने बाँकी ७.२ प्रतिशतसँग कुनै पनि साधन सुविधा पहुँच उपलब्ध हुन सकेको छैन। यस प्रदेशमा अधिकांश परिवार (८२.२ प्रतिशत) सँग साधारण मोबाइल फोन उपलब्ध रहेको छ भने ५८.४ प्रतिशत परिवारसँग स्मार्ट मोबाइल फोन उपलब्ध रहेको छ।

यस प्रदेशमा नेपाल टेलिकम र एनसेलबाट दुरसञ्चार सेवा प्रवाह भईरहेको र सोको अतिरिक्त वर्ल्डलिंक, सुविसु, भायनेट, क्लासिक टेक, सिजिनेट, डिसहोम फाइबरनेट र वेवसर्फर लगायत १० भन्दा बढी सेवा प्रदायकबाट इन्टरनेट सेवा प्रवाह भईरहेको छ । यसैगरी नेपाल टेलिकम, रेडियो नेपाल, सुनगाभा टेलिभिजन, देउती एच.डि. लगायतका टेलिभिजन र ५१ वटा एफ.एम. रेडियो स्टेसनबाट सूचना तथा सञ्चार सेवा प्रवाह भईरहेको छ ।

### ९.४.३ प्रमुख सवाल तथा चुनौती

(१) **डिजिटल कर्णाली प्रदेशः** सूचना तथा सञ्चार प्रविधिमा सबै नागरिकको सहज पहुँच स्थापित हुन नसक्नु, विकसित अत्याधुनिक प्रविधिका लागि आवश्यक पूर्वाधारको विकास, विस्तार र स्तरोन्नित हुन नसक्नु, सूचना प्रविधिसँग सम्बन्धित दक्ष जनशक्तिको मागअनुरुप आपूर्ति कम हुनु, जनसमुदायमा सूचना प्रविधि सम्बन्धी ज्ञान, क्षमता र क्रयस्तर तथा पहुँच न्यून रहनु, तहगत सरकार र अन्य सरोकारवालाबिच उचित समन्वय र सहकार्यको कमी रहनु एवम् साइवर अपराधमा वृद्धि हुनु यस क्षेत्रका प्रमुख सवालहरु हुन् । डिजिटल डिभाइड कम गर्नु, डिजिटल प्रदेशको विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिको विकास, विस्तार र सेवा उपयोगमा समतामूलक पहुँच वृद्धि गर्नु चुनौतीका रुपमा रहेका छन् ।

(२) **सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको उपयोगमा विस्तारः** यस प्रदेशमा सञ्चार तथा सूचना प्रविधिका पूर्वाधार विकास, विस्तार र प्रविधिको स्तरोन्नति हुन नसक्नु, सञ्चार सेवालाई आधुनिक प्रविधि तथा प्रणालीमा स्तरोन्नति र विस्तार गर्न नसक्नु, सूचना तथा सञ्चार प्रविधिको विकास, विस्तार र सेवा उपयोगमा समतामूलक पहुँच पुग्न नसक्नु, दूरसञ्चार तथा सूचना प्रविधि सेवा तथा पहुँच सहज, सुलभ र गुणस्तरीय हुन नसक्नु जल्दोबल्दो सवालका रुपमा देखिएका छन् । सूचना प्रविधि प्रणालीबिचमा अन्तरआबद्धता कायम गर्नु र सूचना सञ्चार क्षेत्रमा विकसित नवीन प्रविधिको समयसापेक्ष उपयोग गर्दै सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको उच्चतम उपयोग गर्नु चुनौतीको रुपमा रहेका छन् ।

(३) **व्यावसायिक, प्रतिस्पर्धी र गुणस्तरीय सूचना तथा सञ्चार प्रविधिः** शिक्षा, स्वास्थ्य सेवा प्रवाह तथा अनुसन्धानलाई सूचना प्रविधिमा आधारित बनाउन नसक्नु तथा सूचना प्रविधिमा आधारित पर्यटन, उद्यम, व्यापार तथा व्यवसायको विकास र विस्तार हुन नसक्नु तथा सूचना सञ्चार प्रविधि क्षेत्रमा युवा रोजगारी बढ्न नसक्नु मुख्य सवालका रुपमा रहेका छन् । सूचना प्रविधि तथा सामाजिक सञ्जालको प्रयोगलाई मर्यादित र विश्वसनीय बनाउनु, सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विकास हुँदै गएको विश्वव्यापी गतिशीलतासँग तालमेल कायम हुने गरी व्यावसायिक र प्रतिस्पर्धी सेवा तथा सुविधालाई गुणस्तरीय बनाउनु र सूचना सञ्चार प्रविधि क्षेत्रमा व्यावसायिकता र युवा रोजगारी बढाउनु चुनौतीका रुपमा रहेका छन् ।

### ९.४.४ उद्देश्य

१. सार्वजनिक सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको उपयोग वृद्धि गर्नु,

२. सूचना तथा सञ्चार प्रविधिमा सबै नागरिकको पहुँच सुनिश्चित गर्नु,

३. सार्वजनिक सेवा प्रवाहमा स्तरीयता र सुशासन कायम गर्नु ।

**९.४.५ रुपान्तरणकारी रणनीति**

**(१) सूचना तथा सञ्चार क्षेत्रको विकासका लागि नीतिगत, कानुनी, संरचनागत र पूर्वाधार विकास र सुदृढीकरण गर्ने**: प्रदेशमा सुशासन, सेवा प्रवाह र नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधिको विकास, प्रबर्द्धन तथा उपभोगको लागि आवश्यक नीतिगत, संरचनागत र संस्थागत प्रबन्ध गरिने छ। डिजिटल कर्णाली निर्माणका लागि आवश्यक नीतिगत, कानुनी, संस्थागत र पूर्वाधारको विकास गरी सबै सहर तथा गाँउबस्तीलाई भरपर्दो सूचना तथा सञ्चार सञ्जालमा आबद्ध गरिनेछ। प्रदेशको उपयुक्त स्थानको अध्ययन तथा पहिचान गरी सूचना प्रविधि ग्रामको स्थापना गरिनेछ। आमसञ्चारका माध्यमको अनुगमन र नियमनको संस्थागत व्यवस्था मिलाइनेछ । सूचना तथा सञ्चारको पहुँच विस्तार गर्न आवश्यक पर्ने टावर निर्माण, अप्टिकल फाइवर विस्तारको कार्यलाई तीव्रता प्रदान गर्न सहयोग र सहजीकरण गरिनेछ। सबै सरकारी निकाय तथा कार्यालयमा सुरक्षित र भरपर्दो डिजिटल प्रविधि तथा उपकरण व्यवस्था तथा सूचना प्रविधि प्रणाली सञ्चालन गरिनेछ।

**(२) सूचना तथा सञ्चार प्रविधिमा जनताको पहुँच सुनिश्चित गर्ने**: सूचना तथा सञ्चार प्रविधि पूर्वाधारको विकास, स्तरोन्नति, सुदृढीकरण र विद्युतीय तथ्याङ्कको सङ्कलन, भण्डारण, सुरक्षण र उपयोगलाई प्रभावकारी बनाइनेछ। सूचना तथा सञ्चार प्रविधिको विकासमा दक्ष र सीपयुक्त मानव संशाधनको प्रक्षेपण तथा विकास गरी खोज, अनुसन्धान तथा नवप्रवर्तनमा परिचालन गरिने छ। सूचना तथा सञ्चार प्रविधिमा नागरिकको पहुँच सुनिश्चित गर्न स्वस्थ्य र गुणस्तरिय बजार प्रबर्द्धन गरिने छ। सार्वजनिक निकायका सूचना विद्युतीय सञ्चार माध्यमबाट नियमित रुपमा प्रवाह गर्ने व्यवस्थालाई प्रभावकारी बनाई नागरिकमा सूचनाको हक प्रत्याभूत हुनेगरी पहुँच विस्तार गरिने छ।

**(३) सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग गर्ने**: सार्वजनिक सेवाप्रवाहलाई सूचना प्रविधियुक्त बनाउन सूचना व्यवस्थापन प्रणालीबिच अन्तरआबद्धता कायम गरिने छ। सूचना प्रविधिको माध्यमबाट प्रदेशको प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदा र विविधतालाई राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय क्षेत्रमा पहिचान गराउन वृत्तचित्र, फोटोग्राफी र चलचित्र छायाङ्कनको आकर्षक गन्तव्यस्थलको रुपमा प्रबर्द्धन गरिने छ। विद्युतीय शासन्को अवधारणा अनुसार सार्वजनिक सेवा प्रवाह र पृष्ठपोषणमा सूचना तथा सञ्चार प्रविधिको उपयोगलाई प्राथमिकता दिन आवश्यक व्यवस्था गरिने छ। प्रदेशस्तरमा सुरक्षित र सुलभ छपाइको व्यवस्था गरिनेछ।

**(४) डिजिटल इकोसिष्टम निर्माण गर्ने**: सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधियुक्त, सहज र गुणस्तरीय बनाइने छ। मोवाइल तथा इन्टरनेट सेवामा नागरिकको पहुँच विस्तार गर्नुका साथै दुरसञ्चार सेवालाई सहज, सुलभ र गुणस्तरीय बनाउने छ। सूचना तथा सञ्चार प्रविधि तथा सामाजिक सञ्जालको उच्च उपयोग गरी प्रदेशको प्राकृतिक सुन्दरतालाई विश्व जगत्मा उजागर गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । विद्युतीय तथ्याङ्कहरुको सुरक्षाको उचित प्रबन्ध गरिनेछ । साइवर अपराध सम्बन्धमा जनचेतना तथा नियमनका उपायहरुको अवलम्वन गरिनेछ।

### ९.४.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | प्रदेश सूचना तथा सञ्चार नीति, कानुन र संरचनागत तथा पूर्वाधार विकास | प्रदेश सूचना तथा सञ्चार नीति, कानुन, संरचना र पूर्वाधारको व्यवस्था भएको हुनेछ। |
| २ | डिजिटल कर्णाली निर्माणका लागि पूर्वाधार विकास र प्रविधि व्यवस्थापन | डिजिटल कर्णाली निर्माणका लागि भौतिक पूर्वाधारको यथेष्ठ विकास तथा प्रविधिको व्यवस्था भएको हुनेछ। |
| ३ | सूचना प्रविधि ग्रामको स्थापना | सूचना प्रविधि ग्रामको स्थापनाका लागि नीतिगत, कानुनी र संरचनागत आधार तथा आधारभूत पूर्वाधारको विकास भएको हुनेछ। |
| ४ | सूचना तथा सञ्चार प्रविधि क्षेत्र एवम् व्यावसायिक पत्रकारिता प्रबर्द्धन | सूचना तथा सञ्चार प्रविधि क्षेत्र एवम् पत्रकारिताको व्यावसायिकता प्रबर्द्धन प्रवर्धन भएको हुनेछ। |
| ५ | साइवर अपराध नियन्त्रण र जनचेतना कार्यक्रम | साइवर अपराध सम्बन्धमा जनचेतना तथा नियमनका उपायको अवलम्वन भएको हुनेछ। |
| ६ | विद्युतीय तथ्याङ्क सुरक्षा कार्यक्रम | विद्युतीय तथ्याङ्कको सुरक्षाको उचित प्रबन्ध भएको हुनेछ। |
| ७ | विशिष्टीकृत सूचना प्रविधि सेवा, क्षमता विकास र डिजिटल साक्षरता कार्यक्रम | प्रविधि विकास परीक्षण, तथ्याङ्क संरक्षण तथा प्रशोधन, अध्ययन अनुसन्धान, सेवा प्रवाहमा विशिष्टकृत सूचना प्रविधि सेवा विस्तार, क्षमता विकास तथा सचेतना अभिवृद्धि भएको हुनेछ र |

### ९.४.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | इन्टरनेटमा पहुँच उपलब्ध जनसङ्ख्या | प्रतिशत | ७४ | ७४ | ८० | ८५ |
| २ | कुनै पनि टेलिफोन प्रयोग गर्ने जनसङ्ख्या | प्रतिशत | ८२.२३ | ८३.०६ | ८४.७२ | ८७.२६ |
| ३ | स्मार्ट मोबाइल फोन प्रयोग गर्ने परिवार | प्रतिशत | ५८.४ | ६०.० | ७०.० | ८०.० |
| ४ | सुचारु इन्टरनेट सेवा प्रदायक | सङ्ख्या | १२ | १२ | १२ | १८ |
| ५ | प्रदेशभित्र कायम रहेका अनलाइन मिडिया | सङ्ख्या | २६ | ४२ | ४८ | ६० |
| ६ | सूचना र सञ्चारका आधुनिक सुविधा उपलब्ध परिवार | प्रतिशत | ९२.८ | ९३.० | ९५.० | ९६.० |
| ७ | कुल गार्हस्थ्य उत्पादनमा सूचना प्रविधि क्षेत्रको योगदान | प्रतिशत | १.३० | १.३० | १.४ | २.० |
| ८ | सूचना प्रविधि क्षेत्रबाट सिर्जित रोजगारी सङ्ख्या | हजारमा | २८५ | ३१४ | ३८० | ४६० |
| ९ | सूचना प्रविधिमा आधारित कार्यालय व्यवस्थापन तथा सेवा प्रवाह भएका प्रदेश कार्यालय | सङ्ख्या | ८० | ९० | १२० | १५९ |
| १० | डिजिटल साक्षरतामा आबद्ध जनसङ्ख्या | प्रतिशत | २५ | २५ | ४० | ५० |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश।

परिच्छेद १०

# जलस्रोत, स्वच्छ ऊर्जा र खानेपानी


१०.१ जलस्रोत, विद्युत् तथा स्वच्छ ऊर्जा १४४

१०.२ सिँचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन १४९

१०.३ खानेपानी, सरसफाइ तथा स्वच्छता १५३

# परिच्छेद-दश
# जलस्रोत, स्वच्छ ऊर्जा र खानेपानी

## १०.१ जलस्रोत, विद्युत् तथा स्वच्छ ऊर्जा

### १०.१.१ पृष्ठभूमि

कर्णाली जलविद्युत् उत्पादन लगायत जलस्रोतको बहुउपयोगको अधिक संभावना भएको प्रदेश हो । जलस्रोत तथा ऊर्जा प्रदेशको समृद्धिको प्रमुख आधार हो । विश्वभर वातावरण संरक्षणका लागि दिगो, उत्थानशील तथा वातावरणमैत्री हरित ऊर्जाको उत्पादन र उपयोग पहिलो प्राथमिकतामा रहेको सन्दर्भमा क्षमता अनुसारको जलविद्युत् उत्पादन तथा जलस्रोतको उपयोग गरी कृषि, उद्योग, पर्यटन र यातायात लगायतका प्रमुख आर्थिक क्षेत्रको विकास गर्नुका साथै विद्युत् निर्यातबाट आर्थिक वृद्धि हासिल गरी प्रदेशवासीको जीवनस्तर उकास्न महत्त्वपूर्ण योगदान पुऱ्याउन सकिने संभावना रहेको छ ।

जलविद्युत् उत्पादन, वितरण तथा उपयोगमा निजी क्षेत्र तथा विकास साझेदारको भूमिका महत्त्वपूर्ण रहेको छ । यस प्रदेशमा जलस्रोत तथा जलविद्युत् र स्वच्छ ऊर्जा उत्पादन, उपयोग र निर्यातमा सङ्घ तथा प्रदेश सरकारले प्राथमिकता दिंदै आएका छन् । यसैअनुरुप प्रदेश सरकारले पहिलो पञ्चवर्षीय योजना मार्फत "कर्णालीको पानी जनताको लगानी" लगायत यस क्षेत्रमा जनचाहना अनुसारको कार्यक्रम सञ्चालनको प्रयास अगाडि बढाएको थियो । प्रदेशको शतप्रतिशत घरधुरीमा विद्युत् सेवाको पहुँच पुऱ्याउन र अन्य क्षेत्रमा बढ्दै गएको यसको मागलाई सम्बोधन गर्न तथा विद्युत्मा आत्मनिर्भर भई निर्यात गर्न प्रदेशको जलविद्युत् उत्पादनमा लगानी बढाउन आवश्यक छ ।

प्रदेशभित्रको जलविद्युत् उत्पादन न्यून रहेको र राष्ट्रिय प्रसारण लाइन उपलब्ध नभएका स्थानमा वैकल्पिक र नवीकरणीय ऊर्जा मार्फत कर्णाली उज्यालो कार्यक्रम सफल पार्न सकिने आधार रहेको छ । यसबाट नै हाल छरिएर रहेका गाउँ-बस्तीलाई उज्यालो बनाउन सफल हुनुका साथै नागरिकको ऊर्जाको आवश्यकता सुलभ रुपमा र सुपथ मूल्यमा प्राप्त गर्न धेरै मात्रामा सफलता समेत मिलेको छ । वैकल्पिक तथा नवीकरणीय ऊर्जा तुलनात्मक रुपमा कम लगानीमा स्थानीयस्तरमै तत्काल उपलब्ध हुन सक्ने ऊर्जा भएकोले ग्रामीण विद्युतीकरणका लागि यसको ठूलो महत्त्व रहेको छ । वैकल्पिक ऊर्जाअन्तर्गत सौर्य ऊर्जा नै प्रदेशमा हाल उपयोग भएका ऊर्जाको स्रोतमा प्रमुख भए तापनि लघु जलविद्युत्, वायु ऊर्जा, जैविक ऊर्जा तथा हाल विश्वमा विकसित हुँदै गरेको हाइड्रोजन ऊर्जाबाट समेत धेरै फाइदा लिन सकिने संभावना रहेको छ ।

### १०.१.२ विद्यमान अवस्था

यस प्रदेशमा जलविद्युत् उत्पादन क्षमता कुल १८ हजार मेगावाट रहेको प्रारम्भिक अनुमान संभाव्यता अध्ययनले देखाएको छ । यो राष्ट्रिय जलविद्युत् उत्पादन क्षमताको महत्त्वपूर्ण हिस्सा हो । यसैले जलविद्युत् उत्पादनलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको छ । प्रचुर संभावनाका वावजुद प्रदेशमा आर्थिक वर्ष २०७६/०७७ सम्म ८ मेगावाट जलविद्युत् उत्पादन भएकोमा आ.व. २०८०/०८१ सम्म १६ मेगावाटमात्र उत्पादन भएको अवस्था छ । जलविद्युत् उत्पादनको क्षेत्रमा लगानीको लागि स्वदेशी तथा विदेशी निजी क्षेत्र र विकास साझेदारको विशेष

अभिरुचि रहेको छ भने आम नागरिक समेत जलविद्युत् आयोजनामा लगानी गर्न धेरै उत्सुक रहेका छन् । यसैगरी उत्पादित विद्युत् खपतका लागि प्रशस्त आन्तरिक र बाह्य बजार विस्तार हुँदै गएको छ ।

जनगणना-२०७८ अनुसार बत्ती बाल्न विजुली प्रयोग गर्ने घरपरिवार ४९.६ प्रतिशत रहेको छ भने सोलार वा सौर्य ऊर्जा प्रयोग गर्ने घरपरिवार ४७.९ प्रतिशत रहेको छ ।

### १०.१.३ मुख्य सवाल तथा चुनौती

(१) **जलस्रोतको एकीकृत तथा योजनाबद्ध विकास, वहुउपयोग र संरक्षणः** नदीबेसिन तथा एकीकृत जलस्रोत व्यवस्थापन प्रणालीमा आधारित एकीकृत जलस्रोत विकास रणनीति उपलब्ध नहुनु, नदीबेसिन तथा एकीकृत जलस्रोत व्यवस्थापन अवधारणा, अध्ययन एवम् अनुसन्धान, नवप्रवर्तन र प्रविधि एवम् अभ्यासमा आधारित जलस्रोतको एकीकृत व्यवस्थापन नहुनु, जलाशय, विद्युत्, सिँचाइ तथा खानेपानीसम्बन्धी बहुउपयोगी आयोजनाको विकास, विस्तार र सञ्चालनमा प्राथमिकताका साथ लगानी र कार्यान्वयनको व्यवस्था नहुनु, प्राज्ञिक तथा अनुसन्धान संस्थासँगको सहकार्यमा अनुसन्धान तथा विकासबाट जलस्रोतको क्षेत्रमा विकास भएका नवीन प्रविधि तथा अभ्यासको प्रयोग संरचना निर्माण, विकास तथा सञ्चालनमा नहुनु यस क्षेत्रका प्रमुख सवालहरु हुन् । अध्ययन एवम् अनुसन्धान, नवप्रवर्तन, प्रविधि एवम् अभ्यास, नदीबेसिन तथा एकीकृत जलस्रोत व्यवस्थापन प्रणालीमा आधारित जलस्रोतको एकीकृत विकास तथा व्यवस्थापन गर्नु चुनौतीका रुपमा रहेका छन् ।

(२) **विद्युत् आयोजनाको शीघ्र विकास, सञ्चालन र उत्पादनः** जलस्रोत तथा जलविद्युत् विकास, सञ्चालन तथा उपयोग सम्बन्धी अध्ययन तथा अनुसन्धान, नीति, नियम तथा प्रदेश संरचनाको व्यवस्था र दक्ष प्राविधिकको कमी हुनु, प्रदेशस्तरीय जलविद्युत् आयोजना निर्माणका लागि स्थानीय नागरिकलाई शेयर लगानी गर्ने अग्राधिकार सहितको नीतिगत तथा कानुनी व्यवस्था हुन नसक्नु र विस्तृत परियोजना प्रतिवेदन तयार भई सकेका जलस्रोत तथा जलविद्युत् विकास आयोजनाको निर्माण प्रारम्भ हुन नसक्नु यस सम्बन्धी प्रमुख सवालका रुपमा रहेका छन् । जलविद्युत् समेत जलस्रोतमा आधारित आयोजना विकास र सञ्चालन सम्बन्धमा सक्षम तथा सहज वातावरण निर्माण गर्नु, प्रदेशस्तरीय जलविद्युत् आयोजना निर्माणका लागि स्थानीय नागरिकलाई शेयर लगानी गर्ने अग्राधिकार उपलब्ध गराउनु र वर्षैभरी समान रुपमा विद्युत् उत्पादनका लागि जलप्रवाहमा आधारित आयोजनाभन्दा जलाशययुक्त तथा पम्प स्टोरेज सिद्धान्तमा आधारित जलविद्युत् आयोजनालाई प्राथमिकताकासाथ विकास र निर्माण गर्नु यसका प्रमुख चुनौतीहरु हुन् ।

(३) **जलविद्युत्को उत्पादन र वितरणबाट कृषि, उद्योग र सेवाक्षेत्रको विकास र विस्तारः** प्रदेशमा जलविद्युत् आपूर्ति भरपर्दो नहुनु र आवश्यकता अनुसार आन्तरिक विद्युत्को माग पूरा हुन नसक्नु, विद्युत् प्रसारण तथा वितरण लाइन निर्माणका आयोजनाहरु समयमा पूरा हुन नसक्नु यस क्षेत्रका प्रमुख सवालहरु हुन् । जलविद्युत्को उच्च माग पूरा गर्न आवश्यक जलविद्युत् आयोजनाहरुको निर्माण प्रारम्भ गर्नु र यसका लागि आवश्यक लगानीको व्यवस्थापन गर्नु, जलविद्युत् एवम् प्रसारण लाइन आयोजना निर्माणका लागि आवश्यक पर्ने जग्गा र सडकको क्षेत्राधिकार प्राप्त गर्नु तथा आयोजना समयमै र तोकिएको लागतमा सम्पन्न

गरी प्रदेशका सबै नागरिकलाई विद्युत् सुविधा उपलब्ध गराउनु र प्रदेश समृद्धिको आधार तयार गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरु हुन्।

(४) **जलविद्युत् प्रवर्द्धनः** पहिचान भएका जलस्रोत तथा जलविद्युत् आयोजनाको संभाव्यता अध्ययन र आयोजना विकास नहुनु, संभाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रस्ताव तयार भएका ठूला, मझौला र साना विद्युत् आयोजना समेत सञ्चालन हुन नसक्नु, जलविद्युत् आयोजना सञ्चालन तथा वितरणको लागि सडक तथा विद्युत्लाइन लगायतका पूर्वाधारको विकास र विस्तारमा ढिलाइ हुनु, सबै घरपरिवारमा विद्युत् सुविधा उपलब्ध नहुनु आदि यस क्षेत्रका प्रमुख सवालहरु हुन्। प्रदेशभित्रको विद्युत् वितरण प्रणालीलाई आधुनिक प्रविधियुक्त बनाउन स्वचालित एवम् स्मार्ट ग्रिडमा आधारित विद्युत् वितरण प्रणालीको प्रयोग गर्नु, उत्पादित विद्युत्लाई वितरण लाइनमा जोड्नु र राष्ट्रिय ग्रिडमा प्रवाह गराउन उपयुक्त क्षमताको आन्तरिक प्रसारण लाइन निर्माण, विस्तार र स्तरोन्नति गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन्।

(५) **वैकल्पिक तथा नवीकरणीय ऊर्जाको विकास तथा उपयोगः** लघु जलविद्युत्, सोलार तथा वायु ऊर्जा, वायोग्याँस लगायतका वैकल्पिक तथा नवीकरणीय ऊर्जामा प्रदेशको आवश्यकता पूरा हुने गरी सबै स्रोतहरुको उपयोग गर्न आर्थिक स्रोत तथा प्राविधिक क्षमताको कमी हुनु, वैकल्पिक ऊर्जा घरायसी आवश्यकता परिपूर्तिमा मात्र सीमित हुनु, वैकल्पिक ऊर्जालाई अन्य कार्यमा उपयोगमा ल्याउन नसक्नु यस क्षेत्रका प्रमुख सवाल हुन्। सौर्य ऊर्जामात्र नभई वैकल्पिक तथा नवीकरणीय ऊर्जाका अन्य स्रोतहरु जस्तै वायु ऊर्जा तथा जैविक ऊर्जाको समेत विकास गर्नु र यसलाई ग्रामीण भेग विद्यमान परम्परागत ऊर्जाको स्रोत दाउरालाई प्रतिस्थापन गर्ने गरी विकास गर्नु, वैकल्पिक तथा स्वच्छ ऊर्जामा ग्रामीण समुदायको पहुँच बढाउनु, वैकल्पिक ऊर्जा प्रणालीको दिगो सञ्चालन र व्यवस्थापन गर्नु, वैकल्पिक ऊर्जा प्रविधिबाट ऊर्जा उत्पादन, उपयोग र व्यवस्थापनका लागि तहगत सरकारबिच आपसी समन्वय, सहकार्य र साझेदारी गर्नु मुख्य चुनौतीका रुपमा रहेका छन्।

### १०.१.४ उद्देश्य

१. जलस्रोतको बहुउपयोगबाट कृषि, उद्योग र सेवा क्षेत्रको विकास गर्नु,
२. जलविद्युत्को उत्पादन, उपभोग र निर्यात बढाउनु
३. वैकल्पिक तथा नवीकरणीय ऊर्जाको विकास, विस्तार तथा उपयोग वृद्धि गर्नु।

### १०.१.५ रुपान्तरणकारी रणनीति

(१) **जलस्रोतको एकीकृत तथा योजनाबद्ध विकास, वहुउपयोग र संरक्षण गर्नेः** नदीबेसिन एकीकृत जलस्रोत व्यवस्थापन अवधारणा, अध्ययन, अनुसन्धान तथा नवप्रवर्तन र प्रविधि एवम् अभ्यासमा आधारित भई जलस्रोतको एकीकृत विकास तथा व्यवस्थापन गरिनेछ। यसका लागि जलविद्युत्, जलाशय र सिँचाइसमेतलाई समेटेर नदीबेसिन जलस्रोत व्यवस्थापन प्रणालीमा आधारित एकीकृत जलस्रोत विकास रणनीति तर्जुमा गरिने छ। तहगत सरकारबिच समन्वय, सहकार्य तथा साझेदारी गरी जलाशय, विद्युत्, सिँचाइ तथा खानेपानी आयोजनाको विकास, विस्तार र सञ्चालनमा प्राथमिकताका साथ लगानी र कार्यान्वयनको व्यवस्था गरिनेछ।

जलविद्युत्, स्वच्छ ऊर्जा र जलस्रोतसम्बन्धी आयोजना निर्माणमा निजी र वैदेशिक लगानी आकर्षित हुने गरी सहज वातावरण तयार गरिने छ । प्राज्ञिक तथा अनुसन्धान संस्थासँगको सहकार्यमा अनुसन्धान तथा विकासबाट जलस्रोतको क्षेत्रमा विकास भएका नवीन प्रविधि तथा अभ्यासलाई संरचना निर्माण, विकास तथा सञ्चालनमा प्रयोग गर्ने व्यवस्था मिलाइने छ ।

(२) **विद्युत् आयोजनाको शीघ्र विकास, सञ्चालन र उत्पादन गर्ने**: प्रदेशको अधिकार क्षेत्र भित्रको जलस्रोत जलविद्युत् तथा ऊर्जा सम्बन्धी आयोजनाको शीघ्र विकास, सञ्चालन, समन्वय, सहयोग, सहजीकरण र नियमनका लागि प्रदेशस्तरमा उपयुक्त संरचना स्थापना गरिनेछ । छिट्टै निर्माण गर्न सकिने विद्युत् आयोजनाको पहिचान गरी ती आयोजना निजी क्षेत्रसँगको साझेदारीमा निर्माण गरिनेछ । वातावरणीय अध्ययन एवम् विस्तृत आयोजना प्रतिवेदन तयार भएका जलस्रोत तथा जलविद्युत् आयोजनाहरुको तत्काल निर्माण प्रारम्भ गर्न आवश्यक पहल, समन्वय, साझेदारी र पैरवी गरिनेछ ।

(३) **जलविद्युत्को उत्पादन र वितरणबाट कृषि, उद्योग र सेवा क्षेत्रको विकास र विस्तार गर्ने**: जलविद्युत् समेत जलस्रोतमा आधारित आयोजना विकास र सञ्चालन सम्बन्धमा सबल वातावरण निर्माण गर्न आवश्यक नीति, नियम तथा प्रदेश संरचना र दक्ष प्राविधिकको व्यवस्था मिलाइनेछ । प्रदेशस्तरीय जलविद्युत् आयोजना निर्माणका लागि स्थानीय नागरिकलाई शेयर लगानी गर्ने अग्राधिकार उपलब्ध गराउने नीतिगत तथा कानुनी व्यवस्थाका लागि समन्वय, पैरवी र पहल गरिनेछ । वर्षैभरी समान रुपमा विद्युत् उत्पादनका लागि जलप्रवाहमा आधारित आयोजनाभन्दा जलाशययुक्त तथा पम्पस्टोरेज सिद्धान्तका आधारमा जलविद्युत् आयोजनाहरुलाई प्राथमिकताका साथ निर्माण गर्न प्राथमिकता दिइनेछ । जलविद्युत् उत्पादन, वितरण तथा उपयोगको लागि अन्तर सरकार, निजी क्षेत्र, विकास साझेदार तथा गैरसरकारी र समुदायसँग समन्वय, सहकार्य, साझेदारी र सहलगानी प्रबर्द्धन गरिनेछ ।

(४) **जलविद्युत् प्रबर्द्धन गर्ने**: विद्युत् वितरण प्रणालीलाई आधुनिक प्रविधियुक्त बनाउन प्रदेशभित्रको विद्युत् वितरण प्रणालीमा स्वचालित एवम् स्मार्ट ग्रिडको क्रमशः प्रयोग गर्दै लगिनेछ । उत्पादित विद्युत्लाई वितरण लाइनसँग जोड्न र राष्ट्रिय ग्रिडमा प्रवाह गराउन उपयुक्त क्षमताको आन्तरिक प्रसारण लाइन निर्माण र विस्तारका साथै उपलब्ध लाइनको क्षमता स्तरोन्नति गरिनेछ ।

(५) **वैकल्पिक तथा नवीकरणीय ऊर्जाको प्रबर्द्धन तथा उपयोग विस्तार गर्ने**: वैकल्पिक ऊर्जा प्रविधि तथा अभ्यासको प्रबर्द्धन, दिगो विकास एवम् विस्तार गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । लघु तथा साना उद्यम व्यवसायको विद्युत् आवश्यकता परिपूर्तिका लागि वैकल्पिक ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ । वैकल्पिक ऊर्जालाई अस्पताल, विद्यालय, होटेल व्यवसाय, पर्यटकीय स्थल आदिमा ऊर्जाको भरपर्दो तथा वैकल्पिक स्रोतका रुपमा विकास र उपभोग गरिनेछ । ग्रामीण भेगका वैकल्पिक ऊर्जा प्रणाली तथा आयोजनाको दिगो सञ्चालनका लागि स्थानीय समुदाय तथा सरकारसँग साझेदारी र सहलगानीका लागि कोष स्थापना गरी परिचालन गरिनेछ । स्थानीय तह तथा समुदायलाई वैकल्पिक ऊर्जाको विकासका लागि क्षमता अभिवृद्धि, प्रविधि हस्तान्तरण एवम् स्रोत परिचालन गर्न सहयोग र सहजीकरण गरिनेछ । जैविक पदार्थ/फोहोरको उपयोग गरी उपयुक्त क्षमताका वायोग्यास प्लान्ट स्थापनाका लागि कार्यक्रम सञ्चालन गरिनेछ । वैकल्पिक ऊर्जालाई

सहरी क्षेत्रमा पनि विस्तार गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । वैकल्पिक ऊर्जातर्फ सौर्य ऊर्जा लगायत वायु ऊर्जा, जैविक ऊर्जा सहित हाल विकसित हुँदै गरेको हाइड्रोजन ऊर्जाको विकासमा समेत आवश्यक पहल गरिनेछ ।

### १०.१.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | जलस्रोत तथा ऊर्जा सम्बन्धी नीति, कानुन, संरचना निर्माण र सञ्चालन | जलस्रोत तथा ऊर्जा सम्बन्धी प्रदेश नीति, कानुन, संरचना निर्माण भई कार्यान्वयनमा आएका हुनेछन् । |
| २ | एकीकृत जलस्रोत र ऊर्जा विकास रणनीति तथा कार्ययोजना तर्जुमा | एकीकृत जलस्रोत तथा ऊर्जा विकासको मार्गचित्र तथा कार्ययोजना तर्जुमा भएको हुनेछ । |
| ३ | जलविद्युत् विकासको संभाव्यता अध्ययन | प्रदेशभरीको जलविद्युत् उत्पादन र वितरणको संभाव्यता अध्ययन भएको हुनेछ । |
| ४ | राष्ट्रिय प्रसारण लाइन विस्तार समन्वय, सहकार्य र साझेदारी कार्यक्रम | सङ्घीय सरकारसँगको समन्वयमा प्रदेशभरी राष्ट्रिय प्रसारण लाइनको विस्तार भएको हुनेछ । |
| ५ | कर्णालीको पानी-जनताको लगानी कार्यक्रम | कर्णाली प्रदेशमा निर्माण तथा सञ्चालन हुने जलविद्युत् आयोजनामा कर्णालीवासीको शेयर लगानीका लागि प्रोत्साहन, समन्वय तथा सहजीकरण भएको हुनेछ । |
| ६ | वैकल्पिक ऊर्जा, सोलार/वायु मिनि ग्रिड जडान, कर्णाली उज्यालो कार्यक्रम | विद्युत्को पहुँच नभएका गाउँ-बस्तीमा वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्रसँग समन्वय गरी विद्युतीकरण गर्न कर्णाली उज्यालो कार्यक्रम सञ्चालन भएको हुनेछ । ऊर्जाको भरपर्दो स्रोतको रुपमा वैकल्पिक ऊर्जाको उपयोगलाई लघु तथा घरेलु उद्योग, कृषि, अस्पताल, विद्यालय, पर्यटकीय स्थलमा विस्तार गरिएको हुनेछ । हिमाली जिल्लामा सोलार मिनिग्रिडको अध्ययन गरी निर्माण कार्य सुरु भएको हुनेछ । सङ्घीय सरकारसँग समन्वयमा संभाव्य संभाव्य स्थानमा १ मेगावाट सम्मको वायु ऊर्जा मिनी ग्रिड प्रणाली निर्माण भएको हुनेछ । |
| ७ | जलविद्युत् आयोजना विकास तथा सञ्चालन, सहयोग र सहजीकरण | सङ्घीय सरकारको समन्वयमा विकास साझेदार र निजी क्षेत्रको साझेदारी र लगानीमा जलविद्युत्का विभिन्न आयोजना विकास तथा सञ्चालन भई २५० मेगावाटभन्दा बढी विद्युत् उत्पादन सुरु भएको हुनेछ । |
| ८ | वायोग्यास प्लान्ट जडान कार्यक्रम | संभाव्य स्थानमा वायोग्यास प्लान्ट जडानको लागि निर्माण कार्य सुरु भएको हुनेछ । |
| ९ | प्रदेश राजधानी वैकल्पिक ऊर्जा कार्यक्रम | प्रदेश राजधानी वीरेन्द्रनगरमा सडकबत्ती तथा सार्वजनिक स्थलमा समेत नियमित विद्युत् आपूर्तिका लागि सार्वजनिक नीजि साझेदारीमा करिब ५ मेगावाट क्षमताको सोलार विद्युत् उत्पादन प्लाण्ट जडान भएको हुनेछ । |
| १० | हाइड्रोजन ऊर्जा सम्बन्धी अध्ययन | हाइड्रोजन ऊर्जा सम्बन्धी अध्ययन र अनुसन्धान भएको हुनेछ । |

### १०.१.७ परिमाणात्मक लक्ष्य

| क्र.सं | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ७१ | ७१ | ७३ | ७५ |
| २ | केन्द्रीय प्रसारण लाइनबाट विद्युत सुविधा प्राप्त परिवार | प्रतिशत | ४३.८७ | ५० | ६० | ७५ |
| ३ | जलविद्युत् उत्पादन | मे.वा. | १६ | १६ | ३० | २०० |

| क्र.सं | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| ४ | खाना पकाउन काठ दाउराको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ८२.२ | ८० | ७० | ६० |
| ५ | खाना पकाउन स्वच्छ इन्धनको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १९.५ | २३ | ३१ | ४० |
| ६ | खाना पकाउन एल.पि. ग्यासको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १८ | १६ | १२ | ८ |
| ७ | जलविद्युत्का ठूला आयोजना | सङ्ख्या | ० | १ | ३ | ५ |
| ८ | जलविद्युत्का मझौला आयोजना | सङ्ख्या | ९ | १० | १२ | १५ |
| ९ | जलविद्युत्का साना आयोजना | सङ्ख्या | १० | १३ | १५ | २० |
| १० | विद्युतीय चुल्होको प्रयोग गर्ने घर परिवार | सङ्ख्या | ५००० | १०००० | ३०००० | ६०००० |
| ११ | वायु ऊर्जा उत्पादन | मे.वा. | ० | ० | १ | १ |
| १२ | ठूलो वायोग्यास प्लाण्टको स्थापना | सङ्ख्या | १ | २ | ३ | ५ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८। जलश्रोत तथा ऊर्जा विकास मन्त्रालय।*

## १०.२ सिँचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन

### १०.२.१ पृष्ठभूमि

सिँचाइ तथा जलउत्पन्न प्रकोप व्यवस्थापन प्रदेश विकास तथा समृद्धिका लागि प्रमुख क्षेत्रका रुपमा रहेको छ । प्रदेशमा उपलब्ध उर्वर खेतीयोग्य जमिनमा वर्षैभरी पर्याप्त सिँचाइ सुविधा उपलब्ध गराई उच्चमूल्य अन्नबाली, तरकारी तथा अन्यबालीको उत्पादन र उत्पादकत्व बढाई खाद्यन्नमा आत्मनिर्भर, खाद्य सुरक्षा तथा पोषणमा अभिवृद्धि र निकासी प्रबर्द्धन गर्न सक्ने संभावना रहेको छ । यसैगरी जलस्रोतको उचित व्यवस्थापन तथा सिँचाइ विद्युत्, पर्यटन, कृषि, उद्योग तथा खानेपानी लगायतका क्षेत्रमा बहुउपयोग गर्न सक्ने संभावना रहेको छ । नदीनालाहरुमा तटबन्दको व्यवस्था गरी जलउत्पन्न प्रकोपको नियन्त्रण, खेतीयोग्य भूमिको संरक्षण र बगरखेतीका लागि उल्लेख्य मात्रामा जमिन उपलब्ध हुन सक्ने संभावना पनि रहेको छ । साथै नदीनाला लगायत संभाव्य स्थानमा उच्च बाँध निर्माण गरी बहुउद्देश्यीय सिल्टेसन जलाशय निर्माण गरी विद्युत् उत्पादन, सिँचाइ, जलक्रिडा तथा सेडिमेन्टसन समेतमा उपयोग गर्न सकिने पनि संभावना रहेको छ ।

प्रदेशभित्र उपलब्ध खेतीयोग्य जमिनलाई हिमाली क्षेत्रको हकमा हिउँ सङ्कलन पोखरी तथा टार र अन्य स्थानहरुका लागि वर्षातको पानी सङ्कलन पोखरी, मूलको पानी सङ्कलन संरचना जस्ता वैकल्पिक उपाय तथा जलाशयसहितका ठूला बहुउपयोगी जलस्रोत विकास आयोजना निर्माण र बाढी पहिरो लगायत विभिन्न कारणले सञ्चालनमा नरहेका सिँचाइ आयोजनालाई आवश्यक मर्मतसम्भारको उचित प्रबन्ध गरी पुनःसञ्चालनमा ल्याउन सकिने संभावना रहेको छ ।

### १०.२.२ विद्यमान अवस्था

यस प्रदेशमा परम्परागत सतह सिँचाइ, नयाँ प्रविधिमा आधारित सिँचाइ, भूमिगत सिँचाइ तथा वर्षातको पानी संङ्कलन जस्ता वैकल्पिक माध्यमबाट सिँचित क्षेत्रको विस्तार गर्ने प्रयास हुँदै आएको छ । नेपाल राष्ट्र बैङ्कको प्रतिवेदनअनुसार यस प्रदेशमा कुल खेतीयोग्य क्षेत्रफल २१३,५४४ हेक्टर रहेकोमा खेती गरिएको क्षेत्रफल १३०,७३१ हेक्टर रहेको छ । खेती गरिएको क्षेत्रफल मध्ये ३५,२९७ हेक्टर क्षेत्रफल (२६.९९ प्रतिशत) मा वर्षैभरी र

५,२३० हेक्टर क्षेत्रफल (४.० प्रतिशत) मा मौसमी गरी कुल ४०,५२७ हेक्टर क्षेत्रफल (३१.११ प्रतिशत) मा सिँचाइ सुविधा उपलब्ध रहेको छ । हिमाली, उच्च पहाडी तथा न्यून मात्रामा भित्री मधेश रहेको यस प्रदेशमा परम्परागत सतह सिँचाइ प्रणालीबाट जम्मा ३०,३९६ हेक्टर जमिनमा मात्र सिँचाइ सेवा उपलब्ध हुन सक्ने देखिन्छ भने थप ६९,५९७ हेक्टर जमिनमा लिफ्ट प्रणाली एवम् नवीनतम् यान्त्रिक प्रणालीबाट सिँचाइ सुविधा पुऱ्याउन सकिने अनुमान गरिएको छ । प्रदेशको खेतीयोग्य जमिनमध्ये हालसम्म २६.९९ प्रतिशतमा मात्र वर्षैभरी सिँचाइ सुविधा उपलब्ध रहेको छ ।

### १०.२.३ प्रमुख सवाल तथा चुनौती

**(१) सिँचाइ सुविधा विकास तथा विस्तारः** सिचाई सुविधा उपलब्ध खेतीयोग्य जमिनमा मानव बस्ती विकास हुन थाल्नु, निर्माण सम्पन्न भएर सञ्चालनमा आएका आयोजना पनि नियमित मर्मतसम्भारको अभावमा जीर्ण हुँदै जानु, अपेक्षाकृत ठूला सिँचाइ आयोजनाहरु समयमै सम्पन्न हुन नसक्नु, सिँचाइ प्रणालीको व्यवस्थापनमा प्रभावकारिता नदेखिनु, वैकल्पिक सिँचाइका संभावनाको यथेष्ट उपभोग हुन नसक्नु तथा पानीको किफायती प्रयोग हुन नसक्नु प्रमुख सवालहरु हुन् । सञ्चालनमा आइसकेका सिँचाइ आयोजनाको नियमित मर्मतसम्भारको अभावमा जीर्ण हुँदै जानु, कठिन भू-धरातलका कारण सिँचाइ आयोजनाको लागत महँगो हुनु, निर्माण कार्य प्रारम्भ भएका सिँचाइ आयोजनाहरु तोकिएको समयमै सम्पन्न हुन नसक्नु, स्थानीय उपभोक्ताको ठूला तथा मझौला सिँचाइ प्रणालीको व्यवस्थापन गर्ने क्षमता न्यून हुनु, स्थानीय रुपमा उपलब्ध सिँचाइका स्रोतहरुको आधुनिक प्रविधिको प्रयोगद्वारा उच्चतम उपभोग हुन नसक्नु अन्य सवालहरु हुन् । सिँचाइ तथा जलस्रोत व्यवस्थापनमा तहगत समन्वय र साझेदारी सहित नवप्रवर्तन तथा नवीन प्रविधि एवम् अभ्यासलाई आत्मसात् गर्दै दिगो, उत्थानशील तथा वातावरणमैत्री सिँचाइ सुविधाको विकास, विस्तार तथा दिगो सञ्चालन गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

**(२) जोखिम तथा क्षति नोक्सानी न्यूनीकरणः** निर्माण सामग्रीको उपलब्धताको लागि नदीजन्य स्रोतमा निर्भरता बढ्दै जाँदा वर्षैपिच्छे नदी र खोला सुक्दै जानु र खोलाको सतह गहिरिदै जानु, सिँचाइका मुहानबाट प्राकृतिक रुपमा खेतसम्म पानी उपलब्ध गराउन समस्या देखिनु, सिँचाइ उपलब्ध कृषि क्षेत्रमा बस्ती विकास र विस्तार हुँदा आयोजनाको आर्थिक उपादेयतामा ह्रास आउनु, प्रदेशका ठूला नदीहरुमा तटबन्धको उचित व्यवस्थाका साथ जलस्रोतको बहुउपयोग हुन नसक्नु यससम्बन्धी प्रमुख सवालहरु हुन् । बाढी, पहिरो, डुवान तथा नदी कटानबाट वर्षैपिच्छे उलेख्य रुपमा खेतीयोग्य जमिन, बस्ती, भौतिक संरचना, सांस्कृतिक सम्पदा र मानवीय जोखिम तथा नोक्सानी न्यूनीकरण गर्नु र जलस्रोत, सिँचाइ तथा नदी नियन्त्रण सम्बन्धी संरचनालाई उत्थानशील तथा दिगो बनाउनु चुनौतीका रुपमा रहेका छन् ।

**(३) सिँचाइ प्रणालीको दिगो व्यवस्थापन एवम् मर्मतसम्भारः** सञ्चालनमा आएका आयोजनालाई दिगो र भरपर्दो बनाउनु एवम् यसको व्यवस्थापनका लागि स्थानीय जल उपभोक्ता समितिहरुको परिचालन गर्नु, सिँचाइ सुविधा पुग्न बाँकी कृषियोग्य भूमिमा सिँचाइ सुविधाका लागि थप आयोजनाको निर्माण गर्नु, सिँचाइ प्रणालीको विकासमा भूमिगत, लिफ्ट, ड्याम लगायत आधुनिक प्रविधिको उपयोग गर्नु, सिँचाइ सुविधा पुगिसकेका कृषियोग्य जमिनको अतिक्रमणलाई रोक्नु, बृहत् सिँचाइ आयोजनाका लागि आवश्यक ठूलो

लगानीको व्यवस्था तथा नवीन प्रविधिको प्रयोग तथा प्रदेशमा उपलब्ध अपार जलस्रोतको बहुउपयोग गर्नु यसका प्रमुख सवाल तथा चुनौती हुन् ।

(४) **जल उत्पन्न प्रकोप व्यवस्थापन:** जोखिम संवेदनशीलता अध्ययन तथा नक्साङ्कन सहित जलउपयोग गुरुयोजना तर्जुमा नहुनु, जोखिम भूसंवेदनशील भू-उपयोग योजना अनुसार खेतीयोग्य जमिन, गाउँ/बस्ती, बजार, विद्युत्, खानेपानी र सडक लगायत विकासका पूर्वाधारका संरक्षण र दिगो सञ्चालन हुन नसक्नु यससम्बन्धी सवालहरु हुन् । जलस्रोत तथा सिँचाइ संरचना निर्माण आयोजनासँगै जलउत्पन्न प्रकोप व्यवस्थापनका लागि बाँध तथा जैविक प्रविधिबाट संरक्षण र व्यवस्थापन गर्नु चुनौतीका रुपमा रहेको छ ।

**१०.२.४ उद्देश्य**

१. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराई वृद्धि गर्नु,
२. सिँचाइ सुविधाको विकास, विस्तार र सञ्चालन नयाँ प्रविधिमा आधारित, जलवायुमैत्री र दिगो बनाउनु,
३. जलउत्पन्न प्रकोप नियन्त्रण तथा असर न्यूनीकरण गर्नु ।

**१०.२.५ रुपान्तरणकारी रणनीति**

(१) **सिँचाइ विकासको नीति तथा गुरुयोजना तयार गर्ने:** सिँचाइ तथा जलउत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी विद्यमान नीतिमा आवश्यक परिमार्जन गरी जनशक्ति तथा साङ्गठनिक क्षमता अभिवृद्धि गरिनेछ । प्रदेश सिँचाइ विकासको गुरुयोजना तयार गरी सोअनुसार संभाव्य सिँचाइ आयोजना प्राथमिकीकरणका आधारमा निर्माण गर्दै लगिनेछ । स्थानीय तहबाट निर्माण संभव हुने सिँचाइ आयोजना निर्माणका लागि स्थानीय तहहरुसँग समन्वय तथा साझेदारी गरिनेछ । कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न समन्वयात्मक रुपमा एकीकृत बाली, सिँचाइ तथा नदी नियन्त्रण तथा आयोजनाको निर्माण, स्तरोन्नति र मर्मतसम्भारसँगै जल व्यवस्थापनमा जोड दिइनेछ ।

(२) **सिँचाइ विकास, विस्तार र उपयोगमा नयाँ प्रविधिको प्रयोग गर्ने:** पानीको स्रोत न्यून हुने तथा वर्षैभरि सिँचाइ उपलब्ध हुन नसक्ने क्षेत्रमा सिँचाइ सुविधा पुर्‍याउन आकाशे पानी तथा हिमपानी सङ्कलन र भण्डारण गर्नुका साथै बाँध तथा पोखरी निर्माण, तालतलैया संरक्षण गरी थोपा, फोहोराजस्ता सिँचाइ प्रविधि समेत उपयोग गरिनेछ । नदी किनारमा रहेका समथर टार तथा ज्युलाहरुमा सोलार तथा इलेक्ट्रिक पावर जस्ता उपयुक्त प्रविधिको प्रयोग गरी लिफ्ट सिँचाइ प्रणालीको विकास गरिनेछ । संभाव्य पहाडी क्षेत्रमा समेत भूमिगत सिँचाइ प्रणालीको विकास गरी सिँचाइ सुविधामा विस्तार गरिनेछ । अन्तर जलाधार क्षेत्र पथान्तरण (डाइर्भसन्) आयोजनाको संभाव्यता अध्ययन गरी आयोजनाको विकास र सञ्चालन गर्न नेपाल सरकारसँग समन्वय र सहकार्य गरिनेछ । जलस्रोतको बहुउपयोग हुने गरी बृहत् सिँचाइ आयोजना निर्माणका लागि सङ्घीय सरकारसँग र साना तथा मझौला सिँचाइ आयोजनाका लागि स्थानीय तहसँग साझेदारी गरी विकास, विस्तार तथा दिगो सञ्चालन गरिनेछ ।

**(३) सिँचाइ प्रणालीको दिगो व्यवस्थापन एवम् मर्मत सम्भार सुनिश्चित गर्ने**: सिँचाइ प्रणालीलाई टिकाई राख्न नियमित मर्मतसम्भार तथा दिगो व्यवस्थापन र उपभोग सुनिश्चित गर्न उपभोक्ताको सहभागिता बढाउने तथा क्षमता विकास गरिनेछ । परम्परागत स्थानीय, सामुदायिक सिँचाइ व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने कार्यक्रम विकास तथा सञ्चालन गरिनेछ । सम्पन्न भएका सिँचाइ आयोजना सञ्चालन तथा मर्मतसम्भारको लागि मर्मतसम्भार कोषको व्यवस्थापन गरिनेछ ।

**(४) जलउपयोगको आधारमा जलउत्पन्न प्रकोप व्यवस्थापन गर्ने**: जोखिम संवेदनशीलता अध्ययन तथा नक्साङ्कन, जलउपयोग गुरुयोजना र जोखिम संवेदनशील भू-उपयोग योजना अनुसार खेतीयोग्य जमिन, गाउँ/बस्ती, बजार, विद्युत्, खानेपानी र सडक लगायत विकास पूर्वाधारको संरक्षण र दिगो सञ्चालनका लागि जलस्रोत, सिँचाइ तथा संरचना निर्माण आयोजनासँगै जलउत्पन्न प्रकोप व्यवस्थापनका लागि बाँध तथा जैविक प्रविधिबाट संरक्षण र व्यवस्थापन गरिनेछ ।

### १०.२.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | सिँचाइ विकास गुरुयोजना निर्माण र कार्यान्वयन | सिँचाइ सुविधा विस्तार तथा उत्पादन वृद्धि गर्न प्रदेश सिँचाइ विकास गुरुयोजना तर्जुमा भएको हुनेछ । |
| २ | एकीकृत बाली तथा जल व्यवस्थापन आयोजना | एकीकृत बाली तथा जल व्यवस्थापन मापदण्ड तयार भई लागु भएको हुनेछ । |
| ३ | सतह सिँचाइ आयोजना | थप २५०० हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध भएको हुनेछ । |
| ४ | नवीनतम प्रविधिमा आधारित सिँचाइ आयोजना | सोलारपम्प, लिफ्टसिँचाइ, फोहरासिँचाई, थोपासिँचाइ, पानी सङ्कलन पोखरी निर्माण लगायतका प्रविधिबाट थप २००० हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा पुगेको हुनेछ । |
| ५ | परम्परागत सिँचाइ प्रणाली, नहर, कुलो र बाँध लगायतका संरचना मर्मतसम्भार तथा पुर्नस्थापना कार्यक्रम | परम्परागत तथा निर्माण सम्पन्न भई मर्मत सम्भार गर्नुपर्ने आयोजनाको पहिचान गरी उपभोक्ताको सहभागितामा सिँचाइप्रणाली मर्मत सम्भार भई सुदृढ र सुचारु भएका हुनेछन् । |
| ६ | बहु-उद्देश्यीय जलस्रोत उपयोग आयोजना | ठूला फाँट, सेरा र जिउलामा बहु–उद्देश्यीय जलस्रोत आयोजनाको संभाव्यता अध्ययन गरी निर्माण कार्य सुरु भएको हुनेछ । |
| ७ | जोखिम युक्त खेतवारी संरक्षण कार्यक्रम | जोखिम युक्त खेतवारीको पहिचान गरी प्रथामिकताका आधारमा संरक्षण भएको हुनेछ । |
| ८ | ठूला तथा मझौला नदीमा सेडिमेण्टेसन ड्याम र नदी नियन्त्रण कार्यक्रम | हुम्ला कर्णाली, मुगु कर्णाली, सानी भेरी, ठुलीभेरी, तिला, हिमा, लोहरे र शारदा लगायतका ठूला नदीमा सेडिमेण्टेसन ड्याम र नदी कटान नियन्त्रणका लागि तटबन्ध निर्माण भएको हुनेछ । |
| ९ | जलउपभोक्ता समूहको क्षमता विकास | सिँचाइ आयोजनाहरुको जलउपभोक्ता समूहको क्षमता विकास तथा क्रियाशीलतमा अभिवृद्धि भएको हुनेछ । |

### १०.२.७ परिमाणात्मक लक्ष्य

| क्र.सं | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | सिँचाइ सुविधा पुगेको खेती गरिएको जमिन | प्रतिशत | ३१ | ३१ | ४० | ५० |
| २ | वर्षभरी सिँचाइ हुने खेती गरिएको जमिन | प्रतिशत | २७ | २७ | ३५ | ४५ |
| ३ | नयाँ प्रविधिको सिँचाइ सुविधा पुगेको क्षेत्रफल | हेक्टर | ५०० | ७५० | १२०० | २००० |
| ४ | ठूला सिँचाइ आयोजना निर्माण | सङ्ख्या | २५ | २५ | २८ | ३० |
| ५ | मझौला सिँचाइ आयोजना निर्माण | सङ्ख्या | २८० | २८० | ३६० | ४८० |
| ६ | साना सिँचाइ आयोजना निर्माण | सङ्ख्या | ८०० | ९०० | १२०० | १५०० |
| ७ | नयाँ प्रविधि सिँचाइ आयोजना | सङ्ख्या | २०० | २५० | ३२० | ४०० |
| ८ | जलाशय तथा पुनर्भरण पोखरी | सङ्ख्या | २ | ५ | १० | २० |
| ९ | सिँचाइ सेवा शुल्क प्राप्त हुने आयोजना | सङ्ख्या | ५ | १० | २० | ३० |
| १० | नदी नियन्त्रण संरचनाको लम्बाइ | कि.मि. | ३० | ३५ | ५० | ६० |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश*

## १०.३ खानेपानी, सरसफाइ तथा स्वच्छता

### १०.३.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३५ (४) ले स्वच्छ खानेपानी तथा सरसफाइ सुविधा प्रत्येक नागरिक पहुँच हुने व्यवस्थालाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । मानव जीवनको लागि अत्यावश्यक सेवामा पर्ने स्वच्छ खानेपानी तथा सरसफाइ सुविधा परिपूर्तिका लागि प्रदेशमा स्वच्छ खानेपानीका स्रोत, अनुकुल धरातलीय बनौट, बसोबास र जनचेतना, संस्थागत आधार, पूर्वाधार तथा प्रविधिको विकास र विस्तार लगायतका संभावना तथा अवसर उपलब्ध रहेका छन् ।

नेपाल सरकारले खानेपानी तथा सरसफाइसम्बन्धी संवैधानिक व्यवस्था कार्यान्वयन गर्न नीति, कानुन र मापदण्ड अनुरुप खानेपानी, सरसफाइ तथा स्वच्छता प्रर्वद्धनका कार्यक्रम उच्च प्राथमिकताका साथ सञ्चालन गरीरहेको छ । यसैअनुरुप प्रदेश सरकारले पनि खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकास लक्ष्य समेत राष्ट्रिय लक्ष्य तथा प्रदेशको हासिल गर्ने गरी विभिन्न नीतिगत, कानुनी तथा संरचनागत व्यवस्था गरी यससम्बन्धी कार्यक्रम तथा आयोजना सञ्चालन गरीरहेको छ ।

### १०.३.२ विद्यमान अवस्था

यस प्रदेशमा आधारभूतस्तरको खानेपानी सुविधा ८८ प्रतिशत र उच्च तथा मध्यमस्तरको खानेपानी सुविधा करिब ४ प्रतिशत जनसङ्ख्यामा उपलब्ध रहेको छ । यसैगरी प्रदेशभित्रका सबै जिल्ला तथा स्थानीय तह खुला दिसामुक्त क्षेत्र घोषणा भई आधारभूत सरसफाइ सुविधाको उपयोग गरीरहेका छन् । जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको तथ्याङ्कअनुसार प्रथम पञ्चवर्षीय योजना अवधिमा यस प्रदेशका थप २,१०,५२३ जनसङ्ख्या खानेपानी सेवाबाट लाभान्वित भएका छन् । यस प्रदेशमा नेपालको जनगणना-२०७८ को तथ्याङ्कअनुसार जम्मा ३६६,०३७ घरपरिवार रहेकोमा १३०,४६५ घरधुरीले निजी धारा (परिसरभित्र), १६२,६१९ घरधुरीले सार्वजनिक धारा

(परिसरबाहिर), १,६३५ घरधुरीले ट्यूबवेल/ह्यान्डपम्प, ७,५७३ घरधुरीले राम्रोसँग ढाकिएको/कुवा, ९,२१० घरधुरीले खुला/कुवा, ४८,६९९ घरधुरीले मुलधारो, ४,२७६ घरधुरीले नदी/ खोला, ४८० घरधुरीले जार/बोतल र १,०८० घरधुरीले अन्य स्रोतबाट खानेपानी सेवा उपभोग गरीरहेको देखिन्छ। उन्नत तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउन तहगत सरकार, विकास साझेदार, समुदाय तथा निजी क्षेत्र समेतको सहभागितामा आयोजनाको विकास, विस्तार र स्तर वृद्धि तथा सम्बन्धित निकाय तथा उपभोक्ता समिति, सेवा प्रदायकको समेत क्षमता वृद्धि गरी दिगो सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक छ।

**१०.३.३ प्रमुख सवाल तथा चुनौती**

(१) **खानेपानी सेवा तथा सुविधाको विकास र विस्तारः** प्रदेशभित्रका शतप्रतिशत घरधुरीमा आधारभूत खानेपानीसेवा र सबै घरपरिवारमा शौचालय तथा सरसफाइ सुविधा विस्तार हुन नसक्नु, खानेपानी सुविधाको पहुँच नपुगेका हिमाली र उच्च पहाडी भूभाग, खानेपानीको संरचना निर्माण तथा विस्तार गर्न प्राविधिक रुपमा कठिन हुने डाँडाकाँडाका गाउँ-बस्ती र उच्च जनघनत्व रहेका सहरबजार क्षेत्रमा खानेपानी सुविधा विस्तार गर्न कठिनाइ हुनु, खानेपानी आयोजना सञ्चालनमा समुदायको सक्रिय सहभागिता हुन नसक्नु, बर्षेनी आउने बाढी पहिरोका कारण खानेपानीका मुहानमा क्षति पुग्नु, खानेपानीको गुणस्तरमा अपेक्षाकृत सुधार हुन नसक्नु प्रमुख सवालका रुपमा रहेका छन्। यस्तै निर्माण सम्पन्न आयोजनाहरु पनि उचित मर्मतसम्भारको अभावमा जीर्ण बन्दै जानु पनि सवालको रुपमा रहेका छन्। तहगत सरकार, विकास साझेदार, समुदाय तथा निजी क्षेत्र समेतको सहभागिता र सम्बन्धित निकाय, उपभोक्ता समिति तथा सेवा प्रदायकको क्षमता विकास गरी उच्च गुणस्तरको खानेपानी सुविधा सबै प्रदेशवासीलाई उपलब्ध गराउनु चुनौती रहेको छ।

(२) **सरसफाइ र स्वच्छता सेवा तथा सुविधाको विकास र विस्तारः** प्रदेशभित्रका शतप्रतिशत घरपरिवारमा शौचालय तथा सरसफाइ सुविधा पहुँच उपलब्ध नहुनु, अव्यवस्थित बसोबास तथा जनचेतनाको कमी हुनु, सहरी तथा सहरउन्मुख क्षेत्रमा ढल निकास तथा फोहोरमैलाको उचित व्यवस्थापन हुन नसक्नु, सरसफाइ तथा स्वच्छता क्षेत्रका प्रमुख सवालहरु हुन्। खानेपानीको स्रोत, वितरण तथा आपूर्ति र उपयोग प्रणाली सुव्यवस्थित बनाउनु, खानेपानीको स्रोत तथा वितरण प्रणालीमा हुने प्रदूषण न्यूनीकरण गर्नु, बढ्दो वातावरणीय प्रदूषण नियन्त्रण गर्नु, ठोस तथा तरल फोहोरमैलाको व्यवस्थापन गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन्।

(३) **खानेपानीको मुहान, ढुङ्गेधारा, ताल तथा पोखरी, नदीनाला एवम् जलाधारको संरक्षण र पानीको पुनर्भरणः** सतही तथा भूमिगत जलस्रोतको पहिचान, संरक्षण, पानीको पुनर्भरण तथा जलस्रोतको बहुउपयोग र एकीकृत उपयोग तथा पुनःउपयोगलाई प्रोत्साहन एवम् प्रबर्द्धन गर्न नसक्नु सवालको रुपमा रहेको छ। यसैगरी खानेपानी पूर्वाधार तथा संरचना निर्माण र सुविधा विस्तार गर्दा परम्परागत र पुरातात्विक महत्त्व बोकेका मुहान, ढुङ्गेधारा, ताल तथा पोखरी नदीनाला एवम् अन्य जलाधारका स्रोतको संरक्षण गर्नु चुनौती रहेको छ।

(४) **खानेपानी सेवा सुविधाको स्तरवृद्धि तथा नयाँ प्रविधिको उपयोगः** आधारभूत खानेपानी नपुगेका गाउँ, बस्ती, बजार तथा स्थानलाई उच्च प्राथमिकतामा राखी सतह, भूमिगत, लिफ्ट प्रविधिमा आधारित खानेपानी आयोजना निर्माण तथा सुविधा विस्तार हुन नसक्नु, खानेपानी सुविधा उपलब्ध गाउँ-बस्ती, बजार तथा सहरी क्षेत्रमा समेत खानेपानीको गुणस्तर कमजोर हुनु, खानेपानी सुविधाका लागि पूर्वाधार तथा संरचना निर्माण तथा

नयाँ प्रविधि विकास र विस्तार अपेक्षित रुपमा हुन नसक्नु, अन्तर सरकार तथा निकायगत गतिविधिमा यथोचित समन्वयको कमी हुनु, जलवायु परिवर्तनबाट सिर्जित नकारात्मक असरका कारण खानेपानीका स्रोतहरु विस्थापित हुँदै र प्रदूषित बन्दै जानु, खानेपानी तथा सरसफाइ क्षेत्रमा उपलब्ध स्रोतसाधनको कमी पनि यस क्षेत्रका प्रमुख सवालका रुपमा रहेका छन् । खानेपानी सुविधा विकास, विस्तार र स्तरोन्नतिसम्बन्धी आयोजनाको उच्च मागलाई व्यवस्थापन गर्नु, मानवबस्तीभन्दा धेरै टाढा रहेका खानेपानीका मुहानबाट खानेपानी आपूर्ति गर्नु, सीमित जनशक्ति तथा स्रोतसाधनबाट ठूलो मागलाई धान्नु, जलवायु परिवर्तन अनुकुलन कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

### १०.३.४ उद्देश्य

१. आधारभूत तथा स्वच्छ खानेपानी र सरसफाइ सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्नु,
२. उच्च तथा मध्यमस्तरको खानेपानी सेवा तथा सुविधाको विकास र विस्तार गर्नु,
३. सरसफाइ र स्वच्छता सेवा तथा सुविधाको विकास तथा विस्तार गर्नु ।

### १०.३.५ रुपान्तरणकारी रणनीति

**(१) खानेपानी सुविधाको विकास, विस्तार र पहुँच वृद्धि गर्ने:** "एक घर एक धारा" नीतिलाई कार्यान्वयन गर्दै सबै गाउँ-सहर तथा बस्तीमा नेपाल सरकार र स्थानीय तहसँग सहकार्य गरी आधारभूत खानेपानी सुविधा उपलब्ध गराउने प्रबन्ध गरिनेछ । खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको डिजिटल प्रणालीमा आधारित वासप्लान (WASH Plan) निर्माणमा सहजीकरण गरी सोअनुसार तहगत समन्वय, सहकार्य र साझेदारीमा खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रम तथा आयोजना विकास, निर्माण, सञ्चालन र मर्मतसम्भारको व्यवस्था गरिनेछ । खानेपानी सेवा तथा सुविधा विस्तारका लागि नयाँ प्रविधि (वर्षातको पानी सङ्कलन, लिफ्टिङ्ग, पहाडी भूमिगत बोरिङ्ग) को उपयोग गर्दै मुहानको संरक्षण र सुरक्षित पानीको व्यवस्था गरिनेछ । सञ्चालित आयोजना सञ्चालनलाई दिगो र भरपर्दो बनाउन उचित मर्मतसम्भारको लागि उपभोक्ताको क्षमता विकास गरिनेछ । सबै खानेपानी प्रणालीलाई N-WASH MIS प्रणालीमा अभिलेखीकरण गरी गरी अनुगमन तथा मूल्याङ्कनलाई नियमित तथा व्यवस्थित गरिनेछ ।

**(२) खानेपानी सेवा तथा सुविधा विस्तार र गुणस्तर वृद्धिका लागि नयाँ प्रविधिको उपभोग गर्ने:** आयोजना तर्जुमालाई निर्धारित मापदण्डमा आधारित बनाउने र लाभ–लागत विश्लेषण समेत संभाव्यता अध्ययन पश्चात आयोजना तर्जुमा गर्ने परिपाटीको विकास गरी सञ्चालन गरिनेछ । सतह प्रणालीबाट खानेपानी वितरण गर्न स्रोतको अभाव भएका गाउँ/बस्तीमा बर्षातको पानी सङ्कलन, लिफ्टिङ र पहाडी भुमिगत बोरिङ्ग प्रविधिबाट खानेपानी सेवा उपलब्ध गराइनेछ ।

**(३) मौजुदा खानेपानी सेवालाई स्तर वृद्धि गरी क्रमिक रुपमा मध्यम तथा उच्च स्तरको बनाउदै लैजाने:** ठूला तथा सहरी खानेपानी आयोजनामा पानी प्रशोधन प्रणालीको निर्माण गरिनेछ । खानेपानी सुरक्षा योजनालाई आयोजनाको अभिन्न अङ्गको रुपमा लिई खानेपानी गुणस्तर सुनिश्चित गरिनेछ । खानेपानीका

पूर्वाधारलाई सुरक्षित, भरपर्दो, दिगो तथा वातावरणमैत्री बनाइ खानेपानी सेवा तथा सुविधाको स्तर वृद्धि गरिनेछ।

(४) **खानेपानीको मुहान, ढुङ्गेधारा, ताल तथा पोखरी, नदीनाला एवम् जलाधारको संरक्षण र पानी पुनर्भरणको प्रबन्ध गर्नेः** खानेपानीसम्बन्धी संरचना निर्माण तथा सुविधा विस्तार गर्दा परम्परागत र पुरातात्विक महत्त्व बोकेका मुहान, ढुङ्गेधारा, ताल तथा पोखरी, नदीनाला एवम् जलाधार क्षेत्र तथा स्रोतको पहिचान तथा संरक्षण गरिने छ। सतही तथा भूमिगत जलस्रोतको पहिचान, संरक्षण, पानीको पुनर्भरण तथा जलस्रोतको बहुउपयोग र एकीकृत उपयोग तथा पुनःउपयोगलाई प्रोत्साहन एवम् प्रबर्द्धन गरिने छ। जलवायु परिवर्तन तथा मानवीय गतिविधिका कारण खानेपानीका मुहान तथा स्रोत सुक्दै जान थालेकाले तालतलैया संरक्षण, हरियाली प्रबर्द्धन र वर्षात्को पानीबाट पुनर्भरण पोखरी निर्माण लगायतबाट जमिनभित्रको पानी स्रोतको पुनर्भरण र दिगो व्यवस्थापन गरिने छ।

(५) **सामुदायिक सहभागितामा सरसफाइलाई प्रविधिमैत्री अभियानको रुपमा सञ्चालन गर्नेः** सरसफाइ सेवाको पहुँच नपुगेका र पर्यटकीय क्षेत्रमा फोहोरमैला सङ्कलन, प्रशोधन र व्यवस्थापन, ढल निकास तथा फोहोरपानी प्रशोधन र सार्वजनिक शौचालय लगायतका पूर्वाधार तथा सुविधाको विकास र विस्तार गरिनेछ। पूर्ण सरसफाइलाइ अभियानकै रुपमा सञ्चालन गर्न र उपयुक्त प्रविधिको प्रयोग गरी मलमूत्र र फोहरलाई प्रशोधन गरी प्राङ्गारिक मलको रुपमा अर्गानिक कृषि उत्पादनमा प्रयोग गर्न स्थानीय सरकार तथा समुदायसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

(६) **फोहोरमैला व्यवस्थापनमा स्थानीय तह, समुदाय तथा निजी क्षेत्रसँग सहकार्य र साझेदारी गर्नेः** फोहोरलाई मोहरमा परिणत गर्ने गरी गाउँ-सहर तथा बस्तीबाट निस्कने फोहोरमैला व्यवस्थापनका लागि स्थानीय तहसँग प्रविधि र पूर्वाधार विकासमा सहकार्य तथा साझेदारी गरिनेछ। समुदाय तथा स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य तथा साझेदारी गरी फोहोरमैला व्यवस्थापन गरिनेछ। फोहरमैलाको पुनःप्रयोग तथा बायोग्यास र जैविक मल उत्पादन जस्ता बहुउपयोगी आयोजना तथा अभ्यास विकास तथा कार्यान्वयनका लागि स्थानीय समुदाय र सहकारीसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

### १०.३.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | एक घर एक धारा कार्यक्रम | एक घर एक धारा कार्यक्रम मार्फत ६०० खानेपानी आयोजना निर्माण सम्पन्न गरी थप ५.४ प्रतिशत जनसङ्ख्यालाई आधारभूतस्तरको सुरक्षित खानेपानी सेवा उपलब्ध भएको हुनेछ। |
| २ | नवीनतम प्रविधिमा आधारित खानेपानी कार्यक्रम | ग्राभिटी प्रणालीबाट खानेपानी वितरण गर्न स्रोतको अभाव भएका गाउँबस्तीहरुमा आकाशे पानी सङ्कलन, लिफ्टिङ र पहाडी भूमिगत बोरिङ्ग प्रविधिबाट खानेपानी सेवा उपलब्ध भएको हुनेछ। |
| ३ | मुहानदेखि चुहानसम्म संरक्षण कार्यक्रम | खानेपानीको स्रोत सुनिश्चित गर्नका लागि सबै गाउँबस्तीमा मुहान संरक्षण कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| ४ | खानेपानी सुरक्षा तथा गुणस्तर सुधार कार्यक्रम | खानेपानी सुरक्षा योजना र संभाव्यता अध्ययनको आधारमा साना तथा ठूला सहरी खानेपानी आयोजनामा खानेपानी गुणस्तर सुधार कार्यक्रम सञ्चालन भएको हुनेछ। |

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| ५ | प्रदेशस्तरीय पानी परीक्षण प्रयोगशालाको सञ्चालन | प्रदेश राजधानीमा स्थापना भएको पानी परीक्षण प्रयोगशाला सञ्चालन भएको हुने। |
| ६ | प्रदेश राजधानी खानेपानी विशेष कार्यक्रम | प्रदेश राजधानीको खानेपानी समस्या समाधान गर्न विभिन्न विकल्पको अध्ययन गरी आवश्यक खानेपानीको आपूर्ति भएको हुनेछ। |
| ७ | सञ्चालित आयोजनाको नियमित अनुगमन तथा मर्मतसम्भार कार्यक्रम | मर्मतसम्भार गर्नुपर्ने आयोजनाको पहिचान गरी सम्बन्धित उपभोक्ताको सहभागितामा मर्मतसम्भार भई सुचारु भएका हुनेछन्। |
| ८ | पूर्ण सरसफाइ कार्यक्रम | खुला दिसामुक्त कार्यक्रमलाई दिगो बनाउन खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी संयन्त्र क्रियाशील बनाई पूर्ण सरसफाइ कार्यक्रम सबै स्थानीय तहमा लागुभएको हुनेछ। |
| ९ | प्रमुख सहर र बजारमा सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन | प्रमुख सहर तथा बजारहरुमा पार्किङ, खानेपानी, प्रतीक्षालय लगायत अन्य सेवासँग आबद्ध गरी सार्वजनिक शौचालय निर्माण, विस्तार र सेवाको दिगो व्यवस्थापन गरिएको हुनेछ। |

### १०.३.७ परिमाणात्मक लक्ष्य

| क्र.सं | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ८८ | ९० | ९२ | ९८ |
| २ | सुरक्षित खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ४ | ४ | २० | ३० |
| ३ | सुधारिएको शौचालयको सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ९७.४ | ९७.६ | ९८.५ | ९९.५ |
| ४ | सञ्चालित ग्राभिटी प्रणालीका खानेपानी आयोजना | सङ्ख्या | १४०० | १४२५ | १५०० | १६०० |
| ५ | लिफ्ट प्रणालीका खानेपानी आयोजना | सङ्ख्या | १४० | १६० | २३० | ३०० |
| ६ | सुधारिएको सार्वजनिक शौचालय | सङ्ख्या | ३५ | ३६ | ५० | ६० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

परिच्छेद ११

# वन, जैविक विविधता र जलाधार


११.१ दिगो वन व्यवस्थापन १५८

११.२ सुगन्धित वनस्पति, जडीबुटी तथा जैविक विविधता व्यवस्थापन १६२

११.३ भू-संरक्षण तथा जलाधार व्यवस्थापन १६६

# परिच्छेद-एघार
# वन, जैविक विविधता र जलाधार

## ११.१ दिगो वन व्यवस्थापन

### ११.१.१ पृष्ठभूमि

जैविक विविधताको हिसावले कर्णाली प्रदेश एकदमै महत्त्वपूर्ण मानिन्छ । उचाइ र धरातलीय विविधताका कारण कर्णाली प्रदेशमा विविधतायुक्त हावापानी, जीवजन्तु र वनस्पति पाइन्छन् । यस प्रदेशमा २,५९१ प्रकारका फूलफुल्ने प्रजातिका वनस्पति, ४०० प्रकारका सुगन्धित वनस्पति तथा जडीबुटी र ८९ प्रकारका स्तनधारी वन्यजन्तु, ९ प्रकारका संवेदनशील वन्यजन्तु र ४१० प्रकारका पन्छीहरु पनि पाइन्छन् । प्रदेशको डोल्पा जिल्लामा अवस्थित शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जमा मात्र २ सय २४ भन्दा बढी प्रकारका सुगन्धित वनस्पति र जडीबुटी पाइन्छन् भने २ सय ७० प्रजातिका पन्छी र १ सय ७५ प्रजातिका वन्यजन्तुहरु पाईन्छन् । कस्तुरी मृग, हिमाली कालो भालु, ब्वाँसो, हाब्रे, हिँऊ चितुवा, हिमाली भेडा-च्याङ्ग्रा, निलभेडा, चितुवा, आदि यस प्रदेशका महत्त्वपूर्ण वन्यजन्तुहरु हुन् । विश्वका प्रमुख रामसार क्षेत्रहरु मध्ये दुई वटा महत्त्वपूर्ण क्षेत्र शे-फोक्सुण्डो र रारा ताल यसै प्रदेशमा पर्दछन् । नेपालको सबैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज शे-फोक्सुण्डो र सबैभन्दा सानो राष्ट्रिय निकुञ्ज रारा यसै प्रदेशमा अवस्थित रहेका छन् ।

कर्णाली प्रदेशको समृद्धिका लागि उद्योग, वन  र वातावरण तथा पर्यटन लगायतका क्षेत्रको विकास अपरिहार्य रहेको छ । वन तथा वातावरण क्षेत्रको दिगो विकास मार्फत प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउने, औद्योगिक विकास एवम् व्यापार अभिवृद्धि गर्ने, प्रदेशका धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदा एवम् वन्यजन्तु तथा जैविक विविधताको संरक्षण मार्फत दिगो विकास हासिल गर्न यो योजना कोशेढुंगा सावित हुनेछ ।

### ११.१.२ विद्यमान अवस्था

यस प्रदेशमा वनले ढाकेको कुल क्षेत्र ११ लाख ८३ हजार ४ सय हेक्टर रहेको छ । जुन कुल भूभागको ३८.५८ प्रतिशत हो । प्रदेशभर २,८११ सामुदायिक वन समुदायद्वारा व्यवस्थापनका लागि हस्तान्तरण भएका छन् जसले ३ लाख ६३ हजार ८ सय ६४ हेक्टर वनक्षेत्र ओगटेको छ । प्रदेशभरीमा २,९१,९९६ घरधुरी सामुदायिक वनको व्यवस्थापनमा संलग्न रहेका छन् । त्यस्तै कवुलियति वन ७८४ (८,२८७ हे), धार्मिक वन १२ (७९ हे), निजी वन १६४ (१०४ हे) वटा र १ वटा संरक्षित वनक्षेत्र (काँक्रेविहार) रहेका छन् । औसतमा वार्षिक ९ लाख विरुवा उत्पादन गरी वृक्षारोपण भईरहेको छ । कर्णाली प्रदेश वन ऐन, २०७८ र वन नियमावली, २०८० कार्यान्वयनमा छन । त्यसैगरी वन नर्सरी व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७८, खोटो सङ्कलन कार्यविधि २०८१ पनि कार्यान्वयनमा रहेको छ । सामुदायिक वन तथा कवुलियति वनमा दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम सञ्चालन भईरहेको छ । त्यसैगरी वनक्षेत्रको माध्यमबाट उद्यम विकास तथा रोजगारीका अवसर सिर्जना गर्ने कार्यक्रम अन्तर्गत आ.व. २०७९/८० मा मात्रै सामुदायिक वनको व्यवस्थापन, काठ उत्पादन, खोटो सङ्कलन र जडीबुटी सङ्कलनबाट १५,५४,७२९ श्रमदिन रोजगारी सिर्जना भएको र ४,५०० पूर्णकालीन रोजगारी सिर्जना भएको थियो । यस प्रकारका कार्यक्रम निरन्तर रुपमा सञ्चालनमा रहेका छन् ।

### ११.१.३ मुख्य सवाल तथा चुनौती

**(१) वन्यजन्तु र वनपैदावारको प्रभावकारी संरक्षण तथा व्यवस्थापनः** विभिन्न प्रयोजनका लागि वन अतिक्रमण तथा अन्य प्रयोजनको लागि वनक्षेत्रको प्रयोग बढ्नु, वन्यजन्तु लगायत वन पैदावारको चोरी शिकारी तथा अवैध व्यापार हुनु, वन्यजन्तु र वन पैदावारको प्रभावकारी संरक्षणका लागि वन्यजन्तु तथा दुर्लभ वनस्पतिको पहिचान र अवस्था एकीन हुन नसक्नु, वन्यजन्तुको वासस्थान र आहारा कटौती हुनु र मानव-वन्यजन्तुको द्वन्द्व बढ्नु आदि यस क्षेत्रका मुख्य सवालहरु हुन् । वन तथा वन्यजन्तुको वासस्थान संरक्षण गरी वन्यजन्तु संरक्षण तथा वनको दिगो उपयोग गर्नु चुनौतीपूर्ण रहेको छ ।

**(२) पूर्वाधार विकास र पर्यावरणीय प्रणालीबिच सन्तुलनः** पूर्वाधार विकास र पर्यावरणीय प्रणालीबिच योजनाबद्ध सन्तुलन कायम गर्न कठीन हुनु, जलवायु परिवर्तनका सम्भावित प्रभाव र असर न्यूनीकरण गर्न नसक्नु, वन अतिक्रमण, आगजनी, भू-क्षय जस्ता समस्याले वन, जैविक विविधता तथा वातावरणको संरक्षण र व्यवस्थापनमा बाधा पुग्नु आदि समस्या रहेका छन् । उपलब्ध वन तथा जैविक विविधताको पूर्ण क्षमतामा सदुपयोग गर्नु, विकास प्रक्रियामा जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन कार्यक्रमको आन्तरिकीकरण गर्नु, दिगो विकासका नीति तथा कार्यक्रम समयसापेक्ष तर्जुमा तथा कार्यान्वयन गर्नु र दिगो वन व्यवस्थापन कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु यस क्षेत्रका चुनौतीहरु हुन् ।

**(३) वनको दिगो व्यवस्थापन तथा उत्पादन र उत्पादकत्वमा वृद्धि:** प्रदेशको अधिकार क्षेत्रभित्रका सबै प्रकारका वनको संरक्षण, संबर्द्धन, व्यवस्थापन र उपयोगको लागि नीति, कानुन, कार्यविधि तथा मापदण्ड तर्जुमा, परिमार्जन, प्रभावकारी कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन हुन सकेको छैन । वनक्षेत्रको अध्ययन, अनुसन्धान र प्राप्त सिकाइ तथा नतिजालाई वनक्षेत्रका विषयगत नीति निर्माण, योजना तर्जुमा र व्यवस्थापन कार्यमा कमी रहेको छ । वनक्षेत्रभित्र विशेष महत्त्वका धार्मिक, सांस्कृतिक, वनस्पतिजन्य तथा पर्यावरणीय क्षेत्र पहिचान र संरक्षण तथा अभिलेखीकरण हुन सकेको छैन । समन्वयात्मक रुपमा वन अतिक्रमणलाई निरुत्साहित गर्दै अतिक्रमित क्षेत्र फिर्ता गराई पुनः वन कायम गर्नु, सम्बन्धित सरोकारवालाको सहभागितामा वनडढेलोबाट हुने वनविनाश नियन्त्रण तथा उत्पादन र उत्पादकत्वमा वृद्धि, वनपैदावारको सरल र सहज आपूर्ति गरी राजस्व अभिवृद्धि गर्न वन विकास र व्यवस्थापन कार्यहरु चुनौतीपूर्ण रहेका छन् ।

### ११.१.४ उद्देश्य

१. वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, दिगो व्यवस्थापन र प्रबर्द्धन गर्नु,

२. वनक्षेत्रबाट सामाजिक, आर्थिक तथा वातावरणीय लाभ हासिल गर्नु,

३. वन पैदावारमा आधारित उद्यम तथा व्यवसायको विकास र विस्तार गर्नु,

४. वन सम्पदाबाट प्राप्त लाभको न्यायोचित वितरण गर्नु,

५. सहरी हरियाली प्रबर्द्धन गर्नु ।

### ११.१.५ रुपान्तरणकारी रणनीति

**(१) वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, दिगो व्वस्थापन र प्रबर्द्धन गर्नेः** बहुउपयोगी र मूल्यवान प्रजातिका गुणस्तरीय विरुवा उत्पादन वितरण र वृक्षारोपणलाई आयमूलक र

प्रभावकारी बनाइनेछ । वनडढेलो नियन्त्रण, बोटविरुवा तथा जीवजन्तुको संरक्षण गर्न तीनै तहका सरकार, सुरक्षा निकाय, स्वयंसेवी संस्था, समुदाय, निजी क्षेत्र र प्रदेशवासी नागरिकसँग समन्वय, साझेदारी र सहकार्य गरिनेछ । मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि वनक्षेत्रमा वन्यजन्तुको आहार बढावा दिने प्रजातिका विरुवाको रोपण, वन्यजन्तु करिडोर र कनेक्टिभिटिको विकास, विस्तार र संरक्षण गरिनेछ । कृषि क्षेत्रमा बाँदर लगायतका वन्यजन्तु र अतिक्रमण नियन्त्रण तथा क्षति नोक्सानी व्यवस्थापनका लागि व्यावाहारिक नीति, कानुन तथा मापदण्ड तयार गर्न नेपाल सरकार तथा सम्बन्धित सङ्घीय मन्त्रालय र निकायसँग समन्वय तथा पैरवी गरिनेछ । समुदायमा आधारित हाब्रे (रेडपण्डा) संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) **वन पैदावारमा आधारित उद्यम तथा व्यवसायको विकास र विस्तार गर्ने**: वनक्षेत्रको विकास गरी उद्यम विकास तथा रोजगारीका अवसर सिर्जना गरिनेछ । वन सम्पदाबाट प्राप्त लाभको न्यायोचित वितरण गरिनेछ । जडीबुटी प्रशोधन उद्योगलाई प्रोत्साहन गर्न प्रदेश सरकारबाट स्थानीय तह, सहकारी, समुदाय तथा निजी क्षेत्रसँग साझेदारी तथा सहलगानी गरिनेछ । काठ दाउराको दिगो उपयोगको लागि पार्टिकल बोर्ड (Particle Board), उड सिजनिङ्ग (Wood Seasoning) र कम्पोजिट उड (Composite Wood) जस्ता उद्यम र उद्योगको स्थापना र विकास गरिनेछ । वनपैदावर, विशेष घाँसजन्य वनस्पति र खेर जाने काठ दाउरालाई प्रशोधन गरी जिरो कार्बन र भूकम्प प्रतिरोधात्मक स्थानीय सामग्रीको निर्माण उत्पादनसम्बन्धी प्रविधि र प्रयोगलाई प्रोत्साहन गरिनेछ । वनमा पाइने वनमारालगायत मिचाहा प्रजातिबाट वायोव्रिकेट र प्राङ्गारिक मल उत्पादन गर्ने प्रविधि तथा सीप हस्तान्तरण र स्थानीय उपभोक्तामा सचेतना अभिवृद्धि गरिनेछ ।

(३) **दिगो वन व्यवस्थापनमार्फत वनक्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने:** प्रदेशभित्रका सबै प्रकारका वनको संरक्षण, संवर्द्धन, व्यवस्थापन र उपयोगको लागि नीति, कानुन, कार्यविधि तथा मापदण्ड तर्जुमा, परिमार्जन, प्रभावकारी कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गरिने छ । वनक्षेत्रको अध्ययन, अनुसन्धान र प्राप्त सिकाइ तथा नतिजालाई वनक्षेत्रका विषयगत नीति निर्माण, योजना तर्जुमा र व्यवस्थापन कार्यमा उपयोग गरिने छ । समन्वयात्मक रुपमा वन अतिक्रमणलाई निरुत्साहित गर्दै अतिक्रमित क्षेत्र फिर्ता गराई पुनः वन कायम गरिने छ । सम्बन्धित सरोकारवालाको सहभागितामा वनडढेलोबाट हुने वनविनाश नियन्त्रण गर्ने कार्य समन्वयात्मक रुपमा सञ्चालन गरिने छ । वनक्षेत्रभित्र विशेष महत्त्वका धार्मिक, सांस्कृतिक, वनस्पतिजन्य तथा पर्यावरणीय क्षेत्र पहिचान र संरक्षण तथा अभिलेख राख्ने व्यवस्था गरिने छ । नेपालको निरपेक्ष संरक्षण अवधारणामा आधारित नीतिमा समय सापेक्ष संशोधन गर्न सरोकारवालाबिच समन्वय र पैरवी गर्दै वनक्षेत्रमा खोटो, काठ दाउरा, जडिवुटी तथा गैरकाष्ठ वनपैदावार, सुखडखडा, ढलापढा तथा विपदबाट क्षति भएका रुख व्यवस्थापन सम्बन्धी कार्य सञ्चालन गरिनेछ ।

(४) **वनपैदावारको सहज र सरल आपूर्ति तथा निर्यात प्रबर्द्धन गर्ने:** "दिगो वन, समृद्ध जीवन" भन्ने सोचलाई व्यवहारमा रुपान्तरण गर्न वनपैदावरको सहज र सरल आपूर्ति एवम् राजस्व अभिवृद्धि गर्न वन विकास र व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेश अधिकार क्षेत्रको संरक्षणमुखी वनलाई उत्पादनमुखी व्यवस्थापनमा रुपान्तरण गरिने छ । दिगो वन व्यवस्थापनमार्फत समग्र वनक्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने र वनपैदावरमा आत्मनिर्भरता हासिल गरिने छ । निजी क्षेत्रसँगको सहकार्यमा नरम काठको गुणस्तर र

उपयोगिता अभिवृद्धि गर्न प्राविधिक सहयोग, सहजीकरण र प्रोत्साहन गरिने छ । वन पैदावार तथा वनजन्य उद्यमका उत्पादनको बजारीकरणका लागि नीतिगत तथा संस्थागत संरचना निर्माणसहित सहजीकरण र सहज वातावरण निर्माण गरिने छ। निजी, बाँझो, सार्वजनिक तथा सामुदायिक जग्गामा नरम काठ र सुगन्धित वनस्पति तथा जडीबुटी लगायत वनपैदावरको व्यावसायिक खेती, उत्पादन तथा प्रशोधन गरी आन्तरिक माग परिपूर्ती र निर्यात प्रबर्द्धन गरिने छ । स्थानीय समुदायको सहभागितामा आधारित वन व्यवस्थापन कार्यक्रम तथा वनपैदावरमा आधारित उद्योग मार्फत समृद्धिको लागि वनको राष्ट्रिय लक्ष्य हासिल गर्न दिगो वन व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

(५) **सहरी हरियाली प्रबर्द्धन गर्नेः** वीरेन्द्रनगर लगायत सबै सहरी क्षेत्रमा नेपाल सरकार, स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज समेतको सहयोगमा आवास तथा बजार क्षेत्र, नदी तथा सडकमा सहरी हरियाली र वातावरणमैत्री सेवा प्रबर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ। सङ्घीय नीति तथा कार्यविधि बमोजिम सहरी वन विकास तथा प्रबर्द्धनका लागि नीति, कानुन, कार्यविधि तथा कार्यक्रम तर्जुमा गरी स्थानीय सरकार, उद्यमी, व्यवसायी तथा समुदायमार्फत कार्यान्वयन गर्न सहयोग र सहजीकरण गरिनेछ।

### ११.१.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | कर्णाली हरित आयआर्जन कार्यक्रम | निजी जमिन, सार्वजनिक स्थल तथा वनक्षेत्रमा आयमूलक कार्यक्रम सञ्चालन भई समुदायको आम्दानी बढेको हुनेछ। |
| २ | वन संरक्षण र वृक्षारोपण कार्यक्रम | प्रदेशको वनले ढाकेको क्षेत्र ४२ प्रतिशत पुगेको हुनेछ। |
| ३ | भू-परिधि क्षेत्रको पहिचान, क्षेत्र निर्धारण र व्यवस्थापन | हिमाल, महाभारत र चुरे बचाऔं अभियान मार्फत भू-परिधि क्षेत्रहरुको पहिचान, क्षेत्र निर्धारण र व्यवस्थापन भएको हुनेछ। |
| ४ | सामुदायिक, निजी तथा सहरी वन विकास कार्यक्रम | सरोकारवालासँग सहकार्य गरी सामुदायिक, निजी तथा कृषि वन विकास र विस्तारका साथै प्रदेशको नगर तथा सहरी क्षेत्रमा वृक्षारोपण मार्फत हरियाली कायम भएको हुनेछ। |
| ५ | वन सम्बर्द्धनमा आधारित दिगो वन व्यवस्थापन कार्यक्रम | प्रदेश वन ऐन कार्यान्वयन गरी उत्पादनशील वनमा दिगो वन व्यवस्थापन पद्धति अवलम्वन भएको हुनेछ। |
| ६ | वनमा आधारित उद्यम विकास तथा प्रबर्द्धन कार्यक्रम | वनमा आधारित उद्यम सञ्चालनका लागि कच्चा पदार्थ उपलब्ध गराउनुका साथै सहुलियत कर्जाको व्यवस्था भएको हुनेछ। |
| ७ | चरन क्षेत्र तथा खर्क/पाटन व्यवस्थापन कार्यक्रम | सहभागितामूलक वन व्यवस्थापनमार्फत चरिचरन क्षेत्र तथा खर्क निर्धारण र व्यवस्थापन हुनेछ । जडीबुटी, पर्यावरण र चरन क्षेत्रलाई दृष्टिगत गरी पाटन क्षेत्रको विशेष व्यवस्थापन भएको हुनेछ। |
| ८ | कृषि वन कार्यक्रम | सङ्घ र स्थानीय तहसँगको समन्वयमा आवश्यकताअनुसार खाद्य, कृषिबाली, फलफूल, पुष्पखेती र जडीबुटी लगायत उच्च व्यवसायी संभावनायुक्त खेती विस्तारको लागि वनक्षेत्रको बहुउपयोग भएको हुनेछ। |
| ९ | वन्यजन्तु पालन तथा प्रजनन कार्यक्रम | नेपाल सरकारसँगको समन्वय र सहकार्यमा संभाव्य वनक्षेत्रमा व्यावसायिक रुपमा कस्तुरी, बदेल र कालिज लगायत कानुनी रुपमा स्वीकृति प्राप्त वन्यजन्तु पालनमा वृद्धि हुनुका साथै मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण भएको हुनेछ। |
| १० | नदी, सडक तथा कोरिडोर क्षेत्रको हरियाली कार्यक्रम | सडक तथा नदी किनारमा वृक्षारोपण भई प्राकृतिक सौन्दर्यता, वातावरण सन्तुलन, भू संरक्षण र आयआर्जनमा योगदान पुगेको हुनेछ। |
| ११ | क्षमता अभिवृद्धि कार्यक्रम | विषयगत क्षेत्रको क्षमता अभिवृद्धिका लागि आवश्यक ज्ञान सीप उपलब्ध भएको हुनेछ। |

### ११.१.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | वनले ढाकेको क्षेत्रफल | प्रतिशत | ३८.५७ | ३९ | ४१ | ४२ |
| २ | वनजन्य उत्पादनको वृद्धिदर | प्रतिशत | १.३ | १.४ | १.५ | १.८ |
| ३ | वनक्षेत्रबाट प्राप्त राजस्व रकम | रु. लाखमा | ९७४ | ६५० | १०१५ | २००० |
| ४ | वार्षिक अतिक्रमण नियन्त्रण क्षेत्र | हेक्टर | १४१ | १४१ | १०० | १०० |
| ५ | व्यवस्थित तथा क्रियाशील सामुदायिक वन समूह | सङ्ख्या | २८११ | २८३० | २८५० | २९०० |
| ६ | दिगो वन व्यवस्थापनमा आधारित सामुदायिक वन | सङ्ख्या | - | - | १०० | ३०० |
| ७ | दर्ता भएका निजी वन | सङ्ख्या | १६४ | १७० | १९० | २०० |
| ८ | दर्ता भएका धार्मिक वन | सङ्ख्या | १२ | १३ | १६ | १८ |
| ९ | कवुलियति वन | सङ्ख्या | ७८४ | ७८४ | ७८४ | ७८४ |
| १० | चरण क्षेत्र | हेक्टर | ७१८२४४ | ७१८२४४ | ७१८२४४ | ७१८२४४ |
| ११ | सरकारी, निजी, साझेदारी र सामुदायिक वनबाट उत्पादन हुने काठको परिमाण | क्यूफिट लाखमा | २.६ | २.६ | ३.५ | ५ |
| १२ | वन उद्यमको विकास तथा प्रबर्द्धन | सङ्ख्या | २३१० | १५०० | १८०० | २००० |
| १३ | वृक्षारोपण गरिएको क्षेत्रफल | हेक्टर | २५७ | २७० | ७०० | १००० |
| १४ | सुचारु तथा व्यवस्थित वन नर्सरी (बहुबर्षीय) | सङ्ख्या | १३ | १४ | २० | २५ |
| १५ | विरुवा उत्पादन (लाखमा) | सङ्ख्या | ८.९९ | ९ | १४ | २० |

*स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश*

## ११.२ सुगन्धित वनस्पति, जडीबुटी तथा जैविक विविधता व्यवस्थापन

### ११.२.१ पृष्ठभूमि

विविधतायुक्त भौगोलिक क्षेत्र, हावापानी तथा उचाइका कारण कर्णाली प्रदेशमा विविध पारिस्थितिकीय प्रणाली विद्यमान रहेको छ । यस प्रदेशमा वनस्पति, जीव र सांस्कृतिक सम्पदा सहित मनोरम भूपरिधि रहेको छ । नेपालमा पाइने चरामध्ये ४६ प्रतिशत, स्तनधारी जनावर मध्ये ४२ प्रतशिशत, २२ प्रतिशत पुतली, ३२ प्रतिशत माछा लगायत ४२ प्रकारका फूल फुल्ने विरुवा पाइन्छन् । यसैगरी यस प्रदेशमा ९ प्रकारका विश्वबाट लोप हुन लागेका स्तनधारी जीव पाइन्छन् । याक, हिउँ चितुवा, रेड पाण्डा र कस्तुरी मृग यस प्रदेशमा पाइने प्रमुख स्तनधारी जनावरहरु हुन् ।

यस प्रदेशमा ५ प्रकारका पारिस्थितिकीय क्षेत्र (इकोरिजन) र २१ प्रकारका वन रहेका छन् । प्रदेशको कुल क्षेत्रफलको ५१ प्रतिशत क्षेत्र बोटविरुवाले ढाकेको मध्ये ३० प्रतिशत वन, ३ प्रतिशत झाडी तथा बुट्यान र १८ प्रतिशत खर्कले ढाकेको छ । खोटे सल्ला, गोब्रे सल्ला, धुपी सल्ला तथा देवदारको वन यस प्रदेश विशेष वनहरु हुन् । यस प्रदेशमा सुगन्धित वनस्पति तथा जडीबुटीको अपार भण्डार रहेको छ । नेपालमा पाइने सुगन्धित वनस्पति र जडीबुटीमध्ये सबैभन्दा बढी यस प्रदेशबाट सङ्कलन हुँदै आएको छ । विभिन्न स्रोतबाट प्राप्त जानकारी अनुसार यस क्षेत्रमा करिब ४०० प्रजातिका जडीबुटीहरु रेकर्ड भएका छन् । विषेशगरी यार्सागुम्वा, जटामसी, देवदार, डालेचुक, लौठसल्ला, विष, चिराईतो, गुच्छी च्याउ, कटुकी, सुगन्धबाल, सतुवा, पाँचऔले, अत्तिस, पोर्‍या, केशर,

सेतोचिनी आदि जस्ता यस प्रदेश क्षेत्रमा उपलब्ध हुने महत्त्वपूर्ण जडीबुटीहरु हुन् । नेपालमा पाइने फूल फुल्ने विरुवा मध्ये ४२ प्रतिशत अर्थात २,५९१ प्रजातिका विभिन्न फूल फुल्ने विरुवा यस प्रदेशमा पाइन्छ ।

### ११.२.२ विद्यमान अवस्था

यस प्रदेशमा जडीबुटी संरक्षण तथा व्यवस्थापनको लागि पकेट क्षेत्र घोषणा गरी जडीबुटी खेती तथा व्यवस्थापन गर्ने कार्यको सुरुवात गरिएको छ । महत्त्वपूर्ण जडीबुटीको पहिचान सहित प्रदेशभित्र पाइने जडीबुटीको अध्ययन गरी जडीबुटी पहिचान पुस्तिका भाग-१ र भाग-२ प्रकाशन गरिएको छ । जडीबुटीको प्राकृतिक वासस्थान संरक्षणको लागि कर्णाली जडीबुटी विकास कार्यक्रम सञ्चालन गरिएको छ । जडीबुटी खेती विस्तारका लागि पकेट, ब्लक, जोन र सुपरजोन मार्फत प्रदेशभरीका स्थानीय तहमा खेती विस्तार, जडीबुटी पकेट क्षेत्रमा प्राकृतिक रुपमा संरक्षण तथा व्यवस्थापनको कार्य भईरहेको छ । जडीबुटी प्रयोगशाला स्थापनाको लागि संभाव्यता अध्ययन गरीएको छ । औसतमा वार्षिक करिब ६ करोड बराबरको जडीबुटी तथा सुगन्धित वनस्पतिका उत्पादन बाहिर निकासी भईरहेको छ ।

### ११.२.३ सवाल तथा चुनौती

(१) **उच्च मूल्यका जडीबुटी उत्पादनको प्रमुख क्षेत्रः** कर्णाली प्रदेशलाई जडीबुटीको प्रमुख क्षेत्रको रुपमा विकास र विस्तार गर्न नसक्नु र प्रदेश क्षेत्रभित्र पाइने विभिन्न सुगन्धित वनस्पति तथा जडीबुटीको विस्तृत अध्ययन तथा पहिचान, सङ्कलन, भण्डारण, प्रशोधन र बजारीकरण हुन नसक्नु सवाल रुपमा रहेका छन् । विद्यमान नीतिगत, कानुनी व्यवस्था र अधिकार क्षेत्र अनुसार प्रदेशलाई उच्च मूल्यका जडीबुटी उत्पादनको प्रमुख क्षेत्र बनाई हरित, रोजगारी र प्राकृतिक स्रोतमा आश्रित समुदायको दिगो आयमा वृद्धि गर्नु चुनौतीको रुपमा रहेको छ ।

(२) **सुगन्धित वनस्पति तथा जडीबुटीको विस्तृत खोज, अध्ययन र अनुसन्धान तथा पहिचानः** यस प्रदेशमा अधिकांश सुगन्धित वनस्पति तथा जडीबुटीको अवैध र अव्यवस्थित सङ्कलन तथा कच्चा पदार्थको रुपमा निकासी हुनु, अध्ययन तथा पहिचानको अभावमा कतिपय बहुमूल्य जडीबुटी त्यसै खेर जानु, प्राविधिक रुपमा वैज्ञानिक ढङ्गले खेती तथा प्रशोधन गरी अधिक लाभ लिन नसक्नु, उपयुक्त समयमा सङ्कलन नगरी अपरिपक्व अवस्थामा वा पुनरुत्पादनको ख्यालै नगरी सङ्कलन गर्ने प्रवृत्ति कायम रहनु, प्राकृतिक अवस्थामा रहेका जडीबुटीको अत्याधिक दोहनका साथै जलवायु परिवर्तनका कारण समेत लोप हुने अवस्थामा पुग्नु, आदि सवालका रुपमा रहेका छन् । सुगन्धित वनस्पति तथा जडीबुटीको विस्तृत खोज, अध्ययन र अनुसन्धान गर्नु, कर्णालीले लाभ लिने गरी प्रदेशभित्रै जडीबुटी प्रशोधन हुने वातावरण सिर्जना गर्नु र जडीबुटीको खेती, सङ्कलन तथा प्रशोधनको विकास र विस्तार गर्नु प्रमुख चुनौती हुन् ।

(३) **सुगन्धित वनस्पति तथा जडीबुटीको संरक्षण, खेती, सङ्कलन तथा प्रशोधनः** जडीबुटीको प्रशोधन तथा निर्यात हुन नसक्नु, जडीबुटीको खेती तथा प्रशोधन प्रविधिको विकास/पहिचान र प्रयोग हुन नसक्नु, हाल सङ्कलित जडीबुटीहरु प्रशोधन नगरी कच्चा पदार्थको रुपमा बाहिर निकासी हुनु, अप्रशोधित रुपमा निकासी हुने प्रवृत्तिलाई रोकी स्थानीयस्तरमै प्रशोधन हुने व्यवस्था नहुनु, प्राकृतिक रुपमा उपलब्ध बहुमूल्य र दुर्लभ जडीबुटीहरुको दिगो संरक्षण हुन नसक्नु सवालको रुपमा रहेका छन् । जडीबुटी खेती विकास तथा विस्तार गर्नु

तथा प्राकृतिक रुपमा दिगो सङ्कलन तथा व्यवस्थापन गर्नु, मूल्य श्रृङ्खला अध्ययन तथा विश्लेषण, बजारीकरण प्रबर्द्धन र प्रशोधन उद्योग सञ्चालन गर्नु चुनौती रुपमा रहेका छन्।

**११.२.४ उद्देश्य**

१. कर्णाली प्रदेशलाई उच्च तथा बहुमूल्य जडीबुटीको प्रमुख क्षेत्रको रुपमा विकास गर्नु,
२. प्राकृतिक अवस्थामा रहेका दुर्लभ तथा लोपोन्मुख सुगन्धित वनस्पति तथा जडीबुटीको खोज, अनुसन्धान र संरक्षण तथा दिगो व्यवस्थापन गर्नु,
३. जडीबुटी खेती, सङ्कलन तथा प्रशोधन उद्योग सञ्चालन, मूल्य श्रृङ्खला अभिवृद्धि र बजारीकरण विकास र विस्तार गर्नु।

**११.२.५ प्रमुख रुपान्तरणकारी रणनीति**

**(१) कर्णाली प्रदेशलाई उच्च/बहुमूल्य जडीबुटीको प्रमुख क्षेत्रको रुपमा विकास गर्ने:** प्राकृतिक अवस्थामा रहेका दुर्लभ तथा लोपोन्मुख सुगन्धित वनस्पति तथा जडीबुटीको सर्वेक्षण, खोज तथा अनुसन्धान, पहिचान, संरक्षण तथा व्यवस्थापन गरिनेछ। प्रदेशलाई जडीबुटीको प्रमुख क्षेत्रको रुपमा विकास गरी प्रदेश क्षेत्रभित्र पाइने विभिन्न सुगन्धित वनस्पति तथा जडीबुटीको पहिचान, सङ्कलन, भण्डारण, प्रशोधन र बजारीकरणबाट हरित रोजगारी र प्राकृतिक स्रोतमा आश्रित समुदायको दिगो आयआर्जनमा अभिवृद्धि गरिनेछ।

**(२) प्राकृतिक अवस्थामा रहेका दुर्लभ तथा लोपोन्मुख सुगन्धित वनस्पति तथा जडीबुटीको खोज, अनुसन्धान र संरक्षण तथा दिगो व्यवस्थापन गर्ने:** हिमाली तथा उच्च पहाडी क्षेत्रमा रहेका चरण, खर्क तथा पाटन क्षेत्रलाई  संभाब्यता अनुसार चरण व्यवस्थापन, जडीबुटी तथा जैविक विविधताको संरक्षण, मिचाहा प्रजातिको अतिक्रमण नियन्त्रण, पर्या-पर्यटन तथा लघु उद्यम प्रबर्धनमा टेवा पुग्ने गरी एकीकृत व्यवस्थापन प्रणाली समावेश गरी कार्यान्वयन गरिनेछ।

**(३) सुगन्धित वनस्पति तथा जडीबुटी प्रशोधन, मूल्य श्रृङ्खला अभिवृद्धि तथा बजारीकरण गर्ने:** प्रदेशको आर्थिक संवृद्धिको बलियो आधारको रुपमा रहेको जडीबुटीबाट स्थानीयस्तरमा रोजगारी सिर्जना गर्नुका साथै राजस्व सङ्कलन र व्यापार व्यवसायबाट प्रदेश अर्थतन्त्रमा विशेष योगदान पुऱ्याउन योजना अवधिमा जडीबुटीको पहिचान, संरक्षण, उत्पादन तथा दिगो सङ्कलन, प्रशोधन, मूल्य श्रृङ्खला अभिवृद्धि तथा बजारीकरण लगायतका क्रियाकलाप सञ्चालन गरिने छ।

यस्ता योजनाको कार्यान्वयन प्रचलित  वन ऐन नियम् अनुसार डिभिजन वन कार्यालयबाट नियमन गर्ने तथा अन्य आवश्यकीय बहु-सरोकारवाला निकायहरु (कृषि, भेटेरीनरी, स्थानीय तह, परम्परागत पशुपालक कृषक, पर्यटन व्यवसायी, उद्योग वाणिज्य सङ्घको प्रतिनिधि) को सहभागितामूलक व्यवस्थापन समिति गठन गरी कार्यान्वयन गरिनेछ।

### ११.२.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | रैथाने जैविक विविधताको अध्ययन, अनुसन्धान र पहिचान गरी जैविक विविधता संरक्षण तथा प्रबर्द्धन गुरुयोजना निर्माण तथा कार्यान्वयन | गुरुयोजना तयार भई कार्यान्वयनमा आएको हुनेछ । वनक्षेत्रको संरक्षण र व्यवस्थापन कार्ययोजनामा वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता संरक्षण गर्ने कार्यक्रमहरु सञ्चालन भएका हुनेछन् । |
| २ | जडीबुटी उत्पादन पकेट क्षेत्र निर्धारण तथा विकास कार्यक्रम | संभाव्यता अध्ययनका आधारमा पकेटक्षेत्र निर्धारण गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानीमा महत्त्वपूर्ण पाँच प्रजातिका जडीबुटीको पकेट क्षेत्र निर्धारण र पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| ३ | महत्त्वपूर्ण प्रजाति संरक्षण | स्थानीय तहमा पाइने महत्त्वपूर्ण प्रजाति (गुराँस, वेल, भोजपत्र, देवदार, जैतुन, डालेचुक, खामु चूली, ओखर, ढटेलो, लौठ सल्ला, धुपी लगायत) को छनोट गरी वन बीउ बगैँचा (Breeding/Seedling Orchard) को रुपमा संरक्षण तथा व्यवस्थापन भएको हुनेछ । |
| ४ | प्रदेशको जडीबुटीको मूल्य शृङ्खला अभिवृद्धि कार्यक्रम | जडीबुटी खेती, सङ्कलन, प्रशोधन, उत्पादन, बजारीकरण र कर्णालीको नाममा प्याकेजिङ्ग सहित मूल्य श्रृखला अभिवृद्धि भएको हुनेछ । |
| ५ | कर्णाली जडीबुटी प्रशोधन कम्पनी स्थापना तथा सञ्चालन | निजी क्षेत्रसँगको साझेदारीमा प्रदेशमा उपलब्ध बहुमूल्य जडीबुटीहरुको प्रशोधन गरी निर्यात गर्नका लागि कर्णाली जडीबुटी प्रशोधन कम्पनी स्थापना भएको हुनेछ । |
| ६ | यार्सागुम्बालगायत बहुमूल्य जडीबुटीको दिगो उत्पादन, संरक्षण, सङ्कलन र सम्बर्धन | बहुमूल्य जडीबुटीको दिगो उत्पादन, संरक्षण तथा सङ्कलनका लागि मापदण्ड तयार गरी लागु भएको हुनेछ । |
| ७ | जडीबुटी (वन लसुन, केशर, अतिस, सेतक चिनी , भुल्ते,कटुको,चिराईतो, लगायत) उत्पादन, खेती बिस्तार तथा उद्यम विकास कार्यक्रम | जडीबुटी उत्पादन, खेती बिस्तार तथा उद्यम विकासका लागि आधुनिक प्रविधिको प्रयोग मार्फत उत्पादन अभिवृद्धि भएको हुनेछ । |
| ८ | जडीबुटी अनुसन्धान प्रयोगशाला तथा प्रशोधनकेन्द्र स्थापना | प्रदेश आयुर्वेदिक औषधालयलगायत सरोकारावालाहरुसँग समन्वय गरी जडीबुटी अनुसन्धान, प्रयोगशाला निर्माण तथा जडीबुटी प्रशोधन भएको हुनेछ । |
| ९ | कर्णाली जडीबुटी ब्रान्डिङ कार्यक्रम | कर्णालीका औषधीजन्य तथा सुगन्धित जडीबुटीबाट उत्पादित सामग्रीलाई स्थानीय नाममा ब्राण्डिङ भएको हुनेछ । |

### ११.२.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रले ढाकेको क्षेत्रफल | प्रतिशत | १७.२३ | १७.२३ | १७.२३ | १८ |
| २ | प्राकृतिक बहुमूल्य जडीबुटीको उत्पादन वृद्धिदर | प्रतिशत | ५ | ७ | १३ | १५ |
| ३ | व्यावसायिक बहुमूल्य जडीबुटीको उत्पादनमा वृद्धि | प्रतिशत | १० | ११ | १७ | २० |
| ४ | प्रशोधित जडीबुटीहरुको निर्यात वृद्धिदर | प्रतिशत | ० | ० | ५ | १० |
| ५ | जडीबुटीको व्यावसायिक उत्पादन क्षेत्रफल | हेक्टर | १८०० | १००० | १५०० | २००० |
| ६ | जडीबुटी संरक्षण र खेती कार्यान्वयन भएका वनसमूह | सङ्ख्या | ० | ५० | ११० | १५० |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| ७ | जडीबुटीको नर्सरी | सङ्ख्या | १५ | १५ | ६० | १०० |
| ८ | जडीबुटीबाट प्राप्त कुल राजस्व | रु. करोडमा | २.६५ | २ | ८ | १० |
| ९ | यार्सागुम्बा सङ्कलन | के. जी. | ५००० | २००० | ५००० | ७५०० |
| १० | जटामसी सङ्कलन (लाखमा) | के. जी. | २.५ | १.५ | ४.३७ | ४.३७ |
| ११ | खोटो सङ्कलन (लाखमा) | के. जी. | ५० | ५५ | ६३ | ७० |
| १२ | जडीबुटी प्रशोधन उद्योग | सङ्ख्या | १० | १५ | ४० | ६० |
| १३ | वन्यजन्तु उद्धार केन्द्र स्थापना र सञ्चालन | गोटा | ० | ० | १ | १ |
| १४ | वार्षिक मानव वन्यजन्तु द्वन्द्वका घटना | गोटा | १३४ | १३४ | १२० | ९० |
| १५ | वनमा आधारित उद्योग स्थापना | गोटा | ५०० | ६०० | ९०० | १००० |
| १६ | जैविक विविधता अभिलेखीकरण केन्द्र स्थापना | गोटा | ० | ० | १ | १ |

*स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश।*

## ११.३ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

### ११.३.१ पृष्ठभूमि

यस प्रदेश कर्णाली नदीको जलाधारको मुख्य भूभागका रुपमा रहेको छ । प्रदेशभित्र जलप्रवाह प्रणालीका हिसावले कर्णाली प्रदेशलाई मोटामोटी पाँचवटा जलाधार क्षेत्रमा विभाजन गरिएको छ । जुन हुम्ला कर्णाली, मुगु कर्णाली, मध्य कर्णाली, भेरी र शारदा नदीका जलाधार क्षेत्रका रुपमा नामाङ्कन भएका छन् । यसैगरी हिमा, तिला, लोहोरे जस्ता उप-जलाधार क्षेत्र पनि प्रदेशभित्र रहेका छन् । यस सन्दर्भमा जलाधार तथा उप-जलाधार क्षेत्र र तिनको संवेदनशीलताको पहिचान तथा नक्साङ्कन गर्ने, जलवायु परिवर्तन अनुकुलन तथा जलाधार व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन गर्ने, जलाधार तथा उप-जलाधार क्षेत्रको संरक्षण गर्ने र यस कार्यका लागि प्रदेशभित्र सक्षमता विकास गर्ने लगायत प्रदेश नीति, योजना तथा कार्यक्रम विशेष जोड दिन आवश्यक छ ।

### ११.३.२ विद्यमान अवस्था

यस प्रदेशमा ५२ वटा संवेदनशील जलाधार क्षेत्र पहिचान भएका छन र सोअनुसार जलाधार व्यवस्थापन योजना तयार भई विभिन्न चरणमा कार्यान्वयनमा रहेका छन् । स्थानीय तह, समुदाय र सरोकारवाला समेतको सहभागिता र सहकार्यमा प्रदेश सरकारले जलाधार पहिचान, वर्गीकरण, प्राथमिकीकरण र तदनुरुप जलाधार व्यवस्थापन योजना निर्माण गर्ने कार्यनीति अवलम्वन गरेको छ । यस अन्तर्गत हालसम्म विभिन्न जिल्लामा गरी १३२ वटा कार्यक्रम सञ्चालनमा रहेका छन र १०० हेक्टर क्षेत्रफलमा वृक्षारोपण गरिएको छ । यसैगरी विगतको केन्द्रीकृत संरचनाअन्तर्गत रहेको जिल्ला भूसंरक्षण कार्यालयलाई रुपान्तरण गरी स्थापना भएको भू-तथा जलाधार व्यवस्थापन कार्यालय संरचनागत एवम् प्राविधिक रुपमा परिपक्व हुने क्रममा रहेका छन् ।

### ११.३.३ मुख्य सवाल तथा चुनौती

**(१) एकीकृत व्यवस्थापन मार्फत जलाधार क्षेत्रको संरक्षण र दिगो उपयोगः** हिमाली ,उच्च पहाडी, पहाडी र चुरे भावरमा विस्तारित विविधतापूर्ण रहेको तथा वर्षातमा तुलनात्मक रुपमा छोटो समयमा धेरै पानी पर्ने हुँदा

यस क्षेत्रका कतिपय भू-भागहरु भू-क्षय, बाढी र पहिरोको उच्च जोखिममा रहेका छन् । जलाधार क्षेत्र अध्ययन, नक्साङ्कन, प्राथमिकता निर्धारण, प्राकृतिक स्रोत संरक्षण र दिगो उपयोग गर्नु चुनौती देखिएको छ ।

(२) **जलाधार तथा आसपासका क्षेत्रको पारिस्थितिकीय सन्तुलनः** यस प्रदेश क्षेत्रमा वातावरणीय ह्रास र जलवायु परिवर्तनको दबाब पनि बढीरहेको छ । विगत केही वर्षयता जलवायु परिवर्तनको असर तथा अव्यवस्थित मानवीय क्रियाकलापका कारणले यहाँका जलाधारका स्रोतमा क्षति नोक्सानी बढ्दो क्रममा रहेका छन् । यसको प्रत्यक्ष असर कर्णालीवासीको स्वास्थ्य, जीविकोपार्जन, उत्पादन, रोजगारी र आयस्रोतमा परिरहेको छ । भू-संरक्षण, जमिनको उत्पादकत्व वृद्धि र जलस्रोतको दिगो व्यवस्थापन र बहुआयमिक उपयोग, वातावरण संरक्षण, पारिस्थितिकीय प्रणाली तथा जैविक विविधता अभिवृद्धि गरी वातावरणीय सन्तुलन कायम गर्नु चुनौतीको रुपमा रहेको छ ।

(३) **जलाधारको दिगो विकास तथा व्यवस्थापनः** यस प्रदेशका विविधतायुक्त जलाधार क्षेत्रको जनजीवन, जीवजन्तु, पारिस्थितिकीय प्रणाली र भौतिक तत्त्वबिचको अन्तरसम्बन्ध र अन्तरक्रियाबाट उत्पन्न हुने सम्भावित असर र प्रभावका बारेमा सचेतनामा कमी हुनु, जलाधार तथा प्राकृतिक स्रोत एवम् जोखिमको यथार्थ तथ्याङ्क आधार तयार तथा लेखाजोखा गर्नु, जलाधार र नदीनाला प्रदूषित हुँदै जानु, उपलब्ध पानीको गुणस्तरमा ह्रास आउनु, ग्रामीण सडकको अव्यवस्थित निर्माण समेतका कारणले बाढी, पहिरो भू-क्षयका घटनामा वृद्धि हुनु, नदीमा फोहोर फाल्ने र विषादी प्रयोग गरेर माछा मार्ने कार्यले नदी विषाक्त र फोहोर हुन गई मानव तथा अन्य जीवजन्तुका स्वास्थ्यमा प्रतिकुल असर पर्नु, जलाधारको संरक्षणका लागि समन्वयात्मक र व्यवस्थित प्रयास हुन नसक्नु आदि सवालका रुपमा रहेका छन् । जलप्रणालीको उचित व्यवस्थापनका लागि जलाधारलाई एकीकृत एकाइको रुपमा लिई पारिस्थितिकीय प्रणालीको व्यवस्थापन र पुनरुत्थान गर्नु, जलाधार र उप जलाधार क्षेत्रका विशेषता र जोखिम समेतका बारेमा पर्याप्त सूचना तथा तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्नु, जलाधार संरक्षणको महत्त्वका बारेमा समुदाय तथा सरोकारवालामा सचेतना वृद्धि गर्नु र एकीकृत जलाधार व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारका नीति, योजना तथा कार्यक्रमबिच समन्वय कायम गर्नु जस्ता चुनौती रहेका छन् ।

(४) **तालतलैया तथा सीमसार क्षेत्रको संरक्षण तथा व्यवस्थापनः** यस प्रदेशमा रहेका नेपालकै प्रमुख निधि राराताल, फोक्सुण्डो ताल, स्यार्पूताल, कुपिण्डे दल, बराहताल, बुलबुल ताल लगायतका तालतलैया तथा सीमसार क्षेत्रमा प्रदूषण तथा सेडिमेण्टेसन बढ्दै जानु, गुरुयोजना तर्जुमा तथा कार्यान्वयन हुन नसक्नु, ताल क्षेत्रमा पर्यटनको विकास र विस्तार हुनु नसक्नु, माथिल्लो तटीय क्षेत्रको उचित संरक्षण हुन नसक्दा तल्लोतटीय क्षेत्रमा पर्ने नकारात्मक प्रभाव बढ्दै जानु, सिमसार क्षेत्रको संरक्षण, संबर्द्धन र व्यवस्थापनमार्फत पर्यावरण र पर्या--पर्यटन प्रबर्द्धनका कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन हुन नसक्नु प्रमुख सवालहरु रहेका छन् । एकीकृत जलाधार व्यवस्थापनका अवधारणा अनुसार तालतलैयाको संरक्षण तथा व्यवस्थापन गर्नु र ताल तथा सिमसार क्षेत्रको दिगो उपयोग तथा सोबाट लाभ हासिल गर्नु र प्राप्त लाभको समन्यायिक रुपमा बाँडफाँट गर्नु चुनौती रहेको छ ।

### ११.३.४ उद्देश्य

१. एकीकृत व्यवस्थापन मार्फत जलाधार क्षेत्रको संरक्षण र दिगो उपयोग गर्नु,

२. जलाधार तथा आसपासका क्षेत्रमा पारिस्थितिकीय सन्तुलन कायम राख्नु,

३. तालतलैया, सीमसार क्षेत्र र पानीको स्रोतको संरक्षण तथा दिगो उपयोग गर्नु ।

### ११.३.५ रुपान्तरणकारी रणनीति

**(१) एकीकृत व्यवस्थापन मार्फत जलाधार क्षेत्रको संरक्षण र दिगो उपयोग गर्ने:** प्रदेशका महत्त्वपूर्ण जलाधार क्षेत्रहरुको संरक्षण र समुदायमा आधारित दिगो व्यवस्थापन मार्फत जलविद्युत्, खानेपानी तथा सिँचाईका लागि आवश्यक पानीको स्रोतमा वृद्धि, पानी पुनर्भरण, प्रकोप जोखिम रोकथाम तथा नियन्त्रण गरिनेछ । जलाधार क्षेत्र संरक्षण तथा व्यवस्थापनलाई कृषि, पशु, मत्स्यपालन, वन र पर्यटनसँग आबद्ध गरी प्राकृतिक स्रोतमा निर्भर समुदायको जीवनस्तर सुधारका अवसर सिर्जना गरिने छ ।

**(२) जलाधार तथा यसका आसपासका क्षेत्रमा पारिस्थितिकीय सन्तुलन कायम राख्ने:** जोखिमको अवस्था र संवेदनशीलताका दृष्टिले जलाधारहरुको नक्साङ्कन गरी संरक्षणका लागि प्राथमिकीकरण गरिनेछ । स्थानीय तहसँगको सहकार्यमा पानीका संवेदनशील मूल तथा मुहानको अवस्थासँग सम्बन्धित विवरण सङ्कलन गरी अभिलेख तयार गरिने छ । समुदाय तथा विकास साझेदार संस्थासँगको सहकार्य एवम् साझेदारीमा रिजार्ज पिट तथा पुनर्भरण पोखरीको निर्माण, व्यवस्थापन र संरक्षणलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

**(३) जलाधारीय स्रोतको दिगो विकास गर्ने:** अध्ययन र अनुसन्धानमा आधारित उपयुक्त प्रविधिको विकास तथा प्रचार प्रसार गरिनेछ । संरक्षित जलाधार क्षेत्रको महत्त्व, उपादेयता र संरक्षणका विधि बारे स्थानीय तह र समुदायमा सहकार्य गर्दै सचेतना अभिवृद्धि गरिनेछ । जलाधार क्षेत्रको दिगो व्यवस्थापनका लागि एकीकृत जलाधार व्यवस्थापन पद्धतिलाई अंगिकार गर्दै माथिल्लो र तल्लो तटीय क्षेत्रको सम्बन्ध स्थापित गर्ने गरी भू-संरक्षण, जमिनको उत्पादकत्व वृद्धि र जलस्रोतको बहुआयमिक उपयोग, वातावरण संरक्षण, पारिस्थितिकीय प्रणाली तथा जैविक विविधतालाई बढावा दिने कार्य तथा अभ्यास सञ्चालन गरिनेछ ।

**(४) जलीय स्वच्छता, उपलब्धता र उपयोगलाई दिगो तथा व्यवस्थित तुल्याउने:** पानीको स्रोत, तालतलैया तथा सिमसार क्षेत्रको नक्साङ्कन, पहिचान तथा संरक्षण व्यवस्थापन योजना तयार गरी लागु गरिनेछ छ । नदीजन्य वस्तुको उत्खननलाई व्यवस्थित र वातावरणमैत्री तुल्याउन अन्तर सरकारी सहकार्यलाई प्रभावकारी बनाइनेछ । सडक निर्माण गर्दा लागत डिजाइन तथा लागत अनुमानमा नै सडक आसपास वृक्षारोपण, बायोइञ्जिनियरिङ र वातावरणीय अध्ययनमा उल्लेख भएका वातावरण व्यवस्थापन सम्बन्धी कार्यहरुको अनिवार्य कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

### ११.३.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | पानीको स्रोत, तालतलैया सीमसार क्षेत्र संरक्षण र पानी पुनर्भरण कार्यक्रम | तालतलैया, सीमसारक्षेत्र तथा जलाधार/मुलाधार क्षेत्रभित्रका पानीको स्रोतको संरक्षण, पुनर्भरण र दिगो उपयोग भई बाहै महिना पानी उपलब्धताको सुनिश्चितता हुनेछ । |

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| २ | जोखिम स्थानमा चेकड्याम लगायत वायो इन्जिनियरिंग संरचना निर्माण तथा व्यवस्थापन | जोखिम संवेदनशील प्रमुख जलाधार क्षेत्रको संरक्षण, विकास र स्रोतको दिगो उपभोग भएको हुनेछ । |
| ३ | गह्रा सुधार, जमिन उकास र संरक्षण कार्यक्रम | भू-क्षय नियन्त्रण, जमिन संरक्षण र उकास भई जमिनको उपयोग तथा उत्पादकत्वमा वृद्धि भएको हुनेछ । |
| ४ | जलाधारको एकीकृत विकास तथा व्यवस्थापन अध्ययन र अनुसन्धान | जलाधार संरक्षण तथा विकासका बहुपक्षीय आयाममा अध्ययन तथा अनुसन्धान भई उपयुक्त ज्ञान, सीप र प्रविधिको प्रयोगबाट जलाधार क्षेत्रको दिगो व्यवस्थापन भएको हुनेछ । |
| ५ | कर्णालीको माथिल्लो तथा तल्लो तटीय जलाधार संरक्षण कार्यक्रम | नदी कटान तथा भू-क्षयको नियन्त्रण भई गाउँबस्ती तथा खेतीयोग्य जमिनको संरक्षण भएको हुनेछ । |
| ६ | संवेदनशील जलाधारको एकीकृत जलाधार व्यवस्थापन योजना निर्माण र व्यवस्थापन कार्यक्रम | पानीका स्रोत, पहिरोको जोखिम, चेकड्याम, पानी पुरर्भरण, सिल्टेसन ड्याम जस्ता संरचनाबाट जलाधार व्यवस्थापनका टेवा पुगेको हुनेछ । |
| ७ | ग्रामीण सडक तथा विकासका अन्य पूर्वाधार संरक्षण कार्यक्रम | ग्रामीण कच्ची सडक तथा अन्य पूर्वाधार संरचनामा बायोइन्जिनियरिङ्ग प्रविधि सहित भू–संरक्षणका कार्यबाट विकासका पूर्वाधारको दिगो संरक्षणमा टेवा पुगेको हुनेछ । |
| ८ | पानी पुनर्भरण संरचना रिचार्ज पोखरी निर्माण कार्यक्रम | माथिल्लो क्षेत्रमा संरक्षण भई तल्लो तटीय क्षेत्रमा भूमिगत पानी पुनर्भरणमा वृद्धि भएको हुनेछ । |
| ९ | चुरे क्षेत्रको जलाधार व्यवस्थापन | राष्ट्रपति चुरे संरक्षण कार्यक्रमसँग समन्वय गरी चुरे क्षेत्रको जलाधार व्यवस्थापन भएको हुनेछ । |
| १० | सामुदायिक भू–संरक्षण कार्यक्रम | स्थानीय तहसँगको समन्वय, सहकार्य तथा सह–लगानी तथा कार्यक्रम छनोटमा भू–संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन तथा हरित र संरक्षणमैत्री विकास र जिविकोपार्जनमा टेवा पुगेको हुनेछ । |
| ११ | ताल, तलैया, पोखरी र सिमसार क्षेत्रको पहिचान, वर्गीकरण, योजना निर्माण र कार्यान्वयन | स्थानीय पारिस्थितिकीय प्रणालीमा सन्तुलन कायम भई पर्यापर्यटनमा टेवा र वातावरणमैत्री विकास अभिवृद्धि भएको हुनेछ । |
| १२ | कार्यमूलक अध्ययन, अनुसन्धान र प्रर्दशनी स्थल निर्माण कार्यक्रम | भू-संरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्षेत्रगत विषयमा कार्यमूलक अध्ययन अनुसन्धान भई प्रविधि विकास तथा विस्तार भएको हुनेछ । |
| १३ | वायोइन्जिनियरिङ्ग प्रविधि विकास तथा उपयोग प्रबर्द्धन कार्यक्रम | नर्सरी स्थापना, विरुवा उत्पादन तथा क्षमता विकास भई हरित पूर्वाधार विकास र विस्तार भएको हुनेछ । |

## ११.३.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | संरक्षित जलाधार क्षेत्र | सङ्ख्या | ५८ | ५८ | ७९ | १६० |
| २ | संरक्षित जलाधारको क्षेत्रफल | व.कि.मि. | १२२०१ | १२२०१ | १८३०२ | २२८७७ |
| ३ | जलाधार संरक्षणका लागि वृक्षारोपण | हेक्टर | ४५० | ६०० | १००० | १५०० |
| ४ | निर्माण ,स्तरोन्नति तथा मर्मत भएका रिचार्ज पोखरी | सङ्ख्या | १५८ | १९८ | ३९० | ५०० |
| ५ | नदी प्रणालीमा आधारित एकीकृत जलाधार संरक्षण योजना निर्माण र कार्यान्वयन भएका नदी प्रणाली | सङ्ख्या | ३ | ३ | ६ | ८ |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको यथार्थ | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| ६ | जलाधार तथा उपजलाधार योजना निर्माण र कार्यान्वयन | वटा | ३ | ४ | २० | ५० |
| ७ | संरक्षण गरिएको पानी मुहान/मूलाधार संरक्षण | सङ्ख्या | ५२ | ५४ | ६५ | ७९ |
| ८ | रोकथाम तथा उपचार गरीएका गल्छी तथा पहिरो क्षेत्र | हेक्टर | २६ | ३० | ३०० | ४०० |
| ९ | संरक्षित खोला किनार ,सिँचाइ कुलो र विकासका पूर्वाधार | कि.मि. | ७ | ८ | १५ | २० |
| १० | पहिरोबाट नष्ट भएको जमिनको उकास क्षेत्र | हेक्टर | २६ | ३० | ७० | १०० |
| ११ | भूसंरक्षणमुखी विरुवा उत्पादन तथा वितरण (लाखमा) | सङ्ख्या | ८.९९ | १० | २० | २० |

*स्रोतः जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय, कर्णाली प्रदेश*

परिच्छेद १२

# वातावरण, विपद् र जलवायु उत्थानशीलता


१२.१ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन १७१

१२.२ विपद् जोखिम व्यवस्थापन १७५

१२.३ जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन १८२

# परिच्छेद-बाह्र

# वातावरण, विपद् र जलवायु उत्थानशीलता

## १२.१ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

### १२.१.१ पृष्ठभूमि

नेपालको संविधानमा वातावरणीय स्वच्छता र सन्तुलित जीवनयापन सहित प्राकृतिक स्रोतसाधनको उपयोग गर्ने जिम्मेवारी तीनै तहका सरकारमा निहित रहेको छ । यसअनुरुप प्रदेशले विविधतायुक्त जलवायु र वातावरण सन्तुलनमा प्रतिकुल असर नपर्ने गरी वनपैदावर र जैविक विविधताको समुचित गरी प्राङगारिक प्रदेशको विशिष्ट पहिचान सहित विश्व बजारमा ब्राण्डिङ गरेर आर्थिक सामाजिक रुपान्तरणको लाभ लिन सक्ने संभावना रहेको छ । यस प्रदेशमा जलस्रोत, वन, जलाधार, जडिवुटी तथा जैविक विविधता र मानवीय क्रियाकलापबिच सन्तुलन कायम गरेर पछिल्लो समय विकराल बन्दै गएको वातावरणीय ह्रासको न्यूनीकरण आवश्यक रहेको छ ।

जलवायु परिवर्तनजस्तो विश्वव्यापी समस्याको कारकको रुपमा रहेको वातावरणीय असन्तुलन घटाउने, हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्ने, हावापानी तथा माटोको प्रदूषण रोकथाम गर्ने तथा मानव सिर्जित फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गर्ने दायित्व प्रदेश सरकारमा निहित रहेको छ । वातावरणीय प्रदूषण नियन्त्रणलाई सरकार तथा नागरिकको दायित्वको रुपमा आत्मसात गर्दै प्रदेश सरकारले नीति, योजना तथा कार्यक्रममा वातावरण संरक्षण र फोहोरमैलाको समुचित व्यवस्थापनलाई आन्तरिकीकरण गर्ने प्रयास गरीहेको छ । यस प्रदेशमा वातावरणीय क्षयीकरणको अवस्था न्यून रहेको भए तापनि यसलाई भयावह हुनबाट जोगाएर प्राकृतिक स्रोत, जैविक विविधता र पारिस्थितिकीय प्रणालीलाई बचाउन र उत्थानशीलता सुनिश्चित गर्न वातावरण संरक्षण तथा फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन अनिवार्य छ ।

### १२.१.२ विद्यमान अवस्था

यस प्रदेशमा विभिन्न प्रजातिका वन्यजन्तु र वनस्पति पाइन्छन् । यिनीहरुको उचित संरक्षण र संवर्द्धन गरी पारिस्थितिकीय प्रणालीबिच सन्तुलन कायम राख्न र समुदायको जीवनस्तरमा दिगो सुधार गर्न सकिने संभावना रहेको छ । हरित गृहग्यास उत्सर्जन न्यूनीकरण गरी वातावरणीय सन्तुलन कायम राख्न नसके बढ्दो जलवायु परिवर्तनका प्रभावका कारण यहाँका हिमाल र नदीनालाको नियमित चक्र शीघ्र खलवलिन सक्ने जोखिम रहेको छ । यो प्रदेश भूस्खलनको दृष्टिले संवेदनशील छ । वातावरणीय क्षयीकरण न्यूनीकरण र फोहोरमैला व्यवस्थापनका माध्यमबाट जलाधार तथा माटोको उचित संरक्षण गरी अप्राकृतिक भूस्खलन न्यूनीकरण गर्नुपर्ने आवश्यकता रहेको छ ।

यस प्रदेशको प्राकृतिक सौन्दर्य र जैविक विविधताका कारण संभाव्य देखिएको पर्यटन क्षेत्रको प्रबर्द्धन मार्फत स्थानीय अर्थतन्त्रमा रुपान्तरण ल्याउन स्वच्छ वातावरण प्रबर्द्धन, प्रदूषण नियन्त्रण र हरित क्षेत्रको संबर्द्धनमा विशेष ध्यान दिनु आवश्यक छ । वातावरण संरक्षण र वैज्ञानिक फोहोरमैला व्यवस्थापन दिगो विकास लक्ष्यसँग प्रत्यक्ष रुपमा जोडिएकोले प्राकृतिक स्रोतसाधनको समुचित तथा दीर्घकालीन उपयोग सुनिश्चित गर्नु यस प्रदेशको लागि

एक महत्त्वपूर्ण र गम्भीर विषय बनेको छ । यसमा सरकारको प्रभावकारी नीति, कानुन र कार्यक्रम, समुदाय क्रियाशीलता र विकास साझेदार योगदानको आवश्यकता रहेको छ।

वातावरणीय सन्तुलनमा देखिएका विद्यमान समस्यामा हावा, पानी, माटो र ध्वनिको प्रदूषण र फोहोरमैलाको अवैज्ञानिक व्यवस्थापन हुन् । नेपालको संविधानले नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने र वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति वापत पीडितलाई प्रदूषकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था गरेको छ । हालै सार्वजनिक गरिएको ईन्भायोरोन्मेण्ट परफरमेन्स इन्डेक्स (ईपीआई)-२०२४ प्रतिवेदन अनुसार कुल १८० देशका विभिन्न ५८ वातावरणीय सूचकका आधारमा अध्ययन गर्दा वातावरणीय स्वास्थ्य स्थितिमा नेपाल १७५ औं स्थानमा रहेको देखिएको छ। यसबाट वातावरणीय स्वच्छताको विषय विश्वव्यापी रहेको र यसको असर पृथ्वीका सबै कुनामा असमान रुपमा वितरण हुन्छ भन्ने कुराको पुष्टि गर्दछ।

यसै तथ्यलाई मध्यनजर गरेर प्रदेश सरकारले सङ्घीय वन तथा वातावरण संरक्षण ऐन तथा नियमसँग तादात्म्यता कायम हुने गरी प्रदेशस्तरीय वातावरण संरक्षण ऐन-२०७७ तथा नियमावली-२०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेको छ। यसैगरी पछिल्लो समय विकराल बन्दै गएको नकुहिने प्लाष्टिकजन्य फोहोरबाट उत्पन्न हुने प्रदूषण न्यूनीकरण गर्न प्लाष्टिक झोला प्रयोगमा प्रतिवन्ध लगाउने कार्ययोजना-२०७८ तर्जुमा गरी कार्यान्वयनको अवस्थामा रहेको छ। प्रदेशका सहरी क्षेत्र तथा सहरोन्मुख गाउँ/बस्तीमा वातावरणीय प्रदूषणको कारक बन्दै गएको फोहोरमैला निष्कासन, सङ्कलन, प्रशोधन र विसर्जन लगायत व्यवस्थापनलाई नियमित गर्न आवश्यक पूर्वाधारको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्वच्छ र स्वस्थ वातावरण कायम राख्ने प्रयास सुरु गरिएको छ।

### १२.१.३ मुख्य सवाल र चुनौती

**(१) जल, जमिन तथा वायु प्रदूषण नियन्त्रणः** जल, जमिन र वायु प्रदूषण बढ्दै जानु, फोहोरमैलाको अव्यवस्थित रुपमा विसर्जन गर्नु, वनडढेलोमा वृद्धि हुनु, सहरी जीवनशैली बढोत्तरी र यातायातका साधन बढ्दै जानु, रासायनिक विषादीको बढ्दो तथा अव्यवस्थित प्रयोगबाट वायु, खोलानाला र जलाधारका स्रोतमा प्रदूषण बढ्नु प्रमुख सवाल हुन्। वनडढेलो, यातयातका साधन तथा उद्योगधन्दाबाट उत्सर्जन हुने धुवाँ, धुलो, ध्वनी र वायु प्रदूषण नियन्त्रण गर्नु र जमिन, माटो तथा वातावरणीय स्वच्छता कायम गर्नु चुनौती रहेको छ।

**(२) फोहोरमैलाको वैज्ञानिक व्यवस्थापनः** दैनिक रुपमा उत्पादन हुने कुहिने र नकुहिने फोहोरको स्रोतमा नै वर्गीकरण तथा व्यवस्थापन हुन नसक्नु, उद्योग तथा व्यवसायियक क्षेत्रबाट निष्कासन हुने वातावरणीय रुपमा हानीकारक पदार्थ नियन्त्रण तथा नियमन नहुनु र वैज्ञानिक रुपमा फोहोरमैला व्यवस्थापन गरी चक्रीय अर्थतन्त्र प्रबर्द्धन हुन नसक्नु जस्ता सवाल यस क्षेत्रमा रहेका छन् । फोहोरमैलालाई ऊर्जाको स्रोतमा परिवर्तन गरी मोहरमा परिणत गर्नु र फोहोरमैलाले निम्त्याउने स्वास्थ्य जटिलताका कारण हुने आर्थिक, सामाजिक, वातावरणीय र मानवीय क्षेत्रमा पर्ने असर रोकथाम गर्नु तथा फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गरी चक्रीय अर्थतन्त्रको प्रबर्द्धन गर्नु चुनौती रहेको छ।

**(३) महामारी रोकथामः** वातावरणीय ह्रास तथा जल, जमिन र वायु प्रदूषणका कारण विपद् तथा महामारीको जोखिम बढ्नु, वातावरणीय ह्रासको कारण प्राकृतिक स्रोतसाधन र जलवायुमा पर्ने असरले सीमान्तकृत वर्ग तथा समुदायको जनजीविका, कृषि तथा पशुपन्छी र पर्यटन व्यवसायमा नकारात्मक असर पर्नु जस्ता सवाल

यस क्षेत्रमा रहेका छन् । वातावरणीय प्रदूषण नियन्त्रण र फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन हुन नसक्दा फैलिने दुर्गन्ध, झाडापखाला, टाईफाईड, जण्डिस जस्ता फोहोरमैलाजन्य कारणले फैलिने महामारीको नियन्त्रण पनि चुनौती रहेको छ।

(४) **विद्युतीय तथा हानिकारक फोहोर व्यवस्थापन**: वातावरणीय प्रदूषणको दृष्टिले उच्च जोखिम युक्त विद्युतीय फोहोर र अस्पतालजन्य हानिकारक फोहोरमैलाको व्यवस्थापन आर्थिक र प्राविधिक रुपमा जटिल बन्दै जानु, प्रमुख वातावरणीय सवालको रुपमा रहेको वायु प्रदूषण बढ्नु, प्रदूषण नियन्त्रणमा उपयुक्त विकल्प मानिएका विद्युतीय सवारी साधन तथा अन्य विद्युतीय उपकरणको प्रयोग अपेक्षित रुपमा बढ्न नसक्नु, कम्प्युटर, मोबाइल, प्रिन्टर जस्ता विद्युतीय उपकरणका पार्टपुर्जा, प्लेट तथा अन्य सामग्री पुनःप्रयोग, प्रशोधन तथा समुचित व्यवस्थापन हुन नसक्नु, विद्युतीय सवारी साधन, सोलार प्रणालीमा प्रयोग हुने ब्याट्रीको सुरक्षित उपयोग तथा निष्कासन हुने रसायनको सुरक्षित व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड र प्रविधि उपलब्ध नहुनु जस्ता सवालहरु रहेका छन् । वातावरणीय दृष्टिकोणले हानिकारक तथा उच्च जोखिम युक्त हरितगृह ग्याँसको उत्सर्जन नियन्त्रण गर्नु, उच्च जोखिम युक्त विद्युतीय तथा हानिकारक फोहोरमैलाको समयमै समुचित व्यवस्थापन गर्नु र वातावरणीय स्वच्छता र नागरिकको स्वास्थ्य अधिकार संरक्षण गर्नु चुनौती रहेको छ ।

**१२.१.४ उद्देश्य**

१. फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन र चक्रीय अर्थतन्त्रलाई प्रबर्द्धन गर्नु,
२. वातावरणीय ह्रास तथा प्रदूषण नियन्त्रण गर्नु,
३. मानवीय गतिविधि र पारिस्थितिकीय प्रणालीबिच सन्तुलन कायम गर्नु।

**१२.१.५ रुपान्तरणकारी रणनीति**

(१) **जल, जमिन र वायु प्रदूषण नियन्त्रण गर्ने**: हरित गृह ग्यासमध्ये वायु प्रदूषणका हिसाबले सबैभन्दा धेरै प्रतिकुल मानिने कार्बनडाइअक्साइड उत्सर्जन न्यूनीकरण गर्न यातायात प्रणालीमा विस्तारै स्वच्छ ऊर्जाबाट चल्ने विद्युतीय सवारीलाई प्रोत्साहन गरिनेछ। खनिजतेलबाट चल्ने साना सवारीसाधनलाई विस्तारै विद्युतीय सवारीले प्रतिस्थापन गर्दै लगिनेछ। सवारी साधनलाई न्यून प्रदूषण हुने युरो ५ स्तरीय मापदण्ड प्रणाली र वातावरणीय जाँचपास प्रमाणपत्र (ग्रिन स्टिकर) को पालनालाई प्रभावकारी बनाइनेछ। प्लाष्टिकजन्य फोहोरमैला जथाभावी जलाउने र वनडढेलो जस्ता वायु प्रदूषण बढाउने क्रियाकलापलाई कडाइकासाथ नियमन तथा नियन्त्रण गरिनेछ। जल र जमिनको स्वच्छता कायम गर्न विषादी प्रयोगलाई निरुत्साहित गर्दै प्राङ्गारिक अभ्यासको प्रबर्द्धन गरिने छ । नदी, खोला नाला सरसफाइ र मुहान संरक्षणलाई नियमित गरिनेछ ।

(२) **फोहोरको वर्गीकरण, पुनःउपयोग र प्रशोधन मार्फत चक्रीय अर्थतन्त्रको प्रबर्द्धन गर्ने**: प्रमुख सहर तथा सहरोन्मुख आर्थिक केन्द्रहरुमा उत्पादन हुने फोहोरलाई स्रोतमा नै कम उत्पादन गर्ने, स्रोतमा कुहिने र नकुहिने फोहोरको वर्गीकरण गर्न समुदाय स्तरमा तीन आरः(Reduction,Reuse, Recycle) घटाउने, पुनःप्रयोग गर्ने र प्रशोधन गर्ने लगायतका जनचेतना र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ। नकुहिने फोहोरलाई पुनःउपयोग (अप-साइकल) र प्रशोधन (रि-साइकल) गर्न निजी क्षेत्र र विकास साझेदारसँग सहकार्य तथा साझेदारी गरी चक्रीय अर्थतन्त्रलाई प्रबर्द्धन गरिनेछ। अव्यवस्थित फोहोर विसर्जनलाई नियमन तथा नियन्त्रण

गरी जनस्वास्थ्यमा पर्न सक्ने महामारीजन्य रोग रोकथाम तथा नियन्त्रणका लागि वातावरणीय परीक्षण, नियमन र विशेष तथा अभियानमूलक कार्यक्रम  सञ्चालन गरिनेछ ।

(३) **हानिकारक फोहोर व्यवस्थापनमा सहकार्य गर्नेः** उच्च जोखिम युक्त विद्युतीय फोहोर र अस्पतालजन्य हानिकारक फोहोरमैलाको समुचित व्यवस्थापनसम्बन्धी प्रविधि, पूर्वाधार र प्रणाली विकास र सञ्चालन गर्न सङ्घ तथा स्थानीय सरकार र निजी क्षेत्रका साथै विकास साझेदारसँग सहकार्य गरिनेछ । हानिकारक र विद्युतीय फोहोरलाई प्रारम्भिक तहमा नै सुरक्षित रुपमा भण्डारण गर्न र विस्तारै स्वव्यवस्थापन गर्न सम्बन्धित उत्पादक वा आयातकर्तालाई जिम्मेवार बनाउँदै लगिनेछ । अस्पतालजन्य हानिकारक र विद्युतीय सवारी तथा उपकरणका ब्याट्रीको असुरक्षित बिसर्जन गर्नेलाई कानुन बमोजिम नियमन, नियन्त्रण र व्यवस्थापन गरिनेछ ।

### १२.१.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापन मार्फत चक्रीय अर्थतन्त्र प्रबर्द्धन गर्न नीतिगत, कानुनी र संस्थागत संरचना निर्माण | वातावारण क्षयीकरण रोक्न र फोहोरमैलाको वैज्ञानिक व्यवस्थापनका लागि नीतिगत, कानुनी र संस्थागत संरचनाको निर्माण भई प्रदेशमा चक्रीय अर्थतन्त्र विकासको आधार तयार भएको हुनेछ साथै कानुनी संयन्त्रको प्रभावकारी कार्यान्वयन भएको हुनेछ । |
| २ | घरेलु फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल साइट निर्माण | कम्तिमा १० स्थानीय तहमा व्यवस्थित ल्याण्डफिल साइट स्थापना भई सञ्चालन भएको हुनेछ । |
| ३ | सङ्घ तथा स्थानीय सरकारको सहकार्यमा सुर्खेतमा फोहोरमैला प्रशोधन केन्द्र स्थापना | वीरेन्द्रनगर नगरपालिका, छिमेकी स्थानीय तह, निजी क्षेत्र र विकास साझेदार-सँगको सहकार्यमा आधुनिक फोहोरमैला प्रशोधन केन्द्र स्थापना भई सञ्चालन भएको हुनेछ । |
| ४ | वायु, ध्वनि, माटो र जलाधार प्रदूषण नियन्त्रण कार्यक्रम | ५० प्रतिशत स्थानीय तहमा वायु, ध्वनी, माटो र पानी प्रदूषण नियन्त्रण कार्यविधि र कार्ययोजना तर्जुमा भई लागु भएको हुनेछ । |
| ५ | वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम | ७० प्रतिशत स्थानीय तहमा प्रदूषण नियन्त्रण तथा फोहोरलाई पुनःउपयोग (अप-साइकल) र प्रशोधन (रि-साइकल) गर्ने तालिम तथा नमुना परियोजना सञ्चालन भएको हुनेछ । |
| ६ | फोहोरलाई पुनःउपयोग (अप-साइकल) र प्रशोधन (रि-साइकल) गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने | फोहोरलाई पुनःउपयोग (अप-साइकल) र प्रशोधन (रि-साइकल) गर्ने १० वटा साना तथा मझौला उद्योग स्थापना तथा सञ्चालन भएका हुनेछन् । |
| ७ | हानिकारक तथा विद्युतीय फोहोर व्यवस्थापन कार्यक्रम | हानिकारक तथा विद्युतीय फोहोर व्यवस्थापन सम्बन्धी नीति, कानुन, कार्यविधि, मापदण्ड तर्जुमा भई कार्यान्वयन भएको हुनेछ । |
| ८ | नवीन प्रविधि मार्फत वातावरणीय प्रदूषण मापन प्रणाली विकास | वातावरणीय प्रदूषण मापन प्रणाली स्थापना भई सञ्चालनमा आएको हुनेछ । |
| ९ | हरित तथा विद्युतीय सवारी प्रबर्द्धन तथा नियमन कार्यक्रम | प्रदेशमा दर्ता हरित तथा विद्युतीय सवारीको अनुपात ५० प्रतिशत पुगेको हुनेछ । |

### १२.१.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | प्रदेशमा चल्ने सवारीमा विद्युतीय सवारीको अनुपात | प्रतिशत | ० | ०.५ | १० | २० |
| २ | खाना पकाउन विद्युतीय उपकरण प्रयोग गर्ने परिवार | प्रतिशत | ०.१ | ०.२ | २.५ | ५.० |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| ३ | कृषियोग्य जमिनको माटोमा प्राङ्गारिक पदार्थ | प्रतिशत | १.३ | १.३ | १.५ | २.५ |
| ४ | पेट्रोलियम इन्धन खपत र कार्बन उत्सर्जन कटौती | प्रतिशत | ० | २.५ | ५ | १० |
| ५ | फोहोरमैला प्रशोधनकेन्द्र भएका स्थानीय तह | सङ्ख्या | ० | १ | ५ | २० |
| ७ | वायु गुणस्तर मापनकेन्द्र | सङ्ख्या | ० | ० | ३ | ५ |
| ८ | सञ्चालनमा रहेका स्यानिटरी ल्याण्डफिल साइट | सङ्ख्या | ० | ० | ५ | १० |

स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश।

## १२.२ विपद् जोखिम व्यवस्थापन

### १२.२.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार विपद जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद्कोष स्थापना र सञ्चालन, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम नक्साङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन लगायत प्रदेशस्तरमा विपद् जोखिम व्यवस्थापन प्रदेशको जिम्मेवारी पर्दछ । विपद् जोखिम व्यवस्थापन अन्तर्गत विपद् रोकथाम, अल्पीकरण र अनुकुलन समेत विपद् जोखिम न्यूनीकरण र पूर्व तयारी, प्रतिकार्य तथा पुनर्लाभ समेत विपद् व्यवस्थापन जस्ता पक्षलाई विकास नीति, योजना तथा कार्यक्रममा सम्बोधन गर्नु पर्दछ। विपद् जोखिम व्यवस्थापनका सबै पक्षलाई सामाजिक परिचालन तथा संरचनागत रुपान्तरण, वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन, आर्थिक-सामाजिक र पूर्वाधार विकासका कार्यक्रमसँग जोडेर तहगत सरकारले सञ्चालन गर्ने योजना तथा कार्यक्रममा आन्तरिकीकरण गरेर विपद् जोखिम न्यूनीकरण र सम्भावित क्षति न्यूनीकरण गर्न सकिन्छ ।

वातावरणीय पक्षलाई ख्याल नगरी निर्माण गरिने सडक तथा अन्य पूर्वाधार, प्राकृतिक स्रोतको अत्यधिक दोहन तथा अन्य मानव सिर्जित र जलवायु परिवर्तनको असरका कारण प्रदेश दीर्घकालीन रुपमा विपद् जोखिमको चपेटामा पर्न सक्ने अवस्था रहेको छ। भौगोगिक रुपमा विकट, उच्च पहाडी तथा हिमाली क्षेत्र र छरिएका स–साना बस्तीमा आधारभूत सेवाको न्यून उपलब्धताले उक्त क्षेत्रमा बसोबास गर्ने समुदायमा सकंटापन्न थपिएको अवस्था छ। कर्णाली प्रदेश विपद्जन्य जोखिमका दृष्टिले नेपालका अन्य प्रदेशको तुलनामा बढी सङ्कटासन्न अवस्थामा रहेको छ।

### १२.२.२ विद्यमान अवस्था

विक्रम संवत् २०३१ देखि २०७५ सम्म ४५ वर्षको अवधिमा कर्णाली क्षेत्रमा कुल २,४४२ विपद्जन्य घटना घटेको तथ्याङ्क छ। उक्त अवधिमा विपद्का कारण १,२१,९३२ परिवार प्रभावित भएको, १२,६२४ भवन क्षतिग्रस्त भएको, ४,१५५ जनाको मृत्यु भएको, २,३८० जना घाइते भएको र २५४ जना अझै वेपत्ता रहेको अवस्था छ। विगत वर्षमा देशव्यापी रुपमै र खास गरेर कर्णाली प्रदेशमा प्राकृतिक तथा मानव सिर्जित विपद्का घटनामा भएको वृद्धि र जनधनको क्षतिले यस सवाललाई प्राथमिकताकासाथ नीति, योजना तथा कार्यक्रममा समावेश गरी सम्बोधन गर्न प्रदेश सरकार थप क्रियाशील हुन जरुरी छ ।

कर्णाली प्रदेश भूकम्प, बाढी, पहिरो, वनडढेलो, आगलागी, चट्याङ तथा महामारीजन्य रोगबाट उत्पन्न हुने विपद्को उच्च जोखिममा रहेको छ। बर्सेनी दोहोरिने बाढी, पहिरो, भूकम्प लगायत जलवायु परिवर्तनका कारण सिर्जित खडेरी, हिमताल विस्फोटन, हिमपात, शीतलहर तथा तातोवायु (लु), वनडढेलो तथा आगलागी आदिलाई यस प्रदेशका मुख्य विपद्जन्य जोखिम हुन् ।

**चित्र १२.१: कर्णाली प्रदेशको बहुविपद् जोखिमको अवस्था**




यो प्रदेश विभिन्न २० भन्दा बढी प्रकोपको जोखिममा रहेको छ । सोमध्ये प्रदेश बाढी, पहिरो, चट्याङ, आगलागी, सडक दुर्घटना, महामारी र भूकम्पको उच्च जोखिममा रहेको छ। विगतका विपद्का घटनाको सङ्ख्या तथा विपद्का कारण भएको क्षतिको विवरण र संकटापन्नता अवस्था विश्लेषण गर्दा कर्णाली प्रदेश जलवायुजन्य/जलउत्पन्न प्रकोप (वाढी/पहिरो), भौगर्भिक/भू-भौतिक प्रकोप (भूकम्प), प्राविधिक/मानवजन्य प्रकोप (आगलागी, दुर्घटना) र जैविक प्रकोप (महामारी, जनावर आतङ्क) का दृष्टिले बढी जोखिममा रहेको छ। स्वास्थ्यजन्य महामारी, पहिरो, बाढी, आगलागी, चट्याङ्, सडक दुर्घटना आदि यस प्रदेशमा बारम्बार दोहोरी रहने विपद्हरु हुन।

विपद् जोखिम नक्साङ्कन र संभावित क्षति न्यूनीकरणमा प्रदेश सरकार निरन्तर क्रियाशील रहेको छ। प्रदेश सरकारले प्रथम पञ्चवर्षीय योजना अवधिमा विपद् व्यवस्थापनका लागि विपद्को पूर्वानूमान र नक्साङ्कन, विपद्को पूर्व तयारी सहितको व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम, समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रम तथा विपद् व्यवस्थापन सूचना प्रणालीको स्थापना जस्ता कार्यक्रम गरेको छ। दोस्रो पञ्चवर्षीय योजनाले पनि सो लगायत विपद जोखिम न्यूनीकरण, पूर्वतयारी र जाजरकोट भूकम्पको पुननिर्माण तथा पुनर्लाभका कार्यक्रमलाई प्राथमिकताकासाथ अगाडि बढाउने उद्देश्य राखेको छ ।

यसका बाबजुद प्रदेशमा विपद् जोखिम तथा घटनाको प्रवृत्ति ज्यामितीय रुपमा बढीरहेको छ। गत २०८० कार्तिक १७ गते जाजरकोटको रामिडाँडा केन्द्रबिन्दु रहेको ६.४ रिक्टर स्केल मापन गरिएको भूकम्पले प्रदेशलाई विपद् जोखिम व्यवस्थापनमा एउटा राम्रो पाठ सिकाएको छ। जाजरकोट तथा रुकुम-पश्चिम र वरपरका जिल्लामा ठूलो

क्षति पुगेको उक्त भूकम्पमा परी १५४ व्यक्तिले ज्यान गुमाएका थिए भने ९३४ जना घाइते भएका र उल्लेख्यमात्रामा भौतिक संरचना, बालीनाली र धनमालको क्षति भएको थियो ।

भूकम्पका कारण विशेष गरी जाजरकोट, रुकुम पश्चिम र सल्यान जिल्लाहरुमा ठूलो क्षति भएको थियो । भूकम्पबाट १७ हजार ८६५ घर पूर्णरुपमा र ५३ हजार ९९४ घर आंशिक रुपमा क्षति भएका कारण हजारौं घरपरिवार घरवारविहीन भएका छन । व्यक्तिगत घरबाहेक विद्यालय भवन, स्वास्थ्य संस्थाका भवन, सरकारी कार्यालय लगायतका सार्वजनिक संरचना क्षति भई पुनर्निर्माण तथा प्रवलीकरण/जीर्णोद्वारको पर्खाइमा रहेका छन् । यसबाट पाठ सिकेर शीघ्र प्रक्रियाद्वारा भूकम्प प्रतिरोधी घर, सार्वजनिक संरचना निर्माण तथा एकीकृत बस्ती विकास लगायत पुनर्स्थापना, जीविकोपार्जन, उद्यम व्यवसाय र रोजगारी सिर्जना गरी पुनर्लाभ हासिल गर्न जाजरकोट भूकम्प पश्चातको पुननिर्माणलाई मोडेलको रुपमा विकास गर्न आवश्यक छ ।

विपद्का विषयमा समुदायस्तरमा न्यून शिक्षा र जनचेतनाको अवस्था, विपद् सूचना र आपत्कालीन अवस्थामा समुदायको कमजोर पूर्व तयारी र पहुँचले विपद् व्यवस्थापनमा प्रदेशको क्षमता कमजोर रहेको देखिन्छ । फलस्वरुप प्रदेशले विपदबाट राष्ट्रिय औसतभन्दा उच्च क्षति व्यहोर्नु परिरहेको अवस्था विद्यमान छ । नेपालमा विपद्बाट हुने औसत वार्षिक मृत्युदर प्रतिलाख जनसङ्ख्यामा १.७ जना हुँदा कर्णाली प्रदेशमा ५ जना रहेको छ । औसतमा यस प्रदेशमा विपद्को कारण वार्षिक एक अर्बभन्दा बढीको क्षति हुने गरेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जाजरकोट र रुकुम पश्चिम लगायतका जिल्लामा २०८० को विनाशकारी भूकम्पबाट क्षति भएका भौतिक संरचनाको पुननिर्माण तथा पुनर्स्थापना लगायतका काय गर्न झन्डै ५४ करोड अमेरिकी डलर अर्थात् ७३ अर्ब नेपाली रुपैंया लाग्ने अनुमान गरेको छ । जाजरकोट भूकम्पबाट प्रभावितलाई छिटो भन्दा छिटो पुननिर्माण र पुनर्लाभ योजनामा तीनै तहका सरकार र विकास साझेदारतर्फबाट पुनर्निर्माण तथा पुनर्स्थापनामा योगदान भईरहेको छ ।

### १२.२.३ मुख्य सवाल तथा चुनौती

**(१) योजना तथा बजेट चक्रमा विपद् जोखिम व्यवस्थापनको आन्तरिकीकरणः** विपद् जोखिम व्यवस्थापनलाई छुट्टै विषय क्षेत्रका रुपमा हेर्ने अभ्यास र प्रवृत्ति कायम रहनु, विपद जोखिम व्यवस्थापनलाई तहगत सरकारको नीति तथा कार्यक्रम र बजेट चक्रमा समावेश गरी मूलप्रवाहीकरण हुन नसक्नु, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि स्पष्ट कार्ययोजना र बजेटको व्यवस्था नहुनु प्रमुख सवालको रुपमा रहेका छन् । विपद् जोखिमको बारेमा प्रर्याप्त सूचना सङ्कलन, विश्लेषण तथा संप्रेषण गर्नु, विपद् जोखिम न्यूनीकरण र विकास निर्माण कार्यबिच सन्तुलन कायम गर्नु, विपद् उत्थानशील विकास र शासन् अवलम्वन गरी विकास व्यवस्थापन प्रक्रियामा विपद् जोखिम व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्नु चूनौतीपूर्ण रहेको छ ।

**(२) प्रकृतिमा आधारित समाधान र रैथाने प्रविधिको अवलम्वनः** प्राकृतिक स्रोतको अव्यवस्थित एवम् अत्याधिक दोहन हुनु, वातावरणीय पक्षलाई ख्याल नगरी सडक तथा अन्य पूर्वाधार निर्माण गरीनु, प्राकृतिक मानव सिर्जित जोखिम बढ्नु, जलवायु परिवर्तन असर बढ्दै जानु, समुदायमा सकंटापन्न वृद्धि हुनु यस सम्बन्धी प्रमुख सवाल हुन् । सरकार र सरोकारवालाबिचको समन्वयमा भौतिक तथा पूर्वाधार विकास प्रक्रियामा रैथाने र प्रकृतिमा आधारित समाधानका उपायको अबलम्वन गरी विपद् रोकथाम तथा जोखिम न्यूनीकरण गर्नु, विपद्

जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सूचकमा आधारित भएर समग्र भौतिक तथा आर्थिक विकासका गतिविधि सञ्चालन गर्नु, वातावरणीय अध्ययन तथा व्यवस्थापन योजनाका आधारमा बायोइन्जिनियरिङ्ग जस्ता प्रकृतिमा आधारित समाधानको अवलम्वन गर्नु चुनौतीका रुपमा रहेको छ।

**(३) आवश्यक स्रोत, साधन र बजेटको परिचालन र व्यवस्थापन:** विपद् जोखिम व्यवस्थापनको सन्दर्भमा आपतकालीन अवस्थाका लागि दक्ष र यथेष्ट मानव स्रोत, उपकरण, बन्दोवस्ती तथा राहत सामग्रीहरुको भरपर्दो रुपमा तयारी र प्रभावकारी परिचालन जस्ता सवालहरु कर्णाली लगायत सबै प्रदेशमा यथावत छन्। विकास आयोजनाहरुको छनोट प्रक्रियादेखि नै आयोजना व्यवस्थापनका प्रत्येक चरणमा विपद् जोखिम मूल्याङ्कनलाई समाविष्ट गराउनु, विपद् जोखिम न्यूनीकरणका लागि प्रर्याप्त लगानी व्यवस्था गर्नु यसका थप चुनौतीहरु हुन्।

**(४) समन्वय, सहकार्य तथा सिकाई आदानप्रदान:** विपद् जोखिम व्यवस्थापन तहगत सरकारको साझा अधिकारका रुपमा रहेको हुँदा तहगत सरकारबिच समन्वय, सहकार्य र साझेदारी कमजोर हुनु, निजी क्षेत्र, विकास साझेदार तथा सरोकारवालाको सहभागिता न्यून हुनु, तहगत सरकार, विकास साझेदार र सरोकारवालाबिच सफल अभ्यास, सिकाइ आदानप्रदान नहुनु सवालका रुपमा रहेका छन् । जोखिम तथा अव्यवस्थित स्थामा रहेका गाउँ-बस्तीहरुलाई सुरक्षित स्थानान्तरण गर्नु, विपद् जोखिम पूर्वसूचना प्रणाली सञ्चालन र राहत तथा उद्धारका साथै विपद्पश्चातको पुनःनिर्माण तथा पुनर्स्थापनामा तहगत सरकार र सरोकारवालाबिचको अर्थपूर्ण समन्वय र सहकार्यलाई सुदृढ गर्नु र तहगत सरकार, विकास साझेदार र सरोकारवालाबिच कार्यक्रम सफल अभ्यास र सिकाइ आदानप्रदान गर्नु चुनौति रहेको छ।

**(ङ) जाजरकोट भूकम्प पश्चातको पुनःनिर्माण, पुनर्स्थापना तथा पुनर्लाभ:** अझ बलियो निर्माण, उत्थानशील विकास र कसैलाई पनि नछोडौको अवधारणा अनुसार जाजरकोट भूकम्पबाट भत्किएका तथा क्षति भएका व्यक्तिगत घर, विद्यालय भवन, स्वास्थ्य संस्थाका भवन, सरकारी कार्यालय लगायतका सार्वजनिक संरचना पुनर्निर्माण/प्रवलीकरण/जीर्णोद्धारमा ढिलाइ हुनु, एकीकृत बस्ती विकास लगायत पुनर्स्थापना, जीविकोपार्जन, उद्यम व्यवसाय र रोजगारी सिर्जना लगायत पुनर्लाभको कार्य ढिला हुनु, जाजरकोट भूकम्प पश्चातको पुननिर्माणलाई मोडेलको रुपमा विकास गर्न नसक्नु, जाजरकोट भूकम्प प्रभावित क्षेत्रमा शिक्षा, स्वास्थ्य र पोषण अवस्थामा झन जटिल हुनु र यस क्षेत्रमा अपेक्षाकृत सुधार हुन नसक्नु यस सम्बन्धी सवालहरु हुन् । प्रदेश सरकारको योजना चक्रमा विपद् जोखिम व्यवस्थापन मूलप्रवाहीकरण जाजरकोट भूकम्प पश्चातको पुननिर्माणलाई मोडेलको रुपमा विकास गर्नु, विपद जोखिम व्यवस्थापन सम्बन्धी सफल अभ्यास, अनुभव र सिकाइलाइ नीति, योजना, कार्यक्रम र बजेट तर्जुमाको आधार बनाउनु, शीघ्र प्रक्रियाद्वारा भूकम्प प्रतिरोधी घर, सार्वजनिक संरचना निर्माण तथा एकीकृत बस्ती विकास लगायत पुनर्स्थापना, जीविकोपार्जन, उद्यम व्यवसाय र रोजगारी सिर्जना गरी पुनर्लाभ हासिल गर्नु चुनौती रहेको छ ।

### १२.२.४ उद्देश्य

१. विपद् जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापनलाई प्रभावकारी बनाउनु,

२. विकास प्रक्रियामा विपद जोखिम व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्नु,

३. विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक र पर्यावरणीय क्षति कम गर्नु,

४. जाजरकोट भूकम्प क्षतिको पुनःनिर्माण, पुनर्स्थापना र आर्थिक सामाजिक पुनर्लाभ कायम गर्नु ।

**१२.२.५ रुपान्तरणकारी रणनीति**

(१) **विपद् जोखिम व्यवस्थापनलाई विकास प्रक्रियामा आन्तरिकीकरण गर्ने:** विकास कार्यक्रम तथा आयोजना पहिचान, छनोट, लगानी व्यवस्थापन, निर्माण तथा सञ्चालनका सबै चरणमा विपद् जोखिम व्यवस्थापनका सबै विषयलाई मूलप्रवाहीकरण गर्ने प्रणाली अबलम्वन गरिनेछ । विपद् जोखिम न्यूनीकरण कार्यक्रमलाई मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरिनेछ । विपद् जोखिम न्यूनीकरणका लागि अवलम्वन गरीएका नीति, रणनीति कार्यक्रमको आवधिक रुपमा प्रभावकारिता मूल्याङ्कन गरिने छ । स्थानीय तहलाई भू-उपयोग क्षेत्र वर्गीकरण तथा भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिने छ । विपद्, महामारी, जलवायु विषमता जस्ता कारणबाट हुने क्षतिको जोखिम घटाउन स्वास्थ्य, जीवन, घरसम्पत्ति, उद्योग तथा व्यवसाय, बालीनाली र पशुपन्छी विमाको व्यवस्था गरिने छ । यस क्षेत्रमा विमाको प्रबर्द्धनका लागि विमा कम्पनीसँग समन्वय, सहजीकरण र प्रोत्साहन गरिने छ ।

(२) **विकास निर्माणमा प्रकृतिमा आधारित दिगो समाधान प्रबर्द्धन गर्ने:** विकास आयोजनाको डिजाइन चरणदेखि नै विपद् जोखिम न्यूनीकरणका दृष्टिले उपयुक्त रैथाने तथा प्रकृतिमा आधारित प्रविधि अभ्यास गर्ने प्रणाली अबलम्बन गरिनेछ । भौतिक पूर्वाधार संरचना निर्माण, मर्मतसम्भार तथा पुनःनिर्माणका कार्यमा रैथाने स्तरीय निर्माण सामग्री र प्रकृतिमा आधारित उपायको प्रयोग गरी संरचनालाई विपद् जोखिम उत्थानशील बनाउन निर्माण कार्यमा संलग्न व्यवसायी तथा प्राविधिकको क्षमता अभिवृद्धि गरिनेछ । विपद् अल्पीकरण र पूर्वतयारी जस्ता कार्यमा स्थानीयस्तरमा रहेका परम्परागत ज्ञान, सीप तथा प्रविधिको प्रयोगलाई बढावा दिइने छ । भौगोलिक सूचना प्रणाली, रिमोट सेन्सिङ, सङ्कटापन्नता विश्लेषण, प्राविधिक परीक्षण लगायतका विधि तथा सूचना प्रविधिको प्रयोग गरी आवधिक विपद् जोखिम परीक्षणलाई नियमित गरिने छ ।

(३) **पूर्वाधार विकासलाई विपद् उत्थानशील र दिगो बनाउने:** पूर्वाधार विकास गुरुयोजना तर्जुमा, आयोजना विकास र व्यवस्थापन गर्दा बहुविपद् उत्थानशीलतालाई आन्तरिकीकरण गरिने छ । पूर्वाधारको डिजाइन, लागत अनुमान, लगानी तथा निर्माणमा प्रकोप उत्थानशीलताका अवयव समावेश गरिने छ । पूर्वाधार संरचना निर्माण गर्नु पूर्वजोखिम मूल्याङ्कनलाई अनिवार्य गर्ने तथा भूकम्पीय सुरक्षाका मापदण्ड लागु गरिने छ । औद्योगिक ग्रामको निर्माण र व्यवस्थापनमा बहुविपद् प्रतिरोधी ढाँचा समावेश गरिने छ । जोखिम युक्त भौगोलिक क्षेत्रमा रहेका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न अन्तरसरकार तथा निकाय समन्वय तथा सहकार्य गरिने छ । सडक तथा पुल निर्माण गर्दा बाढी, पहिरो तथा भूकम्पीय जोखिमलाई मध्यनजर गरी सुरक्षित ढङ्गले निर्माण गरिने छ । विकास आयोजना निर्माणको चरणमा प्राकृतिक स्रोतको अव्यवस्थित एवम् अत्याधिक दोहनलाई न्यूनीकरण गर्दै लगिनेछ ।

(४) **संस्थागत तथा क्षमता विकास र स्रोतसाधन परिचालन गर्ने:** प्रदेशस्तरमा विपद् उत्थानशील क्षमता तथा प्रकोपको सङ्कटापन्नता जोखिमको आँकलन र नक्साङ्कन गरिने छ । प्रदेश तहमा विपद् जोखिम

व्यवस्थापनका लागि नीतिगत, कानुन र संरचनागत व्यवस्था गर्नुका साथै सम्बन्धित निकाय तथा सरोकारवालाको संस्थागत तथा क्षमता विकास गरिने छ। विपद् अल्पीकरण, पूर्वतयारी र प्रतिकार्यका लागि समुदाय, सहयोगी संस्था र प्रदेश तहका निकाय तथा स्थानीय सरकारको क्षमता अभिवृद्धि गरिने छ। अध्ययन तथा अनुसन्धान र अभ्यासमा आधारित रही विपद् जोखिम न्यूनीकरणका नवीन उपायको खोजी गरी कार्यान्वयन गरिने छ। स्थानीय तहको विपद् प्रोफाइल तथा तथ्याङ्क प्रणालीमा आबद्धता कायम हुने गरी प्रादेशिक तहको एकीकृत डिजिटल विपद् तथ्याङ्क प्रणाली विकास गरिने छ र यस कार्यमा प्रदेश तथा स्थानीय तहको क्षमता विकासमा सहयोग सहजीकरण गरिने छ। विपद् जोखिम न्यूनीकरण, विपद् पूर्वतयारी, प्रतिकार्य र विपद् पश्चातको पुनःनिर्माणका लागि प्रदेश सरकारबाट बजेट, दक्ष जनशक्ति, उपकरण, बन्दोवस्ती तथा सामग्री प्राप्त र भण्डारणलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ। प्रदेशमा कार्यरत गैरसरकारी सङ्घसंस्था, विकास साझेदार, निजी क्षेत्र लगायतका प्रमुख सरोकारवाला र सङ्घसंस्था तथा स्थानीय सरकारको तर्फबाट पनि यथासक्य बजेट तथा लगानी परिचालन समन्वय र पैरवी गरिनेछ।

(५) **अन्तरसरकार तथा अन्य सरोकारवालाबिच समन्वय र सहकार्य सुदृढीकरण गर्ने:** बहुप्रकोपको जोखिम आँकलनको लागि अन्तरसरकार तथा सरोकारवाला निकायबिच समन्वय संयन्त्र स्थापना गरी विपद् व्यवस्थापन सूचना प्रणाली मार्फत प्रभावकारी रुपमा सूचना आदान प्रदान गरिनेछ। विपद् जोखिम न्यूनीकरण, पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धी क्षमता अभिवृद्धि गर्न विभिन्न अध्ययन, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने र सिकाइ आदान प्रदान गर्न स्थानीय तह, सङ्घीय सरकार र सरोकारवाला सङ्घ/संस्थासँग सहकार्य र साझेदारी थप सुदृढ गरिनेछ। प्रकोप जोखिमको पूर्वानुमान र नक्साङ्कन गर्दै जोखिम न्यूनीकरणका उपाय पहिचान र अबलन्बन गर्न समुदाय क्षमता विकास साझेदारी गरिनेछ।

(६) **जाजरकोट तथा रुकुम पश्चिम जिल्लामा गएको भूकम्पको पुनःनिर्माण र पुनर्लाभलाई शीघ्र व्यवस्थित र प्रभावकारी तुल्याउने:** जाजरकोट भूकम्प पश्चातको पुनर्निमाणलाई शीघ्र प्रक्रियाद्वारा भूकम्प प्रतिरोधी घर, सार्वजनिक संरचना निर्माण तथा एकीकृत बस्ती विकास लगायत पुनर्स्थापना, जीविकोपार्जन, उद्यम व्यवसाय र रोजगारी सिर्जना गरी पुनर्लाभ हाँसिल हुने गरी विकास गरिने छ। भूकम्प प्रभावित, विपन्न र जलवायु–संवेदनशील उत्पादनमा आश्रित समुदायको आर्थिक सामाजिक पुनर्लाभको लागि सङ्घ तथा स्थानीय सरकार, निजी क्षेत्र र विकास साझेदारसँग समन्वय र सहकार्य गरिने छ। क्षति भएका भवन तथा संरचनाको पुनर्निमाणका लागि विस्तृत जोखिम मूल्याङ्कनका आधारमा भवनको प्रवलीकरण, रैथाने निर्माण प्रविधि, अभ्यास र स्थानीय प्राविधिकको उपयोग गर्ने नीति अगिंकार गरिने छ। प्रविधि हस्तान्तरण र सिकाइ आदान प्रदान गरी विपद् उत्थानशीलता विकास, भवनसंहिताको स्थानीयकरण र जोखिम संवेदनशील भू–उपयोग योजना कार्यान्वयनको व्यवस्था गरिने छ।

### १२.२.६ प्रमुख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | विपद् जोखिम व्यवस्थापन सम्बन्धी नीतिगत कानुनी र संस्थागत संरचना निर्माण | विपद् पूर्वतयारी, विपद् न्यूनीकरण तथा प्रतिकार्यका लागि नीतिगत, कानुनी र व्यवस्थापकीय संरचनाको निर्माण भई सञ्चालन भएको हुनेछ। |

| | | |
|---|---|---|
| २ | बहु-प्रकोपको जोखिम आँकलन तथा समन्वय संयन्त्र स्थापना | बहुप्रकोपको जोखिम आँकलन र पूर्व सूचना संयन्त्र स्थापना भई सञ्चालित भएको हुनेछ। |
| ३ | सङ्घ तथा स्थानीय सरकारको सहकार्यमा नदी/खोला तटबन्धन र बस्ती संरक्षण | विपद् जोखिमका दृष्टिले संकटापन्न अवस्थामा रहेका बस्ती संरक्षणमा तीन तहका सरकारबिच सहकार्य भई बस्ती संरक्षित भएको हुनेछन। |
| ४ | जोखिम संवेदनशील भू-उपयोग योजना तयारी तथा कार्यान्वयन | ५० प्रतिशत स्थानीय तहमा जोखिम संवेदनशील भू-उपयोग योजना तयार भई लागु भएको हुनेछ। |
| ५ | जलवायु अनुकूलित र विपद् उत्थानशील पूर्वाधार निर्माण मापदण्ड कार्यान्वयन | जलवायु अनुकूलित र विपद् प्रतिरोधी प्रविधि तथा पूर्वाधार निर्माण मापदण्ड तर्जुमा भई परिपालना भएको हुनेछ। |
| ६ | विपद् आश्रयस्थलको पहिचान तथा व्यवस्थापन, जानकारी तथा विपद कोषको स्थापना र व्यवस्थापन | अति संवेदनशील ५० वटा समुदायमा सुविधासम्पन्न विपद् आश्रयस्थल तथा वयरहाउस स्थापना भएको हुनेछ एवम् जानकारी स्थापना भई सञ्चालनमा आएको हुनेछ। |
| ७ | विकास निर्माण कार्यमा प्रकृतिमा आधारित समाधान, रैथाने ज्ञान, सीप र प्रविधि प्रबर्द्धन | विकास निर्माणका कार्यक्रमहरुमा प्रकृतिमा आधारित समाधान, रैथाने ज्ञान, सीप र प्रविधि प्रबर्द्धन तथा उपयोग सम्बन्धी मापदण्ड तर्जुमा भई अवलम्वन भएको हुनेछ। |
| ८ | समुदाय र पारिवार तहमा विपद् जोखिम प्रतिकार्य योजना | समुदाय र परिवार तहमा विपद् प्रतिकार्य योजनासम्बन्धी तालिम सञ्चालन भएको हुनेछ। सबै स्थानीय तहमा प्राकृतिक प्रकोप र महामारी रोगजन्य आपतकालमा प्रतिकार्यलाई शीघ्र नेतृत्व दिने जनसमूह तयार भई परिचालित भएको हुनेछ। |
| ९ | विपद् व्यवस्थापन सम्वद्ध संयन्त्र र पदाधिकारीको खोज र उद्धार कार्य सम्बन्धी क्षमता अभिवृद्धि | विपद् व्यवस्थापन सम्बद्ध संयन्त्र र पदाधिकारीलाई खोज र उद्धारसम्बन्धी तालिम तथा अभिमुखीकरण गरी क्षमता अभिवृद्धि भएको हुनेछ। |
| १० | भूकम्पले क्षति भएका व्यक्तिगत घर, भूकम्पले क्षति भएका सार्वजनिक भवन तथा संरचनाको पुनर्निर्माण | क्षतिग्रस्त निजी घर तथा संरचनाहरुको व्यवस्थित पुनर्निर्माण भएको हुनेछ। करिब ५०० सामुदायिक र सार्वजनिक भवन तथा संरचनाहरु पुनःनिर्माण तथा जिर्णोद्वार भएका हुनेछन्। |
| ११ | जोखिमपूर्ण बस्ती स्थानान्तरण | जोखिमपूर्ण वस्तीहरु पहिचान भई करिब १० वस्तीहरु एकीकृत योजना वनाई सुरक्षित ठाउंमा स्थानान्तरण भएका हुनेछन। |
| १२ | प्रदेशका प्रत्येक नागरिकको एकमुष्ठ विपद् जोखिम विमा | प्रदेशका प्रत्येक नागरिकको एकमुष्ठ सावधिक विपद् जोखिम विमा भएको हुनेछ। |
| १३ | जाजरकोट भूकम्पको आर्थिक तथा सामाजिक पुनःलाभ कार्यक्रम | जाजरकोट भूकम्पबाट प्रभावित समुदायको पुनःलाभ योजना तर्जुमा भई कार्यान्वयन भएको हुनेछ। |

### १२.२.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | विपद् उद्धारको पूर्व तयारी गरेका स्थानीय तह | सङ्ख्या | ४३ | ४५ | ६० | ७९ |
| २ | विपद् जोखिम युक्त बस्ती स्थानान्तरण | सङ्ख्या | ३ | ३ | ५ | ८ |
| ३ | प्रतिलाख जनसङ्ख्यामा विपद्का कारण वार्षिक मृत्यु | जना | ५ | ५ | ४ | २ |
| ४ | विपद्जन्य घटनाका कारण हुने आर्थिक क्षति (वार्षिक) | रु. करोड | १२३ | ११५ | १०० | ५० |
| ५ | वाढीपूर्व सूचना प्रणाली जडान | सङ्ख्या | २ | २ | ३ | ५ |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| ६ | सुरक्षित आश्रयस्थल | सङ्ख्या | १ | २ | ५ | १० |
| ७ | सामूहिक विपद् दुर्घटना विमा सुविधा प्राप्त व्यक्ति | सङ्ख्या | ३७५ | ४०० | ४५० | ५०० |

स्रोतः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कर्णाली प्रदेश।

## १२.३ जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन

### १२.३.१ पृष्ठभूमि

वातावरण तथा जलवायुका विभिन्न पक्षसँग मानव र पारिस्थितिकीय प्रणालीको अन्योन्याश्रित सम्बन्ध रहन्छ। मानवीय गतिविधिका कारण वातावरणमा पर्ने असर तथा जलवायुमा आउने परिवर्तनले पारिस्थितिकीय प्रणालीलाई तत्काल र दीर्घकालसम्म प्रतिकुल असर गर्दछ। प्राकृतिक स्रोतसाधनको अति दोहनका कारण वायु, पानी र जमीनको प्रदूषण र हरित गृह ग्यासको उत्सर्जन बढ्दै गएका कारण अविछिन्न रुपमा पृथ्वी तात्ने क्रम बढ्नुको साथै पारिस्थितीकीय प्रणालीको सन्तुलन विग्रदै गएको छ। नेपालमा पनि जलवायु परिवर्तनबाट सिर्जित अतिवृष्टि, अनावृष्टि, खडेरी, बाडीपहिरो, स्वास्थ्य महामारी जस्ता प्रकोपबाट हिमश्रृंखला, हिमनदी, पानीका स्रोत पारिस्थितिकीय प्रणाली एवम् मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव परिरहेको छ। यस्ता जलवायु परिवर्तनजन्य विपद्का घटनाका कारण वर्षेनि राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको २ प्रतिशतको हाराहारीमा नोक्सान हुने गरेको छ। ग्लोवल क्लाइमेट रिस्क इन्डेस्क प्रतिवेदनअनुसार जलवायु परिवर्तनबाट अति प्रभावित १० देशको सूचीमा नेपाल पनि समावेश रहेको छ।

जलवायु परिवर्तनका कारण सिर्जित विषम परिस्थितिबाट कर्णाली प्रदेश पनि अछुतो रहन सकेको छैन। प्रदेशगत रुपमा तुलना गर्दा कर्णाली प्रदेश जलवायु परिवर्तनका हिसाबले बढी जोखिम युक्त रहेको छ। जलवायु परिवर्तनका कारण पृथ्वीको तापमान वृद्धिबाट उत्पन्न जलवायु विषयमताले स्थानीयस्तरमा मानवीय स्वास्थ्य, भूमि तथा जलस्रोत व्यवस्थापन, पूर्वाधार, कृषि, ऊर्जा लगायतका क्षेत्रमा बर्सेनि ठूलो नोक्सानी हुने गरेको छ। यस प्रकार क्षति नोक्सानी रोकथाम तथा न्यूनीकरण गर्न प्रदेशले जलवायु परिवर्तनका कारक तत्वको रुपमा हरित गृह ग्यासको उत्सर्जन न्यूनीकरण र असर कम गर्न अनुकुलनका सवाललाई प्रदेशका नीति, योजना तथा कार्यक्रममा आन्तरिकीकरण गर्न आवश्यक छ। यसका लागि प्रदेश सरकारले विकास साझेदारसँगको समन्वय, सहकार्य तथा साझेदारीमा जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकुलनका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ।

जलवायु परिवर्तन जस्तो विश्वव्यापी विकासोन्मुख हाम्रो देश र विकास सूचक तुलनात्मक रुपमा पछाडि परेको कर्णाली प्रदेशमा यसको असर न्यूनीकरण र अनुकुलनका लागि गर्नुपर्ने लगानी न्यून रहेको छ। नेपालको संविधानले उत्सर्जन न्यूनीकरण, जलवायुको असर न्यूनीकरण र अनुकुलनसम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्न सङ्घ, प्रदेश तथा स्थानीय तहलाई जिम्मेवार बनाएको छ। संवैधानिक अधिकार र कानुनी व्यवस्था अनुसार प्रदेश सरकार नीति, योजना, कार्यक्रम र संस्थागत व्यवस्था गरी हरित ग्यास उत्सर्जन न्यूनीकरण, जलवायु परिवर्तन असर न्यूनीकरण तथा अनुकुलन सञ्चालनमा प्रतिबद्ध र क्रियाशील रहेको छ।

### १२.३.२ विद्यमान अवस्था

संवैधानिक तथा कानुनी व्यवस्था र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप नेपालले सन् २०२० मा संयुक्त राष्ट्र सङ्घमा पेस गरेको दोस्रो एनडीसीले निर्धारण गरेका लक्ष्य हासिल गर्न तहगत सरकारको अधिकार र जिम्मेवारी किटान गरेर राष्ट्रिय कार्यान्वयन योजना तर्जुमा गरेको छ । उक्त योजनाअनुसार नेपाललाई सन् २०४५ सम्ममा हरितगृह ग्यास उत्सर्जनमा खुद शून्यको अवस्थामा पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ । सो सम्बन्धी कार्यक्रम सञ्चालनका लागि सन् २०३० सम्म मात्रै करिब ४४ खर्ब रुपैयाँ (३३ अर्ब अमेरिकी डलर) बजेट लाग्ने अनुमान गरिएको छ ।

यसले प्रदेश तथा स्थानीय तहलाई जलवायु परिवर्तन अनुकुलन र न्यूनीकरणका कार्यक्रमको प्रभावकारी कार्यान्वयन मार्फत हरित एवम् उत्थानशील अर्थतन्त्र निर्माणको बाटोमा अग्रसर हुने अवसर प्राप्त भएको छ । नेपालजस्ता न्यून हरितगृह ग्यास उत्सर्जन गर्ने साना मुलुकलाई हरितगृह ग्यास धेरै उत्सर्जन गर्ने ठूला तथा औद्योगिक राष्ट्रहरुले परिपुरण र क्षतिपूर्ति स्वरुप प्रदान गर्ने विभिन्न सहुलियत ऋण तथा अनुदानका साथै जलवायु परिवर्तन अनुकुलन सम्बन्धी निर्देशीत तथा स्वयंसेवी संयन्त्र वा जलवायु कोषबाट हुने लाभको अधिकतम उपयोग गर्ने अवसर प्रदेशमा समेत उपलब्ध रहेको छ ।

जलवायु परिवर्तन सम्बन्धमा नेपाल सरकारले राष्ट्रिय जलवायु नीति,२०७६, जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन राष्ट्रिय कार्ययोजना (२०८०-२०८७), जलवायु परिवर्तनसम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना (२०७७-२०८७) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । जलवायु उत्थानशील कृषि प्रणाली विकास र खाद्य असुरक्षाको जोखिम न्यूनीकरणका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जोखिम संवेदनशील भू-उपयोग योजना (सन् २०११-२०२०) को कार्यान्वयनबाट प्राप्त सिकाइ र उपलब्धिलाई प्रदेश नीति, योजना तथा कार्यक्रममा सामाञ्स्यता कायम गर्ने प्रयास भएको छ ।

यस प्रदेशमा प्रदेश स्तरीय वन ऐन,२०७८ तथा नियमावली,२०८०, वातावरण संरक्षण ऐन तथा नियमावली, २०७७ तर्जुमा भई जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनसम्बन्धी कार्यक्रम, आयोजना तथा क्रियाकलाप सञ्चालन भईरहेका छन् । त्यसैगरी, कर्णाली प्रदेश जलवायु परिवर्तन अनुकुलन कार्ययोजनाको मसौदा तयार भएको छ । अर्धवार्षिक रुपमा प्रदेशस्तरीय जलवायु परिवर्तन समन्वय समितिको बैठक बसी जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन सम्बन्धमा नीतिगत निर्णय गर्दै आएको छ । यस प्रदेशमा ३४ भन्दा बढी स्थानीय तहमा स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना (लापा) तयार भई कार्यान्वयनमा रहेका छन् ।

### १२.३.३ मुख्य सवाल तथा चुनौती

**(१) जलवायु परिवर्तन जागृत तथा उत्थानशील समुदायको निर्माण:** बढ्दो प्रदूषण, वातावरणीय क्षयीकरण र जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकुलन सम्बन्धमा सामाजिक जागरण ल्याउन नसक्नु, जलवायु असर नियन्त्रण तथा अनुकुलन कार्यमा स्थानीय समुदाय तथा सरोकारवालाको नेतृत्व तथा क्षमता विकास र अनुकुल वातावरण सिर्जना हुन नसक्नु, अन्तरसरकार तथा क्षेत्रगत निकायबिच बुझाइमा एकरुपता नहुनु, जिम्मेवारीगत दोहोरोपना र समन्वयको कमी हुनु, विषयक्षेत्रगत अध्ययन, अनुसन्धान र आधारभूत तथ्याङ्कको कमी हुनु, जलवायु परिवर्तन प्राथमिकताको विषय बन्न नसक्नु, उत्थानशील ज्ञान, प्रविधि र अभ्यासमा कमी

हुनु जस्ता सवालहरु रहेका छन् । हरितगृह ग्यास उत्सर्जन हुने क्रियाकलाप कमी ल्याउनु, समुदाय तथा स्थानीय स्तरमा जलवायु परिवर्तन अनुकुलन कार्ययोजना (लापा) तर्जुमा र प्रभावकारी कार्यान्वयन गर्नु र जलवायु परिवर्तन न्यूनीकरण र अनुकुलनमार्फत जलवायु उत्थानशील समुदायको निर्माण गर्नु चुनौतीपूर्ण छ ।

(२) **विषम जलवायु संवेदनशील उत्पादन प्रबर्द्धन:** ठुलो सङ्ख्यामा रहेका कृषिमा आश्रित जनसङ्ख्या खडेरी तथा बाढी जस्ता विषय जलवायुजन्य बहुप्रकोपको जोखिम रहनु, जलवायु परिवर्तनका कारण मनसुनमा हुने उतारचढावका कारण खेती प्रणाली तथा कृषि उत्पादन ह्रास आउनु, रोगकिरा र महामारी प्रकोप बढ्नु, निर्वाहमुखी र परम्परागत प्रणालीमा आधारित कृषि प्रणालीले विषम जलवायुका असर धान्न नसक्नु, बाढी, पहिरो, डढेलो, अति वर्षा, खण्ड वर्षा, न्यून वर्षा जस्ता जलवायुजन्य प्रकोपका कारण आपूर्ति शृङ्खलामा अवरोध, पूर्वाधारमा क्षति, बजार मागमा असन्तुलन र न्यूनता, आवागमनमा कठिनाइ हुनु र उपरोक्त कारणले उद्योग, पर्यटनलगायत अन्य उत्पादनशील क्षेत्र प्रत्यक्ष नकारात्मक असर बढ्दै जानु यससम्बन्धी प्रमुख सवाल हुन् । विकास निर्माण र वातावरणीय पक्षबिच सन्तुलन ल्याइ बाढी, पहिरो, अनावृष्टि, अल्पवृष्टी, खडेरीका कारण कृषिमा बर्सेनि बढ्दै गएको जोखिम न्यूनीकरण गर्नु र उत्पादनशील क्षेत्रलाई जलवायु उत्थानशील बनाउनु यस क्षेत्रको प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

(३) **जलवायुजन्य प्रकोप जोखिम तथा असर न्यूनीकरण तथा अनुकलन क्षमता:** नागरिकमा बढ्दै गईरहेको भड्किलो तथा उपभोगवादी जीवनशैलीका कारण हरितगृह ग्यास उत्सर्जन र प्रदूषणको मात्रा दिनानुदिन बढ्दै जानु, प्राकृतिक प्रकोप र मानव सिर्जित क्रियाकलापबाट वातावरणीय ह्रास तथा प्रदूषण वृद्धि हुनु, फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन हुन नसक्नु, गर्मी याममा वन डढेलो र वर्षा याममा बाढी पहिरो लगायत जलवायुजन्य विपद्का कारण बर्सेनि हुने जनधनको क्षति हुनु, जलवायुजन्य प्रकोप बढ्दो क्षमता सहित दोहोरिइरहनु, अनुकुलन क्षमता न्यून र प्रकोप बलवान् हुँदा विषम जलवायुजन्य सङ्कटाभिमुखता सघन बन्दै जानु, सामाजिक, संस्थागत तथा शासकीय क्षमतामा उल्लेख्य परिवर्तन हुन नसक्दा अनुकुलन क्षमता यथास्थितिमा रहनु यससम्बन्धी प्रमुख सवाल हुन् । जलवायु परिवर्तन असर न्यूनीकरण तथा अनुकुलन क्षमता अभिवृद्धि गर्नु र बढ्दो क्षमता सहित दोहोरिइरहेका जलवायुजन्य प्रकोपको जोखिम तथा प्रभाव न्यूनीकरण गर्नु प्रमुख चुनौती रुपमा रहेका छन् ।

(४) **अन्तर्राष्ट्रिय सन्धी सम्झौताको परिपालना तथा जलवायु वित्त परिचालन:** जलवायु उत्थानशीलता वृद्धि गर्न तथा जलवायुजन्य विपद्का असरको सामना गर्न उपलब्ध साधन, स्रोत र पुँजी विद्यमान आवश्यकताको तुलनामा न्यून हुन, प्रदेशको अनुकुलन क्षमता वृद्धि तथा जलवायु परिवर्तन असर न्यूनीकरणमा ठूलो लगानीको आवश्यकता रहनु, जलवायु परिवर्तन न्यूनीकरण र अनुकुलन सम्बन्धी अन्तर्राष्ट्रीय सन्धिसम्झौताको पालना लगायत संवैधानिक, नीतिगत तथा कानुनी प्रावधानको प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्नु, जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्र तथा परिपुरण र क्षतिपूर्ति कोष लगायत जलवायु वित्तका स्रोतबाट रकम प्राप्त गर्न समन्वय र सहकार्य प्रभावकारी नहुनु लगायतका सवाल यस क्षेत्रमा विद्यमान रहेका छन् । विकास निर्माण र वातावरणबिच सन्तुलन कायम गर्नु, जलवायु परिवर्तन न्यूनीकरण तथा

अनुकुलन कार्यक्रम तथा आयोजना विकास र सञ्चालन गरी कर्णालीवासीलाई लाभान्वित बनाउनु जस्ता चुनौती रहेका छन् ।

**१२.३.४ उद्देश्य**

१. समुदायको जलवायु परिवर्तन उत्थानशीलता अभिवृद्धि गर्नु,

२. वातावरणीय ह्रास र जलवायु परिवर्तनबाट सिर्जित जोखिम तथा आर्थिक-सामाजिक नोक्सानी न्यूनीकरण गर्नु,

३. जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनमा लगानी लागि जलवायु वित्त परिचालन गर्नु ।

**१२.३.५ रुपान्तरणकारी रणनीति**

**(१) समुदायको जलवायु उत्थानशीलता तथा अनुकुलन क्षमता वृद्धि गर्ने:** बढ्दो जलवायु परिवर्तनका असर सम्बन्धमा सामाजिक जागरण ल्याउन समुदाय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । तीनै तहका सरकारको समन्वयमा स्थानीय पाठ्यक्रमको माध्यमबाट विद्यालयस्तरमा विकास निर्माण र वातावरणीय पक्षबिच सन्तुलन ल्याउने र हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण र जलवायु उत्थानशीलता र अनुकुलन सम्बन्धमा पठनपाठन गराउने व्यवस्था मिलाईनेछ । जलवायु उत्थानशील समुदायको निर्माणको लागि स्थानीय तह र विकास साझेदारसँगको समन्वय र सहकार्यमा समुदाय तथा स्थानीय स्तरमा जलवायु परिवर्तन अनुकुलन कार्ययोजना (लापा) तर्जुमा र प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिने छ । जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकुलनका लागि परम्परागत र रैथाने ज्ञान, सीप र प्रविधिको उपयोग गर्ने सम्बन्धमा समुदायमा सीप हस्तान्तरण र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) जलवायु उत्थानशील उत्पादन प्रबर्द्धन तथा हरित अर्थतन्त्र निर्माण गर्ने:** प्रदेशस्तरमा कृषि, पशुपालन, वन तथा उद्योग व्यवसाय लगायत उत्पादनशील क्षेत्रमा जलवायु जोखिम अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी विषय क्षेत्र अनुसार उत्थानशील कार्यक्रम पहिचान तथा कार्यान्वयन गरिने छ । हाइटेक तथा संरक्षित कृषि, खडेरी तथा बाढी सहने बीउवीजनको प्रयोग, रैथाने बालीको संरक्षण, वैकल्पिक सिँचाइ प्रविधि र सिंचाइ सुविधा वृद्धि, रिजार्ज पोखरी प्राङ्गारिक कृषि, जैविक मल र विषादी र नवीन प्रविधिको माध्यमबाट कृषि क्षेत्रलाई थप जलवायुस्फूर्त बनाउँदै लगिने छ । कृषि तथा पशु विमा प्रबर्द्धन र विस्तार गरी कृषक तथा व्यवसायीलाई आइपर्ने संभाव्य जोखिम न्यूनीकरण गरिने छ । सूचना प्रविधि प्रणाली तथा औजारको प्रयोग तथा प्रबर्द्धन गरी जल तथा मौसम पूर्वानुमानसम्बन्धी सूचनामा कृषकको पहुँच वृद्धि तथा जोखिम न्यूनीकरण गरिने छ । कृषि, उद्योग तथा यातायातलाई विद्युत् तथा नवीकरणीय ऊर्जामा आधारित गराउँदै उत्सर्जनमा न्यूनीकरण र हरित अर्थतन्त्रको वृद्धि गरिने छ । पर्यापर्यटकीय पूर्वाधार, सेवा तथा सुविधा अध्ययन, अनुसन्धान, विकास तथा विस्तार गरी पर्या-पर्यटन प्रबर्द्धन गरिनेछ ।

**(३) जलवायु वित्त परिचालन क्षमता तथा लगानी वृद्धि गर्ने:** जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन सम्बन्धी कार्यमा लगानी बढाउन जलवायु वित्तको नीतिगत, कानुनी र संरचनागत व्यवस्था गर्नुका साथै नेपाल सरकार तथा विकास साझेदारसँग समन्वय तथा सहकार्य गरिनेछ । परिपुरण तथा क्षतिपूर्ति कोष, अति कम विकसित मुलुकको कोष, विशेष जलवायु परिवर्तन कोष र हरित जलवायु कोष जस्ता जलवायु वित्त

परिचालनका लागि परियोजना विकास तथा कार्यान्वयनको थालनी गरिने छ। नेपाल सरकारसँग समन्वय गरी कार्बन व्यापारका संभाव्य क्षेत्रमा आयोजना विकास गरी सञ्चालन गरिने छ। विद्युतीय सवारी साधन प्रबर्द्धन, इन्धनका रुपमा दाउरा विस्थापन, ल्याण्डफिल साइटबाट उत्सर्जन हुने मिथेन ग्यास उपयोग लगायतका क्षेत्रका आयोजनाको संभाव्यता अध्ययन गरिने छ। जलवायु वित्त तथा कार्बन व्यापारसम्बन्धी प्रदेशस्तरमा ज्ञान, सीप तथा क्षमता विकास गरिने छ। वातावरण क्षयीकरण रोकथाम तथा प्रदूषण नियन्त्रण गर्ने, फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गर्ने, प्रकृतिमा आधारित समाधानका उपाय अवलम्वन सहित हरित अर्थतन्त्र निर्माण र वातावरण संरक्षणका परियोजना तर्जुमा गरी जलवायु वित्तका लागि नेपाल सरकारका सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

(४) **जलवायुमैत्री तथा उत्थानशील ज्ञान, सीप, प्रविधि र अभ्यासको प्रबर्द्धन गर्ने:** विद्यालय, सामुदायिक अध्ययन केन्द्र र समुदायमा आधारित संस्थामार्फत प्रदेशवासी नागरिकमा ज्ञान, सीप, सचेतना र सजगता वृद्धि गरी सुरक्षित र जलवायु उत्थानशील संस्कारको विकास गरिने छ। प्रदेश तथा स्थानीय तहमा जलवायु जोखिम विश्लेषण, कार्वन तटस्था तथा जलवायु परिवर्तन न्यूनीकरण, पूर्वतयारी तथा अनुकुलन सम्बन्धमा क्षमता अभिवृद्धि गरिने छ। समुदायमा जलवायुमैत्री स्रोतको प्रयोगलाई प्रोत्साहन गर्दै नवीकरणीय ऊर्जा र प्राङ्गारिक कृषि अभ्यासको प्रबर्द्धन गर्न सरकार, गैरसरकारी संस्था, निजी क्षेत्र र विकास साझेदारसँगको समन्वय र सहकार्य गरिने छ। रैथाने तथा स्थानीय ज्ञान तथा प्रकृतिमा आधारित समाधानको अभ्यास गर्ने व्यक्ति, समूह तथा संस्थानलाई प्रोत्साहित गर्ने परिपाटी विकास गरिनेछ।

(५) **प्राकृतिक स्रोतको अबैध र अति दोहन नियमन तथा नियन्त्रण गर्ने:** दुर्लभ प्राकृतिक स्रोतको संरक्षण र संबर्धनका नीतिगत तथा कानुनी व्यवस्था गरी नियमन गरिनेछ। स्थानीय तहसँगको समन्वय र सहकार्यमा स्थानीय समुदायमा प्राकृतिक स्रोतको महत्त्व, संरक्षणका र दिगो उपयोगका बारेमा नागरिक शिक्षा र सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ। हरियाली प्रबर्द्धनमा विश्वमा नै उदाहरणीय मानिएको सामुदायिक वनको अवधारणालाई अन्य क्षेत्रमा पनि अनुकरण गरी समुदायलाई स्थानीय स्रोतको संरक्षणमा संलग्न गराई उनीहरुको स्वामित्व र जिम्मेवारीको भावना बढाउने व्यवस्था मिलाईनेछ।

### १२.३.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | प्रदेश जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन प्राधिकरण तथा प्रदेश वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् स्थापना | जलवायु परिवर्तन तथा विपद व्यवस्थापन प्राधिकरण र परिषद् स्थापना भई क्रियाशील भएका हुनेछन। |
| २ | विद्यालय स्तरमा अनिवार्य वातावरण तथा जलवायु परिवर्तन पाठ्यक्रम निर्माण र पठन-पाठन | वातावरण तथा जलवायु परिवर्तन पाठ्यक्रम तयार भई लागु भएको हुनेछ |
| ३ | मौसम पूर्वानुमान प्रणाली व्यवस्था | सबै स्थानीय तहमा मौसम पूर्वानुमान संयन्त्र तयार भएको र डिजिटल माध्यमबाट पहुँच भएको हुनेछ। |
| ४ | वायु प्रदूषण न्यूनीकरण विशेष कार्यक्रम | वायु प्रदूषण न्यूनीकरणसम्बन्धी विशेष मापडण्ड बनेर उपयुक्त कार्यक्रमहरु सञ्चालन भएका हुनेछन। |

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| ५ | जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकुलनका लागि एकिकृत जलाधार व्यवस्थापन | विभिन्न ५ क्षेत्रमा जलाधार क्षेत्रका समस्याहरु समाधानका लागि एकीकृत जलाधार विकास योजना कार्यान्वयन भएको हुनेछ। |
| ६ | वन तथा जैविक विविधता संरक्षण कार्यक्रम | वन तथा जैविक विविधिता संरक्षणका लागि कम्तिमा ५ वटा कार्यक्रम लागु भएका हुनेछन। |
| ७ | जलवायु परिवर्तन तथा वातावरणीय तथ्याङ्क एवम् सूचना प्रणालीको विकास | विकास साझेदारसँगको सहकार्यमा जलवायु परिवर्तनजन्य घटनाहरुको निगरानीका लागि सूचना प्रणाली निर्माण गरी कार्यान्वयनमा आएको हुनेछ। |
| ८ | नवीकरणीय प्राकृतिक स्रोत संरक्षण, चक्रीय र पुनःप्रयोग प्रबर्द्धन कार्यक्रम | नदी, ताल र सिमसार जस्ता नवीकरणीय प्राकृतिक स्रोतहरुको संरक्षण र चक्रीय प्रयोग भई जलवायु परिवर्तन अनुकुलन क्षमता वृद्धि भएको हुनेछ। |
| ९ | वातावरण संरक्षण, जलवायु परिवर्तन तथा अनुकुलन सम्बन्धी अध्ययन अनुसन्धान | विकास साझेदारहरुसँगको सहकार्यमा वातावरण संरक्षण र जलवायु न्यूनीकरण तथा अनुकुलनसम्बन्धी अध्ययन-अनुसन्धान भएको हुनेछ। |
| १० | जैविक विविधताको निगरानी प्रणाली स्थापना | प्राकृतिक स्रोतसाधन र जैविक विविधताको प्रोफाइल तयार गरी जैविक विविधताको निगरानी प्रणाली स्थापना भएको हुनेछ। |
| ११ | प्रदेश वातावरण अनुकूलन योजना तर्जुमा | प्रदेश वातावरण अनुकूलन योजना तर्जुमा भई कार्यान्वयन भएको हुनेछ। |
| १२ | विपद् सूचना प्रणाली स्थापना | विपद् सूचना प्रणाली सञ्चालनमा आएको हुनेछ। |

### १२.३.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको स्थिति | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | जलवायुमैत्री गाउँ/टोल | सङ्ख्या | ० | ० | ५ | १० |
| २ | प्रदेशमा सञ्चालित जल तथा मौसम सूचनाकेन्द्र | सङ्ख्या | ३ | ३ | ८ | ९ |
| ३ | सञ्चालनमा रहेका बाढी पूर्वचेतावनी प्रणाली | सङ्ख्या | २ | ३ | ५ | ८ |
| ४ | प्रदेशको कार्बन सञ्चिति क्षमता ($CO_2$ Equivalent) | मे.टन | पहिचान नभएको | | अध्ययन र पहिचान भई अद्यावधिक हुने | |
| ५ | स्थानीय अनुकुलन तथा जलवायु उत्थानशील योजना (लापा) तर्जुमा र कार्यान्वयन भएका स्थानीय तह | प्रतिशत | ३४ | ३४ | ३५ | ५० |

श्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश।

परिच्छेद १३

# महिला, लक्षित वर्ग र समावेशीकरण


१३.१ महिला सशक्तीकरण तथा लैङ्गिक समानता १८८

१३.२ बालबालिका १९१

१३.३ दलित सशक्तीकरण १९४

१३.४ सामाजिक समावेशीकरण तथा संरचनागत रुपान्तरण १९७

# परिच्छेद-तेह्र
# महिला, लक्षित वर्ग र समावेशीकरण

## १३.१ महिला सशक्तीकरण तथा लैङ्गिक समानता

### १३.१.१ पृष्ठभूमि

नेपालको संविधानले सबै प्रकारका लैङ्गिक विभेद अन्त्य गर्दै महिला सशक्तीकरण र लैङ्गिक समानताको सिद्धान्तलाई प्रबर्द्धन गर्ने नीति लिइएको छ । संविधानले सुनिश्चित गरेका मौलिक हकहरु जस्तै समान वंशीय हक, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य र राज्यका सबै निकायमा समानुपातिक र समावेशी सहभागिता लगायतका अधिकार महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको हकमा थप प्रासङ्गिक छन् । नेपालले दिगो विकास लक्ष्यलाई आत्मसात् गर्दै सबै महिलाको सशक्तीकरण, लैङ्गिक समानता, र समावेशी आर्थिक वृद्धिको प्रबर्द्धन गर्न नीति तथा योजना बनाउँदै आएको छ । नेपालको सोह्रौ योजनामा समेत समावेशी र न्यायसँगत समाजको निर्माण गर्न लैङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशीकरणलाई राज्यका नीति, योजना र कार्यक्रमहरुमा विशेष प्राथमिकता दिइएको छ । यसै अनुरुप प्रदेश सरकारले समेत महिला सशक्तीकरण र लैङ्गिक समानताको विषयलाई उच्च प्राथमिकतामा राखी नीति, कानुन र संरचनागत व्यवस्था सहित विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

### १३.१.२ विद्यमान अवस्था

प्रदेशमा कुल जनसङ्ख्यामा महिलाको जनसङ्ख्या ५१.२१ प्रतिशत, लैङ्गिक अनुपात (प्रति १०० महिलामा पुरुषको सङ्ख्या) ९५.२७ छ । प्रदेशमा महिला साक्षरतादर ६९.४ प्रतिशत छ, जुन नेपालको औसत ७२.६ प्रतिशतभन्दा कम हो । यस प्रदेशमा आर्थिक रुपमा क्रियाशील महिलाको अनुपात ४७.७ प्रतिशत छ, महिला परिवारमूली भएका परिवारको प्रतिशत ३२.१ प्रतिशत र महिलाको नाममा घर वा जग्गा वा घरजग्गा हुने परिवारको सङ्ख्या मात्र १२.५ प्रतिशत छ, जुन राष्ट्रिय औसतभन्दा निकै कम हो । नेपालको कुल जनसङ्ख्या मध्ये लैङ्गिक तथा यौनिक अल्पसंख्यकको जनसङ्ख्या २,९२८ छ, जसमध्ये प्रदेशमा २.८ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८) ।

लैङ्गिक विकास सूचकाङ्क, (GDI) २०२२ अनुसार कर्णाली प्रदेशको सूचकाङ्क ०.९०२ छ, जुन राष्ट्रिय औसतभन्दा न्यून हो । लैङ्गिक असमानता सूचकाङ्क, (GII) ०.५५८ छ । लैङ्गिक समानता तथा महिला सशक्तीकरणको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८, महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८० तर्जुमा गरी सो अनुरुप महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रमहरु सञ्चालनमा छन् । दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाइ उद्धारसम्बन्धी कार्यविधि, २०७७ अनुसार दूर्गम क्षेत्रका गर्भवती र सुत्केरी महिलाहरुको लागि आकस्मिक हवाइ उद्धारको व्यवस्था गरिएको छ । उल्लेखित नीति तथा कानुनले महिला र लैङ्गिक अल्पसंख्यकको अधिकार र समावेशीकरणलाई प्राथमिकतामा राखेका छन् ।

आर्थिक वर्ष २०७८/७९ र २०७९/८० मा प्रदेशको विनियोजित बजेटमा निर्दिष्ट लैङ्गिक उत्तरदायी बजेटको हिस्सा क्रमशः ४२.४१ र ३९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा यो हिस्सा ४३.८ प्रतिशत छ, जसले महिलाको स्वास्थ्य, सुरक्षा र सशक्तीकरणलाई प्राथमिकतामा राखी उनीहरुको अधिकार र आवश्यकता सम्बोधन गर्ने उद्देश्य लिएको छ।

### १३.१.३ मुख्य सवाल तथा चुनौती

(१) **नीतिगत, कानुनी तथा संस्थागत सुधार:** लैङ्गिक समानता तथा महिला सशक्तीकरणका सम्बन्धमा विद्यमान नीतिगत, कानुनी व्यवस्था तथा संस्थागत संरचनामा समयसापेक्ष सुधार तथा प्रभावकारी कार्यान्वयन नहुनु, हालसम्म सञ्चालन गरीएका लैङ्गिक मूलप्रवाहीकरण तथा हिँसा, शोषण र विभेद अन्त्य गर्ने कार्यक्रमहरुको प्रगति समीक्षा नहुनु, सरकारी, गैरसरकारी र निजी क्षेत्रमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री वातावरणको सिर्जना गर्नु र कार्यस्थलमा पूर्वाधारहरुको व्यवस्था गर्नु चुनौतीपूर्ण छ।

(२) **महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सम्मानित जीवनयापनको वातावरण:** सामाजिक संरचना, मूल्य, मान्यता, परम्परा र रीतिरिवाजसँग जोडिएका विद्यमान हानिकारक सामाजिक अभ्यास व्याप्त हुनु, पितृसत्तात्मक परम्पराहरु र धार्मिक-सांस्कृतिक विभेदहरुले महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सम्मानित जीवनयापनमा अवरोध ल्याउनु प्रमुख सवाल हुन् । महिला तथा अल्पसंख्यकहरुको आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा अर्थपूर्ण सहभागिता प्रबर्द्धन गर्नु चुनौतीपुर्ण रहेको छ।

(३) **लैङ्गिकतामा आधारित हिंसा, विभेद र शोषणको अन्त्य:** महिला र लैङ्गिक अल्पसंख्यकहरु लक्षित हिँसा, विभेद र शोषणका घटनाहरु हुनु सवाल हुन्। लैङ्गिकतामा आधारित हिँसा, विभेद र शोषणको अन्त्य विभेदकारी सामाजिक संरचना तथा सोचलाई परिवर्तन गर्न कानुनी र सामाजिक उपायहरुको प्रभावकारी कार्यान्वयन गर्नु चुनौतीपुर्ण छ।

(४) **आर्थिक सशक्तीकरण र रोजगारी:** महिलाहरु र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको श्रम बजारमा उचित मूल्याङ्कन नहुनु, स्रोत-साधनहरु माथिको पहुँचको कमीले आर्थिक सशक्तीकरणमा अवरोध सिर्जना हुनु, श्रम बजारमा समानता र घर भित्रको श्रमको उचित मुल्याङ्कन नहुनु, स्वरोजगार तथा उद्यमशीलतामा संलग्नता बढाउनु प्रमुख सवाल हुन्। महिलाको सशक्तीकरण तथा समावेशी विकासमा मूलप्रवाहीकरण गर्नुमा प्रदेशमा व्याप्त गरिबी, अशिक्षा तथा सामाजिक संरचना र सोचमा सकारात्मक परिवर्तन गर्नु चुनौतीपुर्ण छ।

### १३.१.४ उद्देश्य

१. महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यकको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता अभिवृद्धि गर्नु,
२. लैङ्गिक हिँसा, विभेद र शोषणको अन्त्य गर्दै समतामूलक समाज निर्माण गर्नु।

### १३.१.५ रुपान्तरणकारी रणनीति

(१) **नीतिगत, कानुनी तथा संस्थागत सुधार गर्ने:** महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक वर्गसँग सम्बन्धित नीति तथा कानुनहरुको निर्माण, समयानुकुल परिमार्जन र प्रभावकारी कार्यान्वयनका लागि प्रणालीगत सुधार गरिनेछ। हालसम्म सञ्चालन गरीएका कार्यक्रमहरुको समीक्षा गरी तिनको प्रभावकारिता मूल्याङ्कन गर्ने र नयाँ सन्दर्भमा सुधारसहित कार्यान्वयन सुनिश्चित गरिनेछ। महिला तथा बालबालिका, युवा, अपाङ्ग, ज्येष्ठ नागरिक, लैङ्गिक यौनिक अल्पसंख्यक लगायत लक्षित वर्गको नीतिहरुको समयसापेक्ष सुधार गरी कार्यान्वयनमा लगिनेछ। समानुपातिक र समावेशी सिद्धान्तअनुरुप सहभागिता सुनिश्चित गर्न नीतिगत, कानुनी र संस्थागत संरचनामा सुधार गरिनेछ। सरकारी, गैरसरकारी र निजी क्षेत्रका संरचनाहरुलाई लैङ्गिक, बाल, अशक्त, ज्येष्ठ नागरिक तथा असहायमैत्री बनाइनेछ ।

(२) **लैङ्गिक सवाललाई मूलप्रवाहीकरण तथा स्थानीयकरण गरी सम्मानित जीवनयापनको वातावरण सिर्जना गर्ने:** नीति, कानुन, योजना तथा कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा लैङ्गिकताको अवधारणालाई आत्मसात् गरिने छ। प्रदेश अन्तर्गतका सबै निकाय तथा संरचनामा लैङ्गिक उत्तरदायी बजेट प्रणाली अवलम्वन गर्दै लैङ्गिक उत्तरदायी शासन् व्यवस्थालाई संस्थागत गरिने छ । सामाजिक, धार्मिक-सांस्कृतिक विभेद अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तन गर्न अभियानहरु सञ्चालन गरिनेछ। महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता सुनिश्चित गर्न समावेशी नीति निर्माण, रोजगारीका अवसर सिर्जना, नेतृत्व विकास र निर्णय प्रक्रियामा उनीहरुको सशक्त सहभागितालाई प्रबर्द्धन गरिनेछ।

(३) **सबै प्रकारका हिंसा, शोषण र विभेद अन्त्य गर्ने:** महिला, बालबालिका तथा किशोर किशोरी, लैङ्गिक अल्पसंख्यक वर्गमाथि हुने सबै प्रकारका हिंसा, शोषण र विभेदलाई अन्त्य गर्न निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायहरु अवलम्वन गरिनेछ । लैङ्गिक हिंसा, मानव बेचबिखन, बाल विवाह र यौन दुर्व्यवहार विरुद्ध प्रभावकारी कानुनी सुधार गरिनेछ। कार्यस्थल र सार्वजनिक स्थलमा सबै प्रकारका भेदभाव र यौनजन्य दुर्व्यवहार विरुद्ध शून्य सहनशीलताको नीतिको कार्यान्वयनको लागि आचारसंहिता लागु गरिनेछ। साइबरजन्य अपराध नियन्त्रण गर्न कानुनी सुधार सहित सचेतनामूलक उपायहरु र सुरक्षा रणनीतिहरु अवलम्वन गरिनेछ।

(४) **स्वरोजगारको प्रबर्द्धनमार्फत आर्थिक सशक्तीकरण गर्ने:** महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक वर्गको आर्थिक क्षमतामा सुधार ल्याउन र स्रोत-साधनमा पहुँच बढाउन उद्यमशीलता, रोजगारी र आय आर्जनका अवसर सिर्जना गर्ने कार्यक्रम लागु गरिनेछन्। महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक वर्गका उद्यमीहरुले उत्पादन गरेका वस्तुको सङ्कलन, भण्डारण र बजारीकरणमा सहयोग र प्रोत्साहन प्रणाली विकास गरिनेछ । लैङ्गिक आधारमा श्रम विभाजनको अन्त्य गर्न सामाजिक अभियान सञ्चालन गरिनेछ । श्रम बजारमा महिला सहभागिता बढाउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ । विकास साझेदार, गैरसरकारी संस्था र निजी क्षेत्रलाई महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक वर्गको उद्यमशीलता विकास र स्वरोजगारका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

### १३.१.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | नीतिगत, कानुनी तथा संरचनागत सुधार कार्यक्रम | महिला तथा लैङ्गिक अल्पसंख्यकको शसक्तीकरण र सामाजिक कुरीतिहरुको अन्त्यका लागि भएका नीति, कानुन तथा संरचनाहरु प्रभावकारी रुपमा कार्यान्वयन भएका हुनेछन भने अन्य थप नीति, कानुन तथा संरचनाहरु निर्माण भएका हुनेछन । |
| २ | महिला उद्यमशीलता र स्वरोजगार विकास कार्यक्रम | महिलाहरुका लागि व्यावसायिक तालिम र संशाधन उपलब्ध गराइ उनीहरुको आत्मनिर्भरता, व्यावसायिक र आर्थिक क्षमता अभिवृद्धि भई सम्मानित जीवनयापनको वातावरण सिर्जना भएको हुनेछ । |
| ३ | महिला नेतृत्व विकास तथा सशक्तीकरण कार्यक्रम | महिला र लैङ्गिक अल्पसंख्यकहरुको नेतृत्व क्षमतामा वृद्धि गर्दै उनीहरुको सशक्तीकरण र राजनीतिक उपस्थितिमा सुधार भएको हुनेछ । |
| ४ | हानिकारक सामाजिक अभ्यास न्यूनीकरण कार्यक्रम | बिपन्न, एकल, अपाङ्गता, वैदेशिक रोजगारबाट फर्केका, हिँसामा परेका महिलाहरुलाई राउटे, बादी, दलित, अपाङ्गता, सीमान्तकृत, जोखिममा रहेका तथा आर्थिक रुपमा पछाडि परेका महिलाहरुको लागि उद्यमशीलता र वित्तीय साक्षरताका कार्यक्रम मार्फत् उनीहरुको आर्थिक र सामाजिक सहभागिता प्रबर्द्धन भएको हुनेछ । |
| ५ | घरेलु र लैङ्गिक हिँसा रोकथाम र पुनर्स्थापना कार्यक्रम | सबै प्रकारका लैङ्गिक हिँसा, विभेद र शोषणको अन्त्य गर्दै महिलाहरुको सुरक्षामा सुधार र कानुनी सहयोगको व्यवस्था भएको हुनेछ । |
| ६ | यौनिक अल्पसंख्यक सशक्तीकरण र समुदाय सञ्जाल विकास कार्यक्रम | यौनिक अल्पसंख्यकको पहिचान गर्दै लक्षित कार्यक्रमहरु सञ्चालन गरी उनीहरुको सशक्तीकरण भई सम्मानित जीवनयापनको वातावरण सिर्जना भएको हुनेछ । |
| ७ | लैङ्गिक यौनिक अल्पसंख्यकको सशक्तीकरण र सुरक्षा कार्यक्रम | जोखिममा रहेका महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको नेतृत्व, सशक्तीकरण, स्वरोजगारी र आत्मनिर्भरता बढ्नेछ, जसले उनीहरुको सामाजिक समावेशिता र कानुनी संरक्षण सुदृढ भएको हुनेछ । |

### १३.१.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | श्रम शक्तिमा महिला सहभागिता | प्रतिशत | २६.२ | २८ | ३२ | ४० |
| २ | महिलाको नाममा घर र जग्गा भएका घरवरिवार | प्रतिशत | १२.५ | १५.० | २०.० | २५.० |
| ३ | लैङ्गिक समता सूचकाङ्क | मान | ०.६६ | ०.६६ | ०.६९ | ०.७० |
| ४ | महिला साक्षरता दर | प्रतिशत | ६९.४ | ७६.६ | ८० | ८५ |
| ५ | महिलाको औसत आयु | वर्ष | ७४.८ | ७४.८ | ७४.९ | ७५ |
| ६ | महिलाको औसत बिहे उमेर | वर्ष | १८.२ | २० | २२ | २२ |
| ७ | प्रदेश सभामा महिला प्रतिनिधित्व | प्रतिशत | ३७.५ | ३७.५ | ४० | ४५ |
| ८ | प्रदेश निजामती सेवामा महिला सहभागिता | प्रतिशत | ३०.५ | ३१ | ३३ | ३५ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश।*

## १३.२ बालबालिका

### १३.२.१ पृष्ठभूमि

बालबालिकाको शिक्षा, स्वास्थ्य सेवा, संरक्षण, भेदभावबाट मुक्त वातावरण र शोषणविरुद्धको संरक्षण जस्ता अधिकारहरु नेपालका संविधानले प्रत्याभूत गरेको छ । प्रदेशमा बालविवाह, अशिक्षा र बालश्रमको दर उच्च रहेकोछ । प्रदेश सरकारले बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति-२०७२ लाई आत्मसात गर्दै बालबालिकाको शिक्षा, स्वास्थ्य सेवा, संरक्षण र समग्र विकासलाई प्राथमिकतामा राख्दै विभिन्न कार्यक्रम अगाडि बढाएको छ । फलस्वरुप बालबालिकालाई अझ सुरक्षित र समृद्ध भविष्यको बाटोमा अघि बढ्न सकारात्मक वातावरण सिर्जना भएको छ ।

### १३.२.२ विद्यमान अवस्था

राष्ट्रिय जनगणना- २०७८ अनुसार यस प्रदेशमा १८ वर्ष मनिका बालबालिकाको जनसङ्ख्या ४०.१ प्रतिशत रहेको छ जुन समग्र नेपालको ३३.८ प्रतिशतभन्दा अधिक हो । प्रदेशका ५ वर्ष मनिका बालबालिकामध्ये १२.७ प्रतिशतको जन्म दर्ता भएको छैन । बालअधिकार महासन्धि, सन् १९८९ र नेपालको संविधानको धारा ३४ मा बालबालिकाका मौलिक हकको व्यवस्था गरेको छ । नेपालका २२.७ प्रतिशत बालबालिकाले १८ वर्षभन्दा कम उमेरमै विवाह गर्ने गरेका छन् भने प्रदेशमा बालविवाहको दर ३४.६ प्रतिशत छ । प्रदेश सरकारमा प्रारम्भिक बालविकास रणनीति २०७९ तर्जुमा भई सो बमोजिम बालबालिकाका अधिकार र विकासमा जोड दिदै समावेशी शिक्षा र सेवाको पहुँचलाई बढावा दिने कार्यक्रमहरु सञ्चालन गरीरहेको छ ।

### १३.२.३ मुख्य सवाल तथा चुनौती

(१) **बालबालिकाको संरक्षण तथा विकासः** बालबालिका हिँसा, शोषण, बालविवाह, बालश्रम, अन्य सामाजिक तथा लागूऔषध दुर्व्यसन् व्याप्त हुनु, विशेषतः दुर्गम क्षेत्रहरुमा उपलब्ध न्यून स्रोतसाधन, अभिभावक र समुदायमा चेतनाको कमी र प्रभावकारी कार्यक्रमहरुको अभाव हुनु मूल सवाल हुन् । संविधान र कानुनतः बालबालिकालाई शिक्षा, स्वास्थ्य, सुरक्षा र भेदभाव रहित वातावरणको प्रत्याभूति गर्न प्रर्याप्त र दिगो लगानीको स्रोत व्यवस्था गर्नु तथा सामाजिक संरचनामा सकारात्मक परिवर्तन गर्नु चुनौतीपूर्ण छ ।

(२) **बालश्रम, मानव ओसारपसार र बालविवाह विरुद्ध कानुनी र संस्थागत व्यवस्था:** बालश्रम, मानव ओसारपसार र बालविवाहका घटनाहरु व्याप्त हुनु, बालश्रम, मानव ओसारपसार निवारणका लागि प्रभावकारी कानुनी र संस्थागत व्यवस्थाको कमी हुनु सवाल हुन् । बालश्रम, मानव ओसारपसार र बालविवाह रोकथामका लागि तीनै तहका सरकारबिच नीति तथा कानुन निर्माण, कार्यान्वयन र संथागत संरचना सुदृढ पार्नु चुनौतीपूर्ण छ ।

(३) **सामाजिक र शैक्षिक अवसरः** कर्णाली प्रदेशमा बालबालिकाका लागि प्राथमिकदेखि माध्यमिक शिक्षा सम्मको गुणस्तर तथा युवा सीप विकास कार्यक्रमहरुको कमीले गर्दा सामाजिक र शैक्षिक अवसरहरुको कमी छ, जसले उनीहरुको क्षमता विकासमा अवरोध पुऱ्याएको छ । त्यसैगरी बालबालिकाका हक र अवसरहरु सुनिश्चित गर्नमा अभिभावक र समाजको सक्रिय सहभागिता न्युन रहेको छ । प्रदेशको भौगोलिक अवस्थिति,

न्यून आर्थिक अवस्था तथा रुढीवादी परम्परागत सोचको प्रभाव  र प्रभावकारी कार्यक्रम कमीले सामाजिक र शैक्षिक अवसरको सिर्जना गर्नु चुनौतीपूर्ण रहेको छ।

**१३.२.४ उद्देश्य**

१. शिक्षा, स्वास्थ्य, सुरक्षा, आर्थिक तथा सामाजिक अवसरमा बालबालिकाको पहुँच वृद्धि गर्नु,

२. बालबालिकाको समग्र विकास र बाल अधिकारको संरक्षण तथा प्रबर्द्धन गर्नु।

**१३.२.५ रुपान्तरणकारी रणनीति**

**(१) बालबालिकाको शिक्षा र स्वास्थ्य सेवामा पहुँच सुधार गर्ने:** प्रदेशका विकट र ग्रामीण क्षेत्रका विद्यालय र स्वास्थ्य केन्द्रको निर्माण, पुनर्निर्माण र स्तरोन्नति गर्न सरकार र गैरसरकारी संस्थाबिच समन्वय गरी पूर्वाधार परियोजनाहरु कार्यान्वयन गरिनेछ। दक्ष शिक्षक र स्वास्थ्यकर्मीको अभाव कम गर्न शिक्षक र स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि कार्यक्रम लागु गरिनेछ। कमजोर आर्थिक अवस्थाका बालबालिकालाई शिक्षा र स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन आर्थिक सहयोग, छात्रवृत्ति कार्यक्रमहरु र जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ।

**(२) बालश्रम, मानव ओसारपसार र बालविवाह विरुद्ध कानुनी र संस्थागत सुधार गर्ने:** बालश्रम, मानव ओसारपसार र बालविवाह नियन्त्रण गर्न बनेका कानुनी संरचनाहरुलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न प्रहरी, न्यायपालिका, सामुदायिक सङ्घसंस्था र अन्य सम्बन्धित निकायको क्षमता विकास गरिनेछ। बाल अधिकार संक्षण गर्ने सम्बन्धमा कार्यरत निकायहरु, स्थानीय बाल अधिकार समिति गठन, बालकल्याण अधिकारी र बालकोष स्थापना तथा बालअधिकार संरक्षण तथा प्रबर्द्धन सम्बन्धी कार्यविधि तर्जुमाका लागि निकाय तथा स्थानीय तहको क्षमता विकास गरिनेछ। समुदायमा सचेतना अभियानहरु सञ्चालन गर्न संस्थागत सुदृढीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ। बालविवाह र बालश्रम नियन्त्रणमा समुदायका अभिभावक र युवाहरुलाई लक्षित गरी सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ र पीडितहरुलाई सहयोग पुऱ्याउन स्थानीय तहमा सूचीकृत बाल मनोविज्ञको क्षमता विकासमा सहजिकरण गरिनेछ।

**(३) बालबालिकाको सुरक्षा र संरक्षण गर्ने:** बालबालिकाको संरक्षण र विकास सुनिश्चित गर्न दिगो लगानी, प्रभावकारी नीति कार्यान्वयन र सामाजिक संरचनामा सकारात्मक परिवर्तनका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ। प्रत्येक स्थानीय तहमा बालअधिकार समिति गठनमा सहजीकरण र क्षमता विकासमा सहकार्य गरी बालबालिकालाई हिँसा, दुर्व्यसन् र शोषणबाट संरक्षण गर्ने व्यवस्था गरिनेछ। बालबालिकाको सुरक्षा र संरक्षणमा बल पुऱ्याउन कानुनी संरचनाहरुको पुनरावलोकन र कार्यान्वयनको सुदृढीकरण गरिनेछ। जोखिममा परेका बालबालिकाका लागि समर्पित हेरचाह, उद्धार, पुनर्वास र पुनः एकीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ। बालश्रम, बालविवाह र अन्य हानिकारक अभ्यासहरुको निर्मूलीकरणका लागि विद्यालय, समुदाय र धार्मिक क्षेत्रसँग सहकार्य गरिनेछ।

**(४) बालबालिकाको सक्षमता अभिवृद्दि तथा सामाजिक सहभागिताको अवसर सिर्जना गर्ने:** स्थानीय तहसँगको समन्वय र सहकार्यमा शैक्षिक गुणस्तर सुधारका कार्यक्रम सञ्चालन गरिनेछन्। बालबालिकालई

लक्षित गरी उनीहरुको आत्मबल र क्षमता विकास गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । बालबालिकाका अधिकार र अवसर सुनिश्चित गर्न अभिभावक र समाजको भूमिकालाई प्रोत्साहन गर्न जनचेतना अभियान सञ्चालन गरिनेछ ।

### १३.२.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | बाल संरक्षण, हिंसा अन्त्य र बालविकास कार्यक्रम | बालविवाह, बालहिँसा र अन्य जोखिमहरु अन्त्य गर्न कार्यक्रमहरु सञ्चालन भएका हुनेछन । अनाथ, अपांगता भएका विपद् र माहामारीबाट प्रभावित तथा द्वन्द्व प्रभावित बालबालिकाको संरक्षण र पुनर्स्थापना सुनिश्चित भएको हुनेछ । |
| २ | बाल स्वास्थ्य, पोषण र विशेष स्याहार कार्यक्रम | बालबालिकाको आधारभूत स्वास्थ्यमा पहुँच, पोषण सुधार र विशेष आवश्यकता भएका बालबालिकाको स्याहार र शिक्षामा पहुँच सुनिश्चितता भएको हुनेछ । |
| ३ | बालबालिका र किशोरकिशोरी शिक्षा, प्रतिभा पहिचान र प्रोत्साहन कार्यक्रम | बालबालिकाको शिक्षामा पहुँच विस्तार भएको हुनेछ र बाल प्रतिभाको पहिचान तथा प्रोत्साहन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिएको हुनेछ । |
| ४ | बालबालिका तथा किशोरकिशोरी अधिकार संरक्षण तथा सहायता कार्यक्रम | बालबालिका तथा किशोरकिशोरीको अधिकारको संरक्षण सुनिश्चितताका लागि प्रदेशभर खोजतलास तथा हेल्पलाइन सेवाहरु सञ्चालन तथा विस्तार भएका हुनेछन । बालबालिका तथा किशोरकिशोरीमैत्री समाज र वातावरण निर्माण भएको हुनेछ । |

### १३.२.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | ५ वर्ष मनिका जन्मदर्ता गरीएका बालबालिका | प्रतिशत | ८७.३ | ८८ | ९० | ९५ |
| २ | बालमैत्री घोषणा भएका स्थानीय तह | सङ्ख्या | १० | १५ | ३० | ७९ |
| ३ | बालअधिकार समिति गठन भएका स्थानीय तह | सङ्ख्या | ५० | ५५ | ६५ | ७९ |
| ४ | बालकल्याण अधिकारी तोकिएका स्थानीय तह | सङ्ख्या | ४६ | ५५ | ६५ | ७९ |
| ५ | बालअधिकार संरक्षण तथा प्रबर्द्धन सम्बन्धी कार्यविधि तर्जुमा गरेका स्थानीय तह | सङ्ख्या | ४७ | ५५ | ६५ | ७९ |
| ६ | बालकोष स्थापना भएका स्थानीय तह | सङ्ख्या | २८ | ३८ | ४५ | ६० |
| ७ | बालअधिकार समिति गठन भएका वडाहरु | संख्या | २३८ | ३०० | ५०० | ७१८ |
| ८ | बालश्रम | प्रतिशत | २४.६ | २२ | १० | ५ |
| ९ | ५ वर्ष मनिका बाल मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | ४६ | ४३ | ३० | २० |

स्रोतः सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश

## १३.३ दलित सशक्तीकरण

### १३.३.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ४० ले दलितको हक (१) अन्तर्गत राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक सुनिश्चित गरेको छ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुनबमोजिम विशेष व्यवस्था

गरिनेछ भन्ने कुरा उल्लेख गरिएको छ। दलित सशक्तीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक-२०७८ ले प्रदेशमा जातीय विभेद तथा छुवाछुत घटनाहरुको अध्ययन, अनुगमन र जातीय विभेद तथा छुवाछुतसम्बन्धी नीति तथा कानुनको कार्यान्वयन, रेखदेख, नियन्त्रण, सुपरिवेक्षण, अनुगमन र सशक्तीकरणका लागि प्रदेशस्तरीय र स्थानीय एक जातीय विभेद तथा छुवाछुत अनुगमन समिति गठन गर्ने व्यवस्था गरेको छ। उक्त विधेयकले प्रदेशभित्रका दलित समुदायलाई आर्थिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिक रुपमा सक्षम बनाउन र दलित समुदायको हक हितसम्बन्धी कार्यक्रम तथा योजना तर्जुमा एवम् कार्यक्रम गर्न दलित सशक्तीकरण तथा विकास समिति गठन सम्बन्धी पनि व्यवस्था गरेको भए पनि जातीय विभेद, शोषण, उत्पीडन र पछौटेपन दलित समुदायको पर्यायवाची जस्तै बनेको छ। विभिन्न चरणका राजनीतिक परिवर्तनको फलस्वरुप दलित समुदायलाई संवैधानिक, नीतिगत र कानी अधिकार र संरक्षण भए तापनि व्यवहार रुपान्तरण गर्न धेरै नै कसरत गर्न पर्ने देखिन्छ।

### १३.३.२ विद्यमान अवस्था

यस प्रदेशमा कुल जनसङ्ख्याको २३.५ प्रतिशत दलित जनसङ्ख्या रहेको छ। यस प्रदेशमा दमाई, सार्की, कामी र बादी जातिका दलितको बसोबास बढी रहेको छ। यहाँका दलितले पुर्ख्यौली पेसा जस्तैः लुगा सिलाउने, बाजागाजा बजाउने, छाला तथा काठको काम गर्ने, फलामका औजार बनाउनेलगायतका कामलाई निरन्तरता दिएको पाइन्छ। पहाडी दलितहरु अझै लगिधारी प्रथा, खलो लिने वा बालीघरे प्रथामा निर्भर देखिन्छन्। पछिल्लो समय दलित युवा भने वैदेशिक रोजगारीप्रति बढी आकर्षित भएकोले उनीहरुको आर्थिक अवस्थामा केही सुधार ल्याए पनि स्थानीयस्तरमा सामाजिक, सांस्कृतिक र आर्थिक योगदान कम भईरहेको छ। दलित समुदायले समान अवसर र सम्मान प्राप्त गर्न निरन्तर सङ्घर्ष गरीरहेको र केही सकारात्मक परिवर्तनहरु भएका भए तापनि सामाजिक रुपमा हेर्ने हो भने जातीय विभेद, छुवाछुत, रुढीवादी धारणा केही हदसम्म कायमै छ। दलित महिलाले दोहोरो भेदभावको सामना गरीरहेका छन्, जसले उनीहरुको जीवनस्तर सुधार गर्न चुनौती थपेको छ।

प्रदेशमा गरिबी, अशिक्षा, बेरोजगारी र परम्परागत सीपहरुको हराउँदै गएको अवस्था दलित समुदायका लागि थप समस्याका रुपमा देखिएको छ। राजनीतिक सहभागिता र नेतृत्व विकासको क्षेत्रमा दलितहरुको उपस्थिति न्यून छ। सामाजिक, आर्थिक र सांस्कृतिक रुपान्तरणमा उनीहरुको योगदान प्रशंसनीय भए पनि नेतृत्वका अवसरहरु सुनिश्चित हुन सकेका छैनन्। हालैका वर्षहरुमा प्रदेश सरकार र स्थानीय तहले दलित समुदायका लागि विभिन्न कार्यक्रम र नीतिहरुको सुरुवात गरेको देखिन्छ तर, यी कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन र अनुगमन आवश्यक देखिन्छ। दलितमैत्री नीति, आर्थिक सहभागिता र सामाजिक रुपान्तरणका प्रयासले मात्र दलित समुदायलाई सशक्त र समान अवसरको सुनिश्चितता दिलाउन सकिन्छ।

### १३.३.३ मुख्य सवाल तथा चुनौती

दलित समुदाय तथा समस्त समाजमा रुढीवादी धारणा ब्याप्त हुनु, दलित समुदायबिच विभाजन र छुवाछुत प्रचलित रहनु, जातीय विभेद, राजनीतिक, सांस्कृतिक, शैक्षिक, आर्थिक-सामाजिक अधिकारमा पहुँच न्यून हुनु, शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवामा पहुँच कम हुनु, संवैधानिक, कानुनी र नीतिगत प्रावधानको कार्यान्वयन कमजोर हुनु, दलित लक्षित कार्यक्रममा नीति, योजना तथा प्रावधान बमोजिम पर्याप्त स्रोत, साधन परिचालन हुन नसक्नु र विनियोजित कार्यक्रमको कार्यान्वयन प्रभावकारी नहुनु जस्ता प्रमुख सवाल रहेका छन्। संवैधानिक, कानुनी र

नीतिगत प्रावधान प्रकाभकारी कार्यान्वयन गरी छुवाछुत तथा जातिय विभेद उन्मुलन गर्नु, समाजको विद्यमान असमान शक्ति संरचना तथा सम्बन्धमा रुपान्तरण गर्नु र दलित वर्गको अधिकार संरक्षण गर्नु चुनौती रहेको छ।

**१३.३.४ उद्देश्य**

१. दलित समुदायको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरण सुनिश्चित गर्नु,
२. दलित समुदायको अवसर र पहुँचमा वृद्धि र सम्मानित जीवनयापनको वातावरण सिर्जना गर्नु,
३. विकासको मूलप्रवाहमा दलित समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु।

**१३.३.५ रुपान्तरणकारी रणनीति**

**(१) क्षमता विकास, सशक्तीकरण र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने:** आर्थिक र सामाजिक रुपमा पछाडि परेका दलित समुदायको सशक्तीकरण र क्षमता विकासका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ। नीति, कानुन तथा योजना तर्जुमा र विकास प्रक्रियामा दलित समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ। दलित समुदायका महिला तथा बालबालिकाका लागि विशेष आर्थिक सामाजिक सशक्तीकरणका कार्यक्रमहरु सञ्चालन गरिने छ l दलित समुदायको मर्यादित जीवनयापनको लागि सामाजिक, आर्थिक र राजनैतिक सशक्तीकरणमा जोड दिइने छ l दलित मूलप्रवाहीकरणका बाधा अवरोधहरुको पहिचान गरी सम्बोधन गरिने छ।

**(२) दलित मूलप्रवाहीकरणका अवरोधलाई सम्बोधन गर्न संरचनागत सुधार गर्ने:** विद्यमान अवस्था पहिचान गरी नीतिगत, कानुनी तथा संस्थागत सुधारका लागि प्रदेशस्तरीय संरचना निर्माण गरिने छ। दलित समुदायलाई विकासको मूलप्रवाहमा आबद्ध गर्न नीतिगत, कानुनी तथा संस्थागत क्षेत्रमा रुपान्तरणकारी सुधार गरिने छ। दलित समुदायको हितका लागि स्थापित संयन्त्र तथा संस्थाको क्षमता विकास गरी थप सशक्त तुल्याइनेछ। विकास निर्माण आयोजनामा दलित सहभागिता बढाई तथा दलितमैत्री वातावरण निर्माण गरी सार्वजनिक सेवा प्रवाह र सामाजिक जीवनमा जातीय छुवाछुत तथा भेदभावमुक्त वातावरण सिर्जना गरिनेछ।

**(३) दलित आन्दोलनको ऐतिहासिक पृष्ठभूमि, सङ्घर्ष, उपलब्धि र दलित समुदायको अवस्थाबारे अनुसन्धान र दस्तावेजीकरण गर्ने:** दलित समुदायले गरेको ऐतिहासिक योगदान, सङ्घर्ष र उपलब्धिलाई आमरुपमा जानकारी गराई समाज विकास र राष्ट्र निर्माणमा दलित समुदायले गरेको बलिदानीको सम्मान गरिने छ। विभेद र विसँगति विरुद्ध भएका आन्दोलन तथा सङ्घर्षहरुको अध्ययन अनुसन्धान गरी दस्तावेजीकरण गरिने छ।

**१३.३.६ प्रमुख कार्यक्रम**

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १. | दलित समस्या समाधान विकास समिति गठन र परिचालन | प्रदेश तथा स्थानीय तहमा दलित समस्या समाधान समिति गठन भएका हुनेछन। |
| २. | व्यावसायिक सीप तथा उद्यमशीलता विकास, वित्तीय पहुँच कार्यक्रम सहित रोजगारी र जीविकोपार्जन सम्बन्धी कार्यक्रम | व्यावसायिक सीप तथा उद्यमशीलता विकास रोजगारी र जीविकोपार्जन सम्बन्धी तालिम, गोष्ठी, रोजगारी र जीविकोपार्जन सहयोगका लागि कार्यक्रम सञ्चालन भएको हुनेछ। |

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| ३. | भूमिहीन दलित कृषक जग्गा भाडा र कृषि उपज अनुदान | भूमिहीन दलित समुदायको भूमिमा पहुँच र आयआर्जन तथा व्यावसायिक कार्यमा सहभागिता वृद्धि भएको हुनेछ। |
| ४. | दलित सशक्तीकरण कार्यक्रम | परम्परागत आरन, बाजागाजा, छाला प्रशोधन, सुनचाँदीका गहना, सिलाइ कटाइ, माटोको भाँडाकुडा, मादल, सारङ्गी, मूर्ति निर्माण, धातुका कृषि औजारको संरक्षण, प्रबर्द्धन र आधुनिकीकरण गर्नुका साथै दलित समुदायको जीविकोपार्जनमा सुधार ल्याउन उद्यमशीलता कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| ५. | दलित महिला विकास कार्यक्रम | नेतृत्व विकासका लागि दलित महिला विकास कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| ६. | दलित छात्रवृत्ति कार्यक्रम | उच्च तथा प्राविधिक शिक्षालयहरुमा दलित छात्रवृत्ति कार्यक्रम निरन्तरता दिइएको हुनेछ। |

**१३.३.७ परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | दलित समस्या समाधान समिति भएका स्थानीय तह | सङ्ख्या | - | २ | २५ | ६० |
| २ | व्यावसायिक सीप तथा उद्यमशीलता विकास सम्बन्धी तालिम तथा वित्तीय पहुँच प्राप्त व्यक्ति | सङ्ख्या | - | १० | ५० | १०० |
| ३ | भूमिमा पहुँच प्राप्त भूमिहीन दलित परिवार | सङ्ख्या | - | - | ३० | १०० |
| ४ | दलित महिला साक्षरता कार्यक्रम | सङ्ख्या | - | - | २५ | ४० |
| ५ | नेतृत्व विकास तालिम प्राप्त दलित महिला | सङ्ख्या | - | - | ५० | १०० |
| ६ | दलित साक्षरतादर | प्रतिशत | ७२.९ | ७५ | ८० | ९० |
| ७ | स्थानीय तहमा दलित प्रतिनिधित्व | सङ्ख्या | - | - | ७९ | १२५ |
| ८ | प्रदेश सभामा दलित प्रतिनिधित्व | सङ्ख्या | ४ | ४ | १० | १२ |
| ९ | प्रदेश निजामती सेवामा दलित सहभागिता | प्रतिशत | - | - | ५ | १० |

स्रोतः सामाजिक विकास मन्त्रालय, प्रदेशसभा सचिवालय, कर्णाली प्रदेश

### १३.४ सामाजिक समावेशीकरण तथा संरचनागत रुपान्तरण

## १३.४.१ पृष्ठभूमि

संविधानमा उल्लेख भए अनुरुप समानुपातिक र समावेशी सिद्धान्तहरुलाई अवलम्वन गर्दै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न, आदिवासी, जनजाति, लोपोन्मुख र सीमान्तकृत वर्ग लगायत वञ्चितीकरणमा परेका वर्ग, जाति तथा समुदायहरुको अवसर र पहुँचमा असमानता हटाउन प्रदेश सरकारले विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरीरहेको छ । संरचनागत रुपान्तरणमार्फत सामाजिक न्याय र समानताको स्थापना गर्दै दिगो विकासको मार्गप्रशस्त गर्न प्रदेशमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति-२०७८, लोपोन्मुख तथा सीमान्तकृत समुदायको लागि जीविकोपार्जन र आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि-२०८०, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि-२०८० निर्माण भएको छ।

### १३.४.२ विद्यमान अवस्था

राष्ट्रिय जनगणना-२०७८ अनुसार यस प्रदेशको कुल जनसङ्ख्या १६,८८,४१२ रहेको छ, जसमा आदिवासी, जनजाति, दलित र अन्य पिछडिएको वर्गको उल्लेखनीय प्रतिनिधित्व छ । प्रदेशको कुल जनसङ्ख्यामा आदिवासी जनजातिको करिब ३५ प्रतिशत जनसङ्ख्या रहेको छ । विशेषगरी कर्णालीमा प्रदेशमा राउटे, कसुण्डा, राजी, डोल्पो, माझी, कुमाल, गन्धर्व, वादी समुदाय र मुक्त हलिया लोपोन्मुख तथा सीमान्तकृत समुदाय छन् । नेपालमा राउटेहरुको कुल जनसङ्ख्या ५६६ रहेको छ, जसमध्ये जम्मा १४७ जना (अर्थात करिब २६ प्रतिशत) राउटे र नेपालमा राजीहरुको कुल जनसङ्ख्या ५१२५ मध्ये जम्मा १५०२ (अर्थात २९.३ प्रतिशत) राजी यस प्रदेशमा बस्दछन् ।

त्यसैगरी, प्रदेशको जनसङ्ख्यामा ज्येष्ठ नागरिक (६० वर्ष वा सोभन्दा माथिल्लो उमेर समूह) को जनसङ्ख्या करिब ८ प्रतिशत छ । यस प्रदेशमा अपाङ्गता भएको जनसङ्ख्याको अनुपात ३.१२ प्रतिशत रहेको छ भने, जुन राष्ट्रिय औसत २.२२ प्रतिशत भन्दा उच्च छ । अपाङ्गता भएका व्यक्तिहरु मध्ये पुरुष र महिलाको अनुपात क्रमशः ५५.६ र ४४.४ प्रतिशत रहेको छ ।

प्रदेशमा सामाजिक समावेशीकरणलाई बढावा दिन र लक्षित वर्गको सशक्तीकरण गर्न विभिन्न सरकारी र गैरसरकारी कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । प्रदेशले अपाङ्गता भएका व्यक्तिहरुको शिक्षामा पहुँच अभिवृद्धिका लागि १५ विशेष विद्यालय र १० एकीकृत विद्यालयहरुको सञ्चालन गरेको छ । साथै, २८० स्रोत कक्षाको व्यवस्था गरिएको छ, जसले अपाङ्गता भएका बालबालिकाहरुलाई विशेष शिक्षामा पहुँच पुर्याइरहेको छ । दृष्टिविहीन बालबालिकाहरुका लागि निःशुल्क ब्रेल पाठ्यपुस्तक वितरण कार्यक्रम सञ्चालनमा छ ।

आर्थिक र सामाजिक रुपमा पछाडि परेका समुदायहरु जस्तै दलित, आदिवासी जनजाति र अपाङ्गता भएका व्यक्तिहरुका लागि प्रदेश सरकारले विभिन्न सशक्तीकरण कार्यक्रमहरु सञ्चालन गरीरहेको छ । दलित र आदिवासी जनजातिहरुको आर्थिक, शैक्षिक र सामाजिक समावेशीकरणका लागि विभिन्न अन्तरसरकारी साझेदारी तथा सहकार्यलाई प्राथमिकता दिइएको छ । अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वास्थ्य र सामाजिक सुरक्षामा पहुँच पुर्याउन विशेष योजना लागु गरिएको छ ।

### १३.४.३ मुख्य सवाल तथा चुनौती

(१) **सामाजिक समावेशिताका लागि संस्थागत व्यवस्था:** ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न, आदिवासी जनजाति, लोपोन्मुख र सीमान्तकृतवर्ग लगायत वञ्चितीकरणमा परेका वर्ग, जाति तथा समुदायलाई कानुनी व्यवस्थाअनुसार विकासको मूलधारमा ल्याउन नसक्नु एक समस्याको रुपमा रहेको छ । नीति, कानुन तथा कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता हुन र बनाउन नसक्नु मुख्य सवाल हो । संविधान, नीति तथा कानुनको व्यवस्था बमोजिम प्रदेशको नीति निर्माण तथा निर्णय प्रक्रियामा लक्षित वर्ग, समुदाय, जाति तथा क्षेत्रको अर्थपूर्ण सहभागिता कायम गर्नु चुनौतीपूर्ण छ ।

(२) **वञ्चितीकरणमा परेका व्यक्ति, वर्ग, जाति, क्षेत्र तथा समुदायको क्षमता विकास, सशक्तीकरण र मूलप्रवाहीकरण**: सकारात्मक विभेद र आरक्षणमार्फत आर्थिक र सामाजिक रुपमा पछाडि परेका वर्ग, क्षेत्र, जाति र समुदायको अर्थपूर्ण सहभागिता हुन नसक्नु सशक्तीकरण र विकासको एक सवाल हो । नीतिगत, कानुनी र संस्थागत व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी बहिष्करणमा परेका वर्ग तथा समुदायको संरक्षण तथा व्यवस्थापनका साथै त्यस्ता वर्ग, जाति, क्षेत्र तथा समुदायको आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक र सांस्कृतिक सशक्त बनाउनु चुनौतीपूर्ण छ ।

(३) **सम्मानित जीवनयापनको वातावरण**: जेष्ठ नागरिकलाई अनुत्पादक मान्नु र उनीहरुको योगदानको ख्याल नगर्नु, पहुँचयुक्त पूर्वाधारको विकासमा कमी र ज्ञान र सीपको पुस्तान्तरण नहुनु सवाल हुन् । दलित, आदिवासी जनजाति र अपाङ्गता भएका व्यक्तिहरुप्रतिको सामाजिक दृष्टिकोण परिवर्तन नहुनु, अपाङ्गता भएका व्यक्तिहरुका लागि पहुँचयुक्त पूर्वाधारको निर्माण, आधारभूत सेवाहरुको उपलब्धता र अपाङ्गतामैत्री भौतिक संरचनाको कमि हुनु पनि यस क्षेत्रका सवाल हुन् । असहाय जेष्ठ नागरिक, एकल महिला तथा पुरुष, अनाथ र सडक बालबालिका जस्ता जोखिममा रहेका वर्गहरुको संरक्षण तथा उत्थानकार्य प्रभावकारी नहुनु सवाल हो । पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापना र शिक्षा, स्वास्थ्य र रोजगारीका अवसरहरुको सुनिश्चितता चुनौतीपूर्ण रहेको छ ।

(४) **जाति, धर्म, भाषा र सम्प्रदायबिचको विभेद**: सामाजिक कुरीति र कुप्रथा अन्त्यका लागि विविध प्रयास भए तापनि जातीय, धार्मिक र भाषिक विभेद कायमै हुनु, स्रोतसाधनको वितरणमा न्यायपूर्ण अवसर सुनिश्चितका लागि प्रभावकारी कार्यक्रम सञ्चालन नहुनु यस क्षेत्रका मूल सवाल हुन् । सबै प्रकारका भेदभाव, कुरीति तथा कुसंस्कारजन्य व्यवहार तथा प्रचलनको अन्त्य गरी सामाजिक सद्भाव कायम गरी सुमधुर सम्बन्ध बनाउनु चुनौतीपुर्ण छ ।

(५) **अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण, पहुँच र पूर्वाधार:** अपाङ्गमैत्री भौतिक पूर्वाधारको कमी हुनु, अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षा, स्वास्थ्य, यातायात र अन्य आधारभूत सेवाहरुमा सहज रुपमा पहुँच नपुग्नु, सामाजिक रुपमा पनि उत्पादक शक्तिको रुपमा नहेरिनु र योगदानलाई उपेक्षा गरिने प्रवृत्ति हुनु, अपाङ्गता भएका व्यक्तिहरुका लागि विशेष शिक्षा, स्वास्थ्य सेवाहरु र रोजगारीमा पहुँच सीमित हुनु, अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क र आवश्यकताहरुको स्पष्टता नहुँदा योजनाहरु निर्माण र कार्यान्वयनमा कठिनाइ हुनु यस क्षेत्रका मूल सवालहरु हुन् । पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुका लागि पुनर्स्थापना, स्वास्थ्य र शिक्षा सेवाहरुको सुनिश्चितता गर्नु, नीति निर्माण र कार्यान्वयन प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु चुनौतीपुर्ण छ ।

### १३.४.४ उद्देश्य

१. वञ्चितीकरणमा परेका वर्गको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरण सुनिश्चित गर्नु,

२. वञ्चितीकरणमा परेका वर्गको अवसर र पहुँचमा वृद्धि र सम्मानित जीवनयापनको वातावरण सिर्जना गर्नु,

३. विकासको मूलप्रवाहमा अपाङ्गता भएका नागरिक सहभागिता र अवसरमा समान पहुँच विस्तार गर्नु ।

### १३.४.५ रुपान्तरणकारी रणनीति

(१) **सामाजिक समावेशीकरणका सवाललाई सम्बोधन गर्न संरचनागत सुधार गर्ने:** विद्यमान अवस्था पहिचान गरी नीतिगत, कानुनी तथा संस्थागत सुधारका लागि प्रदेशस्तरीय एकीकृत तथा खण्डीकृत तथ्याङ्क प्रणालीको विकास गरिने छ। वञ्चितीकरणमा परेको वर्ग तथा समुदायलाई विकासको मूलप्रवाहमा आबद्ध गर्न नीतिगत, कानुनी तथा संस्थागत क्षेत्रमा रुपान्तरणकारी सुधार गरिने छ। वञ्चितीकरणमा परेको वर्गको हितका लागि स्थापित संयन्त्र तथा संस्थाको क्षमता विकास गरी थप सशक्त तुल्याइनेछ। समानुपातिक समावेशी सिद्धान्तलाई व्यावहारिक रुपमा कार्यान्वयन गर्न संरचनागत अवरोध हटाउन अन्तरसरकार साझेदारी र सहकार्यलाई सशक्त तुल्याइनेछ। अन्तरसरकारी तथा विकास साझेदारसँगको समन्वय र सहकार्यमा अपाङ्गतामैत्री भौतिक संरचना निर्माणलाई अनिवार्य गरिने छ।

(२) **वञ्चितीकरणमा परेका व्यक्ति, वर्ग, जाति, क्षेत्र तथा समुदायको क्षमता विकास, शसक्तिकरण र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने**: आर्थिक र सामाजिक रुपमा पछाडि परेका वर्ग, क्षेत्र, जाति र समुदायको सशक्तीकरण र क्षमता विकासका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ। नीति, कानुन तथा योजना तर्जुमा र विकास प्रक्रियामा लक्षित व्यक्ति, वर्ग, जाति र समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ। प्रदेश संरचनामा सकारात्मक विभेद र आरक्षणको व्यवस्थालाई आवश्यकताअनुसार परिमार्जन तथा पुनरावलोकन गरी राजनीतिक, आर्थिक, सामाजिक तथा प्रशासनिक क्षेत्रमा सहभागिता अभिवृद्धि गरिने छ।

(३) **ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको संरक्षण, प्रोत्साहन र सम्मानित जीवनयापनको वातावरण सिर्जना गर्ने**: ज्येष्ठ नागरिकको अनुभव, भोगाई तथा ज्ञानको सदुपयोग गरी सम्मानित जीवनयापनको वातावरण सिर्जना गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण र आधारभूत सेवाहरुको सहज उपलब्धता सुनिश्चितताको वातावरण मिलाइनेछ। ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको सम्मानजनक जीवनयापनका लागि सहुलियत र सामाजिक सुरक्षालाई थप विस्तार गरिनेछ।

(४) **ज्येष्ठ नागरिक सबै किसिमका विभेद अन्त्य गर्ने**: जाति, धर्म, भाषा र सम्प्रदायबिचको सबै किसिमका विभेद अन्त्य गर्न कानुनी तथा संस्थागत व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनेछ। भेदभाव, छुवाछुत र कुरीतिहरुको अन्त्य गर्दै सामाजिक सम्बन्धलाई सुधार गर्न सामाजिक जागरण अभियान चलाइनेछ। भेदभाव र दुर्व्यवहारका विरुद्ध शून्य सहनशीलता नीति अवलम्वन गरिनेछ। जातीय सदभाव प्रबर्द्धनको लागि शैक्षिक, जनचेतना कार्यक्रम लगायत अभियानहरु सञ्चालन गरिनेछ। परम्परागत आरन, बाजागाजा, छाला प्रशोधन, सुनचाँदीका गहना, सिलाइ कटाइ, माटोको भाँडाकुडा, मादल, सारङ्गी, मूर्ति निर्माण, धातुका कृषि औजारको संरक्षण, प्रबर्द्धन र आधुनिकीकरण गर्नुका साथै दलित समुदायको जीविकोपार्जनमा सुधार ल्याउन उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

(५) **अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण, समान अवसर र विकासमा पहुँच बढाउने**: अपाङ्गता भएका व्यक्तिहरुका लागि अपाङ्गतामैत्री भौतिक पूर्वाधारको निर्माण र सुधारमा ध्यान केन्द्रित गरिनेछ। विद्यालय, स्वास्थ्य केन्द्र, सरकारी कार्यालयहरु तथा सार्वजनिक स्थानहरुमा पहुँच र सुविधाहरु विस्तार गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरुका लागि विशेष शिक्षा, स्वास्थ्य सेवाहरु र रोजगारीमा पहुँच बढाउन

विशेष कार्यक्रमहरु कार्यान्वयन गरिनेछन् । अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक सशक्तीकरणका लागि सीप विकास कार्यक्रम र स्वरोजगारका अवसरहरुको प्रवर्धन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको योगदान र क्षमताबारे सामाजिक धारणा परिवर्तन गर्नका लागि जनचेतना कार्यक्रमहरुको आयोजना गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार र आवश्यकतासँग सम्बन्धित योजनाहरु निर्माण गर्दा उनीहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न नीति निर्माण प्रक्रियामा समावेश गरिनेछ ।

### १३.४.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | सशक्तीकरण र समावेशीकरणका लागि रुपान्तरण कार्यक्रम | लक्षित वर्ग (अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, दलित, यौनिक अल्प सङ्ख्यक, पछाडि र जोखिम परेका वर्ग, विपन्न तथा असहाय नागरिक) को हक, अधिकार र संरक्षणमा वृद्धि, सामाजिक न्याय र समानता सुदृढ र जीविकोपार्जन र व्यावसायिक सीपका अवसरमा सुधार भएको हुनेछ । |
| २ | आर्थिक सशक्तीकरणका लागि उद्यमशीलता विकास कार्यक्रम | राउटे, बादी, दलित, अपाङ्गता, सीमान्तकृत तथा विपन्न महिलाहरुलाई उद्यमशीलता, सीप तथा व्यावसायिक क्षमता अभिवृद्धि, वित्तीय तथा डिजिटल साक्षरता सम्बन्धी तालिम प्रदान गरी उनीहरुको आर्थिक सशक्तीकरण भएको हुनेछ । विपन्न, एकल, अपाङ्गता भएका, वैदेशिक रोजगारबाट फर्केका र हिंसामा परेका महिलाहरुलाई आय आर्जन र जीविकोपार्जनमा सहयोग प्रदान गरी उनीहरुको आर्थिक स्थिति सुधार भएको हुनेछ । |
| ३ | ज्येष्ठ नागरिक कल्याण तथा संरक्षण कार्यक्रम | ज्येष्ठ नागरिकहरुको जीवनस्तरमा सुधार, मानसिक र शारीरिक स्वास्थ्यमा वृद्धि र मनोविनोद तथा स्याहारका सुविधाहरुको उपलब्धता भएको हुनेछ । |
| ४ | अपाङ्गता भएका व्यक्ति सेवा तथा विकास प्रक्रियामा पहुँच अभिवृद्धि तथा सशक्तीकरण कार्यक्रम | अपाङ्गता भएका व्यक्तिहरुको जीवनस्तरमा सुधार, स्वास्थ्य र शिक्षा सेवा पहुँचमा वृद्धि, र समाजिक समावेशीकरण र सम्मानित जीवन यापनमा सुधार भएको हुनेछ । |
| ५ | सहयोगापेक्षी मानव संरक्षण तथा व्यवस्थापन कार्यक्रम | जोखिममा रहेका तथा संकटमा परेका व्यक्तिहरुको दीर्घकालीन व्यवस्थापन र पुनःस्थापनाका लागि स्पष्ट नीति र कार्ययोजना लागु हुनेछ । मानवीय संकटमा परेका व्यक्तिहरुलाई समयमै राहत र पुनर्स्थापनाको व्यवस्था भएको हुनेछ । सुरक्षित आवास, स्वास्थ्य सेवा, खाना, र कपडाको सुनिश्चितता हुनेछ । |

### १३.४.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | अपाङ्गता साक्षारतादर | प्रतिशत | ५०.१ | ५२ | ६० | ७५ |
| २ | ज्येष्ठ नागरिक दिवा सेवाकेन्द्र | सङ्ख्या | १७ | १८ | २० | २० |
| ३ | आर्थिक रुपले अक्सर सक्रिय अपाङ्गता भएका जनसङ्ख्या | प्रतिशत | ६०.८ | ६३ | ६५ | ७० |
| ४ | १५ वर्षभन्दा कम उमेरमा विवाह भएका जनसङ्ख्या | प्रतिशत | ६.५ | ५ | ० | ० |
| ५ | १५ देखि २० वर्षको उमेरमा विवाह भएका जनसङ्ख्या | प्रतिशत | ६६ | ६४ | ५० | ४० |
| ६ | प्रदेश सभामा लोपोन्मुख तथा सीमान्तकृत समुदायका व्यक्तिको प्रतिनिधित्व | सङ्ख्या | ० | ० | २ | ३ |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| ७ | लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण गर्ने मन्त्रालय | प्रतिशत | ८० | १०० | १०० | १०० |
| ८ | लैङ्गिक समानता र सामाजिक समावेशीकरण लेखा परीक्षण गर्ने स्थानीय तह | प्रतिशत | ६० | ७० | ८० | १०० |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश।*

परिच्छेद १४

# सुशासन, सेवा प्रवाह र अन्तरसम्बन्ध


१४.१ शासकीय सुधार तथा मानवअधिकार २०३

१४.२ सुशासन तथा सेवा प्रवाह २०६

१४.३ समन्वय, सहकार्य तथा अन्तरसम्बन्ध २१०

१४.४ प्रदेशको आन्तरिक राजस्व परिचालन २१३

# परिच्छेद- चौध

# सुशासन, सेवा प्रवाह र अन्तरसम्बन्ध

## १४.१ शासकीय सुधार तथा मानवअधिकार

### १४.१.१ पृष्ठभूमि

नेपालले शान्ति, सुशासन, मानव अधिकार तथा न्यायको सुनिश्चितता गर्न र अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था गरेको छ। प्रदेश सरकारले पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न सार्वजनिक प्रशासनलाई सक्षम र उत्तरदायी तुल्याउँदै पारदर्शी र जनअपेक्षा अनुरुपको सेवा प्रवाहको माध्यमबाट सुशासनलाई प्रबर्द्धन गर्नु आवश्यक छ । सोहीअनुरुप प्रदेश सरकार नीति, योजना, कार्यक्रमको सफल कार्यान्वयनको लागि सदाचार, नैतिकता र मितव्ययितासहित सुशासन, शान्ति, स्थायित्व र मानव अधिकार संरक्षण गर्दै विकास निर्माणलाई गति दिन क्रियाशील रहेको छ। प्रदेश सरकार आर्थिक तथा सामाजिक कारणले पछाडि रहेका व्यक्ति, वर्ग र समुदायलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा समान पहुँच, अवसर तथा सहभागिता सुनिश्चित गर्ने दिशामा अग्रसर रहेको छ।

### १४.१.२ विद्यमान अवस्था

नेपालको संविधानले प्रदेशलाई आन्तरिक सुरक्षा र सार्वजनिक व्यवस्था सुनिश्चित गर्न प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षाको जिम्मेवारी प्रदान गरेको छ । संविधानले प्रदेश अनुसन्धान ब्युरोलाई प्रदेश सरकारको एकल अधिकारको सूचीमा सूचीकृत गरेको छ। यसले प्रदेशलाई आन्तरिक सुरक्षा, अपराध अनुसन्धान र गुप्तचर सेवाको सञ्चालनमा स्वायत्तता प्रदान गरेको छ। शान्ति तथा सुरक्षा कायम गर्न प्रदेशमा आवश्यक सुरक्षा संरचना स्थापना र सञ्चालन गर्ने अधिकार प्रत्याभूत गरेको छ।

प्रदेश समन्वय परिषद्ले मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) कार्यान्वयनका लागि विभिन्न सहजीकरणका कार्यहरु गरीरहेको परिप्रेक्ष्यमा प्रदेशको सुव्यवस्था तथा मानव अधिकार संरक्षणका सम्बन्धमा रहेका विविध चुनौतीहरुलाई सम्बोधन गर्न नीतिगत र संरचनागत सुदृढीकरण गर्नुपर्ने आवश्यकता देखिन्छ।

### १४.१.३ मुख्य सवाल तथा चुनौती

(१) **सुरक्षा निकाय सम्बन्धी संवैधानिक स्वायत्तता र नीतिगत व्यवस्थाः** संवैधानिक व्यवस्थाअनुसार नेपाल प्रहरी र प्रदेश प्रहरीकाबिचमा कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वयको व्यवस्था गर्ने सङ्घीय कानुनको अभावले प्रदेश प्रहरी सँगठनको गठन हुन नसक्नु, प्रदेश अनुसन्धान ब्युरो गठन भई आन्तरिक सुरक्षा, अपराध अनुसन्धान र गुप्तचर सेवासम्बन्धी कार्य हुन नसक्नु, आदि मुख्य सवालका रुपमा रहेका छन । सुरक्षा व्यवस्थापनमा प्रदेश प्रहरी सँगठन र अनुसन्धान ब्युरो गठन गर्न, आवश्यक साधनस्रोतको व्यवस्थापन र प्रदेशस्तरीय तालिम केन्द्रको सहित सुरक्षा प्रशासन्को सुदृढीकरण गर्नु चुनौतीपुर्ण रहेको छ ।

(२) **कानुनी, संरचनात्मक र संस्थागत व्यवस्थाः** प्रदेशमा मौलिक हकको सुनिश्चितताको लागि आवश्यक

नीति, कानुन र मापदण्डको तर्जुमा र सोको कार्यान्वयनमा स्पष्टता नहुनु, शान्ति, सुरक्षा र सुव्यवस्थालाई सुदृढ गर्न विशेष कार्यक्रम सञ्चालन नहुनु मूल सवाल हुन् । खुला सीमानाका कारण हुने अवैध हातहतियार ओसारपसार, मानव बेचबिखन र साइबर क्राइम नियन्त्रणमा प्रयाप्त कानुन तथा संरचना निर्माण गर्नु चुनौतीपुर्ण छ ।

(३) **हिँसा, हानीकारक सामाजिक तथा सांस्कृतिक अभ्यास र अपराधः** प्रदेशमा व्याप्त सामाजिक विभेद, छुवाछुत, बालविवाह, बालश्रम, लैङ्गिक हिँसा जस्ता हानीकारक अभ्यास एवम् अन्य मानव अधिकार हननका क्रियाकलाप विद्यमान रहनु, मानव अधिकार उल्लंघनका घटना न्यायालयसम्म पुग्न नसक्नु र दण्डहीनताको अवस्था कायम रहनु आदि मुख्य सवालका रुपमा रहेका छन् । आम नागरिकमा मानव अधिकारको प्रत्याभूति गर्नु, बालविवाह, छुवाछुत, बालश्रम र महिला हिँसा लगायतका घटनालाई प्रभावकारी रुपमा नियमन तथा नियन्त्रण गर्नु, हानीकारक अभ्यासको निर्मूलन तथा मानव अधिकार प्रबर्द्धन अभियानका रुपमा सञ्चालन गरी सचेतना जगाउनु आदि चुनौतीका रुपमा रहेको छन् । कर्णालीको जटिल भौगोलिक अवस्था, भौतिक पूर्वाधारको कमी र सेवा सुविधाको न्यूनता मानव अधिकार संरक्षण प्रबर्द्धनका लागि थप चुनौतीका रुपमा रहेका छन ।

### १४.१.४ उद्देश्य

१. शान्ति सुरक्षा तथा सुव्यवस्थाको प्रत्याभूति गर्नु,
२. मानव अधिकारको संरक्षण र प्रबर्द्धन गर्नु,
३. समान अवसर र सामाजिक न्यायको प्रत्याभूति गर्नु ।

### १४.१.५ रुपान्तरणकारी रणनीति

(१) **शान्ति सुरक्षा तथा सुव्यवस्था सबलीकरणका लागि सुरक्षा निकायको सुदृढीकरण, व्यावसायिकता तथा स्वायत्तता प्रबर्द्धन गर्नेः** प्रदेशमा प्रहरी समायोजन गर्न नीतिगत तथा कानुनी र व्यवस्थापकीय पूर्वाधार तयार गरी सुरक्षा निकायको सुदृढीकरण गरिनेछ । प्रदेश अनुसन्धान ब्युरोको स्थापना र प्रभावकारी सञ्चालनका लागि नीतिगत तथा कानुनी संरचना तयार गरिनेछ । नेपाल सरकारसँग समन्वय गरी प्रदेशस्तरमा अनुसन्धान र गुप्तचर प्रणालीलाई सुदृढ गरिनेछ । सुरक्षा निकाय, नगरप्रहरी र अन्य सुरक्षा निकाय तथा प्रशासनिक निकायसँगको समन्वय र सहकार्यलाई प्रभावकारी बनाइनेछ । प्रमुख बजार क्षेत्र, घनाबस्ती, चोक, मूल सडक र अन्य संवेदनशील स्थानहरुमा सि.सि. क्यामेरा जडान गरी सुरक्षा अवस्थाको अनुगमन गरी शान्ति सुव्यवस्था प्रबर्द्धनमा सुधार गरिनेछ ।

(२) **मौलिक हकको प्रचलन सुनिश्चित गर्न संरचनात्मक र संस्थागत सुधार गर्ने:** मौलिक हकको संरक्षण र प्रबर्द्धनका लागि आवश्यक नीति तथा कानुन परिमार्जन गरी अद्यावधिक गरिनेछ । मानव बेचबिखन, लागूऔषध ओसारपसार र अन्य अवैध गतिविधिको नियन्त्रणका लागि अनुसन्धानका प्राविधिक र कानुनी प्रक्रियामा सुधार गरिनेछ । समाजमा हुने आपराधिक क्रियाकलापको नियन्त्रणका लागि अपराध नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनेछ । मानव बेचबिखन, बालश्रम, लागूऔषधको समस्या समाधान गर्न समुदायमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**(३) विभेद, हिंसा तथा अन्य हानीकारक अभ्यासको अन्त्य गरी मानव अधिकारको प्रबर्द्धन गर्ने:** संविधान तथा कानुनले प्रत्याभूत गरेका मानव अधिकारको संरक्षण र सम्बर्धन गर्दै मानव अधिकारको पूर्ण प्रत्याभूतिको व्यवस्था गरिनेछ । आफ्नो क्षेत्राधिकारभित्र रही मानव अधिकार राष्ट्रिय कार्य योजनाको कार्यान्वयन गरिनेछ । मानव अधिकार संरक्षण र प्रबर्द्धनका लागि सङ्घ र स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ । मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान गरी यसको न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । हानिकारक अभ्यास अन्त्यका लागि जनचेतनासहित प्रभावितको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ । जोखिममा रहेका विपन्न, अल्पसंख्यक, लोपोन्मुख, सीमान्तकृत आदि व्यक्ति तथा वर्गको अधिकार सुनिश्चित गर्न थप नीति तथा कानुन बनाई एकीकृत कानुनी सहायतालाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

**(४) सेवामा समान पहुँच अभिवृद्धि गर्न सेवा तथा सुविधाको सुदृढीकरण गर्ने:** प्रदेशका दुर्गम क्षेत्रमा बस्ने नागरिकको स्वास्थ्य, शिक्षा र न्यायमा पहुँच सुनिश्चित गर्न दीर्घकालीन रणनीति तथा कार्य योजना निर्माण गरी लागु गरिनेछ । भौतिक पूर्वाधारको विकास, डिजिटल सेवाको विस्तार र प्रविधिको प्रयोगद्वारा सेवा प्राप्त गर्ने अवस्थामा सुधार गरिनेछ । विपद् पूर्वतयारी तथा विपद्का अवस्थामा खोज, उद्धार र राहत वितरण कार्यलाई प्रभावकारी बनाउन दक्ष जनशक्ति तयार गरिनेछ । आपतकालीन उद्धारका लागि आवश्यक सामग्री भण्डारण गर्न विभिन्न स्थानमा गोदामको व्यवस्था गरिनेछ । नेपाल सरकार र स्थानीय तहसँगको सहकार्यमा अन्तर्राष्ट्रिय सीमा सुरक्षा प्रणालीलाई मजबुत बनाई समग्र सुरक्षा प्रणालीलाई सुदृढ गरिनेछ । स्थानीय समुदायको सहभागितामा समाजमा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्न उपयुक्त प्रभावकारी प्रदेशस्तरीय संयन्त्रको निर्माण गरी कार्यान्वयनमा सहकार्य गरिनेछ ।

### १४.१.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | शान्ति सुरक्षा र सुव्यवस्था सुदृढीकरण कार्यक्रम | कानुनी संरचना निर्माण, अपराध नियन्त्रणमा सुरक्षा निकायको क्षमता विकास भई प्रदेशमा शान्ति र सुव्यवस्था कायम भएको हुनेछ । प्रदेश अनुसन्धान ब्युरोको गठन र प्रदेश प्रहरी प्रशासन्को सुदृढीकरण भएको हुनेछ । |
| २ | मानव अधिकार र न्यायमा पहुँच प्रबर्द्धन कार्यक्रम | मानव अधिकार संरक्षण तथा प्रबर्द्धन नीति तथा कानुनको प्रभावकारी कार्यान्वयन भएको हुनेछ । मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) को सफल कार्यान्वयनमा सघाउ पुगेको हुनेछ । मानव अधिकार सचेतना कार्यक्रम र कानुनी सहायता मार्फत सीमान्तकृत व्यक्ति तथा समूहको मानव अधिकार संरक्षण र न्यायमा पहुँच भएको हुनेछ । |
| ३ | समाजिक न्याय, विभेद उन्मूलन र समावेशिता प्रबर्द्धन कार्यक्रम | विभेद, हिंसा र मानव बेचबिखन लगायत सामाजिक अपराध विरुद्ध जनचेतनामूलक कार्यक्रम मार्फत समावेशी, न्यायपूर्ण र समतामूलक समाज निर्माणमा टेवा पुगेको हुनेछ । शासन्का संरचना तथा विकास निर्माण कार्यमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता भएको हुनेछ । |
| ४ | स्थानीय तहमा न्यायिक प्रणाली सुदृढीकरण कार्यक्रम | स्थानीय तहका न्यायिक समितिको क्षमता विकास गरी न्याय सेवा प्रभावकारी र सबैका लागि पहुँचयोग्य भएको हुनेछ । |

### १४.१.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | प्रहरी र जनसङ्ख्या अनुपात (प्रतिप्रहरी जनसङ्ख्या) | सङ्ख्या | २६९ | २६९ | २६० | २५० |
| २ | प्रदेश प्रहरीको कार्यालय भवन र प्रदेश प्रहरी तालिमकेन्द्र | सङ्ख्या | ३३२ | ३३२ | ३४० | ३४५ |
| ३ | मानव अधिकार सम्बन्धी उजुरी/अनुसन्धान भएका घटना | सङ्ख्या | २८८ | २३८ | २०० | १०० |
| ४ | निर्वाचन खर्च लेखापरीक्षण गराउने प्रदेश सभाका उम्मेदवार | प्रतिशत | - | - | २५ | ५० |

स्रोतः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कर्णाली प्रदेश।

## १४.२ सुशासन तथा सेवा प्रवाह

### १४.२.१ पृष्ठभूमि

नेपालको संविधानले लोककल्याणकारी राज्यको परिकल्पना गर्दै सुशासन्लाई अनिवार्य बनाएको छ । सुशासन्ले सार्वजनिक सेवालाई नागरिकको अपेक्षाअनुसार प्रभावकारी, पारदर्शी र उत्तरदायी हुने वातावरण सुनिश्चित गर्दछ। प्रदेशमा यातायात लगायत अन्य पूर्वाधारको गुणस्तरीय र भरपर्दो विकास तथा विस्तार नभएका कारण नागरिकको सेवा प्राप्त गर्ने र विकासको गतिले तिव्रता लिने कार्यमा प्रभाव पारेको छ ।

भ्रष्टाचार नियन्त्रणका लागि राष्ट्रिय रणनीति र कार्ययोजना तर्जुमा भए तापनि ट्रान्सपेरेन्सी इण्टरन्याशस्नलका प्रतिवेदनले यस्ता प्रयासको प्रभावकारिता नभएको तर्फ इंगित गरेको छ। भ्रष्टाचारको नियन्त्रणमा राजनीतिक र प्रशासनिक संयन्त्रको स्वअनुशासन्, पारदर्शिता र सदाचार व्यवहारको आवश्यकता हुन्छ । प्रदेश सरकारले भ्रष्टाचार नियन्त्रणमा सफलता हासिल गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वयात्मक प्रयास र स्थानीय जनताको सहयोगको आवश्यकता छ। प्रदेशका समग्र विकासका लागि सुशासन, गुणस्तरीय सेवा प्रवाह र भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकता दिन आवश्यक छ। यसका लागि प्रदेश सरकारले सार्वजनिक प्रशासन्लाई सक्षम र उत्तरदायी बनाउने प्रयास गर्दै पारदर्शी र जनअपेक्षा अनुरुपको सेवा प्रवाहमा ध्यान दिनु आवश्यक छ ।

### १४.२.२ विद्यमान अवस्था

प्रदेश सरकारले प्रदेश शासन् प्रणालीलाई दक्ष र जनउत्तरदायी बनाउनका लागि कानुनी, संस्थागत र संरचनागत शासकीय सुधारका पहलहरु अगाडि बढाएको छ। प्रदेश सरकार (कार्य विभाजन) नियमावली-२०७४ ले नीति निर्माण, विकास तथा सेवा प्रवाह र अनुगमन सुधारको जिम्मेवारी संस्थागत रुपमा तोकेको छ । यसअन्तर्गत, नीति निर्माणको प्रक्रियामा समावेशीकरण, पारदर्शिता र जनप्रतिनिधिहरुको सक्रिय भूमिका सुनिश्चित गर्न कार्यविधि तर्जुमा गर्ने संरचना निर्माण गरिएको छ। कर्मचारी प्रशासन्लाई सुदृढ बनाउन प्रदेश सरकारले दक्षता अभिवृद्धि तालिम, कार्य मुल्याङ्कन प्रणाली र परिणाममुखी अनुगमन प्रणाली लागु गरेको छ। यस्तै वित्तीय अनुशासन् कायम राख्न र सार्वजनिक स्रोतसाधनको सही प्रयोगको लागि आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरणमा जोड दिइएको छ।

यसले सार्वजनिक सेवाहरु छिटो, छरितो, प्रभावकारी र पारदर्शी रुपमा नागरिकहरुसम्म पुग्ने वातावरण बनेको छ। यद्यपि, प्रदेशको जटिल भौगोलिक संरचना र सामाजिक-आर्थिक परिवेशले यी प्रयासहरुलाई पूर्ण रुपमा सफल

बनाउन चुनौती थपेका छन् । प्रदेश सरकारले सुशासन अभिवृद्धिका लागि सुशासन ऐन-२०७६ र नियमावली-२०७७, प्रदेश आर्थिक कार्यविधि ऐन-२०७४ तथा तत् सम्बन्धी नियमावली-२०७५ कार्यान्वयन गरीरहेको छ । प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधयेकको मसौदा तर्जुमाको क्रममा रहेको छ ।

प्रदेशको सन्तुलित र समग्र विकासका लागि नीति निर्माण र योजना तर्जुमामा प्रदेश सरकारलाई सहयोग गर्न कर्णाली प्रदेश योजना आयोग गठन भई कार्यरत छ । प्रदेश सरकारले प्रशासन सञ्चालन तथा सेवा प्रवाहका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित ८ वटा मन्त्रालयहरु गठन गरेको छ । त्यसैगरी मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश सभा सचिबालय, प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश योजना आयोग, प्रदेश लेखा नियन्त्रक कार्यालय लगायत प्रदेशमा १३४ वटा आयोग/ निर्देशनालय/कार्यालय रहेका छन् । प्रदेश सरकारले वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि-२०७८ तर्जुमा गरी सार्वजनिक वित्त व्यवस्थापनमा रहेका जोखिमको पहिचान र सोको न्यूनीकरण गर्ने प्रणालीको विकास गरेको छ । प्रदेश निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी, व्यावसायिक र निष्पक्ष बनाउन निजामती सेवाको गठन र सञ्चालन सम्बन्धमा प्रदेश निजामती सेवा ऐन-२०८० र प्रदेश निजामती सेवा नियमावलि-२०८० जारी भएका छन् ।

प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारी एवम् निर्वाचित जनप्रतिनिधिको क्षमता विकास र कार्यसम्पादनमा सुधार, प्रदेश सरकारका कार्यक्रम कार्यान्वयनमा सहजीकरण, प्रदेश अन्तर्गतका निकाय तथा कार्यालय र स्थानीय तहको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिवृद्धि गर्ने अभिप्रायले कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८० अनुसार कर्णाली प्रदेश प्रशिक्षणप्रतिष्ठानगठन भई सञ्चालनमा रहेको छ ।

प्रदेश सुशासन ऐन तथा नियमावली जारी भएपश्चात सार्वजनिक विकास तथा सेवाप्रवाहका प्रत्येक चरणमा लाभग्राहीको सहभागिता सुनिश्चित गर्न र अनियमितता तथा भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीतिलाई लागू गर्न सुशासन प्रबर्द्धनका विभिन्न कार्यक्रम सञ्चालनमा छन् । भ्रष्टाचारजन्य क्रियाकलापको निगरानी र नियन्त्रण गर्दै भ्रष्टाचार नियन्त्रण गर्न प्रदेशमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सञ्चालनरत छ । महालेखा परीक्षकको कार्यालयले प्रकाशीत गरेको आर्थिक वर्ष २०७९/८० को लेखा परीक्षण प्रतिवेदनअनुसार प्रदेश सरकार र मातहतका निकायको बेरुजु रु. ९६ करोड ७७ लाख ५२ हजार थप भई रु. ३ अर्ब ९४ करोड ८२ लाख ५४ पुगेको छ ।

### १४.२.३ मुख्य सवाल तथा चुनौती

**(१) सङ्घीय शासन् प्रणालीमा परिपक्वता, अधिकारको स्पष्टता र सुशासनः** प्रदेश र स्थानीय तहले अधिकार र जिम्मेवारीको अस्पष्टताका कारण आफ्नो जिम्मेवारी प्रभावकारी रुपमा निर्वाह गर्न नसक्नु, संविधान प्रदत्त अधिकारको प्रचलन तथा उपयोग गर्न नीतिगत स्पष्टता र कायर्गत दक्षता नहुनु, कानुनी अस्पष्टताले प्रदेशको न्यायिक प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन नहुनु, जनप्रतिनिधि र कर्मचारीलाई जनताप्रति जवाफदेही बनाउने सशक्त नीतिको कमी हुनु जस्ता विषय सवालका रुपमा रहेको छ । सङ्घीयताको सिद्धान्त तथा अभ्यास अनुसार प्रशासनिक, वित्तीय र कानुनी संरचनाहरुबिच प्रभावकारी समन्वय र सहकार्य प्रबर्द्धन गर्नु, जनप्रतिनिधि र कर्मचारीलाई जनताप्रति जवाफदेही बनाउने संस्थागत संरचनाको विकास गर्नु, जनप्रतिनिधि र

कर्मचारीलाई जनताप्रति जवाफदेही बनाउनु, सङ्घीयताको सहज कार्यान्वयनमा सहजीकरण गर्नु, आदि चुनौतीका रुपमा रहेका छन्।

**(२) सेवा प्रवाहमा सदाचार, पारदर्शिता र जवाफदेहिताः** तीन तहका सरकारबिच समन्वयको कमी हुनु, जनशक्ति र दक्षताको अभावका कारण सार्वजनिक सेवामा ढिलासुस्ती हुनु, नीतिगत रुपमा भ्रष्टाचार नियन्त्रण सम्बन्धी प्रभावकारी व्यवस्था सहित ठोस कार्यक्रम नहुनु, सार्वजनिक खरिद गुरुयोजना र वार्षिक खरिद योजना बिना नै सार्वजनिक खरिद प्रक्रियाहरु सञ्चालन हुँदा जवाफदेहिता र पारदर्शितामा कमी आउनु, सेवा प्रवाहको डिजिटलाईजेसन हुन नसक्दा पूर्वानुमान योग्य सेवाहरु प्रदान गर्न समस्या आउनु, केही पदाधिकारी र कर्मचारीमा नैतिकता, सदाचार र मितव्ययिताको कमीले सुशासन तथा सेवा प्रवाहमा जटिलता हुनु सवालका रुपमा रहेका छन । सार्वजनिक खरिद कानुनको परिमार्जन सहित प्रभावकारी कार्यान्वयन गर्नु, बजेट कार्यान्वयनको समीक्षा, सार्वजनिक तथा सामाजिक परीक्षण जस्ता जवाफदेहिताका औजारहरुको प्रभावकारी प्रयोग गर्नु, सार्वजनिक वित्त व्यवस्थापनलाई चुस्त कनाउन चुनौतीका रुपमा रहेका छन ।

**(३) सार्वजनिक सेवा प्रवाहमा समन्वय र कार्यदक्षताः** सङ्घ, प्रदेश र स्थानीय तहबिचको कमजोर समन्वयले सार्वजनिक सेवा प्रवाहमा ढिलासुस्ती र जटिलता सिर्जना हुनु, दक्ष जनशक्ति र तालिमको अभावले सेवाको गुणस्तरमा प्रतिकुल असर पर्नु, नयाँ प्रविधि र प्रणाली अपनाउन नसक्नु आदि मुख्य सवालका रुपमा रहेका छन । कर्मचारी समायोजन प्रक्रियामा समयमै सम्पन्न गर्नु, क्षमता विकासका क्रियाकलाप कार्यान्वयन गर्नु, सुशासन प्रबर्द्धन गर्नु चुनौतीका रुपमा रहेका छन्।

**(४) भौगोलिक अवस्थिति, भौतिक पूर्वाधार र स्रोत साधनः** दुर्गम भौगोलिक क्षेत्रमा पूर्वाधार विकासमा कठिनाइका कारण सेवा प्रवाहमा जटिलता उत्पन्न हुनु, क्षेत्रगत दीर्घकालीन नीति र योजना अभावमा पूर्वाधार विकास परियोजनाहरु प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्नु, सवालका रुपमा रहेका छन । सीमित स्रोतसाधनबाट दुर्गम क्षेत्रमा रहेका नागरिकको आवश्यकता र चाहनाअनुरुप सेवा प्रवाह गर्नु, विकास योजना समयमै कार्यान्वयन गर्नु जस्ता चुनौती रहेका छन ।

### १४.२.४ उद्देश्य

१. शासन्, सेवाप्रवाह तथा विकास प्रक्रिया सुदृढ बनाउनु,
२. भ्रष्टाचार नियन्त्रण र सदाचार प्रबर्द्धन गर्नु ।

### १४.२.५ रुपान्तरणकारी रणनीति

**(१) समन्वय गरी अधिकारको सुनिश्चितता, नीतिगत तथा कानुनी स्पष्टता गर्नेः** सङ्घ, प्रदेश र स्थानीय तहका सरकारबिच संविधान बमोजिमको अधिकार उपयोगको सुनिश्चितता, नीति तथा कानुनी स्पष्टता र कार्यगत संरचनाको सुदृढीकरणका लागि समन्वय, पैरवी र संवाद गरिनेछ ।

**(२) सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र नतिजामूखी बनाउनेः** सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही एवम् नतिजामुखी बनाउन नागरिक वडापत्र, सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षणको व्यवस्थालाई प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याइनेछ । सार्वजनिक सेवा प्रवाहलाई विद्युतीय शासन्को

अवधारणाअनुसार थप नतिजामुखी र नागरिकमैत्री बनाइनेछ । सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी नियमन र निगरानी प्रणालीलाई थप सुदृढ गरिनेछ । राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधिलाई स्वअनुशासन्, नैतिकता तथा सदाचारिताको अभ्यास गर्नका लागि उत्प्रेरित गरिनेछ । नतिजामुखी कार्यान्वयन पद्धति तथा सूचना तथा सञ्चार प्रविधिमा आधारित अनुगमन प्रणालीको विकास गरिनेछ । सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण विधिहरुको प्रयोग गर्दै जनगुनासाको सम्बोधन गर्ने परिपाटीको विकास गरिनेछ । सरकारका कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मूल्याङ्कनमा तेस्रो पक्षको संलग्नतालाई प्रोत्साहन गरिनेछ । उपयुक्त सूचकका आधारमा वार्षिक सुशासन प्रतिवेदन तयार गरी सार्वजनिक गरिनेछ ।

(३) **सुशासन प्रबर्द्धनमा संस्थागत समन्वय, प्रविधि प्रयोग र सहभागिता सुनिश्चित गर्ने:** सुशासनका लागि तीनै तहका सरकारबिच आपसी समन्वय र सहकार्य सुदृढ गरिनेछ । निजी र गैरसरकारी क्षेत्रसँग सहकार्य गरी 'सह–उत्पादन'को अवधारणालाई व्यावहारिक रुप दिने व्यवस्था गरिनेछ । सुशासनका क्षेत्रमा नवप्रवर्तनको कार्यसूची अघि बढाउन नवीनतम प्रविधिको प्रयोग गरिनेछ र निर्णयकर्ताको तह तथा सङ्ख्या घटाउने कार्यक्रम लागु गरिनेछ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विद्युतीय सूचना प्रणाली विकास गरी प्रदेश सरकार मातहतका निकायले प्रदान गर्ने सेवाको प्रगति विवरण नियमित रुपमा प्राप्त हुनेगरी व्यवस्थित गरिनेछ ।

(४) **प्रदेश र स्थानीय तहको क्षमता विकास गर्ने:** प्रदेश र स्थानीय तहको क्षमता विकासको आवश्यकता पहिचान गरी सोको लागि कार्य योजना तयार गरी लागु गरिनेछ । स्थानीय स्रोतसाधनको उच्चतम् परिचालनका लागि अनुसन्धानका आधारमा मार्गदर्शन र मापदण्ड बनाई सम्बन्धित निकायलाई जिम्मेवार र उत्तरदायी बनाइनेछ । स्रोत सङ्कलन तथा परिचालन क्षमता अभिवृद्धिका लागि विशेष तालिम तथा कार्यशाला सञ्चालन गरिनेछ । कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको क्षमता विकास गरी कर्मचारी, जनप्रतिनिधि र अन्य सरोकारवाला लगायतको क्षमता अभिवृद्धि कार्यमा जोड दिइनेछ ।

(५) **भ्रष्टाचारजन्य क्रियाकलापको नियमन तथा रोकथाम गर्ने:** भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्वन गरिनेछ, भ्रष्टाचार विरुद्ध चेतनामूलक, निरोधात्मक एवम् दण्डात्मक पक्षलाई सुदृढ एवम् प्रभावकारी बनाउन नीतिगत तथा कानुनी प्रबन्ध गरिनेछ । सङ्घ तथा स्थानीय तहसँग सहकार्य गरी विभिन्न तहका शैक्षिक पाठ्यक्रममा भष्ट्राचार नियन्त्रण तथा सुशासन प्रबर्द्धनसँग सम्बन्धित विषयवस्तु समावेश गरी पठनपाठन गर्ने व्यवस्था मिलाईनेछ । भ्रष्टाचार विरुद्धको जनमत तयार गर्नका लागि नागरिक समाज, गैरसरकारी तथा सामुदायिक संस्थाको सक्रिय सहभागितामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । भ्रष्टाचार विरोधी समाज निर्माणको लागि सञ्चार माध्यमको परिचालन गरी अभियानमुखी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

### १४.२.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | शासकीय प्रणाली सुदृढीकरण कार्यक्रम | सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकार प्रचलनका विषयमा पैरवी, समन्वय तथा सहकार्य गरी क्षेत्राधिकारको स्पष्टतासहित नीति तथा कानुन तर्जुमा र कार्यान्वयन भएको हुनेछ । प्रदेशको एकल तथा साझा क्षेत्राधिकारका विषयमा पर्याप्त कानुनी व्यवस्था सहित प्रदेशको विकास र सेवा प्रवाहका लागि संरचनात्मक तथा संस्थागत सुधार भएको हुनेछ । |

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| २ | प्रदेश तथा स्थानीय सरकारको क्षमता विकास कार्यक्रम | प्रदेश र स्थानीय तह अन्तर्गतका निकायको क्षमता विकास, भई कर्मचारी र जनप्रतिनिधिको कार्यसम्पादन र सेवा प्रवाहमा सुधार भएको हुनेछ । आवधिक रुपमा कार्यसम्पादन र सेवा प्रवाह मूल्याङ्कन सम्बन्धी प्रतिवेदन तयार भएको हुनेछ। |
| ३ | सुशासन प्रबर्द्धन कार्यक्रम | नीति, कानुन र संरचनात्मक सुधार, पारदर्शिता, जवाफदेहिता सुनिश्चितता सहित सूचना तथा सञ्चार प्रविधिमार्फत् सार्वजनिक सेवा प्रवाहमा नागरिक सहभागिता अभिवृद्धि र गुणस्तरमा सुधार भएको हुनेछ । |
| ४ | भ्रष्टाचार नियन्त्रणका लागि विशेष कार्यक्रम | सुशासन प्रबर्द्धन क्रियाकलापमा नागरिक संवादको व्यवस्था गरिएको हुनेछ।<br>भ्रष्टाचारजन्य गतिविधिमा कमी आएको हुनेछ । |

### १४.२.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | घरधुरीबाट मुख्य सेवा (शिक्षा, स्वास्थ्य, खानेपानी, सडक यातायात, प्रहरी चौकी, बजार केन्द्र, कृषि तथा पशु सेवा केन्द्र, बैङ्क, वडा कार्यालय, पुस्तकालय सम्बन्धी) लिन जान लाग्ने औसत समय | मिनेट | ७२.७९ | ७०.०० | ५०.०० | ३५.०० |
| २ | हाम्रा कुरा, हाम्रा मुख्यमन्त्री कार्यक्रम अन्तर्गत प्राप्त गुनासो फछर्यौट अनुपात | प्रतिशत | ६९.३६ | ७२ | ८० | ९० |
| ३ | कुल विनियोजनमा पुँजीगत खर्चको अंश | प्रतिशत | ५३.३८ | ५८.०० | ६१.०० | ६५.०० |
| ४ | लैङ्गिक उत्तरदायी बजेटको अंश | प्रतिशत | ३९.०० | ३९.०० | ४१.०० | ४३.८० |
| ५ | प्रदेश सरकारको कुल खर्चमा संचित बेरुजु अनुपात | प्रतिशत | १७.७३ | १५ | ७ | ५ |
| ६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रदेशका सार्वजनिक निकाय विरुद्ध उजुरी दर्ता | सङ्ख्या | २४१४ | ३२४० | २००० | १००० |
| ७ | त्रैमासिक रुपमा स्वतः प्रकाशन गर्ने प्रदेश मन्त्रालय र मातहतका निकाय | प्रतिशत | २ | ५ | ३५ | ७५ |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश।

## १४.३ समन्वय, सहकार्य तथा अन्तरसम्बन्ध

### १४.३.१ पृष्ठभूमि

प्रदेशको विकासमा समन्वय, सहकार्य र अन्तरसम्बन्धको महत्त्वपूर्ण भूमिका रहेको छ । सङ्घ, प्रदेश र स्थानीय तहबिच अन्तरसम्बन्ध र अन्तरनिर्भरता सम्बन्धी जिम्मेवारी पूरा गर्न अन्तरसरकार समन्वय संयन्त्रको महत्त्वपूर्ण भूमिका हुन्छ । नेपालको संविधानले तहगत सरकारबिचको अन्तरसम्बन्ध, सहकार्य र सहयोगलाई प्राथमिकता दिँदै देशको समृद्धि, लोकतान्त्रिक अधिकारको सुनिश्चितता, राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा प्रबर्द्धन गर्ने उद्देश्य लिएको छ । संविधानले सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भन्ने उल्लेख गर्दै राजनीतिक सङ्घीयता, प्रशासनिक सङ्घीयता र वित्तीय सङ्घीयतालाई राज्यका तीनै तहमा बाँडफाँट गरी अन्तरसम्बन्ध कायम गरेको छ । सङ्घ, प्रदेश र स्थानीय तहबिच अन्तरसम्बन्ध र अन्तरनिर्भरतासम्बन्धी जिम्मेवारी पूरा गर्न अन्तरसरकार समन्वय व्यवस्थापनको महत्त्वपूर्ण भूमिका हुन्छ । प्रदेशमा सङ्घ, प्रदेश र स्थानीय सरकारका अतिरिक्त विकास साझेदार, सरकारी र गैरसरकारी संस्था, स्थानीय निकायका

आयोजना तथा कार्यक्रम  र समुदायका सदस्यबिचको समन्वयले साझा लक्ष्यमा पुग्ने र स्रोतको प्रभावकारी प्रयोगमा सहजीकरण हुने अपेक्षा गरिएको छ। प्रदेशका विशिष्ट सामाजिक, आर्थिक र भौगोलिक समस्यालाई मध्येनजर गर्दै प्रदेशको समग्र विकासका लागि तीनै तहका सरकार लगायत उल्लेखित विकास साझेदार, निजी क्षेत्र तथा सङ्घ संस्थाबिचको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउनु आवश्यक छ। यसले नीति निर्माण र कार्यान्वयन प्रक्रियामा स्थानीय दृष्टिकोणलाई समावेश गर्दै सहभागी निकायबिचमा विश्वास र सहयोगको वातावरण निर्माण गर्न मद्दत गर्दछ।

### १४.३.२ विद्यमान अवस्था

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन-२०७७ जारी भएको छ। यसले अन्तरतह सहकार्य र समन्वयलाई सुदृढ बनाउनका लागि आवश्यक आधार तयार गरेको छ। तहगत सम्बन्ध र अन्तरसरकार समन्वयका लागि प्रधानमन्त्रीको अध्यक्षतामा रहेको अन्तरप्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद्, विषय हेर्ने मन्त्रीको अध्यक्षतामा रहेको विषयगत समिति, अन्तरसरकारी वित्त परिषद्, मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश समन्वय परिषद्, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग लगायतका संवैधानिक निकाय तथा जिल्ला समन्वय समिति जस्ता संयन्त्र क्रियाशील रहेका छन् । यसका साथै, प्रदेशमा विकास साझेदारको भूमिका पनि महत्त्वपूर्ण रहेको छ । विभिन्न अन्तर्राष्ट्रिय र स्थानीय गैरसरकारी सङ्घसंस्थाले प्रदेश सरकारसँग मिलेर विभिन्न आयोजना र कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन्। यसले समुदायका सदस्यहरुका लागि आवश्यक पर्ने सेवामा पहुँच वृद्धि भएको छ। विकास साझेदारको सहकार्यले स्रोतको प्रभावकारी प्रयोग र दिगो विकासका लक्ष्यमा पुग्न सहयोग पुर्याइरहेको छ। स्थानीय निकायसँगको समन्वयले विषय क्षेत्रगत विकास कार्यक्रम कार्यान्वयनमा महत्त्वपूर्ण योगदान पुगिरहेको छ। यसमा मुख्यत सामाजिक सेवा, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकास जस्ता विभिन्न क्षेत्रहरु समावेश छन् । समग्रमा तीन तहका सरकार र विकास साझेदारबिचको समन्वयले नीति निर्माण र कार्यान्वयन प्रक्रियामा स्थानीय आवश्यकता र दृष्टिकोणलाई समावेश गर्न सहयोग र दिगो विकासका लागि सहकार्य गर्ने वातावरण निर्माण गर्न मद्दत पुगिरहेको छ।

### १४.३.३ मुख्य सवाल तथा चुनौती

(१) **शासन् सञ्चालनमा तहगत सरकारबिच समन्वय र सहकार्यः** सङ्घ, प्रदेश र स्थानीय तहबिच अधिकार बाँडफाँटमा स्पष्टता नहुनु, साझा अधिकार कार्यान्वयनमा समन्वयको अभाव हुनु, प्रशासनिक समन्वयको अभावले स्रोतसाधनको उच्चतम उपयोग हुन नसकी योजना कार्यान्वयनमा दोहोरोपना आउनु, तहगत सरकारबिचको समन्वय र सहकार्यमा कमीले प्रदेश र स्थानीय कानुनी व्यवस्थामा अन्यौलता कायम रहनु, आदि सवालका रुपमा रहेका छन। प्रहरी समायोजन, जग्गा प्राप्ति लगायत तीन तहका सरकारका कार्य जिम्मेवारी र अधिकार क्षेत्रको स्पष्टता सहित कानुनको निर्माण गर्नु, विकास कार्यक्रमको कार्यान्वयनमा रहेका बाधा अड्चन हटाउनु आदि चुनौतीका रुपमा रहेका छन।

(२) **शासन् अन्तरप्रदेश समन्वय तथा सहकार्यः** सङ्घ, प्रदेश र स्थानीय तहबिच भूमिका र जिम्मेवारीमा दोहोरोपना कायम रहनु, तहगत सरकारबिच कार्य विभाजनको अन्योलता र समन्वयको कमीले सेवा प्रवाह र विकास योजना कार्यान्वयनमा जटिलता उत्पन्न हुनु प्रमुख सवालका रुपमा रहेका छन्। राष्ट्रिय समन्वय परिषद्,

अन्तरप्रदेश परिषद् र प्रदेश समन्वय परिषद् जस्ता निकायको क्रियाशीलता र प्रभावकारिता वृद्धि गर्नु चुनौतीका रुपमा रहेको छ।

(३) **नीतिगत तथा प्रशासनिक संरचनाः** सार्वजनिक सेवाको सुदृढीकरण तथा समावेशी, समन्वयात्मक र सन्तुलित प्रदेश विकासमा नीतिगत तथा संरचनागत रुपान्तरण हुननसक्नु मुख्य सवाल हो । संविधानमा व्यवस्था गरिएको समन्वय र सहकार्यको संरचनालाई प्रभावकारी बनाउन र प्रशासनिक अधिकार क्षेत्रबिच तादात्म्यता मिलाउनु चुनौतीका रुपमा रहेका छन।

(४) **विकास साझेदार तथा सङ्घसंस्था बिचको समन्वय र सहकार्यः** समग्र प्रदेशको विकास प्रक्रियामा विकास साझेदार तथा सङ्घसंस्थाको प्रभावकारिता कमजोर हुनु, आयोजना तथा कार्यक्रमको दोहोरोपना कायमै रहनु, तीन तहका सरकारसँगको समन्वयमा कमी जस्ता सवाल रहेका छन् । विकासको साझा लक्ष्यमा पुग्नका लागि स्रोतको न्यायोचित प्रयोग र दिगो विकासका लागि प्रभावकारी समन्वय र सहकार्यको वातावरण तयार गर्ने चुनौती रहेको छ।

### १४.३.४ उद्देश्य

१. तहगत सरकारबिच समन्वय, सहकार्य र अन्तरसम्बन्ध सुदृढ गर्नु,
२. विकास साझेदार, नागरिक समाज तथा सङ्घ-संस्थासँगको समन्वय, सहकार्य र साझेदारी प्रबर्द्धन गर्नु ।

### १४.३.५ रुपान्तरणकारी रणनीति

(१) **प्रदेशका अधिकार क्षेत्रको कार्यान्वयन सुनिश्चित गर्ने:** प्रदेशको एकल अधिकार क्षेत्रका विषयमा नीति तथा कानुनको निर्माण तथा संशोधन गरी प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ। अन्तरसरकारी समन्वय, सहकार्य र साझेदारी प्रबर्द्धनका लागि साझा अधिकार प्रचलन र अस्पष्टता रहेका विषयको समाधानका लागि सम्बन्धित संरचनालाई सक्रिय बनाइनेछ। संविधान कार्यान्यनका सन्दर्भमा देखिएका समस्याको समाधानका लागि तत्काल कानुनी संरचना निर्माण गरेर प्रभावकारी रुपमा कार्यान्वयन गर्न संङ्घ सरकारसँग पैरवी, समन्वय र सहकार्य गरिनेछ। प्रहरी समायोजन प्रक्रियालाई चाँडो टुंग्याएर प्रदेशको अधिकार सुनिश्चित गर्न समन्वय र पैरवी गरिनेछ । प्रदेश सरकारका संविधान प्रदत्त अधिकारको प्रचलन, अधिकार क्षेत्रको संरक्षण तथा प्रबर्द्धनका लागि पैरवी, समन्वय र सहकार्य गरिनेछ।

(२) **अन्तरसरकारी समन्वय र सहकार्यमा नीतिगत सामञ्जस्यता कायम गर्नेः** एक प्रदेशले अर्को प्रदेशका बासिन्दालाई समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउने गरी नीतिगत व्यवस्थाका लागि बाँकी प्रदेशसँग सहकार्य गरिनेछ। अन्तरप्रदेश व्यापारको संरक्षण र प्रबर्द्धनमा सहकार्य गरिनेछ र एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा वस्तु ढुवानी र सेवाको विस्तारमा सहजीकरण गरिनेछ। तीनै तहका सरकारबिचको अन्तरआबद्धता र क्रियाशीलता बढाउन समन्वयकारी संरचना र संस्थाहरुको क्षमता विकास गरिनेछ । सङ्घ, प्रदेश र स्थानीय तहकाबिचमा प्रशासनिक समन्वय र सहकार्यलाई सुदृढ बनाइनेछ ।

(३) **अन्तरप्रदेश र अन्तरस्थानीय तह सहयोग र स्रोतको समुचित व्यवस्थापन गर्नेः** राजस्व सङ्कलन, प्राकृतिक स्रोत परिचालन र वित्तीय हस्तान्तरणका कार्यमा स्पष्ट जिम्मेवारीको बाँडफाँट गरिनेछ। सहलगानी र

साझेदारीका क्षेत्र पहिचान गरेर विकास प्रक्रियामा गतिशीलता ल्याइनेछ। स्थानीय सरकारलाई सशर्त, समपूरक र विशेष प्राथमिकता क्षेत्रमा खर्च वृद्धिगर्नका लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।

**(४) विकास साझेदार, नागरिक समाज तथा संस्थाबिचको समन्वय र सहकार्य विस्तार गर्ने:** प्रदेश सरकार तथा विकास साझेदार सङ्घ संस्थाहरु बिच सहकार्यका लागि साझा विकास लक्ष्य तथा कार्यक्रम तयगरी लागु गरिनेछ । विकास साझेदार र सङ्घ संस्थाहरुबिचको पारदर्शिता र जिम्मेवारी प्रबर्द्धनका लागि प्रभावकारी रिपोर्टिङ प्रणाली विकास गरिनेछ । योजना र निर्णय प्रक्रियामा स्थानीय समुदायलाई संलग्न गरेर उनीहरुको विचारको सम्मान र आवश्यकताको सम्बोधन गर्ने व्यवस्था मिलाईनेछ। स्थानीय र विकास साझेदारबिचको समन्वयलाई प्रबर्द्धन गर्नका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

### १४.३.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | अन्तरसरकारी समन्वय, सहकार्य र अन्तरसम्बन्ध सुदृढीकरण कार्यक्रम | अन्तरसरकारी सम्बन्धमा समन्वय र सहकार्यमा सुधार भई नीति निर्माणमा स्पष्टता र र कार्यान्वयन प्रक्रियामा प्रभावकारिता बढेको हुनेछ। |
| २ | विकास साझेदार र सङ्घसंस्थासँग साझेदारी कार्यक्रम | विकास साझेदार र सङ्घसंस्थाबिचको सहकार्यले स्रोतको पहिचान तथा प्रभावकारी उपयोग र दिगो विकास लक्ष्य प्राप्तीमा सहयोग पुगेको हुनेछ। |
| ३ | स्रोत परिचालन र वित्तीय हस्तान्तरण सुदृढीकरण कार्यक्रम | स्रोत परिचालन र वित्तीय हस्तान्तरणको प्रभावकारिता सुधार हुँदै स्थानीय तहमा वित्तीय समावेशिता र आत्मनिर्भरता बढेको हुनेछ। |

### १४.३.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | कानुन निर्माण/संशोधन भएका प्रदेशका एकल अधिकार सूचीका विषय | सङ्ख्या | ३६ | ३८ | ४८ | ६० |
| २ | अन्तरसरकारी सहलगानी र साझेदारीका लागि पहिचान भएका क्षेत्र/कार्यक्रम/आयोजना | सङ्ख्या | ११५ | १२० | १३० | १५० |
| ३ | दिगो विकास लक्ष्य स्थानीयकरणका लागि संयुक्त प्रगति अनुगमन गरीएका स्थानीय तह | सङ्ख्या | ० | ५ | ४० | ७९ |
| ४ | स्रोत परिचालन सुधारका लागि तयार भएका नीति/ योजना/ रणनीति | सङ्ख्या | १ | २ | ४ | ६ |
| ५ | प्रदेश तहमा स्थापना भएका समन्वय र सहकार्य संयन्त्र | सङ्ख्या | ४ | ५ | ५ | ७ |
| ६ | प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरिएको वित्तीय हस्तान्तरण | प्रतिशत | १५.१३ | १५.५ | १६ | १६.५ |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कर्णाली प्रदेश।

## १४.४ प्रदेशको आन्तरिक राजस्व परिचालन

### १४.४.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ६० तथा अनुसूची ६ ,७ र ९ तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा प्रदेशको राजस्व क्षेत्राधिकार तोकिएको छ। प्रदेशको राजस्व परिचालनको संभाव्यताको आँकलन तथा अध्ययन गरी राजस्व

सङ्कलनमा आउने सङ्कुचन र सार्वजनिक खर्चमा पर्ने थप चापलाई कम गर्न राजस्वका दायरा र दरमा परिवर्तन गरी आन्तरिक राजस्वमा वृद्धि गरिनेछ। सङ्घ तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा करको दायरा विस्तार गरी प्रदेशको आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी बनाउन आवश्यक क्रियाकलापहरु सञ्चालन गरिनेछ। कर प्रणालीलाई सरलीकृत र सूचना प्रविधिमैत्री बनाइनेछ। कर करले होइन, रहरले तिर्ने भन्ने मान्यताका साथ कर प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाई करदातामैत्री कर प्रशासन मार्फत राजस्व सङ्कलन कार्यलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा अन्तर्गतका निकायले सङ्कलन गर्ने करमा सुधार गर्नुपर्ने देखिन्छ।

मुलुकको विकास र समृद्धिका लागि सार्वजनिक खर्चको बढदो आवश्यकता पुरा गर्न वैदेशिक सहायता माथिको निर्भरता कम गर्न आन्तरिक स्रोत परिचालनमा वृद्धि गर्न आवश्यक छ। राजस्व सङ्कलन गर्न करको दररेट कायम गर्ने र कर छुट दिने अधिकार संसद्लाई दिने राजस्वमा स्रोत र दरको पुनसंरचना गर्ने कर अन्तर भएका क्षेत्र क्रियाकलाप केन्द्रित कर परीक्षण र अनुसन्धान एबम् अर्थतन्त्रको लागत कम गर्ने तथा दक्षता वृद्धि गराउने गरी कर कानुनहरुको पुनरावलोकन र अवलम्वन गर्ने राजस्व चुहावट नियन्त्रण कर परिपालना अभिवृद्धि राजस्वका नयाँ आधारहरु पहिचान तथा बिस्तार गर्नु देखिएको छ।

### १४.४.२ विद्यमान अवस्था

कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले प्रदेशको तीव्र विकासको लागि राजस्व सङ्कलन तथा परिचालनबाट आत्मनिर्भर दिगो र सबल प्रदेश अर्थतन्त्रको निर्माण, सङ्कलनको दायरा फराकिलो गरी प्रदेशको राजस्व चारगुणा वृद्धि गर्ने, प्रभावकारी राजस्व संरचना तयार गरी कुल बजेटमा राजस्वको हिस्सा वृद्धि गर्ने लक्ष्य तथा उद्देश्य राखिएकोमा हालसम्म पनि लक्ष्यअनुरुप राजस्व परिचालन तथा सङ्कलन गर्न नसकिएको विद्यमान अवस्था रहेको छ।

### १४.४.३ मुख्य सवाल तथा चुनौती

स्रोतसङ्घीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकममा मात्र भर पर्नुपर्ने प्रदेश सरकारको अवस्था रहेको छ। प्रदेश सरकारलाई राजस्व बाँडफाँट र सङ्कलनबाट स्रोतको सुनिश्चितता हुनु, राजनैतिक स्थिरता र स्पष्ट बहुमत सहितको बलियो सरकारको स्थापना हुनु आर्थिक गतिविधिहरु बढ्दै जानु। कानुनको परिपालना र स्वैच्छिक कर सहभागितामा वृद्धि हुनु तथा प्रदेशको राजस्व अभिवृद्धिका लागि राजस्वको संभावना सम्बन्धमा थप अध्ययन गर्नु मुख्य सवालहरुको रुपमा रहेका छन्।

प्रदेशको राजस्वको दायरालाई फराकिलो बनाउनु, कुल बजेटमा रावस्वको योगदान बढाउनु राजस्व सङ्कलनलाई पारदर्शी र प्रभावकारी बनाउनु संघ र स्थानीय तहबिच राजस्व सङ्कलन तथा अनुगमनका सम्बन्धमा समन्वय गर्नु प्रमुख चुनौतीहरुका रुपमा रहेका छन्।

### १४.४.४ उद्देश्य

१. नेपाल सरकार, स्थानीय तह र सरोकारवालासँगको सहकार्य र समन्वयमा राजस्व परिचालन अभिवृद्धि गर्नु,
२. प्रदेशको एकल तथा साझा अधिकार क्षेत्रमा राजस्व वृद्धि गर्नु,

३. कर प्रणालीलाई सरल, सहज, मितव्ययी र प्रविधिमैत्री र व्यवस्थित बनाउनु,

४. प्रदेश तथा स्थानीय तहको राजस्व प्रशासन्को संस्थागत क्षमता विकास गर्नु ।

**१४.४.५ रुपान्तरणकारी रणनीति**

(१) **राजस्वको दायरा बिस्तार गर्ने:** प्रदेश सरकारको कर सङ्कलन गर्नको लागि कर सङ्कलनका दर र दायरामा बिस्तार गरी दरमा पुनरावलोकन गरी समयापेक्ष बनाइनेछ । प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त हुने रोयल्टीको हिस्सामा अभिवृद्धि गर्न कानुन व्यवस्थाका लागि पहल गरिनेछ ।

(२) **प्रदेश तथा स्थानीय तहको राजस्व प्रशासन्को संस्थागत क्षमता विकास गर्ने:** प्रदेश तथा स्थानीय सरकारलाई राजस्व सङ्कलन र परिचालनका लागि सशक्त बनाइनेछ । राजस्वका स्रोतका व्यवस्थापन र त्यसको उपयोगमा पारदर्शिता कायम गरी प्रभावकारी राजस्व संरचना तयार गर्नका लागि नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था, राजस्व परिचालनसँग सम्बन्धित निकाय र पदाधिकारीको क्षमता अभिवृद्धि गरिनेछ । अनौपचारिक क्षेत्रको आर्थिक कारोवारलाई निरुत्साहित गरी औपचारिक कारोवारलाई प्रोत्साहित गरिनेछ विनियोजन कुशलता कायम गरिनेछ ।

(३) **सूचना प्रविधि तथा व्यवस्थापन प्रणालीको प्रयोग गर्ने:** राजस्व सङ्कलनका लागि डिजिटल प्रविधि र स्वचालित प्रणालीको विकास र प्रयोग गरिनेछ । e-Governance प्रणालीमार्फत करदातालाई सजिलो सुविधा प्रदान गरिनेछ । राजस्व सङ्कलनमा नवीनतम राजस्व व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याई गर्ने सो प्रणालीलाई व्यवस्थित बनाउन क्षमता अभिवृद्धि गरिनेछ ।

(४) **राजस्व प्रणालीलाई लगानी एवम् व्यवसायीमैत्री बनाउने:** नवीनतम अवधारणा तथा अभ्यासको अवलम्वन गरी राजस्व प्रणालीलाई सरल, सहज र समन्यायिक बनाइनेछ । प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत स्थानीय तहबाट सङ्कलन भई प्रदेशमा बाँडफाँटमार्फत प्राप्त हुने राजस्वलाई अनुमानयोग्य, स्वचालित र व्यवस्थित बनाईनेछ ।

(५) **स्थानीय तहबाट बाँडफाँटबाट प्राप्त हुने राजस्व प्राप्तीको लागि समन्वय गर्ने:** अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा उल्लिखित प्रावधान बमोजिम स्थानीय तहबाट सङ्कलन भई प्रदेशलाई प्राप्त हुने राजस्व रकमलाई प्रदेश सञ्चित कोषमा प्राप्तीको लागि समन्वय सहकार्य र अनुगमन कार्यलाई तीव्रता प्रदान गरिनेछ ।

(६) **घरजग्गा रजिष्ट्रेसन शुल्क सङ्कलनमा तीव्रता:** घरजग्गा कारोबारमा हुने राजस्व छली न्यूनीकरण गर्न प्रदेश सरकार अन्तर्गतका महत्त्वपूर्ण स्थानमा न्यूनतम जग्गा मूल्याङ्कन गर्ने परिपाटीमा सुधार गर्दै लैजाने र यस क्षेत्रमा हुने कर छली नियन्त्रणको लागि अनुगमन तथा नियमनलाई प्रभावकारी बनाइनेछ ।

(७) **मनोजञ्जन कर, विज्ञापन कर तथा पर्यटन शुल्क सङ्कलनलाई प्रभावकारी बनाउने:** स्थानीय तहसँगको समन्वय र सहकार्यमा विज्ञापन कर, मनोरञ्जन कर र पर्यटन शुल्कको प्रभावकारी नियमन तथा प्रशासन गरी राजस्व सङ्कलन अभिवृद्धि गरिनेछ । प्रमुख पर्यटकीय स्थल तथा मेला महोत्सव र चलचित्र

तथा बजार क्षेत्रमा राखिने होडिङ्ग बोर्डहरुबाट स्थानीय तहरुले राजस्व सङ्कलन गरी बाँडफाँट गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गरी सो वाफत प्रदेशलाई प्राप्त हुने राजस्वमा वृद्धि गरिनेछ।

### १४.४.६ प्रमुख कार्यक्रम

| क्र.सं. | प्रमुख कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १. | राजस्व संभाव्यता अध्ययन तथा सुधार योजना | प्रदेशको एकल तथा साझा अधिकार क्षेत्रका कर तथा गैरकर राजस्व संभाव्यता अध्ययन गरी राजस्वको अनुमान, प्रक्षेपण, परिचालन तथा प्रशासनलाई व्यवस्थित बनाउन राजस्व सुधार योजना तर्जुमा भई कार्यान्वयन भएको हुनेछ। |
| २. | राजस्व संभाव्यता अध्ययन, अनुमान, प्रक्षेपण, परिचालन तथा प्रशासन सम्बन्धी क्षमता विकास | राजस्व संभाव्यता अध्ययन, अनुमान, प्रक्षेपण, परिचालन तथा प्रशासन सम्बन्धमा प्रदेश तथा स्थानीय तहका सम्बन्धित पदाधिकारी तथा कर्मचारीको क्षमता विकास भएको हुनेछ। |
| ३. | कराधार संरक्षण र सचेतना कार्यक्रम | प्रदेश र स्थानीय तहको कर र गैरकरका आधारको संरक्षण, प्रबर्द्धन भएको हुनेछ। |
| ४. | सूचना प्रविधि तथा व्यवस्थापन प्रणाली | राजस्व सङ्कलनका लागि डिजिटल प्रविधि र स्वचालित प्रणालीको विकास र प्रयोग गरिनेछ। |
| ५. | स्थानीय तहसँग समन्वय तथा सहजीकरण | प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत स्थानीय तहबाट सङ्कलन भई बाँडफाँट हुने राजस्व परिचालनमा स्थानीय तहको क्षमता विकास भएको हुनेछ। |
| ६. | मनोजञ्जन कर, विज्ञापन कर तथा पर्यटन शुल्क सङ्कलन | स्थानीय तहसँगको समन्वय र सहकार्यमा विज्ञापनकर, मनोरञ्जनकर र पर्यटन शुल्कको सङ्कलन प्रभावकारी भएको हुनेछ। |

परिच्छेद १५

# नीति, योजना र विकास व्यवस्थापन


१५.१ प्रदेश तथ्याङ्क व्यवस्थापन २१७

१५.२ प्रदेश नीति तथा योजना २२१

१५.३ आयोजना व्यवस्थापन २२५

१५.४ सार्वजनिक वित्तीय व्यवस्थापन तथा पूँजीगत खर्चको प्रभावकारीता २२७

१५.५ अनुगमन, मूल्याङ्कन र सिकाइ २३१

# परिच्छेद-पन्ध्र
# नीति, योजना र विकास व्यवस्थापन

## १५.१ प्रदेश तथ्याङ्क व्यवस्थापन

### १५.१.१ पृष्ठभूमि

योजनालाई उपलब्धिमूलक र प्रभावकारी बनाउन तथ्यपूर्ण र गुणस्तरीय तथ्याङ्क अत्यन्तै महत्त्वपूर्ण हुन्छ। यसका लागि वास्तविक आवश्यकताको स्पष्ट पहिचान, स्रोतसाधनको यथार्थ आँकलन र विद्यमान समस्या, चुनौती तथा अवसरहरुको सही विश्लेषण आवश्यक छ । योजनाको आधार बलियो बनाउन सूचनाको विश्वसनीयता र तथ्याङ्क व्यवस्थापनको प्रभावकारिता सुनिश्चित गर्नु अनिवार्य हुन्छ । केवल सही जानकारी र गुणस्तरीय तथ्याङ्कको आधारमा मात्र योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कन प्रभावकारी र नतिजामूलक बनाउन सकिन्छ। विषयगत लक्ष्य तथा उद्देश्य प्राप्तिको रणनीति, दिगो विकास लक्ष्यको आन्तरिकीकरणका लागि गरीनु पर्ने आवश्यक प्रबन्ध, गन्तव्यका सूचक निर्धारण आदिलाई उचित तवरबाट संयोजन गर्न प्रदेशस्तरीय खण्डीकृत तथ्याङ्कको आवश्यकता हुन्छ । तथ्याङ्कको सही व्यवस्थापनले प्रदेशस्तरीय सेवा प्रवाह तथा योजना र कार्यक्रमको प्रभावकारितामा महत्त्वपूर्ण भूमिका खेल्छ।

### १५.१.२ विद्यमान अवस्था

संवैधानिक अधिकार र कानुनी प्रावधान अनुरुप सेवा प्रबाह तथा विकास व्यवस्थापनमा प्रदेश तहमा वस्तुनिष्ठ, विश्वसनीय र अध्यावधिक तथ्याङ्कको महत्त्वका सम्बन्धमा प्रदेश सरकार जानकार छ । योजनालाई उपलब्धिमूलक र प्रभावकारी बनाउनको लागि तथ्यपूर्ण सूचना र गुणस्तरीय तथ्याङ्क अपरिहार्य छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रियस्तरमा सङ्कलन गरेका विभिन्न विषय क्षेत्रका तथ्याङ्कलाई प्रदेश तथ्याङ्कको रुपमा खण्डीकरण गरेर प्रकाशन गर्दै आएको छ। यसका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयको वेभ पोर्टलमा "प्रदेश तथ्याङ्क" भनी छुट्टै खण्ड समेत समावेश गरिएको छ।

प्रदेश निजामती सेवामा प्रदेश आर्थिक योजना तथा तथ्याङ्क सेवा रहेको छ भने प्रदेशका केही मन्त्रालय र निकायहरुमा मात्र जनशक्ति सहितको तथ्याङ्क शाखाहरु क्रियाशील छन् । प्रदेशको गार्हस्थ्य उत्पादन लगायतका समष्टिगत आर्थिक तथ्याङ्कका अतिरिक्त अन्य आर्थिक सामाजिक विकासका प्रदेश तहका तथ्याङ्क प्रदेशस्तरीय वेभ पोर्टलमा उपलब्ध छन्, जसले उल्लखित तथ्याङ्क प्राप्तिमा सहजता भए पनि उपलब्ध तथ्याङ्क पर्याप्त भने छैनन। तसर्थ प्रदेशको समग्र तथ्याङ्क प्रणालीलाई सुदृढ बनाउनका लागि ठोस नीति, योजना र व्यवस्थापनको आवश्यकता रहेको देखिन्छ।

प्रदेशले वार्षिक रुपमा आर्थिक सर्वेक्षण गरी तथ्याङ्कसम्बन्धी आवश्यकताहरु पूरा गर्न आरम्भ गरेको छ । विषयगत मन्त्रालय लगायत विभिन्न आयोगका प्रतिवेदनहरु प्रकाशन भई निकायगत तथ्याङ्क उपलब्ध हुन थालेका छन् र विद्युतीय प्रणालीमार्फत सेवा प्रवाह सुरुवात गर्ने स्थानीय सरकारको सङ्ख्या विस्तारै वृद्धि हुँदै गएको छ। कर्णाली प्रदेशको डिजिटल दृष्टिकोणतर्फ सबै सरोकारवालाहरुको ध्यान केन्द्रित हुँदै यसलाई मूर्तरुप प्रदान गर्न Digital Karnali Conclave, २०२४ कार्यक्रमले एक महत्त्वपूर्ण पहलको सुरुवात गरेको छ।

प्रदेशस्तरमा प्रदेशको विषयगत मन्त्रालय बजेट प्रविष्टि प्रणाली (PLMBIS), सरकारी लेखा प्रणाली (CGAS) र स्थानीय तहमा SuTRA पूर्ण सञ्चालनमा छन्। यसैगरी स्थानीय तहमा स्वमूल्याङ्कन र वित्तीय सुशासन जोखिम मूल्याङ्कनका लागि आवश्यक तथ्याङ्कीय औजार प्रयोगमा छन् । यसले विभिन्न किसिमका सूचना तथा तथ्याङ्कमा पहुँच बढाएको छ । यसका अतिरिक्त प्रदेशस्तरमा विभिन्न विकास साझेदार तथा गैर सरकारी संस्थाबाट संचालित कार्यक्रम तथा आयोजनाका प्रगति प्रतिवेदन र तिनका सूचना प्रणालीले समेत तथ्याङ्कको पहुँचमा थप योगदान पुर्याएका छन् ।

यद्यपि प्रदेशस्तरमा आफ्नै तथ्याङ्क सङ्कलन, प्रशोधन तथा व्यवस्थापन गर्ने निर्दिष्ट निकाय नहुँदा केन्द्रीय तथ्याङ्क कार्यालयबाट विभिन्न समयमा प्राप्त हुने सीमित तथ्याङ्कले मात्र प्रदेशको विशिष्ट आवश्यकता अनुसारको सेवा प्रवाह र विकास व्यवस्थापन असहज हुने गरेको छ। सङ्घीय निकायले कुनै खास समयमा खास प्रयोजनको लागि तयार गरेको तथ्याङ्क समग्र प्रदेशस्तरीय नीति, योजना तथा कार्यक्रमको लागि पर्याप्त छैनन्। प्रदेश सरकारले नियमित रुपमा सर्वेक्षण गर्ने, तथ्याङ्क प्रशोधन र प्रतिवेदन प्रकाशन गर्ने जस्ता कामको लागि आफ्नै तथ्याङ्क प्रणाली विकासका लागि आवश्यक भौतिक, वित्तीय तथा जनशक्तिका पूर्वाधार विकास गर्दै जानु पर्ने देखिएको छ।

### १५.१.३ मुख्य सवाल तथा चुनौती

**(१) अन्तरसरकार समन्वय र सहकार्य:** प्रदेश स्तरमा आफ्नै तथ्याङ्क सङ्कलन, प्रशोधन तथा व्यवस्थापन निकाय नहुँनु, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त तथ्याङ्कले मात्र प्रदेशको विशिष्ट आवश्यकता अनुसारको सेवा प्रवाह र विकास व्यवस्थापनले पूर्णता पाउन नसक्नु, राष्ट्रिय तथ्याङ्क कार्यालयले सङ्कलन र विश्लेषण गरी प्रकाशन गर्ने तथ्याङ्क अधिकांश संङ्घ स्तरका हुनु तथा प्रदेशको आवश्यकता अनुसार खण्डीकृत नहुनु, तथ्याङ्क अभावका कारण प्रदेशको नीति, योजना निर्माण तथा अनुगमनमा समस्या उत्पन्न हुनु, संघबाट प्राप्त तथ्याङ्कले प्रदेशको विशिष्ट आवश्यकता पूरा गर्न नसक्नु, प्रदेशको भौगोलिक विकटता, कम जनघनत्व र यातायातको पहुँचको अभावले तथ्याङ्क सङ्कलन र उपयोगमा जटिलता रहनु आदि मुख्य सवालका रुपमा रहेका छन। प्रदेश तथा स्थानीय तहमा तथ्याङ्क सङ्कलन, व्यवस्थापन र अद्यावधिक सूचना प्रणालीको व्यवस्था गर्नु, सङ्घ, प्रदेश र स्थानीय तहबिच तथ्याङ्क व्यवस्थापन, समन्वय र आदानप्रदान गर्ने प्रभावकारी कार्यगत संयन्त्र विकास गर्नु, तीन तहको सरकारबिच तथ्याङ्क सम्बन्धी सहकार्यको विकास गर्नु, प्रदेशको अधिकार र कार्य जिम्मेवारीका विषयमा नीति, योजना तथा कार्यक्रम तर्जुमा, नियमन र व्यवस्थित गर्नु जस्ता कार्य चुनौतीपूर्ण रहेका छन्।

**(२) तथ्याङ्कको विश्वसनीयता तथा उपयोग:** प्रदेशमा आधुनिक प्रविधिको प्रयोग, सर्वेक्षण प्रणाली सुधार र स्रोतगत अन्तरआबद्धताको कमी हुनु, सीमित तथ्याङ्कीय स्रोत, अद्यावधिक नभएको प्रणाली र विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कमा एकरुपता नहुनु र नीति निर्माणका लागि विश्वसनीय तथ्याङ्कको कमी हुनु जस्ता सवालहरु रहेका छन । तथ्याङ्क व्यवस्थापन र प्रविधिको प्रयोगमा ठोस नीति तथा कार्यक्रम सञ्चालन गर्नु, तथ्याङ्क सङ्कलन, प्रशोधन र प्रकाशन प्रक्रियामा आधिकारिकता र विश्वसनीयता कायम राख्न चुनौतीका रुपमा रहेको छ।

(३) **जनशक्ति र प्रविधि:** प्रदेशमा तथ्याङ्कको संस्थागत संरचना, अद्यावधिक तथ्याङ्क व्यवस्थापन सहितको एकीकृत सूचना व्यवस्थापन प्रणालीको कमी हुनु, तथ्याङ्क व्यवस्थापनका लागि आवश्यक दक्ष जनशक्ति र आधुनिक प्रविधिको कमी हुनु, प्रदेश मन्त्रालय तथा निकाय/कार्यालयमा आवश्यकता अनुसारको भण्डारण, प्रशोधन र प्रयोगका सन्दर्भमा स्वचालित प्रणालीको विकास नहुनु, सूचनाको खोजी, सर्वेक्षण तथा अनुसन्धानात्मक कार्यमा यथेष्ट ध्यान नपुग्नु आदि सवालका रुपमा रहेका छन । विद्यमान सफ्टवेयर र सूचना प्रणालीको नियमित प्रयोग र अद्यावधिक गर्ने प्रणाली स्थापना गर्नु, कर्मचारीका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न, आदि मुख्य चुनौतीका रुपमा रहेका छन् ।

**१५.१.४ उद्देश्य**

१. प्रदेशमा एकीकृत तथ्याङ्क प्रणाली विकास गर्नु,

२. तथ्याङ्कको विश्वसनीयता तथा उपयोगमा अभिवृद्धि गर्नु ।

**१५.१.५ रुपान्तरणकारी रणनीति**

(१) **प्रदेशस्तरमा एकीकृत तथ्याङ्क प्रणाली स्थापना र व्यवस्थापनमा नीतिगत, कानुनी र संस्थागत व्यवस्था गर्नेः** प्रदेशस्तरमा विश्वसनीय एकीकृत तथ्याङ्क प्रणाली स्थापना र व्यवस्थापनका लागि नीतिगत, कानुनी र संस्थागत संरचना स्थापना गरी सुदृढ बनाइनेछ । प्रदेश र स्थानीय तहका खण्डीकृत तथ्याङ्कको एकीकृतसंग्रह, विश्लेषण तथा अद्यावधिकरण गर्न प्रदेशास्तरमा सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय संयन्त्र स्थापना गरी परिचालन गरिनेछ ।

(२) **अन्तरसरकार तथा सरोकारवालासँग समन्वय, सहकार्य तथा साझेदारी सुदृढीकरण गर्नेः** तथ्याङ्क उत्पादन, प्रशोधन तथा प्रकाशन गर्ने सङ्घ, प्रदेश तथा स्थानीय सरकारका निकायबिच समन्वय तथा सहकार्य गरिनेछ । प्रदेशस्तरमा तथ्याङ्कको विश्लेषण र प्रयोगमा एकरुपताका लागि राष्ट्रिय तथ्याङ्क कार्यालय र प्रदेश तथ्याङ्क कार्यालय, सरकारका मन्त्रालय तथा सम्बन्धित निकायसँग समन्वय, सहकार्य, सहयोग तथा सहजीकरण गरिनेछ । तथ्याङ्क सङ्कलन, प्रशोधन, अद्यावधिकरण, प्रकाशन तथा उपयोगमा अनुसन्धान संस्था, विश्वविद्यालय, विकास साझेदार, गैरसरकारी संस्थासँगको समन्वय र सहकार्यलाई सुदृढीकरण गरिनेछ ।

(३) **तथ्याङ्कको विश्वसनीयता तथा उपयोगमा अभिवृद्धि गर्ने:** प्रदेशस्तरमा विश्वसनीय तथ्याङ्क प्रणाली स्थापना र व्यवस्थापनका लागि नीतिगत, कानुनी र संस्थागत व्यवस्था गरिनेछ । प्रदेशमा तथ्याङ्क प्रणाली स्थापना गरी सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय तथा सहकार्य गरी व्यवस्थापन गरिनेछ । तथ्याङ्क सङ्कलन र प्रशोधनमा प्रयोग हुने प्रविधि, सर्वेक्षणका विधि र खण्डीकृत तथ्याङ्कको स्रोतगत आधिकारिता जस्ता विषयमा अनुगमन र नियमन प्रणाली अबलम्वन गरिनेछ । नीति निर्माण तथा योजना तर्जुमा कार्यमा उपयोग हुने तथ्याङ्कमा एकरुपता कायम गरिनेछ । विद्यमान सूचना प्रणालीको अद्यावधिक गरी उपयोग गरिनेछ । विषय क्षेत्रगत तथा स्रोतगत सूचनाको संग्रह, विश्लेषण तथा अद्यावधिकरणलाई अनुसन्धानमूलक बनाइनेछ ।

**(४) तथ्याङ्क व्यवस्थापनमा उपयुक्त प्रविधिको प्रयोग र क्षमता अभिवृद्धि गर्ने:** प्रदेशस्तरमा अद्यावधिक तथ्याङ्क व्यवस्थापन प्रणाली सहितको एकीकृत सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ । दक्ष जनशक्ति र आधुनिक प्रविधिको प्रयोग सहित सूचना उत्पादन, प्रमाणीकरण, भण्डारण र अद्यावधिक गर्ने प्रक्रियालाई स्वचालित बनाइनेछ । तथ्याङ्क सङ्कलन, प्रशोधन र प्रकाशनमा संलग्न निकाय तथा सरोकारवालाको संस्थागत क्षमता विकास गरिनेछ । प्रदेश सेवामा कार्यरत जनशक्तिलाई तथ्याङ्कीय साक्षरता र विश्लेषणात्मक सीप तथा क्षमता विकासमा प्रशिक्षित गरिनेछ ।

### १५.१.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | आधिकारिक प्रदेश तथ्याङ्क प्रणाली स्थापना | प्रदेश एकीकृत सूचना व्यवस्थापन प्रणालीको स्थापना भई स्थानीय र प्रदेशका खण्डीकृत तथ्याङ्क सूचना उत्पादन, प्रमाणीकरण, भण्डारण र अद्यावधिक गर्ने प्रक्रियामा स्वचालित प्रणाली संचालित भएको हुनेछ । प्रदेशस्तर र स्थानीयस्तरमा उत्पादन हुने तथ्याङ्कको आधिकारिकता र विश्वसनीयता अभिवृद्धि भएको हुनेछ। |
| २ | तथ्याङ्क व्यवस्थापन सम्बन्धी अन्तरसरकारी समन्वय संयन्त्र स्थापना | प्रदेशस्तरमा विश्वसनीय तथ्याङ्क प्रणाली स्थापना र व्यवस्थापनका लागि नीतिगत कानुनी र संस्थागत संरचना स्थापना भई, सङ्घ, प्रदेश, र स्थानीय स्तरबाट प्राप्त गरीएका खण्डीकृत तथ्याङ्कको एकीकृत संग्रह र अभिलेखीकरण गर्न प्रदेश स्तरमा समन्वय संयन्त्र स्थापना भएको हुनेछ । |
| ३ | तथ्याङ्क व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम | जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि भई २५ प्रतिशत स्थानीय तह र सबै प्रदेश मन्त्रालयमा विषयगत तथ्याङ्क अद्यावधिक भएको हुनेछ । ५० प्रतिशत स्थानीय तहमा तथ्याङ्क व्यवस्थापन कार्ययोजना तयार भई लागु भएको हुनेछ । प्रदेशको समग्र तथ्याङ्क व्यवस्थापन प्रणाली सुदृढ भएको हुनेछ । |
| ४ | तथ्याङ्क व्यवस्थापन सम्बन्धी अनुगमन र नियमन प्रणाली | प्रदेश तथ्याङ्कको आधिकारिकता र विश्वसनीयता सुनिश्चित भई तथ्यमा आधारित प्रदेशको नीति तथा योजना निर्माण भएको हुनेछ । |

### १५.१.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | विद्युतीय सूचना प्रणाली प्रयोग भएका क्षेत्रहरु | सङ्ख्या | ६ | ७ | ९ | १२ |
| २ | तथ्याङ्कमा आधारित त्रैमासिक प्रगति विवरण समीक्षा गर्ने मन्त्रालय | सङ्ख्या | ५ | ६ | ८ | ८ |
| ३ | विकास आयोजना तथा कार्यक्रमको नतिजामूलक अनुगमन र मूल्याङ्कनका लागि मन्त्रालयगत सूचक निर्माण र प्रणाली स्थापना | मन्त्रालय सङ्ख्या | ४ | ४ | ५ | ८ |

*स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश।*

## १५.२ प्रदेश नीति तथा योजना

### १५.२.१ पृष्ठभूमि

नेपालको संविधानले एकल तथा साझा अधिकार प्रचलनका लागि आवश्यक नीति, कानुन तथा योजना बनाई प्रदेशस्तरमा सेवा प्रवाह तथा विकास गर्न स्पष्ट अधिकार प्रदान गरेको छ । यसअनुरुप प्रदेश सरकारलाई आफ्नो अधिकारक्षेत्रभित्र खर्च तथा आम्दानी गर्ने विषयमा कानुन बनाउने, नीति तथा योजना बनाउने, बजेट निर्माण गरी निर्णय गर्न सक्ने अधिकार अनुरुप प्रदेशले समग्र प्रदेश विकासका लागि विभिन्न नीति, योजना, कानुन तथा वार्षिक बजेट तर्जुमाका साथै कार्यान्वयन गरीरहेको छ । यससम्बन्धी कार्यका लागि नेपालको संविधान र प्रदेश कानुन बमोजिम प्रदेश सभा, प्रदेश मन्त्रिपरिषद्, मन्त्रालय तथा विभिन्न मातहतका कार्यालय एवम् आयोगजस्ता संस्थागत संरचना रहेका छन् । प्रदेशको समग्र, सन्तुलित र समावेशी विकासका लागि प्रदेश व्यवस्थापिकाको रुपमा प्रदेश सभा रहेको छ । जहाँ भूगोल र जनसङ्ख्याका आधारमा विभाजन गरिएको निर्वाचन क्षेत्रबाट आउने प्रत्यक्ष निर्वाचित र महिला, दलित, आदिवासी, जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदायलाई समेत प्रतिनिधित्व गर्ने गरी समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुन जनप्रतिनिधि सदस्यका रुपमा रहेका छन् ।

प्रदेश सरकारलाई प्रदेशको विशिष्टताअनुसार दिगो एवम् समावेशी विकासका लागि आवश्यकता र औचित्यताका आधारमा नीति, योजना तथा रणनीति र कार्यक्रम बनाएर कार्यान्वयन गर्ने अधिकार संविधानले नै प्रदान गरेको छ । वर्तमान आर्थिक प्रणालीमा प्रतिस्पर्धी र तुलनात्मक लाभका क्षेत्रमा आन्तरिक तथा बाह्य निजी लगानीकर्तालाई आकर्षित गर्नका लागि नीतिगत स्पष्टता र लगानीको संभावना प्रस्तुत गर्नु आवश्यक हुन्छ । प्रदेशस्तरमा उपलब्ध स्रोतसाधनबाट गर्न सकिने आयोजनाको पहिचान, मूल्याङ्कन तथा प्राथमिकीकरण सहितको आयोजना बैङ्क निर्माण गरी आर्थिक-सामाजिक एवम् वातावरणीय दृष्टिकोणबाट स्वीकार्य रुपान्तरणकारी नीति तथा योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न आवश्यक छ ।

### १५.२.२ विद्यमान अवस्था

प्रदेश सरकारले नेपालको संवैधानिक व्यवस्था अनुरुप आफ्नो अधिकारक्षेत्रमा रही समावेशी र सहभागितामूलक प्रक्रियाअनुसार प्रदेश नीति तथा योजना तर्जुमा र कार्यान्वयन गरीरहेको छ । यसक्रममा प्रदेश सरकारले प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१), विषयगत रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरी कार्यान्वयन गरीरहेको छ । यसका अतिरिक्त प्रदेशमा आयोजना बैङ्क स्थापना गर्ने सम्बन्धमा कार्य अघि बढेको छ र प्रदेश सरकार आयोजना बैङ्क स्थापना गरी लागू गर्न प्रतिबद्ध रहेको छ । यस प्रदेशले योजना तर्जुमा, आयोजना तथा कार्यक्रम छनोट प्रणालीलाई सरलीकृत र कार्यान्वयन प्रणालीलाई प्रभावकारी र कानुनसम्मत बनाउन बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका-२०७५, योजना तर्जुमा मार्गदर्शन-२०७५, बहुबर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका-२०७७, आयोजना सूचना व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका-२०७९ तथा विभिन्न लक्षित तथा विशेष कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि र निर्देशिकासाथै सालबसाली रुपमा प्रदेश विनियोजन ऐन तथा प्रदेश आर्थिक ऐन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

प्रदेशको समग्र विकासका लागि प्रदेश सरकारको लगानी, प्रदेश तथा स्थानीय तह साझेदारी, प्रदेश-सङ्घ साझेदारी, विकास साझेदार र वैदेशिक सहयोगको लगानी, सार्वजनिक-निजी साझेदारी, निजी क्षेत्रको लगानी एवम् सहकारी, गैरसरकारी र समुदायको लगानीमा विभिन्न आयोजना, कार्यकम तथा क्रियाकलाप सञ्चालन भइरहेका छन् । योजना तर्जुमा, छनोट र कार्यान्वयनका सम्बन्धमा तहगत सरकार, विकास साझेदार र गैरसरकारी सङ्घसंस्थाबिच तादात्म्यता कायम गरी प्रदेश तथा स्थानीय तहमा आयोजना तथा कार्यक्रममा दोहोरोपना र स-साना आयोजना सञ्चालन हुने अवस्थाको अन्त्य गर्नु पर्ने देखिन्छ ।

प्रदेशको पहिलो जननिर्वाचित सरकारले संवैधानिक व्यवस्था र प्रदेशको आवश्यकतालाई मध्यनजर गरी दीर्घकालीन लक्ष्य, उद्देश्य र रणनीति सहित नीति तथा योजना तर्जुमा, कार्यान्वयन सहजीकरण तथा अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्य गर्ने गरी कर्णाली प्रदेश योजना आयोग गठन गरेको छ । अन्य प्रदेशको तुलनामा न्यून आर्थिक-सामाजिक अवस्थामा रहेको प्रदेशको योजनाबद्ध विकास अभियानलाई अघि बढाउन आवश्यक पर्ने नीति तथा योजना तर्जुमामा सघाउँ पुऱ्याउन, विद्यमान नीति तथा योजनाको अध्ययन तथा मूल्याङकन गरी पृष्ठपोषण दिन, विकास योजना सम्बन्धमा सरोकारवालासँग समन्वय र सहकार्यका क्षेत्र पहिचान गर्न आयोग क्रियाशील रहेको छ ।

"सामाजिक न्याय सहित दिगो, फराकिलो र तीव्र विकास" को सोच सहित तर्जुमा गरिएको प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) मिश्रित उपलब्धि र चुनौतीबिच सम्पन्न भए पश्चात सहभागितामूलक छलफलका आधारमा दोस्रो पञ्चवर्षीय योजना तयार (२०८१/८२-२०८५/८६) भएको छ ।

### १५.२.३ मुख्य सवाल तथा चुनौती

(१) **नीति तथा योजना तर्जुमा सम्बन्धी नीतिगत, कानुनी तथा संरचनात्मक व्यवस्थाः** प्रदेशको वास्तविक आवश्यकता एवम् वस्तुस्थितिमा आधारित नीति तथा योजना तर्जुमा र कार्यान्वयन सहजीकरणका लागि निर्माण गरीएका नीति, कानुन तथा मापदण्ड प्रभावकारी रुपमा कायान्र्वयन नहुनु, कार्यान्वयन भएकाको उपलब्धिको आवधिक पुनरावलोकन र अद्यावधिक समीक्षा नहुनु, नीति तथा योजनाको आवश्यकता पहिचानदेखि तर्जुमा र कार्यान्वयनका तहसम्म विभिन्न तहमा पूरा गर्नुपर्ने आधारभूत मापदण्डको पालना हुन नसक्नु, प्रदेश नीति तथा योजनाका मुख्य सवाल हुन् । वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण पञ्चवर्षीय योजना, आयोजना बैङ्क तथा मध्यमकालीन खर्च संरचनाका आधारमा भन्दा पूर्वानुमान वा राजनीतिक प्रभावका आधारमा हुने परिपाटी सुधार्नु, नीति तथा योजना निर्माण, कार्यक्रम तथा आयोजनाको छनोट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन जस्ता योजना चक्रमा प्रदेश योजना आयोगको क्षमता अभिवृद्धि गर्नु, पूर्व निर्धारित मापदण्डको पालना गरी तोकिएको समय, लागत, गुणस्तर र प्रतिफलमा आयोजना सम्पन्न हुने परिपाटी बसाल्नु चुनौतीका रुपमा रहेका छन् ।

(२) **आयोजना व्यवस्थापन सूचना प्रणालीः** सीमित स्रोतसाधनबाट असीमित आवश्यकतालाई सम्बोधन गर्नु आफैमा चुनौतीपूर्ण भए तापनि आयोजनाको प्राथिमिकीकरण र प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न प्रभावकारी रुपमा आयोजना बैङ्क स्थापना र सुचारु हुन नसक्नु, आयोजना व्यवस्थापन सूचना प्रणालीको अभ्यास नहुँदा कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम निर्धारण गरी सोको

आधारमा बजेट विनियोजन हुन नसक्नु सवालका रुपमा रहेका छन् । प्रादेशिक सन्तुलन र विकासको सोच र उद्देश्यमा ठोस योगदान पुऱ्याउने, छिटो प्रतिफल दिने, व्यवस्थापकीय दृष्टिले नतिजामूलक र कार्यान्वयन सहज हुने खालका आयोजनाको सूची तयार गरी आयोजना बैङ्क मार्फत स्वचालित रुपमा कार्यान्वयनमा लैजानु प्रमुख चुनौतीका रुपमा रहेको छ ।

(३) **संस्थागत समन्वय र सहकार्य**: नीति तथा योजना तर्जुमा, कार्यक्रम तथा आयोजनाको छनोट र कायान्र्वयनमा समतलीय (Horizontal) र ऊर्ध्व (Vertical) समन्वयको कमीले सङ्घ, प्रदेश र स्थानीय तहबिच कार्यक्रम तथा आयोजनामा दोहोरोपना र असङ्गति बढ्नु, विकास साझेदार, निजी क्षेत्र र अन्य सरोकारवालाबिचको समन्वयको कमी हुनु, ठूला र नतिजामूलक आयोजनाको प्रभावकारी कार्यान्वयन हुनु नसक्नु सवालका रुपमा रहेका छन् । नीति, योजना तथा कार्यकममा तहगत सरकारबिच समन्वय कायम गर्नु, रणनीतिक महत्त्वका उच्च प्रतिफल दिने कार्यक्रम तथा आयोजना सञ्चालन गर्नु चुनौतीको रुपमा रहेको छ ।

(४) **समावेशी र सभागितामूलक योजना तर्जुमा:** समावेशिता र सहभागितामूलक प्रक्रियाबाट नीति तथा योजना तर्जुमा गर्ने संविधानको मर्मअनुसार नीति निर्माणको प्रयास गरीए पनि व्यावहारिक रुपमा अझै प्रभावकारी ढंगले कार्यान्वयन हुन नसक्नु, समावेशी सिद्धान्तको आधार तथा पिछडिएका वर्ग र समुदायका आवश्यकतालाई सम्बोधन गर्ने नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु सवालका रुपमा रहेका छन् । सबै वर्ग र समुदायको समावेशीकरण र अपनत्व सुनिश्चित गर्न नीति तथा योजना प्रक्रियालाई समावेशी र सहभागितामूलक बनाउनु तथा प्रदेशमा समावेशी तथा दिगो विकास संस्थागत गर्नु चुनौती रहेको छ ।

### १५.२.४ उद्देश्य

१. नीति तथा योजना तर्जुमा प्रक्रियालाई प्रभावकारी बनाउनु,
२. नीति तथा योजना कार्यान्वयन प्रक्रियामा सुधार गर्नु ।

### १५.२.५ रुपान्तरणकारी रणनीति

(१) **नीति तथा योजना तर्जुमा सम्बन्धी नीतिगत, कानुनी तथा संरचनागत व्यवस्थामा सुधार गर्ने:** प्रदेशमा नीति तथा योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा देखा परेका प्रमुख समस्यालाई सम्बोधन गर्न प्रमाणमा आधारित, प्रभावकारी र परिणाममुखी नीति तथा कानुनी संरचनाको विकासमा ध्यान दिइनेछ । नीति र योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा वास्तविक आवश्यकता एवम् वस्तुगत परिस्थितिको विस्तृत अध्ययन र तथ्यगत प्रमाणलाई आधार बनाएर योजना निर्माण गरिनेछ । योजना सम्बन्धी नीति, कानुन तथा मापदण्डहरुको पुनरावलोकन र अद्यावधिक गरिनेछ । आवधिक योजना, रणनीतिक योजना, आयोजना बैङ्क र मध्यमकालीन खर्च संरचना बमोजिम वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने व्यवस्था गरिनेछ । कर्णाली प्रदेश योजना आयोगको भूमिका सुदृढ गर्दै प्रभावकारी र परिणाममुखी बनाइनेछ । आयोजना कार्यान्वयनमा समय, लागत र गुणस्तर सुनिश्चित गरिनेछ । योजनाको कार्यान्वयन समीक्षा, अनुगमन र मूल्याङ्कनका लागि स्वचालित प्रणाली विकास गरिनेछ ।

(२) **आयोजना व्यवस्थापन सूचना प्रणाली विकास र सञ्चालन गर्ने:** योजनाको सहज एवम् प्रभावकारी कार्यान्वयन गर्ने तथा नतिजामूलक अनुगमन र मुल्याङ्कन प्रणालीको विकास गर्ने उद्देश्यले 'आयोजना व्यवस्थापन सूचना प्रणाली' (Project Management Information System-PMIS) स्थापना गरिनेछ । यस प्रणालीमार्फत आयोजनाको प्राथमिकता निर्धारण, आयोजनाको कार्यान्वयन अवस्थाको अनुगमन र वित्तीय व्यवस्थापनका सबै पक्षलाई सरल र पारदर्शी बनाइनेछ ।

(३) **संस्थागत समन्वय र सहकार्यलाई सबल बनाउने:** नीति तथा योजना तर्जुमा, कार्यक्रम छनोट र कार्यान्वयनमा सङ्घ, प्रदेश र स्थानीय तहबिचको समन्वय अभावले आउने समस्यालाई सम्बोधन गर्न ऊर्ध्व र समानान्तर समन्वयका लागि प्रभावकारी प्रणाली विकास गरिने छ । तहगत सरकार, विकास साझेदार, निजी क्षेत्र र अन्य सरोकारवालाबिचको सहकार्यलाई अझ प्रभावकारी बनाइनेछ । कार्यक्रम तथा आयोजनाको दोहोरोपना रोक्न, रणनीतिक कार्यक्रमको कार्यान्वयनलाई सहज बनाउने र परिणाममुखी तथा प्रभावकारी कार्यान्वयन सुनिश्चितताका लागि समन्वय र सहकार्य प्रणाली विकास गरिनेछ ।

(४) **समावेशी र सहभागितामूलक योजना प्रक्रिया प्रबर्द्धन गर्ने:** नीति तथा योजना तर्जुमा प्रक्रियामा सबै वर्ग र समुदायको समावेशिता सुनिश्चित गर्न समावेशी र सहभागितामूलक प्रक्रियालाई सुदृढ बनाइनेछ । खासगरी कमजोर समूहको आवश्यकता पहिचान गर्न र तिनको योगदानलाई नीतिगत निर्णयमा समेट्नका लागि विशेष नीति तथा प्रक्रिया अपनाइनेछ । यसले सामाजिक न्यायको अवधारणालाई कार्यान्वयनमा ल्याई प्रदेशको दिगो विकासलाई थप प्रबर्द्धन गर्नेछ ।

### १५.२.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना तर्जुमा | कम्तिमा ५ वटा विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना तर्जुमा भएको हुनेछ |
| २ | आयोजना व्यवस्थापन सूचना प्रणाली (PMIS) स्थापना | आयोजना व्यवस्थापन सूचना प्रणाली (PMIS) स्थापना भई सञ्चालित हुनेछ । |
| ३ | दिगो र न्यायोचित विकासका लागि अन्तरसरकार र सरोकारवाला समन्वय, सहकार्य एवम् साझेदारी | सबै सरोकारवालाहरुसँग नियमित समन्वय, सहकार्यबाट दोहोरोपनाको अन्त्य भई समय र लागत बढ्ने समस्या घट्नेछ । |
| ४ | जनप्रतिनिधि र कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम | जनप्रतिनिधि र कर्मचारीको सक्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन भएको हुनेछ । |

### १५.२.७ परिमाणात्मक लक्ष्य

| क्र.सं | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश योजना र मध्यमकालीन खर्च संरचना अनुरुप प्रगति प्रतिवेदन प्रकाशन गर्ने मन्त्रालय | प्रतिशत | ० | ४० | १०० | १०० |
| २ | आयोजना बैङ्कमा समावेश भई वार्षिक रुपमा कार्यान्वयन भएका आयोजना | प्रतिशत | ० | १५ | ८० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | गुरुयोजना तर्जुमा भई कार्यान्वयन भएका विषय क्षेत्र | सङ्ख्या | १ | ३ | ७ | १० |
| ४ | राजस्व अनुमान र प्राप्ति अनुपात | प्रतिशत | ७३.३८ | ७५ | ८० | ८५ |
| ५ | बजेट विनियोजन र खर्च अनुपात | प्रतिशत | ६८.२४ | ७० | ७८ | ८५ |
| ६ | कुल खर्च र प्रदेश आन्तरिक स्रोत अनुपात | प्रतिशत | ४७.३३ | ५० | ५४ | ६० |

*स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,* आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश।

## १५.३ आयोजना व्यवस्थापन

### १५.३.१ पृष्ठभूमि

प्रदेश सरकार अन्तर्गतका निकायले सञ्चालन गर्ने आयोजनाको पहिचान, लेखाजोखा, छनोट र प्राथमिकीकरण गरी प्रविष्टि गर्न तथा वित्तीय अनुशासन् कायम गरी बजेट प्रणालीलाई वास्तविक र वस्तुनिष्ठ बनाउन प्रदेश योजना आयोगमा प्रदेश आयोजना व्यवस्थापन प्रणाली स्थापना आवश्यक छ । आयोजनाको संख्या तथा सीमा निश्चित गरी सार्वजनिक कोषको मितव्ययी रुपमा उपयोग गर्दै सरकारी बजेटको सदुपयोग गर्ने उद्देश्यले आयोजनाको वर्गीकरण, प्राथमिकीकरण गरी मध्यमकालीन खर्च संरचनामा समावेश गरी आयोजना कार्यान्वयन गर्न आयोजना बैङ्क स्थापना आवश्यक रहेको छ । निश्चित मापदण्ड विना आयोजनाको पहिचान र छनोट गर्ने तथा आवश्यक पूर्वतयारीविना कार्यान्वयनमा जाँदा प्राय आयोजना समस्याग्रस्त हुने गरेका छन् । यसप्रकारका सवालमा सुधार गरी स्रोत विनियोजनमा प्रभावकारिता तथा कार्यान्वयनमा दक्षता अभिवृद्धिका लागि कार्यान्वयनयोग्य आयोजनाको पहिचान र तिनको छनोट गर्न आयोजना व्यवस्थापन प्रणाली तथा आयोजना बैङ्क उपयोगी सिद्ध हुनेछ ।

### १५.३.२ विद्यमान अवस्था

कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले प्रदेशको तीव्र विकासको लागि आयोजना तर्जुमा तथा व्यवस्थापनमा कुशलता अवलम्वन गर्न आयोजना पहिचान, छनोट, मूल्याङ्कन तथा प्राथमिकीकरण गरी सार्वजनिक वा निजी क्षेत्रको लगानीको लागि वातावरण तयार गर्ने व्यवस्था गरेको छ । यस व्यवस्थाअनुरुप प्रदेश सरकारले आयोजना बैङ्क सञ्चालन गरी आयोजना छनोट, प्राथमिकीकरण र बजेट विनियोजन गर्ने कार्यलाई प्रमुख नीतिको रुपमा लिएको छ । नेपाल सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीमा समेत यस विषयलाई प्राथमिकतामा राखेको छ । कर्णाली प्रदेशमा आयोजना व्यवस्थापन प्रणाली तथा बैङ्क सञ्चालनमा आएको हुँदा यसलाई थप व्यवस्थित र सुदृढ गर्नुपर्ने देखिन्छ ।

### १५.३.३ मुख्य सवाल तथा चुनौती

**(१) आयोजना व्यवस्थापन प्रणाली सञ्चालनः** आयोजनाको पहिचान, संभाव्यता अध्ययन तथा विश्लेषण, प्राथमिकता निर्धारण र छनोट तथा तयारीविना बजेट विनियोजन हुनु, सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटको रकम दिगो प्रतिफलयुक्त विकास निर्माणमा भन्दा वितरणमुखी आयोजना/कार्यक्रममा अधिकतम खर्च हुनु, प्राथमिकता प्राप्त प्रतिफलमुखी, आर्थिक रुपले संभाव्य आयोजना छनोट हुन नसक्नु प्रमुख सवालका रुपमा रहेका छन् । प्रदेशमा आयोजना व्यवस्थापन प्रणाली स्थापना र सञ्चालन गरी आयोजना व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउनु मुख्य चुनौती रहेको छ ।

(२) **आयोजना छनोट, प्राथमिकीकरण तथा बजेट विनियोजनः** प्रदेश सरकारले कार्यान्वयन गर्ने आयोजनाको व्यवस्थित रुपमा पहिचान, अध्ययन तथा विश्लेषण सहित आयोजना बैङ्क तयार नहुनु, आयोजना र बजेट विनियोजनबिच अन्तरआबद्धता कायम नहुनु, पहुँचमा आधारित आयोजनाले प्रश्रय पाउनु, अबन्डा बजेट राखी आर्थिक वर्षको बिचमा नयाँ आयोजना प्रस्ताव गरीनु, स्रोतको आँकलन नगरी बहुवर्षीय तथा स्रोत सुनिश्चितता प्रदान गरीनु सवालका रुपमा रहेका छन् । सार्वजनिक स्रोतको अनुमानयोग्य तथा सुनिश्चितता, विनियोजन तथा खर्च कुशलता, आर्थिक अनुशासन् र वित्तीय उत्तरदायित्व कायम गर्नु चुनौती रहेको छ ।

(३) **विनियोजन कुशलता तथा पुँजीगत खर्चको प्रभावकारीताः** प्रदेशमा आयोजना व्यवस्थापनमा कुशलता कायम नहुनु, बजेट विनियोजनमा दक्षता कायम नहुनु, समावेशी तथा सन्तुलित विकास हुन नसक्नु, प्रदेश योजना र विषयगत मन्त्रालयको समन्वयमा कमी हुनु र सालबसाली रुपमा टुक्रे आयोजनाको संख्यामा बढोत्तरी भई प्रदेश सरकारको असीमित दायित्व सिर्जना हुनु यस सम्बन्धी मुख्य सवाल हुन् । विनियोजन कुशलता तथा खर्च क्षमता, कार्य जिम्मेवारी तथा खर्चबिच तादात्म्यता मिलाउनु, वित्तीय सुशासनमार्फत सार्वजनिक खर्च दक्षता अभिवृद्धि गर्नु र मध्यमकालीन खर्च संरचना प्रभावकारी बनाउनु चुनौती रहेको छ ।

**१५.३.४ उद्देश्य**

१. आयोजना व्यवस्थापन प्रणालीलाई नतिजामूलक तथा प्रभावकारी बनाउनु,

२. आयोजना छनोट, प्राथमिकिकरण तथा बजेट विनियोजन प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउनु,

३. विनियोजन कुशलता तथा कार्यान्वयन र पुँजीगत खर्चको प्रभावकारिता वृद्धि गर्नु,

४. सीमित स्रोतसाधनको उच्चतम उपयोग गर्नु ।

**१५.३.५ रुपान्तरणकारी रणनीति**

(१) **आयोजना व्यवस्थापन सम्बन्धी नीतिगत तथा कानुनी प्रबन्ध गर्नेः** प्रदेश योजना बैङ्कमा आयोजना प्राथमिकीकरण, मूल्याङ्कन तथा छनोट प्रणालीलाई व्यवस्थित बनाउन तथा बजेट विनियोजनमा सम्बन्धित निकायको भूमिका, जिम्मेवारी तथा दायित्व स्पष्ट बनाउन कानुनी प्रबन्ध गरिनेछ ।

(२) **प्रादेशिक महत्त्वका आयोजनाको प्राथमिकीकरण गरी बजेट विनियोजन गर्नेः** आयोजना छनोट गर्नुपूर्व सम्बन्धित विषयगत मन्त्रालय तथा निकायले आयोजना बैङ्कमा आयोजना प्रविष्टि गरी सोको प्राथमिकताको आधारमा, आवश्यकता र स्रोतको एकिन गरी उपयुक्त आयोजनामा बजेट विनियोजन गर्ने व्यवस्था गरिनेछ ।

(३) **विनियोजन कुशलता कायम गर्नेः** साना तथा टुक्रे आयोजनाको सङ्ख्या वाञ्छित सीमाभित्र राखी अबन्डा बजेट राख्ने प्रवृत्तिमा सुधार गर्दै लगिनेछ । प्रदेश सरकारको आन्तरिक आम्दानी, राजस्व परिचालन क्षमता र नेपाल सरकारबाट प्राप्त हुने वित्तीय हन्तान्तरण लगायतका स्रोतको आधारमा स्रोत सुनिश्चिततासहित बजेट विनियोजन गर्ने प्रणालीलाई व्यवस्थित गरी विनियोजन कुशलता कायम गरिनेछ ।

(४) **प्रदेश योजना आयोग र विषयगत मन्त्रालयको क्षमता विकास गर्नेः** आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन प्रदेश योजना आयोगको कार्यक्षेत्र प्रभावकारी बनाई

विषयगत मन्त्रालयको आयोजनाको प्राथमिकीकरण, मूल्याङ्कन र छनोट गर्ने प्रणालीलाई व्यवस्थित बनाउन क्षमता अभिवृद्धि गर्दै लगिनेछ।

(५) **प्रदेश सरकारका निकाय तथा स्थानीय तहबिच संस्थागत समन्वय र सहकार्यलाई सुदृढीकरण गर्ने:** बजेट तर्जुमामा सङ्लग्न प्रदेश सरकारका निकायलाई अन्तरआबद्धता गरी बजेट विनियोजनमा हुन सक्ने दोहोरोपना हटाइनेछ। विकास साझेदारबाट सञ्चालन हुने आयोजना एकद्वार प्रणालीमा आबद्ध गरी समन्वय र सहकार्यलाई सुदृढीकरण गर्दै लगिनेछ । वित्तीय हस्तान्तरणअन्तर्गत स्थानीय तहबाट कार्यान्वयन हुने आयोजना, नेपाल सरकारबाट समपुरक तथा विशेष अनुदानबाट प्राप्त हुने आयोजनालाई क्रमश: आयोजना बैङ्क व्यवस्थापन प्रणालीमा आबद्ध गर्दै लगिनेछ।

(६) **सूचना व्यवस्थापन प्रणालीबिच अन्तरआबद्धता कायम गर्ने:** संघ र स्थानीय तहसँग समन्वय तथा सहकार्यमा मध्यमकालीन खर्च संरचना, मन्त्रालयगत बजेट सूचना प्रणाली, कम्प्युटर प्रणालीमा आधारित सरकारी लेखाप्रणाली र आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीबिच अन्तरआबद्धता कायम गरिनेछ ।

### १५.३.६ प्रमुख कार्यक्रम

| क्र.सं | प्रमुख कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १. | प्रदेश आयोजना व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा | प्रदेश आयोजना व्यवस्थापनसम्बन्धी नीति, कानुन, कार्यविधि तथा मापदण्ड तर्जुमा भई कार्यान्वयमा आएको हुनेछ । |
| २. | प्रदेश आयोजना बैङ्क स्थापना | आयोजना पहिचान, संभाव्यता अध्ययन तथा मूल्याङ्कन, छनोट र प्राथमिकीकरण सहित आयोजना प्रस्ताव तयार भई प्रदेश आयोजना व्यवस्थापन प्रणालीमा प्रविष्ट भएको हुनेछ । |
| ३. | आयोजना व्यवस्थापनसम्बन्धी क्षमता विकास कार्यक्रम | प्रदेश योजना आयोग, विषयगत मन्त्रालय र अन्तर्गतका निकायहरु, स्थानीय तहमा बजेट तथा योजना शाखाका कर्मचारीहरुको क्षमता अभिवृद्धि भएको हुनेछ । |
| ४. | सार्वजनिक खर्च दक्षता अभिवृद्धि कार्यक्रम | विनियोजन कुशलता तथा खर्च क्षमता, कार्य जिम्मेवारी तथा खर्च बिच तादात्म्यता र वित्तीय सुशासन मार्फत सार्वजनिक खर्च दक्षता अभिवृद्धि भएको हुनेछ। |
| ५. | बजेट, लेखा तथा योजना व्यवस्थापन सम्बन्धी सूचना प्रणालीहरुबिचमा अन्तरआबद्धता | मध्यमकालीन खर्च संरचना, मन्त्रालयगत बजेट सूचना प्रणाली, कम्प्युटर प्रणालीमा आधारित सरकारी लेखाप्रणाली र आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीबिच अन्तरआबद्धता कायम भएको हुनेछ । |

## १५.४ सार्वजनिक वित्तीय व्यवस्थापन तथा पुँजीगत खर्चको प्रभावकारिता

### १५.४.१ पृष्ठभूमि

प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापनले सार्वजनिक स्रोतको अनुमानयोग्य तथा सुनिश्चितता, विनियोजन तथा खर्च कुशलता, आर्थिक अनुशासन् र वित्तीय उत्तरदायित्व कायम गर्दछ। गुणस्तरीय पुँजीगत खर्चले सरकार स्वयं र निजी क्षेत्र समुदायको साझेदारीमा उत्पादनशील लगानीमार्फत दिगो, समावेशी तथा उच्च आर्थिक वृद्धिको आधारशिला तयार गर्दछ। सन्तुलित र समन्यायिक प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको विकास र समृद्धिको लागि

वित्तीय सङ्घीयतालाई संस्थागत गर्न अन्तरसरकारी वित्त व्यवस्थापनको महत्त्वपूर्ण भूमिका रहन्छ । मुलुकको विकास र समृद्धिको लागि सार्वजनिक खर्चको बढ्दो आवश्यकता पूरा गर्न र वैदेशिक सहायता माथिको निर्भरता कम गर्न आन्तरिक स्रोत परिचालनमा वृद्धि गर्न आवश्यक छ । संविधानत प्रदेश सरकारलाई ऋण लिन सक्ने तथा सो को लागि नेपाल सरकारसँग परामर्श गर्नु पर्ने व्यवस्था भए तापनि कर्णाली प्रदेशमा हालसम्म आन्तरिक ऋण तथा बाह्य ऋण परिचालन भएको छैन् । सार्वजनिक लगानी निजी लगानीलाई उत्प्रेरित गर्ने खालको हुनुपर्दछ । आधुनिक र नागरिक मैत्री पूर्वाधार विकास तथा नवनिर्माणका कार्यका लागि वैदेशिक सहायताको प्रतिबद्धता, प्राप्ति, उपयोग क्षमता र उपलब्धिको बिचमा तादात्म्यता मिलाउनु पर्ने हुन्छ । समष्टिगत वित्तीय अनुशासन् र आयोजना सुशासन्का समग्र पक्षमा पारदर्शिता एवम् उत्तरदायित्व प्रबर्द्धन गर्दै पुँजीगत खर्च क्षमता अभिवृद्धि गर्नुपर्नेछ । यसले तोकिएको समय, लागत र गुणस्तरमा आयोजना सम्पन्न गर्न सहयोग पुऱ्याउनेछ । सङ्घ, प्रदेश र स्थानीय सरकारले आ-आफ्नो जिम्मेवारीमा रहेर सार्वजनिक खर्च प्रणालीलाई नतिजामूलक, पारदर्शी र जवाफदेही बनाउन सार्वजनिक खर्च क्षमता अभिवृद्धि गर्नु अपरिहार्य छ । राजस्व क्षमता, पुँजीगत खर्चको क्षमता वृद्धि, वैदेशिक सहायताको प्राप्ति तथा उपयोग लगायतका प्रभाकारी वित्त व्यवस्थापनका औजारमार्फत सुशासन, सामाजिक न्याय र समृद्धिको लक्ष्य प्राप्तिमा जोड दिनु पर्ने हुन्छ ।

### १५.४.२ विद्यमान अवस्था

सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित कानुनी, संस्थागत, सूचना प्रविधिजन्य व्यवस्थाको निरन्तर विकास तथा कार्यान्वयनले राजस्व प्रशासन, खर्च व्यवस्थापन तथा न्यून वित्त परिचालनलाई व्यवस्थित गरेको छ । नेपालको संविधानले निर्दिष्ट गरेबमोजिम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन लगायतका वित्त व्यवस्थापनसँग सम्बन्धित ऐन तथा नियमहरु र संवैधानिक आयोग तथा निकाय तहगत रुपमा स्थापित संयन्त्रहरु क्रियाशील छन्।

### १५.४.३ मुख्य सवाल तथा चुनौती

**(१) सार्वजनिक खर्चको दक्षता अभिवृद्धि** विनियोजन कुशलता तथा खर्च क्षमतामा सुधार, कार्य जिम्मेवारी तथा खर्चबिच तादात्म्यता, वित्तीय सुशासन र मध्यमकालीन खर्च संरचना प्रभावकारी बनाउनु ।

**(२) अन्तर-सरकारी वित्त व्यवस्थापन:** तहगत सरकारको Vertical & Horizontal वित्तीय अन्तर पूर्ति गर्ने गरी राजस्व बाँडफाँड, अनुदान हस्तान्तरण, सार्वजनिक ऋणको उचित उपयोग र आन्तरिक राजस्व क्षमता वृद्धि गरी अन्तर-सरकारी वित्त व्यवस्थापनलाई दिगो, भरपर्दो एवम् अनुमानयोग्य बनाउनु ।

**(३) खरिद व्यवस्थापनः** आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण, पुनः प्राथमिकीकरण र आयोजना बैङ्कको तयार गरी प्रभावकारी कार्यान्वयन गर्नु, प्रभावकारी सार्वजनिक खरिद प्रणाली, जग्गा र वनक्षेत्रको प्राप्ति सहितको परियोजना व्यवस्थापन गर्नु, प्रभावकारी ठेक्का व्यवस्थापन, आयोजना प्रमुखसँगको कार्यसम्पादन सम्झौता र निर्माण व्यवसाय क्षेत्रको सबलीकरणमार्फत आयोजना व्वस्थापन नतिजामुखी बनाउनु ।

**(४) सार्वजनिक ऋणको दिगोपनाः** सार्वजनिक ऋण उत्पादनशील आयोजनामा मात्र लिने वित्तीय तथा मौद्रिक स्थायित्व कायम गर्ने गरी उत्पादनमूलक क्षेत्रमा ऋण परिचालन गर्नु ।

(५) **समन्वय तथा अन्तर-आबद्धता:** संविधान तथा कानुनले तय गरेका तहगत सरकारकाबिच अन्तरसम्बन्ध कायम गर्न नीतिगत कानुन, संस्थागत र कार्यगत संरचनाहरुको सबलीकरण गर्नु सङ्घ, प्रदेश र स्थानीय तहबिचको समन्वय र अन्तर-सम्बन्ध मजबुत गर्नु ।

(६) **सार्वजनिक वित्तको कार्यकुशलता र व्यावसायिकता अभिवृद्धि:** सरकारको आकस्मिक दायित्वको उचित व्यवस्थापन गर्नु, रणनीतिक पूर्वाधार विकासका लागि मात्र जोखिम-बहन गर्न सक्ने सामर्थ्य आँकलन गरी सार्वभौम प्रत्याभूति प्रदान गर्नु सवाल तथा चुनौती हुन् ।

(७) **नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली:** सार्वजनिक खर्चको प्रभावकारी लेखाङ्कन, प्रतिवेदन र लेखापरीक्षण मार्फत नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीमा जोड दिनु ।

**१५.४.४ उद्देश्य**

१. सम्वद्ध पदाधिकारी तथा निकायलाई सक्षम, उत्तरदायी र जिम्मेवार बनाउनु,

२. बजेट विनियोजन र खर्चमा दक्षता, प्रभावकारिता र वित्तीय सुशासन सुनिश्चित गर्नु,

३. प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने आयोजनाको प्रभावकारिता वृद्धि गर्नु ।

**१५.४.५ रुपान्तरणकारी रणनीति**

(१) **विनियोजन कुशलता र खर्च प्रभावकारिता अभिवृद्धि गर्ने:** स्रोत अनुमानको अनुसन्धान, प्रमाण र जवाफदेहिता पुष्टि गर्ने संयन्त्रको विकास गरिनेछ । अनिवार्य र आकस्मिक दायित्वको सार्वजनिक खर्चलाई दिगो र धान्न सकिने बनाउन योगदानमूलक, साझेदारी तथा सहभागितामा आधारित खर्च प्रणाली अवलम्वन गरिनेछ । प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाहरुलाई यथार्थपरक, आवश्यकतामा आधारित, व्यवस्थित, वस्तुपरक तुल्याउन परियोजना व्यवस्थापनसम्बन्धी छुट्टै कानुन निर्माण गरिनेछ । आयोजना व्यवस्थापनलाई संस्थागत र प्रणालीबद्ध गर्न प्रदेश आयोजना बैङ्क स्थापना र सञ्चालन गरिनेछ । सीमित स्रोतसाधनलाई प्राथमिकतापूर्ण क्षेत्रमा उच्चतम् प्रयोग गर्न प्रदेश सरकारको नीति, योजना, बजेट तथा कार्यक्रमबिचको तादात्म्यता कायम गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

(२) **पुँजीगत खर्च क्षमता अभिवृद्धिका लागि आयोजना सुशासन कायम गर्ने:** तीनै तहमा आयोजना बैङ्कबिच अन्तरआबद्धता कायम गरिनेछ । आर्थिक वृद्धिका लागि तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका संभाव्य क्षेत्र उन्मुख भौतिक पूर्वाधार केन्द्रित गरी आयोजनाको प्राथमिकीकरण र पुनः प्राथमिकीकरण गरिनेछ । रणनीतिक महत्त्व र बहुवर्षीय आयोजना तथा कार्यक्रममा पुँजीगत खर्च केन्द्रित गरिनेछ । आयोजनाको त्रैमासिक लक्ष्य र त्रैमासिक भुक्तानी नीति अवलम्वन गर्ने बीजक वा ठेक्का सम्झौता गरेपश्चात आयोजना ग्यारेन्टीमा बैङ्कबबाट ऋण प्राप्त गर्न सक्ने प्रणाली अवलम्वन गरिनेछ । वातावरणीय प्रभाव मूल्याङ्कनलाई सुव्यवस्थित र जग्गा प्राप्तिलाई सरलीकृत गरी आयोजना सुशासन कायम गरिनेछ । ठूला आयोजना कार्यान्वयनको लागि छुट्टै विकास नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । श्रम प्रधान र स्थानीय स्रोत तथा सामग्रीमा आधारित निर्माणको काम मात्र उपभोक्ता समिति मार्फत सञ्चालन गराउने र प्रतिष्पर्धा छल्ने

नियतले ठूलो कामलाई टुक्रयाई (Slicing and Packaging) उपभोक्ता समितिलाई कामको जिम्मा दिने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ।

(३) **सार्वजनिक ऋणको उत्पादनमूलक उपयोग गर्ने:** लागत-लाभ विशेषणका आधारमा सार्वजनिक ऋण परिचालनलाई संभाव्य र प्रतिफलमूलक आयोजनामा मात्र केन्द्रित गरी दीर्घकालीन पुँजी निर्माण गरिनेछ।

(४) **सबल र उत्तरदायी सार्वजनिक वित्त व्यवस्थापनको प्रबर्द्धन गर्ने :** सार्वजनिक वित्त व्यवस्थापनलाई सबल र प्रभावकारी बनाउन निरन्तर सुधार योजना कार्यान्वयन गरी वित्तीय लगानी, कार्यकुशलता अभिवृद्धि, आकस्मिक दायित्व व्ववस्थापन गरिनेछ। प्रदेश सरकारको बजेटबाट उपभोक्ता समितिमार्फत सञ्चालन हुने आयोजनामा जनप्रतिनिधि, निर्माण व्यवसायी र राष्ट्रसेवक कर्मचारी तथा शिक्षक उक्त समितिमा बस्न नपाउने व्यवस्था गरिनेछ।

(५) **अन्तरसरकारी वित्तको प्रभावकारिता अभिवृद्धि गर्ने:** अन्तरसरकारी वित्त हस्तान्तरणलाई वैज्ञानिक, पारदर्शी र उत्तरदायी बनाई प्रदेश र स्थानीय तहको वित्तीय अन्तरलाई सम्बोधन गरिनेछ। प्राकृतिक स्रोतमा लगानी र उपयोगको उचित ढाँचा तयार गरी कार्यान्वयन गरिनेछ। तहगत सरकारको खर्च गर्ने क्षमता अभिवृद्धि गरी अन्तर-सरकारी वित्तको प्रभावकारिता वृद्धि गरिनेछ।

(६) **आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि कार्यसम्पादन सम्झौता गर्ने:** प्रतिस्पर्धामा आधारित आयोजना प्रमुखको छनोट गरी आयोजनाको कार्यसम्पादन वृद्धि गरिनेछ। कार्यसम्पादनसँग आबद्ध प्रोत्साहन प्रणालीको अवलम्वन गरी निश्चित सूचक र मापदण्डको आधारमा आयोजना प्रमुखसँगको कार्यसम्पादन सम्झौता गर्ने ठेक्का सम्झौताको कागज वा अन्तरिम भुक्तानी प्रमाणपत्र वित्त बजारमा धितो राखी निर्माण व्यवसायीले ऋण लिन पाउने व्यवस्था लागु गर्ने कार्यान्वयनलाई पूर्ण रुपमा जवाफदेही र प्रतिबद्ध बनाउने तथा क्षतिपूर्तिको व्यवस्था गरिनेछ।

(७) **सार्वजनिक-निजी साझेदारीका आयोजनालाई प्राथमिकता दिने:** सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गर्ने संभाव्य आयोजनाको पहिचान गरी कानुनी व्यवस्थामा समयानुकुल परिमार्जन गर्ने निर्माण व्यवसायीको क्षमता मापन गरी क्षमता अभिवृद्धि गरिनेछ। सार्वजनिक-निजी साझेदारीमा प्रत्यक्ष वैदेशिक लगानी तथा आन्तरिक लगानीको परिचालन गर्ने गरिनेछ। प्राकृतिक स्रोतमा आधारित निर्माण सामग्रीको सहज आपूर्तिको सुनिश्चितता र श्रमिकको दक्षता अभिवृद्धिसहितको सार्वजनिक-निजी साझेदारीको प्रबर्द्धन गरिनेछ र सार्वजनिक-निजी साझेदारी मार्फत निर्माण भएका आयोजना सरकारलाई हस्तान्तरण भएपछि त्यस्तो सम्पत्तिको व्यवस्थापन र सञ्चालन गर्ने गरी क्षमता विकास गरिनेछ।

(८) **नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्ने:** सबल आन्तरिक नियन्त्रण प्रणाली, सार्वजनिक कोष, दायित्व सम्पति, आय र खर्चको प्रोदभावी लेखाङ्कन, प्रतिवेदन र लेखापरीक्षण प्रणाली सुदृढीकरण गरिनेछ। तहगत तथा निकायगत समन्वय र सहकार्यमा एकीकृत अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्वन गरिनेछ।

**१५.४.६ प्रमुख कार्यक्रम**

| क्र.सं. | प्रमुख कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १. | सार्वजनिक वित्त व्यवस्थापन सुधार कार्ययोजना तर्जुमा र क्षमता विकास | सार्वजनिक वित्त व्यवस्थापनलाई सबल र प्रभावकारी भएको हुनेछ। |
| २. | कार्यसम्पादन सम्झौता | प्रतिस्पर्धामा आधारित आयोजना प्रमुखको छनोट गरी आयोजनाको कार्यसम्पादन वृद्धि भएको हुनेछ। |
| ३. | प्राकृतिक स्रोतमा लगानी र उपयोग ढाँचा तर्जुमा | प्राकृतिक स्रोतमा लगानी र उपयोगको उचित ढाँचा तयार भई कार्यान्वयनमा आएको हुनेछ। |
| ४. | सार्वजनिक-निजी साझेदारी प्रबर्द्धन कार्यक्रम | सार्वजनिक-निजी साझेदारीमा प्रत्यक्ष वैदेशिक लगानी तथा आन्तरिक लगानीको परिचालन भएको हुनेछ। |
| ५. | नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली | तहगत तथा निकायगत समन्वय र सहकार्यमा एकीकृत अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्वन भएको हुनेछ। |

## १५.५ अनुगमन, मूल्याङ्कन र सिकाइ

### १५.५.१ पृष्ठभूमि

समावेशी र दिगो विकासका लागि नतिजामुखी अनुगमन, मूल्याङ्कन र सिकाइ (MEL) प्रणालीको अवलम्वन अपरिहार्य छ। विकासका लक्ष्य प्राप्त गर्न सरकारले विभिन्न नीति, योजना र कार्यक्रममार्फत वस्तुनिष्ठ तथा उद्देश्य केन्द्रित लगानी गर्दछ र सोका लागि उपयुक्त वातावरण समेत तयार गर्दछ । यस प्रकार योजनाले तय गरेका उद्देश्यलाई प्रभावकारी रुपमा हाँसिल गर्ने सुनिश्चितता गर्न नियमित अनुगमन र मूल्याङ्कनको व्यवस्था हुनु जरुरी छ । नतिजाका आधारमा योजना र कार्यक्रमको सुधार तथा पुनसंरचना गर्ने अवसर पनि प्राप्त हुन्छ । नतिजामुखी अनुगमन तथा मूल्याङ्कनलाई योजनाको अभिन्न अंगको रुपमा अवलम्वन गरेर, नीति निर्माण, कार्यान्वयन र अनुगमन प्रणालीबिचको तादात्म्यतालाई थप मजबुत बनाउन सकिन्छ । प्रभावकारी अनुगमन, मूल्याङ्कन र सिकाइ प्रणालीले आगामी योजनाहरुको लागि थप सशक्त आधार तयार गर्दै प्रदेशलाई दीर्घकालीन विकास तथा रुपान्तरणका मार्गमा अग्रसर गराउन महत्त्वपूर्ण भूमिका खेल्दछ।

नेपालको संविधानले प्रदेश सरकारलाई शासन्, विकास र सार्वजनिक सेवा प्रवाहको प्रभावकारिताका लागि आवश्यक नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयनको अधिकार दिएको छ । अनुगमन तथा मूल्याङ्कनका सन्दर्भमा संङ्घीय तहमा अनुगमन तथा मूल्याङ्कन ऐन-२०८० र प्रदेश तहमा प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका-२०७५ तथा प्रदेश वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि-२०७८ तर्जुमा भएको छ । यसैअनुसार प्रदेश सरकारले योजनाहरुको कार्यान्वयन र सार्वजनिक सेवाको गुणस्तरलाई सुनिश्चित गर्न अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी अवलम्वन गरेको छ ।

### १५.५.२ विद्यमान अवस्था

प्रदेश सरकारले विकास निर्माण कार्यलाई अनुगमन तथा मूल्याङ्कन प्रणालीको प्रभावकारितामार्फत नतिजामूलक बनाउने उद्देश्य लिएको छ । यसका लागि सार्वजनिक सेवा प्रवाह र विकास कार्यको अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक एवम् प्रभावकारी बनाउने, मन्त्रालय, विकास आयोजना कार्यालय, सेवा प्रदायक तथा अन्य निकायमा कार्यसम्पादन सूचकमा आधारित नतिजामूलक व्यवस्थापन पद्धति लागु गर्ने तथा निर्णय प्रक्रिया एवम् कार्यान्वयनमा सहजीकरण र एकरुपता कायम गर्न एकीकृत तथ्याङ्क पद्धतिको विकास गर्ने तयारी भईरहेको छ ।

प्रदेश सरकारले समग्र विकास प्रशासन तथा निर्माण सम्बन्धी क्रियाकलापको सफल कार्यान्वयनका लागि अनुगमन तथा मुल्याङ्कन कार्यलाई प्रणालीबद्ध, नतिजामुखी, सक्षम एवम् प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन निर्देशिका-२०७५ जारी गरी लागु गरेको छ । यसअनुरुप अनुगमन तथा मुल्याङ्कनबाट प्राप्त नतिजाका आधारमा नीतिगत निर्णय गर्न तथा समस्या सामाधानका लागि मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश समस्या समाधान समिति, योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा प्रदेश समस्या समाधान उपसमिति तथा मन्त्रालय स्तरमा विभागीय मन्त्रीस्तरीय समस्या समाधान समितिहरु गठन भएका छन् । प्रदेशस्तरमा अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश योजना आयोग तथा प्रदेश मन्त्रालयहरुको महत्त्वपूर्ण भूमिका रहेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत प्रदेश अनुगमन प्रणाली स्थापना गरी सोका आधारमा मन्त्रालय तथा प्रदेशअन्तर्गतका अन्य निकाय तथा कार्यालयहरुको वित्तीय तथा भौतिक प्रगतिको अनुगमन गरी उपलब्धि समीक्षा गर्ने परिपाटीको सुरुवात हुन थालेको छ । प्रदेशमा विकास आयोजनाहरुको प्रभावकारी अनुगमन र समन्वय गर्नका लागि आयोजना सूचना व्यवस्थापन प्रणाली (PIMS) विकास गरी कार्यान्वयनको प्रारम्भिक चरणमा रहेको छ ।

त्यसैगरी प्रदेश सरकारले नीति तथा योजना कार्यान्वयनलाई तथ्यमा आधारित बनाउन मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमबिच तालमेल कायम गरी नतिजामुखी बनाउँदै लगेको छ । विगतका योजनाको समीक्षाले औँल्याएका उपलब्धि तथा कमीकमजोरीलाई दृष्टिगत गर्दै नतिजामूलक तथा सहभागितात्मक योजना तर्जुमा प्रणालीमा जोड दिएको छ । लक्ष्य र उद्देश्यअनुरुप विकास आयोजनाको प्रभावकारी कार्यान्वयन तथा अनुगमन र यसको प्रभाव मापन गर्ने विषयलाई आत्मसात गरेको छ । प्रदेश सरकार तथा साझेदारीमा कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनाको कार्यसम्पादनको अवस्था, सान्दर्भिकता, नीति तथा कार्यक्रमसँगको सामाञ्जस्यता, कार्यदक्षता, प्रभावकारिता, असर तथा प्रभाव विश्लेषणबाट सिकाइ अभिवृद्धि गर्न आयोजनाको मूल्याङ्कनलाई संस्थागत गर्ने प्रयास अगाडि बढाएको छ ।

### १५.५.३ मुख्य सवाल तथा चुनौती

**(१) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली सम्बन्धी संस्थागत व्यवस्थाः** प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका-२०७५ को प्रभावकारी कार्यान्वयन हुन नसक्नु, प्रदेश अनुगमन प्रणाली तथा विकास परियोजनाको प्रभावकारी अनुगमन र समन्वयको लागि आयोजना सूचना व्यवस्थापन प्रणाली (PIMS) प्रभावकारी कार्यान्वयन हुन नसक्नु, प्रविधि प्रयोगको ज्ञान, दक्षता जानकारीको कमीले गर्दा प्रणालीको प्रभावकारी कार्यान्वयन हुन नसक्नु सवालको रुपमा रहेका छन् । प्रदेश अधिकार क्षेत्रमा नीति तथा कानुनी,

संरचना र स्रोतसाधनको व्यवस्था, दक्ष जनशक्ति, सामाजिक सहभागिता अभिवृद्धि गरी नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको प्रभावकारिता बढाउनु चुनौतीको रुपमा रहेको छ ।

**(२) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सिकाई तथा पृष्ठपोषणः** प्रदेशमा अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा प्रविधि र कार्यान्वयनमा एकरुपता र स्थायित्व कायम गर्न नसक्नु, नीति, कानुन, कार्यविधि र प्रक्रियाको परिपालना नहुनु, सङ्घीय संरचनाअनुसार तहगत र निकायगत समन्वयमा आयोजना तथा कार्यक्रमको संयुक्त अनुगमन तथा मूल्याङ्कन हुनु नसक्नु, अनुगमन तथा मूल्याङ्कनले औंल्याएका पृष्ठपोषणलाई कार्यान्वयन गर्ने व्यवस्था नहुनु, अनुगमन र मूल्याङ्कनका लागि आवश्यक तथ्याङ्क र सूचनाको प्राप्ति तथा विश्वसनियतामा कमी हुनु आदि सवालका रुपमा रहेका छन् । नीति, योजना र कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको प्रचलित र नवीन प्रविधिको प्रयोग गरी कार्यसम्पादनको अवस्था, कार्यान्वयनमा रहेका समस्याको सम्बोधन, प्राप्त नतिजाको मापन र असरको लेखाजोखा गर्दै सूचना तथा प्रमाणको सिर्जना गर्नु र सम्बन्धित निकायलाई नतिजाप्रति जवाफदेही बनाउनु, प्रविधिमा आधारित पारदर्शी प्रगतिमापन तथा समीक्षा प्रणाली विकास गरी अनुगमन, मूल्याङ्कन, सिकाइ र जवाफदेहितालाई प्रभावकारी बनाउनु चुनौतीको रुपमा रहेका छन् ।

**(३) अन्तर सरकारी निकाय समन्वय:** सङ्घीयता लागु भए तापनि तीनै तहको सरकारको बिचमा अधिकार र जिम्मेवारीमा स्पष्टता र समन्वय कायम हुन नसक्नु, अनुगमन तथा मूल्याङ्कनमा तहगत सरकार, प्रदेश मन्त्रालय र सो अन्तर्गतका निकायबिचमा प्रभावकारी समन्वय हुन नसक्नु, विभिन्न निकायबाट प्राप्त जानकारी र तथ्याङ्क प्रवाहमा एकरुपता नहुनु, तथ्याङ्क एकै ढाँचामा उपलब्ध हुन नसक्दा अनुगमन तथा मूल्याङ्कनलाई तथ्यमा आधारित बनाउन नसक्नु सवालका रुपमा रहेका छन् । सरकारी निकायबिच सूचना तथा तथ्याङ्क एवम् अनुगमन तथा मूल्याङ्कन प्रणालीमा एकरुपता कायम गर्नु, सूचना प्रवाहमा अन्तरनिकाय र अन्तरसरकारी समन्वय र सहकार्यलाई प्रभावकारी बनाउनु ।

**(४) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी दक्षता:** अनुगमन तथा मूल्याङ्कनको प्रभावकारिता बढाउन कर्मचारीहरुमा व्यावासायिक दक्षता विकासका लागि प्रशिक्षणको कमी हुनु, विकास आयोजना व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र प्रविधिमा कमी भई अनुगमन तथा मूल्याङ्कन प्रणाली मजबुत हुन नसक्नु, योजनाले परिलक्षित गरेका प्रगतिको एकीकृत प्रतिवेदन तयार हुन नसक्नु, अनुगमन र मूल्याङ्कनमा दक्ष जनशक्ति विकास गर्न विश्वविद्यालय र प्राज्ञिक क्षेत्रसँग सहकार्य नहुनु, अनुगमन तथा मूल्याङ्कमा नवीनतम प्रविधिको कमी हुनु, नीति निर्माता, कर्मचारी तथा विकास साझेदारबिच सञ्चार तथा समन्वयमा कमी हुनु आदि अनुगमन र मूल्याङ्कनका सवालका रुपमा रहेका छन् । दिगो विकास लक्ष्य लगायतका विषयमा असर र प्रभाव तहका सूचकको खण्डीकृत तथ्याङ्क व्यवस्थापन गर्नु र अनुगमन तथा मूल्याङ्कन क्षेत्रमा दक्ष जनशक्ति विकास गर्नु ।

**१५.५.४ उद्देश्य**

(१) नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यसम्पादन, प्रभावकारिता, नतिजा र दिगोपनाको सुनिश्चितता गर्नु,

(२) सिकाइ तथा जवाफदेहिता अभिवृद्धि गर्नु ।

**१५.५.५ रुपान्तरणकारी रणनीति**

**(१) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कानुनी तथा संरचनागत व्यवस्था सुदृढ गर्ने:** प्रदेश तहमा योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको लागि आधारभूत मापदण्ड निर्धारण सहित ऐन, नियम, कार्यविधि तथा संस्थागत व्यवस्था गरिनेछ । उपलब्ध कानुनी व्यवस्था र मापदण्डअनुसार योजना, कार्यक्रम तथा आयोजनाको प्रभावकारी रुपमा अनुगमन तथा मूल्याङ्कन गरी प्राप्त नतिजा तथा सूचनाको अभिलेखीकरण गरिनेछ। अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजालाई नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा प्रयोग गर्ने व्यवस्थालाई सुदृढ गरिने छ। आयोजना सूचना व्यवस्थापन प्रणाली (PIMS) लाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ। नतिजामूलक अनुगमन तथा मूल्याङ्कनमा स्थानीय तहको क्षमता वृद्धि गरिनेछ। बृहत् आयोजना कार्यान्वयनमा देखा पर्ने ढिलासुस्तीको निराकरणका लागि प्रदेश योजना आयोगको संयोजकत्वमा आयोजना अनुगमन तथा मूल्याङ्कन एवम् समन्वय गर्ने उच्चस्तरीय संयन्त्र निर्माण गरिनेछ । आयोजना कार्यान्वयनको प्रगति सूचकका आधारमा पुरस्कार र दण्डको व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने व्यवस्था गरिनेछ।

**(२) अनुगमन तथा मूल्याङ्कन नियमित र प्रभावकारी बनाई प्राप्त सिकाई तथा पृष्ठपोषणलाई सबलीकरण गर्ने:** प्रदेशस्तरमा अनुगमन तथा मूल्याङ्कन प्रक्रियाको प्रभावकारिता र स्थायित्व सुनिश्चित गर्नका लागि एकीकृत ढाँचा विकास गरिनेछ । नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाई आन्तरिकीकरण गरिनेछ । अनुगमन र मूल्याङ्कन प्रक्रियालाई नियमित र प्रभावकारी बनाउनका लागि आवश्यक सिकाइ र पृष्ठपोषणका कार्यक्रमहरु सञ्चालन गरिनेछ। प्रदेशस्तरीय तालिम र कार्यशाला गोष्ठीमा सवै सरोकारवालाको सहभागिता सुनिश्चित गरिनेछ । अनुगमन र मूल्याङ्कनका लागि आवश्यक तथ्याङ्क र जानकारीको विश्वसनीयता र उपलब्धता बढाउन सबै सरोकारवालाको सक्रिय सहभागिता र समन्वयमा जोड दिइनेछ। अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा प्रविधिको प्रभावकारी प्रयोग, पारदर्शिता र मापनका उच्च मानकहरु लागु गरिनेछन् ।

**(३) अनुगमन तथा मूल्याङ्कनका लागि अन्तरसरकारी निकायबिच समन्वय तथा सहकार्य गर्ने:** प्रदेशको नीति, योजना तथा कार्यक्रमलाई सूचना तथा प्रमाणमा आधारित, समावेशी, नतिजामूलक र प्रभावकारी बनाउन नेपाल सरकार र विकास साझेदार निकायसँग समन्वय, साझेदारी र सहकार्य अभिवृद्धि गरिने छ। सङ्घ, स्थानीय तह एवम् अन्य सबै सरोकारवालासँग समन्वय गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी र प्रभावकारी बनाइनेछ । आयोजनाको तेस्रो पक्ष र लाभान्वित समुदाय समेतको सहभागितामा अनुगमन गर्ने व्यवस्था गरिनेछ। अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गर्न सङ्घ सरकार तथा स्थानीय तहसँगको सहकार्य तथा समन्वयलाई थप मजबुत बनाइनेछ। सूचना प्रवाहको एकरुपता र तथ्याङ्कको विश्वसनीयता सुनिश्चित गर्नका लागि तथ्याङ्क सङ्कलन र सूचना प्रवाहमा एकीकृत प्रणालीको विकास गरिनेछ।

**(४) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी दक्षता अभिवृद्धि गर्ने:** अनुगमन र मूल्याङ्कन प्रणालीमा निरन्तर दक्षता अभिवृद्धि गर्नका लागि नियमित तालिम लगायत अन्य क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन

गरिनेछन् । यस्ता कार्यक्रम प्रभावकारी र परिणाममुखी बनाउनका लागि प्राज्ञिक क्षेत्र, विश्वविद्यालय, शैक्षिक संस्था र विकास साझेदारको सहयोगमा अनुगमन र मूल्याङ्कनका नयाँ प्रविधि समेटिएका पाठ्यक्रम विकास गरी प्रशिक्षण दिने व्यवस्था मिलाईनेछ । आयोजनाको मुख्य पदमा आयोजना अवधि भरका लागि पदस्थापन गर्ने नीति अबलम्वन गरिनेछ । दिगो विकास लक्ष्य लगायतका विषयमा असर र प्रभाव तहका सूचकको खण्डीकृत तथ्याङ्क व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कनका लागि दक्ष जनशक्ति र उपयुक्त प्रविधिको व्यवस्था गरिने छ ।

### १५.५.६ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्रम | अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | नतिजामूलक अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति तथा कानुन सुधार | प्रदेशस्तरमा प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक नीति, कानुन, कार्यविधि तथा मापदण्ड निर्माण भई कार्यान्वयनमा आएको हुनेछ । |
| २ | सूचना तथा सञ्चार प्रविधिमा आधारित नतिजामूलक अनुगमन तथा मूल्याङ्न प्रणाली विकास र अभ्यास | विकास आयोजनाको आवधिक रुपमा नतिजामा आधारित समीक्षा गरी प्रतिवेदन प्रकाशन भएको हुनेछ । |
| ३ | प्रदेश अनुगमन प्रणाली र आयोजना सूचना व्यवस्थापन प्रणाली (PIMS) सुदृढीकरण तथा कार्यान्वयन कार्यक्रम | प्रदेशस्तरमा अनुगमन र सूचना व्यवस्थापन प्रणाली सुदृढीकरण र प्रभावकारी कार्यान्वियन भएको हुनेछ । |
| ४ | सहभागितामूलक अनुगमन, मूल्याङ्कन, सिकाइ तथा जवाफदेहिता अभिवृद्धि सहकार्य सुदृढीकरण | विभिन्न सरोकारवालाको सहभागितामा अनुगमन र मूल्याङ्कनको विधि तथा प्रकृयामा गुणस्तरीय वृद्धि भएको हुनेछ । |
| ५ | अनुगमन तथा मूल्याङ्कन र सिकाइ सम्बन्धी क्षमता विकास कार्यक्रम | अनुगमन र मूल्याङ्कनमा संलग्न जनशक्तिको दक्षता वृद्धि भई कार्यक्षमता र प्रभावकारिता सुधार भएको हुनेछ । प्रणालीगत अनुगमन र मूल्याङ्कनको लागि स्थायी संरचना विकास भई अनुगमन र मूल्याङ्कनको प्रक्रिया र परिणामको विश्वसनीयता र पारदर्शितामा वृद्धि भएको हुनेछ । |
| ६ | गुणात्मक परिवर्तनको सिद्धान्तमा आधारित सोच तालिका र आयोजना प्रस्ताव तयारी | आयोजना तर्जुमा गर्ने प्रक्रियामा तार्किक कार्यश्रृङ्खला र नतिजा सूचकहरुलाई स्पष्ट रुपमा परिभाषित गरेर लागु गर्ने प्रणाली लागु भई आयोजना प्रस्तावको गुणात्मक र प्रभावकारितामा सुधार भएको हुनेछ, जसले दिगो विकास र परिवर्तनका लक्ष्यलाई सफलतापूर्वक प्राप्त गर्न सहयोग गर्नेछ । |
| ७ | तोकिएका आयोजनाको बहुपक्षीय संलग्नतामा अनुगमन तथा तेस्रो पक्ष मूल्याङ्कन कार्यक्रम | तोकिएका आयोजनामा बहुपक्षीय सरोकारवालाको सक्रिय संलग्नता सुनिश्चित भई सरोकारवालाबिचको समन्वय र सहकार्य मजबुत भएको हुनेछ । प्रमुख कार्यक्रम तथा आयोजनाहरुको बहुपक्षीय तथा तेस्रो पक्षीय संलग्नतामा अनुगमन र मूल्याङ्कन सम्पन्न भएको हुनेछ । |

**१५.५.७ परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | २०८०/८१ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | नियमित अनुगमन गरी प्रतिवेदन तयार गर्ने आयोजना कार्यालय तथा निकाय | सङ्ख्या | ७० | ७० | ७५ | १०० |
| २ | मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षामा प्रस्तुत सुझावमध्ये कार्यान्वयन भएका सुझाव | प्रतिशत | ६० | ६५ | ७५ | ९० |
| ३ | मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकका सुझाव कार्यान्वयन प्रगति | प्रतिशत | ८० | ९० | १०० | १०० |
| ४ | प्रदेश विकास समस्या समाधान समितिको वैठकका सुझाव कार्यान्वयन प्रगति | प्रतिशत | ७५ | ८० | १०० | १०० |
| ५ | सार्वजनिक सुनुवाई गर्ने प्रदेश मन्त्रालय र मातहतका निकाय | प्रतिशत | २० | २५ | ६५ | १०० |

*स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश।*

## अनुसूची- १: योजना कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन ढाँचा

| लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| **सोचः "सुशासन, सामाजिक न्याय र समृद्ध कर्णाली"** | | | | | |
| **समष्टिगत** | | | | | |
| नवप्रवर्तन प्रविधि तथा मानव पुँजी प्रबर्द्धन, उत्पादनशील र रोजगारमूलक अर्थतन्त्र निर्माण, सुशासन र सामाजिक न्यायमार्फत समाजवाद उन्मुख समुन्नत कर्णाली निर्माण गर्ने। | १. उत्पादन, रोजगारी र आय वृद्धि तथा गरिबी न्यूनीकरण गर्नु,<br>२. सहज तथा सर्वसुलभ पहुँच र सघन आबद्धता कायम गर्नु,<br>३. सिर्जनशील, सम्मानित तथा न्यायपूर्ण समाज प्रबर्द्धन गर्नु,<br>४. सुशासन प्रबर्द्धन तथा विकासको प्रतिफल जनतासामु पुऱ्याउनु। | • प्रदेश सरकारका मन्त्रालय तथा निकायहरु,<br>• सार्वजनिक, निजी, सहकारी, गैरसरकारी निकाय,<br>• सङ्घीय तथा स्थानीय सरकार। | • प्रदेश संसद तथा संसदीय समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• प्रदेश योजना आयोग<br>• नागरिक समाज। | • मध्यावधि र अन्तिम समीक्षा / मूल्याङ्कन। | • आन्तरिक/ तेस्रो पक्ष मूल्याङ्कन प्रतिवेदन,<br>• प्रगति प्रतिवेदन,<br>• अध्ययन, अनुसन्धान तथा सर्वेक्षण प्रतिवेदन। |
| **विषय क्षेत्रगत** | | | | | |
| जलवायुमैत्री तथा व्यावसायिक र प्राङ्गारिक कृषि प्रबर्द्धन गर्ने | १. प्राङ्गारिक तथा व्यावसायिक कृषि उत्पादन तथा उत्पादत्व वृद्धि गर्नु,<br>२. कृषिमा आधुनिकीकरण र व्यवसायीकरण मार्फत प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु,<br>३. कृषि उपजको सङ्कलन, भण्डारण, प्रशोधन, मूल्यश्रृङ्खला र बजारीकरणको प्रबर्द्धन गर्नु। | • भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,<br>• जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय,<br>• सङ्घीय तथा स्थानीय सरकार,<br>• निजी, गैरसरकारी, सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | • प्रदेश सभा/समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>• प्रदेश विकास समस्या समाधान समिति,<br>• प्रदेश योजना आयोग | • त्रैमासिक र वार्षिक<br>• मध्यावधि र अन्तिम | • आन्तरिक/ तेस्रो पक्ष मूल्याङ्कन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ४. पशुपन्छी तथा मत्स्यजन्य उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,<br>५. रैथाने पशुपन्छी तथा मत्स्य संरक्षण, सम्बर्धन र बजारीकरण प्रबर्द्धन गर्नु, | • भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,<br>• जलस्रोत तथा ऊर्जा विकास | • प्रदेश सभा/समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को | • त्रैमासिक र वार्षिक<br>• मध्यावधि र अन्तिम | • आन्तरिक/ तेस्रो पक्ष मूल्याङ्कन प्रतिवेदन<br>• आवधिक प्रगति |

| लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| | | मन्त्रालय,<br>● सङ्घीय तथा स्थानीय सरकार,<br>निजी, गैरसरकारी, सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | कार्यालय<br>● प्रदेश विकास समस्या समाधान समिति<br>● प्रदेश योजना आयोग | | प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ६. गुणस्तरीय र पोषणयुक्त खाद्यवस्तुको आपूर्ति व्यवस्थापन सर्वशुलभ बनाउनु,<br>७. जोखिममा रहेका क्षेत्र र समूहमा खाद्य अधिकारको प्रत्याभूत गर्नु,<br>८. खाद्यान्न उत्पादन वृद्धिमार्फत खाद्य सुरक्षा सुनिश्चित गर्नु, | ● भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र निकाय<br>● सङ्घीय तथा स्थानीय सरकार,<br>● निजी, गैरसरकारी, सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | ● प्रदेश सभा/समिति<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>● प्रदेश विकास समस्या समाधान समिति,<br>● प्रदेश योजना आयोग | ● त्रैमासिक तथा वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ९. कृषियोग्य भूमिको दिगो व्यवस्थापन मार्फत उत्पादकत्व वृद्धि गर्नु,<br>१०. जोखिम संवेदनशील र भू-उपयोग योजना कार्यान्वयन तथा नियमन गर्नु,<br>११. भू–स्वामित्वमा रहेका जटिलताको समाधान र अतिक्रमण नियन्त्रण गर्नु। | ● भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र निकाय,<br>● सङ्घीय तथा स्थानीय सरकार,<br>● निजी, गैरसरकारी, सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | ● प्रदेश सभा/समिति<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>● प्रदेश विकास समस्या समाधान समिति<br>● प्रदेश योजना आयोग | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन प्रतिवेदन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | १२. सहकारीको माध्यमबाट छरिएर रहेको श्रम, सीप, स्रोत र पुँजीको उत्पादनशील क्षेत्रमा परिचालन गर्नु,<br>१३. सर्वसुलभ वित्तीय सेवाको विस्तार मार्फत उद्यमशीलता विकास र रोजगारी सिर्जना गर्नु। | ● भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र निकाय<br>● सङ्घीय तथा स्थानीय सरकार, | ● प्रदेश सभा/समिति,<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन |

| लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| | | • निजी, गैरसरकारी, सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | • प्रदेश विकास समस्या समाधान समिति<br>• प्रदेश योजना आयोग | | • अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| बजारमुखी तथा स्वच्छ उत्पादन र दिगो पर्यटन प्रबर्द्धन गर्ने | १. संभाव्य खानी तथा खनिज पदार्थको भौगर्भिक अन्वेषण र नक्साङ्कन गर्नु,<br>२. खानी तथा खनिज क्षेत्रको विकास र समोचित उपयोगको वातावरण निर्माण गर्नु, | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र निकाय<br>• सङ्घीय तथा स्थानीय सरकार,<br>• निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | • प्रदेश सभा/समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• प्रदेश विकास समस्या समाधान समिति<br>• प्रदेश योजना आयोग | • त्रैमासिक र वार्षिक<br>• मध्यावधि र अन्तिम | • आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ३. उत्पादन तथा प्रशोधन उद्योगको विकास र विस्तार गर्नु,<br>४. अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति सहज, नियमित र भरपर्दो बनाउनु,<br>५. बजार प्रणालीलाई स्वच्छ, प्रतिस्पर्धी र उपभोक्ता प्रति जिम्मेवार बनाउनु, | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र निकाय<br>• सङ्घीय तथा स्थानीय सरकार<br>• निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | • प्रदेश सभा/समिति,<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• प्रदेश विकास समस्या समाधान समिति<br>• प्रदेश योजना आयोग | • त्रैमासिक र वार्षिक<br>• मध्यावधि र अन्तिम | • आन्तरिक/ तेस्रो पक्ष मूल्याङ्कन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ६. कर्णालीको पर्यटनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन मूल्य श्रृङ्खलासँग आवद्ध गर्नु<br>७. पर्यटकको बसाइँ अवधि लम्ब्याउन गुणस्तरीय सेवा सुविधा विस्तार गर्नु। | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र निकाय<br>• सङ्घीय तथा स्थानीय सरकार<br>• निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | • प्रदेश सभा/समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• प्रदेश विकास समस्या समाधान समिति | • त्रैमासिक र वार्षिक<br>• मध्यावधि र अन्तिम | • आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |

| लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| | | | ● प्रदेश योजना आयोग | | |
| मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा मानवीय क्षमता अभिवृद्धि गर्ने | १. मर्यादित र उत्पादनशील रोजगारीका अवसर सिर्जना गर्नु,<br>२. मर्यादित र उत्पादनशील रोजगारीका लागि नागरिकलाई सक्षम र सीपयुक्त बनाउनु,<br>३. आन्तरिक रोजगारी र श्रम बजारलाई सम्मानित तथा व्यवस्थित बनाउनु, | ● मुख्यमन्त्री तथा मन्त्रि-परिषद्को कार्यालय,<br>● सामाजिक विकास मन्त्रालय,<br>● सङ्घीय तथा स्थानीय सरकार<br>● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | ● प्रदेश सभा/समिति<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>● प्रदेश विकास समस्या समाधान समिति<br>● प्रदेश योजना आयोग | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ४. सामाजिक सुरक्षा र संरक्षणको पहुँच एवम् दायरा वृद्धि गर्नु,<br>५. असमानता न्यूनीकरण र सामाजिक सुरक्षा तथा संरक्षण सुनिश्चित गर्नु,<br>६. विपन्न, सीमान्तकृत र जोखिममा रहेका नागरिकको जीवनस्तरमा दिगो तथा गुणात्मक सुधार गर्नु, | ● मुख्यमन्त्री तथा मन्त्रि-परिषद्को कार्यालय<br>● सामाजिक विकास मन्त्रालय<br>● सङ्घीय तथा स्थानीय सरकार<br>● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | ● प्रदेश सभा/समिति<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>● प्रदेश विकास समस्या समाधान समिति<br>● प्रदेश योजना आयोग | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/ तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ७. राष्ट्रिय लक्ष्य अनुकुल निरपेक्ष तथा बहु आयामिक गरिबी न्यूनीकरण गर्नु,<br>८. सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा लक्षित वर्गको पहुँच वृद्धि गर्नु,<br>९. विपन्न लक्षित आयमूलक व्यवसाय र रोजगारीका अवसर सिर्जना गर्नु। | ● मुख्यमन्त्री तथा मन्त्रि-परिषद्को कार्यालय<br>● सामाजिक विकास मन्त्रालय<br>● सङ्घीय तथा स्थानीय सरकार<br>● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | ● प्रदेश सभा/समिति<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>● प्रदेश विकास समस्या समाधान समिति<br>● प्रदेश योजना आयोग | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक तथा तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |

| लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| सर्वसुलभ स्वास्थ्य र पोषण सेवा तथा जनसांख्यिक लाभ प्राप्त गर्ने | १. स्वास्थ्यमा सर्वव्यापी पहुँच सुनिश्चित गर्नु,<br>३. स्वास्थ्य प्रणाली सुदृढीकरण र पूर्वाधारको विकास गर्नु,<br>३. मातृशिशु मृत्यु तथा सर्ने र नसर्ने रोगका कारण हुने मृत्यु दरमा कमी ल्याउनु,<br>४. आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवाको विस्तार तथा सुदृढीकरण गर्नु। | ● सामाजिक विकास मन्त्रालय र निकाय<br>● सङ्घीय तथा स्थानीय सरकार<br>● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | ● प्रदेश सभा/समिति,<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>● प्रदेश विकास समस्या समाधान समिति<br>● प्रदेश योजना आयोग | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | १. खाद्य सुरक्षा तथा पोषण सेवामा पहुँच वृद्धि गर्नु,<br>२. पोषणको अवस्थामा सुधार गर्नु,<br>३. असल खानपान र स्वास्थ्य व्यवहार अबलम्बन गर्नु, | ● सामाजिक विकास मन्त्रालय र निकाय<br>● कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र निकाय<br>● सङ्घीय तथा स्थानीय सरकार<br>● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | ● प्रदेश सभा/समिति,<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>● प्रदेश विकास समस्या समाधान समिति<br>● प्रदेश योजना आयोग | ● त्रैमासिक र वार्षिक मध्यावधि र अन्तिम | ● आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ४. स्थानीय आर्थिक विकास तथा रोजगारीका अवसर सिर्जना गर्नु,<br>५. सामाजिक सेवा र पूर्वाधारको विकास र विस्तार गर्नु,<br>६. जनसङ्ख्या तथा बसाइसराई व्यवस्थित गर्नु। | ● सामाजिक विकास मन्त्रालय र निकाय<br>● सङ्घीय तथा स्थानीय सरकार<br>● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | ● प्रदेश सभा/समिति<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>● प्रदेश विकास समस्या समाधान समिति<br>● प्रदेश योजना आयोग | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/ तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| शिक्षित, सिर्जनशील एवम् | १. शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु, | ● सामाजिक विकास मन्त्रालय | ● प्रदेश सभा/समिति | ● त्रैमासिक र वार्षिक | ● आन्तरिक/ तेस्रो पक्ष |

| लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| सुसंस्कृत मानव पुँजी निर्माण गर्ने | २. शैक्षिक गुणस्तरमा सुधार गर्नु,<br>३. सीपयुक्त, प्रतिस्पर्धी एवम् सुसंस्कृत मानव पुँजीको निर्माण गर्नु,<br>४. शैक्षिक क्षेत्रमा उत्थानशीलता तथा सुशासन प्रबर्द्धन गर्नु, | र निकाय<br>● सङ्घीय तथा स्थानीय सरकार<br>● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | ● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>● प्रदेश विकास समस्या समाधान समिति<br>● प्रदेश योजना आयोग | ● मध्यावधि र अन्तिम | मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ५. युवालाई ज्ञान, सीप र प्रविधियुक्त बनाउनु,<br>६. युवालाई उद्यमशील, स्वावलम्बी र विकासको सम्वाहक शक्तिको रुपमा रुपान्तरण गर्नु,<br>७. खेलकुद्मा नागरिकको स्वास्थ्य सरोकार, सहभागिता र पहुँच वृद्धि गर्नु,<br>८. स्तरीय पूर्वाधार, प्रशिक्षण र व्यावसायिक खेलकुद्को विकास गर्नु , | ● सामाजिक विकास मन्त्रालय र निकाय<br>● सङ्घीय तथा स्थानीय सरकार<br>● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | ● प्रदेश सभा/समिति,<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>● प्रदेश विकास समस्या समाधान समिति<br>प्रदेश योजना आयोग | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ९. प्रदेशमा विज्ञान, प्रविधि तथा नवप्रवर्तनको प्रबर्द्धन र विकास गर्नु,<br>१०. विज्ञान, प्रविधि तथा नवप्रवर्तनलाई प्रदेशको समृद्धिका लागि उच्चतम उपयोग गर्नु,<br>११. सीपयुक्त तथा दक्ष मानव संशाधनको विकास र मानव पुँजी निर्माण गर्नु, | ● सामाजिक विकास मन्त्रालय र निकाय<br>● सङ्घीय तथा स्थानीय सरकार<br>● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | ● प्रदेश सभा/समिति,<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>● प्रदेश विकास समस्या समाधान समिति<br>● प्रदेश योजना आयोग | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | १२. मौलिक कला, सम्पदा, भाषा र साहित्यको दिगो संरक्षण, प्रबर्द्धन र संबर्धन गर्नु,<br>१३. पुरातात्विक महत्त्व तथा ऐतिहासिक सम्पदाको | ● सामाजिक विकास मन्त्रालय र निकाय<br>● सङ्घीय तथा स्थानीय | ● प्रदेश सभा/समिति<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक तथा तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति |

| लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| | दिगो उपयोग र पुस्तान्तरण सुनिश्चित गर्नु। | सरकार<br>● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | कार्यालय<br>● प्रदेश विकास समस्या समाधान समिति<br>● प्रदेश योजना आयोग | | प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| उत्थानशील तथा दिगो पूर्वाधार र अन्तर-आबद्धता अभिवृद्धि गर्ने | १. दिगो र गुणस्तरीय सडक सञ्जाल विकास र विस्तार गर्नु,<br>२. प्रदेशभित्र र अन्तरप्रदेश सुरक्षित, सहज र सुलभ हवाई सेवा उपलब्ध गराउनु,<br>३. जल तथा वैकल्पिक यातायात प्रणालीको आधार तयार तथा विकास गर्नु, | ● भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र निकाय<br>● सङ्घीय तथा स्थानीय सरकार<br>● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | ● प्रदेश सभा/समिति<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>● प्रदेश विकास समस्या समाधान समिति<br>● प्रदेश योजना आयोग | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/ तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ४. सर्वसुलभ, गुणस्तरीय र सुरक्षित यातायात सेवाको विस्तार गर्नु,<br>५. सार्वजनिक यातायातलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु,<br>६. दिगो तथा वातावरणमैत्री सवारी साधनको उपयोगमा वृद्धि गर्नु, | ● भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र निकाय<br>● सङ्घीय तथा स्थानीय सरकार<br>● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | ● प्रदेश सभा/समिति<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>● प्रदेश विकास समस्या समाधान समिति,<br>● प्रदेश योजना आयोग | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ७. मौलिक विशेषता र आधुनिक सुविधायुक्त, दिगो, व्यवस्थित र एकीकृत आवास, गाउँ-बस्ती तथा सहरको विकास गर्नु,<br>८. भौगोलिक रुपमा विकट र उच्च जोखिम युक्त स्थानमा रहेका बस्तीलाई सुरक्षित स्थानमा | ● भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र निकाय<br>● सङ्घीय तथा स्थानीय सरकार<br>● निजी, गैरसरकारी, सहकारी र | ● प्रदेश सभा/समिति,<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>● प्रदेश विकास समस्या | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण |

| लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| | व्यवस्थित गर्नु,<br>९. सुरक्षित, व्यवस्थित र वातावरणमैत्री एवम् समावेशी भवन तथा सार्वजनिक पूर्वाधारको निर्माण तथा विकास गर्नु, | सामुदायिक क्षेत्र | समाधान समिति,<br>● प्रदेश योजना आयोग | | प्रतिवेदन |
| | १०. सार्वजनिक सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको उपयोग वृद्धि गर्नु,<br>११. सूचना तथा सञ्चार प्रविधिमा सबै नागरिकको पहुँच सुनिश्चित गर्नु,<br>१२. सार्वजनिक सेवा प्रवाहमा स्तरीयता र सुशासन कायम गर्नु। | ● भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय<br>● सङ्घीय तथा स्थानीय सरकार<br>● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | ● प्रदेश सभा/समिति,<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>● प्रदेश विकास समस्या समाधान समिति,<br>● प्रदेश योजना आयोग | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/ तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| जलस्रोत, स्वच्छ ऊर्जा र खानेपानी तथा सरसफाइ सुविधाको दिगो व्यवस्थापन सुनिश्चित गर्ने | १. जलस्रोतको बहुउपयोगबाट कृषि, उद्योग र सेवा क्षेत्रको विकास गर्नु,<br>२. जलविद्युत्को उत्पादन, उपयोग र निर्यात बढाउनु,<br>३. वैकल्पिक तथा नवीकरणीय ऊर्जाको विकास, विस्तार तथा उपयोग वृद्धि गर्नु, | ● जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय र निकाय<br>● सङ्घीय तथा स्थानीय सरकार,<br>● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | ● प्रदेश सभा/समिति<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>● प्रदेश विकास समस्या समाधान समिति<br>● प्रदेश योजना आयोग | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ४. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउनु,<br>५. सिँचाइ सुविधाको विकास, विस्तार र सञ्चालन नयाँ प्रविधिमा आधारित, जलवायुमैत्री र दिगो बनाउनु, | ● जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय र निकाय<br>● सङ्घीय तथा स्थानीय सरकार,<br>● निजी, गैरसरकारी, सहकारी र | ● प्रदेश सभा/समिति<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>● प्रदेश विकास समस्या | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण |

| लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| | ६. जलउत्पन्न प्रकोप नियन्त्रण तथा असर न्यूनीकरण गर्नु, | सामुदायिक क्षेत्र | समाधान समिति<br>प्रदेश योजना आयोग | | प्रतिवेदन |
| | ७. आधारभूत तथा स्वच्छ खानेपानी र सरसफाइ सेवामा सबै नागरिक पहुँच सुनिश्चित गर्नु,<br>८. उच्च तथा मध्यमस्तरको खानेपानी सेवा तथा सुविधाको विकास र विस्तार गर्नु,<br>९. सरसफाइ र स्वच्छता सेवा तथा सुविधाको विकास तथा विस्तार गर्नु। | • जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय र निकाय<br>• सङ्घीय तथा स्थानीय सरकार,<br>• निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | • प्रदेश सभा/समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• प्रदेश विकास समस्या समाधान समिति<br>प्रदेश योजना आयोग | • त्रैमासिक र वार्षिक<br>• मध्यावधि र अन्तिम | • आन्तरिक तथा तेस्रो पक्ष मूल्याङ्कन<br>• आवधिक प्रगति प्रतिवेदन<br>अध्ययन प्रतिवेदन |
| वन तथा संरक्षित जैविक विविधता र जलाधार दिगो व्यवस्थापन गर्ने | १. वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण दिगो व्यवस्थापन र प्रबर्द्धन गर्नु,<br>२. वनक्षेत्रबाट सामाजिक, आर्थिक तथा वातावरणीय लाभ हासिल गर्नु,<br>३. वन पैदावारमा आधारित उद्यम तथा व्यवसायको विकास र विस्तार गर्नु,<br>४. वन सम्पदाबाट प्राप्त लाभको न्यायोचित वितरण गर्नु<br>५. सहरी हरियाली प्रबर्द्धन गर्नु, | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र निकाय<br>• जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय,<br>• सङ्घीय तथा स्थानीय सरकार,<br>• निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | • प्रदेश सभा/समिति,<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>• प्रदेश विकास समस्या समाधान समिति,<br>• प्रदेश योजना आयोग | • त्रैमासिक र वार्षिक<br>• मध्यावधि र अन्तिम | • आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ६. कर्णाली प्रदेशलाई उच्च/बहुमूल्य जडीबुटीको प्रमुख क्षेत्रको रुपमा विकास गर्नु,<br>७. प्राकृतिक अवस्थामा रहेका दुर्लभ तथा लोपोन्मुख सुगन्धित वनस्पति तथा जडीबुटीको खोज, अनुसन्धान र संरक्षण तथा दिगो व्यवस्थापन गर्नु,<br>८. जडीबुटी खेती, सङ्कलन तथा प्रशोधन उद्योग | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र निकाय<br>• जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय,<br>• सङ्घीय तथा स्थानीय सरकार, | • प्रदेश सभा/समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>• प्रदेश विकास समस्या समाधान समिति, | • त्रैमासिक र वार्षिक<br>• मध्यावधि र अन्तिम | • आन्तरिक/ तेस्रो पक्ष मूल्याङ्कन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |

| लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| | सञ्चालन, मूल्य शृङ्खला अभिवृद्धि र बजारीकरण विकास र विस्तार गर्नु, | ● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | प्रदेश योजना आयोग | | |
| | ९. एकीकृत व्यवस्थापन अवधारणा बमोजिम जलाधार क्षेत्रको संरक्षण र दिगो उपयोग गर्नु,<br>१०. जलाधार तथा आसपासका क्षेत्रमा पारिस्थितिकीय सन्तुलन कायम राख्नु,<br>११. तालतलैया, सीमसार क्षेत्र र पानीको स्रोतको संरक्षण तथा दिगो उपयोग गर्नु। | ● उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र निकाय<br>● जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय र निकाय<br>● सङ्घीय तथा स्थानीय सरकार,<br>● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | ● प्रदेश सभा/समिति<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>● प्रदेश विकास समस्या समाधान समिति<br>प्रदेश योजना आयोग | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक तथा तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| सन्तुलित वातावरण र विपद् तथा जलवायु उत्थानशीलता अभिवृद्धि गर्ने | १. फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन र चक्रीय अर्थतन्त्रको प्रबर्द्धन गर्नु,<br>२. वातावरणीय ह्रास तथा प्रदूषण नियन्त्रण गर्नु,<br>३. मानवीय गतिविधि र पारिस्थितिकीय प्रणालीबिच सन्तुलन कायम गर्नु, | ● उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र निकाय<br>● जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय र निकाय<br>● सङ्घीय तथा स्थानीय सरकार<br>● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | ● प्रदेश सभा/समिति<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>● प्रदेश विकास समस्या समाधान समिति<br>प्रदेश योजना आयोग | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ४. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई प्रभावकारी बनाउनु,<br>५. विकास प्रक्रियामा विपद जोखिम व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्नु,<br>६. विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक र पर्यावरणीय क्षति कम गर्नु, | ● उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र निकाय<br>● आन्तरिक मामिला तथा कानुन मन्त्रालय<br>● जलस्रोत तथा ऊर्जा विकास | ● प्रदेश सभा/समिति<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>● प्रदेश विकास समस्या | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/ तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण |

| लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| | ७. जाजरकोट भूकम्पीय क्षतिको पुनःनिर्माण, पुनर्स्थापना र आर्थिक सामाजिक पुनर्लाभ कायम गर्नु, | मन्त्रालय र निकाय<br>● सङ्घीय तथा स्थानीय सरकार,<br>● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | समाधान समिति<br>● प्रदेश योजना आयोग | | प्रतिवेदन |
| | ८. समुदायको जलवायु परिवर्तन उत्थानशीलता अभिवृद्धि गर्नु,<br>९. वातावरणीय ह्रास र जलवायु परिवर्तनबाट सिर्जित जोखिम तथा आर्थिक-सामाजिक नोक्सानी न्यूनीकरण गर्नु,<br>१०. जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनमा लगानीका लागि जलवायु वित्त परिचालन गर्नु। | ● उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र निकाय<br>● जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय र निकाय<br>● सङ्घीय तथा स्थानीय सरकार,<br>● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | ● प्रदेश सभा/समिति<br>● मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>● प्रदेश विकास समस्या समाधान समिति<br>● प्रदेश योजना आयोग | ● नियमित<br>● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>अध्ययन प्रतिवेदन |
| महिला तथा लक्षित वर्ग सशक्तीकरण, संरचनागत रुपान्तरण र समानता अभिवृद्धि गर्ने | १. महिला, लैङ्गिक र यौनिक अल्पसंख्यकको आर्थिक, सामाजिक तथा राजनीतिक सहभागिता अभिवृद्धि गर्नु,<br>२. लैङ्गिक हिँसा, विभेद र शोषणको अन्त्य गर्दै समतामूलक समाज निर्माण गर्नु, | ● सामाजिक विकास मन्त्रालय तथा निकाय<br>● आन्तरिक मामिला तथा कानुन मन्त्रालय<br>● सङ्घीय तथा स्थानीय सरकार,<br>● निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | ● प्रदेश सभा/समिति,<br>● मुख्यमन्त्री तथा मन्त्रपरिषद्को कार्यालय,<br>● प्रदेश विकास समस्या समाधान समिति<br>● प्रदेश योजना आयोग | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/ तेस्रो पक्ष मूल्याङ्कन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ३. शिक्षा, स्वास्थ्य, सुरक्षा, आर्थिक तथा सामाजिक अवसरमा बालबालिकाको वृद्धि गर्नु, | ● सामाजिक विकास मन्त्रालय तथा निकाय | ● प्रदेश सभा/समिति<br>● मुख्यमन्त्री तथा | ● त्रैमासिक र वार्षिक<br>● मध्यावधि र अन्तिम | ● आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन |

| लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| | ४. बालबालिका समग्र विकास र बालअधिकार संरक्षण तथा प्रबर्द्धन गर्नु, | • आन्तरिक मामिला तथा कानुन मन्त्रालय<br>• सङ्घीय तथा स्थानीय सरकार,<br>• निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | मन्त्रपरिषद्को कार्यालय<br>• प्रदेश विकास समस्या समाधान समिति<br>• प्रदेश योजना आयोग | | • आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ५. दलित समुदायको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरण सुनिश्चित गर्नु,<br>६. दलित समुदायमा अवसर र पहुँचमा वृद्धि र सम्मानित जीवनयापनको वातावरण सिर्जना गर्नु,<br>७. विकासको मूलप्रवाहमा दलित समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु, | • सामाजिक विकास मन्त्रालय तथा निकाय<br>• आन्तरिक मामिला तथा कानुन मन्त्रालय<br>• सङ्घीय तथा स्थानीय सरकार,<br>• निजी, गैर सरकारी, सहकारी र सामुदायिक क्षेत्र | • प्रदेश सभा/समिति,<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• प्रदेश विकास समस्या समाधान समिति<br>• प्रदेश योजना आयोग | • त्रैमासिक र वार्षिक<br>• मध्यावधि र अन्तिम | • आन्तरिक/ तेस्रो पक्ष मूल्याङ्कन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ८. वञ्चितीकरणमा परेका वर्गको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरण सुनिश्चित गर्नु,<br>९. वञ्चितीकरणमा परेका वर्गको अवसर र पहुँचमा वृद्धि र सम्मानित जीवनयापनको वातावरण सिर्जना गर्नु,<br>१०. विकासको मूलप्रवाहमा अपाङ्गता भएका नागरिकको अर्थपूर्ण सहभागिता र अवसरमा समान पहुँच विस्तार गर्नु। | • सामाजिक विकास मन्त्रालय तथा निकाय<br>• आन्तरिक मामिला तथा कानुन मन्त्रालय<br>• सङ्घीय तथा स्थानीय सरकार,<br>• निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र | • प्रदेश सभा/समिति,<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>• प्रदेश विकास समस्या समाधान समिति,<br>• प्रदेश योजना आयोग | • नियमित<br>• त्रैमासिक र वार्षिक<br>• मध्यावधि र अन्तिम | • आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |

| लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| सुशासन, सेवा प्रवाह तथा अन्तरसम्बन्ध सुदृढ बनाउने | १. शान्ति, सुरक्षा र सुव्यवस्थाको प्रत्याभूति गर्नु,<br>२. मानव अधिकारको संरक्षण र प्रबर्द्धन गर्नु,<br>३. समान अवसर र सामाजिक न्यायको प्रत्याभूति गर्नु, | • प्रदेश सरकारका मन्त्रालय तथा निकाय<br>• सङ्घीय तथा स्थानीय सरकार<br>• सार्वजनिक, निजी, सहकारी, गैरसरकारी निकाय | • प्रदेश संसद तथा संसदीय समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• प्रदेश योजना आयोग<br>• नागरिक समाज | • त्रैमासिक र वार्षिक<br>• मध्यावधि र अन्तिम | • आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ४. शासन्, सेवाप्रवाह र विकास प्रक्रिया सुदृढ बनाउनु,<br>५. भ्रष्टाचार नियन्त्रण र सदाचार प्रबर्द्धन गर्नु, | • प्रदेश सरकारका मन्त्रालय तथा निकाय<br>• सङ्घीय तथा स्थानीय सरकार<br>• सार्वजनिक, निजी, सहकारी, गैरसरकारी निकाय | • प्रदेश संसद तथा संसदीय समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• प्रदेश योजना आयोग<br>• नागरिक समाज | • त्रैमासिक र वार्षिक<br>• मध्यावधि र अन्तिम | • आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ६. तहगत सरकारबिच समन्वय, सहकार्य र अन्तरसम्बन्ध सुदृढीकरण गर्नु,<br>७. विकास साझेदार, नागरिक समाज तथा सङ्घ-संस्थासँगको समन्वय, सहकार्य र साझेदारी प्रबर्द्धन गर्नु, | • प्रदेश सरकारका मन्त्रालय तथा निकाय<br>• सङ्घीय तथा स्थानीय सरकार<br>• सार्वजनिक, निजी, सहकारी, गैरसरकारी निकाय | • प्रदेश संसद तथा संसदीय समिति,<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• प्रदेश योजना आयोग<br>• नागरिक समाज | • त्रैमासिक र वार्षिक<br>• मध्यावधि र अन्तिम | • आन्तरिक तथा तेस्रो पक्ष मूल्याङ्कन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ८. नेपाल सरकार, स्थानीय तह र सरोकारवालासँगको सहकार्य र समन्वयमा | • प्रदेश सरकारका मन्त्रालय तथा निकाय | • प्रदेश संसद तथा संसदीय समिति | • त्रैमासिक र वार्षिक | • आन्तरिक तथा तेस्रो पक्ष मूल्याङ्कन |

| लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| | राजस्व परिचालन अभिवृद्धि गर्नु,<br>९. प्रदेशको एकल तथा साझा अधिकार क्षेत्रमा राजस्व वृद्धि गर्नु,<br>१०. कर प्रणालीलाई सरल, सहज, मितव्ययी र प्रविधिमैत्री र व्यवस्थित बनाउनु,<br>११. प्रदेश तथा स्थानीय तहको राजस्व प्रशासन्को संस्थागत क्षमता विकास गर्नु। | • सङ्घीय तथा स्थानीय सरकार<br>• सार्वजनिक, निजी, सहकारी, गैरसरकारी निकाय | • मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• प्रदेश योजना आयोग<br>• नागरिक समाज | • मध्यावधि र अन्तिम | • आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| प्रदेश नीति, योजना र विकास व्यवस्थापनलाई तथ्यमा आधारित बनाउने | १. प्रदेशमा एकीकृत तथ्याङ्क प्रणाली विकास गर्नु,<br>२. तथ्याङ्कको विश्वसनीयता तथा उपयोगमा अभिवृद्धि गर्नु, | • प्रदेश सरकारका मन्त्रालय तथा निकाय<br>• सङ्घीय तथा स्थानीय सरकार<br>• सार्वजनिक, निजी, सहकारी, गैरसरकारी निकाय | • प्रदेश संसद तथा संसदीय समिति,<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>• प्रदेश योजना आयोग,<br>• नागरिक समाज | • त्रैमासिक र वार्षिक<br>• मध्यावधि र अन्तिम | • आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ३. नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यसम्पादन, प्रभावकारिता, नतिजा तथा दिगोपनाको सुनिश्चितता गर्नु,<br>४. सिकाइ तथा जवाफदेहिता अभिवृद्धि गर्नु, | • प्रदेश सरकारका मन्त्रालय तथा निकाय<br>• सङ्घीय तथा स्थानीय सरकार<br>• सार्वजनिक, निजी, सहकारी, गैरसरकारी निकाय | • प्रदेश संसद तथा संसदीय समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• प्रदेश योजना आयोग<br>• नागरिक समाज | • त्रैमासिक र वार्षिक<br>• मध्यावधि र अन्तिम | • आन्तरिक/तेस्रो पक्ष मूल्याङ्कन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ५. आयोजना व्यवस्थापन प्रणालीलाई नतिजामूलक तथा प्रभावकारी बनाउनु,<br>६. आयोजना छनोट, प्राथमिकिकरण तथा बजेट | • प्रदेश सरकारका मन्त्रालय तथा निकाय | • प्रदेश संसद तथा संसदीय समिति | • वार्षिक<br>• मध्यावधि र अन्तिम | • आन्तरिक तथा तेस्रो पक्ष मूल्याङ्कन |

| लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| | विनियनोजन प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउनु,<br>७. विनियोजन कुशलता तथा कार्यान्वयन र पुँजीगत खर्चको प्रभावकारिता वृद्धि गर्नु, सीमित स्रोतसाधनको उच्चतम उपयोग गर्नु, | • सङ्घीय तथा स्थानीय सरकार<br>• सार्वजनिक, निजी, सहकारी, गैरसरकारी निकाय | • मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• प्रदेश योजना आयोग<br>• नागरिक समाज | | • आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |
| | ८. सम्वद्ध पदाधिकारी तथा निकायलाई सक्षम, उत्तरदायी र जिम्मेवार बनाउनु,<br>९. बजेट विनियोजन र खर्चमा दक्षता, प्रभावकारिता र आर्थिक अनुशासन् सुनिश्चित गर्नु,<br>१०. प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने आयोजनाको प्रभावकारिता वृद्धि गर्नु। | • प्रदेश सरकारका मन्त्रालय तथा निकाय<br>• सङ्घीय तथा स्थानीय सरकार<br>• सार्वजनिक, निजी, सहकारी, गैरसरकारी निकाय | • प्रदेश संसद तथा संसदीय समिति<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>• प्रदेश योजना आयोग<br>• नागरिक समाज | • वार्षिक<br>• मध्यावधि र अन्तिम | • आन्तरिक तथा तेस्रो पक्ष मूल्याङ्कन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन |

कर्णाली प्रदेश सरकार

# कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत